# बाँफिकोट गाउँपालिकाको वस्तुगत विवरण,

## २०८२-८३








# Banfikot Rural Municipality Profile, 2026


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
**तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत**


**बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय**
**रूकुम-पश्चिम, कर्णाली प्रदेश**

# बाँफिकोट गाउँपालिकाको वस्तुगत विवरण

# २०८२-८३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
**तथ्याङ्क समन्वय कार्यालय**
**सुर्खेत**

बाँफिकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
बाँफिकोट, रूकुम पश्चिम



Administrative Map of Banphikot Rural Municipality
Legend
Highways
Other Roads
Wards Boundary
River/Waterways
Local Level Boundary
Syarpu Taal
N
Aathbiskot
Sisne
Sani Bheri
Musikot
Bhume
3
Banfikot
1
2
4
5
6
7
8
9
1 0
0
0.75
1.5
3
4.5
6
Kilometers
Source: OpenStreetMap contributors, Geofabrik download; processed by Statistics Coordination Office Surkhet

# बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय

रूकुम-पश्चिम
कर्णाली प्रदेश, नेपाल



## शुभकामना

तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत र बाँफिकोट गाउँ कार्यपालिकाको समन्वयमा यस पालिकाको वस्तुगत विवरण प्रकाशित हुन लागेकोमा खुशी लागेकोछ ।

यस प्रकाशनले यस बाँफिकोट गाउँपालिकाको भौगोलिक, जनसांखिक, आर्थिक, सामाजिक तथा अन्य विषयगत क्षेत्रहरूको तथ्याङ्क एवं जानकारी सरोकारवालाहरूलाई उपलब्ध गराई गाउँपालिकाको नीति निर्माण, निर्णय प्रकृया र योजना तर्जुमामा सघाउ पुर्याउने अपेक्षा गरेकोछु ।

विभिन्न क्षेत्रगत तथ्याङ्क एवं सूचनालाई समेटी तयार गरिएको यस वस्तुगत विवरणले गाउँपालिकाका विभिन्न पक्षलाइ परिचित गराउनुका साथै विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू, निजि क्षेत्र, विद्यार्थीहरू, अनुसन्धानकर्ताहरू र अन्य सरोकारवालाहरूलाई नीति निर्माण, निर्णय प्रकृया, योजना तर्जुमा तथा अध्ययन अनुसन्धानको लागि भरपर्दो आधार उपलब्ध गराउनेछ भन्ने विश्वास लिएकोछु ।

अन्तमा यो वस्तुगत विवरण तयार गरी प्रकाशन गर्नेमा महत्वपूर्ण योगदान पुर्याउने तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतका तथ्याङ्क समन्वय अधिकारी एवं कर्मचारीहरू र यस गाउँपालिकाका प्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिंदै प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

जनक कुमार बाँठा मगर
अध्यक्ष
बाँफिकोट गाउँपालिका, रूकुम-पश्चिम

# बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय

रूकुम-पश्चिम
कर्णाली प्रदेश, नेपाल



## शुभकामना

तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतले पालिकाको समन्वयमा यस बाँफिकोट गाउँपालिकाको भौगोलिक, जनसांखिक, सामाजिक, आर्थिक, शैक्षिक आदि विवरणहरू समावेश गरी वस्तुगत विवरण प्रकाशन गरेकोमा खुशि लागेको छ ।

यो वस्तुगत विवरण बाँफिकोट गाउँपालिकाको बारेमा जान्न चाहाने व्यक्ति एवं संस्थाहरू, जनप्रतिनिधि, योजनाकार, समाजसेवी, अध्ययन अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, पर्यटक लगायत अन्य क्षेत्रका व्यक्ति वा संघसंस्थाको लागि विभिन्न प्रयोजनका हिसावले उपयोगी हुने विश्वास लिएको छु ।

प्रकाशनलाई यो स्वरूपमा प्रकाशन गर्नको लागि विभिन्न तवरबाट योगदान गर्नुहुने तथ्याङ्क समन्वय कार्यालयका तथ्याङ्क समन्वय अधिकारी एवं कर्मचारीहरू, यस गाउँपालिकाका जनप्रतिनिधिज्यूहरू, गाउँपालिकाका विभिन्न विषयगत शाखाका प्रमुख तथा कर्मचारीहरू लगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यो प्रकाशनको सफलताको शुभकामना दिन चाहान्छु ।

तारा बुढा के.सी.
उपाध्यक्ष
बाँफिकोट गाउँपालिका, रूकुम-पश्चिम

# बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय

रूकुम-पश्चिम

कर्णाली प्रदेश, नेपाल



## शुभकामना

तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतले यस बाँफिकोट गाउँपालिकाको विस्तृत विवरण समेटी यो वस्तुगत विवरण तयार पार्न लागेकोमा खुशी लागेको छ ।

प्रस्तुत वस्तुगत विवरणले बाँफिकोट गाउँपालिकाको वर्तमान अवस्था, जनसांखिक वितरण, सामाजिक तथा साँस्कृतिक, आर्थिक, भौगोलिक, पर्यावरणीय पक्ष लगायतका विभिन्न क्षेत्रहरूको अवस्थालाई प्रतिविम्वित गर्दछ । यसबाट सरोकारवालाहरूलाई गाउँपालिकाका विविध पक्षहरूको जानकारी प्राप्त हुनुको साथै विकास सम्बन्धी नीति, योजना र कार्यक्रमहरूको यस पालिकामा अधिकतम कार्यान्वयन गर्न सघाउ पुग्नजाने अपेक्षा लिएको छु । यो वस्तुगत विवरण बाँफिकोट गाउँपालिकाको बारेमा चासो राख्ने व्यक्ति, संस्था, पेशाकर्मी, व्यवसायी, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी लगायत सवै सरोकारवालाको लागि महत्वपूर्ण स्रोतसामग्री बन्ने समेत विश्वास लिएको छु ।

यस वस्तुगत विवरणको लागि सूचना सङ्कलन, तयारी र प्रकाशनमा संलग्न तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतका तथ्याङ्क समन्वय अधिकारी एवं कर्मचारीहरू, विवरण/तथ्याङ्क उपलब्ध गराउने बाँफिकोट गाउँपालिकाका विभिन्न विषयगत शाखाका प्रमुख एवं कर्मचारीहरू लगायत सवैप्रति प्रति हार्दिक आभार प्रकट गर्दै यो प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु ।

विकास विक्रम शाह

प्रमुख प्रशासकिय अधिकृत

बाँफिकोट गाउँपालिका, रूकुम-पश्चिम

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत**

(सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रूकुम पश्चिम)



## मन्तब्य

तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतबाट भौगोलिक, जनसांखिक, सामाजिक, आर्थिक अवस्था लगायतका विवरणहरू समेटीएको बाँफिकोट गाउँपालिकाको वस्तुगत विवरण प्रकाशन गर्न पाउँदा खुसी लागेको छ ।

राष्ट्रिय जनगणना, राष्ट्रिय कृषि गणना, राष्ट्रिय आर्थिक गणना एवं विभिन्न सर्वेक्षणबाट प्राप्त सूचनाहरू, विभिन्न सरकारी/गैरसरकारी कार्यालय, संघसंस्था एवं स्थानीय तहबाट तथ्याङ्क समन्वय कार्यालय सुर्खेत मार्फत सङ्कलित विवरणहरू समावेश गरी यो वस्तुगत विवरण तयार पारिएको छ । विभिन्न स्रोतहरूबाट प्राप्त हुने तथ्याङ्क एवं सूचनाहरूले गाउँपालिकाको विभिन्न क्षेत्रको वस्तुगत अवस्थाको बारेमा जानकारी प्राप्त हुने, विकासका कार्यक्रमहरूको अवस्थाको अनुगमन गर्न सकिने एवं निर्णय तथा योजनाको लागि तथ्यपरक आधार उपलब्ध हुने हुँदा यो पुस्तिका योजनाकार, प्रशासक, राजनितिज्ञ, अनुसन्धानकर्ता, विकास साझेदार, शिक्षक, विद्यार्थी लगायत सरोकारवाला सबैको लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।
यो वस्तुगत विवरण तयार गर्ने सन्दर्भमा समयमै तथ्यपरक सूचना, तथ्याङ्क उपलब्ध गराई अमूल्य सहयोग गर्नुहुने बाँफिकोट गाउँ कार्यपालिका कार्यालय, विभिन्न सरकारी, गैरसरकारी संघसंस्था तथा कार्यालयहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस पुस्तिका प्रकाशनको लागि स्थलगत तथ्याङ्क सङ्कलन र तयारी कार्यमा खटिने यस कार्यालयका तथ्याङ्क अधिकृतहरू लगायत कर्मचारीको टीमलाई हार्दिक धन्यवाद् दिन चाहान्छु ।

अन्तमा यो वस्तुगत विवरणले विभिन्न सरोकारवालाहरूलाई नीति निर्माण, निर्णय एवं योजनाको लागि तथ्याङ्क/सूचना उपलब्ध गराउन सकोस भन्ने कामना गर्दै आगामी दिनमा यसलाई थप परिस्कृत तथा प्रयोगकर्ता मैत्री बनाउन रचनात्मक सुझावको समेत अपेक्षा गर्दछु ।

विनोद आचार्य
तथ्याङ्क समन्वय अधिकारी
तथ्याङ्क कार्यालय, सुर्खेत

# विषय सूची

**खण्ड १: परिचय ....... १**
१.१ गाउँपालिकाको संक्षिप्त परिचय ....... १
१.२ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमी ....... १
१.३ संघीय संरचना अनुसार बाँफिकोट गाउँपालिकाको वडा बिभाजन ....... २
१.४ गाउँपालिकाको भौगोलिक तथा प्राकृतिक अवस्था ....... ३
१.५ गाउँपालिकामा रहेका धार्मिक ऐतिहासिक तथा पर्यटकिय स्थल सम्बन्धी विवरण ....... ८
**खण्ड २: जनसाङ्ख्यिक अवस्था ....... १०**
२.१ जनसङ्ख्या, घरपरिवार सङ्ख्या, जनघनत्त्व तथा वृद्धिदर ....... १०
२.२ लैङ्गिक संरचना तथा लैङ्गिक अनुपात ....... ११
२.३ जनसङ्ख्याको उमेर संरचना तथा आश्रित अनुपात ....... १२
२.४ वैवाहिक अवस्था ....... १६
२.५ बसाइँसराइ तथा जनसङ्ख्या गतिशीलता ....... २१
२.६ अनुपस्थित (विदेशमा रहेका) जनसङ्ख्या सम्बन्धी विवरण ....... २७
२.७ बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या प्रक्षेपण ....... ३२
**खण्ड ३: सामाजिक-सांस्कृतिक अवस्था तथा समावेशिता ....... ३५**
३.१ जातजाती, धर्म र भाषाभाषी सम्बन्धी विवरण ....... ३५
३.२ अपाङ्गता सम्बन्धी विवरण ....... ३८
३.३ वालवालिका सम्बन्धी विवरण ....... ४३
३.४ बुढ्यौली जनसङ्ख्याको अवस्था ....... ४६
**खण्ड ४: घरपरिवार तथा पारिवारिक जीवनस्तर ....... ५०**
४.१ घरपरिवार तथा परिवारको आवास (घरको बनावट/भौतिक अवस्था) सम्बन्धी विवरण ....... ५०
४.२ पारिवारीक सेवा सुविधा तथा पँहुच सम्बन्धी विवरण ....... ५५
**खण्ड ५: शैक्षिक अवस्था ....... ५९**
५.१ साक्षरता दर ....... ५९
५.२ गाउँपालिकाको शैक्षिक सूचकहरू ....... ६२
५.३ विद्यालय शिक्षक सम्बन्धी विवरण ....... ६९
५.४ विद्यालयमा विद्यार्थी सङ्ख्या सम्बन्धी विवरण ....... ७१
५.५ शैक्षिक संस्था सम्बन्धी विवरण ....... ७४
**खण्ड ६: स्वास्थ्य तथा पोषण सेवा ....... ७८**

६.१ स्वास्थ्य पूर्वाधार तथा मानव संसाधन ........ ७८

६.२ स्वास्थ्य सेवा प्रवाह सम्बन्धी अवस्था ........ ८१

**खण्ड ७: आर्थिक अवस्था, उत्पादक क्षेत्र, जीविकोपार्जन तथा गरिबी ........ ९४**

७.१ स्थानीय अर्थतन्त्र, व्यापारिक केन्द्र तथा वित्तीय पहुँच ........ ९४

७.२ आर्थिक सक्रियता, रोजगारी तथा जीविकोपार्जनको अवस्था ........ ९५

७.३ प्रतिष्ठान, व्यवसाय तथा गैरकृषि उद्यमको अवस्था ........ १०१

७.४ कृषि, पशुपालन तथा कृषि उत्पादन प्रणाली ........ १०६

७.५ खाद्य पर्याप्तता, गरिबी तथा आर्थिक जोखिम ........ ११३

७.६ सहकारी सम्बन्धी विवरण ........ ११४

**खण्ड ८: भौतिक पूर्वाधार ........ ११६**

८.१ भवन पूर्वाधार ........ ११६

८.२ गाउँपालिकाको सडक पूर्वाधारको विद्यमान अवस्था ........ ११६

८.३ गाउँपालिकामा रहेका पुलहरूको विवरण ........ ११८

**खण्ड ९: स्थानीय शासन, राजनीतिक-प्रशासनिक तथा सेवा प्रभाव ........ ११९**

९.१ स्थानीय तह निर्वाचन सम्बन्धी विवरण ........ ११९

९.२ सार्वजनिक सेवा प्रवाह, शान्ति सुरक्षा र न्याय ........ १२९

अनुसूची १ : राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त वडागत तथ्याङ्क तालिकाहरू ........ १३३
अनुसूची २ : स्थानीय तहका ऐन नीति नियम तथा कार्यप्रणाली ........ १४६
अनुसूची ३ : आधिकारिक तथ्याङ्क प्रणालीको परिचय ........ १६९
अनुसूची ४ : तथ्याङ्क ऐन २०७८ र नियमावली २०७९ ........ १७३
अनुसूची ५ : नेपालका राष्ट्रिय गणनाहरूमा प्रयोग हुने शब्दावली ........ १९२

## तालिका सूची


तालिका १.१ :  बाँफिकोट गाउँपालिकाको वडा विभाजन........ २
तालिका १.२ : गाउँपालिकाको भौगोलिक अवस्थिति........ ३
तालिका १.३ : मूख्य वनस्पति तथा बन्यजन्तुहरु........ ६
तालिका १.४ : औषत तापक्रम (Temperature) र वर्षा (Rain Fall)........ ८
तालिका १.५ : गाँउपालिकामा रहेका प्रमूख स्थलहरूको विवरण ........ ८
तालिका २.१ :  बाँफिकोट गाउँपालिकाको आधारभूत जनसाङ्ख्यिक विवरण ........ १०
तालिका २.२ : बाँफिकोट गाँउपालिकाको जनसङ्ख्याको लैङ्गिक संरचना ........ १२
तालिका २.३ :  पाँच वर्षे उमेर समूह अनुसार बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या, २०७८........ १२
तालिका २.४ : बृहत तथा विशेष उमेर समूहको  जनसङ्ख्या र जनसङ्ख्याको आश्रित अनुपात सम्बन्धी विवरण........ १४
तालिका २.५ : १० वर्ष र सो भन्दा माथिको जनसङ्ख्याकव वैवाहिक अवस्था........ १६
तालिका २.६ : उमेर समूह अनुसार वैवाहिक अवस्था ........ १८
तालिका २.७ : विवाहित जनसङ्ख्याले पहिलो पटक विवाह गर्दाको उमेर........ २०
तालिका २.८ : विवाह गर्ने औषत उमेर........ २०
तालिका २.९:  जन्म स्थानको आधारमा जनसङ्ख्या विवरण........ २१
तालिका २.१० : स्वदेशमै जन्मिएका जनसङ्ख्याको जन्म भएको प्रदेश अनुसार विवरण........ २२
तालिका २.११ : बाँफिकोट गाउँपालिकामा बसाईसरी आउनु अगाडि बसोबास रहेको स्थानको आधारमा जनसङ्ख्या विवरण ........ २३
तालिका २.१२ : बाँफिकोट गाउँपालिकामा बसाइसरी आएको भौगोलिक क्षेत्र अनुसार जनसङ्ख्या विवरण ........ २३
तालिका २.१३ : बसाइसरी आएका जनसङ्ख्या यस स्थानीय तहमा बसोबास गरिरहेको अवधि अनुसारको विवरण ........ २४
तालिका २.१४ : अर्को जिल्ला वा अर्को स्थानीय तहबाट यस स्थानमा बसाइसरी आउनुको कारण ........ २५
तालिका २.१५ : विदेशबाट बाँफिकोट गाउँपालिकामा आएकाहरूको बसोबास भएको देश ........ २६
तालिका २.१६ : विदेशबाट  यस स्थानमा बसोबास गर्न आउनुको कारण........ २७
तालिका २१७ : अनुपस्थित परिवार र जनसङ्ख्या सम्बन्धी विवरण........ २७
तालिका २.१८ : विदेश गएकाहरूको विदेश जाँदाको उमेर ........ २८
तालिका २.१९ : विदेश गएका जनसङ्ख्याको देश अनुसारको विवरण........ २९
तालिका २.२० : विदेश गएका जनसङ्ख्याको विदेश जानुको कारण ........ २९
तालिका २.२१ : विदेश गएको देश र कारण अनुसार जनसङ्ख्या विवरण........ ३०
तालिका २.२२ : विदेश गएका जनसङ्ख्याको विदेश जाँदाको उमेरगत जनसङ्ख्या विवरण........ ३१
तालिका २.२३ : विदेश गएका जनसङ्ख्याको विदेश जाँदाको शैक्षिक योग्यता (उत्तिर्ण गरेको शैक्षिक तह) ........ ३२
तालिका २.२४ : बाँफिकोट गाउँपालिकाको वि.स. २०९० सम्मको प्रक्षेपित जनसङ्ख्या ........ ३३
तालिका ३.१ : गाउँपालिकामा जातजाती अनुसारको जनसङ्ख्या विवरण........ ३५
तालिका ३.२ : गाउँपालिकामा मानिने धर्म अनुसारको जनसङ्ख्या विवरण........ ३६
तालिका ३.३ : गाउँपालिकामा बोलिने मातृभाषा अनुसारको जनसङ्ख्या विवरण ........ ३६
तालिका ३.४ : गाउँपालिकामा बोलिने दोस्रोभाषा अनुसारको जनसङ्ख्या विवरण........ ३७
तालिका ३.५ : गाउँपालिकामा बोलिने पुर्ख्यौली भाषा अनुसारको जनसङ्ख्या विवरण ........ ३७
तालिका ३.६ : गाउँपालिकामा अपाङ्गता भएका जनसङ्ख्या स्थिति........ ३८
तालिका ३.७ : अपाङ्गता भएका जनसङ्ख्याको उमेर समूह अनुसारको विवरण ........ ३९

तालिका ३.८ : अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक/आर्थिक अवस्था ........ ४०
तालिका ३.९ : विभिन्न उमेर समूह अनुसार वालवालिकाको सङ्ख्या र लैङ्गिक अनुपात ........ ४३
तालिका ३.१० : वालवालिकाको सामाजिक आर्थिक अवस्था ........ ४४
तालिका ३.११ : बाँफिकोट गाउँपालिकाको बुढ्यौली जनसङ्ख्या सम्बन्धी विवरण ........ ४७
तालिका ३.१२ : बुढ्यौली जनसङ्ख्याको सामाजिक आर्थिक अवस्था ........ ४७
तालिका ४.१ : परिवार सङ्ख्या र परिवार घनत्त्व ........ ५०
तालिका ४.२ : परिवारले प्रयोग गर्ने घरको स्वामित्त्व ........ ५०
तालिका ४.३ : घरपरिवारले प्रयोग गर्ने घरको जगको बनोट अनुसार परिवार सङ्ख्या ........ ५१
तालिका ४.४ : परिवारले प्रयोग गर्ने घरको बाहिरी गारोको बनावट ........ ५१
तालिका ४.५ : घरको छानोको प्रकार अनुसारको परिवार सङ्ख्या ........ ५२
तालिका ४.६ : बाँफिकोट गाउँपालिकामा रहेका घर (भवन) सङ्ख्या ........ ५३
तालिका ४.७ : घरको तला सङ्ख्या ........ ५३
तालिका ४.८ : घर (भवन)को प्रयोग र बनेको अवधि अनुसारको विवरण (प्रतिशतमा) ........ ५४
तालिका ४.९ : परिवारले प्रयोग गर्ने शौचालयको  प्रकार अनुसार परिवार सङ्ख्या ........ ५५
तालिका ४.१० : परिवारको पिउने पानीको मूख्य स्रोत अनुसार परिवार सङ्ख्या ........ ५५
तालिका ४.११ : खाना पकाउने ईन्धनको प्रकार अनुसार परिवार सङ्ख्या ........ ५६
तालिका ४.१२ : वत्ति बाल्नको लागि प्रयोग गरिने मूख्य इन्धनको स्रोत अनुसार परिवार सङ्ख्या ........ ५७
तालिका ४.१३ : घरायसी सुविधा/साधन साधन सम्बन्धी विवरण ........ ५७
तालिका ५.१ : बाँफिकोट गाउँपालिकाको साक्षरता दर ........ ५९
तालिका ५.२ :  उमेर समूह अनुसार साक्षरता दर २०७८ ........ ५९
तालिका ५.३ : ५-२५ वर्ष उमेर समूहको जनसङ्ख्या विद्यालय/कलेज उपस्थितिको अवस्था अनुसार जनसङ्ख्या विवरण ........ ६०
तालिका ५.४ : साक्षर जनसङ्ख्याले उत्तिर्ण गरेको शैक्षिक तह ........ ६१
तालिका ५.५ :  १०+२ र सो भन्दा माथिको तह उत्तिर्ण गरेका जनसङ्ख्याले अध्यन गरेको विषय/क्षेत्र ........ ६१
तालिका ५.६ : भर्ना दर सम्बन्धी सूचकहरू ........ ६३
तालिका ५.७ : पूर्व प्राथमिक शिक्षा/वाल विकास सम्बन्धी सूचकहरू ........ ६४
तालिका ५.८ : विद्यार्थी टिकाउ दर ........ ६४
तालिका ५.९ : कक्षा उत्तिर्ण दर ........ ६५
तालिका ५.१० : कक्षा दोहोराउने दर ........ ६६
तालिका ५.११ : कक्षा छाड्ने दर ........ ६७
तालिका ५.१२ : लैङ्गिक समता सूचक (Gender Parity Index, GPI) ........ ६८
तालिका ५.१३ : विद्यालय, शिक्षक र विद्यार्थी सम्बन्धी अनुपातहरू ........ ६८
तालिका ५.१४ : विद्यालयका शिक्षक सम्बन्धी विवरण ........ ६९
तालिका ५.१५ : कक्षागत विद्यार्थी सङ्ख्या ........ ७१
तालिका ५.१६ : जातजातीगत विद्यार्थी सङ्ख्या ........ ७२
तालिका ५.१७ : अपाङ्गता भएका विद्यार्थी सम्बन्धी विवरण ........ ७३
तालिका ५.१८ : सामुदायिक/सरकारी तथा संस्थागत निजी विद्यालयमा अपाङ्गता भएका विद्यार्थी सम्बन्धी विवरण ........ ७३
तालिका ५.१९ : पूर्व प्राथमिक शिक्षा/वाल विकास केन्द्रमा वालवालिकाको सङ्ख्या ........ ७४
तालिका ५.२० : शैक्षिक संस्थाको सङ्ख्या सम्बन्धी विवरण ........ ७४

तालिका ५.२१: सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार  र सेवा सुविधाको उपलब्धता सम्बन्धी विवरण ...... ७५
तालिका ५.२२ : पूर्व प्राथमिक शिक्षा/वाल विकास केन्द्र सम्बन्धी विवरण ...... ७६
तालिका ५.२३ : बाँफिकोट गाउँपालिकामा रहेको क्याम्पसको विवरण ...... ७६
तालिका ६.१ : बाँफिकोट गाउँपालिकामा रहेका स्वास्थ्य संस्था/पूर्वाधार सम्बन्धी विवरण ...... ७८
तालिका ६.२ : स्वास्थ्य जनशक्तिको विवरण ...... ७९
तालिका ६.३ : स्वास्थ्य औजार/उपकरणको उपलब्धता ...... ७९
तालिका ६.४ : स्वास्थ्य सम्बन्धी नीतिगत तथा कानुनी दस्तावेज तथा विभिन्न समितिहरूको अवस्था ...... ८०
तालिका ६.५ : बाँफिकोट गाउँपालिकामा रहेका स्वाथ्य संस्थाको प्रकार अनुसार सेवा प्राप्त गर्ने औषत सेवाग्राही सङ्ख्या ...... ८१
तालिका ६.६ : आ.ब.२०८१/८२ मा स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गरेका सेवाग्राही विवरण ...... ८२
तालिका ६.७ : महिना अनुसार कुल स्वास्थ्य सेवा लाभ ग्राहीको सङ्ख्या (विगत ३ वर्षको) ...... ८२
तालिका ६.८ : स्वास्थ्य अनुसार प्रतिदिन औषत सेवाग्राही सङ्ख्या (आ.ब.२०८१/८२) ...... ८३
तालिका ६. ९ : उपचारात्मक सेवा - कुल जनसङ्ख्याको तुलनामा नयाँ बहिरङ्ग (OPD) सेवा लिनेहरूको प्रतिशत ...... ८४
तालिका ६.१० : उपचारात्मक सेवा - आ.व. २०८१/८२ मा देखिएका शिर्ष १० स्वास्थ्य समस्याहरू ...... ८४
तालिका ६.११ : उपचारात्मक सेवा - नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या सम्बन्धी उपचार अवस्था (आर्थिक वर्ष २०८१/८२) ...... ८५
तालिका ६. १२ : खोप कार्यक्रम सम्बन्धी सूचक (Immunization coverage) ...... ८६
तालिका ६.१३ : खोप खेर जाने दर ...... ८७
तालिका ६.१४ : पोषण कार्यक्रम सम्बन्धी सूचकहरू ...... ८७
तालिका ६.१५ : समुदायमा आधारित नवशिशु तथा बालरोगको एकिकृत ब्यवस्थापन (IMNCI) कार्यक्रम ...... ८८
तालिका ६.१६ : मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम ...... ८९
तालिका ६.१७ : परिवार योजना  (Family Planning) कार्यक्रम ...... ९१
तालिका ६.१८ : समुदायस्तरीय कार्यक्रम ...... ९१
तालिका ६.१९ : रोग नियन्त्रण कार्यक्रम ...... ९२
तालिका ७.१ : गाउँपालिकामा रहेका बैंक तथा वित्तीय संस्थासम्वन्धी  विवरण ...... ९४
तालिका ७.२ : बैक खाता भएका जनसङ्ख्या ...... ९४
तालिका ७.३ :  वित्तीय ऋण भएका र नभएका परिवार सङ्ख्या ...... ९५
तालिका ७.४ : आर्थिक सक्रियता, रोजगारी तथा बेरोजगारी दर सम्बन्धी विवरण ...... ९५
तालिका ७.५ : आर्थिक सक्रियता सम्बन्धी विवरण (१० वर्ष र सो भन्दा माथिका जनसङ्ख्याको) ...... ९६
तालिका ७.६ : आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको पेशा सम्बन्धी विवरण ...... ९७
तालिका ७.७ : आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको आर्थिक संलग्नताको क्षेत्र ...... ९८
तालिका ७.८ : आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको रोजगारीको अवस्था ...... ९९
तालिका ७.९ : घरायसी र गैरघरायसी क्षेत्र अनुसार आर्थिक सक्रियता विवरण ...... १००
तालिका ७.१० : आर्थिक रूपमा निष्क्रिय वा आंशिक रूपमा सक्रिय जनसङ्ख्या आर्थिक काममा सक्रिय नहुनुका मुख्य कारणहरू १००
तालिका ७.११ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगारको सूचिमा  सुचिकृत ब्यक्ति र रोजगारी प्राप्त गर्नेको सङ्ख्या ...... १०१
तालिका ७.१२ : बाँफिकोट गाउँपालिकामा रहेका व्यवसाय/प्रतिष्ठान सम्बन्धी विवरण ...... १०२
तालिका ७.१३ : मूख्य आर्थिक क्रियाकलाप अनुसार प्रतिष्ठान/व्यवसाय विवरण ...... १०३
तालिका ७.१४ : प्रतिष्ठान/व्यवसायको दर्ता स्थिति अनुसारको विवरण ...... १०३
तालिका ७.१५ : प्रतिष्ठान/व्यवसायको स्वामित्व (वैधानिक स्थिति) ...... १०४

तालिका ७.१६ : प्रतिष्ठान/व्यवसायको सञ्चालक/व्यवस्थापकको लैङ्गिक विवरण ........ १०५
तालिका ७.१७ : कृषि वाहेक साना तथा घरेलु उद्यम/व्यवसाय सञ्चालन गर्ने घरपरिवारको अवस्था ........ १०६
तालिका ७.१८ : गाउँपालिकामा कृषिमा संलग्न रहेका कृषक परिवार र कृषि चलन सम्बन्धी विवरण ........ १०६
तालिका ७.१९ : कृषि चलनमा प्रयोग गरिएको जग्गाको स्वामित्व अनुसार कृषक परिवार र कृषि चलन क्षेत्रफल ........ १०७
तालिका ७. २० : विभिन्न अस्थायी बालीको खेती गर्ने कृषक परिवार तथा बाली लागेको क्षेत्रफल ........ १०७
तालिका ७. २१ : प्रमुख अस्थायी बाली सम्बन्धी विवरण ........ १०८
तालिका ७.२२ : स्थायी बाली लगाएका कृषक र क्षेत्रफल सम्बन्धी विवरण ........ १०८
तालिका ७.२३ : प्रमुख बालीहरूमा प्रयोग हुने बीउ/विजन सम्बन्धी विवरण ........ १०९
तालिका ७.२४ : प्रमुख बालीहरूमा प्रयोग हुने मलको किसिम ........ ११०
तालिका ७.२५ : प्रमुख बालीहरूमा कीटनाशक विषादीको प्रयोगको अवस्था ........ ११०
तालिका ७.२६ : प्रमूख बालीहरूको उत्पादन परिमाण ........ ११०
तालिका ७.२७ : कृषक परिवारले पालेका पाल्तु पशुपन्छीको सङ्ख्या ........ १११
तालिका ७.२८ : बाली नाली तथा पशुपन्छीमा देखिएका प्रमुख रोगहरु ........ १११
तालिका ७.२९ : कृषि ऋण, थप ऋणको आवश्यकता, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार सङ्ख्या ........ ११२
तालिका ७.३० : कृषि चलनबाट भएको प्रमुख उत्पादनको प्रमुख प्रयोग अनुसार कृषक परिवार सङ्ख्या ........ ११२
तालिका ७. ३१ : आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान पुग्ने/नपुग्ने कृषक परिवार सम्बन्धी विवरण ........ ११३
तालिका ७.३२ : गाउँपालिकामा गरिबीको दर ........ ११३
तालिका ७.३३ : बाँफिकोट गाउँपालिकामा रहेका सहकारीहरूको सूची ........ ११४
तालिका ८.१ : सरकारी कार्यालयका भवन ........ ११६
तालिका ८.२ : सुरक्षा निकाय सम्वन्धी विवरण ........ ११६
तालिका ८.३ : गाउँपालिकामा सडकको अवस्था ........ ११७
तालिका ८.४ : गाउँपालिकाका मूख्य सडक सञ्जाल विवरण ........ ११७
तालिका ८.५ : वडाकेन्द्र देखि गाउँपालिका केन्द्रसम्मको पहुँच ........ ११७
तालिका ८.६ : मूख्य पुलहरूको विवरण ........ ११८
तालिका ९.१ : गाउँपालिकाको स्थानीय तह निर्वाचन २०७४ र २०७९ को विवरण ........ ११९
तालिका ९.२ : स्थानीय तहमा निर्वाचनमा सहभागी उम्मेदवारहरूको उमेर समूहगत विवरण ........ १२०
तालिका ९.३ : स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको उमेर समूहगत विवरण ........ १२०
तालिका ९.४ : राजनीतिक दल अनुसार निर्वाचित जनप्रतिनिधिहरूको सङ्ख्या ........ १२१
तालिका ९.५ : स्थानीय तह निर्वाचन २०७९ नतिजा सम्बन्धी विवरण ........ १२१
तालिका ९.६ : स्थानीय तह निर्वाचन २०७४ को नतिजा सम्बन्धी विवरण ........ १२५
तालिका ९.७ : गाउँपालिकाको विगत तीन (३) वार्षिक बजेट, खर्च र बेरूजुको अवस्था ........ १२९
तालिका ९.८ : विगत पाँच (५) वर्षको व्यक्तिगत घटना दर्ताको अवस्था ........ १२९
तालिका ९.९ : मुद्दा/ विवाद दर्ता तथा फछ्र्यौट सम्वन्धी विवरण ........ १३०
तालिका ९.१० : मुद्दा/ विवादको प्रकृति अनुसारको सङ्ख्या ........ १३०
तालिका ९.११ : गाउँ सभा, कार्यपालिका बैठक, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण सम्बन्धी विवरण ........ १३१
तालिका १ : वडा अनुसार घरपरिवार संख्या, जनसंख्या, औसत परिवार आकार र लैङ्गिक अनुपात ........ १३३
तालिका २ : उमेर समूह अनुसार वडागत जनसङ्ख्या ........ १३३

तालिका ३ : जनसंख्याको साक्षरताको अवस्था (५ वर्ष वा सोभन्दा माथिको) ........ १३८
तालिका ४ : वडा अनुसार जनसंख्याको विद्यालय/कलेज उपस्थितिको अवस्था (५-२५ वर्ष उमेर समूहको)........ १३८
तालिका ५ : १० वर्ष वा सोभन्दा माथिको जनसंख्या र आर्थिक सक्रियताको अवस्था (वडा अनुसार)........ १३९
तालिका ६ : ५ वर्ष वा सोभन्दा मुनिका बालबालिकाको जन्मदर्ताको अवस्था (वडा अनुसार)........ १४०
तालिका ७ : परिवारले प्रयोग गर्ने घर तथा आवासीय एकाइको स्वामित्वको प्रकार अनुसार घरपरिवार संख्या ........ १४१
तालिका ८ : परिवारले प्रयोग गर्ने घरको जगको बनावट ........ १४१
तालिका ९ : परिवारले प्रयोग गर्ने घरको घरको बाहिरी गारोको बनावट ........ १४२
तालिका १० : घरको बाहिरी गारोको बनावटमा प्रयोग भएको सामग्रीको विवरण (२०७८)........ १४२
तालिका ११ : घरको छानामा प्रयोग भएको सामग्रीको विवरण (२०७८)........ १४२
तालिका १२ : घरको भुइँमा प्रयोग भएको सामग्रीको विवरण (२०७८) ........ १४३
तालिका १३ : खानेपानीको मुख्य स्रोतको विवरण (२०७८) ........ १४३
तालिका १४ : खाना पकाउन प्रयोग गर्ने इन्धनको विवरण (२०७८)........ १४४
तालिका १५ : बत्ती बाल्न प्रयोग गर्ने इन्धनको विवरण (२०७८) ........ १४४
तालिका १६ : शौचालयको सुविधा/उपलब्धता सम्बन्धी विवरण (२०७८)........ १४५
तालिका १७ : परिवारमा उपलब्ध सूविधा सम्बन्धी विवरण ........ १४५

## चित्र सूची

चित्र १ :  बाँफिकोट गाउँपालिकाको वडा विभाजन नक्शा........ २
चित्र २ : बाँफिकोट गाउँपालिकाको उचाइ वर्गीकरण नक्सा........ ४
चित्र ३ : बाँफिकोट गाउँपालिकाको भिरालोपन (Slope) वर्गीकरण नक्सा ........ ५
चित्र ४ : बाँफिकोट गाउँपालिकाको वन पारिस्थितिकीय नक्सा........ ६
चित्र ५ : बाँफिकोट गाउँपालिकाको भू–उपयोग (Land Use) नक्सा ........ ७
चित्र ६: गाउँपालिकाको जनसङ्ख्या र परिवार सङ्ख्याको अवस्था ........ ११
चित्र ७ : गाउँपालिकाको प्रमूख जनसांख्यिक सूचकहरू........ ११
चित्र ८: बाँफिकोट गाँउपालिकाको जनसङ्ख्याको लैङ्गिक संरचना........ १२
चित्र ९: बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या पिरामिड, २०७८ ........ १३
चित्र १० : विशेष उमेर समूहका वालवालिकाको जनसङ्ख्या विवरण ........ १५
चित्र ११ : विशेष उमेर समूहका युवा जनसङ्ख्याको अवस्था........ १५
चित्र १२ : आश्रित अनुपात सम्बन्धी विवरण ........ १६
चित्र १३ : १० वर्ष र सो भन्दा माथिको जनसङ्ख्याको वैवाहिक अवस्था........ १७
चित्र १४ : विवाहित जनसङ्ख्याको उमेर समूहगत संरचना ........ १९
चित्र १५ : विवाह गर्ने औषत उमेर (Median Age at Marriage)........ २१
चित्र १६ : जन्मस्थान अनुसार जनसङ्ख्या विवरण........ २२
चित्र १७ : बसाई सरी आउनुका कारण........ २६
चित्र १८ : बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या प्रक्षेपण (वि.स. २०७९ देखि २०९० सम्म) ........ ३४

# खण्ड १: परिचय

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

बाँफिकोट गाउँपालिका कर्णाली प्रदेशअन्तर्गत पर्ने रूकुम पश्चिम जिल्लाका ६ वटा स्थानीय तहमध्ये एक महत्वपूर्ण ग्रामीण स्थानीय तह हो। क्षेत्रफलका आधारमा जिल्लाको दोस्रो ठूलो स्थानीय तहका रूपमा रहेको यस गाउँपालिकाको कुल क्षेत्रफल १९०.४२ वर्ग किलोमिटर रहेको छ। व्यापक भौगोलिक विस्तार, वनजंगल तथा जलस्रोतको प्रचुरता, कृषि तथा पशुपालनका लागि उपयुक्त भू-संरचना, धार्मिक तथा प्राकृतिक पर्यटकीय स्थलहरूको उपस्थिति र बहुजातीय सामाजिक-सांस्कृतिक विविधताले यस गाउँपालिकालाई विशिष्ट पहिचान प्रदान गरेको छ। साथै, पर्यटन प्रवर्द्धन, आन्तरिक व्यापार विस्तारका सम्भावनाले पनि यस स्थानीय तहको महत्वलाई थप उजागर गरेको छ।

नेपालको संविधान, २०७२ को धारा २९५ बमोजिम स्थानीय तह पुनर्संरचनाअनुसार नेपाल सरकारको वि.सं. २०७३ फागुन २७ गतेको निर्णयबाट साविकका बाँफिकोट, पिपल र झुला गाउँ विकास समितिहरू तथा मग्मा र दुली गाउँ विकास समितिका केही वडाहरूलाई समायोजन गरी हालको बाँफिकोट गाउँपालिकाको स्थापना गरिएको हो। हाल यस गाउँपालिकामा १० वटा वडाहरू रहेका छन् भने गाउँपालिकाको प्रशासनिक केन्द्र वडा नं. ४ मा अवस्थित छ। भौगोलिक रूपमा पहाडी भू-भागमा रहेको यस क्षेत्र प्राकृतिक सम्पदा, नदी-नाला तथा जैविक विविधताले सम्पन्न मानिन्छ।

यस गाउँपालिकामा बहुजातीय तथा बहुभाषिक समुदायको बसोबास रहेको छ। नेपाली भाषा प्रमूख रूपमा बोलिने भाषा भएता पनि गुरुङ, मगर, कुमाललगायत अन्य भाषाहरूको प्रयोग पनि  पाइन्छ। यहाँको सामाजिक तथा सांस्कृतिक जीवनशैली मौलिक र विविधतायुक्त रहेको छ। आर्थिक दृष्टिले अधिकांश जनसङ्ख्या कृषि, पशुपालन तथा वैदेशिक रोजगारीमा निर्भर रहेको पाइन्छ। प्राकृतिक स्रोतसाधन, धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरूको उपलब्धताले कृषि, पशुपालन र पर्यटन क्षेत्रको विकासका लागि उल्लेखनीय सम्भावना सिर्जना गरेको छ। उपलब्ध स्रोतसाधनको योजनाबद्ध तथा दिगो उपयोगमार्फत सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार विकासमा उल्लेखनीय प्रगति हासिल गर्न सकिने सम्भावनायुक्त स्थानीय तहका रूपमा बाँफिकोट गाउँपालिका परिचित छ।

## १.२ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमी

बाँफिकोटको ऐतिहासिक पृष्ठभूमिसम्बन्धी छुट्टै र विस्तृत आधिकारिक अभिलेख वा प्रकाशित दस्तावेजहरू प्रयाप्त रूपमा  उपलब्ध छैनन् । उपलब्ध ऐतिहासिक तथा स्थानीय सन्दर्भहरूका आधारमा हेर्दा बाँफिकोट क्षेत्रको इतिहास रूकुम क्षेत्रको पुरानो राजनीतिक तथा सांस्कृतिक विकासक्रमसँग जोडिएको पाइन्छ। सिंजा खस साम्राज्य कमजोर हुँदै गएपछि पश्चिम नेपालमा स–साना स्थानीय राज्यहरूको विकास भएको ऐतिहासिक सन्दर्भ पाइन्छ। सोही क्रममा रूकुम क्षेत्रमा रूकुमकोट, मुसिकोट, गोतामकोट, आठबिसकोट, बाँफिकोट तथा कोटजहारीजस्ता कोट–केन्द्रित स्थानीय राज्य वा प्रशासनिक केन्द्रहरूको विकास भएको उल्लेख विभिन्न स्थानीय इतिहास तथा क्षेत्रीय अध्ययनहरूमा गरिएको पाइन्छ। “कोट” शब्दले किल्ला, सुरक्षात्मक बस्ती वा प्रशासनिक केन्द्रको अर्थ दिने भएकाले “**बाँफिकोट**” नाम पनि त्यही ऐतिहासिक कोट–संस्कृति र पुरानो बस्ती विकाससँग सम्बन्धित रहेको देखिन्छ।

नेपाल एकीकरणको प्रक्रियासँगै रूकुम क्षेत्रका स्थानीय राज्यहरू क्रमशः केन्द्रीय शासन प्रणालीमा समाहित हुँदै गए। त्यसपछि प्रशासनिक व्यवस्थाको विकासक्रममा यो क्षेत्र राप्ती अञ्चलअन्तर्गत रूकुम जिल्लाको भागका रूपमा रह्यो। पछिल्लो संघीय पुनर्संरचनापछि साविकको रूकुम जिल्लाको पश्चिमी भाग कर्णाली प्रदेशअन्तर्गत रूकुम पश्चिम जिल्लाका रूपमा कायम भयो। यस ऐतिहासिक परिवर्तनसँगै बाँफिकोट क्षेत्रले स्थानीय पहिचानलाई कायम राख्दै नयाँ प्रशासनिक संरचनाभित्र गाउँपालिकाको स्वरूप प्राप्त गरेको हो।

बाँफिकोटको ऐतिहासिक पहिचान स्थानीय कोट, परम्परागत बस्ती, धार्मिक स्थल, मौलिक संस्कृति र सामुदायिक जीवनशैलीसँग पनि जोडिएको छ। यहाँका मठ, मन्दिर, थान, गुफा तथा प्राकृतिक स्थलहरूले स्थानीय विश्वास, परम्परा र सांस्कृतिक निरन्तरताको प्रतिनिधित्व गर्छन्। त्यसैले बाँफिकोट गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि पुराना स्थानीय राज्य परम्परा, कोट-केन्द्रित बस्ती विकास, प्रशासनिक रूपान्तरण र सांस्कृतिक निरन्तरताको समन्वयबाट निर्मित भएको देखिन्छ।

## १.३ संघीय संरचना अनुसार बाँफिकोट गाउँपालिकाको वडा बिभाजन


नेपाल सरकारको वि.सं. २०७३ फागुन २७ गतेको निर्णयअनुसार बाँफिकोट गाउँपालिकाको वडा विभाजन यस प्रकार रहेको छ।

तालिका १.१ : बाँफिकोट गाउँपालिकाको वडा विभाजन

| वडा नं. | साबिक गा.वि.स. | साबिकका वडाहरु | वडा केन्द्र | क्षेत्रफल (वर्ग कि.मी.) | जनसङ्ख्या २०६८ | जनसङ्ख्या २०७८ |
|---|---|---|---|---|---|---|
| १ | पिपल | १,२ | पालाकोट | १९.९ | १,२४२ | १,५३७ |
| २ | पिपल | ३-९ | पिपल | ५०.६ | २,८६९ | ३,३०६ |
| ३ | बाँफिकोट | ३,८,९ | स्यार्पूदह | ३९.१ | १,८८६ | १,७८२ |
| ४ | बाँफिकोट | १,२,४ | बाँफिकोट | ४.६ | १,८०७ | २,२७४ |
| ५ | बाँफिकोट | ५-७ | काँडा | २०.९ | १,४७१ | १,८०३ |
| ६ | मग्मा | २-४, ६ | मग्मा | ८.३ | २,१६५ | २,२९८ |
| ७ | मग्मा | १,५,९ | ढारबाङ | २१.२ | २,४८० | २,९४६ |
| ८ | दुली | ४-६ | दुली | ६.८ | १,४४२ | १,५८० |
| ९ | झुला | १-५ | झुला | ५.१ | १,८४७ | १,८९५ |
| १० | झुला | ६-९ | ठाँटी | १४.० | १,४८७ | १,६१२ |
| **जम्मा** | | | | **१९०.४** | **१८,६९६** | **२१,०३३** |

*स्रोत : स्थानीय तह पूनर्संरचना आयोगको प्रतिवेदन २०७२, रा.ज.ग. २०६८ र २०७८ का वडागत तथ्याङ्क प्रतिवेदनहरू।*

चित्र १ : बाँफिकोट गाउँपालिकाको वडा विभाजन नक्शा



## १.४ गाउँपालिकाको भौगोलिक तथा प्राकृतिक अवस्था

कुनै पनि स्थानीय तहको भौगोलिक तथा प्राकृतिक अवस्था त्यस क्षेत्रको सामाजिक, आर्थिक तथा वातावरणीय विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ। भू–आकृति, जलवायु, भू–उपयोगको अवस्था, वनस्पति तथा प्राकृतिक स्रोतसाधनले स्थानीय जनजीवन, बस्ती विकास, कृषि प्रणाली, पूर्वाधार निर्माण तथा आर्थिक गतिविधिहरूलाई प्रत्यक्ष प्रभाव पार्ने गर्दछ। बाँफिकोट गाउँपालिका पनि विविध भौगोलिक बनावट, प्राकृतिक सम्पदा तथा जैविक विविधताले सम्पन्न स्थानीय तहका रूपमा परिचित रहेको छ।

यस उपखण्डमा गाउँपालिकाको भौगोलिक अवस्थिति, भू–आकृति, भू–उपयोगको अवस्था, तापक्रम तथा वर्षाको स्थिति, प्रमुख वनस्पति तथा वन्यजन्तु लगायतका प्राकृतिक विशेषताहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ। यी पक्षहरूको अध्ययनबाट गाउँपालिकाको प्राकृतिक स्रोतसाधनको अवस्था, विकासका सम्भावना तथा वातावरणीय विशेषताहरूको समग्र चित्र प्राप्त गर्न सहयोग पुग्नेछ।

**तालिका १.२ : गाउँपालिकाको भौगोलिक अवस्थिति**

| क्र सं | विवरण | मान |
|---|---|---|
| १ | अक्षांश | २८° ३८' ३२" - २८° ४६' ४७" उत्तरी अक्षांश |
| २ | देशान्तर | ८२° २४' ०४" - ८२° ३७' ०४" पूर्वि देशान्तर |
| ३ | सिमाना | *पुर्व* : सिस्ने गाउँपालिका (रूकुम पूर्व)<br>*पश्चिम* : सानीभेरी गाउँपालिका (रुकुम पश्चिम)<br>*उत्तर* : आठबिसकोट नगरपालिका (रुकुम पश्चिम)<br>*दक्षिण* : मुसिकोट नगरपालिका (रुकुम पश्चिम) |
| ४ | क्षेत्रफल | १९०.४३ वर्ग किलोमिटर |
| ५ | अधिकतम लम्बाई (पूर्व-पश्चिम) | २१.१३ कि.मि |
| ६ | अधिकतम चौडाई (उत्तर-दक्षिण) | १५.३१ कि.मि |
| ७ | सबैभन्दा अग्लो ठाँउ | |
| ८ | सबैभन्दा होचो ठाँउ | गाराघाट (८९० मिटर) |
| ९ | स्थानीय तहको केन्द्र | वडा नं. ४, बाँफिकोट |
| १० | प्रदेश राजधानीदेखि स्थानीय तहको केन्द्र सम्मको दुरी | १६६ कि.मि. |
| ११ | जिल्ला सदरमुकाम देखि स्थानीय तहको केन्द्र सम्मको दुरी | २४ कि.मि. |

*स्रोत : तथ्याङ्क समन्वय कार्यालय सुर्खेत।*

**<u>गाउँपालिकाको भू-आकृति (Topography)</u>**


बाँफिकोट गाउँपालिका विविध भू-आकृतिक विशेषताले सम्पन्न पहाडी क्षेत्र हो। गाउँपालिकाको भू–भाग नदी किनारका न्यून उचाइयुक्त क्षेत्रदेखि उच्च पहाडी तथा पर्वतीय भू-भागसम्म फैलिएको छ। भू-आकृतिक दृष्टिले यस क्षेत्रमा उचाइ, भिरालोपन तथा वनस्पतिको विविधता पाइन्छ, जसले कृषि, बस्ती विकास, पूर्वाधार निर्माण तथा प्राकृतिक स्रोत व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पारेको छ।

### (क) उचाइ (Elevation) को अवस्था

उचाइ वर्गीकरण नक्साअनुसार बाँफिकोट गाउँपालिकाको भू-भाग समुन्द्री सतहबाट ८९० मिटर देखि करिब ३,५०० मिटरभन्दा माथिसम्म फैलिएको छ। गाउँपालिकाको सबैभन्दा ठूलो भू–भाग १,५००–२,००० मिटर (२३.५५ प्रतिशत), २,०००–२,५०० मिटर

(२३.४८ प्रतिशत) र ३,००० मिटरभन्दा माथिको क्षेत्र (२३.०३ प्रतिशत) मा रहेको देखिन्छ। त्यसैगरी २,५००–३,००० मिटर उचाइ भएको क्षेत्रले २०.२२ प्रतिशत भू–भाग ओगटेको छ। १,००० मिटरभन्दा कम उचाइ भएको क्षेत्र अत्यन्त न्यून (०.०१ प्रतिशत) मात्र रहेको छ। यसबाट गाउँपालिकाको अधिकांश भू–भाग मध्यपहाडी तथा उच्च पहाडी क्षेत्रमा अवस्थित रहेको स्पष्ट हुन्छ। उच्च उचाइ भएका उत्तरी तथा उत्तर–पूर्वी भागहरूमा चिसो हावापानी तथा वन क्षेत्रको प्रभुत्व रहेको देखिन्छ भने दक्षिणी तथा नदी तटीय क्षेत्रहरू तुलनात्मक रूपमा न्यून उचाइका छन्।


चित्र २ : बाँफिकोट गाउँपालिकाको उचाइ वर्गीकरण नक्सा




**(ख) भिरालोपन (Slope) को अवस्था**

गाउँपालिकाको कुल क्षेत्रफलको ३०.६ प्रतिशत भाग १५ डिग्री - ३०डिग्री ढलान भएको Steep Slope वर्गमा पर्दछ, जुन सबैभन्दा ठूलो हिस्सा हो। त्यसैगरी २५ प्रतिशत भू - भाग ५ डिग्री – १५ डिग्री को मध्यम ढलान तथा २५ प्रतिशत भू - भाग ३०डिग्री - ४५डिग्री को धेरै भिरालो क्षेत्रमा पर्दछ। ०डिग्री – ५ डिग्री सम्मको समथर वा हल्का ढलान भएको क्षेत्र केवल १६.४ प्रतिशत मात्र रहेको छ भने ४५ डिग्री भन्दा बढी अत्यधिक भिरालो क्षेत्र ३ प्रतिशत मात्र रहेको देखिन्छ। यसले गाउँपालिकाको अधिकांश भू - भाग पहाडी तथा भिरालो प्रकृतिको रहेको पुष्टि गर्दछ। यस्तो भू - बनोटले कृषि उत्पादन, सडक निर्माण तथा बस्ती विस्तारमा चुनौती सिर्जना गरे पनि जलाधार संरक्षण, वन व्यवस्थापन तथा पर्यावरणीय सन्तुलनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ।

चित्र ३ : बाँफिकोट गाउँपालिकाको भिरालोपन (Slope) वर्गीकरण नक्सा





## <u>(ग) वन पारिस्थितिकी (Forest Ecology) को अवस्था</u>

सबैभन्दा बढी क्षेत्रफल तल्लो समशीतोष्ण बाँझ वन (Lower Temperate Oak Forest) ले ओगटेको छ, जसको हिस्सा २७.५६ प्रतिशत रहेको छ। त्यसपछि समशीतोष्ण पर्वतीय बाँझ वन (Temperate Mountain Oak Forest) ले २४.९३ प्रतिशत, खोटेसल्ला मिश्रित चौडा पाते वन (Chir Pine–Broad Leaved Forest) ले १८.६८ प्रतिशत तथा गोब्रे सल्ला वन (Fir Forest) ले १४.५० प्रतिशत क्षेत्र ओगटेका छन् । यसका अतिरिक्त खोटेसल्ला वन (Chir Pine Forest) ७.१२ प्रतिशत तथा भोजपत्र–लालीगुराँस वन (Birch–Rhododendron Forest) ६.०९ प्रतिशत क्षेत्रमा फैलिएको छ । त्यसैगरी यूफोर्बिया, घाँसे मैदान तथा टितेपातीयुक्त स्टेपी वनस्पति क्षेत्र (Steppe with Euphorbia royleana, Grasses and Artemisia) को हिस्सा १.१३ प्रतिशत रहेको छ।

वनस्पतिको यस्तो विविधताले गाउँपालिकामा समृद्ध जैविक विविधता (Biodiversity) कायम राख्न महत्वपूर्ण भूमिका खेलेको खेल्दछन् । विभिन्न प्रकारका वनहरूले वन्यजन्तुको वासस्थान (Habitat), जलाधार संरक्षण (Watershed Conservation), माटो संरक्षण (Soil Conservation) तथा वातावरणीय सन्तुलन (Environmental Balance) कायम राख्न सहयोग पुऱ्याउदछन् । साथै, वनजन्य स्रोतसाधन, जडीबुटी तथा पर्यावरणीय सेवाहरूको उपलब्धताले स्थानीय समुदायको जीविकोपार्जन र दिगो विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउन सक्छन। गाउँपालिकाको वन पारिस्थितिकीको वर्गीकरण तलको नक्शामा देखाईएको छ।

चित्र ४ : बाँफिकोट गाउँपालिकाको वन पारिस्थितिकीय नक्सा




वन पारिस्थितिकीय नक्साबाट बाँफिकोट गाउँपालिकामा विभिन्न प्रकारका वन प्रणाली, वनस्पति तथा जैविक विविधताको उपस्थिति रहेको देखिन्छ । वन क्षेत्रको व्यापक फैलावट र विविध पारिस्थितिकीय अवस्थाका कारण गाउँपालिकामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी तथा जडीबुटीहरू पाइने गरेका छन् । यी जैविक स्रोतहरू स्थानीय वातावरणीय सन्तुलन कायम राख्नुका साथै समुदायको जीविकोपार्जन, परम्परागत ज्ञान तथा औषधीय उपयोगसँग समेत सम्बन्धित रहेका छन् ।

गाउँपालिकाका विभिन्न वडाहरूमा पाइने प्रमुख वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी तथा जडीबुटीहरूको विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ ।

तालिका १.३ : मूख्य वनस्पति तथा बन्यजन्तुहरु

| वडा | वनस्पतिहरु | वन्यजन्तुहरु | चराचुरुङ्गीहरु | जडिवुटिहरु |
|---|---|---|---|---|
| १ | असुरो | चितुवा | कालिज | गुर्जो |
| २ | तितेपाती | भालु (कालो भालु) | च्याखुरा (जंगली) | चिराइतो |
| ३ | बनमार | बँदेल (जंगली सुँगुर) | ढुकुर | बोझो |
| ४ | सिस्नो | मृग (कर्कट/हरिण जाति) | काग | हर्रो |
| ५ | धतुरो | स्याल | चिल | जटामासी (उच्च भेगमा) |
| ६ | कागती झार | लोखर्के | गिद्ध | पदमचाल |
| ७ | भटमासे झार | खरायो | उल्लु | कुरिलो |
| ८ | डुबो घाँस | दुम्सी | मैना | अमला |


| वडा | वनस्पतिहरु | वन्यजन्तुहरु | चराचुरुङ्गीहरु | जडिवुटिहरु |
|---|---|---|---|---|
| ९ | बाबियो | रातो बाँदर (रिसस मकाक) | सुगा | बर्रो |
| १० | कांस | कालो बाँदर (लंगुर) | मुनाल (उच्च क्षेत्रमा) | तितेपाती |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२ ।*

### (घ) भू-उपयोग (Land Use)

बाँफिकोट गाउँपालिकाको भू–उपयोगसम्बन्धी अद्यावधिक आधिकारिक तथ्याङ्क हाल उपलब्ध नभए पनि उपलब्ध OpenStreetMap (OSM) Data लाई ArcGIS मार्फत विश्लेषण गर्दा गाउँपालिकाको भूमि उपयोग संरचना वनप्रधान रहेको देखिन्छ । गाउँपालिकाको कुल क्षेत्रफलमध्ये वन क्षेत्रले ४४.५३ प्रतिशत हिस्सा ओगटेको छ । त्यसैगरी आवासीय क्षेत्र १.७० प्रतिशत, खेतीयोग्य भूमि ०.३८ प्रतिशत र झाडी क्षेत्र ०.०७ प्रतिशत मात्र रहेको देखिन्छ । बस्ती तथा खेतीयोग्य भूमि मुख्यतः सडक पहुँच भएका स्थान, नदी–खोला आसपासका क्षेत्र र तुलनात्मक रूपमा सहज भू–भागमा केन्द्रित रहेको पाइन्छ ।

चित्र ५ : बाँफिकोट गाउँपालिकाको भू–उपयोग (Land Use) नक्सा




चित्र नं. ५ मा प्रस्तुत गरिएको नक्सामा अन्य तथा अवर्गीकृत (Unclassified) क्षेत्र ५३.३२ प्रतिशत देखिएको छ, जसमा उपलब्ध तथ्याङ्कबाट स्पष्ट रूपमा वर्गीकरण हुन नसकेका भू–भागहरू समावेश छन् । नक्साको तल उल्लेख गरिएको नोटअनुसार यो भू–उपयोग वर्गीकरण OpenStreetMap उपलब्ध तथ्याङ्कमा आधारित भएकाले स्थान, वर्गीकरण वा पूर्णतामा सामान्य त्रुटि हुन सक्ने सम्भावना रहन्छ । त्यसैले यो नक्सालाई भू–उपयोगको सामान्य अवस्था बुझ्ने आधारका रूपमा प्रयोग गर्न उपयुक्त हुन्छ, तर विस्तृत योजना निर्माणका लागि स्थलगत प्रमाणीकरण तथा अद्यावधिक GIS तथ्याङ्क आवश्यक हुन्छ ।

### (ङ) जलवायुको अवस्था

बाँफिकोट गाउँपालिकाको जलवायु अवस्था यसको उचाइ, भू–आकृति तथा भौगोलिक अवस्थिति अनुसार फरक–फरक देखिन्छ। गाउँपालिकाको अधिकांश भू–भाग १,५०० मिटरदेखि ३,००० मिटरभन्दा माथिको उचाइ क्षेत्रमा अवस्थित रहेकाले यहाँ समशीतोष्णदेखि उच्च पहाडी प्रकारको जलवायु पाइन्छ। उचाइमा हुने भिन्नताका कारण तापक्रम तथा वर्षाको वितरणमा समेत विविधता देखिन्छ। सामान्यतया गर्मीयाममा तापक्रम वृद्धि हुने तथा मनसुन अवधिमा वर्षा अधिक हुने प्रवृत्ति रहेको छ। बाँफिकोट गाउँपालिकामा वि.सं. २०८१ सालमा अभिलेख गरिएको मासिक औसत तापक्रम तथा वर्षाको अवस्था तालिका १.४ मा प्रस्तुत गरिएको छ।

**तालिका १.४ : औषत तापक्रम (Temperature) र वर्षा (Rain Fall)**

| सि नं | महिना | २०८१ को औषत तापक्रम (°C) | | २०८१ कोऔषत वर्षा (mm) | |
|---|---|---|---|---|---|
| | | अधिकतम् | न्यूनतम् | अधिकतम | न्यूनतम |
| १ | वैशाख | १५ | १२ | ५० | ३० |
| २ | जेठ | १८ | १४ | १२० | ८० |
| ३ | असार | २० | १६ | ४०० | २५० |
| ४ | साउन | २१ | १८ | ७०० | ४५० |
| ५ | भदौ | २१ | १८ | ६५० | ४०० |
| ६ | असोज | २० | १६ | ४०० | २०० |
| ७ | कार्तिक | १८ | १४ | २०० | १०० |
| ८ | मंसिर | १४ | १० | ८० | ३० |
| ९ | पुष | १० | ६ | ३० | १० |
| १० | माघ | ८ | ४ | २० | १० |
| ११ | फागुन | १० | ६ | २० | १० |
| १२ | चैत | १३ | ९ | ३० | २० |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय।*

तालिका १.४ अनुसार बाँफिकोट गाउँपालिकामा सबैभन्दा बढी तापक्रम साउन र भदौ महिनामा अधिकतम २१ डिग्री सेल्सियस तथा न्यूनतम १८ डिग्री सेल्सियस रहेको देखिन्छ। त्यसैगरी सबैभन्दा कम तापक्रम माघ महिनामा अधिकतम ८ डिग्री सेल्सियस तथा न्यूनतम ४ डिग्री सेल्सियस रहेको छ। वर्षाको दृष्टिले साउन र भदौ महिना सबैभन्दा बढी वर्षा हुने अवधि रहेका छन्, जहाँ अधिकतम वर्षा क्रमशः ७०० मि.मि. र ६५० मि.मि. रहेको छ। यसको विपरीत माघ र फागुन महिनामा वर्षाको मात्रा न्यून रहेको देखिन्छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा मनसुनी वर्षा प्रणालीको प्रभाव स्पष्ट रूपमा देखिन्छ भने उचाइगत विविधताका कारण वर्षभरि समशीतोष्ण तथा चिसो प्रकारको जलवायु कायम रहेको पाइन्छ। यस्तो जलवायु अवस्था कृषि उत्पादन, वनस्पतिक विविधता, जलस्रोत संरक्षण तथा स्थानीय जनजीवनका लागि अनुकूल रहने मानिन्छ।

## १.५ गाउँपालिकामा रहेका धार्मिक ऐतिहासिक तथा पर्यटकिय स्थल सम्बन्धी विवरण

बाँफिकोट गाउँपालिका धार्मिक, प्राकृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्भावना बोकेको स्थानीय तह हो। यहाँको प्रमुख नदी सानीभेरी नदी हो, जुन उत्तरगंगा भनेर चिनिने कर्णाली नदीको सहायक नदीका रूपमा परिचित छ। स्यार्पूताल कर्णाली प्रदेशकै महत्वपूर्ण पर्यटकीय स्थलमध्ये एक मानिन्छ भने बुढुमस्ट मन्दिर, कालिका मन्दिर, विभिन्न मस्ट थान/मन्दिर तथा पुटेसल्लीजस्ता स्थलहरूले गाउँपालिकाको धार्मिक तथा सांस्कृतिक पहिचानलाई सुदृढ बनाएका छन्। बाँफिकोट, स्यार्पूताल र छिनखेत व्यापारिक दृष्टिले महत्वपूर्ण स्थानका रूपमा रहेका छन्। हालसम्म उल्लेखनीय रूपमा उत्खनन् गरिएका खानीहरू नरहेको भए पनि आग्ने तथा पत्रे चट्टान, रातो फुस्रो, बलौटे र पत्थरीलो माटोको उपस्थितिले यस क्षेत्रको भौगोलिक विविधता झल्काउँछ।

**तालिका १.५ : गाँउपालिकामा रहेका प्रमूख स्थलहरूको विवरण**

| क्र.स. | स्थलको नाम | वडा नं. | पँहुच साधन | महत्त्व | अनुमानित वार्षिक पर्यटक सङ्ख्या (जना) |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | स्यार्पु दह | ३ र ५ | सडक | पर्यटकीय | - |
| २ | कुनाखेत | २ | सडक | धार्मिक | २००० |
| ३ | टाकुरा माइको मन्दिर | २ | पैदल | धार्मिक | २० |
| ४ | शिव मन्दिर | ४ | सडक | धार्मिक | - |
| ५ | खड्का भाई कुलदेवता मन्दिर | ४ | सडक | धार्मिक | - |
| ६ | बर्मा थान | ५ | पैदल | धार्मिक | - |
| ७ | बडागाउँ | ५ | पैदल | धार्मिक+ऐतिहासिक | - |
| ८ | दारेमष्ट | ५ | पैदल | धार्मिक | - |
| ९ | बुराल मष्ट | ५ | सडक | धार्मिक | १५०० |
| १० | काँडा गाउँ | ५ | पैदल | धार्मिक+ऐतिहासिक | ५० |
| ११ | जिप्सिङ | ६ | पैदल | धार्मिक+ऐतिहासिक | - |
| १२ | मग्मा | ६ | पैदल | धार्मिक | १५०० |
| १३ | कालाभौरा | ७ | पैदल | धार्मिक | - |
| १४ | साइँकुमारी मन्दिर | ७ | सडक | धार्मिक | - |
| १५ | क्षेत्रपाल मष्ठ मन्दिर | ७ | पैदल | धार्मिक | - |
| १६ | पुराना गाउँ | ९ | पैदल | धार्मिक+ऐतिहासिक | - |
| १७ | पिपल | ९ | मिश्रित | धार्मिक | - |
| १८ | भेदाखेत | ९ | सडक | धार्मिक+ऐतिहासिक | - |
| १९ | झुला | ९ | मिश्रित | धार्मिक+ऐतिहासिक | - |
| २० | मोराबाङ | ९ | पैदल | धार्मिक+ऐतिहासिक | - |
| २१ | पिपल | ९ | मिश्रित | धार्मिक+ऐतिहासिक | - |

*स्रोत : बाँफिकोट गाउँपालिका वस्तुगत विवरण २०७८, बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय ।*

# खण्ड २: जनसाङ्ख्यिक अवस्था

## २.१ जनसङ्ख्या, घरपरिवार सङ्ख्या, जनघनत्त्व तथा वृद्धिदर

नेपालको वर्तमान राजनीतिक-प्रशासनिक संरचना अनुरूप स्थानीय तह पुनर्संरचना भएपश्चात् राष्ट्रिय जनगणनाका तथ्याङ्कहरू वि.सं. २०६८ सालदेखि मात्र स्थानीय तहस्तरमा तुलनात्मक रूपमा प्रयोगयोग्य भएका छन् । सोही आधारमा राष्ट्रिय जनगणना २०६८ र २०७८ का नतिजा प्रयोग गरी बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या र घरपरिवारमा समयक्रमसँगै आएको परिवर्तन विश्लेषण गरिएको छ । यस उपखण्डमा कुल जनसङ्ख्या, कुल घरपरिवार सङ्ख्या, औसत परिवार आकार तथा २०६८-२०७८ बीचको परिवर्तन/वृद्धिको अवस्था संक्षेपमा प्रस्तुत गरी प्रमुख जनसांख्यिक विवरणहरूको तुलनात्मक स्थिति तलको तालिकामा देखाइएको छ।

**तालिका २.१ : बाँफिकोट गाउँपालिकाको आधारभूत जनसाङ्ख्यिक विवरण**


| क्र.स. | विवरण | | जनगणना वर्ष | | परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | २०६८ | २०७८ | सङ्ख्या/दर | प्रतिशत |
| १. | कुल परिवार सङ्ख्या | | ३,७४७ | ४,६०७ | ८६० | २३.० |
| २. | कुल जनसङ्ख्या | जम्मा | १८,६९६ | २१,०३३ | २,३३७ | १२.५ |
| | | पुरुष | ८,७१३ | १०,१७४ | १,४६१ | १६.८ |
| | | महिला | ९,९८३ | १०,८५९ | ८७६ | ८.८ |
| ३. | परिवारको औषत आकार | | ५.० | ४.६ | -०.४ | -८.० |
| ४. | जनघनत्त्व (जनसङ्ख्या प्रति वर्ग कि.मि.) | | ९८.२ | ११०.५ | १२.३ | १२.५ |
| ५. | परिवर घनत्व (परिवार प्रति वर्ग कि.मि.) | | १९.७ | २४.२ | ४.५ | २२.८ |
| ६. | जनसङ्ख्या बृद्धिदर (प्रतिशत) | | ०.३ | १.१८ | ०.९ | - |
| ७. | जनसङ्ख्या दोब्बर हुन लाग्ने अनुमानित अवधी (वर्ष) | | २३२ | ५८.८ | -१७३.२ | -७४.७ |
| ८. | अनुपस्थित जनसङ्ख्या (विदेश गएकारूको जनसङ्ख्या) | जम्मा | १,३१२ | १,३५१ | ३९ | ३.० |
| | | पुरुष | १,१२९ | १,१३३ | ४ | ०.४ |
| | | महिला | १८३ | २१८ | ३५ | १९.१ |
| ९. | अनुपस्थित (कम्तिमा एक सदस्य विदेश रहेका) परिवार सङ्ख्या | | ९१७ | ९४७ | ३० | ३.३ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का.।*

वि.सं. २०६८ देखि २०७८ सम्मको अवधिमा बाँफिकोट गाउँपालिकाको जनसांख्यिक संरचनामा उल्लेखनीय परिवर्तन देखिएको छ। तालिका ३.१ अनुसार गाउँपालिकाको कुल घरपरिवार सङ्ख्या वि.सं. २०६८ मा ३,७४७ बाट वि.सं. २०७८ मा ४,६०७ पुगेको छ। यसले एक दशको अवधिमा २३.० प्रतिशतले परिवार सङ्ख्यामा वृद्धि भएको देखिन्छ। यसै अवधिमा कुल जनसङ्ख्या १८,६९६ बाट २१,०३३ पुगेको छ। यो १२.५ प्रतिशत वृद्धि हो। यस अवधिमा वार्षिक जनसङ्ख्या वृद्धिदर ०.३० प्रतिशतबाट बढेर १.१८ प्रतिशत पुगेको छ। यसले जनसङ्ख्या वृद्धिमा तुलनात्मक रूपमा तीव्रता आएको संकेत गर्दछ। सोही वृद्धिदरका आधारमा जनसङ्ख्या दोब्बर हुन लाग्ने अनुमानित अवधि २३२ वर्षबाट घटेर ५८.८ वर्षमा पुगेको भएको छ। घरपरिवार वृद्धि दर जनसङ्ख्या वृद्धिभन्दा बढी भएकाले औसत परिवार आकार ५.० बाट ४.६ मा घटेको देखिन्छ। यसले परिवार संरचना क्रमशः साना हुँदै गएको संकेत गर्दछ।


लिङ्ग अनुसार हेर्दा पुरुष जनसङ्ख्या १६.८ प्रतिशतले र महिला जनसङ्ख्या ८.८ प्रतिशतले वृद्धि भएको छ। जनघनत्व ९८.२ बाट ११०.५ र घरपरिवार घनत्व १९.७ बाट २४.२ पुगेको देखिन्छ। यसले क्षेत्रफल स्थिर रहेको अवस्थामा बसोबासको सघनता बढेको संकेत गर्दछ। साथै, विदेश गएका अनुपस्थित जनसङ्ख्या १,३१२ बाट १,३५१ पुगेको छ। कम्तीमा एक सदस्य विदेश रहेका घरपरिवार सङ्ख्या ९१७ बाट ९४७ पुगेको छ। यी प्रमुख सूचकहरूको परिवर्तनलाई तलका प्रस्तुत चित्रहरूमा पनि देखाइएको छ।

चित्र ६: गाउँपालिकाको जनसङ्ख्या र परिवार सङ्ख्याको अवस्था




*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का.।*

चित्र ७ : गाउँपालिकाको प्रमूख जनसांख्यिक सूचकहरू




*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का.।*

## २.२ लैङ्गिक संरचना तथा लैङ्गिक अनुपात

जनसाङ्ख्यिक अध्ययनको महत्त्वपूर्ण पक्षमध्ये एक लिङ्/लैङ्गिक संरचना तथा लैङ्गिक अनुपात हो । यसले गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगारी तथा लक्षित कार्यक्रमको योजना र प्राथमिकता निर्धारणमा आधार प्रदान गर्दछ । सोही सन्दर्भमा वि.सं. २०६८ र

२०७८ का जनगणना तथ्याङ्कका आधारमा बाँफिकोट गाउँपालिकाको पुरुष-महिला जनसङ्ख्या र लैङ्गिक अनुपातको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।


तालिका २.२ : बाँफिकोट गाँउपालिकाको जनसङ्ख्याको लैङ्गिक संरचना

| क्र.स. | विवरण | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| १. | पुरूष | ८,७१३ | १०,१७४ | १,४६१ | १६.८ |
| २. | महिला | ९,९८३ | १०,८५९ | ८७६ | ८.८ |
| ३. | लैङ्गिक अनुपात (प्रतिसय महिलामा पुरूषको सङ्ख्या) | ८७.३ | ९३.७ | ६.४ | - |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का.।*

वि.सं. २०६८ र २०७८ का जनगणना तथ्याङ्कअनुसार बाँफिकोट गाउँपालिकाको लिङ्ग संरचनामा परिवर्तन देखिएको छ। वि.सं. २०६८ मा ८,७१३ रहेको पुरुष जनसङ्ख्या वि.सं. २०७८ मा १०,१७४ पुगेको छ, जसले १,४६१ (१६.८ प्रतिशत) वृद्धि जनाउँछ। त्यस्तै, वि.सं. २०६८ मा ९,९८३ रहेको महिला जनसङ्ख्या वि.सं. २०७८ मा १०,८५९ पुगेको छ, जसले ८७६ (८.८ प्रतिशत) वृद्धि देखाउँछ। पुरुष जनसङ्ख्याको वृद्धि दर महिलाको तुलनामा बढी भएकाले लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) ८७.३ बाट ९३.७ पुगेको छ र लैङ्क अनुपात अर्थात प्रतिसय महिलामा पुरूषको सङ्ख्या सन्तुलनतर्फ उन्मुख भएको देखिन्छ।

चित्र ८: बाँफिकोट गाँउपालिकाको जनसङ्ख्याको लैङ्गिक संरचना




*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का.।*

## २.३ जनसङ्ख्याको उमेर संरचना तथा आश्रित अनुपात

जनसाङ्ख्यिक अध्ययनमा उमेर संरचना तथा आश्रितता अनुपातले श्रमशक्तिको वितरण, सेवाको आवश्यकता तथा विकास योजनाको प्राथमिकता निर्धारणमा महत्वपूर्ण आधार प्रदान गर्दछ। बाँफिकोट गाउँपालिकाको जनसङ्ख्याको उमेरगत संरचना विश्लेषण गर्न वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाबाट प्राप्त तथ्याङ्कका आधारमा उमेर समूह अनुसार जनसङ्ख्या वितरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २.३ : पाँच वर्षे उमेर समूह अनुसार बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या, २०७८


| उमेर समूह (वर्ष) | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ००-०४ | २,३२९ | ११.१ | १,२५६ | १२.३ | १,०७३ | ९.९ |
| ०५-०९ | २,३७४ | ११.३ | १,१७७ | ११.६ | १,१९७ | ११.० |
| १०-१४ | २,५२७ | १२.० | १,२५२ | १२.३ | १,२७५ | ११.७ |
| १५-१९ | २,४७७ | ११.८ | १,१९१ | ११.७ | १,२८६ | ११.८ |
| २०-२४ | २,२२७ | १०.६ | १,००९ | ९.९ | १,२१८ | ११.२ |

| उमेर समूह (वर्ष) | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २५-२९ | १,६५२ | ७.९ | ७९१ | ७.८ | ८६१ | ७.९ |
| ३०-३४ | १,३२४ | ६.३ | ६०५ | ५.९ | ७१९ | ६.६ |
| ३५-३९ | १,०६९ | ५.१ | ५०२ | ४.९ | ५६७ | ५.२ |
| ४०-४४ | ९७० | ४.६ | ४२० | ४.१ | ५५० | ५.१ |
| ४५-४९ | ८५७ | ४.१ | ४०८ | ४.० | ४४९ | ४.१ |
| ५०-५४ | ८७१ | ४.१ | ४१४ | ४.१ | ४५७ | ४.२ |
| ५५-५९ | ७०७ | ३.४ | ३४३ | ३.४ | ३६४ | ३.४ |
| ६०-६४ | ६१० | २.९ | २९२ | २.९ | ३१८ | २.९ |
| ६५-६९ | ४२३ | २.० | २०९ | २.१ | २१४ | २.० |
| ७०-७४ | ३५६ | १.७ | १७४ | १.७ | १८२ | १.७ |
| ७५-७९ | १६० | ०.८ | ८० | ०.८ | ८० | ०.७ |
| ८०-८४ | ७० | ०.३ | ३४ | ०.३ | ३६ | ०.३ |
| ८५-८९ | २२ | ०.१ | १२ | ०.१ | १० | ०.१ |
| ९०-९४ | ६ | ०.० | ४ | ०.० | २ | ०.० |
| ९५+ | २ | ०.० | १ | ०.० | १ | ०.० |
| **कुल जम्मा** | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

गाउँपालिकाको उमेर समूहगत जनसङ्ख्याबको जनसङ्ख्या पिरामिड चित्र नं. ४ मा प्रस्तुत गरिएको छ ।

चित्र ९: बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या पिरामिड, २०७८




*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

विभिन्न उमेर समूह अनुसारको जनसङ्ख्या विवरणले गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा तथा लक्षित कार्यक्रमहरूको आवश्यकता पहिचान गरी योजना र बजेटको प्राथमिकता निर्धारण गर्न आधार प्रदान गर्दछ। यसले कामकाजी उमेर समूहको जनसङ्ख्याको आकार तथा आश्रित जनसङ्ख्याको भार कति छ भन्ने स्पष्ट गरी सेवा विस्तार र दीर्घकालीन नीति निर्माणमा सहयोग पुऱ्याउँछ। बाँफिकोट गाउँपालिकाको बृहत तथा विशेष उमेर समूहको जनसङ्ख्या र जनसङ्ख्याको आश्रित अनुपात सम्बन्धी वि.सं. २०६८ र २०७८ का जनगणना अनुसारको तुलनात्मक विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ।


**तालिका २.४ : बृहत तथा विशेष उमेर समूहको जनसङ्ख्या र जनसङ्ख्याको आश्रित अनुपात सम्बन्धी विवरण**

| क्र.स. | विवरण | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | १०५८ | सङ्ख्या | प्रतिशत |
| १. | १ वर्ष भन्दा कम उमेरका वालवालिकाको जनसङ्ख्या | ४११ | ४३३ | २२ | ५.४ |
| २. | ५ वर्ष भन्दा कम उमेरका वालवालिकाको जनसङ्ख्या | २,३६३ | २,३२९ | -३४ | -१.४ |
| ३. | ००-१४ वर्ष उमेरका वालवालिकाको जनसङ्ख्या | ८,०५५ | ७,२३० | -८२५ | -१०.२ |
| ४. | ००-१८ वर्ष उमेरका जनसङ्ख्या | ९,९२२ | ९,३०५ | -६१७ | -६.२ |
| ५. | १६ वर्ष र सो भन्दा माथिको उमेरका जनसङ्ख्या | १०,१३८ | १३,२६० | ३१२२ | ३०.८ |
| ६. | १६-२४ वर्ष उमेरका जनसङ्ख्या | ३,२३६ | ४,१६१ | ९२५ | २८.६ |
| ७. | १६- ४० वर्ष उमेरका जनसङ्ख्या | ६,६२५ | ८,५१५ | १८९० | २८.५ |
| ८. | १५-४९ वर्ष उमेरका महिला जनसङ्ख्या | ४,७७१ | ५,६५० | ८७९ | १८.४ |
| ९. | १५-५९ वर्ष (कामकाजी उमेरका समूहका जनसङ्ख्या) | ९,५१२ | १२,१५४ | २६४२ | २७.८ |
| १०. | ६० वर्ष र सो भन्दा माथिका (बृद्ध जनसङ्ख्या) | १,१२९ | १,६४९ | ५२० | ४६.१ |
| ११. | वाल आश्रित अनुपात | ८४.७ | ५९.५ | - | -२५.२ |
| १२. | बृद्ध आश्रित अनुपात | ११.९ | १३.६ | - | १.७ |
| १३. | कुल आश्रित अनुपात | ९६.६ | ७३.१ | - | -२३.५ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का.।*

तालिका नं. २.४ अनुसार वि.सं. २०६८ र २०७८ बीच बाँफिकोट गाउँपालिकाको उमेरगत संरचनामा उल्लेखनीय परिवर्तन देखिन्छ। १ वर्षभन्दा कम उमेरका बालबालिकाको सङ्ख्या ४११ बाट ४३३ पुगेको भए पनि ५ वर्षभन्दा कम उमेरका बालबालिका २,३६३ बाट २,३२९ मा घटेको छ। ०-१४ वर्ष उमेर समूहको जनसङ्ख्या ८,०५५ बाट ७,२३० मा झरेको छ, जसले ८२५ (१०.२ प्रतिशत) घटेको जनाउँछ, र ०-१८ वर्ष उमेर समूह पनि ९,९२२ बाट ९,३०५ मा घटेको छ (६.२ प्रतिशत)। यसले बाल तथा किशोर उमेर समूहको हिस्सा घट्दै गएको संकेत गर्दछ ।


चित्र १० : विशेष उमेर समूहका वालवालिकाको जनसङ्ख्या विवरण




*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का. ।*

दुईवटा जनगणाको एक दशको अवधिमा १६ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या १०,१३८ बाट १३,२६० पुगेको छ, अर्थात् ३,१२२ (३०.८ प्रतिशत) ले वृद्धि भएको छ । यसले गाउँपालिकामा कामकाजी रूपमा सक्रिय उमेर समूहको जनसङ्ख्याको आधार सुदृढ हुँदै गएको संकेत गर्दछ। युवा तथा कामकाजी उमेर समूहमा पनि उत्साहजनक वृद्धि देखिन्छ। १६-२४ वर्ष उमेर समूह ३,२३६ बाट ४,१६१ पुगेको छ (२८.६ प्रतिशत) र १६-४० वर्ष उमेर समूह ६,६२५ बाट ८,५१५ पुगेको छ (२८.५ प्रतिशत) । त्यस्तै, १५-४९ वर्ष उमेरका महिलाको जनसङ्ख्या ४,७७१ बाट ५,६५० पुगेको छ (१८.४ प्रतिशत), जसले प्रजनन तथा आर्थिक-सामाजिक सहभागिताको सम्भावना थप मजबुत भएको जनाउँछ । विशेषगरी १५-५९ वर्ष (कामकाजी उमेर) समूह ९,५१२ बाट १२,१५४ पुगेको छ, जसले २,६४२ (२७.८ प्रतिशत) वृद्धि देखाउँछ र गाउँपालिकाको श्रमशक्ति आधार थप विस्तार भई विकास गतिविधिमा योगदान गर्ने क्षमतामा बृद्धि भएको संकेत गर्दछ ।

चित्र ११ : विशेष उमेर समूहका युवा जनसङ्ख्याको अवस्था




*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का.।*

आश्रित अनुपात (Dependency Ratio) ले कामकाजी उमेर समूहको जनसङ्ख्याले बाल तथा वृद्ध उमेर समूहका जनसङ्ख्यालाई कति हदसम्म धानेको छ भन्ने अवस्था देखाउँछ। बाल आश्रित अनुपातले प्रति सय १५-५९ वर्ष (कामकाजी उमेर) को जनसङ्ख्यामा ०-१४ वर्ष उमेर समूहको जनसङ्ख्या कति छ भन्ने जनाउँछ भने वृद्ध आश्रित अनुपातले प्रति सय १५-५९ वर्षको जनसङ्ख्यामा ६० वर्ष र सोभन्दा माथिको जनसङ्ख्या कति छ भन्ने देखाउँछ। यी दुवैलाई जोडेर कुल आश्रित अनुपात निकालिन्छ, जसले प्रति सय कामकाजी उमेरको जनसङ्ख्यामा पर्ने समग्र आश्रित भारको स्तर स्पष्ट गर्दछ।

बाँफिकोट गाउँपालिकाको वृद्ध उमेर समुहका जनसङ्ख्यामा उल्लेखनीय वृद्धि देखिन्छ। ६० वर्ष र सोभन्दा माथिका जनसङ्ख्या १,१२९ बाट १,६४९ पुगेको छ, जसले ५२० (४६.१ प्रतिशत) वृद्धि जनाउँछ । यसले आगामी दिनमा स्वास्थ्य सेवा, दीर्घकालीन हेरचाह तथा सामाजिक सुरक्षामा थप आवश्यकता बढ्न सक्ने संकेत गर्दछ। आश्रित अनुपातका दृष्टिले बाल आश्रित अनुपात ८४.७ बाट ५९.५ मा घटेको छ र कुल आश्रित अनुपात ९६.६ बाट ७३.१ मा घटेको छ, जसले कामकाजी जनसङ्ख्यामा पर्ने समग्र आश्रित भार घट्दै गएको देखाउँछ तर वृद्ध आश्रित अनुपात ११.९ बाट १३.६ पुगेकाले वृद्ध आश्रितको भार क्रमशः बढ्दै गएको संकेत गर्दछ।

चित्र १२ : आश्रित अनुपात सम्बन्धी विवरण




*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का.।*

## २.४ वैवाहिक अवस्था

वैवाहिक अवस्था सम्बन्धी तथ्याङ्कले गाउँपालिकाको सामाजिक संरचना, परिवार निर्माणको ढाँचा र जनसांख्यिक गतिशीलता बुझ्न महत्वपूर्ण आधार प्रदान गर्दछ। यसले प्रजनन व्यवहार, बसाइँसराइ, सामाजिक सुरक्षा तथा लक्षित कार्यक्रमहरूको आवश्यकता पहिचान गर्न समेत सहयोग पुऱ्याउँछ। सोही सन्दर्भमा वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाबाट प्राप्त तथ्याङ्कका आधारमा बाँफिकोट गाउँपालिकाको वैवाहिक अवस्थाको वितरण यस उपखण्डमा प्रस्तुत गरिएको छ।

तालिका २.५ : १० वर्ष र सो भन्दा माथिको जनसङ्ख्याकव वैवाहिक अवस्था

| क्र. स. | विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | १० वर्ष र सो भन्दा माथिको जनसङ्ख्या | १६,३३० | १००.० | ७,७४१ | १००.० | ८,५८९ | १००.० |
| २. | अविवाहित | ५,४२६ | ३३.२ | २,८५८ | ३६.९ | २,५६८ | २९.९ |

| क्र. स. | विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३. | विवाहित | १०,१७८ | ६२.३ | ४,६८९ | ६०.६ | ५,४८९ | ६३.९ |
| ४. | एकल (विधुर/विधवा) | ६४४ | ३.९ | १६४ | २.१ | ४८० | ५.६ |
| ५. | पारपाचुके | २३ | ०.१ | ९ | ०.१ | १४ | ०.२ |
| ६. | छुट्टिएको | ५९ | ०.४ | २१ | ०.३ | ३८ | ०.४ |


*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

जनगणनामा वैवाहिक अवस्था सम्बन्धी विवरण १० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्यालाई मात्र सोधिन्छ। तालिका नं. २.५ अनुसार बाँफिकोट गाउँपालिकामा १० वर्ष र सोभन्दा माथिको कुल जनसङ्ख्या १६,३३० रहेको छ, जसमा पुरुष ७,७४१ र महिला ८,५८९ रहेका छन्। वैवाहिक अवस्थाका आधारमा हेर्दा विवाहितको हिस्सा सबैभन्दा बढी १०,१७८ (६२.३ प्रतिशत) छ। यसमध्ये पुरुष ४,६८९ (६०.६ प्रतिशत) र महिला ५,४८९ (६३.९ प्रतिशत) रहेको देखिन्छ, जसले महिलामा विवाहितको अनुपात तुलनात्मक रूपमा बढी रहेको संकेत गर्दछ।

अविवाहित जनसङ्ख्या ५,४२६ (३३.२ प्रतिशत) छ, जसमा पुरुष २,८५८ (३६.९ प्रतिशत) र महिला २,५६८ (२९.९ प्रतिशत) रहेका छन्। यसले पुरुषमा अविवाहितको अनुपात महिलाको तुलनामा बढी रहेको देखाउँछ। एकल (विधुर/विधवा) जनसङ्ख्या ६४४ (३.९ प्रतिशत) रहेकोमा महिलामा ४८० (५.६ प्रतिशत) र पुरुषमा १६४ (२.१ प्रतिशत) मात्र रहेको छ, जसले विधवा महिला सङ्ख्या/अनुपात बढी रहेको अवस्था देखाउँछ।

पारपाचुकेको सङ्ख्या निकै न्यून २३ जना (०.१ प्रतिशत) रहेको छ, जसमा पुरुष ९ (०.१ प्रतिशत) र महिला १४ (०.२ प्रतिशत) छन्। छुट्टिएको (separated) जनसङ्ख्या ५९ (०.४ प्रतिशत) रहेकोमा पुरुष २१ (०.३ प्रतिशत) र महिला ३८ (०.४ प्रतिशत) रहेका छन्। समग्रमा गाउँपालिकामा १० वर्षमाथिको जनसङ्ख्यामा विवाहित अवस्था प्रमुख देखिन्छ भने अविवाहितको हिस्सा करिब एक-तिहाइ रहेको छ र एकल (विशेष गरी विधवा) महिलाको अनुपात उल्लेखनीय रूपमा बढी देखिन्छ।

**चित्र १३ : १० वर्ष र सो भन्दा माथिको जनसङ्ख्याको वैवाहिक अवस्था**




*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका २.६ : उमेर समूह अनुसार वैवाहिक अवस्था

| उमेर समूह (वर्ष) | वैवाहिक अवस्था | | | | | |
|---|---|---|---|---|---|---|
| | १० वर्ष र सो भन्दा माथिको जनसङ्ख्या | अविवाहित | विवाहित | एकल (विधुर/विधवा) | पारपाचुके | छुट्टिएको |
| **पुरुष** | | | | | | |
| **जम्मा** | **७,७४१** | **२,८५८** | **४,६८९** | **१६४** | **९** | **२१** |
| १०-१४ | १,२५२ | १,२५२ | - | - | - | - |
| १५-१९ | १,१९१ | १,०७४ | ११६ | - | १ | - |
| २०-२४ | १,००९ | ४०० | ५९९ | ३ | २ | ५ |
| २५-२९ | ७९१ | ८५ | ६९६ | ३ | ४ | ३ |
| ३०-३४ | ६०५ | १५ | ५८३ | १ | - | ६ |
| ३५-३९ | ५०२ | ७ | ४८९ | २ | १ | ३ |
| ४०-४४ | ४२० | १ | ४१६ | ३ | - | - |
| ४५-४९ | ४०८ | ३ | ३९७ | ७ | १ | - |
| ५०-५४ | ४१४ | ३ | ४०२ | ७ | - | २ |
| ५५-५९ | ३४३ | ७ | ३२२ | १४ | - | - |
| ६०-६४ | २९२ | २ | २७३ | १७ | - | - |
| ६५-६९ | २०९ | ७ | १७९ | २३ | - | - |
| ७०-७४ | १७४ | २ | १३६ | ३६ | - | - |
| ७५+ | १३१ | - | ८१ | ४८ | - | २ |
| **महिला** | | | | | | |
| **जम्मा** | **८,५८९** | **२,५६८** | **५,४८९** | **४८०** | **१४** | **३८** |
| १०-१४ | १,२७५ | १,२७१ | ४ | - | - | - |
| १५-१९ | १,२८६ | ९४२ | ३४० | २ | १ | १ |
| २०-२४ | १,२१८ | २४४ | ९६३ | ३ | २ | ६ |
| २५-२९ | ८६१ | ६७ | ७८१ | ५ | २ | ६ |
| ३०-३४ | ७१९ | २२ | ६८३ | ८ | ३ | ३ |
| ३५-३९ | ५६७ | ७ | ५४० | १३ | ३ | ४ |
| ४०-४४ | ५५० | ३ | ५२१ | १८ | २ | ६ |
| ४५-४९ | ४४९ | १ | ४१७ | ३० | - | १ |
| ५०-५४ | ४५७ | ४ | ३९७ | ५२ | - | ४ |
| ५५-५९ | ३६४ | २ | ३११ | ४८ | - | ३ |
| ६०-६४ | ३१८ | २ | २२८ | ८६ | - | २ |
| ६५-६९ | २१४ | - | १४५ | ६८ | - | १ |
| ७०-७४ | १८२ | १ | १०८ | ७१ | १ | १ |
| ७५+ | १२९ | २ | ५१ | ७६ | - | - |


*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिका २.६ ले बाँफिकोट गाउँपालिकामा १० वर्षभन्दा माथिको जनसङ्ख्यामा उमेर समूह अनुसार वैवाहिक अवस्थाको ढाँचा देखाएको छ। पुरुषतर्फ १०-१४ वर्ष समूहका सबै १,२५२ जना अविवाहित छन् भने १५-१९ वर्ष समूहमा १,०७४ जना अविवाहित र ११६ जना विवाहित देखिन्छन्। २०-२४ वर्षदेखि विवाहको हिस्सा तीव्र रूपमा बढेको छ, जहाँ १,००९ मध्ये ५९९ जना विवाहित छन्। २५-२९ वर्ष (६९६/७९१) र ३०-३४ वर्ष (५८३/६०५) मा विवाहितको अनुपात अत्यन्त उच्च देखिन्छ, जसले पुरुषमा २० वर्षपछि विवाह व्यापक हुँदै जाने प्रवृत्ति देखाउँछ। ६० वर्षपछि एकल (विधुर) को सङ्ख्या बढ्दै गएको देखिन्छ, विशेषगरी ७०-७४ वर्षमा ३६ र ७५+

मा ४८ एकल छन्, जसले उच्च उमेरमा जीवनसाथी गुमाउने अवस्था बढ्ने संकेत गर्दछ। पारपाचुके र छुट्टिएको अवस्था सबै उमेर समूहमा न्यून छ।

महिलातर्फ १०-१४ वर्ष समूहमा पनि ४ जना विवाहित देखिएकाले किशोरावस्थामै विवाह भएको संकेत मिल्छ। १५-१९ वर्ष समूहमा १,२८६ मध्ये ३४० जना विवाहित छन् र २०-२४ वर्ष समूहमा १,२१८ मध्ये ९६३ जना विवाहित छन्, जसले महिलामा विवाहको प्रवेश उमेर पुरुषको तुलनामा छिटो रहेको देखाउँछ। २५-२९ वर्ष (७८१/८६१) र ३०-३४ वर्ष (६८३/७१९) मा विवाहितको अवस्था अझै बढी सुदृढ देखिन्छ। साथै, महिलामा एकल (विधवा) सङ्ख्या उमेरसँगै उल्लेखनीय रूपमा बढ्दै गएको छ, विशेषगरी ६०-६४ वर्षमा ८६, ७०-७४ वर्षमा ७१ र ७५+ मा ७६ एकल महिलाहरू रहेका छन्, जसले उच्च उमेरमा विधवाको भार बढी हुने अवस्था देखाउँछ। समग्रमा, तालिकाले महिलामा विवाह अपेक्षाकृत कम उमेरमै हुने र वृद्ध उमेरमा एकल महिलाको सङ्ख्या/भार बढ्ने प्रवृत्ति, तथा पुरुषमा विवाह २० वर्षपछि व्यापक हुने र उच्च उमेरमा विधुरता बढ्ने प्रवृत्ति देखाउँछ।

चित्र १४ : विवाहित जनसङ्ख्याको उमेर समूहगत संरचना




*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

पहिलो पटक विवाह गर्दाको उमेर (Age at First Marriage) सम्बन्धी तथ्याङ्कले गाउँपालिकाको वैवाहिक व्यवहार, किशोरावस्थाको विवाहको अवस्था, प्रजनन स्वास्थ्य, शिक्षा निरन्तरता, तथा महिला-पुरुषको सामाजिक-आर्थिक अवसर बुझ्न महत्वपूर्ण आधार प्रदान गर्दछ। यस सूचकको आधारमा बालविवाह न्यूनीकरण, किशोरी लक्षित कार्यक्रम, प्रजनन स्वास्थ्य सेवा, र सामाजिक सचेतना कार्यक्रमको प्राथमिकता निर्धारण गर्न समेत सहयोग पुग्दछ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार बाँफिकोट गाउँपालिकाका विवाहित जनसङ्ख्याले पहिलो पटक विवाह गर्दाको उमेर तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २.७ : विवाहित जनसङ्ख्याले पहिलो पटक विवाह गर्दाको उमेर

| पहिलो विवाव गर्दाको उमेर | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० वर्ष भन्दा कम | १ | ०.०१ | ० | ०.० | १ | ०.०२ |
| १० - १४ वर्ष | ६३२ | ५.८ | १०७ | २.२ | ५२५ | ८.७ |
| १५ - १७ वर्ष | ३,३४३ | ३०.७ | ९३३ | १९.१ | २,४१० | ४०.० |
| १८ - २० वर्ष | ४,१५६ | ३८.१ | २,००६ | ४१.१ | २,१५० | ३५.७ |
| २१ - २४ वर्ष | १,९१५ | १७.६ | १,२१६ | २४.९ | ६९९ | ११.६ |
| २५ - २९ वर्ष | ६७३ | ६.२ | ४८३ | ९.९ | १९० | ३.२ |
| ३० - ३४ वर्ष | ११० | १.० | ८८ | १.८ | २२ | ०.४ |
| ३५ - ३९ वर्ष | ३१ | ०.३ | २५ | ०.५ | ६ | ०.१ |
| ४० - ४४ वर्ष | ९ | ०.१ | ७ | ०.१ | २ | ०.० |
| ४५ - ४९ वर्ष | २ | ०.० | २ | ०.० | ० | ०.० |
| ५० वर्ष वा सोभन्दा माथि | ० | ०.० | ० | ०.० | ० | ०.० |
| उल्लेख नगरिएको | ३२ | ०.३ | १६ | ०.३ | १६ | ०.३ |
| **जम्मा** | **१०,९०४** | **१००** | **४,८८३** | **१००** | **६,०२१** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका ३.७ अनुसार बाँफिकोट गाउँपालिकामा विवाहित जनसङ्ख्याले पहिलो पटक विवाह गर्ने उमेर मुख्यतः १५-२४ वर्ष भित्र केन्द्रित रहेको देखिन्छ। कुल विवाहितमध्ये १८-२० वर्ष उमेर समूहमा पहिलो विवाह गर्ने सङ्ख्या सबैभन्दा बढी ४,१५६ (३८.१ प्रतिशत) छ भने १५-१७ वर्षमा ३,३४३ (३०.७ प्रतिशत) र २१-२४ वर्षमा १,९१५ (१७.६ प्रतिशत) रहेको छ। यसले कुल रूपमा करिब ८६ प्रतिशतभन्दा बढी विवाह १५-२४ वर्षकै दायरामा हुने संकेत गर्दछ।

लिङ्गगत रूपमा हेर्दा महिलामा पहिलो विवाह गर्ने उमेर तुलनात्मक रूपमा चाँडो देखिन्छ। १५-१७ वर्षमा विवाह गर्ने महिला २,४१० (४०.० प्रतिशत) र १०-१४ वर्षमा ५२५ (८.७ प्रतिशत) छन्, जसले महिलामा १८ वर्षभन्दा कम उमेरमै विवाह हुने हिस्सा उल्लेखनीय रहेको देखाउँछ। यसको विपरीत पुरुषमा पहिलो विवाह १८-२० वर्षमा २,००६ (४१.१ प्रतिशत) र २१-२४ वर्षमा १,२१६ (२४.९ प्रतिशत) रहेको छ, जसले पुरुषमा विवाहको उमेर महिलाको तुलनामा अलि ढिलो हुने प्रवृत्ति देखाएको छ।

समग्रमा, १०-१४ र १५-१७ वर्ष समूहमा पहिलो विवाहको हिस्सा (विशेष गरी महिलामा) देखिनु बालविवाह/किशोर विवाहको जोखिम सँग सम्बन्धित महत्वपूर्ण संकेत हो, जसले किशोरी शिक्षा निरन्तरता, प्रजनन स्वास्थ्य सेवा र सामाजिक सचेतनाका कार्यक्रमलाई थप प्राथमिकता दिनुपर्ने आवश्यकता औंल्याउँछ। साथै, २५ वर्षभन्दा माथि पहिलो विवाह गर्ने हिस्सा दुवै लिङ्गमा तुलनात्मक रूपमा न्यून (कुल ६.२ प्रतिशत २५-२९ र त्यसपछि झनै कम) रहेकाले गाउँपालिकामा पहिलो विवाह प्रायः युवावस्थामै सम्पन्न हुने गरेको निष्कर्ष निकाल्न सकिन्छ। गाउँपालिकाका जनसङ्ख्याले कतिको ढिलो वा छिटो विवाह गर्छन भन्ने अध्ययन गर्नको लागि विवाहित जनसङ्ख्को पहिलो पटक विवाव गर्दा को औषत उमेर (Median Age at Marriage) तलको तालिकामा देखाईएको छ।


तालिका २.८ : विवाह गर्ने औषत उमेर

| लिङ्ग | जनगणना वर्ष | | परिवर्तन |
|---|---|---|---|
| | २०६८ | २०७८ | |
| पुरूष | २० वर्ष | १९.६ वर्ष | -०.४ वर्ष |
| महिला | १७ वर्ष | १७.६ वर्ष | ०.६ वर्ष |
| दुबै | १८ वर्ष | १८.६ वर्ष | ०.६ वर्ष |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिकाअनुसार वि.सं. २०६८ देखि २०७८ सम्मको १० वर्षको अवधिमा पहिलो विवाह गर्ने औषत उमेरमा खासै ठूलो परिवर्तन देखिँदैन । पुरुषहरूले विवाह गर्ने उमेर २० वर्षबाट १९.६ वर्ष भएको छ, अर्थात् करिब ०.४ वर्ष (झण्डै ५ महिना) ले घटेको छ। महिलातर्फ उमेर १७ वर्षबाट १७.६ वर्ष भएको छ, अर्थात् करिब ०.६ वर्ष (झण्डै ७ महिना) ले बढेको छ। दुवै लिङ्ग समेट्दा विवाह गर्ने औषत उमेर १८ वर्षबाट १८.६ वर्ष पुगेको छ, अर्थात् करिब ०.६ वर्ष (झण्डै ७ महिना) ले मात्र बढेको छ।

चित्र १५ : विवाह गर्ने औषत उमेर (Median Age at Marriage)




*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८, रा. त. का.।*

## २.५ बसाइँसराइ तथा जनसङ्ख्या गतिशीलता

बसाइँसराइ तथा जनसङ्ख्या गतिशीलता सम्बन्धी तथ्याङ्कले गाउँपालिकामा जनसङ्ख्या वृद्धि, श्रमशक्ति उपलब्धता, सेवा माग र सामाजिक-आर्थिक परिवर्तनको दिशा बुझ्न महत्वपूर्ण आधार प्रदान गर्दछ। बसाइँसराइले विशेष गरी शिक्षा, रोजगारी, वैदेशिक रोजगार, रेमिट्यान्स, तथा परिवार संरचनामा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसको विश्लेषण विकास योजना र लक्षित कार्यक्रमको प्राथमिकता निर्धारणमा उपयोगी हुन्छ। सोही सन्दर्भमा यस उपखण्डमा उपलब्ध तथ्याङ्कका आधारमा बाँफिकोट गाउँपालिकाको बसाइँसराइको अवस्था र जनसङ्ख्या गतिशीलताको प्रमुख पक्षहरू प्रस्तुत गरिएको छ।

तालिका २.९: जन्म स्थानको आधारमा जनसङ्ख्या विवरण


| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **कुल जनसङ्ख्या** | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |
| नेपाल भित्र जन्मेका | २०,८७७ | ९९.३ | १०,०६२ | ९८.९ | १०,८१५ | ९९.६ |
| रूकुम पश्चिम जिल्लामा जन्मिएका | २०,४३२ | ९७.१ | ९,९९४ | ९८.२ | १०,४३८ | ९६.१ |
| *बाँफिकोट गा.पा. मै जन्मिएका* | १९,७६२ | ९४.० | ९,९१२ | ९७.४ | ९,८५० | ९०.७ |
| *बाँफिकोट बाहेक अर्को स्थानीय तहमा जन्मिएका* | ६७० | ३.२ | ८२ | ०.८ | ५८८ | ५.४ |
| रूकुम पश्चिम बाहेक अर्को जिल्लामा जन्मिएका | ४४५ | २.१ | ६८ | ०.७ | ३७७ | ३.५ |
| **विदेशमा जन्मेका** | **१५४** | **०.७** | **११०** | **१.१** | **४४** | **०.४** |

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **जन्म स्थान नखुलेको** | **२** | **०.०१** | **२** | **०.०२** | **०** | **०.०** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

यस तालिकामा बाँफिकोट गाउँपालिकामा जनगणनाको समयमा अक्सर बसोबास गर्ने जनसङ्ख्याको जन्मस्थान (birthplace) को संरचना देखाएको छ। गाउँपालिकाको कुल जनसङ्ख्या २१,०३३ मध्ये नेपालमै जन्मेका २०,८७७ (९९.३ प्रतिशत) रहेका छन्। नेपालमै जन्मेकामध्ये पनि रुकुम पश्चिम जिल्लामा जन्मेका २०,४३२ (९७.१ प्रतिशत) छन्। अझ नजिकबाट हेर्दा बाँफिकोट गाउँपालिकामै जन्मेका १९,७६२ (९४.० प्रतिशत) रहेका छन्। यसले गाउँपालिकाको जनसङ्ख्या ठूलो रूपमा स्थानीय जन्मस्थानमा केन्द्रित रहेको संकेत गर्दछ।

चित्र १६ : जन्मस्थान अनुसार जनसङ्ख्या विवरण




रुकुम पश्चिम जिल्लामै तर बाँफिकोट बाहिर (अन्य स्थानीय तह) जन्मेका जनसङ्ख्या ६७० (३.२ प्रतिशत) छन्। यसमा महिला ५८८ (५.८ प्रतिशत) र पुरुष ८२ (०.८ प्रतिशत) भएकाले बाहिर जन्मिएका समूहमा महिलाको हिस्सा बढी देखिन्छ। त्यसैगरी नेपालमै तर रुकुम पश्चिम बाहेक अन्य जिल्लामा जन्मेका ४४५ (२.१ प्रतिशत) छन्, जसमा पुरुष ६८ (०.९ प्रतिशत) र महिला ३७७ (३.४ प्रतिशत) छन्। विदेशमा जन्मेका १५४ छन्, जसमा पुरुष ११० (१.१ प्रतिशत) र महिला ४४ (०.४ प्रतिशत) रहेका छन्। जन्मस्थान नखुलेको सङ्ख्या २ मात्रै छ।

समग्र निष्कर्षमा, बाँफिकोटको जनसङ्ख्या मुख्यतः नेपालभित्र, विशेषगरी रुकुम पश्चिम र बाँफिकोटमै जन्मिएको छ। बाहिर जन्मिएको जनसङ्ख्या तुलनात्मक रूपमा सानो छ, तर केही वर्गमा महिलाको हिस्सा बढी देखिनु उल्लेखनीय पक्ष हो।

तालिका २.१० : स्वदेशमै जन्मिएका जनसङ्ख्याको जन्म भएको प्रदेश अनुसार विवरण

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| स्वदेशमै जन्मिएका कुल जनसङ्ख्या | **२०,८७७** | **१००** | **१०,०६२** | **१००** | **१०,८१५** | **१००** |
| जन्म प्रदेश | | | | | | |
| कोशी | १२ | ०.१ | ५ | ०.० | ७ | ० |
| मधेश | २ | ०.० | २ | ०.० | ० | ० |
| बाग्मती | ९ | ०.० | २ | ०.० | ७ | ० |
| गण्डकी | ८ | ०.० | ० | ०.० | ८ | ० |
| लुम्बीनी | ३४९ | १.७ | ३६ | ०.४ | ३१३ | ३ |
| कर्णाली | २०,४९१ | ९८.२ | १०,०१४ | ९९.५ | १०,४७७ | ९७ |
| सुदुरपश्चिम | ६ | ०.०३ | ३ | ०.०३ | ३ | ० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

जन्म भएको प्रदेशको आधारमा हेर्दा स्वदेशमै जन्मिएकामध्ये कर्णाली प्रदेशमा जन्मिएका जनसङ्ख्या २०,४९१ (९८.२ प्रतिशत) रहेका छन्। यसमा पुरुष १०,०१४ (९९.५ प्रतिशत) र महिला १०,४७७ (९७ प्रतिशत) भएकाले पुरुषतर्फ कर्णालीमै जन्मिएको हिस्सा अझ बढी देखिन्छ।

कर्णाली बाहेक प्रदेशमा जन्मिएका स्वदेश जनसङ्ख्या निकै कम छन् । लुम्बिनी प्रदेशमा जन्म भई यस गाउँपालिका बसोबास गर्ने जनसङ्ख्या ३४९ (१.७ प्रतिशत) रहेका छन्, जसमा पुरुष ३६ (०.४ प्रतिशत) र महिला ३१३ (३ प्रतिशत) छन् । यसले कर्णाली बाहिर जन्मिएका समूहमा महिलाको हिस्सा तुलनात्मक रूपमा बढी रहेको संकेत गर्दछ । अन्य प्रदेशहरूमा जन्मिएका जनसङ्ख्या अत्यन्त न्यून छन्, जस्तै कोशी १२, मधेश २, बाग्मती ९, गण्डकी ८, र सुदूरपश्चिम ६ मात्र छन् ।

समग्रमा, बाँफिकोट गाउँपालिकाको स्वदेशमै जन्म भएका जनसङ्ख्या मुख्यतः कर्णाली प्रदेशमै जन्मिएको देखिन्छ, जबकि अन्य प्रदेशमा जन्मिएका जनसङ्ख्या नगण्य छन् । लुम्बिनीमा जन्म भई हाल यस गाउँपालिमा बसोबास गरिरहेका जनसङ्ख्याको हिस्सा भने अन्य बाँकि ५ प्रदेशहरूको तुलनामा केही बढी देखिएको छ ।

**तालिका २.११ : बाँफिकोट गाउँपालिकामा बसाईसरी आउनु अगाडि बसोबास रहेको स्थानको आधारमा जनसङ्ख्या विवरण**

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **कुल जनसङ्ख्या** | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |
| बाँफिकोट गाउँपालिका | १७,४४२ | ८२.९ | ८,१२८ | ७९.९ | ९,३१४ | ८५.८ |
| बाँफिकोट बाहेक अन्य स्थानीय तह | ८१५ | ३.९ | १२६ | १.२ | ६८९ | ६.३ |
| रूकुम पश्चिम बाहेक अर्को जिल्लामा | २,३०२ | १०.९ | १,८१२ | १७.८ | ४९० | ४.५ |
| विदेश | १,९७६ | ९.४ | १,६१४ | १५.९ | ३६२ | ३.३ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका २.११ ले बाँफिकोट गाउँपालिकामा हाल बसोबास गर्ने जनसङ्ख्या बसाइँसराई हुनु अगाडि कहाँ बसोबास थियो भन्ने विवरण देखाएको छ । कुल जनसङ्ख्या २१,०३३ मध्ये बाँफिकोट गाउँपालिकामै पहिलेबाट बसोबास गर्ने जनसङ्ख्या १७,४४२ (८२.९ प्रतिशत) रहेको छ । यसले गाउँपालिकाको जनसङ्ख्या ठूलो रूपमा स्थानीय/स्थायी बसोबास मै आधारित रहेको संकेत गर्दछ । लिङ्गगत रूपमा हेर्दा यो हिस्सा महिलामा ८५.८ प्रतिशत र पुरुषमा ७९.९ प्रतिशत रहेकोले महिलामा स्थानीय बसोबासको हिस्सा तुलनात्मक रूपमा बढी देखिन्छ ।

बसाइँसरी आएका जनसङ्ख्याको यस अघिको बसोबास हेर्दा बाँफिकोट बाहेक अन्य स्थानीय तहबाट आएका जनसङ्ख्या ८१५ (३.९ प्रतिशत) छन्, जसमा महिलाको हिस्सा ६८९ (६.३ प्रतिशत) र पुरुष १२६ (१.२ प्रतिशत) छन् । त्यसैगरी रुकुम पश्चिम बाहेक अन्य जिल्लाबाट आएका जनसङ्ख्या २,३०२ (१०.९ प्रतिशत) रहेको छ, जसमा पुरुष १,८१२ (१७.८ प्रतिशत) र महिला ४९० (४.५ प्रतिशत) छन् । यसले जिल्लाबाहिरबाट आउने बसाइँसराइमा पुरुषको हिस्सा बढी रहेको देखाउँछ ।

विदेशबाट आएका (अर्थात् विदेशमा बसोबास गरेर फर्किएको/आएको) जनसङ्ख्या १,९७६ (९.४ प्रतिशत) रहेको छ, जसमा पुरुष १,६१४ (१५.९ प्रतिशत) र महिला ३६२ (३.३ प्रतिशत) छन् । समग्रमा, बाँफिकोटमा जनसङ्ख्या मुख्यतः स्थानीय बसोबासमै केन्द्रित भए पनि जिल्लाबाहिर र विदेशबाट आउने बसाइँसराइमा पुरुषको हिस्सा उल्लेखनीय देखिन्छ, र सम्बन्धित स्थानीयत तह भित्र र अन्य स्थानीय तहबाट यस स्थानीय तहमा बसाइसरी आउनेमा महिलाको हिस्सा बढी देखिनु महत्वपूर्ण पक्ष हो ।

**तालिका २.१२ : बाँफिकोट गाउँपालिकामा बसाइसरी आएको भौगोलिक क्षेत्र अनुसार जनसङ्ख्या विवरण**

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| हिमाली क्षेत्रबाट बसाइसरी आएका | ३७ | २.३ | २२ | ५.१ | १५ | १.३ |
| पहाडी क्षेत्रबाट बसाइसरी आएका | १,३२७ | ८२.२ | २८५ | ६६.० | १,०४२ | ८८.१ |
| तराई क्षेत्रबाट बाहेक अन्य स्थानीय तह | २५१ | १५.५ | १२५ | २८.९ | १२६ | १०.७ |
| **जम्मा** | **१,६१५** | **१००** | **४३२** | **१००** | **१,१८३** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

यस तालिकामा बाँफिकोट गाउँपालिकामा बसाइँसराइ गरेर आएका (in-migrants) १,६१५ जनाको भौगोलिक क्षेत्र अनुसार वितरण देखाईएको छ। कुल बसाइँसराइ गरेर आएका जनसङ्ख्यामध्ये पहाडी क्षेत्रबाट आएका १,३२७ (८२.२ प्रतिशत) सबैभन्दा धेरै छन्। यसमा पुरुष २८५ (६६.० प्रतिशत) र महिला १,०४२ (८८.१ प्रतिशत) रहेका छन्, जसले पहाडी क्षेत्रबाट आउने बसाइँसराइमा महिलाको हिस्सा अत्यधिक रहेको देखिन्छ।

तराई क्षेत्रबाट बसाइसरी आएका जनसङ्ख्या २५१ (१५.५ प्रतिशत) छन्, जसमा पुरुष १२५ (२८.९ प्रतिशत) र महिला १२६ (१०.७ प्रतिशत) छन्। यसले तराई क्षेत्रबाट आउने बसाइँसराइमा पुरुषको हिस्सा तुलनात्मक रूपमा बढी देखाउँछ। हिमाली क्षेत्रबाट आएका जनसङ्ख्या भने ३७ (२.३ प्रतिशत) मात्र छन्, जसमा पुरुष २२ (५.१ प्रतिशत) र महिला १५ (१.३ प्रतिशत) रहेका छन्। समग्रमा, बाँफिकोट गाउँपालिकामा बसाइँसराइ गरेर आउने जनसङ्ख्या मुख्यतः पहाडी क्षेत्रबाट केन्द्रित रहेको छ, तर लिङ्गगत रूपमा हेर्दा महिलामा पहाडी क्षेत्रबाट आउने बसाइँसराइ बढी र पुरुषमा तराई/हिमाली क्षेत्रबाट आउने हिस्सा तुलनात्मक रूपमा उच्च देखिन्छ।

**तालिका २.१३ : बसाइसरी आएका जनसङ्ख्या यस स्थानीय तहमा बसोबास गरिरहेको अवधि अनुसारको विवरण**

| बाँफिकोट गा.पा. बसोबास गरिरहेको अवधी | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ वर्ष भन्दा कम | ८८ | ५.४ | ४७ | १०.९ | ४१ | ३.५ |
| १-४ वर्ष | ६४९ | ४०.२ | २८३ | ६५.५ | ३६६ | ३०.९ |
| ५-९ वर्ष | २६० | १६.१ | ४४ | १०.२ | २१६ | १८.३ |
| १०-१४ वर्ष | ३६० | २२.३ | ३९ | ९.० | ३२१ | २७.१ |
| २५-४९ वर्ष | १९४ | १२.० | ९ | २.१ | १८५ | १५.६ |
| ५० वर्ष भन्दा बढि | २५ | १.५ | २ | ०.५ | २३ | १.९ |
| उल्लेख नभएको | ३९ | २.४ | ८ | १.९ | ३१ | २.६ |
| जम्मा | **१,६१५** | **१००** | **४३२** | **१००** | **१,१८३** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

बाँफिकोट गाउँपालिकामा बसाइँसराइ गरेर आएका १,६१५ जनाले गाउँपालिकामा कति समयदेखि बसोबास गरिरहेका छन् भन्ने अवधि अनुसार वितरण माथिको तालिका नं. २.१३ बाट देख्न सकिन्छ। कुल बसाइँसरी आएका मध्ये १-४ वर्षदेखि बसोबास गर्ने जनसङ्ख्या ६४९ (४०.२ प्रतिशत) ले सबैभन्दा ठूलो हिस्सा ओगटेको छ, जसले पछिल्ला केही वर्षमा बसाइँसराइको प्रवाह तुलनात्मक रूपमा बढी भएको देखिन्छ। यसपछि १०-१४ वर्षदेखि बसोबास गर्ने ३६० (२२.३ प्रतिशत) र ५-९ वर्षदेखि बसोबास गर्ने २६० (१६.१ प्रतिशत) छन्। २५-४९ वर्षदेखि बसोबास गर्ने १९४ (१२.० प्रतिशत) र १ वर्षभन्दा कम समयदेखि बसोबास गर्ने ८८ (५.४ प्रतिशत) रहेका छन्, जबकि ५० वर्षभन्दा बढी समयदेखि बसोबास गर्ने २५ (१.५ प्रतिशत) मात्र छन्।

लिङ्गगत रूपमा हेर्दा पुरुष बसाइँसराइ जनसङ्ख्यामध्ये १-४ वर्ष समूहको हिस्सा अत्यन्त उच्च २८३ (६५.५ प्रतिशत) छ र १ वर्षभन्दा कम अवधि पनि ४७ (१०.९ प्रतिशत) रहेकोले पुरुषमा हालसालै आएको बसाइँसराइ बढी देखिन्छ। महिलातर्फ भने १-४ वर्ष ३६६ (३०.९ प्रतिशत), १०-१४ वर्ष ३२१ (२७.१ प्रतिशत) र ५-९ वर्ष २१६ (१८.३ प्रतिशत) जस्ता अवधि समूहमा हिस्सा ठूलो रहेकोले महिलामा मध्यम अवधिदेखि बसोबास गर्ने प्रवृत्ति तुलनात्मक रूपमा बढी देखिन्छ। समग्रमा, बाँफिकोट गाउँपालिकामा बसाइँसराइ गरेर आएका जनसङ्ख्यामध्ये ठूलो भाग पछिल्ला १-१४ वर्ष भित्र आएका छन् र पुरुषमा “नयाँ बसाइँसराइ” को हिस्सा बढी देखिनु जनसाङ्ख्यिक रूपमा महत्वपूर्ण पक्ष हो।

तालिका २.१४ : अर्को जिल्ला वा अर्को स्थानीय तहबाट यस स्थानमा बसाइसरी आउनुको कारण

| **बसाइसरी आउनुको कारण** | **जम्मा** | | **पुरुष** | | **महिला** | |
|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| काम/रोजगारी | ९९ | ६.१ | ८० | १८.५ | १९ | १.६ |
| व्यापार/व्यवसाय | २२ | १.४ | १३ | ३.० | ९ | ०.८ |
| अध्ययन/तालिम | ३९ | २.४ | २१ | ४.९ | १८ | १.५ |
| विवाह | ८८९ | ५५.० | १३ | ३.० | ८७६ | ७४.० |
| आश्रित | ८२ | ५.१ | ४२ | ९.७ | ४० | ३.४ |
| प्राकृतिक प्रकोप | २ | ०.१ | १ | ०.२ | १ | ०.१ |
| कृषि | ४ | ०.२ | ० | ०.० | ४ | ०.३ |
| घर फर्किएको | ४४१ | २७.३ | २४३ | ५६.३ | १९८ | १६.७ |
| अन्य | २६ | १.६ | १८ | ४.२ | ८ | ०.७ |
| उल्लेख नभएको | ११ | ०.७ | १ | ०.२ | १० | ०.८ |
| **जम्मा** | **१,६१५** | **१००** | **४३२** | **१००** | **१,१८३** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*


तालिका २.१४ ले बाँफिकोट गाउँपालिकामा नेपालकै अर्को जिल्ला वा अर्को स्थानीय तहबाट बसाइँसराइ गरेर आएका १,६१५ जनाको बसाइँसराइको मुख्य कारण देखाउँछ। समग्रमा सबैभन्दा ठूलो कारण विवाह नै देखिएको छ। विवाहका कारण बसाइँसराइ गर्ने जनसङ्ख्या ८८९ (५५.० प्रतिशत) रहेको छ, जसमा महिला ८७६ (७४.० प्रतिशत) र पुरुष १३ (३.० प्रतिशत) छन्। यसले बाँफिकोटमा महिलाको बसाइँसराइ मुख्यतः विवाहसँग सम्बन्धित रहेको स्पष्ट संकेत गर्दछ।

दोस्रो प्रमुख कारण घर फर्किएको (return migration) हो। घर फर्किने कारण बसाइँसराइ गर्ने जनसङ्ख्या ४४१ (२७.३ प्रतिशत) रहेको छ, जसमा पुरुष २४३ (५६.३ प्रतिशत) र महिला १९८ (१६.७ प्रतिशत) छन्। यसबाट पुरुषमा घर फर्किने प्रवृत्ति (फर्केर पूनः यहि बसोबास गर्न आउने) अत्यन्त उल्लेखनीय देखिन्छ।

काम/रोजगारीका कारण बसाइँसराइ गर्ने ९९ (६.१ प्रतिशत) छन्, जसमा पुरुष ८० (१८.५ प्रतिशत) र महिला १९ (१.६ प्रतिशत) छन् । यसले रोजगारीसम्बन्धी बसाइँसराइमा पुरुषको हिस्सा धेरै रहेको देखाउँछ। अध्ययन/तालिम (३९; २.४ प्रतिशत) र व्यापार/व्यवसाय (२२; १.४ प्रतिशत) का कारण बसाइँसराइ तुलनात्मक रूपमा कम भए पनि यी कारणहरूमा पनि पुरुषको हिस्सा महिलाभन्दा बढी देखिन्छ। आश्रितका कारण बसाइँसराइ ८२ (५.१ प्रतिशत) रहेको छ, जसमा पुरुष ४२ (९.७ प्रतिशत) र महिला ४० (३.४ प्रतिशत) छन्। अन्य कारण (२६; १.६ प्रतिशत), कृषि (४; ०.२ प्रतिशत), प्राकृतिक प्रकोप (२; ०.१ प्रतिशत) तथा बसाइसरी आउनुको कारण उल्लेख नभएको ११ जना (०.७ प्रतिशत) रहेको छ।

समग्रमा, बाँफिकोट गाउँपालिकामा देशभित्रैबाट बसाइँसराइ गरेर आएका महिलामध्ये धेरैजसो विवाहका कारण आएका छन्। पुरुषतर्फ भने घर फर्किने र काम/रोजगारीका लागि आउने कारण प्रमुख छन्। यसले बसाइँसराइका कारण र ढाँचामा लिङ्ग अनुसार स्पष्ट फरक रहेको र त्यसमा पारिवारिक, सामाजिक तथा आर्थिक कारणहरूको भूमिका रहेको देखाउँछ।

चित्र १७ : बसाई सरी आउनुका कारण




*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका २.१५ : विदेशबाट बाँफिकोट गाउँपालिकामा आएकाहरूको बसोबास भएको देश

| देश | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| भारत | १,६२६ | ८२.३ | १,२७२ | ७८.८ | ३५४ | ९७.८ |
| सार्क मुलुक (भारतबाहेक) | २ | ०.१ | १ | ०.१ | १ | ०.३ |
| आसियान (ASEAN) मुलुक | २०० | १०.१ | १९७ | १२.२ | ३ | ०.८ |
| मध्यपूर्वका मुलुक (Middle East country) | १३८ | ७.० | १३५ | ८.४ | ३ | ०.८ |
| अन्य एसियाली मुलुक (Other Asian country) | ६ | ०.३ | ५ | ०.३ | १ | ०.३ |
| युरोपेली संघका मुलुक (European Union country) | २ | ०.१ | २ | ०.१ | ० | ०.० |
| उत्तर अमेरिकी मुलुक (अमेरिका र क्यानाडा) | २ | ०.१ | २ | ०.१ | ० | ०.० |
| **जम्मा** | **१,९७६** | **१००** | **१,६१४** | **१००** | **३६२** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

विदेशबाट बाँफिकोट गाउँपालिकामा आएका कुल जनसङ्ख्या १,९७६ रहेको छ, जसमा पुरुष १,६१४ र महिला ३६२ छन् । देश/क्षेत्रगत रूपमा हेर्दा भारतबाट आएका जनसङ्ख्या १,६२६ (८२.३ प्रतिशत) ले सबैभन्दा ठूलो हिस्सा ओगटेको छ । भारतबाट आएका मध्ये पुरुष १,२७२ (७८.८ प्रतिशत) र महिला ३५४ (९७.८ प्रतिशत) रहेका छन्, जसले महिला आगमनको झण्डै सम्पूर्ण हिस्सा भारतमै केन्द्रित रहेको देखाउँछ ।

भारत बाहेकका क्षेत्र/देशबाट आएका जनसङ्ख्या तुलनात्मक रूपमा कम छन् । सार्क मुलुक (भारतबाहेक) बाट २ (०.१ प्रतिशत) आएका छन्, जसमा पुरुष १ र महिला १ छन् । आसियान (ASEAN) मुलुक (जस्तै : मलेसिया, सिङ्गापुर, थाइल्याण्ड, इन्डोनेसिया र भियतनाम आदि )बाट २०० (१०.१ प्रतिशत) आएका छन्, जसमा पुरुष १९७ (१२.२ प्रतिशत) र महिला ३ (०.८ प्रतिशत) छन् । त्यस्तै मध्यपूर्वका मुलुक (साउदी अरब, कतार, संयुक्त अरब इमिरेट्स (UAE), कुवेत, बहराइन, ओमान आदि) बाट १३८ (७.० प्रतिशत) आएका छन्, जसमा पुरुष १३५ (८.४ प्रतिशत) र महिला ३ (०.८ प्रतिशत) छन् ।

अन्य एसियाली मुलुकबाट ६ (०.३ प्रतिशत) आएका छन् भने युरोपेली संघ र उत्तर अमेरिकी मुलुक (अमेरिका/क्यानाडा) बाट आएका जनसङ्ख्या दुवैमा २-२ (०.१-०.१ प्रतिशत) मात्र छन् र ती सबै पुरुष हुन्। समग्रमा, विदेशबाट बाँफिकोटमा आउने जनसङ्ख्या मुख्यतः भारत केन्द्रित देखिन्छ। पुरुषतर्फ भारतपछि आसियान र मध्यपूर्व जस्ता क्षेत्रहरू पनि उल्लेखनीय गन्तव्यका रूपमा देखिन्छन्, जबकि महिलातर्फ विदेश बसोबासको अनुभव प्रायः भारतमै सीमित रहेको देखिन्छ।

तालिका २.१६ : विदेशबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण

| विदेशबाट आउनुको कारण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| काम/रोजगारी | २४ | १.२ | २२ | १.४ | २ | ०.६ |
| व्यापार/व्यवसाय | २ | ०.१ | २ | ०.१ | ० | ०.० |
| अध्ययन/तालिम | ८ | ०.४ | ८ | ०.५ | ० | ०.० |
| विवाह | १८ | ०.९ | ६ | ०.४ | १२ | ३.३ |
| आश्रित | ३० | १.५ | १३ | ०.८ | १७ | ४.७ |
| प्राकृतिक प्रकोप | १ | ०.१ | १ | ०.१ | ० | ०.० |
| घर फर्किएको | १,८६९ | ९४.६ | १,५४१ | ९५.५ | ३२८ | ९०.६ |
| अन्य | १२ | ०.६ | १० | ०.६ | २ | ०.६ |
| उल्लेख नभएको | १२ | ०.६ | ११ | ०.७ | १ | ०.३ |
| **जम्मा** | **१,९७६** | **१००** | **१,६१४** | **१००** | **३६२** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

## २.६ अनुपस्थित (विदेशमा रहेका) जनसङ्ख्या सम्बन्धी विवरण

अनुपस्थित जनसङ्ख्या भन्नाले राष्ट्रिय जनगणनाको अवधिमा घरपरिवारका सदस्यका रूपमा सूचीकृत भए पनि रोजगारी, अध्ययन वा अन्य कारणले विदेशमा बसोबास गरिरहेका व्यक्तिहरूलाई जनाउँछ। यस्तो जनसङ्ख्याको विवरणले गाउँपालिकाको श्रमशक्ति उपलब्धता, घरपरिवार संरचना, सामाजिक-आर्थिक निर्भरता तथा रेमिट्यान्ससँग सम्बन्धित प्रवृत्ति बुझ्न महत्वपूर्ण आधार प्रदान गर्दछ। त्यसैले यस उपखण्डमा उपलब्ध जनगणना तथ्याङ्कका आधारमा बाँफिकोट गाउँपालिकामा विदेशमा रहेका अनुपस्थित जनसङ्ख्या तथा त्यस्ता सदस्य भएका घरपरिवारको अवस्था संक्षेपमा प्रस्तुत गरिएको छ।

तालिका २१७ : अनुपस्थित परिवार र जनसङ्ख्या सम्बन्धी विवरण

| क्षेत्र | कुल परिवार सङ्ख्या | कम्तीमा एक जना अनुपस्थित (विदेश) रहेका परिवार सङ्ख्या | | अनुपस्थित जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल | | पुरुष | | महिला | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कर्णाली प्रदेश | ३६६,०३७ | ६२,७२८ | १७.१ | ९४,३२० | ५.६ | ७७,२७८ | ९.४ | १७,०४२ | २.० |
| रूकुम पश्चिम | ३७,२९० | ७,२३१ | १९.४ | १०,१९३ | ६.१ | ८,५१८ | १०.५ | १,६७५ | २.० |
| बाँफिकोट | ४,६०७ | ९४७ | २०.६ | १,३५१ | ६.४ | १,१३३ | ११.१ | २१८ | २.० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

यस तालिकाले कर्णाली प्रदेश, रुकुम पश्चिम जिल्ला र बाँफिकोट गाउँपालिकामा कम्तीमा एक जना विदेशमा रहेका (अनुपस्थित) परिवार र अनुपस्थित जनसङ्ख्या को अवस्था तुलना गरेर देखाएको छ। कर्णाली प्रदेशमा कुल परिवार सङ्ख्या ३६६,०३७ मध्ये ६२,७२८ परिवारमा कम्तीमा एक जना विदेशमा रहेको देखिन्छ, जुन १७.१ प्रतिशत हो। कर्णालीमा अनुपस्थित जनसङ्ख्या ९४,३२० (कुल जनसङ्ख्यामा ५.६ प्रतिशत) रहेको छ, जसमा पुरुष ७७,२७८ (९.४ प्रतिशत) र महिला १७,०४२ (२.० प्रतिशत) छन्। यसले विदेशमा रहने अनुपस्थित जनसङ्ख्यामा पुरुषको हिस्सा वढि रहेको संकेत गरेको छ।

रुकुम पश्चिम जिल्लामा कुल परिवार ३७,२९० मध्ये ७,२३१ परिवारमा कम्तीमा एक जना सदस्य विदेशमा रहेका छन्, जुन जिल्लाको कुल परिवार सङ्ख्याको १९.४ प्रतिशत हो। अनुपस्थित जनसङ्ख्या १०,१९३ (जिल्लाको कुल जनसङ्ख्याको ६.१ प्रतिशत) रहेकोमा पुरुष ८,५१८ (जिल्लाको पुरूष जनसङ्ख्याको १०.५ प्रतिशत) र महिला १,६७५ (जिल्लाको महिला जनसङ्ख्याको २.० प्रतिशत) रहेका छन्।

बाँफिकोट गाउँपालिकामा कुल परिवार ४,६०७ मध्ये ९४७ परिवारमा कम्तीमा एक जना विदेशमा रहेका छन्, जुन २०.६ प्रतिशत हो। अनुपस्थित जनसङ्ख्या १,३५१ (६.४ प्रतिशत) रहेको छ, जसमा पुरुष १,१३३ (११.१ प्रतिशत) र महिला २१८ (२.० प्रतिशत) छन् ।

समग्रमा, कम्तीमा एक जना विदेशमा रहेका परिवारको हिस्सा (प्रतिशतमा हेर्दा )प्रदेश र जिल्ला भन्दा बाँफिकोट गाउँपालिकामा बढि देखिन्छ। अनुपस्थित जनसङ्ख्याको हिस्सा पनि बाँफिकोटमा (६.४%) कर्णाली (५.६%) भन्दा बढी र रुकुम पश्चिम (६.१%) भन्दा अलि बढी छ। प्रदेश, जिल्ला र यस गाउँपालिकामा अनुपस्थित जनसङ्ख्यामा पुरुषको अनुपात महिलाभन्दा धेरै देखिन्छ, जसले वैदेशिक रोजगारी/बसाइँसराइमा पुरुषको सहभागिता उच्च रहेको संकेत गर्दछ।

तालिका २.१८ : विदेश गएकाहरूको विदेश जाँदाको उमेर

| विदेश जाँदाको उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ००-०४ वर्ष | ५९ | ४.४ | ३२ | २.८ | २७ | १२.४ |
| ०५-०९ वर्ष | २८ | २.१ | १६ | १.४ | १२ | ५.५ |
| १०-१४ वर्ष | २९ | २.१ | २३ | २.० | ६ | २.८ |
| १५-१९ वर्ष | २१२ | १५.७ | १७९ | १५.८ | ३३ | १५.१ |
| २०-२४ वर्ष | ३६६ | २७.१ | ३१४ | २७.७ | ५२ | २३.९ |
| २५-२९ वर्ष | २३५ | १७.४ | २१३ | १८.८ | २२ | १०.१ |
| ३०-३४ वर्ष | १७७ | १३.१ | १५८ | १३.९ | १९ | ८.७ |
| ३५-३९ वर्ष | ९६ | ७.१ | ८१ | ७.१ | १५ | ६.९ |
| ४०-४४ वर्ष | ६१ | ४.५ | ५२ | ४.६ | ९ | ४.१ |
| ४५-४९ वर्ष | ४१ | ३.० | ३१ | २.७ | १० | ४.६ |
| ५०-५४ वर्ष | १२ | ०.९ | १० | ०.९ | २ | ०.९ |
| ५५-५९ वर्ष | १० | ०.७ | ९ | ०.८ | १ | ०.५ |
| ६०-६४ वर्ष | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ६५+ वर्ष | १ | ०.१ | १ | ०.१ | ० | ०.० |
| वर्ष उल्लेख भएको | २४ | १.८ | १४ | १.२ | १० | ४.६ |
| **जम्मा** | **१,३५१** | **१००** | **१,१३३** | **१००** | **२१८** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिका २.१८ ले बाँफिकोट गाउँपालिकाबाट विदेश गएका १,३५१ जनाले विदेश जाँदा कुन उमेरमा गए भन्ने वितरण देखाउँछ। कुल विदेश जानेमध्ये पुरुष १,१३३ र महिला २१८ छन्, जसले विदेश गमनमा पुरुषको सङ्ख्या धेरै रहेको देखाउँछ।

उमेर समूह अनुसार हेर्दा विदेश जाने प्रवृत्ति मुख्यतः युवा उमेर समूहमा केन्द्रित छ। कुलमध्ये २०-२४ वर्ष उमेर समूहमा विदेश जाने सङ्ख्या सबैभन्दा बढी ३६६ (२७.१%) छ। त्यसपछि २५-२९ वर्ष २३५ (१७.४%), १५-१९ वर्ष २१२ (१५.७%) र ३०-३४ वर्ष १७७ (१३.१%) रहेका छन्। यसले कुल रूपमा करिब तीन चौथाइभन्दा बढी विदेश गमन १५-३४ वर्षकै उमेरभित्र हुने संकेत गर्दछ, जसलाई कामकाजी उमेर समूहको बाहिरिने प्रवृत्तिका रूपमा बुझ्न सकिन्छ।

लिङ्गगत रूपमा हेर्दा पुरुषमा २०-२४ वर्ष ३१४ (२७.७%) र २५-२९ वर्ष २१३ (१८.८%) मुख्य उमेर समूह हुन्। महिलामा पनि २०-२४ वर्ष ५२ (२३.९%) सबैभन्दा बढी देखिए पनि महिलामा ०-०४ वर्ष (१२.४%) र ०५-०९ वर्ष (५.५%) जस्ता बाल उमेर समूहको हिस्सा तुलनात्मक रूपमा उल्लेखनीय देखिन्छ। यसले महिलातर्फ विदेश गमनमा परिवारसँगै जाने/संगै लैजाने जस्ता कारण पनि हुन सक्ने संकेत गर्दछ (यद्यपि कारण तालिकाले नदेखाउने भएकाले यो संकेत मात्र हो)।

उच्च उमेरतर्फ विदेश जाने सङ्ख्या धेरै कम छ। ४०-४४ वर्ष ६१ (४.५%), ४५-४९ वर्ष ४१ (३.०%) र ५० वर्ष माथिका उमेर समूहहरूमा १ प्रतिशतभन्दा कम हिस्सा देखिन्छ।

समग्रमा, बाँफिकोट गाउँपालिकाबाट विदेश जाने प्रवृत्ति प्रमुख रूपमा १५-३४ वर्षको युवा तथा कामकाजी उमेर समूहमा केन्द्रित रहेको छ, जसले स्थानीय श्रमशक्ति, उत्पादनशील जनसङ्ख्या र सामाजिक-आर्थिक संरचनामा प्रभाव पार्न सक्ने देखिन्छ।

तालिका २.१९ : विदेश गएका जनसङ्ख्याको देश अनुसारको विवरण

| विदेश गएको देश | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| भारत | ७७९ | ५७.७ | ५७९ | ५१.१ | २०० | ९१.७ |
| आसियान (ASEAN) मुलुक | १५७ | ११.६ | १५५ | १३.७ | २ | ०.९ |
| मध्यपूर्वका मुलुक (Middle East country) | २३८ | १७.६ | २३१ | २०.४ | ७ | ३.२ |
| अन्य एसियाली मुलुक (Other Asian country) | ३६ | २.७ | ३१ | २.७ | ५ | २.३ |
| युरोपेली संघका मुलुक (European Union country) | ९ | ०.७ | ८ | ०.७ | १ | ०.५ |
| अन्य युरोपेली मुलुक | ३ | ०.२ | ३ | ०.३ | ० | ०.० |
| उत्तर अमेरिकी मुलुक | ११८ | ८.७ | ११६ | १०.२ | २ | ०.९ |
| दक्षिण अमेरिकी मुलुक | २ | ०.१ | २ | ०.२ | ० | ०.० |
| प्रशान्त क्षेत्र | १ | ०.१ | १ | ०.१ | ० | ०.० |
| अन्य | २ | ०.१ | १ | ०.१ | १ | ०.५ |
| उल्लेख नभएको | ६ | ०.४ | ६ | ०.५ | ० | ०.० |
| **जम्मा** | **१,३५१** | **१००** | **१,१३३** | **१००** | **२१८** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिका २.१९ अनुसार बाँफिकोट गाउँपालिकाबाट विदेश गएका कुल १,३५१ जनामध्ये सबैभन्दा ठूलो हिस्सा भारत गएको देखिन्छ। भारत जाने सङ्ख्या ७७९ (५७.७%) रहेको छ। लिङ्गगत रूपमा हेर्दा महिलामा भारत जाने हिस्सा अत्यन्त उच्च २०० (९१.७%) छ भने पुरुषमा ५७९ (५१.१%) भारत गएको देखिन्छ। यसले महिलाको वैदेशिक बसाइँसराइ मुख्यतः भारतमै केन्द्रित रहेको संकेत गर्दछ। भारतपछि मध्यपूर्वका मुलुक २३८ (१७.६%) र आसियान (ASEAN) मुलुक १५७ (११.६%) प्रमुख गन्तव्यका रूपमा देखिन्छन्, र यी गन्तव्यहरूमा जाने प्रवृत्ति पुरुषमा बढी छ। उत्तर अमेरिकी मुलुकतर्फ ११८ (८.७%) जनसङ्ख्या गएको छ, जसमा अधिकांश पुरुष ११६ (१०.२%) छन्। अन्य एसियाली मुलुक ३६ (२.७%), युरोपेली संघ ९ (०.७%) र अन्य युरोपेली ३ (०.२%) तर्फ जाने सङ्ख्या कम छ भने दक्षिण अमेरिकी, प्रशान्त क्षेत्र र अन्य गन्तव्यहरूमा जाने सङ्ख्या नगण्य छ। समग्रमा, बाँफिकोटबाट विदेश जाने गन्तव्य ढाँचामा महिलातर्फ भारतको प्रभुत्व देखिन्छ भने पुरुषतर्फ भारतसँगै मध्यपूर्व, आसियान र उत्तर अमेरिका जस्ता गन्तव्यहरू पनि उल्लेखनीय रहेका छन्।

तालिका २.२० : विदेश गएका जनसङ्ख्याको विदेश जानुको कारण

| विदेश गएको देश | कारण | | | | | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| रोजगारी (तलब/ज्याला) | ८६६ | ६४.१ | ७७४ | ६८.३ | ९२ | ४२.२ |
| व्यापार/व्यवसाय | २ | ०.१ | १ | ०.१ | १ | ०.५ |

| विदेश गएको देश | कारण | | | | | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| अध्ययन/तालिम | १६ | १.२ | ११ | १.० | ५ | २.३ |
| रोजगारी/कामको खोजी | २९१ | २१.५ | २३६ | २०.८ | ५५ | २५.२ |
| आश्रित | १२१ | ९.० | ७७ | ६.८ | ४४ | २०.२ |
| अन्य | ३३ | २.४ | १९ | १.७ | १४ | ६.४ |
| उल्लेख नगरिएको | २२ | १.६ | १५ | १.३ | ७ | ३.२ |
| **जम्मा** | **१,३५१** | **१००** | **१,१३३** | **१००** | **२१८** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

बाँफिकोट गाउँपालिकाबाट विदेश गएका १,३५१ जनामध्ये विदेश जानुको प्रमुख कारण रोजगारी (तलब/ज्याला) हो । रोजगारीका लागि विदेश जाने सङ्ख्या ८६६ (६४.१%) रहेको छ । यसमा पुरुष ७७४ (६८.३%) र महिला ९२ (४२.२%) छन्, जसले पुरुषमा वैदेशिक रोजगारी मुख्य कारणका रूपमा बढी देखिएको जनाउँछ । दोस्रो प्रमुख कारण रोजगारी/कामको खोजी हो, जसअन्तर्गत २९१ (२१.५%) विदेश गएको देखिन्छ (पुरुष २३६; २०.८% र महिला ५५; २५.२%) ।

अन्य कारणहरूमा आश्रित का रूपमा जाने १२१ (९.०%) रहेको छ, जसमा महिलाको हिस्सा ४४ (२०.२%) तुलनात्मक रूपमा उल्लेखनीय देखिन्छ, जबकि पुरुष ७७ (६.८%) छन् । अध्ययन/तालिमका लागि जाने १६ (१.२%) र व्यापार/व्यवसायका लागि जाने २ (०.१%) मात्र छन् । "अन्य" कारण ३३ (२.४%) र "उल्लेख नगरिएको" २२ (१.६%) रहेकोले केहीको कारण स्पष्ट नभएको देखिन्छ । समग्रमा, बाँफिकोटबाट विदेश जाने प्रवृत्ति मुख्यतः रोजगारीसँग सम्बन्धित छ भने महिलातर्फ आश्रित र कामको खोजी जस्ता कारणहरूको हिस्सा पुरुषको तुलनामा बढी देखिन्छ ।

तालिका २.२१ : विदेश गएको देश र कारण अनुसार जनसङ्ख्या विवरण

| देश/क्षेत्र | विदेश गएको कारण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | रोजगारी (तलब/ज्याला) | व्यापार/ व्यवसाय | अध्ययन/ तालिम | रोजगारीको खोजी | आश्रित | अन्य | उल्लेख नगरिएको | जम्मा |
| भारत | ४११ | १ | २ | २१८ | ९८ | ३२ | १७ | **७७९** |
| आसियान | १४२ | १ | ० | ८ | ५ | ० | १ | **१५७** |
| मध्यपूर्व | १९३ | ० | ० | ३३ | ११ | १ | ० | **२३८** |
| अन्य एसियाली | १९ | ० | १२ | ३ | २ | ० | ० | **३६** |
| युरोपेली मुलुक | ७ | ० | १ | १ | ० | ० | ० | **९** |
| अन्य युरोपेली | २ | ० | ० | १ | ० | ० | ० | **३** |
| उत्तर अमेरिकी | ८७ | ० | ० | २५ | ५ | ० | १ | **११८** |
| दक्षिण अमेरिकी | १ | ० | ० | ० | ० | ० | १ | **२** |
| प्रशान्त क्षेत्र | ० | ० | १ | ० | ० | ० | ० | **१** |
| अन्य | २ | ० | ० | ० | ० | ० | ० | **२** |
| उल्लेख नगरिएको | २ | ० | ० | २ | ० | ० | २ | **६** |
| **जम्मा** | **८६६** | **२** | **१६** | **२९१** | **१२१** | **३३** | **२२** | **१,३५१** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका २.२१ ले बाँफिकोट गाउँपालिकाबाट विदेश गएका १,३५१ जनाको गन्तव्य देश/क्षेत्र र विदेश जानुको कारणबीचको सम्बन्ध देखाएको छ । समग्र रूपमा सबैभन्दा प्रमुख कारण रोजगारी (तलब/ज्याला) हो, जसअन्तर्गत ८६६ जना विदेश गएको देखिन्छ । देश/क्षेत्रअनुसार हेर्दा रोजगारीका लागि सबैभन्दा बढी भारत (४११), त्यसपछि मध्यपूर्व (१९३), आसियान (१४२) र उत्तर अमेरिका

(८७) तर्फ गएको देखिन्छ। यसले वैदेशिक रोजगारीका गन्तव्यमा भारत प्रमुख रहे पनि मध्यपूर्व र आसियान पनि महत्वपूर्ण रोजगारमुखी गन्तव्यका रूपमा रहेको संकेत गर्दछ।

दोस्रो प्रमुख कारण रोजगारीको खोजी हो, जसअन्तर्गत २९१ जना विदेश गएको देखिन्छ। यसमा भारतको हिस्सा सबैभन्दा ठूलो २१८ छ, त्यसपछि उत्तर अमेरिका २५ र मध्यपूर्व ३३ देखिन्छ। आश्रित कारण १२१ रहेकोमा भारतमै ९८ जना रहेकोले परिवारसँग सम्बन्धित बसाइँसराइ भारततर्फ केन्द्रित देखिन्छ। अध्ययन/तालिमका लागि विदेश जाने सङ्ख्या १६ मात्र भए पनि त्यसमध्ये अन्य एसियाली मुलुक (१२) मा तुलनात्मक रूपमा बढी देखिन्छ। व्यापार/व्यवसायको कारण जाने सङ्ख्या २ मात्रै छ (भारत र आसियानमा १-१)। समग्रमा, भारतमा बसाइँसराइका कारणहरू विविध (रोजगारी, रोजगारीको खोजी, आश्रित) देखिन्छन् भने मध्यपूर्व र आसियान मुख्यतः रोजगारी केन्द्रित, र अन्य एसियाली मुलुकहरूमा अध्ययन/तालिम को हिस्सा तुलनात्मक रूपमा बढी देखिएको निष्कर्ष निकाल्न सकिन्छ।

तालिका २.२२ : विदेश गएका जनसङ्ख्याको विदेश जाँदाको उमेरगत जनसङ्ख्या विवरण

| विदेश जाँदाको उमेर | जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | पुरुष | | महिला | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४ वर्ष भन्दा कम | ११६ | ८.६ | ७१ | ६.३ | ४५ | २०.६ |
| १५-२४ वर्ष | ५७८ | ४२.८ | ४९३ | ४३.५ | ८५ | ३९.० |
| २५-३४ वर्ष | ४१२ | ३०.५ | ३७१ | ३२.७ | ४१ | १८.८ |
| ३५-४४ वर्ष | १५७ | ११.६ | १३३ | ११.७ | २४ | ११.० |
| ४५-५५ वर्ष | ५३ | ३.९ | ४१ | ३.६ | १२ | ५.५ |
| ५५-६४ वर्ष | १० | ०.७ | ९ | ०.८ | १ | ०.५ |
| ६५ वर्ष र सो भन्दा माथि | १ | ०.१ | १ | ०.१ | ० | ०.० |
| उमेर उल्लेख नभएको | २४ | १.८ | १४ | १.२ | १० | ४.६ |
| **जम्मा** | **१,३५१** | **१००** | **१,१३३** | **१००** | **२१८** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिका २.२२ अनुसार बाँफिकोट गाउँपालिकाबाट विदेश गएका १,३५१ जनामध्ये विदेश जाँदाको उमेर मुख्यतः युवा तथा कामकाजी उमेर समूहमा केन्द्रित देखिन्छ। कुलमध्ये १५-२४ वर्ष उमेर समूहमा विदेश जाने सङ्ख्या ५७८ (४२.८ प्रतिशत) रहेको छ, जुन सबैभन्दा ठूलो हिस्सा हो। यसपछि २५-३४ वर्ष उमेर समूह ४१२ (३०.५ प्रतिशत) र ३५-४४ वर्ष उमेर समूह १५७ (११.६ प्रतिशत) रहेका छन्। यी तथ्याङ्कले कुल रूपमा करिब ८५ प्रतिशतभन्दा बढी विदेश गमन १५-४४ वर्षको उमेरभित्र हुने देखाउँछ, जसले वैदेशिक रोजगारी/अवसर खोज्ने प्रवृत्ति मुख्यतः उत्पादनशील उमेर समूहसँग सम्बन्धित रहेको संकेत गर्दछ।

लिङ्गगत रूपमा हेर्दा पुरुषमा १५-२४ वर्ष ४९३ (४३.५ प्रतिशत) र २५-३४ वर्ष ३७१ (३२.७ प्रतिशत) गरी विदेश गमन मुख्यतः १५-३४ वर्षमै केन्द्रित देखिन्छ। महिलामा पनि १५-२४ वर्ष उमेर समूह ८५ (३९.० प्रतिशत) का साथ प्रमुख देखिए तापनि १४ वर्षभन्दा कम उमेर समूहमा ४५ (२०.६ प्रतिशत) पुगेको देखिन्छ, जसले महिलातर्फ परिवारसँगै/आश्रित रूपमा विदेश जाने अवस्था उल्लेखनीय हुन सक्ने संकेत गर्दछ। ४५-५५ वर्ष र ५५-६४ वर्ष उमेर समूहको हिस्सा दुवै लिङ्गमा न्यून छ, र ६५ वर्षभन्दा माथि विदेश जाने सङ्ख्या नगण्य छ। साथै, उमेर उल्लेख नभएको २४ (१.८ प्रतिशत) रहेकाले केही व्यक्तिको उमेर विवरण अस्पष्ट रहेको देखिन्छ।

तालिका २.२३ : विदेश गएका जनसङ्ख्याको विदेश जाँदाको शैक्षिक योग्यता (उत्तिर्ण गरेको शैक्षिक तह)

| विदेश जाँदाको शैक्षिक योग्यता | जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | पुरुष | | महिला | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्रारम्भिक (साधारण लेखपढ) | ३३ | २.४ | २३ | २.० | १० | ४.६ |
| प्राथमिक | २६९ | १९.९ | २१५ | १९.० | ५४ | २४.८ |
| निम्न माध्यमिक | २६० | १९.२ | २२४ | १९.८ | ३६ | १६.५ |
| माध्यमिक | २८८ | २१.३ | २५१ | २२.२ | ३७ | १७.० |
| एस.एल.सी./एस.ई.ई. | ९० | ६.७ | ८४ | ७.४ | ६ | २.८ |
| प्रमाणपत्र तह (Intermediate) | २१२ | १५.७ | १९९ | १७.६ | १३ | ६.० |
| स्नातक (Graduate) | २० | १.५ | २० | १.८ | ० | ०.० |
| स्नातकोत्तर (Post Graduate) | ६ | ०.४ | ६ | ०.५ | ० | ०.० |
| अन्य | २ | ०.१ | १ | ०.१ | १ | ०.५ |
| कुनै तह नभएको | ६१ | ४.५ | ३३ | २.९ | २८ | १२.८ |
| उल्लेख नगरिएको | ११० | ८.१ | ७७ | ६.८ | ३३ | १५.१ |
| **जम्मा** | **१,३५१** | **१००** | **१,१३३** | **१००** | **२१८** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिका २.२३ अनुसार बाँफिकोट गाउँपालिकाबाट विदेश गएका १,३५१ जनाको विदेश जाँदाको शैक्षिक योग्यता मुख्यतः प्राथमिकदेखि माध्यमिक तह भित्र केन्द्रित देखिन्छ। कुलमध्ये माध्यमिक तह उत्तीर्ण २८८ (२१.३%) सबैभन्दा बढी छ। त्यसपछि प्राथमिक २६९ (१९.९%), निम्न माध्यमिक २६० (१९.२%) र प्रमाणपत्र तह (Intermediate) २१२ (१५.७%) रहेका छन्। यसले विदेश जाने जनसङ्ख्याको ठूलो हिस्सा आधारभूतदेखि माध्यमिक तहसम्मको शिक्षा लिएर वैदेशिक अवसरतर्फ गएको संकेत गर्दछ। एस.एल.सी./एस.ई.ई. उत्तीर्ण ९० (६.७%) मात्र देखिन्छ भने स्नातक २० (१.५%) र स्नातकोत्तर ६ (०.४%) जस्ता उच्च शिक्षा प्राप्त गर्नेको हिस्सा न्यून छ।

लिङ्गगत रूपमा हेर्दा पुरुषमा माध्यमिक २५१ (२२.२%), निम्न माध्यमिक २२४ (१९.८%), प्राथमिक २१५ (१९.०%) र प्रमाणपत्र तह १९९ (१७.६%) प्रमुख छन्, जसले पुरुषमा माध्यमिक तथा प्रमाणपत्र तहसम्मको हिस्सा तुलनात्मक रूपमा बलियो रहेको देखाउँछ। महिलामा प्राथमिक ५४ (२४.८%) सबैभन्दा बढी छ भने माध्यमिक ३७ (१७.०%) र निम्न माध्यमिक ३६ (१६.५%) रहेका छन्। साथै महिलामा “कुनै तह नभएको” २८ (१२.८%) र “उल्लेख नगरिएको” ३३ (१५.१%) को हिस्सा पुरुषको तुलनामा बढी देखिन्छ, जसले महिलातर्फ शैक्षिक विवरणको अस्पष्टता वा कम शिक्षित समूहको प्रतिनिधित्व तुलनात्मक रूपमा बढी हुन सक्ने संकेत गर्दछ। समग्रमा, विदेश जाने जनसङ्ख्या मुख्यतः मध्यम शैक्षिक तहमा केन्द्रित रहेकाले सीपमूलक तालिम, सुरक्षित वैदेशिक रोजगार सूचना, र पूर्व-प्रस्थान अभिमुखीकरण कार्यक्रमहरूलाई यही समूह लक्षित गरी सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

## २.७ बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या प्रक्षेपण

राष्ट्रिय जनगणना सामान्यतः १० वर्षको अन्तरालमा सञ्चालन हुने भएकाले दुई जनगणनाबीचका वर्षहरूमा वास्तविक जनसङ्ख्या तथ्याङ्क उपलब्ध हुँदैन। तर गाउँपालिकामा वार्षिक योजना तर्जुमा, बजेट विनियोजन, सेवा विस्तार (शिक्षा, स्वास्थ्य, खानेपानी-सरसफाइ), पूर्वाधार योजना तथा लक्षित कार्यक्रम सञ्चालन गर्दा प्रत्येक वर्षको अनुमानित जनसङ्ख्या आवश्यक पर्छ। त्यसैले उपलब्ध जनगणना तथ्याङ्क र वृद्धि प्रवृत्तिलाई आधार मानी बीचका वर्षहरूका लागि जनसङ्ख्या प्रक्षेपण गर्नु पर्ने हुन्छ। तलको तालिकामा दुई जनगणनाबीचको वृद्धि दरलाई आधार मानी घाताङ्कीय विधि (Exponential Method) प्रयोग गरेर बाँफिकोट गाउँपालिकाको वि.सं. २०७९ देखि २०९० सम्मको जनसङ्ख्या प्रक्षेपण तयार गरी प्रस्तुत गरिएको छ।

तालिका २.२४ : बाँफिकोट गाउँपालिकाको वि.स. २०९० सम्मको प्रक्षेपित जनसङ्ख्या


| वर्ष (वि.स.) | प्रक्षेपित जनसङ्ख्या | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| २०७९ | २१,३३७ | १०,२०६ | ११,१३१ |
| २०८० | २१,५१८ | १०,१९३ | ११,३२५ |
| २०८१ | २१,६९० | १०,१८३ | ११,५०७ |
| २०८२ | २१,८१५ | १०,१५४ | ११,६६१ |
| २०८३ | २१,९९० | १०,१६९ | ११,८२१ |
| २०८४ | २२,१४९ | १०,१७७ | ११,९७२ |
| २०८५ | २२,३०१ | १०,१९१ | १२,११० |
| २०८६ | २२,४२८ | १०,१९५ | १२,२३३ |
| २०८७ | २२,५६३ | १०,२१२ | १२,३५१ |
| २०८८ | २२,७०९ | १०,२३३ | १२,४७६ |
| २०८९ | २२,८८७ | १०,२७० | १२,६१७ |
| २०९० | २३,०५१ | १०,३०७ | १२,७४४ |

*स्रोत : तथ्याङ्क समन्वय कार्यालय सुर्खेत, २०८२।*

तालिका २.२४ अनुसार बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या वि.सं. २०७९ देखि २०९० सम्म क्रमशः बढ्दै जाने प्रक्षेपण गरिएको छ। २०७९ मा कुल प्रक्षेपित जनसङ्ख्या २१,३३७ रहेकोमा २०९० मा २३,०५१ पुग्ने देखिन्छ, अर्थात् १२ वर्षको अवधिमा १,७१४ जनाले वृद्धि हुने अनुमान छ। यसले गाउँपालिकामा जनसङ्ख्या वृद्धिको प्रवृत्ति निरन्तर रहने र दीर्घकालीन सेवा योजना तथा पूर्वाधार व्यवस्थापनमा त्यसलाई ध्यान दिनुपर्ने संकेत गर्दछ।

लिङ्गगत रूपमा हेर्दा प्रक्षेपण अवधिभर महिलाको जनसङ्ख्या पुरुषको तुलनामा बढी रहने देखिन्छ। २०७९ मा पुरुष १०,२०६ र महिला ११,१३१ रहेका छन् भने २०९० मा पुरुष १०,३०७ र महिला १२,७४४ पुग्ने अनुमान छ। यस अवधिमा पुरुष जनसङ्ख्या तुलनात्मक रूपमा कम दरले बढ्ने (१०,२०६ बाट १०,३०७) तर महिला जनसङ्ख्या उल्लेखनीय रूपमा बढ्ने (११,१३१ बाट १२,७४४) प्रक्षेपण भएको छ। समग्रमा, प्रक्षेपित जनसङ्ख्या वृद्धि तथा महिलाको तुलनात्मक रूपमा उच्च हिस्सा कायम रहने सम्भावनालाई ध्यानमा राखी स्वास्थ्य, शिक्षा, खानेपानी-सरसफाइ, र सामाजिक सुरक्षा लगायतका सेवाको दिगो व्यवस्थापन र विस्तारका लागि अग्रिम तयारी आवश्यक देखिन्छ।

चित्र १८ : बाँफिकोट गाउँपालिकाको जनसङ्ख्या प्रक्षेपण (वि.स. २०७९ देखि २०९० सम्म)




*स्रोत : तथ्याङ्क समन्वय कार्यालय सुर्खेत, २०८२।*

# खण्ड ३: सामाजिक-सांस्कृतिक अवस्था तथा समावेशिता

जातजाति, धर्म र भाषाभाषी सम्बन्धी तथ्याङ्कले गाउँपालिकाको सामाजिक-सांस्कृतिक पहिचान, समुदायगत विविधता र समावेशिताको अवस्था बुझ्न महत्वपूर्ण आधार प्रदान गर्दछ। यस्ता सूचकहरूले शिक्षा, स्वास्थ्य, सूचना-सञ्चार, सामाजिक सुरक्षा तथा लक्षित कार्यक्रमहरूलाई समुदायको आवश्यकता अनुसार प्रभावकारी रूपमा योजना, प्राथमिकता र कार्यान्वयन गर्न सहयोग पुऱ्याउँछन्। त्यसैगरी स्थानीय संस्कृति संरक्षण, सामाजिक सद्भाव प्रवर्द्धन तथा सहभागितामूलक विकास प्रक्रियामा समेत यस्ता विवरण उपयोगी हुन्छन्। यसै सन्दर्भमा यस खण्डमा राष्ट्रिय जनगणनाबाट प्राप्त तथ्याङ्कका आधारमा बाँफिकोट गाउँपालिकाको जातजाति, धर्म, भाषाभाषी, अपाङ्गता साथै वालवालिका तथा बुढ्यौली (बृद्ध) जनसङ्ख्या सम्बन्धी विवरण प्रस्तुत गरिएको छ।

## ३.१ जातजाती, धर्म र भाषाभाषी सम्बन्धी विवरण

तालिका ३.१ : गाउँपालिकामा जातजाती अनुसारको जनसङ्ख्या विवरण

| जात/जाती | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| क्षेत्री | ११,६१२ | ५५.२ | ५,६५९ | ५५.६ | ५,९५३ | ५४.८ |
| विश्वकर्मा | २,३४४ | ११.१ | १,१४३ | ११.२ | १,२०१ | ११.१ |
| मगर | १,९९६ | ९.५ | ९५२ | ९.४ | १,०४४ | ९.६ |
| ठकुरी | १,७८७ | ८.५ | ८४९ | ८.३ | ९३८ | ८.६ |
| ब्राह्मण - पहाडी | १,६३४ | ७.८ | ७९५ | ७.८ | ८३९ | ७.७ |
| परियार | ९२६ | ४.४ | ४२३ | ४.२ | ५०३ | ४.६ |
| मिजार | २७० | १.३ | १३८ | १.४ | १३२ | १.२ |
| सन्न्यासी/दशनामी | २१८ | १.० | १०३ | १.० | ११५ | १.१ |
| सुनुवार | १३९ | ०.७ | ६० | ०.६ | ७९ | ०.७ |
| गुरुङ | ४७ | ०.२ | २३ | ०.२ | २४ | ०.२ |
| अन्य | २६ | ०.१ | १४ | ०.१ | १२ | ०.१ |
| वादी | २४ | ०.१ | ११ | ०.१ | १३ | ०.१ |
| घर्ती/भुजेल | १० | ०.०५ | ४ | ०.०४ | ६ | ०.१ |
| **जम्मा** | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिका ३.१ अनुसार बाँफिकोट गाउँपालिकाको कुल जनसङ्ख्या २१,०३३ रहेको छ, जसमा पुरुष १०,१७४ र महिला १०,८५९ छन्। जात/जाति अनुसार हेर्दा क्षेत्री समुदायको जनसङ्ख्या ११,६१२ (५५.२ प्रतिशत) रहेको छ, जसले गाउँपालिकामा सबैभन्दा ठूलो हिस्सा ओगटेको देखिन्छ। त्यसपछि विश्वकर्मा २,३४४ (११.१ प्रतिशत), मगर १,९९६ (९.५ प्रतिशत), ठकुरी १,७८७ (८.५ प्रतिशत) र ब्राह्मण-पहाडी १,६३४ (७.८ प्रतिशत) रहेका छन्। यी पाँच प्रमुख जात/जातिले गाउँपालिकाको जनसङ्ख्याको ठूलो हिस्सा समेटेको देखिन्छ। अन्य जात/जातिमध्ये परियार ९२६ (४.४ प्रतिशत), मिजार २७० (१.३ प्रतिशत) र सन्न्यासी/दशनामी २१८ (१.० प्रतिशत) रहेका छन्। त्यसैगरी सुनुवार १३९ (०.७ प्रतिशत), गुरुङ ४७ (०.२ प्रतिशत), वादी २४ (०.१ प्रतिशत) र घर्ती/भुजेल १० (०.०५ प्रतिशत) जस्ता समुदायहरूको सङ्ख्या तुलनात्मक रूपमा न्यून देखिन्छ। "अन्य" समूह २६ (०.१ प्रतिशत) मात्र रहेको छ।

लिङ्गगत रूपमा हेर्दा प्रमुख जात/जातिहरूमा पुरुष र महिलाको प्रतिशत वितरण प्रायः समान देखिन्छ। उदाहरणका लागि क्षेत्री समुदायमा पुरुष ५५.६ प्रतिशत र महिला ५४.८ प्रतिशत छन् भने विश्वकर्मामा पुरुष ११.२ प्रतिशत र महिला ११.१ प्रतिशत रहेका छन्। समग्रमा, बाँफिकोट गाउँपालिकामा जातीय संरचना केही प्रमुख समुदायमा केन्द्रित भए पनि विभिन्न जात/जातिको उपस्थिति रहेको देखिन्छ, जसले सामाजिक समावेशिता तथा लक्षित कार्यक्रम सञ्चालनमा समुदायगत विविधतालाई ध्यान दिनुपर्ने आवश्यकताको सन्देश दिन्छ।

तालिका ३.२ : गाउँपालिकामा मानिने धर्म अनुसारको जनसङ्ख्या विवरण

| धर्म | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| हिन्दू | २०,९०७ | ९९.४ | १०,११७ | ९९.४ | १०,७९० | ९९.४ |
| बौद्ध | १७ | ०.१ | १० | ०.१ | ७ | ०.१ |
| इसाई (क्रिश्चियन) | ९८ | ०.५ | ४२ | ०.४ | ५६ | ०.५ |
| प्रकृति | ११ | ०.१ | ५ | ०.० | ६ | ०.१ |
| **जम्मा** | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका ३.२ ले बाँफिकोट गाउँपालिकाको जनसङ्ख्यालाई धर्मका आधारमा वर्गीकरण गरी देखाएको छ। तालिकाअनुसार गाउँपालिकामा सबैभन्दा धेरै जनसङ्ख्या हिन्दू धर्मावलम्बीको रहेको छ । कुल २१,०३३ जनसङ्ख्यामध्ये २०,९०७ जना अर्थात् ९९.४ प्रतिशतले हिन्दू धर्म मान्ने गरेका छन् । यसबाट गाउँपालिकामा हिन्दू धर्मको अत्यधिक बहुलता रहेको स्पष्ट देखिन्छ । हिन्दू धर्म मान्ने पुरुष १०,११७ जना र महिला १०,७९० जना रहेका छन्, जसको प्रतिशत दुवैमा ९९.४ रहेको छ । यसले पुरुष र महिला दुवैमा हिन्दू धर्मावलम्बीको अनुपात लगभग समान रहेको देखाउँछ । त्यसपछि इसाई (क्रिश्चियन) धर्म मान्ने जनसङ्ख्या ९८ जना अर्थात् ०.५ प्रतिशत रहेको छ । यसमध्ये ४२ जना पुरुष र ५६ जना महिला रहेका छन्। इसाई धर्मावलम्बीको सङ्ख्या हिन्दू धर्मावलम्बीको तुलनामा निकै न्यून भए पनि गाउँपालिकामा दोस्रो स्थानमा रहेको देखिन्छ। बौद्ध धर्म मान्ने जनसङ्ख्या १७ जना अर्थात् ०.१ प्रतिशत रहेको छ, जसमा १० जना पुरुष र ७ जना महिला छन् । त्यसैगरी प्रकृति धर्म मान्ने जनसङ्ख्या ११ जना अर्थात् ०.१ प्रतिशत रहेको छ, जसमा ५ जना पुरुष र ६ जना महिला रहेका छन् ।

समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा धार्मिक संरचना अत्यन्तै एकमुखी देखिन्छ, जहाँ लगभग सम्पूर्ण जनसङ्ख्या हिन्दू धर्ममा आबद्ध रहेको छ । अन्य धर्मावलम्बीहरूको उपस्थिति अत्यन्त न्यून रहेको तथ्याङ्कले देखाउदछ ।

तालिका ३.३ : गाउँपालिकामा बोलिने मातृभाषा अनुसारको जनसङ्ख्या विवरण

| मातृभाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली | २१,००८ | ९९.९ | १०,१५८ | ९९.८ | १०,८५० | ९९.९ |
| अवधी | १५ | ०.१ | १० | ०.१ | ५ | ०.०५ |
| अन्य | १० | ०.०५ | ६ | ०.०६ | ४ | ०.०४ |
| **जम्मा** | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

माथिको तालिकाअनुसार बाँफिकोट गाउँपालिकामा सबैभन्दा धेरै जनसङ्ख्याको मातृभाषा नेपाली रहेको देखिन्छ । कुल २१,०३३ जनसङ्ख्यामध्ये २१,००८ जना अर्थात् ९९.९ प्रतिशतको मातृभाषा नेपाली रहेको छ । यसले गाउँपालिकामा नेपाली भाषा लगभग सबैले बोल्ने मुख्य मातृभाषाका रूपमा स्थापित रहेको देखिन्छ । पुरुषतर्फ १०,१७४ जनामध्ये १०,१५८ जना अर्थात् ९९.८ प्रतिशतको मातृभाषा नेपाली रहेको छ भने महिलातर्फ १०,८५९ जनामध्ये १०,८५० जना अर्थात् ९९.९ प्रतिशतको मातृभाषा नेपाली रहेको छ। यसले पुरुष र महिला दुवै समूहमा नेपाली भाषाको अत्यधिक प्रभुत्व रहेको देखाउँछ ।त्यसैगरी अवधी मातृभाषा बोल्ने जनसङ्ख्या १५ जना अर्थात् ०.१ प्रतिशत रहेको छ । यसमध्ये १० जना पुरुष र ५ जना महिला रहेका छन् । अवधी भाषा बोल्नेको सङ्ख्या अत्यन्त न्यून भए पनि गाउँपालिकामा नेपालीपछि दोस्रो स्थानमा रहेको देखिन्छ । त्यस्तै अन्य मातृभाषा बोल्ने जनसङ्ख्या १० जना अर्थात् ०.०५ प्रतिशत रहेको छ । यसमध्ये ६ जना पुरुष र ४ जना महिला रहेका छन् । अन्य मातृभाषा बोल्नेको उपस्थिति पनि निकै सीमित रहेको पाइन्छ ।

समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा मातृभाषाको संरचना अत्यन्त एकमुखी रहेको छ, जहाँ नेपाली भाषा लगभग सम्पूर्ण जनसङ्ख्याको मातृभाषाका रूपमा रहेको देखिन्छ । अन्य भाषाहरूको प्रयोग अत्यन्त न्यून मात्रामा सीमित रहेको पाइन्छ । यसले गाउँपालिकाको भाषिक बनोटमा नेपाली भाषाको स्पष्ट वर्चस्व रहेको संकेत गर्दछ ।

**तालिका ३.४ : गाउँपालिकामा बोलिने दोस्रोभाषा अनुसारको जनसङ्ख्या विवरण**

| दोस्रोभाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| दोस्रो भाषा नभएको | २०,९८८ | ९९.८ | १०,१४५ | ९९.७ | १०,८४३ | ९९.९ |
| नेपाली | १० | ०.०५ | ५ | ०.०५ | ५ | ०.०५ |
| उर्दू | १२ | ०.१ | ८ | ०.१ | ४ | ०.०४ |
| अन्य | २३ | ०.१ | १६ | ०.२ | ७ | ०.१ |
| **जम्मा** | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका ३.४ अनुसार बाँफिकोट गाउँपालिकामा बोलिने दोस्रो भाषाको अवस्था अत्यन्त न्यून रहेको देखिन्छ । कुल २१,०३३ जनसङ्ख्यामध्ये २०,९८८ जना अर्थात् ९९.८ प्रतिशतले कुनै दोस्रो भाषा प्रयोग नगर्ने गरेका छन् । पुरुषतर्फ १०,१७४ जनामध्ये १०,१४५ जना अर्थात् ९९.७ प्रतिशत र महिलातर्फ १०,८५९ जनामध्ये १०,८४३ जना अर्थात् ९९.९ प्रतिशतको दोस्रो भाषा नभएको पाइन्छ । यसले गाउँपालिकामा अधिकांश जनसङ्ख्या एकल भाषिक संरचनामा आधारित रहेको स्पष्ट पार्दछ ।

त्यसैगरी नेपालीलाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने जनसङ्ख्या १० जना अर्थात् ०.०५ प्रतिशत, उर्दू बोल्ने १२ जना अर्थात् ०.१ प्रतिशत, तथा अन्य दोस्रो भाषा बोल्ने २३ जना अर्थात् ०.१ प्रतिशत रहेका छन् । यीमध्ये नेपाली दोस्रो भाषा बोल्नेमा ५ जना पुरुष र ५ जना महिला, उर्दू बोल्नेमा ८ जना पुरुष र ४ जना महिला, तथा अन्य दोस्रो भाषा बोल्नेमा १६ जना पुरुष र ७ जना महिला रहेका छन् । समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा दोस्रो भाषा प्रयोग गर्ने जनसङ्ख्या अत्यन्तै कम रहेको छ र स्थानीय भाषिक व्यवहारमा मुख्य भाषाकै वर्चस्व रहेको देखिन्छ ।

**तालिका ३.५ : गाउँपालिकामा बोलिने पुर्ख्यौली भाषा अनुसारको जनसङ्ख्या विवरण**

| पुर्ख्यौली भाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली | २०,८९१ | ९९.३ | १०,११० | ९९.४ | १०,७८१ | ९९.३ |
| मगर ढुट | ८५ | ०.४ | ३७ | ०.४ | ४८ | ०.४ |
| अवधी | २३ | ०.१ | १० | ०.१ | १३ | ०.१ |
| मगर खाम | १२ | ०.१ | ८ | ०.१ | ४ | ०.०४ |
| अन्य | २२ | ०.१ | ९ | ०.१ | १३ | ०.१ |
| **जम्मा** | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका ३.५ अनुसार बाँफिकोट गाउँपालिकामा बोलिने पुर्ख्यौली भाषामध्ये नेपाली भाषा अत्यधिक प्रमुख रहेको देखिन्छ । कुल २१,०३३ जनसङ्ख्यामध्ये २०,८९१ जना अर्थात् ९९.३ प्रतिशतको पुर्ख्यौली भाषा नेपाली रहेको छ । पुरुषतर्फ १०,१७४ जनामध्ये १०,११० जना अर्थात् ९९.४ प्रतिशत र महिलातर्फ १०,८५९ जनामध्ये १०,७८१ जना अर्थात् ९९.३ प्रतिशतको पुर्ख्यौली भाषा नेपाली रहेको पाइन्छ । यसले गाउँपालिकाको भाषिक तथा सांस्कृतिक आधारमा नेपाली भाषाको स्पष्ट वर्चस्व रहेको देखाउँछ ।

नेपालीपछि मगर ढुट पुर्ख्यौली भाषा बोल्ने जनसङ्ख्या ८५ जना अर्थात् ०.४ प्रतिशत रहेको छ, जसमा ३७ जना पुरुष र ४८ जना महिला रहेका छन् । त्यसैगरी अवधी पुर्ख्यौली भाषा बोल्ने २३ जना अर्थात् ०.१ प्रतिशत, मगर खाम बोल्ने १२ जना अर्थात् ०.१ प्रतिशत,

तथा अन्य पुर्ख्यौली भाषा बोल्ने २२ जना अर्थात् ०.१ प्रतिशत रहेका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा नेपाली भाषा नै मुख्य पुर्ख्यौली भाषाका रूपमा स्थापित छ भने अन्य भाषाहरूको उपस्थिति अत्यन्त न्यून मात्रामा रहेको देखिन्छ।

## ३.२ अपाङ्गता सम्बन्धी विवरण

यस उपखण्डमा बाँफिकोट गाउँपालिकाको जनसङ्ख्यामध्ये अपाङ्गता भएका व्यक्तिहरूको अवस्था प्रस्तुत गरिएको छ। अपाङ्गता सम्बन्धी विवरणले गाउँपालिकाको सामाजिक समावेशिता, सेवा पहुँच, संरक्षणको आवश्यकता तथा लक्षित कार्यक्रम तर्जुमा गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ। यस अन्तर्गत अपाङ्गताको प्रकार, लिङ्गअनुसारको अवस्था तथा समग्र वितरणसम्बन्धी तथ्याङ्क समेटिएको छ। यस्ता विवरणको विश्लेषणबाट अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक अवस्था पहिचान गर्न, उनीहरूका आवश्यकता बुझ्न तथा समावेशी विकासका लागि आवश्यक नीति, योजना र कार्यक्रम निर्माण गर्न सहयोग पुग्दछ।

तालिका ३.६ : गाउँपालिकामा अपाङ्गता भएका जनसङ्ख्या स्थिति

| क्र. स. | विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | कुल जनसङ्ख्या | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |
| २. | अपाङ्गता भएका जनसङ्ख्या | ६३७ | ३.० | ३६६ | ३.६ | २७१ | २.५ |
| ३. | अपाङ्गताका प्रकारहरू | | | | | | |
| | १) शारीरिक अपाङ्गता | २९९ | ४६.९ | १८४ | ५०.३ | ११५ | ४२.४ |
| | २) न्युन दृष्टियुक्त | १२० | १८.८ | ५५ | १५.० | ६५ | २४.० |
| | ३) पुर्ण दृष्टिविहिन | २६ | ४.१ | १२ | ३.३ | १४ | ५.२ |
| | ४) बहिरापन | ३९ | ६.१ | २६ | ७.१ | १३ | ४.८ |
| | ५) सुस्तश्रवण | ४३ | ६.८ | २७ | ७.४ | १६ | ५.९ |
| | ६) श्रवण दृष्टिविहिन | ७ | १.१ | ४ | १.१ | ३ | १.१ |
| | ७) स्वर र बोलाई | ४२ | ६.६ | २५ | ६.८ | १७ | ६.३ |
| | ८) मानसिक | १२ | १.९ | ९ | २.५ | ३ | १.१ |
| | ९) बौद्धिक अपाङ्गता | ५ | ०.८ | ४ | १.१ | १ | ०.४ |
| | १०) अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | १ | ०.२ | १ | ०.३ | ० | ०.० |
| | ११) अटिजम् | ५ | ०.८ | १ | ०.३ | ४ | १.५ |
| | १२) बहुअपाङ्गता | ३२ | ५.० | १७ | ४.६ | १५ | ५.५ |
| | १३) नखुलेको | ६ | ०.९ | १ | ०.३ | ५ | १.८ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिका ३.६ अनुसार बाँफिकोट गाउँपालिकाको कुल २१,०३३ जनसङ्ख्यामध्ये ६३७ जना अर्थात् ३.० प्रतिशत व्यक्ति अपाङ्गता भएका रहेका छन्। लिङ्गका आधारमा हेर्दा १०,१७४ पुरुषमध्ये ३६६ जना अर्थात् ३.६ प्रतिशत र १०,८५९ महिलामध्ये २७१ जना अर्थात् २.५ प्रतिशत अपाङ्गता भएका रहेका छन्। यसबाट गाउँपालिकामा महिलाको तुलनामा पुरुषमा अपाङ्गताको अनुपात केही बढी रहेको देखिन्छ। अपाङ्गताका प्रकारमध्ये शारीरिक अपाङ्गता सबैभन्दा बढी रहेको छ। कुल अपाङ्गता भएका जनसङ्ख्यामध्ये २९९ जना अर्थात् ४६.९ प्रतिशत शारीरिक अपाङ्गता भएका छन्। त्यसपछि न्यून दृष्टियुक्त १२० जना अर्थात् १८.८ प्रतिशत, सुस्तश्रवण ४३ जना अर्थात् ६.८ प्रतिशत, स्वर र बोलाइसम्बन्धी अपाङ्गता ४२ जना अर्थात् ६.६ प्रतिशत, बहिरापन ३९ जना अर्थात् ६.१ प्रतिशत र बहुअपाङ्गता ३२ जना अर्थात् ५.० प्रतिशत रहेका छन्।

त्यसैगरी पूर्ण दृष्टिविहीन २६ जना अर्थात् ४.१ प्रतिशत, मानसिक अपाङ्गता १२ जना अर्थात् १.९ प्रतिशत, श्रवण दृष्टिविहीन ७ जना अर्थात् १.१ प्रतिशत, बौद्धिक अपाङ्गता ५ जना अर्थात् ०.८ प्रतिशत, अटिजम ५ जना अर्थात् ०.८ प्रतिशत, अनुवंशीय रक्तश्राव

(हेमोफेलिया) १ जना अर्थात् ०.२ प्रतिशत तथा नखुलेको ६ जना अर्थात् ०.९ प्रतिशत रहेका छन्। लिङ्गगत रूपमा हेर्दा शारीरिक अपाङ्गता पुरुषमा १८४ जना अर्थात् ५०.३ प्रतिशत र महिलामा ११५ जना अर्थात् ४२.४ प्रतिशत रहेको छ। न्यून दृष्टियुक्त महिलामा ६५ जना अर्थात् २४.० प्रतिशत रहेको छ, जुन पुरुषको ५५ जना अर्थात् १५.० प्रतिशतभन्दा बढी हो। समग्र रूपमा हेर्दा गाउँपालिकामा अपाङ्गताको अवस्था विविध प्रकारको रहेको भए पनि शारीरिक तथा दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको हिस्सा तुलनात्मक रूपमा बढी देखिन्छ।

तालिका ३.७ : अपाङ्गता भएका जनसङ्ख्याको उमेर समूह अनुसारको विवरण

| अपाङ्गता भएका व्यक्तिको उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ००-०४ वर्ष | ३१ | ४.९ | १२ | ३.३ | १९ | ७.० |
| ०५-०९ वर्ष | ४५ | ७.१ | २४ | ६.६ | २१ | ७.७ |
| १०-१४ वर्ष | ४६ | ७.२ | २७ | ७.४ | १९ | ७.० |
| १५-१९ वर्ष | ३९ | ६.१ | ३० | ८.२ | ९ | ३.३ |
| २०-२४ वर्ष | ४१ | ६.४ | २६ | ७.१ | १५ | ५.५ |
| २५-२९ वर्ष | ३४ | ५.३ | २४ | ६.६ | १० | ३.७ |
| ३०-३४ वर्ष | २७ | ४.२ | २१ | ५.७ | ६ | २.२ |
| ३५-३९ वर्ष | २९ | ४.६ | २२ | ६.० | ७ | २.६ |
| ४०-४४ वर्ष | २४ | ३.८ | १३ | ३.६ | ११ | ४.१ |
| ४५-४९ वर्ष | ३० | ४.७ | १९ | ५.२ | ११ | ४.१ |
| ५०-५४ वर्ष | ५० | ७.८ | २६ | ७.१ | २४ | ८.९ |
| ५५-५९ वर्ष | ४८ | ७.५ | २७ | ७.४ | २१ | ७.७ |
| ६०-६४ वर्ष | ६९ | १०.८ | ३१ | ८.५ | ३८ | १४.० |
| ६५-६९ वर्ष | ४१ | ६.४ | २१ | ५.७ | २० | ७.४ |
| ७०-७४ वर्ष | ३९ | ६.१ | १९ | ५.२ | २० | ७.४ |
| ७५+ वर्ष | ४४ | ६.९ | २४ | ६.६ | २० | ७.४ |
| **जम्मा** | **६३७** | **१००** | **३६६** | **१००** | **२७१** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

माथिको तालिका अनुसार बाँफिकोट गाउँपालिकामा अपाङ्गता भएका कुल ६३७ जनामध्ये सबैभन्दा बढी सङ्ख्या ६०-६४ वर्ष उमेर समूहमा रहेको देखिन्छ। यस उमेर समूहमा ६९ जना अर्थात् १०.८ प्रतिशत रहेका छन्। त्यसपछि ५०-५४ वर्ष उमेर समूहमा ५० जना अर्थात् ७.८ प्रतिशत, ५५-५९ वर्ष उमेर समूहमा ४८ जना अर्थात् ७.५ प्रतिशत, १०-१४ वर्ष उमेर समूहमा ४६ जना अर्थात् ७.२ प्रतिशत, ०५-०९ वर्ष उमेर समूहमा ४५ जना अर्थात् ७.१ प्रतिशत र ७५ वर्षभन्दा माथिका ४४ जना अर्थात् ६.९ प्रतिशत रहेका छन्। यसबाट अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या वृद्ध उमेर समूहमा तुलनात्मक रूपमा बढी रहेको भए पनि बालबालिका तथा किशोर उमेर समूहमा पनि उल्लेखनीय उपस्थिति रहेको देखिन्छ।

लिङ्गगत रूपमा हेर्दा पुरुषतर्फ ३६६ जनामध्ये ६०-६४ वर्ष उमेर समूहमा ३१ जना अर्थात् ८.५ प्रतिशत रहेका छन् भने १५-१९ वर्षमा ३० जना अर्थात् ८.२ प्रतिशत, १०-१४ वर्ष र ५५-५९ वर्षमा समान रूपमा २७-२७ जना अर्थात् ७.४ प्रतिशत रहेका छन्। महिलातर्फ २७१ जनामध्ये ६०-६४ वर्ष उमेर समूहमा ३८ जना अर्थात् १४.० प्रतिशत रहेको छ, जुन सबैभन्दा बढी हो। त्यसपछि ५०-५४ वर्षमा २४ जना अर्थात् ८.९ प्रतिशत, ०५-०९ वर्ष र ५५-५९ वर्षमा २१-२१ जना अर्थात् ७.७ प्रतिशत, तथा ६५-६९ वर्ष, ७०-७४ वर्ष र ७५ वर्षमाथिका प्रत्येक समूहमा २०-२० जना अर्थात् ७.४ प्रतिशत रहेका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या उमेर बढ्दै जाँदा बढ्दो प्रवृत्तिमा देखिए पनि विभिन्न उमेर समूहमा यसको वितरण फैलिएको पाइन्छ।

तालिका ३.८ : अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक/आर्थिक अवस्था

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कुल जनसङ्ख्या | **२१,०३३** | **१००** | **१०,१७४** | **१००** | **१०,८५९** | **१००** |
| अपाङ्गता भएका जनसङ्ख्या | ६३७ | ३.० | ३६६ | ३.६ | २७१ | २.५ |
| घरमूलीको रूपमा रहेका अपाङ्ग व्यक्तिहरू | २२८ | ३५.८ | १७० | ४६.४५ | ५८ | २१.४ |
| अपाङ्गता भएका व्यक्तिहरूको धर्म | | | | | | |
| हिन्दू | ६२८ | ९९.५ | ३६३ | ९९.५ | २६५ | ९९.६ |
| इसाई (क्रिश्चियन) | ३ | ०.५ | २ | ०.५ | १ | ०.४ |
| वैवाहिक अवस्था | | | | | | |
| अविवाहित | १२४ | २२.३ | ८४ | २५.५ | ४० | १७.५ |
| विवाहित | ३४४ | ६१.८ | २१८ | ६६.३ | १२६ | ५५.३ |
| विधवा/विधुर | ८४ | १५.१ | २५ | ७.६ | ५९ | २५.९ |
| छुट्टिएर बसेका | ५ | ०.९ | २ | ०.६ | ३ | १.३ |
| विवाह गर्दाको उमेर | | | | | | |
| १०-१४ वर्ष | २२ | ५.१ | ६ | २.४ | १६ | ८.५ |
| १५-१७ वर्ष | १४३ | ३३.० | ५५ | २२.५ | ८८ | ४६.८ |
| १८-२० वर्ष | १३८ | ३१.९ | ९१ | ३७.१ | ४७ | २५.० |
| २१-२४ वर्ष | ७५ | १७.३ | ५२ | २१.२ | २३ | १२.२ |
| २५-२९ वर्ष | ४० | ९.२ | २९ | ११.८ | ११ | ५.९ |
| ३०-३४ वर्ष | ११ | २.५ | १० | ४.१ | १ | ०.५ |
| ३५-३९ वर्ष | १ | ०.२ | ० | ०.० | १ | ०.५ |
| ४०-४४ वर्ष | १ | ०.२ | ० | ०.० | १ | ०.५ |
| ४५-४९ वर्ष | १ | ०.२ | १ | ०.४ | ० | ०.० |
| शैक्षिक अवस्था | | | | | | |
| लेख्न र पढ्न दुबै सक्ने | २७५ | ४५.७ | २०१ | ५६.९ | ७४ | २९.७ |
| पढ्न मात्र सक्ने | २ | ०.३ | १ | ०.३ | १ | ०.४ |
| लेख्न र पढ्न दुबै सक्ने | ३२० | ५३.२ | १४८ | ४१.९ | १७२ | ६९.१ |
| शैक्षिक तह | | | | | | |
| पूर्व प्राथमिक | ७ | २.५ | २ | १.० | ५ | ६.७ |
| प्राथमिक (१-५) | १०३ | ३६.९ | ७१ | ३४.८ | ३२ | ४२.७ |
| निम्न माध्यमिक (६-८) | ६० | २१.५ | ४८ | २३.५ | १२ | १६.० |
| माध्यमिक (९-१०) | ४७ | १६.८ | ३६ | १७.६ | ११ | १४.७ |
| एस.एल.सी./एस.ई.ई. | २० | ७.२ | १५ | ७.४ | ५ | ६.७ |
| प्रमाणपत्र तह / १०+२ | २५ | ९.० | १८ | ८.८ | ७ | ९.३ |
| स्नातक | ६ | २.२ | ५ | २.५ | १ | १.३ |
| स्नातकोत्तर | २ | ०.७ | २ | १.० | ० | ०.० |
| अनौपचारिक | ९ | ३.३ | ७ | ३.५ | २ | २.७ |
| जन्मस्थान | | | | | | |
| रुकुम पश्चिम जिल्ला | ६१४ | ९७.३ | ३६० | ९८.६ | २५४ | ९५.५ |
| अन्य जिल्ला | १४ | २.२ | २ | ०.५ | १२ | ४.५ |
| विदेशमा जन्मिएका | ३ | ०.५ | ३ | ०.८ | ० | ०.० |
| रोजगारीको अवस्था | | | | | | |

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| रोजगार | १७१ | ३०.७ | ११६ | ३५.३ | ५५ | २४.१ |
| बेरोजगार | ८ | १.४ | ५ | १.५ | ३ | १.३ |
| आर्थिक रूपमा अक्सर निष्क्रिय | १९० | ३४.१ | १११ | ३३.७ | ७९ | ३४.७ |
| आर्थिक रूपमा निष्क्रिय | १८१ | ३२.५ | ९४ | २८.६ | ८७ | ३८.२ |
| नखुलेको | ७ | १.३ | ३ | ०.९ | ४ | १.८ |
| रोजगारीको क्षेत्र | | | | | | |
| सरकारी | ६ | १.६ | ४ | १.७ | २ | १.५ |
| गैर वित्तिय संस्था | ५७ | १५.५ | ३८ | १६.५ | १९ | १४.० |
| नाफा नकमाउने संस्था | ७ | १.९ | ६ | २.६ | १ | ०.७ |
| घरायसी क्षेत्र | २९७ | ८०.९ | १८३ | ७९.२ | ११४ | ८३.८ |
| १८ वर्ष मूनीका अपाङ्ग वालवालिकाको वसोवासको अवस्था | | | | | | |
| आमा बाबु दुवैसँग बस्ने | ११७ | ८२.४ | ६५ | ७९.३ | ५२ | ८६.७ |
| आमासँग मात्र बस्ने | १७ | १२.० | ११ | १३.४ | ६ | १०.० |
| बाबुसँग मात्र बस्ने | ३ | २.१ | ३ | ३.७ | ० | ०.० |
| बाबु र सौतेनी आमासँग बस्ने | २ | १.४ | २ | २.४ | ० | ०.० |
| अन्य नातेदारसँग बस्ने | ३ | २.१ | १ | १.२ | २ | ३.३ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका ३.८ ले बाँफिकोट गाउँपालिकाका अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक तथा आर्थिक अवस्थासम्बन्धी विभिन्न महत्वपूर्ण तथ्याङ्क प्रस्तुत गरेको छ, जसअन्तर्गत घरमूलीको अवस्था, धर्म, वैवाहिक अवस्था, विवाह गर्दाको उमेर, शैक्षिक अवस्था, शैक्षिक तह, जन्मस्थान, रोजगारीको अवस्था, रोजगारीको क्षेत्र तथा १८ वर्षमुनिका अपाङ्ग बालबालिकाको बसोबासको अवस्थालाई समेटिएको छ ।

तालिका अनुसार बाँफिकोट गाउँपालिकाका अपाङ्गता भएका ६३७ जनामध्ये २२८ जना अर्थात् ३५.८ प्रतिशत घरमूलीको रूपमा रहेका छन् । लिङ्गगत रूपमा हेर्दा पुरुष अपाङ्ग व्यक्तिमध्ये १७० जना अर्थात् ४६.४५ प्रतिशत घरमूली रहेका छन् भने महिलातर्फ ५८ जना अर्थात् २१.४ प्रतिशत मात्र घरमूलीको भूमिकामा रहेका छन् । यसले अपाङ्गता भएका व्यक्तिहरूमध्ये पनि घरपरिवारको नेतृत्व पुरुषमा बढी केन्द्रित रहेको देखाउँछ ।

धर्मका आधारमा हेर्दा अपाङ्गता भएका व्यक्तिहरूमध्ये अत्यधिक बहुमत हिन्दू धर्मावलम्बी रहेका छन् । कुल ६३७ जनामध्ये ६२८ जना अर्थात् ९९.५ प्रतिशत हिन्दू धर्मका छन् भने ३ जना अर्थात् ०.५ प्रतिशत इसाई (क्रिश्चियन) रहेका छन् । पुरुषतर्फ ३६३ जना र महिलातर्फ २६५ जना हिन्दू धर्मावलम्बी छन् । यसले गाउँपालिकाको समग्र धार्मिक संरचनाजस्तै अपाङ्गता भएका व्यक्तिहरूको धार्मिक संरचना पनि प्रायः एकमुखी रहेको देखाउँछ ।

वैवाहिक अवस्थाअनुसार अपाङ्गता भएका व्यक्तिहरूमध्ये ३४४ जना अर्थात् ६१.८ प्रतिशत विवाहित रहेका छन्, जुन सबैभन्दा ठूलो समूह हो । त्यसपछि १२४ जना अर्थात् २२.३ प्रतिशत अविवाहित, ८४ जना अर्थात् १५.१ प्रतिशत विधवा/विधुर, तथा ५ जना अर्थात् ०.९ प्रतिशत छुट्टिएर बसेका रहेका छन् । पुरुषतर्फ विवाहितको प्रतिशत ६६.३ रहेको छ भने महिलातर्फ ५५.३ प्रतिशत छ । त्यसैगरी विधवा/विधुर महिलाको प्रतिशत २५.९ रहेको छ, जुन पुरुषको ७.६ प्रतिशतभन्दा निकै बढी छ । यसले महिलामा वैवाहिक विछोड वा जीवनसाथी गुमाउने अवस्था तुलनात्मक रूपमा बढी रहेको संकेत गर्दछ ।

विवाह गर्दाको उमेर हेर्दा अपाङ्गता भएका विवाहित व्यक्तिहरूमध्ये सबैभन्दा बढी १५-१७ वर्ष उमेरमा विवाह गरेका १४३ जना अर्थात् ३३.० प्रतिशत रहेका छन्। त्यसपछि १८-२० वर्ष उमेरमा विवाह गर्ने १३८ जना अर्थात् ३१.९ प्रतिशत, २१-२४ वर्षमा विवाह गर्ने ७५ जना अर्थात् १७.३ प्रतिशत, २५-२९ वर्षमा ४० जना अर्थात् ९.२ प्रतिशत, र १०-१४ वर्षमै विवाह गर्ने २२ जना अर्थात् ५.१ प्रतिशत रहेका छन्। महिलातर्फ १५-१७ वर्षमा विवाह गर्नेको प्रतिशत ४६.८ रहेको छ, जुन पुरुषको २२.५ प्रतिशतभन्दा धेरै बढी छ। यसले अपाङ्गता भएका महिलामा कम उमेरमै विवाह हुने प्रवृत्ति बढी रहेको देखाउँछ।

शैक्षिक अवस्थाअनुसार २७५ जना अर्थात् ४५.७ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू लेख्न र पढ्न दुवै सक्ने रहेका छन् भने २ जना अर्थात् ०.३ प्रतिशत पढ्न मात्र सक्ने रहेका छन्। तालिकाको तेस्रो पङ्क्तिमा ३२० जना अर्थात् ५३.२ प्रतिशत उल्लेख भएको छ, जुन सन्दर्भअनुसार लेख्न र पढ्न दुवै नसक्ने समूह हुनुपर्ने देखिन्छ। यसलाई आधार मान्दा पुरुषतर्फ ५६.९ प्रतिशत लेख्न र पढ्न सक्ने छन् भने महिलातर्फ यो प्रतिशत २९.७ मात्र रहेको छ। विपरीत रूपमा महिलामा अशिक्षितको अनुपात ६९.१ प्रतिशत पुगेको देखिन्छ। यसले अपाङ्गता भएका महिलाको शैक्षिक पहुँच पुरुषको तुलनामा कमजोर रहेको स्पष्ट पार्दछ।

शैक्षिक तहका आधारमा हेर्दा अपाङ्गता भएका व्यक्तिहरूमध्ये सबैभन्दा बढी १०३ जना अर्थात् ३६.९ प्रतिशत प्राथमिक तह (कक्षा १-५) सम्म पुगेका छन्। त्यसपछि ६० जना अर्थात् २१.५ प्रतिशत निम्न माध्यमिक, ४७ जना अर्थात् १६.८ प्रतिशत माध्यमिक, २५ जना अर्थात् ९.० प्रतिशत प्रमाणपत्र तह/१०+२, २० जना अर्थात् ७.२ प्रतिशत एस.एल.सी./एस.ई.ई., ७ जना अर्थात् २.५ प्रतिशत पूर्व प्राथमिक, ९ जना अर्थात् ३.३ प्रतिशत अनौपचारिक, ६ जना अर्थात् २.२ प्रतिशत स्नातक, र २ जना अर्थात् ०.७ प्रतिशत स्नातकोत्तर तहसम्म पुगेका छन्। यसले अपाङ्गता भएका व्यक्तिहरूको शैक्षिक उपलब्धि मुख्यतः आधारभूत तहमा केन्द्रित रहेको र उच्च शिक्षामा पहुँच निकै कम रहेको देखाउँछ।

जन्मस्थानका आधारमा अधिकांश अपाङ्गता भएका व्यक्तिहरू रुकुम पश्चिम जिल्लामै जन्मिएका छन्। कुल ६३७ जनामध्ये ६१४ जना अर्थात् ९७.३ प्रतिशत यही जिल्लामा जन्मिएका छन्। अन्य जिल्लामा जन्मिने १४ जना अर्थात् २.२ प्रतिशत र विदेशमा जन्मिएका ३ जना अर्थात् ०.५ प्रतिशत रहेका छन्। पुरुषतर्फ ९८.६ प्रतिशत र महिलातर्फ ९५.५ प्रतिशत व्यक्ति रुकुम पश्चिममै जन्मिएका छन्। यसले गाउँपालिकाको अपाङ्गता भएका जनसङ्ख्या मुख्यतः स्थानीय मूलको रहेको देखाउँछ।

रोजगारीको अवस्थाअनुसार १७१ जना अर्थात् ३०.७ प्रतिशत अपाङ्गता भएका व्यक्ति रोजगारमा रहेका छन् भने ८ जना अर्थात् १.४ प्रतिशत बेरोजगार रहेका छन्। त्यसैगरी १९० जना अर्थात् ३४.१ प्रतिशत आर्थिक रूपमा अक्सर निष्क्रिय, १८१ जना अर्थात् ३२.५ प्रतिशत आर्थिक रूपमा निष्क्रिय, र ७ जना अर्थात् १.३ प्रतिशतको अवस्था नखुलेको छ। पुरुषतर्फ रोजगारमा रहेका ३५.३ प्रतिशत छन् भने महिलातर्फ २४.१ प्रतिशत मात्र छन्। महिलामा आर्थिक रूपमा निष्क्रिय रहने प्रतिशत ३८.२ रहेको छ, जुन पुरुषको २८.६ प्रतिशतभन्दा बढी हो। यसले अपाङ्गता भएका महिलाको आर्थिक सहभागिता पुरुषको तुलनामा कमजोर रहेको देखाउँछ।

अपाङ्गता भएका रोगजार व्यक्तिहरू मध्ये सबैभन्दा बढी २९७ जना अर्थात् ८०.९ प्रतिशत घरायसी क्षेत्रमा संलग्न रहेका छन्। त्यसपछि ५७ जना अर्थात् १५.५ प्रतिशत गैरवित्तीय संस्थामा, ७ जना अर्थात् १.९ प्रतिशत नाफा नकमाउने संस्थामा, र ६ जना अर्थात् १.६ प्रतिशत सरकारी क्षेत्रमा कार्यरत रहेका छन्। पुरुष र महिला दुवैमा घरायसी क्षेत्रकै वर्चस्व रहेको देखिन्छ। यसले अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी मुख्यतः अनौपचारिक वा घरेलु प्रकृतिको क्षेत्रमा केन्द्रित रहेको संकेत गर्दछ।

१८ वर्षमुनिका अपाङ्ग बालबालिकाको बसोबासको अवस्थाअनुसार ११७ जना अर्थात् ८२.४ प्रतिशत आमा बाबु दुवैसँग बस्ने गरेका छन्। त्यसपछि १७ जना अर्थात् १२.० प्रतिशत आमासँग मात्र, ३ जना अर्थात् २.१ प्रतिशत बाबुसँग मात्र, २ जना अर्थात् १.४ प्रतिशत बाबु र सौतेनी आमासँग, तथा ३ जना अर्थात् २.१ प्रतिशत अन्य नातेदारसँग बस्ने गरेका छन्। पुरुष बालबालिकामा ७९.३ प्रतिशत र महिलामा ८६.७ प्रतिशत आमा बाबु दुवैसँग बस्ने गरेका छन्। यसले अधिकांश अपाङ्ग बालबालिका पारिवारिक संरक्षणभित्रै रहेका भए पनि केही बालबालिका एकल अभिभावक वा अन्य नातेदारको सहारामा रहेको देखाउँछ।

## ३.३ वालवालिका सम्बन्धी विवरण

यस उपखण्डमा बाँफिकोट गाउँपालिकाको ० देखि १७ वर्ष उमेर समूहका बालबालिकाको जनसांख्यिक अवस्था प्रस्तुत गरिएको छ। बालबालिकासम्बन्धी तथ्याङ्कले गाउँपालिकाको भावी जनशक्ति, शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण तथा बालअधिकारसम्बन्धी योजना तर्जुमा गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ। विशेषतः उमेर समूह र लिङ्गका आधारमा बालबालिकाको वितरण तथा लैङ्गिक अनुपातको विश्लेषणबाट गाउँपालिकामा बालमैत्री नीति, कार्यक्रम र सेवाको आवश्यकता पहिचान गर्न सहयोग पुग्दछ।

तालिका ३.९ : विभिन्न उमेर समूह अनुसार वालवालिकाको सङ्ख्या र लैङ्गिक अनुपात

| उमेर समूह | जम्मा | | वालक | | वालिका | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| **प्रारम्भिक बाल्यकाल (०-५ वर्ष)** | **२,८६७** | **३२.८** | **१,५२३** | **३४.६** | **१,३४४** | **३०.९** | **११३.३** |
| १ वर्ष मूनी | ४३३ | ४.९ | २४२ | ५.५ | १९१ | ४.४ | १२६.७ |
| ०१ वर्ष | ४३७ | ५.० | २४२ | ५.५ | १९५ | ४.५ | १२४.१ |
| ०२ वर्ष | ४७१ | ५.४ | २६७ | ६.१ | २०४ | ४.७ | १३०.९ |
| ०३ वर्ष | ४७४ | ५.४ | २३५ | ५.३ | २३९ | ५.५ | ९८.३ |
| ०४ वर्ष | ५१४ | ५.९ | २७० | ६.१ | २४४ | ५.६ | ११०.७ |
| ०५ वर्ष | ५३८ | ६.२ | २६७ | ६.१ | २७१ | ६.२ | ९८.५ |
| **मध्य बाल्यकाल (६-१२ वर्ष)** | **३,३२१** | **३८.०** | **१,६५१** | **३७.५** | **१,६७०** | **३८.४** | **९८.९** |
| ०६ वर्ष | ४५६ | ५.२ | २३१ | ५.२ | २२५ | ५.२ | १०२.७ |
| ०७ वर्ष | ४२२ | ४.८ | २०५ | ४.७ | २१७ | ५.० | ९४.५ |
| ०८ वर्ष | ४९९ | ५.७ | २६० | ५.९ | २३९ | ५.५ | १०८.८ |
| ०९ वर्ष | ४५९ | ५.२ | २१४ | ४.९ | २४५ | ५.६ | ८७.३ |
| १० वर्ष | ५०३ | ५.७ | २५३ | ५.७ | २५० | ५.८ | १०१.२ |
| ११ वर्ष | ४४३ | ५.१ | २११ | ४.८ | २३२ | ५.३ | ९०.९ |
| १२ वर्ष | ५३९ | ६.२ | २७७ | ६.३ | २६२ | ६.० | १०५.७ |
| **किशोर अवस्था (१३-१७ वर्ष)** | **२,५६१** | **२९.३** | **१,२२८** | **२७.९** | **१,३३३** | **३०.७** | **९२.१** |
| १३ वर्ष | ५१३ | ५.९ | २५६ | ५.८ | २५७ | ५.९ | ९९.६ |
| १४ वर्ष | ५२९ | ६.० | २५५ | ५.८ | २७४ | ६.३ | ९३.१ |
| १५ वर्ष | ५४३ | ६.२ | २६५ | ६.० | २७८ | ६.४ | ९५.३ |
| १६ वर्ष | ५३८ | ६.१ | २३७ | ५.४ | ३०१ | ६.९ | ७८.७ |
| १७ वर्ष | ४३८ | ५.० | २१५ | ४.९ | २२३ | ५.१ | ९६.४ |
| **कुल जम्मा (०-१७ वर्ष)** | **८,७४९** | **१००.०** | **४,४०२** | **१००.०** | **४,३४७** | **१००.०** | **१०१.३** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिका ३.९ अनुसार बाँफिकोट गाउँपालिकामा ० देखि १७ वर्ष उमेर समूहका कुल ८,७४९ जना बालबालिका रहेका छन्। तीमध्ये ४,४०२ जना अर्थात् ५०.३ प्रतिशत बालक र ४,३४७ जना अर्थात् ४९.७ प्रतिशत बालिका रहेका छन्। समग्र लैङ्गिक अनुपात १०१.३ रहेको छ, जसले कुल बालबालिका जनसङ्ख्यामा बालकको सङ्ख्या बालिकाभन्दा थोरै बढी रहेको देखाउँछ। उमेर समूहगत रूपमा हेर्दा मध्य बाल्यकाल (६-१२ वर्ष) का बालबालिका सबैभन्दा बढी ३,३२१ जना अर्थात् ३८.० प्रतिशत रहेका छन्। त्यसपछि प्रारम्भिक बाल्यकाल (०-५ वर्ष) का २,८६७ जना अर्थात् ३२.८ प्रतिशत र किशोर अवस्था (१३-१७ वर्ष) का २,५६१ जना अर्थात् २९.३ प्रतिशत रहेका छन्।

प्रारम्भिक बाल्यकालमा १,५२३ जना बालक र १,३४४ जना बालिका रहेका छन् भने लैङ्गिक अनुपात ११३.३ रहेको छ, जसले यस समूहमा बालकको सङ्ख्या उल्लेख्य रूपमा बढी रहेको देखाउँछ। मध्य बाल्यकालमा १,६५१ जना बालक र १,६७० जना बालिका

रहेका छन्, जहाँ लैङ्गिक अनुपात ९८.९ रहेको छ। यसले यस उमेर समूहमा बालिकाको सङ्ख्या केही बढी रहेको संकेत गर्दछ। त्यसैगरी किशोर अवस्थामा १,२२८ जना बालक र १,३३३ जना बालिका रहेका छन् र लैङ्गिक अनुपात ९२.१ रहेको छ, जसबाट किशोर उमेर समूहमा बालिकाको सङ्ख्या बालकभन्दा बढी रहेको देखिन्छ। समग्र रूपमा हेर्दा उमेर बढ्दै जाँदा लैङ्गिक अनुपातमा परिवर्तन देखिएको छ, जहाँ साना उमेर समूहमा बालकको सङ्ख्या बढी रहेको भए पनि माथिल्ला उमेर समूहमा बालिकाको हिस्सा तुलनात्मक रूपमा बढेको पाइन्छ।

सूक्ष्म रूपमा हेर्दा १५ वर्ष उमेर समूहमा सबैभन्दा बढी ५४३ जना बालबालिका रहेका छन्, जुन कुल बालबालिका जनसङ्ख्याको ६.२ प्रतिशत हो। त्यसपछि १२ वर्षमा ५३९ जना, ०५ वर्षमा ५३८ जना र १६ वर्षमा ५३८ जना बालबालिका रहेका छन्। यस्तै १ वर्षमुनि उमेर समूहमा ४३३ जना बालबालिका रहेका छन्, जुन सबैभन्दा कम सङ्ख्या भएको समूह हो। समग्र विश्लेषणबाट बाँफिकोट गाउँपालिकामा बालबालिकाको सङ्ख्या सबै उमेर समूहमा फैलिएको भए पनि विद्यालय उमेरका बालबालिकाको हिस्सा सबैभन्दा बढी रहेको देखिन्छ। यसले शिक्षा, बालस्वास्थ्य, किशोर लक्षित कार्यक्रम तथा बाल संरक्षणसम्बन्धी नीति निर्माणमा यस उमेर समूहलाई विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याउँछ।

**तालिका ३.१० : वालवालिकाको सामाजिक आर्थिक अवस्था**

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कुल जनसङ्ख्या | २१,०३३ | १०० | १०,१७४ | १०० | १०,८५९ | १०० |
| वालवालिकाको जनसङ्ख्या (१८ वर्ष मूनी) | ८,७४९ | ४१.६ | ४,४०२ | ४३.३ | ४,३४७ | ४०.० |
| जन्मदर्ताको अवस्था (५ वर्ष मूनीका बालबालिकाको) | ५३८ | १०० | २६७ | १०० | २७१ | १०० |
| जन्मदर्ता भएका | ४८९ | ९०.९ | २४२ | ९०.६ | २४७ | ९१.१ |
| जन्मदर्ता नभएका | ४९ | ९.१ | २५ | ९.४ | २४ | ८.९ |
| बसोबासको स्थिति (१८ वर्ष भन्दा मूनी) | ८,७४९ | १०० | ४,४०२ | १०० | ४,३४७ | १०० |
| आमा बाबु दुवैसँग बस्ने | ७,४२३ | ८४.८ | ३,७४८ | ८५.१ | ३,६७५ | ८४.५ |
| आमासँग मात्र बस्ने | ९८८ | ११.३ | ५१३ | ११.७ | ४७५ | १०.९ |
| बाबुसँग मात्र बस्ने | ८१ | ०.९ | ४४ | १. | ३७ | ०.९ |
| बाबु र सौतेनी आमासँग बस्ने | ३८ | ०.४ | २० | ०.५ | १८ | ०.४ |
| आमा र सौतेनी बाबुसँग बस्ने | ६ | ०.१ | २ | ० | ४ | ०.१ |
| अन्य नातेदारसँग बस्ने | १८५ | २.१ | ६६ | १.५ | ११९ | २.७ |
| अन्य | १६ | ०.२ | ५ | ०.१ | ११ | ०.३ |
| उल्लेख नभएको | १२ | ०.१ | ४ | ०.१ | ८ | ०.२ |
| वैवाहिक अवस्था (१० देखि १७ वर्ष सम्मका) | ४,०४६ | १०० | १,९६९ | १०० | २,०७७ | १०० |
| अविवाहित | ३,९०४ | ९६.५ | १,९४४ | ९८.७ | १,९६० | ९४.४ |
| विवाहित | १३९ | ३.४ | २४ | १.२ | ११५ | ५.५ |
| विधवा/विधुर | १ | ० | ० | ० | १ | ० |
| पारपाचुके | २ | ० | १ | ०.१ | १ | ० |
| छुट्टिएर बसेका | ० | ० | ० | ० | ० | ० |
| विवाह गर्दाको उमेर (१० देखि १७ वर्ष सम्मका) | १४२ | १०० | ३० | १०० | ११२ | १०० |

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० वर्षभन्दा कम | ० | ० | ० | ० | ० | ० |
| १०-१४ वर्ष | २१ | १४.८ | ० | ० | २१ | १८.८ |
| १५ - १७ वर्ष | १२१ | ८५.२ | ३० | १०० | ९१ | ८१.३ |
| अध्ययनरत र विद्यालय बाहिर रहेका (५ - १७ वर्ष) | ६,४२० | १०० | ३,१४६ | १०० | ३,२७४ | १०० |
| विद्यालय गईरहेका | ५,९८० | ९३.१ | २,९२८ | ९३.१ | ३,०५२ | ९३.२ |
| विगतमा विद्यालय गएका | ३१० | ४.८ | १५७ | ५. | १५३ | ४.७ |
| कहिल्यै विद्यालय नगएका | ८१ | १.३ | ४० | १.३ | ४१ | १.३ |
| उल्लेख नभएको | ४९ | ०.८ | २१ | ०.७ | २८ | ०.९ |
| शैक्षिक अवस्था (५ - १७ वर्ष सम्मक) | ६,४२० | १०० | ३,१४६ | १०० | ३,२७४ | १०० |
| साक्षर | ६,२८८ | ९७.९ | ३,०८६ | ९८.१ | ३,२०२ | ९७.८ |
| असाक्षर | १३२ | २.१ | ६० | १.९ | ७२ | २.२ |
| शैक्षिक तह (५ - १७ वर्ष सम्मक) | ६,३३० | १०० | ३,१०३ | १०० | ३,२२७ | १०० |
| पूर्व प्राथमिक | ५५४ | ८.८ | २७१ | ८.७ | २८३ | ८.८ |
| आधारभूत | ४,५१६ | ७१.३ | २,२४७ | ७२.४ | २,२६९ | ७०.३ |
| माध्यमिक (९-१२) | १,१६५ | १८.४ | ५३९ | १७.४ | ६२६ | १९.४ |
| अन्य | ५३ | ०.८ | २९ | ०.९ | २४ | ०.७ |
| उल्लेख नभएको | ४२ | ०.७ | १७ | ०.५ | २५ | ०.८ |
| वालवालिकाको जन्मस्थान | ६,४२० | १०० | ३,२२५ | १०० | ३,१९५ | १०० |
| रुकुम पश्चिम जिल्ला | ६,३७६ | ९९.३ | ३,२०७ | ९९.५ | ३,१६८ | ९९.२ |
| अन्य जिल्ला | २३ | ०.४ | ५ | ०.२ | १८ | ०.६ |
| विदेशमा जन्मिएका | २१ | ०.३ | १२ | ०.४ | ९ | ०.३ |
| वालश्रम (१० देखि १७ वर्ष ) | ४,०४६ | १०० | १,९६९ | १०० | २,०७७ | १०० |
| आर्थिक क्रियाकलापमा सक्रिय | २,४८१ | ६१.३ | १,२०२ | ६१. | १,२७९ | ६१.६ |
| आर्थिक क्रियाकलापमा निष्क्रिय | १,५५४ | ३८.४ | ७६२ | ३८.७ | ७९२ | ३८.१ |
| उल्लेख नभएको | ११ | ०.३ | ५ | ०.३ | ६ | ०.३ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका ३.१० ले बाँफिकोट गाउँपालिकाका बालबालिकाको सामाजिक तथा आर्थिक अवस्थासम्बन्धी विभिन्न महत्वपूर्ण तथ्याङ्क प्रस्तुत गरेको छ, जसअन्तर्गत बालबालिकाको कुल सङ्ख्या, जन्मदर्ताको अवस्था, बसोबासको स्थिति, वैवाहिक अवस्था, विवाह गर्दाको उमेर, अध्ययनको अवस्था, शैक्षिक स्थिति, शैक्षिक तह, जन्मस्थान तथा बालश्रमसम्बन्धी विवरण समेटिएको छ।

तालिकाअनुसार गाउँपालिकाको कुल २१,०३३ जनसङ्ख्यामध्ये ८,७४९ जना अर्थात् ४१.६ प्रतिशत बालबालिका रहेका छन्। तीमध्ये ४,४०२ जना बालक अर्थात् ४३.३ प्रतिशत र ४,३४७ जना बालिका अर्थात् ४०.० प्रतिशत रहेका छन्। यसले गाउँपालिकाको कुल जनसङ्ख्यामा बालबालिकाको हिस्सा उल्लेखनीय रहेको देखाउँछ। त्यसैगरी ५ वर्षमुनिका बालबालिकामध्ये ५३८ जनाको जन्मदर्ता

अवस्थाको विवरण दिइएको छ, जसमा ४८९ जना अर्थात् ९०.९ प्रतिशतको जन्मदर्ता भएको छ भने ४९ जना अर्थात् ९.१ प्रतिशतको जन्मदर्ता भएको छैन। यसले जन्मदर्ताको पहुँच राम्रो भए पनि सबै बालबालिकासम्म पूर्ण रूपमा पुग्न अझै बाँकी रहेको देखाउँछ।

बसोबासको अवस्थाअनुसार १८ वर्षमुनिका ८,७४९ बालबालिकामध्ये ७,४२३ जना अर्थात् ८४.८ प्रतिशत आमा बाबु दुवैसँग बस्ने गरेका छन्। त्यसपछि ९८८ जना अर्थात् ११.३ प्रतिशत आमासँग मात्र, ८१ जना अर्थात् ०.९ प्रतिशत बाबुसँग मात्र, ३८ जना अर्थात् ०.४ प्रतिशत बाबु र सौतेनी आमासँग, ६ जना अर्थात् ०.१ प्रतिशत आमा र सौतेनी बाबुसँग, तथा १८५ जना अर्थात् २.१ प्रतिशत अन्य नातेदारसँग बस्ने गरेका छन्। यसबाट अधिकांश बालबालिका पारिवारिक संरक्षणभित्र रहेका भए पनि केही बालबालिका एकल अभिभावक वा अन्य नातेदारको सहारामा रहेको देखिन्छ।

१० देखि १७ वर्ष उमेर समूहका ४,०४६ बालबालिकामध्ये ३,९०४ जना अर्थात् ९६.५ प्रतिशत अविवाहित रहेका छन् भने १३९ जना अर्थात् ३.४ प्रतिशत विवाहित रहेका छन्। विवाहितमध्ये पुरुष २४ जना अर्थात् १.२ प्रतिशत र महिला ११५ जना अर्थात् ५.५ प्रतिशत रहेका छन्। यसले किशोरीहरूमा बालविवाहको अवस्था बालकको तुलनामा बढी रहेको संकेत गर्दछ। विवाह गर्दाको उमेर हेर्दा १४२ विवाहित बालबालिकामध्ये १२१ जना अर्थात् ८५.२ प्रतिशतले १५-१७ वर्ष उमेरमा विवाह गरेका छन् भने २१ जना अर्थात् १४.८ प्रतिशतले १०-१४ वर्षमै विवाह गरेका छन्। महिलातर्फ १०-१४ वर्षमै विवाह गर्नेको सङ्ख्या २१ जना रहेको देखिएकाले बालविवाहको समस्या विशेषतः बालिकामा बढी रहेको बुझिन्छ।

अध्ययनको अवस्थाअनुसार ५ देखि १७ वर्ष उमेर समूहका ६,४२० बालबालिकामध्ये ५,९८० जना अर्थात् ९३.१ प्रतिशत विद्यालय गइरहेका छन्। त्यसैगरी ३१० जना अर्थात् ४.८ प्रतिशत विगतमा विद्यालय गएका, ८१ जना अर्थात् १.३ प्रतिशत कहिल्यै विद्यालय नगएका, तथा ४९ जना अर्थात् ०.८ प्रतिशतको अवस्था उल्लेख नभएको छ। यसबाट विद्यालय पहुँच राम्रो रहेको देखिए पनि केही बालबालिका अझै विद्यालय बाहिर रहेको अवस्था विद्यमान छ। शैक्षिक अवस्थाअनुसार यही उमेर समूहका ६,२८८ जना अर्थात् ९७.९ प्रतिशत साक्षर र १३२ जना अर्थात् २.१ प्रतिशत असाक्षर रहेका छन्। यसले बालबालिकामा साक्षरताको स्तर उच्च रहेको देखाउँछ।

शैक्षिक तहका आधारमा ६,३३० बालबालिकामध्ये ४,५१६ जना अर्थात् ७१.३ प्रतिशत आधारभूत तहमा अध्ययनरत रहेका छन्। त्यसपछि १,१६५ जना अर्थात् १८.४ प्रतिशत माध्यमिक तहमा, ५५४ जना अर्थात् ८.८ प्रतिशत पूर्व प्राथमिक तहमा, ५३ जना अर्थात् ०.८ प्रतिशत अन्य तहमा, तथा ४२ जना अर्थात् ०.७ प्रतिशतको अवस्था उल्लेख नभएको छ। यसले बालबालिकाको ठूलो हिस्सा आधारभूत तहमा केन्द्रित रहेको देखाउँछ। जन्मस्थानका आधारमा ६,४२० बालबालिकामध्ये ६,३७६ जना अर्थात् ९९.३ प्रतिशत रुकुम पश्चिम जिल्लामै जन्मिएका छन् भने २३ जना अर्थात् ०.४ प्रतिशत अन्य जिल्लामा र २१ जना अर्थात् ०.३ प्रतिशत विदेशमा जन्मिएका छन्। यसले अधिकांश बालबालिका स्थानीय मूलका रहेको स्पष्ट पार्दछ।

बालश्रमसम्बन्धी अवस्थाअनुसार १० देखि १७ वर्ष उमेर समूहका ४,०४६ बालबालिकामध्ये २,४८१ जना अर्थात् ६१.३ प्रतिशत वालवालिका कुनै न कुनै आर्थिक क्रियाकलापमा सक्रिय रहेका छन् भने १,५५४ जना अर्थात् ३८.४ प्रतिशत आर्थिक क्रियाकलापमा निष्क्रिय रहेका छन्। पुरुषतर्फ ६१.० प्रतिशत र महिलातर्फ ६१.६ प्रतिशत बालबालिका आर्थिक क्रियाकलापमा सक्रिय रहेको देखिन्छ। यसबाट किशोर उमेर समूहका उल्लेख्य सङ्ख्यामा बालबालिका कुनै न कुनै आर्थिक क्रियाकलापमा संलग्न रहेको देखिएकाले बालश्रम, शिक्षा निरन्तरता र बालअधिकारका दृष्टिले यस विषयमा विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

## ३.४ बुढ्यौली जनसङ्ख्याको अवस्था

यस उपखण्डमा बाँफिकोट गाउँपालिकाको बुढ्यौली जनसङ्ख्याको अवस्था प्रस्तुत गरिएको छ। बुढ्यौली जनसङ्ख्यासम्बन्धी तथ्याङ्कले गाउँपालिकाको जनसांख्यिक संरचनामा आएको परिवर्तन, आश्रित जनसङ्ख्याको भार, सामाजिक सुरक्षा आवश्यकता तथा ज्येष्ठ नागरिकमैत्री नीति तथा कार्यक्रम निर्माणका लागि महत्वपूर्ण आधार प्रदान गर्दछ। विशेषतः ६० वर्ष, ६५ वर्ष र ७० वर्षभन्दा माथिका जनसङ्ख्याको अवस्था, लिङ्गगत वितरण, लैङ्गिक अनुपात, वृद्ध आश्रित अनुपात तथा बुढ्यौली सूचकको विश्लेषणबाट गाउँपालिकामा वृद्धजनको सङ्ख्या र त्यसको प्रभावबारे स्पष्ट जानकारी प्राप्त हुन्छ।

**तालिका ३.११ : बाँफिकोट गाउँपालिकाको बुढ्यौली जनसङ्ख्या सम्बन्धी विवरण**

| विवरण | | जनगणना वर्ष | | परिवर्तन | |
|---|---|---|---|---|---|
| | | वि.सं.२०६८ | वि.सं.२०७८ | सङ्ख्या | प्रतिशत |
| कुल जनसङ्ख्या | | १८,६९६ | २१,०३३ | २,३३७ | १२.५ |
| ६० वर्ष भन्दा माथिका जनसङ्ख्या | जम्मा | १,१२९ | १,६४९ | ५२० | ४६.१ |
| | पुरूष | ५७८ | ८०६ | २२८ | ३९.४ |
| | महिला | ५५१ | ८४३ | २९२ | ५३.० |
| | लैङ्गिक अनुपात | १०४.९ | ९५.६ | - | -९.३ |
| ६५ वर्ष भन्दा माथिका जनसङ्ख्या | जम्मा | ६३७ | १,०३९ | ४०२ | ६३.१ |
| | पुरूष | ३५० | ५१४ | १६४ | ४६.९ |
| | महिला | २८७ | ५२५ | २३८ | ८२.९ |
| | लैङ्गिक अनुपात | १२२ | ९७.९ | - | -२४.१ |
| ७० वर्ष भन्दा माथिक जनसङ्ख्या | जम्मा | ३४७ | ६१६ | २६९ | ७७.५ |
| | पुरूष | १८६ | ३०५ | ११९ | ६४.० |
| | महिला | १६१ | ३११ | १५० | ९३.२ |
| | लैङ्गिक अनुपात | ११५.५ | ९८.१ | - | -१७.४ |
| बृद्ध आश्रित अनुपात | | ११.९ | १३.६ | - | १.७ |
| बुढ्यौली सूचक (Aging Index) | | १४ | २२.८ | - | ८.८ |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का. ।*

तालिका ३.११ अनुसार बाँफिकोट गाउँपालिकामा वि.सं. २०६८ देखि २०७८ सम्म कुल जनसङ्ख्या १२.५ प्रतिशतले मात्र बढेको देखिन्छ, तर बुढ्यौली जनसङ्ख्याको वृद्धि दर निकै उच्च रहेको छ। ६० वर्षभन्दा माथिको जनसङ्ख्या ४६.१ प्रतिशतले, ६५ वर्षभन्दा माथिको जनसङ्ख्या ६३.१ प्रतिशतले र ७० वर्षभन्दा माथिको जनसङ्ख्या ७७.५ प्रतिशतले वृद्धि भएको छ। यसले गाउँपालिकामा वृद्ध उमेर समूहको हिस्सा तीव्र रूपमा बढ्दै गएको संकेत गर्दछ। विशेषगरी महिला वृद्ध जनसङ्ख्याको वृद्धि पुरुषको तुलनामा बढी देखिएको छ, जसका कारण सबै उमेर समूहमा लैङ्गिक अनुपात घटेको छ। वृद्ध आश्रित अनुपात ११.९ बाट १३.६ मा पुगेको छ भने बुढ्यौली सूचक १४ बाट २२.८ मा वृद्धि भएको छ। यसबाट बालबालिकाको तुलनामा वृद्ध जनसङ्ख्याको अनुपात बढ्दै गएको र भविष्यमा स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, वृद्धमैत्री पूर्वाधार तथा पारिवारिक हेरचाह प्रणालीमा थप दबाब पर्न सक्ने देखिन्छ।

**तालिका ३.१२ : बुढ्यौली जनसङ्ख्याको सामाजिक आर्थिक अवस्था**

| विवरण | | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० वर्ष भन्दा माथिका कुल जनसङ्ख्या | | **१,६४९** | **१००.०** | **८०६** | **४८.९** | **८४३** | **५१.१** |
| परिवारमूलीको रूपमा रहेका | | ७९५ | १७.३ | ५९२ | १८.१ | २०३ | १५.२ |
| साक्षरता दर | | | १२.२ | | २०.८ | | ३.९ |
| अपाङ्गता भएका | | १९३ | ३०.३ | ९५ | २६.० | ९८ | ३६.२ |
| बैवाहिक स्थिती | | | | | | | |
| | अविवाहित | १६ | १.० | १८ | २.२ | ५ | ०.६ |
| | विवाहित | १,२०१ | ७२.८ | ६६९ | ८२.२ | ५३२ | ६३.१ |
| | एकल (विधुर/विधवा) | ४२५ | २५.८ | १२४ | १५.२ | ३०१ | ३५.७ |

| विवरण | | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | पारपाचुके | १ | ०.१ | १ | ०.१ | १ | ०.१ |
| | छुट्टिएको | ६ | ०.४ | २ | ०.२ | ४ | ०.५ |
| विवाह गर्दाको उमेर | | | | | | | |
| | १० वर्ष भन्दा कम | १ | ०.१ | ० | ०.० | १ | ०.१ |
| | १० - १४ वर्ष | १२७ | ७.८ | ३४ | ४.३ | ९३ | ११.१ |
| | १५ - १७ वर्ष | ५०७ | ३१.० | १६१ | २०.३ | ३४६ | ४१.३ |
| | १८ - २० वर्ष | ५६१ | ३४.४ | २९६ | ३७.२ | २६५ | ३१.६ |
| | २१ - २४ वर्ष | २२८ | १४.० | १५१ | १९.० | ७७ | ९.२ |
| | २५ - २९ वर्ष | १४३ | ८.८ | १०० | १२.६ | ४३ | ५.१ |
| | ३० - ३४ वर्ष | ३३ | २.० | २९ | ३.६ | ४ | ०.५ |
| | ३५ - ३९ वर्ष | १५ | ०.९ | १२ | १.५ | ३ | ०.४ |
| | ४० - ४४ वर्ष | ५ | ०.३ | ४ | ०.५ | १ | ०.१ |
| | ४५ - ४९ वर्ष | १ | ०.१ | १ | ०.१ | ० | ०.० |
| | ५० वर्ष वा सोभन्दा माथि | ० | ०.० | ० | ०.० | ० | ०.० |
| | उल्लेख नगरिएको | १२ | ०.७ | ७ | ०.९ | ५ | ०.६ |
| आर्थिक सक्रियता | | | | | | | |
| | आर्थिक क्रियाकलापमा सक्रिय | १,०४६ | ६३.४३ | ५४० | ६७.०० | ५०६ | ६०.०२ |
| | आर्थिक क्रियाकलापमा निष्क्रिय | ५९९ | ३६.३३ | २६४ | ३२.७५ | ३३५ | ३९.७४ |
| | उल्लेख नभएको | ४ | ०.२४ | २ | ०.२५ | २ | ०.२४ |
| आर्थिक रुपमा निष्कृय हुनुका कारण | | | | | | | |
| | घरायसी कामकाज | १६१ | १३.९ | ४४ | ८.९ | ११७ | १७.६ |
| | पारिवारिक हेरचाह | ४५ | ३.९ | २२ | ४.५ | २३ | ३.५ |
| | बुढ्यौली | ७०९ | ६१.३ | ३०४ | ६१.५ | ४०५ | ६१.१ |
| | अशक्त | ६७ | ५.८ | ३७ | ७.५ | ३० | ४.५ |
| | पेन्सन | ३३ | २.९ | १९ | ३.८ | १४ | २.१ |
| | अन्य | १३९ | १२.० | ६६ | १३.४ | ७३ | ११.० |
| | नखुलेको | ३ | ०.३ | २ | ०.४ | १ | ०.२ |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का. ।*

तालिका ३.१२ अनुसार बाँफिकोट गाउँपालिकाको कुल जनसङ्ख्या वि.सं. २०६८ मा १८,६९६ रहेकोमा वि.सं. २०७८ मा २१,०३३ पुगेको छ। यस अवधिमा कुल जनसङ्ख्या २,३३७ ले बढेको छ, जुन १२.५ प्रतिशत वृद्धि हो। सोही अवधिमा ६० वर्षभन्दा माथिका जनसङ्ख्या १,१२९ बाट बढेर १,६४९ पुगेको छ। यो ५२० जनाको वृद्धि हो, जुन ४६.१ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसमध्ये पुरुष ५७८ बाट ८०६ पुगेका छन् भने महिला ५५१ बाट ८४३ पुगेका छन्। पुरुषको तुलनामा महिलाको वृद्धि दर ५३.० प्रतिशत रहेको छ, जुन पुरुषको ३९.४ प्रतिशतभन्दा बढी हो। यसले गाउँपालिकामा बुढ्यौली जनसङ्ख्या विशेषगरी महिलातर्फ बढी दरले बढिरहेको देखाउँछ।

त्यसैगरी ६५ वर्षभन्दा माथिका जनसङ्ख्या वि.सं. २०६८ मा ६३७ रहेकोमा वि.सं. २०७८ मा १,०३९ पुगेको छ, अर्थात् ४०२ जनाले वृद्धि भई ६३.१ प्रतिशतले बढेको छ। यस समूहमा पुरुष ३५० बाट ५१४ पुगेका छन् भने महिला २८७ बाट ५२५ पुगेका छन्। महिलाको वृद्धि दर ८२.९ प्रतिशत रहेको छ, जुन पुरुषको ४६.९ प्रतिशतभन्दा निकै बढी हो। यस्तै ७० वर्षभन्दा माथिका जनसङ्ख्या ३४७ बाट ६१६ पुगेको छ, जुन २६९ जनाको वृद्धि र ७७.५ प्रतिशतको वृद्धिदर हो। यस समूहमा पुरुष १८६ बाट ३०५ र महिला १६१ बाट ३११

पुगेका छन् । यहाँ पनि महिलाको वृद्धि दर ९३.२ प्रतिशत रहेको छ, जुन पुरुषको ६४.० प्रतिशतभन्दा बढी हो । यसले उच्च उमेर समूहमा महिलाको सङ्ख्या तीव्र रूपमा बढ्दै गएको देखाउँछ ।

लैङ्गिक अनुपातको दृष्टिले ६० वर्षभन्दा माथिका जनसङ्ख्यामा वि.सं. २०६८ मा १०४.९ रहेको अनुपात वि.सं. २०७८ मा घटेर ९५.६ पुगेको छ । त्यसैगरी ६५ वर्षभन्दा माथि १२२ बाट ९७.९ र ७० वर्षभन्दा माथि ११५.५ बाट ९८.१ मा झरेको छ । यसले वृद्ध उमेर समूहमा महिलाको सङ्ख्या पुरुषको तुलनामा बढी हुँदै गएको संकेत गर्दछ । साथै वृद्ध आश्रित अनुपात ११.९ बाट १३.६ पुगेको छ भने बुढ्यौली सूचक १४ बाट २२.८ पुगेको छ । यी दुवै सूचकमा आएको वृद्धिले गाउँपालिकामा बुढ्यौली जनसङ्ख्याको हिस्सा बढ्दै गएको र त्यसका कारण आश्रित भार तथा सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र हेरचाहसम्बन्धी आवश्यकता अझ बढी महत्वपूर्ण बन्दै गएको देखाउँछ ।

## खण्ड ४: घरपरिवार तथा पारिवारिक जीवनस्तर

यस खण्डमा बाँफिकोट गाउँपालिकाका घरपरिवारको आवासीय अवस्था, भौतिक संरचना, आधारभूत सेवा सुविधा तथा पारिवारिक जीवनस्तरसँग सम्बन्धित विभिन्न पक्षहरूसँग सम्बन्धित तथ्याङ्कहरू प्रस्तुत गरिएको छ । यस अन्तर्गत घरको बनावट र स्वामित्व, परिवार सङ्ख्या तथा घनत्व, घरको छानोको प्रकार, खानेपानीको मुख्य स्रोत, खाना पकाउने इन्धन, बत्तीको प्रयोग, चर्पीको प्रकार तथा घरपरिवारमा उपलब्ध आधारभूत सुविधासम्बन्धी तथ्याङ्क समेटिएका छन् । यस्ता विवरणहरूले गाउँपालिकाको जीवनस्तर, सेवा पहुँच, भौतिक सुविधा, सरसफाइ अवस्था तथा समग्र सामाजिक-आर्थिक स्थितिको मूल्याङ्कन गर्न महत्वपूर्ण आधार प्रदान गर्दछन् । साथै यी सूचनाहरू स्थानीय योजना तर्जुमा, पूर्वाधार विकास, सेवा विस्तार तथा जीवनस्तर सुधारसम्बन्धी कार्यक्रम निर्माणका लागि उपयोगी मानिन्छन् ।

### ४.१ घरपरिवार तथा परिवारको आवास (घरको बनावट/भौतिक अवस्था) सम्बन्धी विवरण

घरपरिवारको आवास अवस्था जीवनस्तर मापन गर्ने महत्वपूर्ण आधार हो। सुरक्षित, मजबुत र सुविधायुक्त घरले परिवारको स्वास्थ्य, सुरक्षा र दैनिक जीवनयापनमा प्रत्यक्ष प्रभाव पार्दछ। घरको बनावट, छाना, भित्ता, जग, तला, स्वामित्वको अवस्था तथा बसोबासको प्रकृतिले कुनै पनि क्षेत्रको आर्थिक तथा सामाजिक अवस्था झल्काउँछ। यस उपखण्डमा बाँफिकोट गाउँपालिकाका घरपरिवारको आवासको भौतिक अवस्था, घर निर्माणमा प्रयोग भएका सामग्री, बसोबासको स्वरूप तथा आवासीय सुविधासम्बन्धी विवरण प्रस्तुत गरिएको छ। यसबाट गाउँपालिकामा सुरक्षित आवासको अवस्था, परम्परागत तथा आधुनिक घरको अनुपात र आवास सुधारका लागि आवश्यक क्षेत्र पहिचान गर्न सहयोग पुग्दछ।

तालिका ४.१ : परिवार सङ्ख्या र परिवार घनत्त्व

| क्र.स. | विवरण | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | १०५८ | सङ्ख्या | प्रतिशत |
| १. | कुल परिवार सङ्ख्या | ३,७४७ | ४,६०७ | ८६० | २३.० |
| २. | परिवार घनत्त्व | १९.७ | २४.२ | ४.५ | २३.० |
| ३. | परिवारको औषत आकार | ४.९९ | ४.६ | -०.४ | -८.५ |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का. ।*

तालिका ४.१ अनुसार बाँफिकोट गाउँपालिकामा वि.सं. २०६८ देखि २०७८ सम्म परिवार सङ्ख्या तथा परिवार घनत्त्वमा वृद्धि भएको देखिन्छ । कुल परिवार सङ्ख्या ३,७४७ बाट बढेर ४,६०७ पुगेको छ, अर्थात् ८६० परिवारले वृद्धि भई २३.० प्रतिशतले बढेको छ । त्यसैगरी परिवार घनत्त्व १९.७ बाट बढेर २४.२ पुगेको छ, जसमा ४.५ बिन्दुको वृद्धि भएको देखिन्छ । यसले गाउँपालिकामा परिवारको सङ्ख्या मात्र नभई निश्चित क्षेत्रमा परिवारको बसोबासको चाप पनि बढ्दै गएको संकेत गर्दछ । तर परिवारको औषत आकार भने घटेको देखिन्छ । वि.सं. २०६८ मा ४.९९ रहेको परिवारको औषत आकार वि.सं. २०७८ मा घटेर ४.६ पुगेको छ । यसरी औषत परिवार आकार ०.४ ले घटेको छ, जुन ८.५ प्रतिशतले कमी आएको अवस्था हो । समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा परिवार सङ्ख्या र परिवार घनत्त्व बढ्दै गएको भए पनि प्रति परिवार सदस्य सङ्ख्या भने घट्दो प्रवृत्तिमा रहेको देखिन्छ ।

तालिका ४.२ : परिवारले प्रयोग गर्ने घरको स्वामित्त्व

| क्र.स. | घर वा आवासीय ईकाइको स्वामित्व | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| १. | आफ्नै | ३,६५७ | ४,४९३ | ८३६ | २२.९ |
| २. | भाडामा | ६१ | ८३ | २२ | ३६.१ |
| ३. | संस्थागत | ० | ५ | ५ | ० |
| ४. | अन्य | २९ | २६ | -३ | -१०.३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | **३,७४७** | **४,६०७** | **८६०** | **२३.०** |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का. ।*

तालिका ४.२ अनुसार बाँफिकोट गाउँपालिकामा परिवारले प्रयोग गर्ने घरको स्वामित्वमा आफ्नै घरको स्पष्ट वर्चस्व रहेको देखिन्छ। वि.सं. २०६८ मा आफ्नै स्वामित्वका घर प्रयोग गर्ने परिवार सङ्ख्या ३,६५७ रहेकोमा वि.सं. २०७८ मा बढेर ४,४९३ पुगेको छ। यसरी ८३६ परिवारले वृद्धि भई २२.९ प्रतिशतले बढेको देखिन्छ । यसले गाउँपालिकामा अधिकांश परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेको र यस्तो प्रवृत्ति समयसँगै अझ बलियो हुँदै गएको संकेत गर्दछ। त्यसैगरी भाडामा बस्ने परिवार ६१ बाट ८३ पुगेका छन्, अर्थात् २२ परिवारले वृद्धि भई ३६.१ प्रतिशतले बढेको छ। संस्थागत स्वामित्वका आवासीय इकाइ २०६८ मा शून्य रहेकोमा २०७८ मा ५ पुगेको देखिन्छ । समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा परिवार सङ्ख्या बढ्दै जाँदा आफ्नै स्वामित्वका घरको सङ्ख्या पनि उल्लेखनीय रूपमा बढेको र आवासीय स्थायित्वको अवस्था तुलनात्मक रूपमा सुदृढ रहेको देखिन्छ।

तालिका ४.३ : घरपरिवारले प्रयोग गर्ने घरको जगको बनोट अनुसार परिवार सङ्ख्या

| क्र.स. | घरको जगको बनोट | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| १. | माटोले जोडिएको ईट्टा/ढुङ्गा | ३,७०३ | ४,३९२ | ६८९ | १८.६ |
| २. | सिमेन्टले जोडिएको ईट्टा/ढुङ्गा | १४ | १३४ | १२० | ८५७.१ |
| ३. | आर.सी.सी. (पिल्लरसहित) | १ | ७० | ६९ | ६,९००.० |
| ४. | काठको पिल्लर | ६ | ११ | ५ | ८३.३ |
| ५. | उल्लेख नभएको | २३ | ० | -२३.० | -१००.० |
| | **जम्मा** | **३,७४७** | **४,६०७** | **८६०** | **२३.०** |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का. ।*

तालिका ४.३ अनुसार बाँफिकोट गाउँपालिकामा घरपरिवारले प्रयोग गर्ने घरको जगको बनोटमा वि.सं. २०६८ देखि २०७८ सम्म केही महत्वपूर्ण परिवर्तन देखिएको छ। कुल परिवार सङ्ख्या ३,७४७ बाट बढेर ४,६०७ पुगेको छ, अर्थात् ८६० परिवारले वृद्धि भई २३.० प्रतिशतले बढेको छ। सबैभन्दा बढी परिवार अझै पनि माटोले जोडिएको ईट्टा/ढुङ्गाको जग भएका घरमा बसोबास गरिरहेका छन्। यस्तो प्रकारका घरको सङ्ख्या ३,७०३ बाट बढेर ४,३९२ पुगेको छ, जुन ६८९ ले वृद्धि भई १८.६ प्रतिशतले बढेको हो। यसले गाउँपालिकामा परम्परागत जग संरचना अझै प्रमुख रहेको देखाउँछ।

त्यसैगरी सिमेन्टले जोडिएको ईट्टा/ढुङ्गाको जग भएका घर १४ बाट बढेर १३४ पुगेका छन्, जुन १२० ले वृद्धि भई ८५७.१ प्रतिशतले बढेको हो। आर.सी.सी. (पिल्लरसहित) जग भएका घर १ बाट ७० पुगेका छन्, जसमा ६९ घरले वृद्धि भएको देखिन्छ। काठको पिल्लर भएका घर ६ बाट ११ पुगेका छन्, अर्थात् ५ घरले वृद्धि भई ८३.३ प्रतिशतले बढेको छ। उल्लेख नभएको श्रेणीका घर भने २३ बाट शून्यमा झरेका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा माटोले जोडिएको जगको वर्चस्व कायम रहे पनि सिमेन्ट र आर.सी.सी. जस्ता तुलनात्मक रूपमा मजबुत र आधुनिक जग भएका घरको सङ्ख्या बढ्दै गएको देखिन्छ।

तालिका ४.४ : परिवारले प्रयोग गर्ने घरको बाहिरी गारोको बनावट

| क्र.स. | घरको बाहिरी गारोको बनोट | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| १. | माटोले जोडिएको ईँटा/ढुङ्गा प्रयोग भएको | ३,६७४ | ४,१३६ | ४६२ | १२.६ |
| २. | सिमेन्टले जोडिएको ईँटा/ढुङ्गा प्रयोग भएको | ३२ | ४५४ | ४२२ | १,३१८.८ |
| ३. | काठ/फलेक | १८ | १२ | -६ | -३३.३ |
| ४. | बाँस | ० | १ | १ | - |
| ५. | काँचो ईँटा | ० | ० | ० | - |
| ६. | जस्तापाता | ० | ४ | ४ | - |

| क्र.स. | घरको बाहिरी गारोको बनोट | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| ७. | प्रिफ्याब पाता (Prefabricated) | ० | ० | ० | - |
| ८. | अन्य/उल्लेख नगरिएको | २३ | ० | -२३ | -१००.० |
| | **जम्मा** | **३,७४७** | **४,६०७** | **८६०** | **२३.०** |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का.।*

तालिकाअनुसार बाँफिकोट गाउँपालिकामा परिवारले प्रयोग गर्ने घरको बाहिरी गारोको बनावटमा वि.सं. २०६८ देखि २०७८ बीच केही महत्वपूर्ण परिवर्तन देखिएको छ। कुल परिवार सङ्ख्या ३,७४७ बाट बढेर ४,६०७ पुगेको छ, अर्थात् ८६० परिवारले वृद्धि भई २३.० प्रतिशतले बढेको छ। सबैभन्दा बढी परिवार अझै पनि माटोले जोडिएको ईँटा/ढुङ्गा प्रयोग भएका घरमा बसोबास गरिरहेका छन्। यस्तो प्रकारका घरको सङ्ख्या ३,६७४ बाट बढेर ४,१३६ पुगेको छ, जुन ४६२ ले वृद्धि भई १२.६ प्रतिशतले बढेको हो। यसले गाउँपालिकामा परम्परागत निर्माण शैली अझै प्रमुख रहेको देखाउँछ।

त्यसैगरी सिमेन्टले जोडिएको ईँटा/ढुङ्गा प्रयोग भएका घरको सङ्ख्या ३२ बाट बढेर ४५४ पुगेको छ। यो ४२२ घरले वृद्धि भएको हो, जुन १,३१८.८ प्रतिशतको अत्यधिक वृद्धि हो। यसले गाउँपालिकामा तुलनात्मक रूपमा पक्की तथा टिकाउ घर निर्माणतर्फ उल्लेखनीय परिवर्तन भएको संकेत गर्दछ। विपरीत रूपमा काठ/फलेक प्रयोग भएका घर १८ बाट १२ मा झरेका छन्, अर्थात् ६ ले घटेर ३३.३ प्रतिशतले कमी आएको छ। बाँस प्रयोग भएका घर २०७८ मा १ मात्र देखिएको छ भने २०६८ मा यस्तो घर थिएन। जस्तापाता प्रयोग भएका घर २०७८ मा ४ देखिएका छन्, जबकि २०६८ मा थिएनन्। काँचो ईँटा र प्रिफ्याब पाताका घर दुवै वर्षमा शून्य नै रहेका छन्।

**तालिका ४.५ : घरको छानोको प्रकार अनुसारको परिवार सङ्ख्या**

| क्र.स. | घरको छानोको बनोट | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| १. | खर/पराल/छ्वाली | २,५७५ | ५९५ | -१,९८० | -७६.९ |
| २. | जस्तापाता | ३७७ | ३,३६७ | २,९९० | ७९३.१ |
| ३. | टायल/ढुङ्गा/स्लेट | ७७१ | ५१८ | -२५३ | -३२.८ |
| ४. | आर.सी.सी. (ढलान) | १ | १२५ | १२४ | १२,४००.० |
| ५. | काठ/फ्ल्याक | १ | १ | ० | ०.० |
| ६. | माटो | ० | ० | ० | ० |
| ७. | अन्य/उल्लेख नगरिएको | २२ | १ | -२१ | -९५.५ |
| | **जम्मा** | **३,७४७** | **४,६०७** | **८६०** | **२३.०** |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का.।*

तालिकाअनुसार बाँफिकोट गाउँपालिकामा घरको छानोको बनोटमा वि.सं. २०६८ देखि २०७८ बीच उल्लेखनीय परिवर्तन आएको देखिन्छ। कुल परिवार सङ्ख्या ३,७४७ बाट बढेर ४,६०७ पुगेको छ, अर्थात् ८६० परिवारले वृद्धि भई २३.० प्रतिशतले बढेको छ। २०६८ मा सबैभन्दा बढी परिवार खर/पराल/छ्वालीको छानो भएका घरमा बसोबास गर्ने गरेका थिए, जसको सङ्ख्या २,५७५ रहेको थियो। तर २०७८ मा यस्तो घरको सङ्ख्या घटेर ५९५ मा सीमित भएको छ। यसरी १,९८० घरले कमी आई ७६.९ प्रतिशतले घटेको देखिन्छ। यसले परम्परागत छाना भएका घरहरू क्रमशः घट्दै गएको संकेत गर्दछ।

त्यसैगरी जस्तापाताको छानो भएका घरको सङ्ख्या ३७७ बाट बढेर ३,३६७ पुगेको छ, जुन २,९९० घरले वृद्धि भई ७९३.१ प्रतिशतले बढेको हो। यसले गाउँपालिकामा जस्तापाताको छानो सबैभन्दा बढी प्रचलित भएको देखाउँछ। टायल/ढुङ्गा/स्लेटको छानो भएका घर ७७१ बाट घटेर ५१८ मा पुगेका छन्, अर्थात् २५३ घरले कमी आई ३२.८ प्रतिशतले घटेका छन्। आर.सी.सी. (ढलान) छानो भएका घरको सङ्ख्या १ बाट बढेर १२५ पुगेको छ, जुन १२४ घरले वृद्धि भएको हो। यद्यपि आधार सङ्ख्या न्यून भएकाले प्रतिशत वृद्धि १२,४००.० देखिएको छ। काठ/फ्ल्याक छानो भएका घरको सङ्ख्या दुवै वर्षमा १ नै रहेको छ भने माटोको छानो भएका घर दुवै वर्षमा

शून्य रहेका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा परम्परागत छानोको प्रयोग घट्दै गएको र जस्तापाता तथा आर.सी.सी.जस्ता तुलनात्मक रूपमा आधुनिक र टिकाउ छानोतर्फ परिवारहरू आकर्षित हुँदै गएको देखिन्छ।

**तालिका ४.६ : बाँफिकोट गाउँपालिकामा रहेका घर (भवन) सङ्ख्या**

| क्र.स. | घर (भवन)को प्रयोग | घर (भवन) | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| १. | आवासीय | ४,२६५ | ७२.७ |
| २. | व्यापार तथा व्यवसायिक | ६६ | १.१ |
| ३. | सरकारी | ३० | ०.५ |
| ४. | शैक्षिक | ७८ | १.३ |
| ५. | स्वास्थ्य | ११ | ०.२ |
| ६. | औद्योगिक | ३ | ०.१ |
| ७. | संस्थागत | १५ | ०.३ |
| ८. | होटल तथा लज | २ | ०.० |
| ९. | गोठ / भण्डार | ७४१ | १२.६ |
| १०. | अन्य | १०७ | १.८ |
| ११. | खाली (प्रयोग नगरिएका) | ५४६ | ९.३ |
| | कुल घर (भवन) संरचना | ५,८६४ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिकाअनुसार बाँफिकोट गाउँपालिकामा कुल ५,८६४ वटा घर (भवन) संरचना रहेका छन्। तीमध्ये सबैभन्दा बढी ४,२६५ वटा अर्थात् ७२.७ प्रतिशत घर आवासीय प्रयोजनका रहेका छन्। यसले गाउँपालिकामा अधिकांश भवनहरू बसोबासका लागि प्रयोग भइरहेका छन् भन्ने देखाउँछ। त्यसपछि ७४१ वटा अर्थात् १२.६ प्रतिशत भवन गोठ/भण्डारका रूपमा रहेका छन्, जसले ग्रामीण जीवनशैली र कृषि तथा पशुपालनसँग सम्बन्धित उपयोगलाई संकेत गर्दछ। त्यसैगरी ५४६ वटा अर्थात् ९.३ प्रतिशत घर खाली वा प्रयोगविहीन अवस्थामा रहेका छन्, जुन पनि उल्लेखनीय हिस्सा हो।

अन्य प्रयोजनतर्फ हेर्दा १०७ वटा अर्थात् १.८ प्रतिशत भवन अन्य प्रयोजनमा, ७८ वटा अर्थात् १.३ प्रतिशत शैक्षिक, ६६ वटा अर्थात् १.१ प्रतिशत व्यापार तथा व्यवसायिक, ३० वटा अर्थात् ०.५ प्रतिशत सरकारी, १५ वटा अर्थात् ०.३ प्रतिशत संस्थागत, ११ वटा अर्थात् ०.२ प्रतिशत स्वास्थ्य, ३ वटा अर्थात् ०.१ प्रतिशत औद्योगिक र २ वटा भवन होटल तथा लजका रूपमा रहेका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा घर (भवन) को प्रयोग मुख्यतः आवासीय रहेको छ भने सीमित मात्रामा शैक्षिक, प्रशासनिक, व्यवसायिक तथा अन्य संस्थागत प्रयोजनका भवनहरू रहेका छन्।

**तालिका ४.७ : घरको तला सङ्ख्या**

| क्र.स. | घरमा भएका तल्ला सङ्ख्या | (घर)भवन सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १ तल्ला | २,३४९ | ४०.१ |
| २. | २ तल्ला | ३,४३९ | ५८.६ |
| ३. | ३ तल्ला | ५६ | १.० |
| ४. | ४ तल्ला | १४ | ०.२ |
| ५. | ५-७ तल्ला | ० | ०.० |
| ६. | ८-९ तल्ला | ० | ०.० |
| ७. | १०+ तल्ला | ० | ०.० |
| ८. | उल्लेख नगरिएको | ६ | ०.१ |
| | कुल जम्मा | ५,८६४ | १००.० |

स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।

तालिका नं. ४.७ अनुसार बाँफिकोट गाउँपालिकामा कुल ५,८६४ वटा घर/भवन रहेका छन् । तीमध्ये सबैभन्दा बढी ३,४३९ वटा अर्थात् ५८.६ प्रतिशत घर दुई तल्लाका रहेका छन्। त्यसपछि २,३४९ वटा अर्थात् ४०.१ प्रतिशत घर एक तल्लाका रहेका छन्। यसले गाउँपालिकामा दुई तल्ले घरको सङ्ख्या सबैभन्दा बढी रहेको र एक तल्ले घर पनि उल्लेखनीय रूपमा रहेको देखाउँछ।

त्यसैगरी ५६ वटा अर्थात् १.० प्रतिशत घर तीन तल्लाका र १४ वटा अर्थात् ०.२ प्रतिशत घर चार तल्लाका रहेका छन्। ५-७ तल्ला, ८-९ तल्ला र १० वा सोभन्दा बढी तल्लाका घर भने कुनै पनि छैनन्। उल्लेख नगरिएका घर ६ वटा अर्थात् ०.१ प्रतिशत रहेका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा घरको तला संरचना मुख्यतः एक तल्ला र दुई तल्लामा सीमित रहेको देखिन्छ, जसले गाउँपालिकाको आवासीय संरचना परम्परागत तथा मध्यम उचाइको प्रकृतिको रहेको संकेत गर्दछ।

तालिका ४.८ : घर (भवन)को प्रयोग र बनेको अवधि अनुसारको विवरण (प्रतिशतमा)

| क्र.स. | घरको प्रयोग | जम्मा घर | घर निर्माण भएको अवधि (वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | ०-४ | ५-१९ | २०-२९ | ३०-४९ | ५०-९९ | १००+ | नखुलेको |
| १. | **जम्मा** | **५,८६४** | **२५.८** | **४४.५** | **१४.०** | **१०.५** | **२.८** | **०.५** | **१.९** |
| २. | आवासीय | ४,२६५ | २४.३ | ४४.९ | १४.७ | ११.३ | २.८ | ०.५ | १.५ |
| ३. | व्यापारिक | ६६ | ४३.९ | ४८.५ | १.५ | ४.५ | ०.० | ०.० | १.५ |
| ४. | सरकारी | ३० | ३३.३ | ३३.३ | २०.० | १३.३ | ०.० | ०.० | ०.० |
| ५. | शैक्षिक | ७८ | २४.४ | ५०.० | १०.३ | ५.१ | २.६ | ०.० | ७.७ |
| ६. | स्वास्थ्य भवन | ११ | ७२.७ | ०.० | ९.१ | ०.० | ०.० | ०.० | १८.२ |
| ७. | औद्योगिक | ३ | १००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| ८. | संस्थागत घर | १५ | ७३.३ | १३.३ | ०.० | ०.० | ०.० | ०.० | १३.३ |
| ९. | होटल | २ | ५०.० | ५०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| १०. | गोठ/भण्डार | ७४१ | ३२.४ | ३९.७ | १४.० | ९.० | ३.५ | ०.४ | ०.९ |
| ११. | अन्य प्रयोग | १०७ | ३३.६ | ४३.९ | ७.५ | १०.३ | ०.९ | ०.० | ३.७ |
| १२. | खाली घर | ५४६ | २१.८ | ४८.९ | १२.५ | ८.६ | २.९ | ०.५ | ४.८ |

स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।

बाँफिकोट गाउँपालिकामा रहेका कुल ५,८६४ घरमध्ये सबैभन्दा धेरै घर ५ देखि २० वर्ष भित्र बनेका देखिएका छन्, जसको हिस्सा ४४.५ प्रतिशत छ। त्यसपछि ०-४ वर्षअधिका २५.८ प्रतिशत, २०-२९ वर्षअधिका १४.० प्रतिशत, ३०-४९ वर्षअधिका १०.५ प्रतिशत, ५०-९९ वर्षअधिका २.८ प्रतिशत र १०० वर्ष वा सोभन्दा बढी पुराना घरहरूको प्रतिशत ०.५ रहेको छ। यसले गाउँपालिकामा अधिकांश घर पछिल्ला दुई दशकभित्र निर्माण भएका तथ्य देखाउँछ। आवासीय घरतर्फ पनि यही प्रवृत्ति देखिन्छ, जहाँ २४.३ प्रतिशत घर ०-४ वर्षका र ४४.९ प्रतिशत घर ५-१९ वर्ष अवधिका रहेका छन्। यसले बसोबासका लागि प्रयोग हुने घरमध्ये धेरैजसो तुलनात्मक रूपमा नयाँ वा मध्यम अवधिका रहेको संकेत गर्दछ।

अन्य प्रयोजनका घरहरूमा पनि निर्माण अवधिअनुसार फरक अवस्था देखिन्छ। व्यापारिक भवनमध्ये ४३.९ प्रतिशत ०-४ वर्षका र ४८.५ प्रतिशत ५-१९ वर्षका रहेका छन्, जसले अधिकांश व्यापारिक भवन नयाँ रहेको देखाउँछ। शैक्षिक भवनमध्ये ५०.० प्रतिशत ५-१९ वर्षका छन् भने स्वास्थ्य भवनका ७२.७ प्रतिशत र संस्थागत घरका ७३.३ प्रतिशत ०-४ वर्षअवधिमा बनेका छन्। गोठ/भण्डारतर्फ ३२.४ प्रतिशत ०-४ वर्षका र ३९.७ प्रतिशत ५-१९ वर्षका रहेका छन् भने खाली घरमध्ये पनि ४८.९ प्रतिशत ५-१९ वर्ष अवधिमा बनेका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा अधिकांश घर तथा भवन पछिल्ला २० वर्षभित्र निर्माण भएका छन्, जसले गाउँपालिकामा आवासीय तथा अन्य भौतिक संरचनाको विस्तार तुलनात्मक रूपमा हालका वर्षहरूमा बढी भएको देखाउँछ।

## ४.२ पारिवारीक सेवा सुविधा तथा पँहुच सम्बन्धी विवरण

बाँफिकोट गाउँपालिकाका घरपरिवारले उपभोग गरिरहेका विभिन्न आधारभूत सेवा सुविधा तथा तिनमा रहेको पहुँचसम्बन्धी अवस्था यस उपखण्डमा प्रस्तुत गरिएको छ। यस अन्तर्गत खानेपानी, शौचालय, बत्ती, सञ्चार, सूचना प्रविधि, घरायसी साधन तथा अन्य आवश्यक सेवासुविधाको उपलब्धता र प्रयोगको अवस्थालाई समेटिएको छ। यस्ता विवरणहरूले घरपरिवारको जीवनस्तर, सेवा पहुँच, भौतिक सुविधा, स्वच्छता, सूचना प्रवाह तथा समग्र सामाजिक-आर्थिक अवस्थाको मूल्याङ्कन गर्न महत्वपूर्ण आधार प्रदान गर्दछन्। साथै यी तथ्याङ्कहरूले स्थानीय तहमा सेवा विस्तार, पूर्वाधार विकास, जीवनस्तर सुधार तथा लक्षित योजना तथा कार्यक्रम निर्माणका लागि आवश्यक नीतिगत आधारसमेत उपलब्ध गराउँछन्।

तालिका ४.९ : परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसार परिवार सङ्ख्या

| क्र.स. | बत्ति वाल्नको प्रयोग गरिने मूख्य इन्धन | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| १. | फ्लस सहित सहितको शौचालय भएका | ३२२ | २,४५३ | २,१३१ | ६६१.८ |
| २. | साधारण (खाल्डे) शौचालय भएका | १,०२० | २,१०६ | १,०८६ | १०६.५ |
| ३. | सार्वजनिक शौचालय प्रयोग गर्ने | ० | ९ | ९ | ० |
| ४. | शौचालय नभएका | २,४०५ | ३९ | -२,३६६ | -९८.४ |
| | **जम्मा** | **३,७४७** | **४,६०७** | | |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का.।*

तालिकाअनुसार बाँफिकोट गाउँपालिकामा परिवारले प्रयोग गर्ने शौचालयको प्रकारमा वि.सं. २०६८ देखि २०७८ बीच ठूलो सुधार आएको देखिन्छ। कुल परिवार सङ्ख्या ३,७४७ बाट बढेर ४,६०७ पुगेको छ। यस अवधिमा फ्लससहितको शौचालय प्रयोग गर्ने परिवार सङ्ख्या ३२२ बाट बढेर २,४५३ पुगेको छ, अर्थात् २,१३१ परिवारले वृद्धि भई ६६१.८ प्रतिशतले बढेको छ। त्यसैगरी साधारण (खाल्डे) शौचालय प्रयोग गर्ने परिवार सङ्ख्या १,०२० बाट बढेर २,१०६ पुगेको छ, जुन १,०८६ परिवार अर्थात् १०६.५ प्रतिशतले वृद्धि भएको हो। २०७८ मा ९ परिवारले सार्वजनिक शौचालय प्रयोग गरेको देखिन्छ, जबकि २०६८ मा यस्तो सङ्ख्या शून्य थियो।

विगत १० वर्षको अवधिमा शौचालय नभएका परिवारको सङ्ख्यामा उल्लेखनीय सुधार भएको देखिन्छ। वि.सं. २०६८ मा २,४०५ परिवारमा शौचालय नभएकोमा वि.सं. २०७८ मा यो सङ्ख्या घटेर केवल ३९ मा सीमित भएको छ। अर्थात् २,३६६ परिवारले शौचालय सुविधा प्राप्त गरेका छन् र शौचालयविहीन परिवारको सङ्ख्या ९८.४ प्रतिशतले घटेको छ। यो परिवर्तन बाँफिकोट गाउँपालिकामा सरसफाइ, स्वच्छता चेतना तथा आधारभूत शौचालय सुविधाको विस्तारमा अत्यन्त ठूलो र उल्लेखनीय उपलब्धिका रूपमा मान्न सकिन्छ। यसले गाउँपालिकाले खुला दिसामुक्त तथा स्वच्छ जीवनशैलीतर्फ निकै महत्वपूर्ण प्रगति हासिल गरेको स्पष्ट रूपमा पुष्टि गर्दछ।

तालिका ४.१० : परिवारको पिउने पानीको मूख्य स्रोत अनुसार परिवार सङ्ख्या

| क्र.स. | पिउने पानीको मूख्य स्रोत | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| १. | धारा/पाइप (घरको हाता बाहिर) | २,६६६ | २,७१९ | ५३ | २.० |
| २. | धारा/पाइप (घरको हाता भित्र) | ० | १,७८५ | १,७८५ | - |
| ३. | ट्युबवेल / हातेपम्प | २ | ० | -२ | -१००.० |
| ४. | ढाकिएको इनार/कुवा | २ | ० | -२ | -१००.० |
| **५.** | खुला इनार/कुवा | ४९ | २ | -४७ | -९५.९ |
| **६.** | ढुङ्गेधारा / मूलको पानी | ८९० | ८९ | -८०१ | -९०.० |
| **७.** | नदी / खोलाको पानी | ९९ | ९ | -९० | -९०.९ |
| **८.** | जार / बोतलको पानी | ० | २ | २ | - |

| क्र.स. | पिउने पानीको मूख्य स्रोत | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | **२०६८** | **२०७८** | **सङ्ख्या** | **प्रतिशत** |
| ९. | अन्य / उल्लेख नगरिएको | ३९ | १ | -३८ | -९७.४ |
| | **जम्मा** | **३,७४७** | **४,६०७** | **८६०** | **२३.०** |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का.।*

तालिका ४.१० अनुसार बाँफिकोट गाउँपालिकामा परिवारको पिउने पानीको मुख्य स्रोतमा वि.सं. २०६८ देखि २०७८ बीच उल्लेखनीय परिवर्तन आएको देखिन्छ। कुल परिवार सङ्ख्या ३,७४७ बाट बढेर ४,६०७ पुगेको छ, अर्थात् ८६० परिवारले वृद्धि भई २३.० प्रतिशतले बढेको छ । २०७८ मा सबैभन्दा बढी २,७१९ परिवारले धारा/पाइप (घरको हाता बाहिर) बाट पिउने पानी प्रयोग गरेको देखिन्छ, जुन २०६८ को तुलनामा ५३ परिवारले बढी हो। साथै २०७८ मा १,७८५ परिवारले धारा/पाइप (घरको हाता भित्र) बाट पानी प्रयोग गरेको देखिन्छ, जबकि २०६८ मा यस्तो सुविधा प्रयोग गर्ने परिवार थिएनन् । यसले गाउँपालिकामा घरभित्रै सुरक्षित खानेपानीको पहुँच उल्लेखनीय रूपमा विस्तार भएको स्पष्ट हुन्छ।

त्यसैगरी परम्परागत तथा कम सुरक्षित मानिने पानीका स्रोतहरू प्रयोग गर्ने परिवारको सङ्ख्या उल्लेखनीय रूपमा घटेको देखिन्छ। खुला इनार/कुवा प्रयोग गर्ने परिवार ४९ बाट घटेर २ मा, ढुङ्गेधारा/मूलको पानी प्रयोग गर्ने परिवार ८९० बाट घटेर ८९ मा, तथा नदी/खोलाको पानी प्रयोग गर्ने परिवार ९९ बाट घटेर ९ मा सीमित भएका छन्। ट्युबवेल/हातेपम्प र ढाकिएको इनार/कुवा प्रयोग गर्ने परिवार २०७८ मा शून्य रहेका छन् भने जार/बोतलको पानी प्रयोग गर्ने परिवार २ मात्र देखिएका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा पिउने पानीको मुख्य स्रोत परम्परागत खुला स्रोतबाट धारा/पाइप प्रणालीतर्फ सरेको देखिन्छ, जसले खानेपानी सेवामा पहुँच, सुविधा र सुरक्षाको स्तरमा सुधार आएको संकेत गर्दछ।

**तालिका ४.११ : खाना पकाउने ईन्धनको प्रकार अनुसार परिवार सङ्ख्या**

| क्र.स. | खाना पकाउने मूख्य इन्धन | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | **२०६८** | **२०७८** | **सङ्ख्या** | **प्रतिशत** |
| १. | काठ / दाउरा | ३,७१६ | ४,३८९ | ६७३ | १८.१ |
| २. | मट्टितेल | ५ | १ | -४ | -८०.० |
| ३. | एल.पी. ग्यास | १ | २०० | १९९ | १९,९००.० |
| ४. | गुइँठा / सन्ठी | ७ | १ | -६ | -८५.७ |
| ५. | बायो ग्यास | १ | ९ | ८ | ८००.० |
| ६. | विद्युत् | २ | ६ | ४ | २००.० |
| ७. | अन्य / उल्लेख नगरिएको | १५ | १ | -१४ | -९३.३ |
| | **जम्मा** | **३,७४७** | **४,६०७** | **८६०** | **२३.०** |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का.।*

तालिका ४.११ अनुसार बाँफिकोट गाउँपालिकामा खाना पकाउने मुख्य इन्धनका रूपमा काठ/दाउराको प्रयोग अझै पनि अत्यधिक रहेको देखिन्छ। वि.सं. २०६८ मा ३,७१६ परिवारले काठ/दाउरा प्रयोग गरेकोमा वि.सं. २०७८ मा यो सङ्ख्या बढेर ४,३८९ पुगेको छ। यसरी ६७३ परिवारले वृद्धि भई १८.१ प्रतिशतले बढेको देखिन्छ । यसले गाउँपालिकामा कुल परिवार सङ्ख्या बढेसँगै परम्परागत इन्धनको प्रयोग अझै प्रमुख रहेको स्पष्ट पार्दछ।

त्यसैगरी एल.पी. ग्यास प्रयोग गर्ने परिवारको सङ्ख्या १ बाट बढेर २०० पुगेको छ, जुन १९९ परिवारको वृद्धि हो। बायोग्यास प्रयोग गर्ने परिवार १ बाट ९ पुगेका छन् भने विद्युत् प्रयोग गर्ने परिवार २ बाट ६ पुगेका छन्। विपरीत रूपमा मट्टितेल, गुइँठा/सन्ठी तथा अन्य इन्धन प्रयोग गर्ने परिवारको सङ्ख्या घटेको देखिन्छ। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा खाना पकाउने इन्धनमा आधुनिक साधनको प्रयोग विस्तार हुँदै गएको भए पनि काठ/दाउरा अझै मुख्य इन्धनका रूपमा कायम रहेको देखिन्छ।

तालिका ४.१२ : वत्ति बाल्नको लागि प्रयोग गरिने मूख्य इन्धनको स्रोत अनुसार परिवार सङ्ख्या

| क्र.स. | बत्ति वाल्नको प्रयोग गरिने मूख्य इन्धन | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| १. | बिजुली (विद्युत्) | १,०१९ | ४,३४० | ३,३२१ | ३२५.९ |
| २. | मट्टितेल | १४३ | २० | -१२३ | -८६.० |
| ३. | बायो ग्यास | ६ | ० | -६ | -१००.० |
| ४. | सौर्य ऊर्जा (सोलर) | १,४८९ | १९५ | -१,२९४ | -८६.९ |
| **५.** | अन्य / उल्लेख नगरिएको | १,०९० | ५२ | -१,०३८ | -९५.२ |
| | **जम्मा** | **३,७४७** | **४,६०७** | | |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का.।*

तालिका ४.१२ अनुसार बाँफिकोट गाउँपालिकामा परिवारको पिउने पानीको मुख्य स्रोतमा वि.सं. २०६८ देखि २०७८ बीच उल्लेखनीय परिवर्तन आएको देखिन्छ। कुल परिवार सङ्ख्या ३,७४७ बाट बढेर ४,६०७ पुगेको छ, अर्थात् ८६० परिवारले वृद्धि भई २३.० प्रतिशतले बढेको छ। २०७८ मा सबैभन्दा बढी २,७१९ परिवारले धारा/पाइप (घरको हाता बाहिर) बाट पिउने पानी प्रयोग गरिरहेका छन्, जुन २०६८ को तुलनामा ५३ परिवारले बढी हो। साथै २०७८ मा १,७८५ परिवारले धारा/पाइप (घरको हाता भित्र) बाट पानी प्रयोग गरेको देखिन्छ, जबकि २०६८ मा यस्तो सुविधा भएको परिवार सङ्ख्या शून्य थियो। यसले गाउँपालिकामा घरभित्रै धारा/पाइपमार्फत पिउने पानीको पहुँच उल्लेखनीय रूपमा विस्तार भएको स्पष्ट हुन्छ।

त्यसैगरी ट्युबवेल/हातेपम्प, ढाकिएको इनार/कुवा, खुला इनार/कुवा, ढुङ्गेधारा/मूलको पानी, नदी/खोलाको पानी जस्ता परम्परागत वा वैकल्पिक स्रोत प्रयोग गर्ने परिवार सङ्ख्या घट्दै गएको देखिन्छ। खुला इनार/कुवा प्रयोग गर्ने परिवार ४९ बाट २ मा, ढुङ्गेधारा/मूलको पानी प्रयोग गर्ने ८९० बाट ८९ मा, तथा नदी/खोलाको पानी प्रयोग गर्ने ९९ बाट ९ मा झरेका छन्। जार/बोतलको पानी प्रयोग गर्ने परिवार २०७८ मा २ मात्र देखिएका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा पिउने पानीको मुख्य स्रोत परम्परागत खुला स्रोतबाट सुरक्षित धारा/पाइप प्रणालीतर्फ सरेको देखिन्छ, जसले खानेपानी सेवामा पहुँच र सुविधाको स्तरमा सुधार आएको संकेत गर्दछ।

तालिका ४.१३ : घरायसी सुविधा/साधन साधन सम्बन्धी विवरण

| क्र.स. | घरायसी सुविधा/साधन | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| १. | कुनै पनि सुविधा/साधन नभएका परिवार | ९८७ | ३२६ | -६६१ | -६७.० |
| २. | कम्तिमा एउटा सुविधा/साधन भएका परिवार | २,७६० | ४,२८१ | १,५२१ | ५५.१ |
| ३. | परिवारमा उपलब्ध सुविधा/साधन | | | | |
| | रेडियो | २,४८२ | २,१२५ | -३५७ | -१४.४ |
| | टेलिभिजन | १३२ | ६८२ | ५५० | ४१६.७ |
| | ल्यान्डलाइन टेलिफोन | ४३ | ४५ | २ | ४.७ |
| | साधारण मोबाइल फोन | १,२३३ | ३,९६४ | २,७३१ | २२१.५ |
| | स्मार्ट मोबाइल फोन | - | २,२१३ | २,२१३ | - |
| | कम्प्युटर / ल्यापटप | ५ | ७८ | ७३ | १,४६०.० |
| | इन्टरनेट | ० | ३८८ | ३८८ | - |
| | कार / जीप / भ्यान | ३ | १७ | १४ | ४६६.७ |
| | मोटरसाइकल / स्कुटर | १ | १४९ | १४८ | १४,८००.० |
| | साइकल | ० | १४ | १४ | - |
| | विद्युतीय पङ्खा (Electric fan) | ० | ४६ | ४६ | - |
| | फ्रिज (Refrigerator) | ८ | ४४ | ३६ | ४५०.० |
| | वाशिङ मेसिन | ० | ० | ० | - |

| क्र.स. | घरायसी सुविधा/साधन | जनगणना वर्ष | | परिवर्तवन | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | सङ्ख्या | प्रतिशत |
| | एयर कन्डिसनर (AC) | ० | १ | १ | - |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का.।*

बाँफिकोट गाउँपालिकामा घरायसी सुविधा/साधनको पहुँचमा वि.सं. २०६८ देखि २०७८ बीच उल्लेखनीय सुधार भएको देखिन्छ। कुनै पनि सुविधा/साधन नभएका परिवारको सङ्ख्या ९८७ बाट घटेर ३२६ मा सीमित भएको छ, अर्थात् ६६१ परिवारले कमी आई ६७.० प्रतिशतले घटेको छ। यसको विपरीत कम्तिमा एउटा सुविधा/साधन भएका परिवारको सङ्ख्या २,७६० बाट बढेर ४,२८१ पुगेको छ, जुन १,५२१ परिवार अर्थात् ५५.१ प्रतिशतले वृद्धि भएको हो। यसले गाउँपालिकामा घरपरिवारको जीवनस्तर, उपभोग क्षमता तथा आधारभूत सुविधा पहुँचमा उल्लेखनीय सुधार आएको स्पष्ट गर्दछ।

परिवारमा उपलब्ध सुविधा/साधनमध्ये साधारण मोबाइल फोन १,२३३ बाट बढेर ३,९६४ पुगेको छ भने स्मार्ट मोबाइल फोन २०७८ मा २,२१३ परिवारमा पुगेको देखिन्छ। टेलिभिजन १३२ बाट ६८२, कम्प्युटर/ल्यापटप ५ बाट ७८, इन्टरनेट शून्यबाट ३८८, मोटरसाइकल/स्कुटर १ बाट १४९, तथा फ्रिज ८ बाट ४४ पुगेको छ। यसले सूचना, सञ्चार, प्रविधि र यातायातका साधनमा पहुँच तीव्र रूपमा विस्तार भएको देखाउँछ। यद्यपि रेडियो २,४८२ बाट घटेर २,१२५ पुगेको छ, जसले परम्परागत सञ्चार माध्यमको प्रयोग घट्दै गएको संकेत गर्दछ। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा घरायसी सुविधा/साधनको उपलब्धता विस्तार हुँदै गएको र आधुनिक प्रविधिमैत्री जीवनशैलीतर्फ परिवारहरू क्रमशः उन्मुख हुँदै गएको देखिन्छ।

# खण्ड ५: शैक्षिक अवस्था

शैक्षिक तथ्याङ्कले कुनै पनि भौगोलिक क्षेत्रको विद्यमान शैक्षिक अवस्थाबारे तथ्याङ्क प्रयोगकर्तालाई आवश्यक जानकारी उपलब्ध गराउँछ। विशेष गरी साक्षरता दर, खुद भर्ना दर, कुल भर्ना दर, विद्यालय छोड्ने दर, शिक्षक-विद्यार्थी अनुपात, औसत अध्ययन वर्ष जस्ता सूचकहरू शैक्षिक क्षेत्रको अवस्था बुझ्न उपयोगी मानिन्छन्। यस्ता सूचकहरूले शिक्षा क्षेत्रमा पहुँच, सहभागिता, निरन्तरता तथा समग्र शैक्षिक स्तरको मूल्याङ्कन गर्न महत्वपूर्ण आधार प्रदान गर्छन्।

## ५.१ साक्षरता दर

साक्षरता दर कुनै पनि क्षेत्रको शैक्षिक विकासको महत्वपूर्ण सूचक हो। यसले पढ्न र लेख्न सक्ने जनसङ्ख्याको अवस्था स्पष्ट पार्दै शिक्षा पहुँच, जनचेतना, मानव विकास तथा सामाजिक रुपान्तरणको स्तर मापन गर्न आधार प्रदान गर्दछ। साक्षरता दरको विश्लेषणबाट महिला र पुरुषबीचको शैक्षिक अन्तर, समयक्रममा भएको प्रगति तथा शिक्षाको समावेशी अवस्थाबारे जानकारी प्राप्त गर्न सकिन्छ। त्यसैले स्थानीय तहको शैक्षिक अवस्था मूल्याङ्कन गर्न साक्षरता दरलाई आधारभूत सूचकका रूपमा लिने गरिन्छ। राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाका आधारमा बाँफिकोट गाउँपालिकाको साक्षरता दर तथा साक्षर व्यक्तिहरूको अध्ययनको क्षेत्र सम्बन्धी विवरणहरू तलका तालिकाहरूमा प्रस्तुत गरिएको छ।

**तालिका ५.१ : बाँफिकोट गाउँपालिकाको साक्षरता दर**

| विवरण | | जनगणना वर्ष | | परिवर्तन (प्रतिशत विन्दु) |
|---|---|---|---|---|
| | | २०६८ | २०७८ | |
| साक्षरता दर | जम्मा | ६१.० | ७४.९ | १३.९ |
| | पुरुष | ७०.२ | ८२.३ | १२.१ |
| | महिला | ५३.२ | ६८.२ | १५.० |

*स्रोत : राष्ट्रिय जनगणना२०६८ र २०७८, रा. त. का.।*

तालिका ५.१ अनुसार बाँफिकोट गाउँपालिकाको कुल साक्षरता दर वि.सं. २०६८ मा ६१.० प्रतिशत रहेकोमा वि.सं. २०७८ मा ७४.९ प्रतिशत पुगेको छ। यस अवधिमा साक्षरता दरमा १३.९ प्रतिशत विन्दुले वृद्धि भएको देखिन्छ। यसले गाउँपालिकामा समग्र रूपमा शैक्षिक पहुँच र साक्षरताको अवस्था उल्लेखनीय रूपमा सुधार भएको संकेत गर्दछ।

लिङ्गगत रूपमा हेर्दा पुरुष साक्षरता दर वि.सं. २०६८ मा ७०.२ प्रतिशत रहेकोमा वि.सं. २०७८ मा ८२.३ प्रतिशत पुगेको छ, जसमा १२.१ प्रतिशत विन्दुको वृद्धि भएको छ। त्यसैगरी महिलाको साक्षरता दर ५३.२ प्रतिशतबाट बढेर ६८.२ प्रतिशत पुगेको छ, जुन १५.० प्रतिशत विन्दुको वृद्धि हो। यसबाट पुरुषको साक्षरता दर अझै पनि महिलाभन्दा बढी रहेको देखिए पनि महिलातर्फ साक्षरतामा तुलनात्मक रूपमा बढी सुधार भएको स्पष्ट हुन्छ। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा साक्षरता दरमा सकारात्मक प्रगति भएको छ र विशेषगरी महिलाको शैक्षिक अवस्थामा उल्लेखनीय सुधार आएको देखिन्छ।

**तालिका ५.२ : उमेर समूह अनुसार साक्षरता दर २०७८**

| उमेर समूह | साक्षरता दर | | |
|---|---|---|---|
| | कुल | पुरुष | महिला |
| ५-१० वर्ष | ९६.० | ९६.४ | ९५.६ |
| ११-१५ वर्ष | ९९.५ | ९९.४ | ९९.४ |
| १६-१९ वर्ष | ९९.५ | ९९.५ | ९९.५ |
| २०-२४ वर्ष | ९७.८ | ९८.७ | ९७.० |
| २५-२९ वर्ष | ९३.८ | ९६.५ | ९१.४ |
| ३०-३४ वर्ष | ७३.९ | ८७.१ | ६२.९ |

| | | | |
|---|---|---|---|
| ३५-३९ वर्ष | ५७.३ | ७८.३ | ३८.८ |
| ४०-४४ वर्ष | ४८.२ | ७१.४ | ३०.५ |
| ४५-४९ वर्ष | ४०.८ | ६८.९ | १५.४ |
| ५०-५४ वर्ष | ३१.८ | ५४.३ | ११.४ |
| ५५-५९ वर्ष | २२.३ | ३७.९ | ७.७ |
| ६०-६४ वर्ष | १६.१ | २८.१ | ५.० |
| ६५-६९ वर्ष | १२.५ | २१.१ | ४.२ |
| ७०-७४ वर्ष | १०.१ | १७.८ | २.७ |
| ७५ वर्ष र सो भन्दा माथि | ५.४ | ८.४ | २.३ |
| कुल | ७४.९ | ८२.३ | ६८.२ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका ५.२ अनुसार बाँफिकोट गाउँपालिकामा उमेर समूहअनुसार साक्षरता दरमा स्पष्ट भिन्नता देखिन्छ। कम उमेर समूहमा साक्षरता दर अत्यन्त उच्च रहेको छ। ५-१० वर्ष उमेर समूहमा कुल साक्षरता दर ९६.० प्रतिशत रहेको छ भने ११-१५ वर्ष र १६-१९ वर्ष उमेर समूहमा यो दर ९९.५ प्रतिशत पुगेको देखिन्छ। २०-२४ वर्ष उमेर समूहमा ९७.८ प्रतिशत र २५-२९ वर्ष उमेर समूहमा ९३.८ प्रतिशत साक्षरता दर रहेको छ। यसले नयाँ पुस्तामा शिक्षाको पहुँच र साक्षरताको अवस्था निकै सुदृढ रहेको संकेत गर्दछ। तर उमेर बढ्दै जाँदा साक्षरता दर क्रमशः घट्दै गएको देखिन्छ। ३०-३४ वर्षमा ७३.९ प्रतिशत रहेको साक्षरता दर ३५-३९ वर्षमा ५७.३ प्रतिशत, ४०-४४ वर्षमा ४८.२ प्रतिशत, ५०-५४ वर्षमा ३१.८ प्रतिशत र ७५ वर्ष तथा सोभन्दा माथि ५.४ प्रतिशतमा झरेको छ। यसले पुराना पुस्तामा शिक्षाको पहुँच तुलनात्मक रूपमा कमजोर रहेको स्पष्ट गर्दछ।

लिङ्गगत रूपमा हेर्दा अधिकांश उमेर समूहमा पुरुषको साक्षरता दर महिलाको तुलनामा बढी रहेको देखिन्छ। विशेष गरी ३० वर्षभन्दा माथिका उमेर समूहमा यो अन्तर अझ स्पष्ट छ। उदाहरणका लागि ३०-३४ वर्ष उमेर समूहमा पुरुष साक्षरता दर ८७.१ प्रतिशत रहेकोमा महिलाको ६२.९ प्रतिशत छ। ३५-३९ वर्षमा पुरुष ७८.३ प्रतिशत र महिला ३८.८ प्रतिशत, ४०-४४ वर्षमा पुरुष ७१.४ प्रतिशत र महिला ३०.५ प्रतिशत, तथा ५०-५४ वर्षमा पुरुष ५४.३ प्रतिशत र महिला ११.४ प्रतिशत रहेको छ। वृद्ध उमेर समूहमा महिलाको साक्षरता दर अत्यन्त न्यून देखिन्छ। समग्र रूपमा कुल साक्षरता दर ७४.९ प्रतिशत रहेकोमा पुरुषको ८२.३ प्रतिशत र महिलाको ६८.२ प्रतिशत रहेको छ। यसले बाँफिकोट गाउँपालिकामा नयाँ पुस्तामा साक्षरता उल्लेखनीय रूपमा सुधार भएको भए पनि विशेषतः वृद्ध महिला जनसङ्ख्यामा साक्षरताको अवस्था कमजोर रहेको देखाउँछ।

**तालिका ५.३ : ५-२५ वर्ष उमेर समूहको जनसङ्ख्या विद्यालय/कलेज उपस्थितिको अवस्था अनुसार जनसङ्ख्या विवरण**

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **५-२५ वर्षको कुल जनसङ्ख्या** | **७,७६९** | **१००** | **३,७६३** | **१००** | **४,००६** | **१००** |
| हाल अध्ययन गरिरहेका | ५,९८२ | ७७.० | २,९६५ | ७८.८ | ३,०१७ | ७५.३ |
| पहिले अध्ययन गरेका तर हाल अध्ययन नगरेका | १,५८५ | २०.४ | ७१८ | १९.१ | ८६७ | २१.६ |
| कहिल्यै विद्यालय नगएका | १५१ | १.९ | ५८ | १.५ | ९३ | २.३ |
| नखुलेको | ५१ | ०.७ | २२ | ०.६ | २९ | ०.७ |
| **कुल जम्मा (५-२५ वर्ष उमेर समूह)** | **७,७६९** | **१००.०** | **३,७६३** | **१००.०** | **४,००६** | **१००.०** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका ५.३ अनुसार बाँफिकोट गाउँपालिकामा ५-२५ वर्ष उमेर समूहको कुल जनसङ्ख्या ७,७६९ रहेको छ। तीमध्ये ५,९८२ जना अर्थात् ७७.० प्रतिशत हाल अध्ययन गरिरहेका छन्, जसमा २,९६५ जना पुरुष र ३,०१७ जना महिला रहेका छन्। प्रतिशतका आधारमा

हेर्दा पुरुषतर्फ ७८.८ प्रतिशत र महिलातर्फ ७५.३ प्रतिशत हाल अध्ययनरत रहेका छन्। यसले गाउँपालिकामा ५-२५ वर्ष उमेर समूहका अधिकांश जनसङ्ख्या विद्यालय वा कलेज शिक्षामा संलग्न रहेको देखाउँछ।

त्यसैगरी १,५८५ जना अर्थात् २०.४ प्रतिशतले पहिले अध्ययन गरेका भए पनि हाल अध्ययन गरिरहेका छैनन्। यसमध्ये ७१८ जना पुरुष र ८६७ जना महिला रहेका छन्। कहिल्यै विद्यालय नगएका जनसङ्ख्या १५१ जना अर्थात् १.९ प्रतिशत रहेको छ, जसमा ५८ जना पुरुष र ९३ जना महिला छन्। नखुलेको अवस्था ५१ जना अर्थात् ०.७ प्रतिशत रहेको छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा ५-२५ वर्ष उमेर समूहमा अध्ययनरत जनसङ्ख्याको हिस्सा उच्च रहेको भए पनि एक उल्लेखनीय हिस्सा अध्ययनबाट बाहिरिएको र थोरै सङ्ख्यामा अझै विद्यालयको पहुँचभन्दा बाहिर रहेको देखिन्छ।

तालिका ५.४ : साक्षर जनसङ्ख्याले उत्तिर्ण गरेको शैक्षिक तह

| उत्तिर्ण गरेको शैक्षिक तह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्रारम्भिक बाल शिक्षा | ५६३ | ४.० | २७५ | ३.७ | २८८ | ४.३ |
| प्राथमिक | ४,२१२ | ३०.० | २,१९८ | २९.९ | २,०१४ | ३०.२ |
| निम्न माध्यमिक | २,८७६ | २०.५ | १,५५२ | २१.१ | १,३२४ | १९.८ |
| माध्यमिक | २,४४९ | १७.४ | १,२७२ | १७.३ | १,१७७ | १७.६ |
| एस.एल.सी./ एस.ई.ई. वा सोसरह | १,०२७ | ७.३ | ५३५ | ७.३ | ४९२ | ७.४ |
| प्रमाणपत्र तह (प्लस टु) वा सोसरह | २,०७४ | १४.८ | १,०७१ | १४.६ | १,००३ | १५.० |
| स्नातक वा सोसरह | ३९९ | २.८ | २२१ | ३.० | १७८ | २.७ |
| स्नातकोत्तर वा सोभन्दा माथि | १८९ | १.३ | १३२ | १.८ | ५७ | ०.९ |
| अन्य/अनौपचारिक शिक्षा/तह नखुलेको | २४९ | १.८ | १०३ | १.४ | १४६ | २.२ |
| **जम्मा** | **१४,०३८** | **१००.०** | **७,३५९** | **१००.०** | **६,६७९** | **१००.०** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का.।*

तालिका ५.४ अनुसार बाँफिकोट गाउँपालिकामा साक्षर जनसङ्ख्यामध्ये सबैभन्दा बढी ४,२१२ जना अर्थात् ३०.० प्रतिशतले प्राथमिक तह उत्तीर्ण गरेका छन्। त्यसपछि २,८७६ जना अर्थात् २०.५ प्रतिशतले निम्न माध्यमिक, २,४४९ जना अर्थात् १७.४ प्रतिशतले माध्यमिक, २,०७४ जना अर्थात् १४.८ प्रतिशतले प्रमाणपत्र तह (प्लस टु) वा सोसरह, तथा १,०२७ जना अर्थात् ७.३ प्रतिशतले एस.एल.सी./एस.ई.ई. वा सोसरह तह उत्तीर्ण गरेका छन्। प्रारम्भिक बाल शिक्षा उत्तीर्ण गर्ने ५६३ जना अर्थात् ४.० प्रतिशत, स्नातक वा सोसरह उत्तीर्ण गर्ने ३९९ जना अर्थात् २.८ प्रतिशत, स्नातकोत्तर वा सोभन्दा माथि उत्तीर्ण गर्ने १८९ जना अर्थात् १.३ प्रतिशत, तथा अन्य/अनौपचारिक शिक्षा वा तह नखुलेका २४९ जना अर्थात् १.८ प्रतिशत रहेका छन्। यसबाट साक्षर जनसङ्ख्याको ठूलो हिस्सा आधारभूत तथा माध्यमिक तहसम्म केन्द्रित रहेको देखिन्छ भने उच्च शिक्षातर्फ पुगेको हिस्सा तुलनात्मक रूपमा कम रहेको पाइन्छ।

लिङ्गगत रूपमा हेर्दा पुरुष साक्षर जनसङ्ख्या ७,३५९ र महिला ६,६७९ रहेका छन्। प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, एस.एल.सी./एस.ई.ई. तथा प्रमाणपत्र तहमा पुरुष र महिलाको प्रतिशत लगभग समान देखिन्छ। तर स्नातकोत्तर वा सोभन्दा माथि पुगेका पुरुष १.८ प्रतिशत रहेका छन् भने महिला ०.९ प्रतिशत मात्र छन्, जसले उच्च शिक्षामा पुरुषको सहभागिता महिलाभन्दा बढी रहेको संकेत गर्दछ। विपरीत रूपमा प्रारम्भिक बाल शिक्षा तथा अन्य/अनौपचारिक शिक्षा वा तह नखुलेका श्रेणीमा महिलाको प्रतिशत पुरुषभन्दा केही बढी रहेको छ। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा साक्षर जनसङ्ख्याको शैक्षिक उपलब्धि मुख्यतः प्राथमिकदेखि माध्यमिक तथा प्रमाणपत्र तहसम्म केन्द्रित रहेको छ भने उच्च शिक्षामा पहुँच अझै सीमित रहेको देखिन्छ।

तालिका ५.५ : १०+२ र सो भन्दा माथिको तह उत्तिर्ण गरेका जनसङ्ख्याले अध्यन गरेको विषय/क्षेत्र

| अध्ययनको क्षेत्र | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| मानविकी तथा सामाजिक शास्त्र | ८८ | ३.३ | ५० | ३.५ | ३८ | ३.१ |

| अध्ययनको क्षेत्र | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| व्यवस्थापन | १७२ | ६.५ | १०१ | ७.१ | ७१ | ५.७ |
| शिक्षा | १,९१५ | ७१.९ | ९६९ | ६८.० | ९४६ | ७६.४ |
| विज्ञान तथा प्रविधि | १६५ | ६.२ | १०६ | ७.४ | ५९ | ४.८ |
| स्वास्थ्य/चिकित्सा शास्त्र | ८६ | ३.२ | ४७ | ३.३ | ३९ | ३.२ |
| इन्जिनियरिङ | ३१ | १.२ | २७ | १.९ | ४ | ०.३ |
| कानुन | ८ | ०.३ | ७ | ०.५ | १ | ०.१ |
| कृषि | २८ | १.१ | १५ | १.१ | १३ | १.१ |
| वन विज्ञान | ३ | ०.१ | २ | ०.१ | १ | ०.१ |
| पशु विज्ञान/पशु चिकित्सा | ३ | ०.१ | २ | ०.१ | १ | ०.१ |
| कम्प्युटिङ तथा सूचना प्रविधि | १७ | ०.६ | ११ | ०.८ | ६ | ०.५ |
| अन्य | २० | ०.८ | १४ | १.० | ६ | ०.५ |
| उल्लेख नगरिएको | १२६ | ४.७ | ७३ | ५.१ | ५३ | ४.३ |
| **कुल जम्मा** | **२,६६२** | **१००.०** | **१,४२४** | **१००.०** | **१,२३८** | **१००.०** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा. त. का. ।*

तालिका ५.५ अनुसार बाँफिकोट गाउँपालिकामा १०+२ वा सोभन्दा माथिको तह उत्तीर्ण गरेका कुल २,६६२ जनामध्ये सबैभन्दा धेरै १,९१५ जना अर्थात् ७१.९ प्रतिशतले शिक्षा विषय अध्ययन गरेको देखिन्छ । यसले गाउँपालिकामा उच्च शिक्षा हासिल गर्ने जनसङ्ख्यामा शिक्षा विषयको स्पष्ट वर्चस्व रहेको देखाउँछ। त्यसपछि व्यवस्थापन विषय अध्ययन गर्ने १७२ जना अर्थात् ६.५ प्रतिशत, विज्ञान तथा प्रविधि अध्ययन गर्ने १६५ जना अर्थात् ६.२ प्रतिशत, मानविकी तथा सामाजिक शास्त्र अध्ययन गर्ने ८८ जना अर्थात् ३.३ प्रतिशत, तथा स्वास्थ्य/चिकित्सा शास्त्र अध्ययन गर्ने ८६ जना अर्थात् ३.२ प्रतिशत रहेका छन्। इन्जिनियरिङ, कानुन, कृषि, वन विज्ञान, पशु विज्ञान/पशु चिकित्सा, कम्प्युटिङ तथा सूचना प्रविधि तथा अन्य विषय अध्ययन गर्नेको सङ्ख्या तुलनात्मक रुपमा निकै कम रहेको पाइन्छ।

लिङ्गगत रूपमा हेर्दा पुरुष १,४२४ जना र महिला १,२३८ जना रहेका छन्। शिक्षा विषयमा महिला ९४६ जना अर्थात् ७६.४ प्रतिशत रहेका छन्, जुन पुरुषको ६८.० प्रतिशतभन्दा बढी हो। यसले महिलामा शिक्षा विषयप्रतिको आकर्षण बढी रहेको देखाउँछ। विपरीत रूपमा व्यवस्थापन, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, कानुन, कम्प्युटिङ तथा सूचना प्रविधि जस्ता विषयमा पुरुषको प्रतिशत महिलाभन्दा बढी रहेको छ । उदाहरणका लागि इन्जिनियरिङतर्फ पुरुष १.९ प्रतिशत र महिला ०.३ प्रतिशत मात्र रहेका छन् । समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा उच्च शिक्षा अध्ययन गर्ने जनसङ्ख्या मुख्यतः शिक्षा विषयमा केन्द्रित रहेको छ भने प्राविधिक तथा व्यावसायिक विषयमा सहभागिता तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ।

## ५.२ गाउँपालिकाको शैक्षिक सूचकहरू

यस उपखण्डमा बाँफिकोट गाउँपालिकाको शैक्षिक अवस्थालाई विभिन्न सूचकहरूको आधारमा प्रस्तुत गरिएको छ। शैक्षिक सूचकहरूले गाउँपालिकामा शिक्षाको पहुँच, सहभागिता, निरन्तरता, गुणस्तर तथा समावेशिताको अवस्था बुझ्न महत्वपूर्ण आधार प्रदान गर्छन् । विशेषतः भर्ना दर, विद्यालय उपस्थितिको अवस्था, विद्यालय छोड्ने प्रवृत्ति तथा अन्य सम्बन्धित सूचकहरूको विश्लेषणबाट गाउँपालिकाको समग्र शैक्षिक स्थिति स्पष्ट हुन्छ। यस्ता सूचकहरूको अध्ययनले शैक्षिक योजना तर्जुमा, नीतिगत निर्णय, स्रोत परिचालन तथा शैक्षिक सुधारका प्राथमिकता निर्धारण गर्न सहयोग पुऱ्याउँछ।

भर्ना दर सम्बन्धी सूचकहरू कुनै पनि क्षेत्रको शैक्षिक पहुँच, सहभागिता र विद्यालय प्रणालीको समग्र अवस्थालाई मापन गर्ने महत्वपूर्ण आधार हुन् । विशेष गरी कुल प्रवेश दर, खुद प्रवेश दर, कुल भर्ना दर तथा खुद भर्ना दरजस्ता सूचकहरूले तोकिएको उमेर समूहका बालबालिकाको विद्यालयमा पहुँच, उमेरअनुसार कक्षागत सहभागिता तथा शैक्षिक प्रणालीको समावेशी अवस्थाबारे स्पष्ट जानकारी प्रदान

गर्छन्। यस्ता सूचकहरूको विश्लेषणबाट कुन तहमा भर्ना उच्च वा न्यून छ, कुन तहमा उमेरभन्दा माथि वा तलका विद्यार्थीहरूको उपस्थिति बढी छ, तथा छात्र र छात्राबीचको भिन्नता कस्तो छ भन्ने कुरा बुझ्न सकिन्छ। त्यसैले शैक्षिक योजना निर्माण, विद्यालय पहुँच विस्तार तथा कक्षागत निरन्तरता सुधारका लागि यी सूचकहरू अत्यन्त उपयोगी मानिन्छन्।

**तालिका ५.६ : भर्ना दर सम्बन्धी सूचकहरू**

| क्र.स. | विवरण | | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|---|
| १. | कक्षा १ मा कुल प्रवेश दर (Gross Intake Rate, GIR) | | १०३.९ | १५४.० | १२६.५ |
| २. | कक्षा १ मा खुद प्रवेश दर (Net Intake Rate, NIR) | | ९३.० | ९७.२ | ९४.९ |
| ३. | **कुल भर्ना दर (Gross Enrollment Rate, GER)** | | | | |
| | | पूर्व प्राथमिक | ६६.४ | ६४.१ | ६५.२ |
| | | कक्षा (१-५) | १२५.० | १३६.७ | १३०.६ |
| | | कक्षा (६-८) | ११५.८ | ११६.६ | ११६.२ |
| | | कक्षा (१-८) | १२१.८ | १२९.४ | १२५.५ |
| | | कक्षा (९-१०) | ९१.९ | ९४.९ | ९३.३ |
| | | कक्षा (११-१२) | ७४.३ | ७३.५ | ७३.९ |
| | | कक्षा (९-१२) | ८२.९ | ८४.० | ८३.४ |
| **४.** | **खुद भर्ना दर (Net Enrollment Rate, NER)** | | | | |
| | | पूर्व प्राथमिक | ५१.८ | ४६.१ | ४८.९ |
| | | कक्षा (१-५) | ९५.६ | ९५.८ | ९५.७ |
| | | कक्षा (६-८) | ९४.७ | ९४.४ | ९४.६ |
| | | कक्षा (१-८) | ९५.३ | ९५.३ | ९५.३ |
| | | कक्षा (९-१०) | ६१.७ | ७९.० | ६९.८ |
| | | कक्षा (११-१२) | ४६.५ | ३६.६ | ४१.८ |
| | | कक्षा (९-१२) | ५३.९ | ५७.३ | ५५.५ |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ५.६ अनुसार बाँफिकोट गाउँपालिकामा कक्षा १ मा कुल प्रवेश दर १२६.५ प्रतिशत रहेको छ, जसमा छात्रतर्फ १५४.० प्रतिशत र छात्रातर्फ १०३.९ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी कक्षा १ मा खुद प्रवेश दर ९४.९ प्रतिशत रहेको छ, जसमा छात्र ९७.२ प्रतिशत र छात्रा ९३.० प्रतिशत रहेका छन्। कुल प्रवेश दर १०० प्रतिशतभन्दा माथि हुनुले कक्षा १ मा आधिकारिक उमेरभन्दा कम वा बढी उमेरका बालबालिकासमेत प्रवेश गरेको संकेत गर्दछ भने खुद प्रवेश दरले तोकिएको उमेर समूहका अधिकांश बालबालिका कक्षा १ मा प्रवेश गरिसकेको देखाउँछ।

कुल भर्ना दरतर्फ हेर्दा पूर्व प्राथमिक तहमा ६५.२ प्रतिशत रहेको छ, जुन आधारभूत तहको तुलनामा कम हो। कक्षा १-५ मा कुल भर्ना दर १३०.६ प्रतिशत, कक्षा ६-८ मा ११६.२ प्रतिशत, कक्षा १-८ मा १२५.५ प्रतिशत, कक्षा ९-१० मा ९३.३ प्रतिशत, कक्षा ११-१२ मा ७३.९ प्रतिशत र कक्षा ९-१२ मा ८३.४ प्रतिशत रहेको छ। यसले आधारभूत तहमा भर्ना दर उच्च रहेको तर माथिल्लो कक्षातर्फ जाँदा भर्ना दर घट्दै गएको देखाउँछ। विशेष गरी कक्षा ११-१२ मा कुल भर्ना दर उल्लेखनीय रूपमा कम रहेकाले माध्यमिकपछिको तहमा पहुँच वा निरन्तरतामा चुनौती रहेको अनुमान गर्न सकिन्छ।

खुद भर्ना दरका आधारमा पूर्व प्राथमिक तहमा जम्मा ४८.९ प्रतिशत, कक्षा १-५ मा ९५.७ प्रतिशत, कक्षा ६-८ मा ९४.६ प्रतिशत, कक्षा १-८ मा ९५.३ प्रतिशत, कक्षा ९-१० मा ६९.८ प्रतिशत, कक्षा ११-१२ मा ४१.८ प्रतिशत, तथा कक्षा ९-१२ मा ५५.५ प्रतिशत रहेको छ। यसबाट आधारभूत तहसम्म तोकिएको उमेर समूहका अधिकांश बालबालिका विद्यालयमा भर्ना भएको देखिन्छ। तर कक्षा ९-१० र विशेषगरी कक्षा ११-१२ मा खुद भर्ना दर घटेकोले उमेरअनुकूल सहभागिता माथिल्लो तहमा कम हुँदै गएको स्पष्ट हुन्छ। यसले आधारभूत तहपछि विद्यालय निरन्तरता र पहुँच सुदृढ बनाउन थप ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ।

लिङ्गगत रूपमा हेर्दा पूर्व प्राथमिक तहमा छात्राको कुल तथा खुद भर्ना दर छात्रभन्दा केही बढी रहेको छ। कक्षा १-५ र ६-८ मा छात्र र छात्राबीचको भिन्नता धेरै देखिँदैन र दुवैको सहभागिता उच्च छ। तर कक्षा ९-१० मा खुद भर्ना दर छात्रतर्फ ७९.० प्रतिशत र छात्रातर्फ ६१.७ प्रतिशत रहेको देखिन्छ, जसले यस तहमा छात्राहरूको उमेरअनुकूल भर्ना दर तुलनात्मक रूपमा कम रहेको संकेत गर्दछ। विपरीत रूपमा कक्षा ११-१२ मा छात्राको खुद भर्ना दर ४६.५ प्रतिशत र छात्रको ३६.६ प्रतिशत रहेको छ, जसले यस तहमा छात्राको सहभागिता केही राम्रो रहेको देखाउँछ। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा आधारभूत तहसम्म भर्नाको अवस्था सन्तोषजनक रहे पनि माध्यमिक र उच्च माध्यमिक तहमा पहुँच तथा निरन्तरतामा थप सुधार आवश्यक रहेको देखिन्छ।

**तालिका ५.७ : पूर्व प्राथमिक शिक्षा/वाल विकास सम्बन्धी सूचकहरू**

| सूचक | वालक | वालिका | जम्मा |
|---|---|---|---|
| कुल भर्ना दर (Gross Enrolment Rate, GER) प्रतिशत | ६६.४ | ६४.१ | ६५.२ |
| खुद भर्ना दर (Net Enrolment Rate, NER) प्रतिशत | ५१.८ | ४६.१ | ४८.९ |
| कक्षा १ मा नयाँ भर्ना (G1 New Enrollment) सङ्ख्या | २४२.० | २९९.० | ५४१.० |
| प्रारम्भिक बाल विकास अनुभव भई कक्षा १ भर्ना भएका विद्यार्थी सङ्ख्या | १९०.० | २५०.० | ४४०.० |
| प्रारम्भिक बाल विकास अनुभव भएका विद्यार्थी प्रतिशत | ७८.५ | ८३.६ | ८१.३ |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ५.७ अनुसार बाँफिकोट गाउँपालिकामा पूर्व प्राथमिक शिक्षा तथा बाल विकाससम्बन्धी सूचकहरूको अवस्था मिश्रित रहेको देखिन्छ। कुल भर्ना दर ६५.२ प्रतिशत रहेको छ, जसमा वालकतर्फ ६६.४ प्रतिशत र वालिकातर्फ ६४.१ प्रतिशत रहेको छ। यसले पूर्व प्राथमिक तहमा भर्ना हुने बालबालिकाको सहभागिता मध्यम स्तरको रहेको र वालकको भर्ना दर वालिकाको तुलनामा केही बढी रहेको देखाउँछ। त्यसैगरी खुद भर्ना दर जम्मा ४८.९ प्रतिशत रहेको छ, जसमा वालकतर्फ ५१.८ प्रतिशत र वालिकातर्फ ४६.१ प्रतिशत रहेको छ। यसबाट तोकिएको उमेर समूहका सबै बालबालिका पूर्व प्राथमिक शिक्षामा समेटिन सकेका छैनन् भन्ने बुझिन्छ।

कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको सङ्ख्या कुल ५४१ रहेको छ, जसमा २४२ जना वालक र २९९ जना वालिका रहेका छन्। यसमध्ये प्रारम्भिक बाल विकासको अनुभव लिएर कक्षा १ मा भर्ना भएका विद्यार्थी ४४० जना रहेका छन्, जसमा १९० जना वालक र २५० जना वालिका छन्। प्रतिशतका आधारमा हेर्दा कक्षा १ मा भर्ना भएका कुल विद्यार्थीमध्ये ८१.३ प्रतिशतले प्रारम्भिक बाल विकासको अनुभव प्राप्त गरेका छन्। वालकतर्फ यो प्रतिशत ७८.५ र वालिकातर्फ ८३.६ रहेको छ। यसले कक्षा १ मा भर्ना हुने अधिकांश बालबालिकाले प्रारम्भिक बाल विकासको अनुभव प्राप्त गरेको देखाए पनि अझै केही बालबालिका यस्तो अनुभवबिना नै औपचारिक शिक्षामा प्रवेश गरिरहेको अवस्था रहेको देखिन्छ।

**तालिका ५.८ : विद्यार्थी टिकाउ दर**

| क्र.स. | विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १. | कक्षा ५ सम्म विद्यार्थी टिकाउ दर | ८८.९ | ८९.२ | ८९.० |
| २. | कक्षा ८ सम्म विद्यार्थी टिकाउ दर | ८८.१ | ८०.२ | ८४.३ |
| ३. | कक्षा १० सम्म विद्यार्थी टिकाउ दर | ६८.४ | ६७.० | ६७.७ |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ६.८ अनुसार बाँफिकोट गाउँपालिकामा विद्यार्थी टिकाउ दर कक्षा बढ्दै जाँदा क्रमशः घट्दै गएको देखिन्छ। कक्षा ५ सम्म विद्यार्थी टिकाउ दर जम्मा ८९.० प्रतिशत रहेको छ, जसमा छात्रातर्फ ८८.९ प्रतिशत र छात्रतर्फ ८९.२ प्रतिशत रहेको छ। यसले प्राथमिक तहसम्म अधिकांश विद्यार्थी विद्यालयमा टिकिरहने अवस्था रहेको र छात्र तथा छात्राबीचको भिन्नता निकै न्यून रहेको देखाउँछ।

त्यसैगरी कक्षा ८ सम्म विद्यार्थी टिकाउ दर जम्मा ८४.३ प्रतिशत रहेको छ। यस तहमा छात्रातर्फ ८८.१ प्रतिशत टिकाउ दर रहेको छ भने छात्रतर्फ ८०.२ प्रतिशत मात्र रहेको देखिन्छ। यसबाट आधारभूत तहको माथिल्लो कक्षामा पुग्दा छात्राको टिकाउ दर छात्रको तुलनामा राम्रो रहेको स्पष्ट हुन्छ। कक्षा १० सम्म पुग्दा टिकाउ दर अझ घटेर जम्मा ६७.७ प्रतिशतमा सीमित भएको छ, जसमा छात्रातर्फ ६८.४

प्रतिशत र छात्रतर्फ ६७.० प्रतिशत रहेको छ । समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा प्राथमिक तहसम्म विद्यार्थी टिकाउ दर सन्तोषजनक रहे पनि माथिल्ला कक्षातर्फ जाँदा टिकाउ दर घट्दै गएकोले विशेषतः माध्यमिक तहमा विद्यार्थी निरन्तरता बढाउन थप प्रयास आवश्यक देखिन्छ।

तालिका ५.९ : कक्षा उत्तिर्ण दर

| क्र.स. | कक्षा | कक्षा उत्तिर्ण दर | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १. | कक्षा १ | ५०.४ | ५२.६ | ५१.६ |
| २. | कक्षा २ | ७८.७ | ७७.६ | ७८.२ |
| ३. | कक्षा ३ | ८४.० | ८६.२ | ८५.१ |
| ४. | कक्षा ४ | ८५.२ | ८७.६ | ८६.३ |
| ५. | कक्षा ५ | ८८.५ | ९०.६ | ८९.५ |
| **६.** | **कक्षा (१-५)** | **७४.७** | **७५.०** | **७४.८** |
| ७. | कक्षा ६ | ९०.३ | ८४.५ | ८७.२ |
| ८. | कक्षा ७ | ९१.५ | ९०.९ | ९१.२ |
| ९. | कक्षा ८ | ९६.२ | ९२.९ | ९४.६ |
| **१०.** | **कक्षा (६-८)** | **९२.८** | **८९.३** | **९१.१** |
| ११. | कक्षा ९ | ८९.७ | ८८.० | ८८.९ |
| १२. | कक्षा १० | १००.० | ९८.२ | ९९.१ |
| **१३.** | **कक्षा (९-१०)** | **९४.६** | **९३.१** | **९३.९** |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ५.९ अनुसार बाँफिकोट गाउँपालिकामा कक्षा उत्तीर्ण दर कक्षाअनुसार फरक-फरक रहेको देखिन्छ। कक्षा १ मा जम्मा उत्तीर्ण दर ५१.६ प्रतिशत रहेको छ, जुन सबैभन्दा कम हो। त्यसपछि कक्षा २ मा ७८.२ प्रतिशत, कक्षा ३ मा ८५.१ प्रतिशत, कक्षा ४ मा ८६.३ प्रतिशत र कक्षा ५ मा ८९.५ प्रतिशत उत्तीर्ण दर रहेको छ। समग्र रूपमा कक्षा १-५ को जम्मा उत्तीर्ण दर ७४.८ प्रतिशत रहेको छ। यसले प्राथमिक तहको सुरुआती कक्षामा उत्तीर्ण दर तुलनात्मक रूपमा कम भए पनि माथिल्ला कक्षातर्फ जाँदा यो दर क्रमशः सुधार हुँदै गएको देखाउँछ।

त्यसैगरी कक्षा ६ मा जम्मा उत्तीर्ण दर ८७.२ प्रतिशत, कक्षा ७ मा ९१.२ प्रतिशत र कक्षा ८ मा ९४.६ प्रतिशत रहेको छ। कक्षा ६-८ को समग्र उत्तीर्ण दर ९१.१ प्रतिशत रहेको देखिन्छ। माध्यमिक तहमा कक्षा ९ को उत्तीर्ण दर ८८.९ प्रतिशत रहेको छ भने कक्षा १० मा यो दर ९९.१ प्रतिशत पुगेको छ। कक्षा ९-१० को समग्र उत्तीर्ण दर ९३.९ प्रतिशत रहेको छ। यसबाट आधारभूत तहको माथिल्लो कक्षा र माध्यमिक तहमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि तुलनात्मक रूपमा राम्रो रहेको बुझिन्छ।

लिङ्गगत रूपमा हेर्दा प्राथमिक तहका अधिकांश कक्षामा छात्रको उत्तीर्ण दर छात्राभन्दा केही बढी रहेको देखिन्छ। उदाहरणका लागि कक्षा १ मा छात्रको उत्तीर्ण दर ५२.६ प्रतिशत र छात्राको ५०.४ प्रतिशत रहेको छ भने कक्षा ५ मा छात्र ९०.६ प्रतिशत र छात्रा ८८.५ प्रतिशत रहेका छन्। तर कक्षा ६ देखि माथिका केही कक्षामा छात्राको अवस्था राम्रो देखिन्छ। जस्तै कक्षा ६ मा छात्रा ९०.३ प्रतिशत र छात्र ८४.५ प्रतिशत, कक्षा ८ मा छात्रा ९६.२ प्रतिशत र छात्र ९२.९ प्रतिशत, तथा कक्षा १० मा छात्रा १००.० प्रतिशत र छात्र ९८.२ प्रतिशत रहेका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा कक्षा बढ्दै जाँदा उत्तीर्ण दरमा सुधार देखिएको छ र माथिल्ला कक्षामा छात्राको शैक्षिक उपलब्धि तुलनात्मक रूपमा सशक्त रहेको पाइन्छ।

तालिका ५.१० : कक्षा दोहोराउने दर

| क्र.स. | कक्षा | कक्षा दोहोऱ्याउने दर | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १. | कक्षा १ | ३६.६ | ३१.३ | ३३.८ |
| २. | कक्षा २ | ११.५ | १२.८ | १२.१ |
| ३. | कक्षा ३ | ३.९ | ६.५ | ५.२ |
| ४. | कक्षा ४ | ६.७ | ५.६ | ६.२ |
| ५. | कक्षा ५ | ४.२ | ५.२ | ४.७ |
| **६.** | **कक्षा (१-५)** | १४.९ | १५.१ | १५.० |
| ७. | कक्षा ६ | ४.० | ५.४ | ४.७ |
| ८. | कक्षा ७ | ३.१ | ३.३ | ३.२ |
| ९. | कक्षा ८ | ०.४ | २.५ | १.४ |
| **१०.** | **कक्षा (६-८)** | २.४ | ३.८ | ३.१ |
| ११. | कक्षा ९ | २.८ | ५.५ | ४.१ |
| १२. | कक्षा १० | ०.० | १.८ | ०.९ |
| **१३.** | **कक्षा (९-१०)** | १.४ | ३.७ | २.५ |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ५.१० अनुसार बाँफिकोट गाउँपालिकामा कक्षा दोहोऱ्याउने दर प्रारम्भिक कक्षामा बढी र माथिल्ला कक्षातर्फ जाँदा क्रमशः घट्दै गएको देखिन्छ। कक्षा १ मा जम्मा दोहोऱ्याउने दर ३३.८ प्रतिशत रहेको छ, जुन सबै कक्षामध्ये सबैभन्दा बढी हो। त्यसपछि कक्षा २ मा १२.१ प्रतिशत, कक्षा ३ मा ५.२ प्रतिशत, कक्षा ४ मा ६.२ प्रतिशत र कक्षा ५ मा ४.७ प्रतिशत रहेको छ। समग्र रूपमा कक्षा १-५ मा दोहोऱ्याउने दर १५.० प्रतिशत रहेको देखिन्छ। यसले प्राथमिक तहको प्रारम्भिक कक्षामा विद्यार्थीलाई सिकाइ उपलब्धि र कक्षागत अनुकूलनमा बढी चुनौती रहेको संकेत गर्दछ।

आधारभूत तहको माथिल्लो कक्षातर्फ हेर्दा कक्षा ६ मा जम्मा दोहोऱ्याउने दर ४.७ प्रतिशत, कक्षा ७ मा ३.२ प्रतिशत र कक्षा ८ मा १.४ प्रतिशत रहेको छ। कक्षा ६-८ को समग्र दोहोऱ्याउने दर ३.१ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी माध्यमिक तहमा कक्षा ९ मा ४.१ प्रतिशत र कक्षा १० मा ०.९ प्रतिशत दोहोऱ्याउने दर रहेको छ भने कक्षा ९-१० को समग्र दर २.५ प्रतिशत रहेको छ। यसबाट कक्षा बढ्दै जाँदा दोहोऱ्याउने प्रवृत्ति घट्दै गएको स्पष्ट हुन्छ।

लिङ्गगत रूपमा हेर्दा कक्षा १ मा छात्राको दोहोऱ्याउने दर ३६.६ प्रतिशत रहेको छ, जुन छात्रको ३१.३ प्रतिशतभन्दा बढी हो। कक्षा २ मा भने छात्रको दर १२.८ प्रतिशत र छात्राको ११.५ प्रतिशत रहेको छ। कक्षा ३ मा पनि छात्रको दर ६.५ प्रतिशत र छात्राको ३.९ प्रतिशत रहेको छ। कक्षा ६, ७, ८, ९ र १० मा समेत अधिकांश अवस्थामा छात्रको दोहोऱ्याउने दर छात्राभन्दा बढी देखिन्छ। विशेष गरी कक्षा ८ मा छात्रको दर २.५ प्रतिशत हुँदा छात्राको ०.४ प्रतिशत मात्र रहेको छ। त्यसैगरी कक्षा १० मा छात्राको दोहोऱ्याउने दर शून्य रहेको छ भने छात्रको १.८ प्रतिशत रहेको छ।

समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा कक्षा दोहोऱ्याउने समस्या प्रारम्भिक तहमा बढी गम्भीर रहेको देखिन्छ, विशेषतः कक्षा १ मा यसको स्तर धेरै उच्च छ। माथिल्ला कक्षातर्फ जाँदा यो दर उल्लेखनीय रूपमा घट्दै गएको पाइन्छ। त्यसैले प्रारम्भिक कक्षामा सिकाइ सुदृढीकरण, आधारभूत सीप विकास, नियमित उपस्थिति र विद्यालय अनुकूल वातावरण निर्माणमा विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

तालिका ५.११ : कक्षा छाड्ने दर

| क्र.स. | कक्षा | कक्षा छाड्ने दर | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १. | कक्षा १ | १३.१ | १६.१ | १४.७ |
| २. | कक्षा २ | ९.८ | ९.७ | ९.७ |
| ३. | कक्षा ३ | १२.१ | ७.३ | ९.७ |
| ४. | कक्षा ४ | ८.१ | ६.८ | ७.५ |
| ५. | कक्षा ५ | ७.३ | ४.३ | ५.९ |
| **६.** | **कक्षा (१-५)** | **१०.४** | **९.९** | **१०.२** |
| ७. | कक्षा ६ | ५.७ | १०.१ | ८.० |
| ८. | कक्षा ७ | ५.४ | ५.८ | ५.६ |
| ९. | कक्षा ८ | ३.५ | ४.६ | ४.० |
| **१०.** | **कक्षा (६-८)** | **४.८** | **६.९** | **५.९** |
| ११. | कक्षा ९ | ७.५ | ६.५ | ७.० |
| १२. | कक्षा १० | ०.० | ०.० | ०.० |
| **१३.** | **कक्षा (९-१०)** | **३.९** | **३.२** | **३.६** |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

कक्षा छाड्ने दर भन्नाले कुनै शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीमध्ये अध्ययन पूरा नगरी बीचमै विद्यालय छोड्ने विद्यार्थीहरूको प्रतिशतलाई जनाउँछ। तालिका ५.११ अनुसार बाँफिकोट गाउँपालिकामा कक्षा छाड्ने दर प्राथमिक तहमा तुलनात्मक रूपमा बढी र माथिल्ला कक्षातर्फ जाँदा घट्दै गएको देखिन्छ। कक्षा १ मा जम्मा छाड्ने दर १४.७ प्रतिशत रहेको छ, जुन सबै कक्षामध्ये सबैभन्दा बढी हो। त्यसपछि कक्षा २ र ३ मा समान रूपमा ९.७ प्रतिशत, कक्षा ४ मा ७.५ प्रतिशत र कक्षा ५ मा ५.९ प्रतिशत रहेको छ। समग्र रूपमा कक्षा १-५ को छाड्ने दर १०.२ प्रतिशत रहेको देखिन्छ। यसले प्रारम्भिक तथा प्राथमिक तहमा विद्यार्थी निरन्तरता चुनौतीपूर्ण रहेको संकेत गर्दछ। आधारभूत तहको माथिल्लो कक्षामा हेर्दा कक्षा ६ मा जम्मा छाड्ने दर ८.० प्रतिशत, कक्षा ७ मा ५.६ प्रतिशत र कक्षा ८ मा ४.० प्रतिशत रहेको छ। कक्षा ६-८ को समग्र छाड्ने दर ५.९ प्रतिशत रहेको छ। त्यसैगरी माध्यमिक तहमा कक्षा ९ को छाड्ने दर ७.० प्रतिशत रहेको छ भने कक्षा १० मा यो दर शून्य रहेको छ। कक्षा ९-१० को समग्र छाड्ने दर ३.६ प्रतिशत रहेको देखिन्छ। यसबाट कक्षा बढ्दै जाँदा विद्यालय छाड्ने प्रवृत्ति घट्दै गएको स्पष्ट हुन्छ।

लिङ्गगत रूपमा हेर्दा कक्षा १ मा छात्रको छाड्ने दर १६.१ प्रतिशत रहेको छ, जुन छात्राको १३.१ प्रतिशतभन्दा बढी हो। कक्षा ३ मा भने छात्राको छाड्ने दर १२.१ प्रतिशत रहेको छ, जुन छात्रको ७.३ प्रतिशतभन्दा उच्च छ। कक्षा ५ मा पनि छात्राको दर ७.३ प्रतिशत र छात्रको ४.३ प्रतिशत रहेको छ। तर कक्षा ६ मा छात्रको छाड्ने दर १०.१ प्रतिशत पुगेको छ, जुन छात्राको ५.७ प्रतिशतभन्दा धेरै बढी हो। कक्षा ७ र ८ मा पनि छात्रको दर केही बढी देखिन्छ। समग्र रूपमा कक्षा १-५ मा छात्राको छाड्ने दर १०.४ प्रतिशत र छात्रको ९.९ प्रतिशत रहेको छ भने कक्षा ६-८ मा छात्रको दर ६.९ प्रतिशत र छात्राको ४.८ प्रतिशत रहेको छ।

समग्र विश्लेषण गर्दा बाँफिकोट गाउँपालिकामा कक्षा छाड्ने समस्या विशेषतः प्रारम्भिक कक्षामा बढी देखिन्छ। प्राथमिक तहमा विद्यालय छाड्ने दर उच्च रहनु शिक्षण सिकाइको गुणस्तर, विद्यालय वातावरण, पारिवारिक अवस्था, आर्थिक कारण तथा नियमित उपस्थितिसम्बन्धी चुनौतीसँग सम्बन्धित हुन सक्छ। त्यसैले विशेषगरी कक्षा १ देखि ६ सम्मका विद्यार्थीलाई विद्यालयमा टिकाइ राख्न लक्षित सहयोग, परामर्श, अभिभावक सचेतना र विद्यालयमैत्री कार्यक्रम आवश्यक देखिन्छ।

तालिका ५.१२ : लैङ्गिक समता सूचक (Gender Parity Index, GPI)

| क्र.स. | कक्षा/तह | दलित | जनजाती | जम्मा |
|---|---|---|---|---|
| १. | पूर्व प्राथमिक/वाल विकास | - | - | ०.९७ |
| २. | कक्षा (१-५) | ०.९७ | १.०२ | १.०१ |
| ३. | कक्षा (६-८) | १.०८ | ०.९३ | १.०० |
| ४. | कक्षा (१-८) | १.०० | ०.९९ | १.०० |
| ५. | कक्षा (९-१०) | ०.९९ | ०.७४ | १.०९ |
| ६. | कक्षा (११-१२) | ०.९८ | १.४१ | १.१५ |
| ७. | कक्षा (९-१२) | ०.९९ | १.०० | १.१२ |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

लैङ्गिक समता सूचक (Gender Parity Index, GPI) भनेको कुनै तह वा कक्षामा छात्रा र छात्रको सहभागिताबीचको अनुपात हो, जसलाई शिक्षामा लैङ्गिक समानता, असमानता र समावेशिताको अवस्था मापन गर्न प्रयोग गरिन्छ। सामान्यतः GPI को मान १ भए छात्र र छात्राबीच समान सहभागिता रहेको, १ भन्दा कम भए छात्राको सहभागिता कम रहेको, र १ भन्दा बढी भए छात्राको सहभागिता बढी रहेको बुझिन्छ। यस आधारमा तालिका ६.१२ ले बाँफिकोट गाउँपालिकाको विभिन्न कक्षा तथा तहमा लैङ्गिक समताको अवस्था प्रस्तुत गरेको छ। माथिको तालिका अनुसार पूर्व प्राथमिक/बाल विकास तहमा जम्मा GPI ०.९७ रहेको छ, जसले यस तहमा छात्राको सहभागिता छात्रको तुलनामा केही कम रहेको देखाउँछ। कक्षा १-५ मा जम्मा GPI १.०१, कक्षा ६-८ मा १.००, तथा कक्षा १-८ मा १.०० रहेको छ। यसले आधारभूत तहमा समग्र रूपमा छात्र र छात्राबीच लगभग समान सहभागिता रहेको स्पष्ट गर्दछ। दलिततर्फ कक्षा १-५ मा GPI ०.९७ रहेको छ भने कक्षा ६-८ मा १.०८ पुगेको छ, जसले प्राथमिक तहमा दलित छात्राको सहभागिता केही कम भए पनि माथिल्लो आधारभूत तहमा तुलनात्मक रूपमा बढी रहेको देखाउँछ। त्यसैगरी जनजातितर्फ कक्षा १-५ मा १.०२, कक्षा ६-८ मा ०.९३, तथा कक्षा १-८ मा ०.९९ रहेको छ, जसले समग्रमा सन्तुलित अवस्था देखाए पनि कक्षा ६-८ मा जनजाति छात्राको सहभागिता केही कम रहेको संकेत गर्दछ।

माध्यमिक तथा उच्च माध्यमिक तहमा हेर्दा कक्षा ९-१० मा जम्मा GPI १.०९, कक्षा ११-१२ मा १.१५, तथा कक्षा ९-१२ मा १.१२ रहेको छ। यसले माथिल्ला तहहरूमा छात्राको सहभागिता छात्रको तुलनामा बढी रहेको देखाउँछ। विशेष गरी जनजातितर्फ कक्षा ९-१० मा GPI ०.७४ रहेको छ, जसले यस तहमा जनजाति छात्राको सहभागिता उल्लेख्य रूपमा कम रहेको देखाउँछ। तर कक्षा ११-१२ मा यही समूहको GPI १.४१ पुगेको छ, जसले उच्च माध्यमिक तहमा जनजाति छात्राको सहभागिता छात्रको तुलनामा धेरै बढी रहेको संकेत गर्दछ। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा आधारभूत तहमा लैङ्गिक समता सन्तोषजनक रहेको छ भने माध्यमिक र उच्च माध्यमिक तहमा छात्राको सहभागिता तुलनात्मक रूपमा अझ सशक्त देखिएको छ।

तालिका ५.१३ : विद्यालय, शिक्षक र विद्यार्थी सम्बन्धी अनुपातहरू

| विवरण | सामुदायिक विद्यालय | | संस्थागत/निजी विद्यालय |
|---|---|---|---|
| | स्विकृत दरवन्दीका आधारमा | कुल कार्यरत शिक्षकका आधारमा | |
| **विद्यालय शिक्षक अनुपात** | | | |
| कक्षा (१-५) | ३.० | ४.५ | ७.० |
| कक्षा (६-८) | ५.५ | ६.५ | - |
| कक्षा (९-१०) | ३.५ | ४.२ | - |
| कक्षा (११-१२) | १.५ | १.५ | - |
| **विद्यार्थी शिक्षक अनुपात** | | | |
| कक्षा (१-५) | ३५.७ | २३.५ | ८.१ |
| कक्षा (६-८) | ४५.५ | ३८.५ | - |
| कक्षा (९-१०) | ४४.२ | ३७.१ | - |

| विवरण | | सामुदायिक विद्यालय | | संस्थागत/निजी विद्यालय |
|---|---|---|---|---|
| | | स्विकृत दरवन्दीका आधारमा | कुल कार्यरत शिक्षकका आधारमा | |
| | कक्षा (११-१२) | १२८.२ | १२८.२ | - |
| **विद्यालय विद्यार्थी अनुपात** | | | | |
| | कक्षा (१-५) | १०५.९ | | ५६.५ |
| | कक्षा (६-८) | २५०.० | | - |
| | कक्षा (९-१०) | १५४.७ | | - |
| | कक्षा (११-१२) | १९२.३ | | - |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

माथिको तालिकाले बाँफिकोट गाउँपालिकामा विद्यालय, शिक्षक र विद्यार्थीबीचको अनुपातलाई कक्षागत तथा विद्यालयको प्रकारअनुसार प्रस्तुत गरेको छ। यस तालिकाबाट सामुदायिक तथा संस्थागत/निजी विद्यालयहरूमा शिक्षक उपलब्धता, विद्यालय सङ्ख्या तथा विद्यार्थी चापको अवस्था बुझ्न सकिन्छ। विशेष रूपमा विद्यालय-शिक्षक अनुपात, विद्यार्थी-शिक्षक अनुपात र विद्यालय-विद्यार्थी अनुपातजस्ता सूचकहरूले शिक्षण व्यवस्थापन, स्रोत वितरण तथा कक्षागत भारको स्थिति स्पष्ट पार्छन्।

विद्यालय-शिक्षक अनुपातका आधारमा हेर्दा सामुदायिक विद्यालयमा कक्षा १-५ मा स्वीकृत दरबन्दीका आधारमा ३.० र कुल कार्यरत शिक्षकका आधारमा ४.५ रहेको छ भने संस्थागत/निजी विद्यालयमा ७.० रहेको छ। कक्षा ६-८ मा सामुदायिक विद्यालयमा यो अनुपात क्रमशः ५.५ र ६.५ रहेको छ। कक्षा ९-१० मा ३.५ र ४.२ तथा कक्षा ११-१२ मा १.५ र १.५ रहेको देखिन्छ। यसले विशेषगरी सामुदायिक विद्यालयमा कक्षागत रूपमा विद्यालय र शिक्षकको उपलब्धतामा अन्तर रहेको देखाउँछ।

विद्यार्थी-शिक्षक अनुपाततर्फ कक्षा १-५ मा सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दीका आधारमा ३५.७ र कार्यरत शिक्षकका आधारमा २३.५ रहेको छ भने संस्थागत/निजी विद्यालयमा ८.१ रहेको छ। कक्षा ६-८ मा सामुदायिक विद्यालयमा यो अनुपात ४५.५ र ३८.५ रहेको छ। कक्षा ९-१० मा ४४.२ र ३७.१ रहेको छ भने कक्षा ११-१२ मा १२८.२ र १२८.२ रहेको छ। यसले विशेषगरी कक्षा ११-१२ मा विद्यार्थी चाप अत्यधिक रहेको संकेत गर्दछ। कक्षा ६-१० सम्म पनि सामुदायिक विद्यालयमा एक शिक्षकले धेरै विद्यार्थी सम्हाल्नुपर्ने अवस्था देखिन्छ।

विद्यालय-विद्यार्थी अनुपातका आधारमा कक्षा १-५ मा सामुदायिक विद्यालयमा १०५.९ र संस्थागत/निजी विद्यालयमा ५६.५ रहेको छ। कक्षा ६-८ मा सामुदायिक विद्यालयमा २५०.०, कक्षा ९-१० मा १५४.७, र कक्षा ११-१२ मा १९२.३ रहेको देखिन्छ। यसले सामुदायिक विद्यालयमा विशेषगरी कक्षा ६-८ र ११-१२ मा प्रति विद्यालय विद्यार्थी सङ्ख्या धेरै रहेको बुझाउँछ। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा सामुदायिक विद्यालयहरूमा माथिल्ला कक्षातर्फ विद्यार्थी चाप बढी देखिन्छ, जसले शिक्षक व्यवस्थापन, शैक्षिक पूर्वाधार र स्रोत विस्तारमा थप ध्यान दिनुपर्ने आवश्यकता औंल्याउँछ।

## ५.३ विद्यालय शिक्षक सम्बन्धी विवरण

**तालिका ५.१४ : विद्यालयका शिक्षक सम्बन्धी विवरण**

| कक्षा/तह | | सामुदायिक विद्यालय | | | संस्थागत/निजी विद्यालय | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कक्षा (१-५) | जम्मा कार्यरत | ४० | ८६ | १२६ | ८ | ६ | १४ | ४८ | ९२ | १४० |
| | कुल स्विकृत दरबन्दी | ० | ० | ८३ | - | - | - | ० | ० | ८३ |
| | स्थायी | ८ | ४५ | ५३ | - | - | - | ८ | ४५ | ५३ |
| | अस्थाई | ५ | ११ | १६ | - | - | - | ५ | ११ | १६ |
| | राहत | १९ | २७ | ४६ | - | - | - | १९ | २७ | ४६ |
| | निजि स्रोत | ८ | ३ | ११ | ८ | ६ | १४ | १६ | ९ | २५ |

| कक्षा/तह | | सामुदायिक विद्यालय | | | संस्थागत/निजी विद्यालय | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कक्षा (६-८) | जम्मा कार्यरत | ८ | २३ | ३९ | - | - | - | ८ | २३ | ३९ |
| | कुल स्विकृत दरबन्दी | ० | ० | ३३ | - | - | - | ० | ० | ३३ |
| | स्थायी | १ | ५ | १० | - | - | - | १ | ५ | १० |
| | अस्थाई | १ | २ | ७ | - | - | - | १ | २ | ७ |
| | राहत | ४ | १२ | १६ | - | - | - | ४ | १२ | १६ |
| | निजि स्रोत | २ | ४ | ६ | - | - | - | २ | ४ | ६ |
| कक्षा (९-१०) | जम्मा कार्यरत | ४ | २१ | २५ | - | - | - | ४ | २१ | २५ |
| | कुल स्विकृत दरबन्दी | ० | ० | २१ | - | - | - | ० | ० | २१ |
| | स्थायी | ० | ७ | ७ | - | - | - | ० | ७ | ७ |
| | अस्थाई | १ | १ | २ | - | - | - | १ | १ | २ |
| | राहत | २ | १० | १२ | - | - | - | २ | १० | १२ |
| | निजि स्रोत | १ | ३ | ४ | - | - | - | १ | ३ | ४ |
| कक्षा (११-१२) | जम्मा कार्यरत | ० | ६ | ६ | - | - | - | ० | ६ | ६ |
| | कुल स्विकृत दरबन्दी | ० | ० | ६ | - | - | - | ० | ० | ६ |
| | स्थायी | ० | ० | ० | - | - | - | ० | ० | ० |
| | अस्थाई | ० | २ | २ | - | - | - | ० | २ | २ |
| | राहत | ० | ४ | ४ | - | - | - | ० | ४ | ४ |
| | निजि स्रोत | ० | ० | ० | - | - | - | ० | ० | ० |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

बाँफिकोट गाउँपालिकामा विभिन्न कक्षा तथा तहमा कार्यरत शिक्षकहरूको अवस्था कक्षागत रूपमा फरक-फरक रहेको देखिन्छ । सामुदायिक विद्यालयतर्फ स्वीकृत दरबन्दीभन्दा बढी शिक्षक कार्यरत रहेको अवस्था केही तहमा देखिन्छ भने संस्थागत/निजी विद्यालयमा शिक्षक सङ्ख्या तुलनात्मक रूपमा कम रहेको पाइन्छ ।

तालिका ५.१४ अनुसार कक्षा १-५ मा सामुदायिक विद्यालयतर्फ यस तहमा कुल स्वीकृत दरबन्दी ८३ रहेकोमा १२६ जना शिक्षक/शिक्षिका कार्यरत रहेका छन् भने संस्थागत/निजी विद्यालयतर्फ १४ जना कार्यरत रहेका छन् । यसरी हेर्दा जम्मा १४० जना शिक्षक/शिक्षिका कार्यरत रहेको देखिन्छ, जसमा ४८ जना महिला र ९२ जना पुरुष रहेका छन् । शिक्षकको प्रकृतिअनुसार स्थायी ५३ जना, अस्थायी १६ जना, राहत ४६ जना र निजी स्रोतका २५ जना रहेका छन् । यसले प्राथमिक तहमा शिक्षक सङ्ख्या स्वीकृत दरबन्दीभन्दा बढी रहेको र निजी स्रोत तथा राहतमार्फत पनि शिक्षक व्यवस्थापन गरिएको देखाउँछ । साथै यस तहमा पुरुष शिक्षकको सङ्ख्या महिला शिक्षकको तुलनामा उल्लेख्य रूपमा बढी रहेको छ ।

त्यसैगरी कक्षा ६-८ मा सामुदायिक विद्यालयतर्फ कुल स्वीकृत दरबन्दी ३३ रहेकोमा ३९ जना शिक्षक/शिक्षिका कार्यरत रहेका छन् । तालिकामा यस तहमा ८ जना महिला र २३ जना पुरुष शिक्षक उल्लेख गरिएका छन् । शिक्षकको प्रकृतिअनुसार स्थायी १० जना, अस्थायी ७ जना, राहत १६ जना र निजी स्रोतका ६ जना रहेका छन् । यसले निम्न माध्यमिक तहमा पनि स्वीकृत दरबन्दीभन्दा बढी शिक्षक परिचालन गरिएको देखाउँछ । यस तहमा पनि पुरुष शिक्षकको सङ्ख्या महिला शिक्षकभन्दा बढी रहेको पाइन्छ ।

त्यसैगरी कक्षा ९-१० मा सामुदायिक विद्यालयतर्फ कुल स्वीकृत दरबन्दी २१ रहेकोमा २५ जना शिक्षक/शिक्षिका कार्यरत रहेका छन् । यस तहमा जम्मा २५ जना शिक्षकहरूमध्ये ४ जना महिला र २१ जना पुरुष रहेका छन् । शिक्षकको प्रकृतिअनुसार स्थायी ७ जना, अस्थायी २ जना, राहत १२ जना र निजी स्रोतका ४ जना रहेका छन् । यसले माध्यमिक तहमा पनि राहत र निजी स्रोतका शिक्षकको भूमिका महत्वपूर्ण रहेको देखाउँछ । साथै यस तहमा पनि पुरुष शिक्षकको सङ्ख्या महिला शिक्षकको तुलनामा धेरै बढी रहेको छ ।

कक्षा ११-१२ मा कुल स्वीकृत दरबन्दी ६ रहेकोमा ६ जना शिक्षक कार्यरत रहेका छन् । यस तहमा सबै शिक्षक पुरुष मात्र रहेका छन् र महिला शिक्षकको उपस्थिति देखिँदैन । शिक्षकको प्रकृतिअनुसार अस्थायी २ जना र राहत ४ जना रहेका छन् भने स्थायी तथा निजी स्रोतका शिक्षक छैनन् । यसले उच्च माध्यमिक तहमा शिक्षक सङ्ख्या दरबन्दीअनुसार रहे पनि स्थायी शिक्षकको अभाव रहेको देखाउँछ ।

समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकाका विद्यालयहरूमा विभिन्न तहमा स्वीकृत दरबन्दी, कार्यरत शिक्षक सङ्ख्या तथा शिक्षकको प्रकृतिमा भिन्नता रहेको छ। अधिकांश तहमा पुरुष शिक्षकको सङ्ख्या बढी रहेको छ भने राहत, अस्थायी र निजी स्रोतका शिक्षकमार्फत शिक्षण कार्य सञ्चालन भइरहेको देखिन्छ। यसले शिक्षक व्यवस्थापनमा वैकल्पिक स्रोतको भूमिका अझै महत्वपूर्ण रहेको स्पष्ट पार्दछ।

## ५.४ विद्यालयमा विद्यार्थी सङ्ख्या सम्बन्धी विवरण

तालिका ५.१५ : कक्षागत विद्यार्थी सङ्ख्या

| क्र.स. | कक्षा | दलित | | | जनजाती | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | कक्षा १ | ९१ | ११८ | २०९ | ३९ | ४३ | ८२ | ४२८ | ४७८ | ९०६ |
| २. | कक्षा २ | ६९ | ७१ | १४० | २८ | २७ | ५५ | २९६ | २८९ | ५८५ |
| ३. | कक्षा ३ | ६३ | ६३ | १२६ | २२ | २६ | ४८ | २८४ | २७५ | ५५९ |
| ४. | कक्षा ४ | ७० | ५५ | १२५ | २५ | २२ | ४७ | २७३ | २५४ | ५२७ |
| ५. | कक्षा ५ | ५३ | ५१ | १०४ | १९ | १२ | ३१ | २६३ | २३९ | ५०२ |
| **६.** | **कक्षा (१-५)** | **३४६** | **३५८** | **७०४** | **१३३** | **१३०** | **२६३** | **१,५४४** | **१,५३५** | **३,०७९** |
| ७. | कक्षा ६ | ६१ | ६१ | १२२ | १७ | २१ | ३८ | २२८ | २६३ | ४९१ |
| ८. | कक्षा ७ | ५४ | ५५ | १०९ | २० | १३ | ३३ | २६० | २४५ | ५०५ |
| ९. | कक्षा ८ | ६२ | ४८ | ११० | २० | २७ | ४७ | २६१ | २४३ | ५०४ |
| **१०.** | **कक्षा (६-८)** | **१७७** | **१६४** | **३४१** | **५७** | **६१** | **११८** | **७४९** | **७५१** | **१,५००** |
| ११. | कक्षा ९ | ५० | ४४ | ९४ | १६ | ३० | ४६ | २५२ | २१६ | ४६८ |
| १२. | कक्षा १० | ३५ | ४२ | ७७ | २१ | २० | ४१ | २३३ | २२७ | ४६० |
| **१३.** | **कक्षा (९-१०)** | **८५** | **८६** | **१७१** | **३७** | **५०** | **८७** | **४८५** | **४४३** | **९२८** |
| १४. | कक्षा ११ | ४१ | ३५ | ७६ | २२ | १८ | ४० | २२२ | १८० | ४०२ |
| १५. | कक्षा १२ | २१ | २८ | ४९ | २३ | १४ | ३७ | १८९ | १७८ | ३६७ |
| **१६.** | **कक्षा (११-१२)** | **६२** | **६३** | **१२५** | **४५** | **३२** | **७७** | **४११** | **३५८** | **७६९** |
| | **जम्मा** | **६७०** | **६७१** | **१,३४१** | **२७२** | **२७३** | **५४५** | **३,१८९** | **३,०८७** | **६,२७६** |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ५.१५ अनुसार बाँफिकोट गाउँपालिकामा कक्षा १ देखि १२ सम्म जम्मा ६,२७६ जना विद्यार्थी अध्ययनरत रहेका छन्। तीमध्ये ३,१८९ जना छात्रा र ३,०८७ जना छात्र रहेका छन्। यसले समग्र रूपमा छात्राको सङ्ख्या छात्रभन्दा केही बढी रहेको देखाउँछ। जातीय समूहका आधारमा हेर्दा दलित समुदायका १,३४१ जना विद्यार्थी रहेका छन्, जसमा ६७० जना छात्रा र ६७१ जना छात्र छन्। त्यसैगरी जनजाति समुदायका ५४५ जना विद्यार्थी रहेका छन्, जसमा २७२ जना छात्रा र २७३ जना छात्र रहेका छन्। यसबाट दलित र जनजाति दुवै समूहमा छात्र र छात्राबीचको सङ्ख्या लगभग समान रहेको देखिन्छ।

कक्षा १-५ मा जम्मा ३,०७९ जना विद्यार्थी रहेका छन्, जसमा १,५४४ जना छात्रा र १,५३५ जना छात्र छन् । यस समूहमा दलित विद्यार्थी ७०४ जना र जनजाति विद्यार्थी २६३ जना रहेका छन्। कक्षा १ मा सबैभन्दा बढी ९०६ जना विद्यार्थी रहेका छन्, जसमा दलित २०९ जना र जनजाति ८२ जना रहेका छन्। त्यसपछि कक्षा २ मा ५८५, कक्षा ३ मा ५५९, कक्षा ४ मा ५२७ र कक्षा ५ मा ५०२ जना

विद्यार्थी रहेका छन्। यसले प्राथमिक तहको सुरुआती कक्षामा विद्यार्थी सङ्ख्या बढी रहेको र कक्षा बढ्दै जाँदा क्रमशः घट्दै गएको देखाउँछ।

कक्षा ६-८ मा जम्मा १,५०० जना विद्यार्थी रहेका छन्, जसमा ७४९ जना छात्रा र ७५१ जना छात्र छन्। यस समूहमा दलित विद्यार्थी ३४१ जना र जनजाति विद्यार्थी ११८ जना रहेका छन्। कक्षा ६ मा ४९१, कक्षा ७ मा ५०५ र कक्षा ८ मा ५०४ जना विद्यार्थी रहेका छन्। यसबाट निम्न माध्यमिक तहमा छात्रा र छात्रको सङ्ख्या लगभग सन्तुलित रहेको देखिन्छ। साथै दलित तथा जनजाति समुदायको उपस्थिति पनि निरन्तर रहेको पाइन्छ।

कक्षा ९-१० मा जम्मा ९२८ जना विद्यार्थी रहेका छन्, जसमा ४८५ जना छात्रा र ४४३ जना छात्र छन्। यस समूहमा दलित विद्यार्थी १७१ जना र जनजाति विद्यार्थी ८७ जना रहेका छन्। कक्षा ११-१२ मा जम्मा ७६९ जना विद्यार्थी रहेका छन्, जसमा ४११ जना छात्रा र ३५८ जना छात्र रहेका छन्। यस समूहमा दलित विद्यार्थी १२५ जना र जनजाति विद्यार्थी ७७ जना रहेका छन्। यसले माथिल्ला कक्षातर्फ जाँदा कुल विद्यार्थी सङ्ख्या घट्दै गएको देखिए पनि छात्राको सङ्ख्या छात्रभन्दा केही बढी रहेको संकेत गर्दछ।

समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा प्राथमिक तहमा विद्यार्थी सङ्ख्या सबैभन्दा बढी रहेको छ र कक्षा उकालो लाग्दै जाँदा विद्यार्थी सङ्ख्या क्रमशः घट्दै गएको पाइन्छ। दलित तथा जनजाति समुदायका विद्यार्थीहरूको सहभागिता सबै तहमा देखिए पनि तिनीहरूको सङ्ख्या कुल विद्यार्थी सङ्ख्याको तुलनामा सीमित रहेको छ।

तालिका ५.१६ : जातजातीगत विद्यार्थी सङ्ख्या

| कक्षा/तह | | सामुदायिक विद्यालय | | | संस्थागत/निजी विद्यालय | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **कक्षा (१-५)** | **कुल विद्यार्थी सङ्ख्या** | **१,४९८** | **१,४६८** | **२,९६६** | **४६** | **६७** | **११३** | १,५४४ | १,५३५ | ३,०७९ |
| | दलित | ३४१ | ३५० | ६९१ | ५ | ८ | १३ | ३४६ | ३५८ | ७०४ |
| | जनजाती | १३२ | १२५ | २५७ | १ | ५ | ६ | १३३ | १३० | २६३ |
| **कक्षा (६-८)** | **कुल विद्यार्थी सङ्ख्या** | **७४९** | **७५१** | **१,५००** | **-** | **-** | **-** | ७४९ | ७५१ | १,५०० |
| | दलित | १७७ | १६४ | ३४१ | - | - | - | १७७ | १६४ | ३४१ |
| | जनजाती | ५७ | ६१ | ११८ | - | - | - | ५७ | ६१ | ११८ |
| **कक्षा (९-१०)** | **कुल विद्यार्थी सङ्ख्या** | **४८५** | **४४३** | **९२८** | **-** | **-** | **-** | ४८५ | ४४३ | ९२८ |
| | दलित | ८५ | ८६ | १७१ | - | - | - | ८५ | ८६ | १७१ |
| | जनजाती | ३७ | ५० | ८७ | - | - | - | ३७ | ५० | ८७ |
| **कक्षा (११-१२)** | **कुल विद्यार्थी सङ्ख्या** | **४११** | **३५८** | **७६९** | **-** | **-** | **-** | ४११ | ३५८ | ७६९ |
| | दलित | ६२ | ६३ | १२५ | - | - | - | ६२ | ६३ | १२५ |
| | जनजाती | ४५ | ३२ | ७७ | - | - | - | ४५ | ३२ | ७७ |
| | **कुल जम्मा** | **३,१४३** | **३,०२०** | **६,१६३** | **४६** | **६७** | **११३** | **३,१८९** | **३,०८७** | **६,२७६** |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/)।*

तालिका ५.१६ अनुसार बाँफिकोट गाउँपालिकामा विद्यार्थी सङ्ख्या मुख्यतः सामुदायिक विद्यालयमा केन्द्रित रहेको देखिन्छ। कुल ६,२७६ विद्यार्थीमध्ये ६,१६३ जना सामुदायिक विद्यालयमा अध्ययनरत छन् भने केवल ११३ जना मात्र संस्थागत/निजी विद्यालयमा रहेका छन्। यसले गाउँपालिकाको शैक्षिक संरचनामा सामुदायिक विद्यालयको स्पष्ट वर्चस्व रहेको देखाउँछ। कक्षा १-५ मा सामुदायिक विद्यालयमा २,९६६ जना विद्यार्थी रहेका छन् भने संस्थागत/निजी विद्यालयमा ११३ जना मात्र रहेका छन्। कक्षा ६-८, ९-१० र ११-१२ मा संस्थागत/निजी विद्यालयहरू नभएका हुनाले सबै विद्यार्थी सामुदायिक विद्यालयमै अध्ययनरत रहेको देखिन्छ।

जातजातिगत रूपमा पनि दलित र जनजाति विद्यार्थीहरूको उपस्थिति मुख्यतः सामुदायिक विद्यालयमै रहेको पाइन्छ। कक्षा १-५ मा दलित विद्यार्थीमध्ये ६९१ जना सामुदायिक विद्यालयमा र १३ जना मात्र संस्थागत विद्यालयमा रहेका छन् भने जनजाति विद्यार्थीमध्ये २५७ जना सामुदायिक र ६ जना मात्र संस्थागत विद्यालयमा रहेका छन्। माथिल्ला सबै तहमा दलित तथा जनजाति विद्यार्थी पूर्ण रूपमा सामुदायिक विद्यालयमै अध्ययनरत रहेका छन्। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकामा संस्थागत/निजी विद्यालयको पहुँच अत्यन्त सीमित रहेको छ भने सबै जातजातिका विद्यार्थीका लागि सामुदायिक विद्यालय नै मुख्य शैक्षिक आधार बनेको देखिन्छ।

**तालिका ५.१७ : अपाङ्गता भएका विद्यार्थी सम्बन्धी विवरण**

| कक्षा | कक्षा (१-५) | | | कक्षा (६-८) | | | कक्षा (९-१०) | | | कक्षा (११-१२) | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| अपाङ्गता भएका विद्यार्थी | १७ | ३१ | ४८ | ११ | ६ | १७ | ६ | ५ | ११ | ६ | २ | ८ | ४० | ४४ | ८४ |
| अपाङ्गताको प्रकार | | | | | | | | | | | | | | | |
| शारीरिक अपाङ्गता | १४ | ३० | ४४ | ११ | ५ | १६ | ५ | ५ | १० | ६ | २ | ८ | ३६ | ४२ | ७८ |
| बौद्धिक अपाङ्गता | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| बहिरापन | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| सुस्त श्रवण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दृष्टिविहीन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| न्यून दृष्टि | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| श्रवण दृष्टिविहिन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| स्वर/बोलाई सम्बन्धी | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| अटिजम् | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मनोसामाजिक अपाङ्गता | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | २ |
| हेमोफिलिया | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| बहुअपाङ्गता | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ५.१७ अनुसार बाँफिकोट गाउँपालिकामा कक्षा १ देखि १२ सम्म जम्मा ८४ जना अपाङ्गता भएका विद्यार्थी अध्ययनरत रहेका छन्। तीमध्ये ४० जना छात्रा र ४४ जना छात्र रहेका छन्। कक्षागत रूपमा हेर्दा कक्षा १-५ मा सबैभन्दा बढी ४८ जना अपाङ्गता भएका विद्यार्थी रहेका छन्, जसमा १७ जना छात्रा र ३१ जना छात्र छन्। त्यसपछि कक्षा ६-८ मा १७ जना, कक्षा ९-१० मा ११ जना र कक्षा ११-१२ मा ८ जना रहेका छन्। यसले अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या प्राथमिक तहमा बढी रहेको र कक्षा उकालो लाग्दै जाँदा क्रमशः घट्दै गएको देखाउँछ।

अपाङ्गताका प्रकारमध्ये शारीरिक अपाङ्गता सबैभन्दा बढी रहेको छ। जम्मा ८४ जना अपाङ्गता भएका विद्यार्थीतमध्ये ७८ जना शारीरिक अपाङ्गता भएका रहेका छन्, जसमा ३६ जना छात्रा र ४२ जना छात्र छन्। त्यसबाहेक बौद्धिक अपाङ्गता, बहिरापन, न्यून दृष्टि, स्वर/बोलाइ सम्बन्धी तथा मनोसामाजिक अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या अत्यन्त न्यून रहेको छ। सुस्त श्रवण, दृष्टिविहीन, श्रवण दृष्टिविहीन, अटिजम, हेमोफिलिया र बहुअपाङ्गता भएका विद्यार्थीको सङ्ख्या भने शून्य रहेको देखिन्छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीमध्ये शारीरिक अपाङ्गता भएका विद्यार्थीको वर्चस्व रहेको छ र यस्ता विद्यार्थीको उपस्थिति विशेषगरी प्राथमिक तहमा बढी रहेको पाइन्छ।

**तालिका ५.१८ : सामुदायिक/सरकारी तथा संस्थागत निजी विद्यालयमा अपाङ्गता भएका विद्यार्थी सम्बन्धी विवरण**

| विवरण | छात्रा | | छात्र | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **सामुदायिक विद्यालयमा अपाङ्गता भएका विद्यार्थी** | ४० | १.३ | ४४ | १.५ | ८४ | १.४ |
| **संस्थागत विद्यालयमा अपाङ्गता भएका विद्यार्थी** | ० | ० | ० | ० | ० | ० |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ५.१८ अनुसार बाँफिकोट गाउँपालिकामा अपाङ्गता भएका विद्यार्थी सबै सामुदायिक/सरकारी विद्यालयमै अध्ययनरत रहेका छन्। सामुदायिक विद्यालयमा ८४ जना अपाङ्गता भएका विद्यार्थी रहेका छन्, जसमा ४० जना छात्रा र ४४ जना छात्र छन्। प्रतिशतका आधारमा छात्रातर्फ १.३ प्रतिशत, छात्रतर्फ १.५ प्रतिशत र जम्मा १.४ प्रतिशत विद्यार्थी अपाङ्गता भएका छन् । संस्थागत/निजी विद्यालयमा भने अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या शून्य रहेको देखिन्छ।

**तालिका ५.१९ : पूर्व प्राथमिक शिक्षा/वाल विकास केन्द्रमा वालवालिकाको सङ्ख्या**

| सूचक | वालक | वालिका | जम्मा |
|---|---|---|---|
| पूर्व प्राथमिक शिक्षा अध्ययनरत वालवालिकाको सङ्ख्या | २४४ | २३६ | ४८० |
| दलित | ६४ | ५६ | १२० |
| जनजाती (जातीय समूदायका) | ३६ | ३० | ६६ |
| अपाङ्गता भएका | ८ | ११ | १९ |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ५.१९ अनुसार बाँफिकोट गाउँपालिकाका पूर्व प्राथमिक शिक्षा/बाल विकास केन्द्रहरूमा जम्मा ४८० जना बालबालिका अध्ययनरत रहेका छन्, जसमा २४४ जना बालक र २३६ जना बालिका छन्। यसले पूर्व प्राथमिक तहमा बालक र बालिकाको सहभागिता लगभग सन्तुलित रहेको देखाउँछ। जातिगत रूपमा हेर्दा १२० जना दलित बालबालिका रहेका छन्, जसमा ६४ जना बालक र ५६ जना बालिका छन् भने ६६ जना जनजाति समुदायका बालबालिका रहेका छन्, जसमा ३६ जना बालक र ३० जना बालिका छन्। त्यसैगरी १९ जना अपाङ्गता भएका बालबालिका पनि पूर्व प्राथमिक शिक्षामा समावेश रहेका छन्, जसमा ८ जना बालक र ११ जना बालिका छन् । समग्र रूपमा हेर्दा पूर्व प्राथमिक तहमा विभिन्न सामाजिक समूहका बालबालिकाको सहभागिता देखिन्छ।

## ५.५ शैक्षिक संस्था सम्बन्धी विवरण

यस उपखण्डमा बाँफिकोट गाउँपालिकाभित्र रहेका शैक्षिक संस्थाहरूको सङ्ख्या तथा तिनको प्रकारगत अवस्था प्रस्तुत गरिएको छ। यसले गाउँपालिकामा उपलब्ध शैक्षिक पूर्वाधार, तहगत विद्यालयको वितरण, सामुदायिक तथा संस्थागत विद्यालयको अवस्था, साथै उच्च शिक्षा र प्राविधिक शिक्षाको पहुँचबारे जानकारी प्रदान गर्दछ। यस्ता तथ्याङ्कले शिक्षा सेवा विस्तार, शैक्षिक योजना निर्माण तथा स्रोत व्यवस्थापनका लागि महत्वपूर्ण आधार उपलब्ध गराउँछन्।

**तालिका ५.२० : शैक्षिक संस्थाको सङ्ख्या सम्बन्धी विवरण**

| क्र.स. | विवरण | सामुदायिक (सरकारी) | संस्थागत (निजी) | कुल जम्मा |
|---|---|---|---|---|
| १. | कुल विद्यालय | ४४ | २ | ४६ |
| | पूर्व प्राथमिक (ECED/PPC) | ३२ | २ | ३४ |
| | प्राथमिक (कक्षा १-५) | २८ | २ | ३० |
| | आधारभूत (कक्षा १-८) | ६ | ० | ६ |
| | माध्यमिक (कक्षा १-१०) | ६ | ० | ६ |
| | माध्यमिक (कक्षा १-१२) | ४ | ० | ४ |
| | धार्मिक विद्यालय | ० | ० | ० |
| २. | क्याम्पस | १ | ० | १ |
| ३. | प्राविधिक धारका विद्यालय | २ | ० | २ |

स्रोत : *Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/)* ।

तालिका ५.२० अनुसार बाँफिकोट गाउँपालिकामा कुल ४६ वटा विद्यालय रहेका छन्, जसमा ४४ वटा सामुदायिक (सरकारी) र २ वटा संस्थागत (निजी) विद्यालय रहेका छन्। पूर्व प्राथमिक (ECED/PPC) केन्द्र/विद्यालय ३४ वटा रहेका छन्, जसमा ३२ वटा सामुदायिक र २ वटा निजी छन्। त्यसैगरी प्राथमिक तह (कक्षा १-५) का ३० वटा विद्यालयमध्ये २८ वटा सामुदायिक र २ वटा निजी रहेका छन्। आधारभूत (कक्षा १-८) तहका ६ वटा, माध्यमिक (कक्षा १-१०) तहका ६ वटा र माध्यमिक (कक्षा १-१२) तहका ४ वटा विद्यालय सबै सामुदायिकतर्फ मात्र रहेका छन्। धार्मिक विद्यालयको सङ्ख्या शून्य रहेको छ। यसबाहेक गाउँपालिकामा १ वटा क्याम्पस र २ वटा प्राविधिक धारका विद्यालय रहेका छन्, जुन शैक्षिक अवसरको विविधता विस्तारतर्फ सकारात्मक संकेत मान्न सकिन्छ। समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकाको शैक्षिक संरचनामा सामुदायिक विद्यालयको स्पष्ट वर्चस्व रहेको देखिन्छ।

**तालिका ५.२१: सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार र सेवा सुविधाको उपलब्धता सम्बन्धी विवरण**

| पूर्वाधार/सुविधा | उपलब्ध भएका सामुदायिक विद्यालय सङ्ख्या | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| विद्यालयको कुल सङ्ख्या | ४४ | १०० |
| शौचालय भएका | ३३ | ७५.० |
| विद्युत् सुविधा उपलब्ध भएका | २८ | ६३.६ |
| खानेपानी सुविधा उपलब्ध भएका | २३ | ५२.३ |
| कम्प्युटर सुविधा उपलब्ध भएका | १२ | २७.३ |
| इन्टरनेट सुविधा उपलब्ध भएका | १४ | ३१.८ |
| आई.सी.टी. (ICT) ल्याब भएका | ९ | २०.५ |
| पुस्तकालय उपलब्ध भएका | १२ | २७.३ |
| विद्यालय सुधार योजना (SIP) अद्यावधिक भएका | ३६ | ८१.८ |
| सामाजिक परीक्षण भएका | ३८ | ८६.४ |
| वित्तीय लेखापरीक्षण भएका | ३७ | ८४.१ |
| बाल क्लब गठन भएका | १४ | ३१.८ |
| किशोरी सञ्जाल गठन भएका | ५ | ११.४ |
| विद्यालय नर्स कार्यक्रम सञ्चालन भएका | २ | ४.५ |

स्रोत : *Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/)* ।

तालिका ५.२१ अनुसार बाँफिकोट गाउँपालिकामा कुल ४४ वटा सामुदायिक विद्यालय रहेका छन्। तीमध्ये ३३ वटा अर्थात् ७५.० प्रतिशत विद्यालयमा शौचालय सुविधा उपलब्ध रहेको छ भने २८ वटा अर्थात् ६३.६ प्रतिशत विद्यालयमा विद्युत् सुविधा पुगेको छ। त्यसैगरी २३ वटा अर्थात् ५२.३ प्रतिशत विद्यालयमा खानेपानी सुविधा उपलब्ध रहेको देखिन्छ। यसबाट आधारभूत भौतिक पूर्वाधारका दृष्टिले सबै विद्यालयमा आवश्यक सेवा सुविधा समान रूपमा पुगेको अवस्था नरहेको बुझिन्छ। विशेषतः खानेपानी, विद्युत् र शौचालयजस्ता आधारभूत सुविधामा अझै सुधारको आवश्यकता रहेको देखिन्छ।

सूचना प्रविधि तथा संस्थागत व्यवस्थापनतर्फ हेर्दा १२ वटा अर्थात् २७.३ प्रतिशत विद्यालयमा कम्प्युटर सुविधा, १४ वटा अर्थात् ३१.८ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधा, ९ वटा अर्थात् २०.५ प्रतिशत विद्यालयमा आई.सी.टी. ल्याब, र १२ वटा अर्थात् २७.३ प्रतिशत विद्यालयमा पुस्तकालय उपलब्ध रहेको छ। त्यसैगरी ३६ वटा विद्यालयमा विद्यालय सुधार योजना अद्यावधिक भएको, ३८ वटा विद्यालयमा सामाजिक परीक्षण भएको र ३७ वटा विद्यालयमा वित्तीय लेखापरीक्षण सम्पन्न भएको देखिन्छ, जसले व्यवस्थापकीय पक्ष

तुलनात्मक रूपमा सुदृढ रहेको संकेत गर्दछ। तर बाल क्लब १४ वटा, किशोरी सञ्जाल ५ वटा र विद्यालय नर्स कार्यक्रम केवल २ वटा विद्यालयमा मात्र सञ्चालन भएकोले बालमैत्री, लैङ्गिक तथा स्वास्थ्यसम्बन्धी सेवाहरू अझ विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ।

**तालिका ५.२२ : पूर्व प्राथमिक शिक्षा/वाल विकास केन्द्र सम्बन्धी विवरण**

| विवरण | सामुदायिक/सरकारी | | संस्थागत/ निजी | जम्मा |
|---|---|---|---|---|
| | संघिय सरकार | स्थानीय सरकार | | |
| पूर्व प्राथमिक शिक्षा/वाल विकास केन्द्रको सङ्ख्या | २५ | ७ | २ | ३४ |
| शिक्षक निर्देशिका भएका | | | | ११ |
| बाल सामग्री (Child Materials) | | | | १७ |
| सिकाई कुना (Book Corner) भएका | | | | १५ |
| स्थानीय पाठ्यक्रम लागु भएका | | | | १० |
| सिकाई सन्दर्भ सामग्री (Reference Materials) उपलब्ध भएका | | | | १० |

*स्रोत : Flash I Report 2024/25, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (https://cehrd.gov.np/content/14541/flash-i-2081-/) ।*

तालिका ५.२२ अनुसार बाँफिकोट गाउँपालिकामा पूर्व प्राथमिक शिक्षा/बाल विकास केन्द्रको कुल सङ्ख्या ३४ रहेको छ। तीमध्ये २५ वटा केन्द्र संघीय सरकारअन्तर्गत सञ्चालित, ७ वटा स्थानीय सरकारअन्तर्गत सञ्चालित र २ वटा संस्थागत/निजी रहेका छन्। यसले गाउँपालिकामा पूर्व प्राथमिक शिक्षाको पहुँच मुख्यतः सामुदायिक/सरकारी संरचनामार्फत विस्तार भएको देखाउँछ। सेवा सुविधा तथा शैक्षिक तयारीको दृष्टिले हेर्दा ११ वटा केन्द्रमा शिक्षक निर्देशिका, १७ वटा केन्द्रमा बाल सामग्री, १५ वटा केन्द्रमा सिकाइ कुना (Book Corner), १० वटा केन्द्रमा स्थानीय पाठ्यक्रम कार्यान्वयन, र १० वटा केन्द्रमा सिकाइ सन्दर्भ सामग्री उपलब्ध रहेको छ। समग्र रूपमा हेर्दा पूर्व प्राथमिक शिक्षा/बाल विकास केन्द्रको सङ्ख्या सन्तोषजनक देखिए पनि सबै केन्द्रमा आवश्यक शैक्षिक सामग्री, सिकाइ वातावरण र पाठ्यक्रम कार्यान्वयनको अवस्था समान रूपमा पुगेको छैन, जसले गुणस्तरीय पूर्व प्राथमिक शिक्षाका लागि थप सुधारको आवश्यकता देखाउँछ।

**तालिका ५.२३ : बाँफिकोट गाउँपालिकामा रहेको क्याम्पसको विवरण**

| सूचक | | मान |
|---|---|---|
| क्याम्पसको नाम | | स्यार्पु बहुमुखी क्याम्पस |
| ठेगाना | | बाँफिकोट - ४, तलिगाउँ |
| अध्यापन हुने संकाय | | शिक्षा |
| सम्बन्धन विश्वविद्यालय | | त्रिभुवन विश्वविद्यालय |
| विद्यार्थी सङ्ख्या | जम्मा | २९४ |
| | पुरूष | ११० |
| | महिला | १८४ |
| अध्यापक सङ्ख्या | जम्मा | १२ |
| | पुरूष | १२ |
| | महिला | ० |
| | पूर्णकालिन | १ |
| | आंशिक | ११ |
| उपलब्ध सुविधाहरू | | |
| | पिउने पानीको व्यवस्था | छ |
| | शौचालय | छ |
| | महिलाको लागि छुट्टै शौचालय | छ |

| सूचक | मान |
|---|---|
| विद्युतको उपलब्धता | छ |
| इन्टरनेटको सुविधा | छ |
| ल्याणडलाईन टेलिफोन | छैन |
| पुस्तकालय | छ |
| विद्यार्थी छात्राबास | छैन |
| कम्प्युटर ल्याव | छ |
| चमेना गृह (क्यान्टिन) | छैन |
| विद्यार्थीको लागि यातायातको व्यवस्था | छैन |
| महिला कर्मचारी र विद्यार्थीको लागि सेनेटरी प्याडको व्यवस्था | छैन |

*स्रोत : स्यार्पु बहुमुखी क्याम्पस, बाँफिकोट ।*

बाँफिकोट गाउँपालिकामा  एकमात्र क्याम्पस रहेको छ जुन स्यार्पु बहुमुखी क्याम्पस हो, र यो बाँफिकोट - ४, तलिगाउँमा अवस्थित रहेको छ। यो क्याम्पस त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धनप्राप्त रहेको छ र यहाँ शिक्षा संकायमा अध्यापन हुने गरेको छ। यसले गाउँपालिकामा उच्च शिक्षाको अवसर उपलब्ध गराउँदै स्थानीय विद्यार्थीलाई आफ्नै क्षेत्रमा अध्ययन गर्ने सुविधा प्रदान गरेको देखिन्छ।

विद्यार्थी सङ्ख्याका आधारमा हेर्दा क्याम्पसमा जम्मा २९४ जना विद्यार्थी अध्ययनरत रहेका छन्। तीमध्ये ११० जना पुरुष र १८४ जना महिला रहेका छन्। यसले क्याम्पसमा महिला विद्यार्थीको सङ्ख्या पुरुषको तुलनामा उल्लेख्य रूपमा बढी रहेको देखाउँछ। त्यसैगरी अध्यापक सङ्ख्या जम्मा १२ रहेको छ र सबै अध्यापक पुरुष मात्र रहेका छन्। शिक्षकको प्रकृतिअनुसार १ जना पूर्णकालीन र ११ जना आंशिक अध्यापक रहेका छन्। यसले क्याम्पसमा शिक्षण कार्य मुख्यतः आंशिक अध्यापकमा आधारित रहेको छ।

सुविधाका आधारमा हेर्दा क्याम्पसमा पिउने पानी, शौचालय, महिलाका लागि छुट्टै शौचालय, विद्युत्, इन्टरनेट, पुस्तकालय र कम्प्युटर ल्याबको सुविधा उपलब्ध रहेको छ। यसले आधारभूत शैक्षिक तथा भौतिक सुविधा सन्तोषजनक रहेको संकेत गर्दछ। तर ल्याण्डलाइन टेलिफोन, विद्यार्थी छात्रावास, चमेना गृह, यातायात सुविधा तथा महिला कर्मचारी र विद्यार्थीका लागि सेनेटरी प्याडको व्यवस्था उपलब्ध छैन। समग्र रूपमा हेर्दा क्याम्पसमा आधारभूत शिक्षण सिकाइका सुविधा उपलब्ध भए पनि विद्यार्थीमैत्री र लैङ्गिक संवेदनशील सेवाहरू थप विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ।

## खण्ड ६: स्वास्थ्य तथा पोषण सेवा

यस खण्डमा स्थानीय तहमा उपलब्ध स्वास्थ्य तथा पोषण सेवाको समग्र अवस्था प्रस्तुत गरिएको छ। यस अन्तर्गत स्वास्थ्य पूर्वाधार तथा मानव संसाधन, स्वास्थ्य संस्थाको विवरण, स्वास्थ्य जनशक्तिको अवस्था, स्वास्थ्य उपकरणको उपलब्धता, नीतिगत तथा कानुनी दस्तावेज, स्वास्थ्य सेवा प्रवाहको कार्यक्रमगत अवस्था तथा सेवा प्रवाह एवं सेवाग्राही सम्बन्धी विवरण समावेश गरिएको छ । साथै उपचारात्मक सेवाको स्थिति तथा स्वास्थ्य सेवाको पहुँच, उपलब्धता र उपयोगसम्बन्धी पक्षहरूलाई समेत समेटिएको छ ।

यसैगरी, खोप कार्यक्रम, पोषण कार्यक्रम, समुदायमा आधारित नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रम, मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम, प्रजनन स्वास्थ्य रुग्णता सेवा, परिवार योजना कार्यक्रम, समुदायस्तरीय स्वास्थ्य कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, पुनर्स्थापना सेवा तथा नसर्ने र मानसिक रोगसम्बन्धी सेवाको अवस्थासमेत यस खण्डमा समावेश गरिएको छ । प्रस्तुत विवरण स्थानीय तहमा स्वास्थ्य तथा पोषण सेवाको वर्तमान अवस्था विश्लेषण गर्न, सेवा विस्तारका अवसरहरू पहिचान गर्न, विद्यमान समस्या उजागर गर्न तथा सुधार गर्नुपर्ने क्षेत्र निर्धारण गर्न आवश्यक आधारका रूपमा रहेको छ ।

### ६.१ स्वास्थ्य पूर्वाधार तथा मानव संसाधन

यस उपखण्डमा स्थानीय तहअन्तर्गत रहेका स्वास्थ्य पूर्वाधार तथा मानव संसाधनको समग्र अवस्था प्रस्तुत गरिएको छ । यस अन्तर्गत स्वास्थ्य संस्थाको विवरण, स्वास्थ्य जनशक्तिको उपलब्धता, स्वास्थ्य उपकरणको अवस्था तथा स्वास्थ्य सेवा सञ्चालनसँग सम्बन्धित नीतिगत तथा कानुनी दस्तावेजहरूको अवस्था समावेश गरिएको छ । स्वास्थ्य सेवा प्रभावकारी, पहुँचयोग्य र गुणस्तरीय बनाउन आवश्यक भौतिक संरचना, दक्ष जनशक्ति, आवश्यक उपकरण तथा स्पष्ट नीतिगत व्यवस्था अपरिहार्य रहने भएकाले यी पक्षहरूको यथार्थ अवस्था विश्लेषण गर्नु आवश्यक हुन्छ । प्रस्तुत विवरणले स्थानीय तहको स्वास्थ्य प्रणालीको संस्थागत क्षमता मूल्याङ्कन गर्न, विद्यमान कमी-कमजोरी पहिचान गर्न तथा भावी योजना, व्यवस्थापन र सेवा सुदृढीकरणका लागि आवश्यक आधार प्रदान गर्दछ ।

तालिका ६.१ : बाँफिकोट गाउँपालिकामा रहेका स्वास्थ्य संस्था/पूर्वाधार सम्बन्धी विवरण

| स्वास्थ्य संस्था/पूर्वाधार विवरण | सङ्ख्या | स्वास्थ्य संस्था/पूर्वाधार विवरण | सङ्ख्या |
|---|---|---|---|
| स्वास्थ्य सेवा प्रदायकको कुल सङ्ख्या | १५ | आधारभूत आकस्मिक प्रसूति सेवा (BEONC) केन्द्र | ० |
| आधारभूत अस्पताल | ० | सुरक्षित गर्भपतन सेवा केन्द्र | २ |
| निजी अस्पताल, निजी क्लिनिक/फार्मेसी, पोलिक्लिनिक | ० | डट्स (DOTS) उपचार केन्द्र | ४ |
| प्राथमिक स्वास्थ्य केन्द्र (PHCC) | ० | माइक्रोस्कोपी केन्द्र | १ |
| स्वास्थ्य चौकी | ४ | ओ.टी.सी. (OTC) केन्द्र | ३ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | ६ | मानसिक स्वास्थ्य सेवा केन्द्र | ३ |
| सामुदायिक स्वास्थ्य इकाई | ४ | प्रयोगशाला सेवा | १ |
| आयुर्वेदिक स्वास्थ्य केन्द्र | १ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) सङ्ख्या | ३८ |
| आयुर्वेदिक औषधालय | ० | सञ्चालनमा रहेका एम्बुलेन्स सङ्ख्या | १ |
| गाउँघर क्लिनिक (Outreach Clinic) | ० | आई.यू.सी.डी. (IUCD) सेवा केन्द्र | ३ |
| विस्तारित खोप सेवा क्लिनिक | १३ | इम्प्लान्ट (Implant) सेवा केन्द्र | ६ |
| प्रसूति केन्द्र (Birthing Center) | ३ | सबै प्रकारका परिवार नियोजन सेवा उपलब्ध केन्द्र | ३ |
| मापदण्ड अनुसारको प्रसूति केन्द्र | ३ | पुन:स्थापना सेवा केन्द्र | ० |
| सुविधा सम्पन्न आकस्मिक प्रसूति सेवा (CEONC) केन्द्र | ० | | |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२ ।*

तालिका ७.१ अनुसार बाँफिकोट गाउँपालिकामा स्वास्थ्य सेवा प्रदायक संस्थाको कुल सङ्ख्या १५ रहेको देखिन्छ। गाउँपालिकाभित्र आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, निजी अस्पताल, निजी क्लिनिक, फार्मेसी तथा पोलिक्लिनिक सञ्चालनमा नरहेको अवस्था छ। स्वास्थ्य सेवा प्रवाहका लागि ४ स्वास्थ्य चौकी, ६ आधारभूत स्वास्थ्य सेवा केन्द्र, ४ सामुदायिक स्वास्थ्य इकाई र १ आयुर्वेदिक स्वास्थ्य केन्द्र रहेका छन्। यसबाट गाउँपालिकामा स्वास्थ्य सेवाको मुख्य आधार आधारभूत तहका सरकारी स्वास्थ्य संस्थाहरू नै रहेको स्पष्ट हुन्छ। यस किसिमको संरचनाले स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराए पनि विशिष्टीकृत तथा थप सुविधा सहितका स्वास्थ्य सेवाका लागि अझै उच्च तहका संस्थाको आवश्यकता रहेको देखिन्छ।

सेवा तथा कार्यक्रमगत पूर्वाधारतर्फ हेर्दा १३ विस्तारित खोप सेवा क्लिनिक, ३ प्रसूति केन्द्र, ३ मापदण्ड अनुसारका प्रसूति केन्द्र, २ सुरक्षित गर्भपतन सेवा केन्द्र, ४ डट्स उपचार केन्द्र, १ माइक्रोस्कोपी केन्द्र, १ प्रयोगशाला सेवा र १ एम्बुलेन्स सञ्चालनमा रहेका छन्। त्यसैगरी ३ ओ.टी.सी. केन्द्र, ३ मानसिक स्वास्थ्य सेवा केन्द्र, ३ आई.यू.सी.डी. सेवा केन्द्र, ६ इम्प्लान्ट सेवा केन्द्र तथा ३८ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रहेको विवरणले आधारभूत स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सेवा प्रवाहमा केही संरचना रहेको देखाउँछ। तर आधारभूत आकस्मिक प्रसूति सेवा (BEONC) केन्द्र, सुविधा सम्पन्न आकस्मिक प्रसूति सेवा (CEONC) केन्द्र, पुनःस्थापना सेवा केन्द्र, गाउँघर क्लिनिक तथा आयुर्वेदिक औषधालय नरहेको अवस्था सेवा विस्तारका दृष्टिले कमजोरीका रूपमा देखिन्छ। यसले गाउँपालिकामा आधारभूत सेवा संरचना रहे पनि आपतकालीन, विशिष्टीकृत तथा पुनःस्थापना सेवातर्फ थप सुदृढीकरण आवश्यक रहेको संकेत गर्दछ।

तालिका ६.२ : स्वास्थ्य जनशक्तिको विवरण

| जनशक्ति | स्वीकृत दरवन्दी सङ्ख्या | पदपूर्ति | कार्यरत | | |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार- दरवन्दी | करार-अन्य |
| मेडिकल अधिकृत | ० | ० | ० | ० | ० |
| जनस्वास्थ्य अधिकृत | ० | ० | ० | ० | ० |
| हे.अ./ जनस्वास्थ्य निरिक्षक | ५ | ५ | ५ | ० | ० |
| स्टाफ नर्स | ० | ० | ० | ० | ० |
| अ.न.मी /सि अ न मी/ सि अ न मी नी | ९ | १० | १० | २ | ७ |
| अ.हे.ब./ सि.अ.हे.ब. | ८ | १० | १० | ० | ९ |
| ल्या.अ./ल्या.टे. | ० | ० | ० | ० | ३ |
| का.स. | ० | ४ | ० | ४ | १३ |
| **जम्मा** | **२२** | **२९** | **२५** | **६** | **३२** |

*स्रोत : बाँफिकोट गाउँपालिका ।*

तालिका ७.२ अनुसार बाँफिकोट गाउँपालिकामा स्वास्थ्य जनशक्तितर्फ स्वीकृत दरबन्दी सङ्ख्या २२ रहेकोमा पदपूर्ति २९ रहेको देखिन्छ। जनशक्तिको संरचनामा हे.अ./जनस्वास्थ्य निरीक्षक ५ जना, अ.न.मी./सि.अ.न.मी. १० जना, अ.हे.ब./सि.अ.हे.ब. १० जना, ल्याब असिस्टेन्ट/ल्याब टेक्निसियन ३ जना तथा कार्यालय सहयोगी ४ जना पदपूर्ति भएको देखिन्छ। स्थायी तर्फ २५ जना, करार दरबन्दीतर्फ ६ जना र करार अन्यतर्फ ३२ जना कार्यरत रहेको विवरणले गाउँपालिकाको स्वास्थ्य सेवा सञ्चालनमा स्थायीभन्दा करार र वैकल्पिक व्यवस्थाबाट समेत जनशक्ति परिचालन गरिएको संकेत गर्दछ। मेडिकल अधिकृत, जनस्वास्थ्य अधिकृत र स्टाफ नर्सको पदपूर्ति तथा कार्यरत सङ्ख्या शून्य रहनुले केही प्राविधिक तथा विशिष्टीकृत जनशक्तिको अभाव रहेको देखिन्छ। समग्र रूपमा हेर्दा आधारभूत स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरिएको भए पनि केही महत्वपूर्ण स्वास्थ्य पदहरूमा जनशक्ति अभाव रहेकाले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापन सुदृढ गर्न आवश्यक देखिन्छ।

तालिका ६.३ : स्वास्थ्य औजार/उपकरणको उपलब्धता

| औजार/उपकरणको नाम | सङ्ख्या | हालको अवस्था (सङ्ख्यामा) | विग्रेको मध्ये मर्मत गरी काम लाग्न सक्ने |
|---|---|---|---|

| | | संचालनमा | विग्रेको | |
|---|---|---|---|---|
| १. अटोक्लेभ | ८ | ५ | ३ | ३ |
| २. डेलिभरी बेड | ३ | ३ | | |
| ३. बेबी वार्मर | ३ | ३ | | |
| ४. अटोस्कोप | १० | १० | | |
| ५. डाईग्नोस्टिक सेट | १ | १ | | |
| ६. सक्सन मेसिन | ३ | ३ | | |
| ७. बि पी सेट | १४ | १४ | | |
| ८ टाइमर | १० | १० | | |
| ९ थर्मामिटर | २० | २० | | |
| १० साल्टर स्केल व्याग सहित | १० | १० | | |
| ११ सेका स्केल | २ | २ | | |
| १२ अक्सीजन कन्सन्ट्याटर | ३ | ३ | | |
| १३ अक्सिजन सिलिन्डर | ३० | ३० | | |
| १४ तौल मेसिन | १४ | १४ | | |

*स्रोत : बाँफिकोट गाउँपालिका ।*

तालिका ६.३ अनुसार बाँफिकोट गाउँपालिकामा अवस्थित स्वास्थ्य संस्थाहरूको सङ्ख्या र तिनले प्रवाह गर्ने सेवा अनुसार स्वास्थ्य औजार तथा उपकरणहरूको उपलब्धता समग्र रूपमा सन्तोषजनक देखिन्छ। उपलब्ध विवरण अनुसार डेलिभरी बेड ३, बेबी वार्मर ३, अटोस्कोप १०, डाइग्नोस्टिक सेट १, सक्सन मेसिन ३, बि.पी. सेट १४, टाइमर १०, थर्मामिटर २०, साल्टर स्केल व्याग सहित १०, सेका स्केल २, अक्सिजन कन्सन्ट्रेटर ३, अक्सिजन सिलिन्डर ३० तथा तौल मेसिन १४ वटा सबै सञ्चालन अवस्थामा रहेका छन्। यसले आधारभूत उपचार, प्रसूति सेवा, नवजात शिशु सेवा तथा नियमित स्वास्थ्य परीक्षणका लागि आवश्यक अधिकांश उपकरण उपलब्ध रहेको र प्रयोगमा रहेको देखाउँछ। तथापि अटोक्लेभ ८ वटा मध्ये ५ वटा मात्र सञ्चालनमा रहेको र ३ वटा विग्रिएको अवस्था रहेको छ, जसमा सबै ३ वटा मर्मत गरी पुनः प्रयोगमा ल्याउन सकिने देखिएको छ। समग्र रूपमा स्वास्थ्य संस्थाहरूमा अधिकांश आवश्यक उपकरण उपलब्ध भए पनि विग्रिएका उपकरणको समयमै मर्मत तथा नियमित व्यवस्थापन गर्नु सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

**तालिका ६.४ : स्वास्थ्य सम्बन्धी नीतिगत तथा कानुनी दस्तावेज तथा विभिन्न समितिहरूको अवस्था**

| विवरण | स्थानीय तहको आफ्नै (बनेको/नबनेको) |
|---|---|
| स्वास्थ्य ऐन/नियमावली | बनेको |
| आवधिक योजना | बनेको |
| वार्षिक स्वास्थ्य योजना | बनेको |
| स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका | बनेको |
| स्वास्थ्य संस्था दर्ता , अनुमति तथा नबिकरण सम्बन्धी निर्देशिका | नबनेको |
| स्वास्थ्य /सरसफाइ नीति | नबनेको |
| वार्षिक खरिद योजना (आ.व २०८१।८२) | बनेको |
| पालिकास्तरको विपद प्रतिकार्य योजना | नबनेको |
| पालिका स्तरीय स्वास्थ्य समिति वा बैकल्पिक व्यवस्था | भएको |
| पालिका स्तरीय गुणस्तर सुधार समिति | भएको |
| पालिका स्तरीय खरिद समिति गठन | भएको |
| स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण समिति | भएको |

| | |
|---|---|
| द्रुत प्रतिकार्य टोलि | भएको |
| स्वास्थ्य तथ्यांक व्यवस्थापन समिति | नवनेको |

*स्रोत : बाँफिकोट गाउँपालिका ।*

तालिका ६.४ अनुसार बाँफिकोट गाउँपालिकामा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित केही महत्वपूर्ण नीतिगत तथा कानुनी दस्तावेज तयार गरिएको अवस्था देखिन्छ । विवरणअनुसार स्वास्थ्य ऐन/नियमावली, आवधिक योजना, वार्षिक स्वास्थ्य योजना, स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण निर्देशिका तथा आ.व. २०८१/८२ को वार्षिक खरिद योजना बनेको छ । यसले गाउँपालिकाले स्वास्थ्य क्षेत्रको सञ्चालन, योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा अनुगमन व्यवस्थापनका लागि आवश्यक आधारभूत नीतिगत संरचना तयार गरेको देखाउँछ। यस्ता दस्तावेजको उपलब्धताले स्वास्थ्य सेवा सञ्चालनलाई व्यवस्थित, उत्तरदायी र योजनाबद्ध बनाउन सहयोग पुऱ्याउने देखिन्छ।

तर सबै आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था पूर्ण रूपमा विकसित भइसकेको भने देखिँदैन। स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, स्वास्थ्य/सरसफाइ नीति, पालिकास्तरको विपद् प्रतिकार्य योजना तथा स्वास्थ्य तथ्यांक व्यवस्थापन समिति नभएको अवस्था रहेको छ । यद्यपि पालिका स्तरीय स्वास्थ्य समिति वा वैकल्पिक व्यवस्था, गुणस्तर सुधार समिति, खरिद समिति, अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण समिति र द्रुत प्रतिकार्य टोली गठन भएको देखिन्छ। यसबाट केही महत्वपूर्ण समिति गठन भएर कार्यसम्पादनको आधार तयार भए पनि स्वास्थ्य संस्थाको नियमन, सरसफाइ व्यवस्थापन, विपद् तयारी तथा तथ्यांक व्यवस्थापनजस्ता पक्षमा अझै संस्थागत सुदृढीकरण आवश्यक रहेको स्पष्ट हुन्छ।

## ६.२ स्वास्थ्य सेवा प्रवाह सम्बन्धी अवस्था

यस उपखण्डमा स्थानीय तहमा प्रवाह भइरहेको स्वास्थ्य सेवाको कार्यक्रमगत अवस्था प्रस्तुत गरिएको छ। यस अन्तर्गत सेवा प्रवाह तथा सेवाग्राही सम्बन्धी विवरण, उपचारात्मक सेवा, खोप कार्यक्रम, पोषण कार्यक्रम, समुदायमा आधारित नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रम, मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम, प्रजनन स्वास्थ्य रुग्णता सेवा, परिवार योजना कार्यक्रम, समुदायस्तरीय स्वास्थ्य कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, पुनर्स्थापना सेवा तथा नसर्ने र मानसिक रोग सम्बन्धी सेवाको अवस्था समावेश गरिएको छ। स्वास्थ्य सेवा केवल संरचना र जनशक्तिमा मात्र सीमित नभई नागरिकले वास्तवमा कस्ता सेवा प्राप्त गरिरहेका छन्, सेवा कत्तिको पहुँचयोग्य, नियमित, गुणस्तरीय र प्रभावकारी छ भन्ने पक्षबाट पनि मूल्याङ्कन गर्नुपर्ने भएकाले यस प्रकारका विवरण आवश्यक पर्दछन्।

यस्ता तथ्याङ्कहरूले स्थानीय तहमा स्वास्थ्य सेवाको वास्तविक अवस्था विश्लेषण गर्न, सेवाग्राहीको पहुँच र उपयोगको स्तर पहिचान गर्न, सेवा प्रवाहमा रहेका कमी-कमजोरी उजागर गर्न तथा सुधार गर्नुपर्ने क्षेत्र निर्धारण गर्न आवश्यक आधार प्रदान गर्दछन्। साथै मातृ तथा शिशु स्वास्थ्य, खोप, पोषण, परिवार योजना, रोग नियन्त्रण, नसर्ने तथा मानसिक रोगसम्बन्धी सेवा जस्ता संवेदनशील र प्राथमिकताप्राप्त क्षेत्रहरूको प्रगति तथा चुनौती पहिचान गर्न पनि यस्ता विवरण अपरिहार्य हुन्छन्।

**तालिका ६.५ : बाँफिकोट गाउँपालिकामा रहेका स्वाथ्य संस्थाको प्रकार अनुसार सेवा प्राप्त गर्ने औषत सेवाग्राही सङ्ख्या**

| स्वास्थ्य सेवाको विवरण (मासिक औसत सेवाग्राही सङ्ख्या) | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति खोप क्लिनिक (EPI Clinic) औसत सेवाग्राही | २६.० | २३.६ | २५.२ |
| प्रति स्वास्थ्य स्वयंसेविका (FCHV) औसत सेवाग्राही | १४.८ | १६.८ | १७.८ |
| प्रति आधारभूत स्वास्थ्य सेवा केन्द्र (BHSC) औसत सेवाग्राही | ७.९ | ९.८ | १०.२ |
| प्रति स्वास्थ्य चौकी (HP) औसत सेवाग्राही | १७.० | १६.४ | १९.९ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.५ अनुसार बाँफिकोट गाउँपालिकामा रहेका विभिन्न प्रकारका स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्ने मासिक औसत सेवाग्राही सङ्ख्यामा समग्र रूपमा वृद्धि भएको देखिन्छ। प्रति खोप क्लिनिक औसत सेवाग्राही सङ्ख्या आर्थिक वर्ष २०७९/८० मा २६.० रहेकोमा २०८०/८१ मा २३.६ मा घटेको भए पनि २०८१/८२ मा पुनः वृद्धि भई २५.२ पुगेको छ। त्यसैगरी प्रति स्वास्थ्य स्वयंसेविका औसत सेवाग्राही सङ्ख्या १४.८ बाट १६.८ हुँदै १७.८ पुगेको छ। प्रति आधारभूत स्वास्थ्य सेवा केन्द्र औसत सेवाग्राही सङ्ख्या ७.९ बाट ९.८ हुँदै १०.२ पुगेको देखिन्छ। यसबाट स्वास्थ्य स्वयंसेविका तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमार्फत प्रवाह हुने सेवाको उपयोग क्रमशः बढ्दै गएको संकेत प्राप्त हुन्छ।

त्यस्तै प्रति स्वास्थ्य चौकी औसत सेवाग्राही सङ्ख्या २०७९/८० मा १७.० रहेकोमा २०८०/८१ मा १६.४ मा सामान्य कमी आएको भए पनि २०८१/८२ मा उल्लेख्य रूपमा वृद्धि भई १९.९ पुगेको छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा स्वास्थ्य संस्थाबाट सेवा लिने सेवाग्राहीको सङ्ख्या बढ्दो क्रममा रहेको देखिन्छ, जसले स्वास्थ्य सेवाप्रतिको पहुँच, उपयोग र जनविश्वासमा क्रमशः सुधार हुँदै गएको देखाउदछ।

**तालिका ६.६ : आ.ब.२०८१/८२ मा स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गरेका सेवाग्राही विवरण**

| सेवाग्राहीको उमेर समूह | महिला | | पुरूष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ०-९ वर्ष | ४,८३१ | २०.६ | ५,३४६ | ३६.२ | १०,१७७ | २६.६ |
| १०-१४ वर्ष | २,०६७ | ८.८ | १,९४८ | १३.२ | ४,०१५ | १०.५ |
| १५-१९ वर्ष | २,१८५ | ९.३ | १,३२६ | ९.० | ३,५११ | ९.२ |
| २०-५९ वर्ष | ११,७१४ | ४९.९ | ४,२६६ | २८.९ | १५,९८० | ४१.७ |
| ६०-६९ वर्ष | १,६३० | ६.९ | १,०८० | ७.३ | २,७१० | ७.१ |
| ७० वर्ष वा सोभन्दा माथि | १,०७१ | ४.६ | ८२० | ५.५ | १,८९१ | ४.९ |
| **जम्मा** | **२३,४९८** | **१००** | **१४,७८६** | **१००** | **३८,२८४** | **१००** |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.६ अनुसार आ.व. २०८१/८२ मा बाँफिकोट गाउँपालिकाका स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गरेका कुल सेवाग्राही सङ्ख्या ३८,२८४ रहेको छ, जसमा महिला २३,४९८ जना अर्थात् ६१.४ प्रतिशत र पुरुष १४,७८६ जना अर्थात् ३८.६ प्रतिशत रहेका छन्। उमेर समूह अनुसार हेर्दा २०-५९ वर्ष समूहका सेवाग्राही सबैभन्दा बढी १५,९८० जना अर्थात् ४१.७ प्रतिशत रहेका छन्, जसमा महिलाको सङ्ख्या ११,७१४ र पुरुषको सङ्ख्या ४,२६६ रहेको छ। त्यसपछि ०-९ वर्ष उमेर समूहका १०,१७७ जना अर्थात् २६.६ प्रतिशत सेवाग्राही रहेका छन्, जसमा पुरुषको हिस्सा महिलाभन्दा बढी देखिन्छ। १०-१४ वर्ष उमेर समूहका ४,०१५ जना अर्थात् १०.५ प्रतिशत, १५-१९ वर्षका ३,५११ जना अर्थात् ९.२ प्रतिशत, ६०-६९ वर्षका २,७१० जना अर्थात् ७.१ प्रतिशत र ७० वर्ष वा सोभन्दा माथिका १,८९१ जना अर्थात् ४.९ प्रतिशत सेवाग्राही रहेका छन्। समग्र रूपमा हेर्दा स्वास्थ्य सेवा प्राप्त गर्नेमा कार्यशील उमेर समूह र बालबालिकाको हिस्सा बढी रहेको तथा अधिकांश उमेर समूहमा महिलाको सेवाग्रहण सङ्ख्या पुरुषभन्दा बढी रहेको देखिन्छ।

**तालिका ६.७ : महिना अनुसार कुल स्वास्थ्य सेवा लाभ ग्राहीको सङ्ख्या (विगत ३ वर्षको)**

| महिना | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| साउन | ४,२६६ | ४,०५७ | ४,१०८ |
| भदौ | ३,९१६ | ३,१३६ | ३,७५० |
| असोज | २,४७७ | ३,००५ | २,५२१ |
| कात्तिक | २,३०४ | १,४५२ | १,९८४ |
| मंसिर | १,८११ | २,८१० | २,८७६ |
| पुस | २,१३४ | २,०७६ | २,७६४ |

| | | | |
|---|---|---|---|
| माघ | २,०६७ | ३,०९४ | ३,१०६ |
| फागुन | २,६६० | ३,०३३ | ३,३२१ |
| चैत | २,०४२ | २,५२७ | ३,४०१ |
| वैशाख | २,४५६ | २,८६९ | ३,०२० |
| जेठ | १,९७१ | ३,२५६ | ४,१४९ |
| असार | ३,२१४ | २,४६१ | ३,२८४ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.७ अनुसार बाँफिकोट गाउँपालिकामा विगत तीन आर्थिक वर्षको महिना अनुसार कुल स्वास्थ्य सेवा लाभग्राही सङ्ख्यामा उतारचढाव रहेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा साउन महिनामा सबैभन्दा बढी ४,२६६ लाभग्राही रहेका छन् भने मंसिर महिनामा सबैभन्दा कम १,८११ लाभग्राही रहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा पनि साउन महिनामा ४,०५७ लाभग्राहीसहित उच्च सङ्ख्या देखिएको छ भने कात्तिक महिनामा सबैभन्दा कम १,४५२ लाभग्राही रहेका छन्। आर्थिक वर्ष २०८१/८२ मा जेठ महिनामा सबैभन्दा बढी ४,१४९ लाभग्राही रहेका छन् भने कात्तिक महिनामा सबैभन्दा कम १,९८४ लाभग्राही रहेका छन्। यसबाट स्वास्थ्य सेवा उपयोगमा वर्ष र महिना अनुसार परिवर्तन हुने प्रवृत्ति रहेको देखिन्छ।

समग्र रूपमा हेर्दा साउन, जेठ, चैत, माघ, फागुन र असार महिनामा लाभग्राही सङ्ख्या तुलनात्मक रूपमा बढी रहेको छ भने कात्तिक, मंसिर र पुस महिनामा केही कम देखिन्छ। विशेषगरी २०८१/८२ मा चैत, वैशाख, जेठ र असार महिनामा लाभग्राही सङ्ख्या उल्लेख्य रूपमा बढेको देखिएकाले स्वास्थ्य सेवाप्रतिको पहुँच, उपयोग वा कार्यक्रमगत सक्रियता बढेको संकेत मिल्छ। यस्ता विवरणले कुन महिनामा सेवाग्राहीको चाप बढी वा कम हुन्छ भन्ने बुझ्न, सोही अनुसार जनशक्ति परिचालन गर्न, औषधि तथा स्वास्थ्य सामग्री व्यवस्थापन गर्न र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक आधार प्रदान गर्दछ।

**तालिका ६.८ : स्वास्थ्य अनुसार प्रतिदिन औषत सेवाग्राही सङ्ख्या (आ.ब.२०८१/८२)**

| स्वास्थ्य संस्थाको नाम | औषत सेवाग्राही प्रतिदिन |
|---|---|
| पालाकोट आधारभूत स्वास्थ्य सेवा केन्द्र | ९ |
| पिपल स्वास्थ्य चौकी | २० |
| स्यार्पुलाल आधारभूत स्वास्थ्य सेवा केन्द्र | ९ |
| बाँफिकोट स्वास्थ्य चौकी | १३ |
| काँडा आधारभूत स्वास्थ्य सेवा केन्द्र | १३ |
| मग्मा स्वास्थ्य चौकी | ३२ |
| दोबाटोचौर आधारभूत स्वास्थ्य सेवा केन्द्र | १३ |
| दुलीपोखरा आधारभूत स्वास्थ्य सेवा केन्द्र | ५ |
| संघर्ष झुला आधारभूत स्वास्थ्य सेवा केन्द्र | १२ |
| झुला स्वास्थ्य चौकी | १५ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.८ अनुसार आ.व. २०८१/८२ मा बाँफिकोट गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा प्रतिदिन औसत सेवाग्राही सङ्ख्यामा संस्थाअनुसार फरक अवस्था देखिएको छ। उपलब्ध विवरणअनुसार मग्मा स्वास्थ्य चौकीमा प्रतिदिन औसत ३२ जना सेवाग्राहीसहित सबैभन्दा बढी सेवा उपयोग भएको देखिन्छ। त्यसपछि पिपल स्वास्थ्य चौकीमा २० जना, झुला स्वास्थ्य चौकीमा १५ जना, बाँफिकोट स्वास्थ्य चौकी र काँडा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा समान १३ जना, दोबाटोचौर आधारभूत स्वास्थ्य सेवा केन्द्रमा १३ जना, संघर्ष झुला आधारभूत स्वास्थ्य सेवा केन्द्रमा १२ जना, पालाकोट र स्यार्पुलाल आधारभूत स्वास्थ्य सेवा केन्द्रमा समान ९ जना तथा दुलीपोखरा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सबैभन्दा कम ५ जना सेवाग्राही रहेका छन्। यसबाट स्वास्थ्य चौकीहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको तुलनामा सेवाग्राहीको चाप तुलनात्मक रूपमा बढी रहेको देखिन्छ।

तालिका ६. ९ : उपचारात्मक सेवा - कुल जनसङ्ख्याको तुलनामा नयाँ बहिरङ्ग (OPD) सेवा लिनेहरूको प्रतिशत

| स्वास्थ्य संस्थाको नाम | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ |
|---|---|---|---|
| पालाकोट आधारभूत स्वास्थ्य सेवा केन्द्र | ४४ | ८० | ४३ |
| पिपल स्वास्थ्य चौकी | ७५ | ९८ | १२३ |
| स्यार्पुलाल आधारभूत स्वास्थ्य सेवा केन्द्र | १२२ | ११३ | १३० |
| बाँफिकोट स्वास्थ्य चौकी | १४८ | १३५ | १३३ |
| काँडा आधारभूत स्वास्थ्य सेवा केन्द्र | ९१ | १०४ | ८८ |
| मग्मा स्वास्थ्य चौकी | ९५ | १५१ | २०१ |
| दोबाटोचौर आधारभूत स्वास्थ्य सेवा केन्द्र | ४८ | ७७ | ९० |
| दुलीपोखरा आधारभूत स्वास्थ्य सेवा केन्द्र | ११८ | ९८ | ७५ |
| संघर्ष झुला आधारभूत स्वास्थ्य सेवा केन्द्र | ८४ | ७० | ७० |
| झुला स्वास्थ्य चौकी | १६५ | १७६ | १९४ |
| **कुल औषत** | **९५** | **१०९** | **११६** |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.९ अनुसार बाँफिकोट गाउँपालिकामा कुल जनसङ्ख्याको तुलनामा नयाँ बहिरङ्ग (OPD) सेवा लिनेहरूको प्रतिशत विगत तीन आर्थिक वर्षमा समग्र रूपमा वृद्धि भएको देखिन्छ। कुल औसत हेर्दा आ.व. २०७९/८० मा ९५ प्रतिशत रहेको यो अनुपात आ.व. २०८०/८१ मा १०९ प्रतिशत र आ.व. २०८१/८२ मा ११६ प्रतिशत पुगेको छ। स्वास्थ्य संस्थागत रूपमा हेर्दा आ.व. २०८१/८२ मा मग्मा स्वास्थ्य चौकीमा २०१ प्रतिशत, झुला स्वास्थ्य चौकीमा १९४ प्रतिशत, बाँफिकोट स्वास्थ्य चौकीमा १३३ प्रतिशत, स्यार्पुलाल आधारभूत स्वास्थ्य सेवा केन्द्रमा १३० प्रतिशत तथा पिपल स्वास्थ्य चौकीमा १२३ प्रतिशत रहेको देखिन्छ, जुन तुलनात्मक रूपमा उच्च हो। त्यसैगरी पालाकोट आधारभूत स्वास्थ्य सेवा केन्द्रमा ४३ प्रतिशत, संघर्ष झुला आधारभूत स्वास्थ्य सेवा केन्द्रमा ७० प्रतिशत र दुलीपोखरा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा ७५ प्रतिशत रहेको देखिन्छ। समग्र रूपमा यस विवरणले गाउँपालिकामा OPD सेवाको उपयोग बढ्दो क्रममा रहेको, केही स्वास्थ्य संस्थामा सेवाग्राहीको आकर्षण तथा सेवा उपयोग उच्च रहेको र स्वास्थ्य संस्थाअनुसार सेवा उपयोगमा स्पष्ट भिन्नता रहेको देखाउँछ।

तालिका ६.१० : उपचारात्मक सेवा - आ.व. २०८१/८२ मा देखिएका शिर्ष १० स्वास्थ्य समस्याहरू

| प्रमूख स्वास्थ्य समस्या | विरामी सङ्ख्या |
|---|---|
| १. माथिल्लो श्वासप्रश्वास नलीको संक्रमण (URTI) | २,९१९ |
| २. ज्वरो (Fever) | २,८०७ |
| ३. टाउको दुखाइ (Headache) | २,३४९ |
| ४. पखाला (Presumed Non-Infectious Diarrhoea) | १,६९५ |
| ५. ग्यास्ट्राइटिस / ग्यास्ट्रिक (Gastritis - APD) | १,३१८ |
| ६. तल्लो श्वासप्रश्वास नलीको संक्रमण (ARI / LRTI) | १,१९५ |
| ७. टन्सिलाइटिस (Acute Tonsilitis) | १,०३७ |
| ८. खोकी (Cough) | ७६३ |
| ९. नाकको संक्रमण / राइनिटिस (Rhinitis) | ७६० |
| १०.खटिरा / पिलो (Abscess) | ७२२ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.१० अनुसार आ.व. २०८१/८२ मा बाँफिकोट गाउँपालिकामा देखिएका प्रमुख १० स्वास्थ्य समस्यामध्ये माथिल्लो श्वासप्रश्वास नलीको संक्रमण (URTI) सबैभन्दा बढी २,९१९ बिरामीमा देखिएको छ। त्यसपछि ज्वरो २,८०७, टाउको दुखाइ २,३४९ तथा पखाला १,६९५ बिरामीमा देखिएको छ। यसैगरी ग्यास्ट्राइटिस/ग्यास्ट्रिक १,३१८, तल्लो श्वासप्रश्वास नलीको संक्रमण १,१९५, टन्सिलाइटिस १,०३७, खोकी ७६३, नाकको संक्रमण/राइनाइटिस ७६० तथा खटिरा/पिलो ७२२ बिरामीमा देखिएको विवरण छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा श्वासप्रश्वाससम्बन्धी समस्या, ज्वरो, टाउको दुखाइ तथा पाचन प्रणालीसँग सम्बन्धित समस्याहरू बढी देखिएको अवस्था छ। विशेषगरी माथिल्लो र तल्लो श्वासप्रश्वास नलीको संक्रमण, टन्सिलाइटिस, खोकी र राइनाइटिसजस्ता समस्याको सङ्ख्या बढी हुनु श्वासप्रश्वाससम्बन्धी रोगको प्रभाव उल्लेख्य रहेको संकेत गर्दछ। त्यसैगरी पखाला र ग्यास्ट्राइटिसजस्ता समस्या पनि प्रमुख रूपमा देखिएकाले पाचन प्रणालीसम्बन्धी स्वास्थ्य समस्या पनि विशेष ध्यान दिइनुपर्ने बुझिन्छ।

तालिका ६.११ : उपचारात्मक सेवा - नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या सम्बन्धी उपचार अवस्था (आर्थिक वर्ष २०८१/८२)

| नसर्ने तथा मानसिक रोग सम्बन्धी समस्या | बिरामी सङ्ख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| १. **नसर्ने दीर्घ रोगहरू (Major NCDs)** | | | |
| उच्च रक्तचाप (Hypertension) | ५६ | ६७ | १२३ |
| दम-खोकी (COPD) | २२ | २० | ४२ |
| दम / आस्थामा (Asthma) | १२ | १५ | २७ |
| मधुमेह / सुगर (Diabetes) | ० | २ | २ |
| मुटु तथा रक्तनली सम्बन्धी रोग (Cardiovascular Disease) | ० | ० | ० |
| क्यान्सर (Cancer) | ० | ० | ० |
| २. **मानसिक स्वास्थ्य समस्याहरू (Mental Health Disorders)** | | | |
| चिन्ताजनक रोग (Anxiety) | ९ | ३७ | ४६ |
| कडा मानसिक रोग (Psychosis) | ६ | ४ | १० |
| उदासीनता (Depression) | ० | ६ | ६ |
| छारे रोग (Epilepsy) | ३ | ३ | ६ |
| कन्भर्जन डिसअर्डर (Conversion) | ० | ४ | ४ |
| बाइपोलर डिसअर्डर (Bipolar Disorder) | ३ | १ | ४ |
| मद्यपानजन्य समस्या (Alcohol Use Disorder) | २ | ० | २ |
| बालबालिका तथा किशोर-किशोरीको संवेगात्मक समस्या | ० | १ | १ |
| विर्सिने रोग (Dementia) | ० | ० | ० |
| अन्य मानसिक समस्या (Other Mental Disorder) | ४ | ६ | १० |
| ३. **चोटपटक तथा दुर्घटना (Injuries & External Causes)** | | | |
| पेशागत चोटपटक (Occupational Injury) | ५२ | ४० | ९२ |
| लडेर लागेको चोटपटक (Fall) | ४९ | ३७ | ८६ |
| पोलेको (Burn) | १४ | १४ | २८ |
| सडक दुर्घटनाजन्य चोटपटक (RTI) | ५ | ३ | ८ |
| आत्महत्याको प्रयास (Suicide Attempt) | ० | ० | ० |
| आफैँलाई पुऱ्याएको चोट (Self-Harm) | ० | ० | ० |
| हिंसा (Violence) | ० | ० | ० |
| डुबेको (Drowning) | ० | ० | ० |
| टोकेको (Bites) | ० | ० | ० |

| कुल जम्मा | २३७ | २६० | ४९७ |
|---|---|---|---|

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.११ अनुसार आ.व. २०८१/८२ मा बाँफिकोट गाउँपालिकामा नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या तथा चोटपटक सम्बन्धी कुल ४९७ बिरामीले उपचार सेवा प्राप्त गरेका छन्, जसमा पुरुष २३७ र महिला २६० जना रहेका छन्। नसर्ने दीर्घ रोगमध्ये उच्च रक्तचाप सबैभन्दा बढी १२३ बिरामीमा देखिएको छ, जसमा महिलाको सङ्ख्या पुरुषभन्दा केही बढी रहेको छ। त्यसपछि पेशागत चोटपटक ९२ र लडेर लागेको चोटपटक ८६ वटा देखिएका छन्। दम-खोकी ४२, चिन्ताजनक रोग ४६, पोलेको २८ र दम/आस्थामा २७ बिरामीमा देखिएको छ। मधुमेह २ बिरामीमा मात्र देखिएको छ भने मुटु तथा रक्तनली सम्बन्धी रोग र क्यान्सरको सङ्ख्या शून्य रहेको छ।

मानसिक स्वास्थ्य समस्यातर्फ हेर्दा चिन्ताजनक रोग सबैभन्दा बढी ४६ बिरामीमा देखिएको छ, जसमा महिलाको सङ्ख्या उल्लेख्य रूपमा बढी छ। कडा मानसिक रोग र अन्य मानसिक समस्या दुवै १०/१० बिरामीमा देखिएका छन् भने उदासीनता र छारे रोग ६/६, कन्भर्जन डिसअर्डर र बाइपोलर डिसअर्डर ४/४, मद्यपानजन्य समस्या २ तथा बालबालिका तथा किशोरकिशोरीको संवेगात्मक समस्या १ जनामा देखिएको छ। चोटपटकतर्फ पेशागत चोटपटक र लडेर लागेको चोटपटक प्रमुख समस्याका रूपमा देखिएका छन् भने पोलेको २८ र सडक दुर्घटनाजन्य चोटपटक ८ बिरामीमा देखिएको छ। समग्र रूपमा हेर्दा यस आर्थिक वर्षमा उच्च रक्तचाप, चिन्ताजनक रोग तथा विभिन्न प्रकारका चोटपटक गाउँपालिकामा प्रमुख स्वास्थ्य समस्याका रूपमा देखिएका छन्।

तालिका ६. १२ : खोप कार्यक्रम सम्बन्धी सूचक (Immunization coverage)

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| बि.सि.जी. (%) | ११३ | ८३ | ९३ |
| डि.पि.टि.-हेप वि-हिब १ (%) | ११२ | ९३ | १०२ |
| डि.पि.टि.-हेप वि-हिब ३ (%) | ११९ | ८७ | १०९ |
| पि.सि.भि. १ (%) | ११९ | ९३ | १०८ |
| पि.सि.भि. ३ (%) | १२२ | १०२ | ११० |
| जे.ई. (JE) (%) | ११९ | ९२ | १०७ |
| दादुरा-रुबेला पहिलो (MR 1st) (%) | ११६ | १०२ | ११२ |
| दादुरा-रुबेला दोस्रो (MR 2nd) (%) | ११५ | १०० | ११४ |
| **पूर्ण खोप पाएका बालबालिका (%)** | **११६** | **१००** | **११२** |
| टि.डी. २ र टि.डी. २+ (%) | ७२ | ५० | ६८ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.१२ अनुसार बाँफिकोट गाउँपालिकामा खोप कार्यक्रम सम्बन्धी अधिकांश सूचकहरूमा आर्थिक वर्ष २०८०/८१ को तुलनामा २०८१/८२ मा सुधार भएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा बि.सि.जी. ९३ प्रतिशत, डि.पि.टि.-हेप वि-हिब १ १०२ प्रतिशत, डि.पि.टि.-हेप वि-हिब ३ १०९ प्रतिशत, पि.सि.भि. १ १०८ प्रतिशत, पि.सि.भि. ३ ११० प्रतिशत, जे.ई. १०७ प्रतिशत, दादुरा-रुबेला पहिलो ११२ प्रतिशत, दादुरा-रुबेला दोस्रो ११४ प्रतिशत तथा पूर्ण खोप पाएका बालबालिका ११२ प्रतिशत रहेका छन्। यसबाट गाउँपालिकामा अधिकांश खोप सूचकमा लक्ष्यअनुरूप वा लक्ष्यभन्दा माथिको प्रगति हासिल भएको देखिन्छ। विशेष गरी पूर्ण खोप पाएका बालबालिकाको प्रतिशत १०० भन्दा माथि रहनु खोप सेवाको पहुँच र कार्यक्रम कार्यान्वयनको अवस्था सुदृढ रहेको संकेत हो। यही सन्दर्भमा बाँफिकोट गाउँपालिका मिति २०८२/०१/३० मा **पूर्ण खोप स्थानीय तह** घोषणा भएको तथ्यले गाउँपालिकाले खोप सेवाको पहुँच, पूर्णता र निरन्तरतामा उल्लेख्य प्रगति हासिल गरेको पुष्टि गर्दछ। तथापि टि.डी. २ र टि.डी. २+ को प्रतिशत २०७९/८० मा ७२, २०८०/८१ मा ५० र २०८१/८२ मा ६८ रहेको देखिएकाले यस सूचकमा अपेक्षित स्तरको सुधार हुन बाँकी रहेको बुझिन्छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा खोप कार्यक्रमको अवस्था सन्तोषजनक र सुधारोन्मुख रहेको देखिन्छ।

तालिका ६.१३ : खोप खेर जाने दर

| खोपको नाम | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| बि.सि.जी. (BCG) | ७९ | ८४ | ८४ |
| डि.पि.टि.-हेप वि.-हिब | १२ | ११ | २० |
| पोलियो (OPV) | १३ | १४ | २४ |
| पि.सि.भि. (PCV) | ६ | २ | १५ |
| एफ.आई.पि.भि. (FIPV) | २५ | २५ | ३२ |
| दादुरा-रुबेला (Measles/Rubella) | ३४ | ३९ | ४८ |
| जे.ई. (JE) | २९ | ३३ | ४५ |
| टि.डी. (Td) | २३ | २५ | ३५ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.१३ अनुसार बाँफिकोट गाउँपालिकामा आ.व. २०८१/८२ मा अधिकांश खोपहरूको खेर जाने दर विश्वव्यापी रूपमा प्रचलित स्वीकार्य benchmark भन्दा बढी रहेको देखिन्छ । सामान्यतया DPT-HepB-Hib, OPV, PCV, fIPV र Td जस्ता खोपका लागि करिब १० प्रतिशत, MR/Measles र JE का लागि २५ प्रतिशत तथा BCG का लागि ५० प्रतिशत सम्मको wastage स्वीकार्य मानिने प्रचलन पाइन्छ । यस आधारमा हेर्दा बाँफिकोटमा BCG को खेर जाने दर ८४ प्रतिशत रही स्वीकार्य ५० प्रतिशतभन्दा धेरै माथि रहेको छ । त्यसैगरी DPT-HepB-Hib २० प्रतिशत, OPV २४ प्रतिशत, PCV १५ प्रतिशत, fIPV ३२ प्रतिशत र Td ३५ प्रतिशत रहेकोले यी सबै सम्बन्धित स्वीकार्य १० प्रतिशतभन्दा बढी छन् । MR ४८ प्रतिशत र JE ४५ प्रतिशत पनि स्वीकार्य २५ प्रतिशतभन्दा माथि रहेका छन् । समग्र रूपमा हेर्दा गाउँपालिकामा खोप कार्यक्रमको पहुँच राम्रो रहे पनि खोप उपयोग र खेर जाने दरबीच सन्तुलन कायम हुन सकेको देखिँदैन । विशेषगरी BCG, MR र JE जस्ता reconstituted खोपमा Open Vial Policy लागू नहुने र यस्ता खोप खोलिएपछि सीमित समयभित्र मात्र प्रयोग गर्न पाइने भएकाले तिनमा wastage तुलनात्मक रूपमा बढी हुने गर्दछ । त्यसैले प्रस्तुत तथ्याङ्कले बाँफिकोट गाउँपालिकामा खोप खेर जाने दर सबै खोपमा स्वीकार्य स्तर भन्दा निकै माथि रहेको, विशेषगरी BCG, MR, JE, Td र fIPV मा खेर जाने दर बढी रहेको अवस्था देखाएकोले गाउँपालिकाले विशेष रूपमा महत्व दिई खोप खेर जाने दरलाई न्यूनीकरण गर्न तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

तालिका ६.१४ : पोषण कार्यक्रम सम्बन्धी सूचकहरू

| पोषण सम्बन्धी प्रमूख सूचक | | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. | ० देखि २३ महिना सम्मका बालबालिकाको वृद्धि अनुगमन प्रतिशत | ६५.४९ | ५१.०९ | ६०.०८ |
| २. | कम जन्म तौल (२.५ kg भन्दा कम) भएका नवजात शिशुको प्रतिशत | ४.४७ | ९.१४ | ११.०३ |
| ३. | वृद्धि अनुगमनको लागि दर्ता गरिएका २३ महिना पूरा गरेका बालबालिकाको औसत भेट | ५.६३ | १०.१६ | १२.६९ |
| ४. | जन्मेको १ घण्टा भित्र स्तनपान गराएको शिशुको प्रतिशत | ९९.१९ | १०० | ९७.४९ |
| ५. | जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरूको प्रतिशत | - | ६६.११ | ६८.१ |
| ६. | गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरूको प्रतिशत | ७२.६८ | ५४.९५ | ६६.४ |
| ७. | सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरूको प्रतिशत | ९९.६ | ९१.४ | ८८.५८ |
| ८. | शिघ्र कुपोषण भएका नयाँ बच्चाहरूको सङ्ख्या (Number of SAM Cases, new) | ५ | ५ | ३ |
| ९. | शिघ्र कुपोषण भएका बच्चाहरू मध्ये निको भएकाको प्रतिशत | १०० | ३३.३३ | १०० |

| पोषण सम्बन्धी प्रमूख सूचक | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १०. १३ हप्तासम्म आइरन फोलिक एसिड चक्की खाएका किशोरीको प्रतिशत | - | ६२.०८ | ५१.२८ |
| ११. २६ हप्तासम्म आइरन फोलिक एसिड चक्की खाएका किशोरीको प्रतिशत | - | ५६.८४ | ४६.८८ |
| १२. ३ साइकल (६० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालबालिकाको प्रतिशत | १९.९४ | ३७.५३ | ५२.८६ |
| १३. ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालबालिकाको प्रतिशत | १.१ | ९.१४ | १९.८४ |
| १४. पहिलो चरणमा भिटामिन ए को आम वितरणको प्रतिशत | ९७.३६ | ८७.८४ | ११६.५६ |
| १५. क्याल्सियम चक्की पाएका महिलाहरूको प्रतिशत | ४२.९३ | १०.१ | ३८.५५ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.१४ अनुसार बाँफिकोट गाउँपालिकामा पोषण कार्यक्रम सम्बन्धी सूचकहरूको अवस्था मिश्रित रहेको देखिन्छ। ० देखि २३ महिना सम्मका बालबालिकाको वृद्धि अनुगमन प्रतिशत आर्थिक वर्ष २०७९/८० मा ६५.४९ प्रतिशत रहेकोमा २०८०/८१ मा ५१.०९ प्रतिशतमा घटेर २०८१/८२ मा ६०.०८ प्रतिशत पुगेको छ। वृद्धि अनुगमनका लागि दर्ता गरिएका २३ महिना पूरा गरेका बालबालिकाको औसत भेट भने ५.६३ बाट १०.१६ हुँदै १२.६९ पुगेको देखिन्छ, जसले बालबालिकाको नियमित अनुगमनमा सुधार भएको संकेत गर्दछ । जन्मेको १ घण्टा भित्र स्तनपान गराएको शिशुको प्रतिशत तीनै वर्षमा अत्यन्त उच्च रहेको छ भने ६ महिनासम्म स्तनपान गराएका बच्चाहरूको प्रतिशत २०८०/८१ को ६६.११ प्रतिशतबाट २०८१/८२ मा ६८.१ प्रतिशत पुगेको छ। त्यसैगरी गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका महिलाहरूको प्रतिशत ५४.९५ बाट ६६.४ प्रतिशतमा बढेको देखिन्छ । ६ देखि २३ महिनाका बालबालिकाले ३ साइकल ६० पिस र १८० पिस बालभिटा प्राप्त गर्ने प्रतिशतमा समेत क्रमशः सुधार भएको छ।

तर केही सूचकहरू चिन्ताजनक पनि देखिन्छन्। कम जन्म तौल भएका नवजात शिशुको प्रतिशत ४.४७ बाट बढेर ११.०३ प्रतिशत पुगेको छ, जसले मातृ तथा नवजात पोषण अवस्थातर्फ थप ध्यान दिनुपर्ने देखाउँछ । सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरूको प्रतिशत ९९.६ बाट घटेर ८८.५८ प्रतिशतमा झरेको छ भने १३ हप्ता र २६ हप्तासम्म आइरन फोलिक एसिड चक्की खाएका किशोरीहरूको प्रतिशत पनि क्रमशः घट्दो क्रममा रहेको छ। क्याल्सियम चक्की पाएका महिलाहरूको प्रतिशत २०८०/८१ मा निकै कम भई १०.१ प्रतिशत पुगेकोमा २०८१/८२ मा ३८.५५ प्रतिशतमा सुधार भए पनि अझै अपेक्षित स्तरमा पुगेको देखिँदैन। शीघ्र कुपोषण भएका नयाँ बच्चाहरूको सङ्ख्या ५, ५ र ३ रहेको तथा निको हुने प्रतिशत २०८०/८१ मा ३३.३३ प्रतिशतमा झरेर २०८१/८२ मा पुनः १०० प्रतिशत पुगेको देखिन्छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा स्तनपान, वृद्धि अनुगमनको औसत भेट, बालभिटा वितरण तथा कुपोषित बालबालिकाको उपचारमा केही सुधार देखिए पनि कम जन्म तौल, किशोरी आइरन फोलिक सेवन तथा मातृ पोषणसम्बन्धी केही सूचकहरूमा थप सुदृढीकरण आवश्यक देखिन्छ।

**तालिका ६.१५ : समुदायमा आधारित नवशिशु तथा बालरोगको एकिकृत ब्यवस्थापन (IMNCI) कार्यक्रम**

| IMNCI प्रमूख सूचक | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. पाँच बर्षमुनिका बालबालिका मध्ये IMNCI कार्यक्रममा दर्ता भएका (enrolled) विरामीको प्रतिशत | १०० | १९४.३ | २५२ |
| २. जन्मने वितिक्कै नाभी मलम लगाएका नवजात शिशुहरूको प्रतिशत | ८८ | ९०.९ | ८७.४ |
| ३. ०-५९ दिनका शिशुहरू मध्ये ब्याक्टेरियाको गम्भीर संक्रमण भएका शिशुहरूको प्रतिशत | २२ | १६ | ११ |
| ४. ब्याक्टेरियाको गम्भीर संक्रमण भएका मध्ये जेन्टामाईसिन सुईद्वारा पूर्ण उपचार पाएकाको प्रतिशत | ५० | २७.३ | ३३.३३ |
| ५. ०-५९ दिनका शिशुहरू मध्ये स्तनपान सम्बन्धि समस्या भएकाको प्रतिशत | ५.६ | ४.३ | १४.५५ |

| | | | | |
|---|---|---|---|---|
| ६. | ८-५९ दिनका निमोनिया भएका शिशुहरू मध्ये एमोक्सिसिलिनद्वारा उपचार गर्नेको प्रतिशत | १०० | १०० | १०० |
| ७. | श्वासप्रश्वास बिरामी दर (प्रति हजार २-५९ महिनाका बालबालिकाहरुमा) | ६२९.६ | ७१० | ८७९.३ |
| ८. | निमोनिया बिरामीको दर (प्रति हजार २-५९ महिनाका बालबालिकाहरुमा) | ९७ | ९७.४ | १२४.३ |
| ९. | निमोनिया तथा कडा निमोनिया भएका बच्चा मध्ये एमोक्सिसिलिन द्वारा उपचार गर्नेको प्रतिशत | १०० | १०० | १०० |
| १०. | झाडापखालाका बिरामी दर (प्रति हजार २-५९ महिनाका बालबालिकाहरुमा) | २८५.३ | ३९१ | ४३७ |
| ११. | २-५९ महिनाका झाडापखालाका बिरामी मध्ये जिंक र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत | १०० | १०० | ९७.२२ |
| १२. | कडा झाडापखाला लागेका बालबालिका सङ्ख्या | ० | ० | ० |
| १३. | मध्यम र कडा कुपोषण भएका बालबालिकाको सङ्ख्या | ११ | ५ | १२ |
| १४. | २ महिना मुनिका शिशुको जम्मा मृत्यु | ० | ० | ० |
| १५. | २-५९ महिना बालबालिकाको जम्मा मृत्यु | ० | ० | ० |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.१५ अनुसार बाँफिकोट गाउँपालिकामा समुदायमा आधारित नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रमअन्तर्गत अधिकांश सूचकहरूमा मिश्रित अवस्था देखिएको छ। पाँच वर्षमुनिका बालबालिकामध्ये IMNCI कार्यक्रममा दर्ता भएका बिरामीको प्रतिशत आर्थिक वर्ष २०७९/८० मा १०० रहेकोमा २०८०/८१ मा १९४.३ र २०८१/८२ मा २५२ पुगेको देखिन्छ, जसले कार्यक्रमअन्तर्गत सेवामा दर्ता तथा पहुँच उल्लेख्य रूपमा बढेको संकेत गर्दछ। जन्मनेबित्तिकै नाभी मलम लगाएका नवजात शिशुको प्रतिशत तीनै वर्षमा उच्च रहेको छ, यद्यपि २०८१/८२ मा यो ८७.४ प्रतिशतमा केही घटेको देखिन्छ। ०-५९ दिनका शिशुमध्ये ब्याक्टेरियाको गम्भीर संक्रमण भएका शिशुको प्रतिशत २२ बाट घटेर ११ पुगेको छ, जुन सकारात्मक पक्ष हो। तर यस्ता संक्रमण भएका मध्ये जेन्टामाइसिन सुईद्वारा पूर्ण उपचार पाएकाको प्रतिशत ५० बाट २७.३ हुँदै ३३.३३ प्रतिशतमा सीमित रहेको देखिन्छ। त्यसैगरी ०-५९ दिनका शिशुमध्ये स्तनपान सम्बन्धी समस्या भएकाको प्रतिशत २०७९/८० र २०८०/८१ मा क्रमशः ५.६ र ४.३ रहेकोमा २०८१/८२ मा १४.५५ पुगेको देखिन्छ, जसले यस पक्षमा थप ध्यान दिनुपर्ने अवस्था देखाउँछ।

बालरोगसम्बन्धी सूचकहरू हेर्दा ८-५९ दिनका निमोनिया भएका शिशुहरू तथा निमोनिया/कडा निमोनिया भएका बालबालिकामध्ये एमोक्सिसिलिनद्वारा उपचार गर्ने प्रतिशत तीनै वर्ष १०० रहेको छ, जुन उपचार व्यवस्थापनको सबल पक्ष हो। तर श्वासप्रश्वास बिरामी दर ६२९.६ बाट बढेर ८७९.३ प्रति हजार पुगेको छ भने निमोनिया बिरामी दर ९७ बाट १२४.३ प्रति हजार र झाडापखालाका बिरामी दर २८५.३ बाट ४३७ प्रति हजार पुगेको देखिन्छ। झाडापखालाका बिरामीमध्ये जिंक र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत भने उच्च रही २०८१/८२ मा पनि ९७.२२ प्रतिशत रहेको छ। मध्यम र कडा कुपोषण भएका बालबालिकाको सङ्ख्या ११, ५ र १२ रहेको देखिन्छ, जसले उतारचढावपूर्ण अवस्था जनाउँछ। सकारात्मक रूपमा हेर्दा कडा झाडापखाला लागेका बालबालिकाको सङ्ख्या तथा २ महिना मुनिका शिशु र २-५९ महिना उमेर समूहका बालबालिकाको जम्मा मृत्यु तीनै वर्ष शून्य रहेको छ। समग्र रूपमा हेर्दा उपचार व्यवस्थापनका केही सूचक सुदृढ देखिए पनि श्वासप्रश्वास समस्या, निमोनिया, झाडापखाला तथा स्तनपानसम्बन्धी समस्यामा विशेष ध्यान दिनुपर्ने अवस्था रहेको देखिन्छ।

तालिका ६.१६ : मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम

| मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम सम्बन्धी प्रमूख सूचक | | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | **२०७९/८०** | **२०८०/८१** | **२०८१/८२** |
| **१.** | **गर्भावस्था जाँच (ANC)** | | | |
| | पहिलो पटक गर्भ जाँच (कुनै पनि समय) (%) | १११ | ९३ | ९७ |
| | प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच (१६, २०-२४, ३२ र ३६ हप्ता) (%) | ७४ | ५८ | ७५ |
| | प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच (%) | २४ | ३९ | ५२ |

| | | | |
|---|---|---|---|
| **२. प्रसूति सेवा (Delivery)** | | | |
| जम्मा सुत्केरी सङ्ख्या (Total Deliveries) | २४१ | १९४ | १९७ |
| संस्थागत सुत्केरी (स्वास्थ्य संस्थामा सुत्केरी भएको) (%) | ५९ | ३९ | ४९ |
| अन्य स्वास्थ्यकर्मीबाट गराइएको प्रसूति (सङ्ख्या) | ३३ | १ | ४ |
| कुल प्रसूति मध्ये मानक प्रसूति केन्द्र (SHP) मा भएको प्रसूति (%) | - | १५ | १५ |
| **३. सुत्केरी तथा नवजात शिशु स्याहार (PNC & Newborn)** | | | |
| पहिलो पटक सुत्केरी जाँच (PNC 1st) (%) | ६० | ४० | ५३ |
| प्रोटोकल अनुसार तेस्रो पटक सुत्केरी जाँच (PNC 3) (%) | ६० | ४९ | ७५ |
| प्रोटोकल अनुसार चौथो पटक सुत्केरी जाँच (PNC 4) (%) | ५७ | ३७ | ४६ |
| नाइटोमा क्लोरहेक्सिडिन (CHX) जेलको प्रयोग (%) | ८८ | ९१ | ८७ |
| **४. प्रोत्साहन कार्यक्रम (Incentives)** | | | |
| संस्थागत सुत्केरी मध्ये आमा सुरक्षा प्रोत्साहन भत्ता लिनेको प्रतिशत | १०० | १०० | १०० |
| संस्थागत सुत्केरी मध्ये ४ पटक गर्भ जाँच गरी प्रोत्साहन लिनेको प्रतिशत | १०० | १०० | १०० |
| **५. सुरक्षित गर्भपतन (Safe Abortion)** | | | |
| सुरक्षित गर्भपतन गराउने महिलाहरूको सङ्ख्या | ० | १ | २५ |
| गर्भपतन पश्चात् परिवार नियोजनका साधन प्रयोग गर्ने महिला प्रतिशत | ० | ० | १२ |
| **६. मृत्युदर तथा परिणाम (Mortality & Outcome)** | | | |
| जम्मा मातृ मृत्यु सङ्ख्या | ० | ० | ० |
| जम्मा नवजात शिशु मृत्यु सङ्ख्या | ० | ० | ३ |
| जम्मा मृत जन्म (Stillbirth) प्रतिशत | ०.७३ | ० | ०.२५ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.१६ अनुसार बाँफिकोट गाउँपालिकामा मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रमका सूचकहरूमा मिश्रित अवस्था देखिएको छ। गर्भावस्था जाँचतर्फ पहिलो पटक गर्भ जाँच गराउने प्रतिशत आ.व. २०७९/८० मा १११ प्रतिशत रहेकोमा २०८०/८१ मा ९३ प्रतिशतमा झरेर २०८१/८२ मा ९७ प्रतिशत पुगेको छ। प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गर्नेको प्रतिशत ७४ बाट ५८ मा घटेर पुनः ७५ प्रतिशत पुगेको देखिन्छ भने ८ पटक गर्भ जाँच गर्नेको प्रतिशत २४ बाट ३९ हुँदै ५२ प्रतिशत पुगेको छ, जसले नियमित ANC सेवातर्फ क्रमशः सुधार भएको संकेत गर्दछ। प्रसूति सेवातर्फ कुल सुत्केरी सङ्ख्या २४१, १९४ र १९७ रहेको छ भने संस्थागत सुत्केरीको प्रतिशत ५९ बाट ३९ मा घटेर ४९ प्रतिशत पुगेको देखिन्छ। यसबाट संस्थागत सुत्केरीमा केही सुधार भए पनि यसको स्तर अझ सन्तोषजनक बन्न बाँकी रहेको देखिन्छ। कुल प्रसूति मध्ये मानक प्रसूति केन्द्रमा भएको प्रसूति २०८०/८१ र २०८१/८२ दुवै वर्ष १५ प्रतिशत रहेको छ।

सुत्केरी तथा नवजात शिशु स्याहारतर्फ पहिलो पटक सुत्केरी जाँच ६० बाट ४० मा झरेर ५३ प्रतिशत पुगेको छ भने प्रोटोकल अनुसार तेस्रो पटक सुत्केरी जाँच ४९ बाट ७५ प्रतिशतमा वृद्धि भएको देखिन्छ। चौथो पटक सुत्केरी जाँच ५७, ३७ र ४६ प्रतिशत रहेको छ। नाइटोमा क्लोरहेक्सिडिन जेलको प्रयोग तीनै वर्ष उच्च रहेको छ। प्रोत्साहन कार्यक्रमतर्फ संस्थागत सुत्केरीमध्ये आमा सुरक्षा प्रोत्साहन भत्ता लिने तथा ४ पटक गर्भ जाँच गरी प्रोत्साहन लिनेको प्रतिशत तीनै वर्ष सतप्रतिशत नै रहेको देखिन्छ। सुरक्षित गर्भपतन सेवा लिने महिलाको सङ्ख्या २०७९/८० मा शून्य, २०८०/८१ मा १ र २०८१/८२ मा २५ पुगेको छ भने गर्भपतन पश्चात् परिवार नियोजनका साधन प्रयोग गर्ने महिला प्रतिशत २०८१/८२ मा १२ प्रतिशत रहेको छ। नतिजातर्फ मातृ मृत्यु तीनै वर्ष शून्य रहेको सकारात्मक अवस्था देखिन्छ। तर नवजात शिशु मृत्यु २०८१/८२ मा ३ पुगेको छ भने मृत जन्म प्रतिशत २०७९/८० मा ०.७३, २०८०/८१ मा शून्य र २०८१/८२ मा ०.२५ रहेको देखिन्छ। समग्र रूपमा हेर्दा ANC, PNC र केही सेवा उपयोग सूचकमा सुधार देखिए पनि संस्थागत सुत्केरी, PNC को निरन्तरता तथा नवजात शिशुको स्वास्थ्य परिणामतर्फ अझ थप ध्यान दिनुपर्ने अवस्था रहेको देखिन्छ।

तालिका ६.१७ : परिवार योजना (Family Planning) कार्यक्रम

| परिवार योजना कार्यक्रम सँग सम्बन्धित प्रमूख सूचक | | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. | परिवार योजना सेवाको नयाँ सेवाग्राही दर (%) | १३ | १३.८ | १२ |
| २. | कण्डम (CYP) | १०३.९८ | ६३ | ८९.५ |
| ३. | **हाल प्रयोगकर्ता (Current Users) सङ्ख्या:** | | | |
| | - पिल्स | १४७ | १६९ | ११२ |
| | - सायना प्रेस | ० | ० | ० |
| | - डिपो | ३२१ | ३६९ | ३३८ |
| | - आई.यू.सी.डी. (IUCD) | ७ | ११ | ९ |
| | - इम्प्लान्ट (Implant) | ३५५ | ३७१ | ३७९ |
| ४. | जम्मा हाल प्रयोगकर्ता (अस्थायी साधन) | ९३३.९८ | ९८३ | ९२७.५ |
| ५. | जम्मा हाल प्रयोगकर्ता (स्थायी साधन) | ० | ० | ० |
| ६. | परिवार नियोजन प्रयोगकर्ता दर (CPR) (%) | १७.८ | २२.४ | १७ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.१७ अनुसार बाँफिकोट गाउँपालिकामा परिवार योजना कार्यक्रमका सूचकहरूमा मिश्रित अवस्था देखिएको छ। परिवार योजना सेवाको नयाँ सेवाग्राही दर आर्थिक वर्ष २०७९/८० मा १३ प्रतिशत रहेकोमा २०८०/८१ मा १३.८ प्रतिशत पुगेको भए पनि २०८१/८२ मा घटेर १२ प्रतिशतमा पुगेको छ। कण्डम (CYP) २०७९/८० मा १०३.९८, २०८०/८१ मा ६३ र २०८१/८२ मा ८९.५ रहेको छ। यहाँ CYP (Couple Years of Protection) भन्नाले परिवार नियोजनका साधनको प्रयोगबाट एक दम्पतीलाई एक वर्षसम्म प्राप्त हुने गर्भनिरोधक सुरक्षाको मानकीकृत मापनलाई जनाउँछ। यस आधारमा हेर्दा २०७९/८० को तुलनामा २०८०/८१ मा कण्डममार्फत प्राप्त हुने गर्भनिरोधक सुरक्षा घटेको र २०८१/८२ मा पुनः केही सुधार भएको, तर प्रारम्भिक वर्षको स्तरमा पूर्ण रूपमा नपुगेको देखिन्छ। अस्थायी साधन प्रयोगकर्तातर्फ इम्प्लान्ट प्रयोगकर्ता सङ्ख्या तीनै वर्ष उच्च रहेको छ, जुन ३५५ बाट ३७१ हुँदै ३७९ पुगेको देखिन्छ। डिपो प्रयोगकर्ता सङ्ख्या ३२१, ३६९ र ३३८ रहेको छ भने पिल्स प्रयोगकर्ता १४७ बाट १६९ हुँदै ११२ मा झरेको छ। आई.यू.सी.डी. प्रयोगकर्ता सङ्ख्या निकै कम रही ७, ११ र ९ मा सीमित रहेको छ भने सायना प्रेसको प्रयोग तीनै वर्ष शून्य रहेको छ। जम्मा हाल प्रयोगकर्ता (अस्थायी साधन) सङ्ख्या ९३३.९८, ९८३ र ९२७.५ रहेको तथा स्थायी साधन प्रयोगकर्ता सङ्ख्या तीनै वर्ष शून्य रहेको तथ्यले गाउँपालिकामा परिवार योजना सेवा मुख्यतः अस्थायी साधनमा निर्भर रहेको देखाउँछ। त्यसैगरी परिवार नियोजन प्रयोगकर्ता दर (CPR) १७.८ प्रतिशतबाट २२.४ प्रतिशत पुगेपछि २०८१/८२ मा पुनः घटेर १७ प्रतिशतमा झरेको छ। समग्र रूपमा हेर्दा परिवार योजना सेवामा अस्थायी साधन, विशेषगरी इम्प्लान्ट र डिपोको प्रयोग बढी रहेको, कण्डममार्फत प्राप्त गर्भनिरोधक सुरक्षामा उतारचढाव रहेको तथा पछिल्लो वर्ष नयाँ सेवाग्राही दर र CPR मा केही गिरावट देखिएको अवस्था छ।

तालिका ६.१८ : समुदायस्तरीय कार्यक्रम

| प्रमूख सूचक | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. जम्मा महिला स्वास्थ्य स्वयंसेविका (FCHV) सङ्ख्या | ३८ | ३८ | ३८ |
| २. आमा समूहको बैठक सञ्चालन प्रतिशत (%) | ७८.५ | ८८ | ८२ |
| ३. प्रति स्वयंसेविका प्रति महिना औसत सेवाग्राही सङ्ख्या | १४.८ | १७.४ | १७.८ |
| ४. जम्मा गाउँघर क्लिनिक (PHC-ORC) सङ्ख्या | ० | ० | ० |
| ५. प्रति गाउँघर क्लिनिक औसत सेवाग्राही सङ्ख्या | ० | ० | ० |
| ६. जम्मा खोप क्लिनिक (EPI Clinic) सङ्ख्या | १३ | १३ | १३ |
| ७. प्रति खोप क्लिनिक औसत सेवाग्राही सङ्ख्या | २८.४ | २३.६ | २५.२ |
| ८. सरसफाइ सेसन सञ्चालन पटक | ५४ | ८५.३ | १३९ |

| | | | | |
|---|---|---|---|---|
| ९. | सरसफाइ सेसनमा सहभागीको कुल सङ्ख्या | १,३०७ | २,५७० | २,६३२ |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.१८ अनुसार बाँफिकोट गाउँपालिकामा समुदायस्तरीय स्वास्थ्य कार्यक्रमका सूचकहरूमा समग्र रूपमा मिश्रित तर केही क्षेत्रमा सुधारोन्मुख अवस्था देखिन्छ। महिला स्वास्थ्य स्वयंसेविका (FCHV) को सङ्ख्या तीनै आर्थिक वर्षमा ३८ नै स्थिर रहेको छ, जसले समुदायस्तरमा आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि स्वयंसेविका संरचना यथावत् रहेको देखाउँछ। आमा समूहको बैठक सञ्चालन प्रतिशत २०७९/८० मा ७८.५ प्रतिशत रहेकोमा २०८०/८१ मा ८८ प्रतिशत पुगेपछि २०८१/८२ मा केही घटेर ८२ प्रतिशतमा आएको छ। प्रति स्वयंसेविका प्रति महिना औसत सेवाग्राही सङ्ख्या १४.८ बाट १७.४ हुँदै १७.८ पुगेको देखिएकाले स्वयंसेविकामार्फत सेवा उपयोग क्रमशः बढेको बुझिन्छ। गाउँघर क्लिनिक (PHC-ORC) सङ्ख्या तीनै वर्ष शून्य रहेको र प्रति गाउँघर क्लिनिक औसत सेवाग्राही सङ्ख्या पनि शून्य रहेको छ। खोप क्लिनिक सङ्ख्या तीनै वर्ष १३ नै रहेको छ भने प्रति खोप क्लिनिक औसत सेवाग्राही सङ्ख्या २८.४ बाट २३.६ मा घटेर २०८१/८२ मा २५.२ पुगेको देखिन्छ। त्यसैगरी सरसफाइ सेसन सञ्चालन पटक ५४ बाट ८५.३ हुँदै १३९ पुगेको छ भने सरसफाइ सेसनमा सहभागीको कुल सङ्ख्या १,३०७ बाट २,५७० हुँदै २,६३२ पुगेको छ। समग्र रूपमा हेर्दा समुदायस्तरमा स्वयंसेविकामार्फत सेवा उपयोग, सरसफाइसम्बन्धी गतिविधि तथा जनसहभागिता बढ्दो क्रममा रहेको देखिए पनि गाउँघर क्लिनिक सञ्चालनमा नरहेको अवस्था समुदायस्तरीय सेवा विस्तारका दृष्टिले विचारणिय पक्षका रूपमा देखिन्छ।

तालिका ६.१९ : रोग नियन्त्रण कार्यक्रम

| **प्रमूख सूचक** | **आर्थिक वर्ष** | | |
|---|---|---|---|
| | **२०७९/८०** | **२०८०/८१** | **२०८१/८२** |
| १. **औलो (Malaria) नियन्त्रण कार्यक्रम** | | | |
| औलोको रक्त नमुना संकलन सङ्ख्या | ० | ० | ० |
| औलोको स्लाइड नमुना पोजेटिभ दर | ० | ० | ० |
| आयातित (Imported) औलोको सङ्ख्या | ० | ० | ० |
| स्थानीय (Local) औलोको सङ्ख्या | ० | ० | ० |
| जम्मा औलो पोजेटिभ सङ्ख्या | ० | ० | ० |
| जम्मा औलो उपचार सङ्ख्या | ० | ० | ० |
| २. **क्षयरोग (TB) नियन्त्रण कार्यक्रम** | | | |
| क्षयरोग केस नोटिफिकेसन दर (सबै प्रकार) | ९९ | १६४.२ | ११० |
| क्षयरोगी बिरामी पत्ता लागेको सङ्ख्या (सबै) | २१ | ३३ | २४ |
| क्षयरोगको उपचार सफलता दर (%) | ९१.३ | १०० | ९१ |
| ३. **कुष्ठरोग (Leprosy) नियन्त्रण कार्यक्रम** | | | |
| जम्मा नयाँ कुष्ठरोगी सङ्ख्या (MB र PB) | ० | ० | ० |
| कुष्ठरोगको प्रकोप दर (प्रति १०,००० मा) | ० | ० | ० |
| कुष्ठरोगको ग्रेड २ असमर्थता दर | ० | ० | ० |
| ४. **HIV/AIDS नियन्त्रण कार्यक्रम** | | | |
| आमाबाट बच्चामा हुने एच.आई.भी. संक्रमणको रोकथाम (PMTCT) जाँच गरेका गर्भवती महिला सङ्ख्या | ७५ | १६४ | ९४ |
| नयाँ एच.आई.भी. पोजेटिभ बिरामी सङ्ख्या | ० | ० | ० |
| ART उपचारमा रहेका जम्मा HIV पोजेटिभ सङ्ख्या | ० | ० | ० |
| क्षयरोगी बिरामी मध्ये HIV परीक्षण गरेको सङ्ख्या | ० | ० | ० |
| ५. **अन्य सरुवा रोगहरू** | | | |
| जम्मा डेंगु (Dengue) बिरामी सङ्ख्या | ० | ० | ० |
| जम्मा कालाजार (Kala-azar) बिरामी सङ्ख्या | ० | ० | ० |

| प्रमूख सूचक | आर्थिक वर्ष | | |
| --- | --- | --- | --- |
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कालाजार उपचार सङ्ख्या | ० | ० | ० |

*स्रोत : बाँफिकोट गाउँपालिका, स्वास्थ्य शाखा ।*

तालिका ६.१९ अनुसार बाँफिकोट गाउँपालिकामा रोग नियन्त्रण कार्यक्रमअन्तर्गत विभिन्न रोगहरूको अवस्था फरक-फरक देखिएको छ । औलो नियन्त्रण कार्यक्रमतर्फ तीनै आर्थिक वर्षमा रक्त नमुना संकलन, पोजेटिभ दर, आयातित तथा स्थानीय औलोको सङ्ख्या, जम्मा पोजेटिभ सङ्ख्या र उपचार सङ्ख्या सबै शून्य रहेको छ। यसले गाउँपालिकामा औलोको समस्या नदेखिएको अवस्था जनाउँछ। क्षयरोग नियन्त्रण कार्यक्रमतर्फ भने सक्रियता देखिन्छ । क्षयरोग केस नोटिफिकेसन दर २०७९/८० मा ९९, २०८०/८१ मा १६४.२ र २०८१/८२ मा ११० रहेको छ भने क्षयरोगी बिरामी पत्ता लागेको सङ्ख्या क्रमशः २१, ३३ र २४ रहेको छ। उपचार सफलता दर ९१.३ प्रतिशतबाट १०० प्रतिशत पुगेपछि २०८१/८२ मा ९१ प्रतिशत रहेको देखिन्छ, जसले क्षयरोग उपचारको अवस्था समग्र रूपमा सन्तोषजनक रहेको संकेत गर्दछ।

कुष्ठरोग नियन्त्रण कार्यक्रमतर्फ नयाँ कुष्ठरोगी सङ्ख्या, प्रकोप दर तथा ग्रेड २ असमर्थता दर तीनै वर्ष शून्य रहेको छ। HIV/AIDS नियन्त्रण कार्यक्रमतर्फ आमाबाट बच्चामा हुने एचआईभी संक्रमण रोकथाम (PMTCT) जाँच गरेका गर्भवती महिलाको सङ्ख्या ७५, १६४ र ९४ रहेको छ भने नयाँ एचआईभी पोजेटिभ बिरामी, ART उपचारमा रहेका बिरामी तथा क्षयरोगी बिरामीमध्ये HIV परीक्षण गरेको सङ्ख्या तीनै वर्ष शून्य रहेको छ। अन्य सरुवा रोगतर्फ डेंगु, कालाजार तथा कालाजार उपचार सङ्ख्या पनि शून्य रहेको देखिन्छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा औलो, कुष्ठरोग, एचआईभी, डेंगु र कालाजारजस्ता रोगको अवस्था न्यून वा शून्य रहेको छ भने क्षयरोग रोग नियन्त्रण कार्यक्रम भने तुलनात्मक रूपमा प्रमुख कार्यक्रमका रूपमा देखिएको छ।

# खण्ड ७: आर्थिक अवस्था, उत्पादक क्षेत्र, जीविकोपार्जन तथा गरिबी

यस खण्डमा गाउँपालिकाको आर्थिक अवस्था, उत्पादनमूलक क्षेत्र, जीविकोपार्जनका आधार तथा गरिबीसम्बन्धी समग्र विवरण प्रस्तुत गरिएको छ। स्थानीय अर्थतन्त्रको स्वरूप, रोजगारी तथा आयआर्जनका अवसर, व्यवसाय तथा उद्यमको अवस्था, कृषि तथा पशुपालनमा आधारित उत्पादन प्रणाली, वित्तीय पहुँच, खाद्य पर्याप्तता तथा गरिबीसम्बन्धी विषयवस्तु यस खण्डमा समावेश गरिएको छ । स्थानीय जनताको जीवनस्तर, आर्थिक क्रियाकलाप, उत्पादन क्षमता तथा आर्थिक जोखिमको अवस्था बुझ्न यस्ता विवरण आवश्यक पर्दछन् । प्रस्तुत तथ्याङ्कहरूले स्थानीय आर्थिक संरचना विश्लेषण गर्न, उत्पादनमूलक क्षेत्रको अवस्था पहिचान गर्न तथा आयआर्जन र गरिबी न्यूनीकरणसम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक आधार प्रदान गर्दछन्। यस खण्डमा समावेश गरिएका तथ्याङ्कहरूको मुख्य स्रोत राष्ट्रिय जनगणना, कृषि गणना तथा आर्थिक गणना रहेका छन्।

## ७.१ स्थानीय अर्थतन्त्र, व्यापारिक केन्द्र तथा वित्तीय पहुँच

यस उपखण्डमा गाउँपालिकाको स्थानीय अर्थतन्त्रको आधार, प्रमुख व्यापारिक केन्द्रहरू तथा वित्तीय पहुँचसम्बन्धी विवरण प्रस्तुत गरिएको छ। स्थानीय बजार तथा व्यापारिक गतिविधि आर्थिक चलायमानताको महत्वपूर्ण आधार हुने भएकाले मुख्य व्यापारिक केन्द्रहरूको अवस्था समेटिएको छ । साथै बैंक खाता भएका जनसङ्ख्या, वित्तीय ऋण भएका र नभएका परिवार तथा वित्तीय सेवामा पहुँचसम्बन्धी विवरण समावेश गरिएको छ । यस्ता तथ्याङ्कहरूले स्थानीय आर्थिक कारोबार, वित्तीय समावेशीकरणको अवस्था तथा परिवारहरूको औपचारिक वित्तीय प्रणालीसँगको पहुँच विश्लेषण गर्न आवश्यक आधार प्रदान गर्दछन्।

### बाँफिकोट गाउँपालिकामा रहेका मूख्य व्यापारिक केन्द्रहरू

बाँफिकोट गाउँपालिकामा विभिन्न वडामा फैलिएका व्यापारिक केन्द्रहरूले स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउने महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। गाउँपालिकाको प्रमुख व्यापारिक क्षेत्रअन्तर्गत वडा नं. ४ का छिनखेत, नेटा पोखरा र बाँफीकोट मुख्य बजार क्षेत्र रहेका छन्, जहाँ किनमेल, सेवा आदानप्रदान तथा दैनिक उपभोग्य वस्तुको कारोबार बढी हुने गरेको छ। त्यसैगरी वडा नं. २ का जिपु र कुनाखेत क्षेत्र, वडा नं. ३ को स्यार्पू दह क्षेत्र, वडा नं. ७ का माथि माग्मा र नदुवा क्षेत्र तथा वडा नं. १० का गाराघाट, गारावाङ र थाँटी क्षेत्र पनि स्थानीय व्यापारिक गतिविधिका दृष्टिले महत्वपूर्ण रहेका छन्। यसका साथै वडा नं. ६ का माग्माका अन्य टोल र बल्हन्ना मामा क्षेत्र तथा वडा नं. १ को लागिम क्षेत्रले समेत स्थानीय स्तरमा व्यापार तथा सेवा प्रवाहका केन्द्रका रूपमा भूमिका निर्वाह गरेका छन्। यी व्यापारिक केन्द्रहरूले गाउँपालिकाभित्र वस्तु तथा सेवाको आपूर्ति, स्थानीय उत्पादनको कारोबार, रोजगारी सिर्जना तथा जनजीवनका दैनिक आवश्यकताको परिपूर्तिमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्।

तालिका ७.१ : गाउँपालिकामा रहेका बैंक तथा वित्तीय संस्थासम्वन्धी  विवरण

| सि नं | बैक तथा वितीय संस्थाको नाम | प्रकार | ठेगाना |
|---|---|---|---|
| १ | लक्ष्मी सनराईज बैक | वाणिज्य बैक | बाँफिकोट ४ कोट |
| २ | प्रभु बैक | वाणिज्य बैक | बाँफिकोट ४ छिनखेत |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

तालिका ७.२ : बैक खाता भएका जनसङ्ख्या

| विवरण | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कुल जनसङ्ख्या | १०,८५९ | १०० | १०,१७४ | १०० | २१,०३३ | १०० |
| आफ्नै बैंक खाता भएका जनसङ्ख्या | १,६७८ | १५.५ | १,९३७ | १९.० | ३,६१५ | १७.२ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा.त.का. ।*

वि.स. २०७८ सालको जनगणनाको तथ्याङ्क अनुसार यस गाउँपालिकामा रहेका कुल जनसङ्ख्यामध्ये आफ्नै बैङ्क खाता भएका व्यक्तिहरूको सङ्ख्या ३,६१५ (१७.२ प्रतिशत) मात्र रहेको देखिन्छ। लिङ्गअनुसार विश्लेषण गर्दा महिला मध्ये १,६७८ (१५.५ प्रतिशत) र पुरुष मध्ये १,९३७ (१९.० प्रतिशत) ले मात्र आफ्नै बैङ्क खाता खोलेको अवस्था रहेको देखिन्छ। यस तथ्यांकले समग्र रूपमा बैङ्किङ पहुँच अझै सीमित रहेको संकेत गर्दछ। साथै, महिलाको तुलनामा पुरुषमा बैङ्क खाता खोल्ने दर बढी रहेको देखिन्छ, जसले वित्तीय पहुँचमा लैङ्गिक असमानता विद्यमान रहेको स्पष्ट पार्छ। त्यसैले, वित्तीय समावेशिता अभिवृद्धि गर्न विशेष गरी महिलामुखी कार्यक्रम, सचेतना अभियान तथा सहज पहुँच सुनिश्चित गर्ने नीतिगत पहल आवश्यक देखिन्छ।

तालिका ७.३ : वित्तीय ऋण भएका र नभएका परिवार सङ्ख्या

| विवरण | वित्तीय ऋण भएका परिवार (%) | वित्तीय ऋण नभएका परिवार (%) | कुल जम्मा |
|---|---|---|---|
| परिवार सङ्ख्या | **४,६०७** | **२१.४** | **७८.६** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा.त.का.।*

तालिका ७.३ अनुसार वित्तीय ऋण भएका र नभएका परिवारको अवस्था प्रस्तुत गरिएको छ। कुल परिवारमध्ये ४,६०७ परिवार ( २१.४ प्रतिशत ) ले वित्तीय ऋण लिएको देखिन्छ भने बाँकी ७८.६ प्रतिशत परिवारले कुनै वित्तीय ऋण लिएका छैनन्। यस तथ्याङ्कले अधिकांश परिवार ऋणमुक्त अवस्थामा रहेको संकेत गर्दछ भने करिब पाँचमध्ये एक परिवार वित्तीय ऋणमा निर्भर रहेको देखिन्छ। यस्तो अवस्था आयआर्जन, लगानी आवश्यकता तथा जीवनयापनका विविध पक्षसँग सम्बन्धित हुन सक्छ। त्यसैले वित्तीय पहुँच, ऋणको सदुपयोग तथा वित्तीय साक्षरताको प्रवर्द्धनमार्फत समग्र आर्थिक सुदृढीकरणमा ध्यान दिन आवश्यक देखिन्छ।

## ७.२ आर्थिक सक्रियता, रोजगारी तथा जीविकोपार्जनको अवस्था

यस उपखण्डमा आर्थिक रूपमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या, रोजगारी र बेरोजगारीको अवस्था तथा जीविकोपार्जनसँग सम्बन्धित प्रमुख विवरण प्रस्तुत गरिएको छ। जनगणनाको परिभाषा र मापदण्ड अनुसार १० वर्ष वा सोभन्दा माथिका जनसङ्ख्यालाई मात्र आर्थिक गतिविधिसँग सम्बन्धित विवरणहरू सोधिने हुनाले यहाँ १० वर्ष वा सोभन्दा माथिका जनसङ्ख्याको आर्थिक सक्रियता, पेशा, आर्थिक संलग्नताको क्षेत्र, रोजगारीको प्रकृति, घरायसी तथा गैरघरायसी क्षेत्रसँगको संलग्नता तथा आर्थिक रूपमा सक्रिय नहुनुका कारणहरू यस अन्तर्गत समावेश गरिएको छ। स्थानीय श्रमशक्तिको उपयोग, रोजगारीका अवसर तथा जीविकोपार्जनका आधारहरू बुझ्न यस्ता विवरण आवश्यक हुन्छन्। प्रस्तुत तथ्याङ्कहरूले गाउँपालिकाको श्रमबजार, आर्थिक संलग्नता तथा आजीविकाको अवस्थाबारे स्पष्ट चित्र प्रस्तुत गर्दछन्।

तालिका ७.४ : आर्थिक सक्रियता, रोजगारी तथा बेरोजगारी दर सम्बन्धी विवरण

| आर्थिक सक्रियता सम्बन्धी विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कुल श्रम शक्ति (Labor Force) | ३,७५४ | ४,२४१ | ७,९९५ |
| श्रम शक्ति सहभागिता दर (%) | ४३.७ | ५४.८ | ४८.० |
| आर्थिक सक्रियता दर (Economic Activity Rate) (%) | ८०.९ | ८३.० | ८१.९ |
| अक्सर आर्थिक सक्रियता दर (Usual Activity Rate) (%) | ४३.७ | ५४.८ | ४९.० |
| आर्थिक निष्क्रियता दर (Inactivity Rate) (%) | १८.७ | १६.७ | १७.७ |
| रोजगारीको दर (Employment Rate) (%) कुल श्रमशक्तिमा | ५१.६ | ६३.६ | ५७.३ |
| बेरोजगारीको दर (Unemployment Rate) (%) | ४.६ | ३.७ | ४.१ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा.त.का.।*

तालिका ७.४ मा आर्थिक सक्रियता, रोजगारी तथा बेरोजगारी दरसम्बन्धी विवरण महिला, पुरुष र जम्मा जनसङ्ख्याका आधारमा प्रस्तुत गरिएको छ। तालिकाअनुसार कुल श्रमशक्ति ७,९९५ रहेको छ, जसमा महिला ३,७५४ र पुरुष ४,२४१ रहेका छन्। श्रमशक्ति सहभागिता दर कुलमा ४८.० प्रतिशत रहेको छ भने महिलामा ४३.७ प्रतिशत र पुरुषमा ५४.८ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी आर्थिक सक्रियता

दर कुलमा ८१.९ प्रतिशत रहेको छ, जसमा महिलाको ८०.९ प्रतिशत र पुरुषको ८३.० प्रतिशत रहेको छ। अक्सर आर्थिक सक्रियता दर कुलमा ४९.० प्रतिशत, महिलामा ४३.७ प्रतिशत र पुरुषमा ५४.८ प्रतिशत रहेको छ। आर्थिक निष्क्रियता दर भने कुलमा १७.७ प्रतिशत, महिलामा १८.७ प्रतिशत र पुरुषमा १६.७ प्रतिशत रहेको देखिन्छ। यी तथ्याङ्कले पुरुषको श्रम बजारमा सहभागिता तथा आर्थिक सक्रियता महिलाको तुलनामा केही बढी रहेको संकेत गर्दछन्।

रोजगारीको दर ( Employment Rate ) भन्नाले कुल श्रमशक्तिमध्ये कति प्रतिशत व्यक्ति वास्तवमा कुनै न कुनै आयमूलक कार्यमा संलग्न छन् भन्ने जनाउँछ भने बेरोजगारीको दर ( Unemployment Rate ) भन्नाले श्रमशक्तिमा रहेका तर काम गर्न इच्छुक र सक्षम हुँदाहुँदै पनि रोजगारी प्राप्त गर्न नसकेका व्यक्तिहरूको प्रतिशतलाई जनाउँछ। प्रस्तुत तालिकाअनुसार कुल श्रमशक्तिमा रोजगारीको दर ५७.३ प्रतिशत रहेको छ, जसमा पुरुषमा ६३.६ प्रतिशत र महिलामा ५१.६ प्रतिशत रहेको देखिन्छ। यसैगरी बेरोजगारीको दर कुलमा ४.१ प्रतिशत रहेको छ, जसमा महिलामा ४.६ प्रतिशत र पुरुषमा ३.७ प्रतिशत रहेको पाइन्छ। यसले पुरुषको तुलनामा महिलामा बेरोजगारीको समस्या केही बढी रहेको देखाउँछ। समग्र रूपमा हेर्दा श्रमशक्ति सहभागिता, आर्थिक सक्रियता र रोजगारीका सूचकहरूमा लैङ्गिक अन्तर विद्यमान रहेको पाइएकाले महिलाको श्रम बजार पहुँच, सीप विकास र आयआर्जनका अवसर विस्तार गर्न लक्षित कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ।

तालिका ७.५ : आर्थिक सक्रियता सम्बन्धी विवरण (१० वर्ष र सो भन्दा माथिका जनसङ्ख्याको)

| **आर्थिक सक्रियता सम्बन्धी विवरण** | **महिला** | | **पुरुष** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| १० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या | **८,५८९** | **१००** | **७,७४१** | **१००** | **१६,३३०** | **१००** |
| आर्थिक क्रियाकलापमा सक्रिय रहेका जनसङ्ख्या | ६,९४८ | ८०.९ | ६,४२१ | ८२.९ | १३,३६९ | ८१.९ |
| आर्थिक क्रियाकलापमा निष्क्रिय रहेका जनसङ्ख्या | १,६०३ | १८.७ | १,२८९ | १६.७ | २,८९२ | १७.७ |
| आर्थिक सक्रियता सम्बन्धी अवस्था नखुलेको | ३८ | ०.४ | ३१ | ०.४ | ६९ | ०.४ |
| **सक्रिय जनसङ्ख्या** | | | | | | |
| अक्सर सक्रिय | ३,७५४ | ५४.० | ४,२४१ | ६६.० | ७,९९५ | ५९.८ |
| कहिलेकाँहि मात्र सक्रिय | ३,१९४ | ४६.० | २,१८० | ३४.० | ५,३७४ | ४०.२ |
| **उमेर समूह** | | | | | | |
| १०-१९ वर्ष | १,६५५ | २३.८ | १,५८६ | २४.७ | ३,२४१ | २४.२ |
| २०-५९ वर्ष | ४,७८७ | ६८.९ | ४,२९५ | ६६.९ | ९,०८२ | ६७.९ |
| ६०+ वर्ष | ५०६ | ७.३ | ५४० | ८.४ | १,०४६ | ७.८ |
| **शैक्षिक अवस्था** | | | | | | |
| साक्षर | ४,३८९ | ६३.२ | ५,१७३ | ८०.६ | ९,५६२ | ७१.६ |
| असाक्षर | २,५५७ | ३६.८ | १,२४५ | १९.४ | ३,८०२ | २८.४ |
| **निष्क्रिय जनसङ्ख्या** | | | | | | |
| **उमेर समूह** | | | | | | |
| १०-१९ वर्ष | ९०० | ५६.१ | ८५२ | ६६.१ | १,७५२ | ६०.६ |
| २०-५९ वर्ष | ३६८ | २३.० | १७३ | १३.४ | ५४१ | १८.७ |
| ६०+ वर्ष | ३३५ | २०.९ | २६४ | २०.५ | ५९९ | २०.७ |
| **शैक्षिक अवस्था** | | | | | | |
| साक्षर | १,१३२ | ७०.६ | १,०१५ | ६८.३ | २,१४७ | ६९.५ |
| असाक्षर | ४७१ | २९.४ | ४७१ | ३१.७ | ९४२ | ३०.५ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा.त.का.।*

तालिका ७.५ मा १० वर्ष वा सोभन्दा माथिका जनसङ्ख्याको आर्थिक सक्रियतासम्बन्धी अवस्था महिला, पुरुष र जम्मा आधारमा प्रस्तुत गरिएको छ। तालिकाअनुसार १० वर्ष वा सोभन्दा माथिको कुल जनसङ्ख्या १६,३३० रहेको छ, जसमा महिला ८,५८९ र पुरुष ७,७४१

रहेका छन् । यसमध्ये आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या १३,३६९ अर्थात् ८१.९ प्रतिशत रहेको देखिन्छ, जसमा महिलाको सक्रियता ८०.९ प्रतिशत र पुरुषको ८२.९ प्रतिशत रहेको छ । त्यसैगरी आर्थिक क्रियाकलापमा निष्क्रिय जनसङ्ख्या २,८९२ अर्थात् १७.७ प्रतिशत रहेको छ, जसमा महिलाको निष्क्रियता दर १८.७ प्रतिशत र पुरुषको १६.७ प्रतिशत रहेको पाइन्छ । आर्थिक सक्रियता सम्बन्धी अवस्था नखुलेको जनसङ्ख्या भने कुल ६९ अर्थात् ०.४ प्रतिशत मात्र रहेको देखिन्छ । यसले समग्र रूपमा १० वर्ष वा सोभन्दा माथिको अधिकांश जनसङ्ख्या कुनै न कुनै आर्थिक क्रियाकलापमा संलग्न रहेको संकेत गर्दछ, तर महिलाको तुलनामा पुरुष केही बढी सक्रिय रहेको देखिन्छ ।

सक्रिय जनसङ्ख्याको प्रकृति हेर्दा कुल सक्रिय जनसङ्ख्यामध्ये ७,९९५ अर्थात् ५९.८ प्रतिशत अक्सर सक्रिय र ५,३७४ अर्थात् ४०.२ प्रतिशत कहिलेकाँही मात्र सक्रिय रहेका छन् । अक्सर सक्रिय जनसङ्ख्यामा पुरुषको अनुपात ६६.० प्रतिशत रहेको छ भने महिलाको ५४.० प्रतिशत रहेको पाइन्छ, जसले पुरुषको नियमित आर्थिक संलग्नता बढी रहेको देखाउँछ । उमेर समूहअनुसार सक्रिय जनसङ्ख्यामध्ये २०-५९ वर्ष समूहको हिस्सा सबैभन्दा बढी ६७.९ प्रतिशत रहेको छ, जबकि १०-१९ वर्ष समूह २४.२ प्रतिशत र ६० वर्ष वा सोभन्दा माथिको समूह ७.८ प्रतिशत रहेको छ । शैक्षिक अवस्थाअनुसार सक्रिय जनसङ्ख्यामध्ये ७१.६ प्रतिशत साक्षर र २८.४ प्रतिशत असाक्षर रहेका छन्, जसले साक्षरतासँग आर्थिक सक्रियताको सकारात्मक सम्बन्ध रहेको संकेत गर्दछ ।

निष्क्रिय जनसङ्ख्याको संरचना हेर्दा कुल निष्क्रिय जनसङ्ख्यामध्ये १०-१९ वर्ष उमेर समूहको हिस्सा सबैभन्दा बढी ६०.६ प्रतिशत रहेको छ, जसले अध्ययनरत वा श्रम बजारमा प्रवेश नगरेका किशोर-किशोरीहरूको सङ्ख्या उल्लेख्य रहेको देखाउँछ । त्यस्तै २०-५९ वर्ष उमेर समूह १८.७ प्रतिशत र ६० वर्ष वा सोभन्दा माथिको समूह २०.७ प्रतिशत रहेको छ । शैक्षिक अवस्थाअनुसार निष्क्रिय जनसङ्ख्यामध्ये ६९.५ प्रतिशत साक्षर र ३०.५ प्रतिशत असाक्षर रहेका छन् । समग्र रूपमा हेर्दा आर्थिक रूपमा सक्रिय जनसङ्ख्यामा कार्यशील उमेर समूहको प्रमुख उपस्थिति रहेको छ भने निष्क्रिय जनसङ्ख्यामा कम उमेर समूहको बाहुल्यता देखिन्छ । यस तथ्यले शिक्षासँगै रोजगारी, सीप विकास तथा विशेषतः महिलामुखी आर्थिक सहभागिता अभिवृद्धि गर्ने कार्यक्रम आवश्यक रहेको स्पष्ट पार्दछ ।

**तालिका ७.६ : आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको पेशा सम्बन्धी विवरण**

| पेशा | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सैनिक अधिकारी (सेना, प्रहरी आदि) | ३ | ०.० | १२ | ०.२ | १५ | ०.१ |
| व्यवस्थापक | ११९ | १.७ | १५४ | २.४ | २७३ | २.१ |
| पेशागत विज्ञ (डाक्टर, इन्जिनियर, शिक्षक आदि) | ११६ | १.७ | २७५ | ४.३ | ३९१ | ३.० |
| प्राविधिक तथा सहायक कर्मचारी (नर्स, जेटिए आदि) | २७ | ०.४ | ४४ | ०.७ | ७१ | ०.५ |
| कार्यालयका प्रशासनिक सहयोगीहरू | १९ | ०.३ | ३३ | ०.५ | ५२ | ४.० |
| पसल, होटल तथा सेवा क्षेत्रका कामदार | १११ | १.६ | १३८ | २.२ | २४९ | १.९ |
| खेतीपाती, पशुपालन र वन सम्बन्धी कामदार | ४,७१४ | ६८.८ | ४,१२९ | ६४.८ | ८,८४३ | ६६.९ |
| सीपमूलक कामदार (डकर्मी, सिकर्मी, सिलाई आदि) | ७८ | १.१ | ३०१ | ४.७ | ३७९ | २.९ |
| चालक तथा मेसिन चलाउने अपरेटरहरू | ० | ०.० | ६३ | १.० | ६३ | ०.५ |
| साधारण शारीरिक श्रम (भरिया वा ज्यालादारी कामदार) | १,६५९ | २४.२ | १,२१८ | १९.१ | २,८७७ | २१.८ |
| पेशा नखुलेको | ८ | ०.१ | ४ | ०.१ | १२ | ०.१ |
| कुल जम्मा | **६,८५४** | **१००** | **६,३७१** | **१००** | **१३,२२५** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा.त.का. ।*

तालिका ७.६ मा आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको पेशागत अवस्था महिला, पुरुष र जम्मा आधारमा प्रस्तुत गरिएको छ । तालिकाअनुसार कुल १३,२२५ आर्थिक रूपमा सक्रिय जनसङ्ख्यामध्ये महिला ६,८५४ र पुरुष ६,३७१ रहेका छन् । पेशागत संरचनालाई हेर्दा खेतीपाती, पशुपालन र वनसम्बन्धी कामदारको सङ्ख्या सबैभन्दा बढी ८,८४३ अर्थात् ६६.९ प्रतिशत रहेको छ, जसमा महिला ४,७१४ र पुरुष ४,१२९ रहेका छन् । यसले स्थानीय अर्थतन्त्रको मुख्य आधार कृषि तथा वनमा आधारित क्रियाकलाप

नै रहेको स्पष्ट पार्दछ। त्यसपछि साधारण शारीरिक श्रममा संलग्न जनसङ्ख्या २,८७७ अर्थात् २१.८ प्रतिशत रहेको देखिन्छ, जसमा महिला १,६५९ र पुरुष १,२१८ रहेका छन्। यसबाट आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको ठूलो हिस्सा अझै पनि परम्परागत तथा श्रमप्रधान पेशामा केन्द्रित रहेको बुझिन्छ।

अन्य पेशागत समूहहरूको अवस्था हेर्दा व्यवस्थापक २७३ ( २.१ प्रतिशत ), पेशागत विज्ञ ३९१ ( ३.० प्रतिशत ), पसल, होटल तथा सेवा क्षेत्रका कामदार २४९ ( १.९ प्रतिशत ) तथा सीपमूलक कामदार ३७९ ( २.९ प्रतिशत ) रहेका छन्। यी पेशामा पुरुषको सहभागिता महिलाको तुलनामा बढी देखिन्छ, विशेषतः पेशागत विज्ञ, सीपमूलक कामदार, चालक तथा मेसिन चलाउने अपरेटर र सैनिक अधिकारी समूहमा पुरुषको उपस्थिति उल्लेखनीय छ। अर्कोतर्फ, महिलाको सहभागिता विशेष गरी खेतीपाती, पशुपालन, वनसम्बन्धी काम तथा साधारण शारीरिक श्रममा बढी केन्द्रित रहेको देखिन्छ। समग्र रूपमा हेर्दा पेशागत संरचना अझै आधुनिक, प्राविधिक र उच्च सीपयुक्त क्षेत्रतर्फ पर्याप्त रूपमा रूपान्तरण हुन नसकेको देखिन्छ। त्यसैले कृषि क्षेत्रको उत्पादकत्व वृद्धि, सीपमूलक तालिम विस्तार, सेवा तथा प्राविधिक क्षेत्रमा रोजगारी सिर्जना, र महिलालाई विविध पेशागत क्षेत्रमा पहुँच विस्तार गर्ने कार्यक्रम आवश्यक देखिन्छ।

**तालिका ७.७ : आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको आर्थिक संलग्नताको क्षेत्र**

| क्षेत्र | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कृषि, पशुपालन र वन क्षेत्र | ५,६५९ | ८२.६ | ४,७९३ | ७५.२ | १०,४५२ | ७९.० |
| खानी तथा उत्खनन | २७ | ०.४ | २० | ०.३ | ४७ | ०.४ |
| औद्योगिक उत्पादन | ७६ | १.१ | १०१ | १.६ | १७७ | १.३ |
| विद्युत, ग्यास र ऊर्जा सेवा | २ | ०.० | १६ | ०.३ | १८ | ०.१ |
| खानेपानी, ढल र फोहोर व्यवस्थापन | ३ | ०.० | ५ | ०.१ | ८ | ०.१ |
| घर, बाटो तथा पुल निर्माण | ८९ | १.३ | ३५७ | ५.६ | ४४६ | ३.४ |
| थोक तथा खुद्रा व्यापार र मर्मत | ३६२ | ५.३ | २९९ | ४.७ | ६६१ | ५.० |
| यातायात र सामान ढुवानी | ० | ०.० | ३९ | ०.६ | ३९ | ०.३ |
| होटल, खाजा/खाना तथा बसोबास सेवा | २१ | ०.३ | ३३ | ०.५ | ५४ | ०.४ |
| सूचना र सञ्चार | ५ | ०.१ | १० | ०.२ | १५ | ०.१ |
| बैंक, वित्तीय संस्था तथा बीमा | ६ | ०.१ | १९ | ०.३ | २५ | ०.२ |
| घरजग्गा खरिद-बिक्री व्यवसाय | २ | ०.० | २ | ०.० | ४ | ०.० |
| पेशागत, बैज्ञानिक तथा प्राविधिक सेवा | ४ | ०.१ | १८ | ०.३ | २२ | ०.२ |
| प्रशासनिक तथा सहयोगी सेवा | १ | ०.० | ४ | ०.१ | ५ | ०.० |
| सरकारी सेवा तथा सुरक्षा (सेना, प्रहरी) | २१ | ०.३ | ८५ | १.३ | १०६ | ०.८ |
| शिक्षा (विद्यालय तथा कलेज) | १०६ | १.५ | २६२ | ४.१ | ३६८ | २.८ |
| स्वास्थ्य र सामाजिक सेवा | ४६ | ०.७ | ३८ | ०.६ | ८४ | ०.६ |
| कला, मनोरञ्जन र खेलकुद | ० | ०.० | ३ | ०.० | ३ | ०.० |
| अन्य सेवामूलक कामहरू | ७५ | १.१ | ६५ | १.० | १४० | १.१ |
| घरायसी काम (कामदारका रूपमा) | ३४१ | ५.० | १९९ | ३.१ | ५४० | ४.१ |
| विदेशी नियोग वा कूटनीतिक निकाय | २ | ०.० | १ | ०.० | ३ | ०.० |
| क्षेत्र नखुलेको | ६ | ०.१ | २ | ०.० | ८ | ०.१ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा.त.का.।*

तालिका ७.७ अनुसार कुल १३,२२५ आर्थिक रूपमा सक्रिय जनसङ्ख्यामध्ये सबैभन्दा ठूलो हिस्सा कृषि, पशुपालन र वन क्षेत्रमा संलग्न रहेको देखिन्छ। यस क्षेत्रमा १०,४५२ जना अर्थात् ७९.० प्रतिशत जनसङ्ख्या आबद्ध रहेका छन्, जसमा महिला ५,६५९ ( ८२.६ प्रतिशत ) र पुरुष ४,७९३ ( ७५.२ प्रतिशत ) रहेका छन्। यसले स्थानीय अर्थतन्त्रको प्रमुख आधार कृषि तथा प्राकृतिक स्रोतमा

आधारित पेशा र उत्पादन प्रणाली नै रहेको स्पष्ट पार्दछ। त्यसपछि थोक तथा खुद्रा व्यापार र मर्मत क्षेत्रमा ६६१ जना ( ५.० प्रतिशत ), घरायसी काममा ५४० जना ( ४.१ प्रतिशत ) तथा घर, बाटो तथा पुल निर्माण क्षेत्रमा ४४६ जना ( ३.४ प्रतिशत ) संलग्न रहेका छन्। शिक्षा क्षेत्रमा ३६८ जना ( २.८ प्रतिशत ) तथा औद्योगिक उत्पादन क्षेत्रमा १७७ जना ( १.३ प्रतिशत ) आबद्ध रहेको तथ्यले गैरकृषि क्षेत्रको उपस्थिति रहे पनि यसको हिस्सा तुलनात्मक रूपमा न्यून रहेको देखाउँछ।

लैङ्गिक आधारमा हेर्दा महिलाको संलग्नता विशेषगरी कृषि, पशुपालन र वन, थोक तथा खुद्रा व्यापार, घरायसी काम तथा स्वास्थ्य र सामाजिक सेवाजस्ता क्षेत्रमा उल्लेखनीय रहेको छ। पुरुषको संलग्नता भने निर्माण, शिक्षा, सरकारी सेवा तथा सुरक्षा, औद्योगिक उत्पादन, यातायात तथा बैंक-वित्तीय क्षेत्रजस्ता क्षेत्रमा तुलनात्मक रूपमा बढी रहेको देखिन्छ। उदाहरणका रूपमा घर, बाटो तथा पुल निर्माण क्षेत्रमा पुरुष ३५७ जना ( ५.६ प्रतिशत ) रहेका छन् भने महिला ८९ जना ( १.३ प्रतिशत ) मात्र रहेका छन्। त्यसैगरी सरकारी सेवा तथा सुरक्षामा पुरुष ८५ जना ( १.३ प्रतिशत ) र महिला २१ जना ( ०.३ प्रतिशत ) रहेका छन्। समग्र रूपमा हेर्दा आर्थिक संलग्नताको संरचना अझै कृषि प्रधान रहेको, आधुनिक, प्राविधिक तथा संस्थागत सेवा क्षेत्रको विस्तार सीमित रहेको, र विभिन्न क्षेत्रमा लैङ्गिक विभाजन स्पष्ट देखिएको पाइन्छ। त्यसैले कृषि क्षेत्रको आधुनिकीकरण, गैरकृषि क्षेत्रमा रोजगारी विस्तार, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा महिलालाई विविध आर्थिक क्षेत्रमा पहुँच विस्तार गर्ने नीतिगत तथा कार्यक्रमगत पहल आवश्यक देखिन्छ।

**तालिका ७.८ : आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको रोजगारीको अवस्था**

| रोजगारीको अवस्था | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| अरूको काम गर्ने (तलब वा ज्याला पाउने जागिरे) | ३९२ | ५.७२ | १,०१७ | १५.९६ | १,४०९ | १०.६५ |
| रोजगारदाता (अरूलाई काम दिने) | १३ | ०.१९ | ३३ | ०.५२ | ४६ | ०.३५ |
| स्वरोजगार (आफ्नै काम वा खेतीपाती गर्ने) | ३,४७४ | ५०.६९ | ३,३२६ | ५२.२१ | ६,८०० | ५१.४२ |
| पारिवारिक सहयोगी (घरको काममा सघाउने) | २,९६६ | ४३.२७ | १,९९१ | ३१.२५ | ४,९५७ | ३७.४८ |
| उल्लेख नगरिएको | ९ | ०.१३ | ४ | ०.०६ | १३ | ०.१० |
| कुल जम्मा | ६,८५४ | १०० | ६,३७१ | १०० | १३,२२५ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा.त.का.।*

तालिका ७.८ मा आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको रोजगारीको अवस्था महिला, पुरुष र जम्मा आधारमा प्रस्तुत गरिएको छ। तालिकाअनुसार कुल १३,२२५ आर्थिक रूपमा सक्रिय जनसङ्ख्यामध्ये सबैभन्दा ठूलो हिस्सा स्वरोजगारमा संलग्न रहेको देखिन्छ। स्वरोजगारमा रहेका व्यक्तिको सङ्ख्या ६,८०० अर्थात् ५१.४२ प्रतिशत रहेको छ, जसमा महिला ३,४७४ ( ५०.६९ प्रतिशत ) र पुरुष ३,३२६ ( ५२.२१ प्रतिशत ) रहेका छन्। यसले स्थानीय जनसङ्ख्याको ठूलो भाग आफ्नै काम, खेतीपाती वा साना स्तरका आयमूलक क्रियाकलापमा निर्भर रहेको स्पष्ट पार्दछ। त्यसपछि पारिवारिक सहयोगीको सङ्ख्या ४,९५७ अर्थात् ३७.४८ प्रतिशत रहेको छ, जसमा महिला २,९६६ ( ४३.२७ प्रतिशत ) र पुरुष १,९९१ ( ३१.२५ प्रतिशत ) रहेका छन्। यसबाट महिलाको उल्लेख्य हिस्सा पारिवारिक काममा सहयोगी भूमिकामा रहेको देखिन्छ।

त्यसैगरी अरूको काम गर्ने, अर्थात् तलब वा ज्याला पाउने जागिरेको सङ्ख्या १,४०९ अर्थात् १०.६५ प्रतिशत रहेको छ, जसमा पुरुष १,०१७ ( १५.९६ प्रतिशत ) र महिला ३९२ ( ५.७२ प्रतिशत ) रहेका छन्। रोजगारदाताको सङ्ख्या भने अत्यन्त न्यून, जम्मा ४६ अर्थात् ०.३५ प्रतिशत मात्र रहेको पाइन्छ, जसमा महिला १३ ( ०.१९ प्रतिशत ) र पुरुष ३३ ( ०.५२ प्रतिशत ) रहेका छन्। यसले औपचारिक रोजगारी तथा उद्यमशीलताको विस्तार अझै सीमित रहेको संकेत गर्दछ। समग्र रूपमा हेर्दा आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको रोजगारी संरचना मुख्यतः स्वरोजगार र पारिवारिक श्रममा आधारित रहेको, तलबयुक्त जागिरको हिस्सा सीमित रहेको, तथा लैङ्गिक हिसाबले पुरुष औपचारिक जागिरमा बढी र महिला पारिवारिक सहयोगी भूमिकामा बढी केन्द्रित रहेको देखिन्छ। त्यसैले उद्यमशीलता विकास, तलबयुक्त रोजगारी विस्तार, महिला आर्थिक सशक्तीकरण तथा उत्पादनमूलक रोजगारीका अवसर सिर्जना गर्ने नीति तथा कार्यक्रम आवश्यक देखिन्छ।

तालिका ७.९ : घरायसी र गैरघरायसी क्षेत्र अनुसार आर्थिक सक्रियता विवरण

| रोजगारीको अवस्था | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| घरायसी क्षेत्र | ६,०५४ | ८८.३ | ५,१६८ | ८१.१ | ११,२२२ | ८४.९ |
| गैर घरायसी क्षेत्र | ७९२ | ११.६ | १,२०० | १८.८ | १,९९२ | १५.१ |
| सरकारी क्षेत्र | १२१ | १.८ | ३०१ | ४.७ | ४२२ | ३.२ |
| बैंक तथा वित्तीय क्षेत्र | ६ | ०.१ | १९ | ०.३ | २५ | ०.२ |
| निजी कम्पनी तथा कलकारखाना | ६५२ | ९.५ | ८५८ | १३.५ | १,५१० | ११.४ |
| सामाजिक संस्था (NGO, क्लब वा सहकारी) | १३ | ०.२ | २२ | ०.३ | ३५ | ०.३ |
| नखुलेको | ८ | ०.१ | ३ | ०.० | ११ | ०.१ |
| **कुल जम्मा** | **६,८५४** | **१००.०** | **६,३७१** | **१००.०** | **१३,२२५** | **१००.०** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा.त.का. ।*

तालिका ७.९ मा आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको घरायसी र गैरघरायसी क्षेत्रअनुसारको विवरण महिला, पुरुष र जम्मा आधारमा प्रस्तुत गरिएको छ । तालिकाअनुसार कुल १३,२२५ आर्थिक रूपमा सक्रिय जनसङ्ख्यामध्ये ११,२२२ जना अर्थात् ८४.९ प्रतिशत घरायसी क्षेत्रमा संलग्न रहेका छन् । यसमध्ये महिला ६,०५४ ( ८८.३ प्रतिशत ) र पुरुष ५,१६८ ( ८१.१ प्रतिशत ) रहेका छन् । यसले आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको ठूलो हिस्सा घरपरिवारमा आधारित उत्पादन, खेतीपाती, पारिवारिक व्यवसाय तथा घरायसी प्रकृतिका काममा संलग्न रहेको स्पष्ट पार्दछ । विशेषतः महिलाको संलग्नता घरायसी क्षेत्रमा पुरुषको तुलनामा बढी रहेको देखिन्छ ।

त्यसैगरी गैरघरायसी क्षेत्रमा संलग्न जनसङ्ख्या १,९९२ जना अर्थात् १५.१ प्रतिशत रहेको छ, जसमा महिला ७९२ ( ११.६ प्रतिशत ) र पुरुष १,२०० ( १८.८ प्रतिशत ) रहेका छन् । गैरघरायसी क्षेत्रभित्र निजी कम्पनी तथा कलकारखानामा १,५१० जना ( ११.४ प्रतिशत ) को संलग्नता रहेको छ, जुन गैरघरायसी क्षेत्रअन्तर्गत सबैभन्दा ठूलो हिस्सा हो । सरकारी क्षेत्रमा ४२२ जना ( ३.२ प्रतिशत ), बैंक तथा वित्तीय क्षेत्रमा २५ जना ( ०.२ प्रतिशत ) तथा सामाजिक संस्था जस्तै NGO, क्लब वा सहकारीमा ३५ जना ( ०.३ प्रतिशत ) संलग्न रहेका छन् । यी सबै क्षेत्रमा पुरुषको सहभागिता महिलाको तुलनामा बढी देखिन्छ । समग्र रूपमा हेर्दा स्थानीय अर्थतन्त्रमा घरायसी क्षेत्रको प्रधानता रहेको, गैरघरायसी तथा औपचारिक क्षेत्रको विस्तार सीमित रहेको, र आर्थिक गतिविधिमा लैङ्गिक विभाजन पनि स्पष्ट देखिएको पाइन्छ । त्यसैले गैरघरायसी तथा संस्थागत क्षेत्रमा रोजगारीका अवसर विस्तार, महिलाको औपचारिक क्षेत्रमा पहुँच अभिवृद्धि, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

तालिका ७.१० : आर्थिक रूपमा निष्क्रिय वा आंशिक रूपमा सक्रिय जनसङ्ख्या आर्थिक काममा सक्रिय नहुनुका मुख्य कारणहरू

| रोजगारीको अवस्था | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| विद्यार्थी (पढ्दै गरेको) | २,२१० | ३६.८ | २,१४९ | ५०.८ | ४,३५९ | ४२.६ |
| घरायसी कामकाज | २,१२० | ३५.३ | ६७९ | १६.१ | २,७९९ | २७.३ |
| परिवारको स्याहार-सुसार (बच्चा वा बिरामी हेर्ने) | ५५२ | ९.२ | ३६२ | ८.६ | ९१४ | ८.९ |
| बुढ्यौली | ४०५ | ६.७ | ३०४ | ७.२ | ७०९ | ६.९ |
| अपाङ्गता वा बिरामी (असक्त) भएकाले | ९५ | १.६ | ११५ | २.७ | २१० | २.१ |
| पेन्सन वा आफ्नै आयस्ता भएको | १७ | ०.३ | २२ | ०.५ | ३९ | ०.४ |
| सामाजिक सेवा वा स्वयंसेवक | ७ | ०.१ | १७ | ०.४ | २४ | ०.२ |
| अन्य कारणहरू | ५६७ | ९.४ | ५४९ | १३.० | १,११६ | १०.९ |
| उल्लेख नगरिएको | ३६ | ०.६ | ३१ | ०.७ | ६७ | ०.७ |
| **कुल जम्मा** | **६,००९** | **१००** | **४,२२८** | **१००** | **१०,२३७** | **१००** |

*स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, रा.त.का. ।*

तालिका ७.१० मा आर्थिक रूपमा निष्क्रिय वा आंशिक रूपमा सक्रिय जनसङ्ख्या आर्थिक काममा सक्रिय नहुनुका मुख्य कारणहरू महिला, पुरुष र जम्मा आधारमा प्रस्तुत गरिएको छ। तालिकाअनुसार कुल १०,२३७ जनामध्ये आर्थिक काममा सक्रिय नहुनुको सबैभन्दा प्रमुख कारण विद्यार्थी अवस्था रहेको देखिन्छ। यस श्रेणीमा ४,३५९ जना अर्थात् ४२.६ प्रतिशत रहेका छन्, जसमा महिला २,२१० ( ३६.८ प्रतिशत ) र पुरुष २,१४९ ( ५०.८ प्रतिशत ) छन्। दोस्रो प्रमुख कारण घरायसी कामकाज रहेको छ, जसमा २,७९९ जना अर्थात् २७.३ प्रतिशत रहेका छन्। यस कारणले आर्थिक काममा सक्रिय नभएका महिलाको सङ्ख्या २,१२० ( ३५.३ प्रतिशत ) रहेको छ, जुन पुरुष ६७९ ( १६.१ प्रतिशत ) को तुलनामा धेरै बढी हो। यसबाट महिलाहरू घरभित्रका जिम्मेवारीका कारण आर्थिक गतिविधिबाट बाहिर रहने अवस्था बढी रहेको स्पष्ट हुन्छ।

त्यसैगरी परिवारको स्याहार-सुसार, जस्तै बच्चा वा बिरामीको हेरचाह, का कारण ९१४ जना ( ८.९ प्रतिशत ) आर्थिक रूपमा सक्रिय नरहेको देखिन्छ, जसमा महिला ५५२ ( ९.२ प्रतिशत ) र पुरुष ३६२ ( ८.६ प्रतिशत ) रहेका छन्। बुढ्यौलीका कारण ७०९ जना ( ६.९ प्रतिशत ) र अपाङ्गता वा बिरामी भएकाले २१० जना ( २.१ प्रतिशत ) आर्थिक काममा संलग्न हुन नसकेको पाइन्छ। अन्य कारणहरू अन्तर्गत १,११६ जना ( १०.९ प्रतिशत ) रहेका छन्, जसमा पुरुष १३.० प्रतिशत र महिला ९.४ प्रतिशत रहेका छन्। समग्र रूपमा हेर्दा आर्थिक रूपमा निष्क्रिय वा आंशिक रूपमा सक्रिय रहने मुख्य कारणमा अध्ययन, घरायसी कामकाज, स्याहार-सुसार र बुढ्यौली प्रमुख रूपमा देखिन्छन्। विशेषतः महिलामा घरायसी कामकाज र स्याहार-सुसारको जिम्मेवारी बढी भएकाले आर्थिक गतिविधिमा उनीहरूको सहभागिता सीमित भएको देखिन्छ। त्यसैले शिक्षाबाट श्रम बजारमा रूपान्तरण, घरायसी जिम्मेवारीको साझेदारी, स्याहार सेवा विस्तार तथा महिलामुखी रोजगारी कार्यक्रममार्फत आर्थिक सहभागिता बढाउन आवश्यक देखिन्छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा लेख्ने

**तालिका ७.११ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगारको सूचिमा सुचिकृत ब्यक्ति र रोजगारी प्राप्त गर्नेको सङ्ख्या**

| विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | कैफियत |
| सुचिकृत भएका ब्यक्तिको सङ्ख्या | ३,०३१ | २,७१९ | २,६८८ | |
| रोजगार प्राप्त गरेका ब्यक्तिको सङ्ख्या | २३२ | ९६ | ९१ | |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

तालिका ७.११ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत बेरोजगारको सूचीमा सूचीकृत व्यक्तिहरूको सङ्ख्या क्रमशः घट्दो क्रममा रहेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा ३,०३१ जना सूचीकृत भएकोमा २०८०/८१ मा २,७१९ जना र २०८१/८२ मा २,६८८ जना सूचीकृत भएका छन्। तर सूचीकृत व्यक्तिको तुलनामा रोजगार प्राप्त गर्नेको सङ्ख्या न्यून रहेको छ। आर्थिक वर्ष २०७९/८० मा २३२ जनाले रोजगार प्राप्त गरेका थिए भने २०८०/८१ मा ९६ जना र २०८१/८२ मा ९१ जनाले मात्र रोजगार प्राप्त गरेका छन्। यसले कार्यक्रममार्फत रोजगारी उपलब्ध गराउने क्षमता सीमित रहेको र सूचीकृत बेरोजगारमध्ये ठूलो हिस्सा अझै रोजगारीबाट वञ्चित रहेको देखाउँछ।

## ७.३ प्रतिष्ठान, व्यवसाय तथा गैरकृषि उद्यमको अवस्था

यस उपखण्डमा गाउँपालिकाभित्र सञ्चालित प्रतिष्ठान, व्यवसाय तथा गैरकृषि उद्यमसम्बन्धी विवरण प्रस्तुत गरिएको छ। मुख्य आर्थिक क्रियाकलाप अनुसार प्रतिष्ठानहरूको प्रकृति, दर्ता स्थिति, स्वामित्वको वैधानिक अवस्था, सञ्चालन वा व्यवस्थापनको लैङ्गिक विवरण तथा कृषि बाहेकका साना तथा घरेलु उद्यम सञ्चालन गर्ने घरपरिवारको अवस्था यस उपखण्डमा समावेश गरिएको छ। स्थानीय अर्थतन्त्रमा गैरकृषि क्षेत्रको योगदान, उद्यमशीलताको स्तर तथा व्यवसायिक गतिविधिको विस्तार बुझ्न यस्ता तथ्याङ्क महत्वपूर्ण हुन्छन्। यसले गाउँपालिकामा व्यवसाय तथा उद्यमको संरचना, प्रवृत्ति र सम्भावनाको अवस्था विश्लेषण गर्न आधार प्रदान गर्दछ।

तालिका ७.१२ : बाँफिकोट गाउँपालिकामा रहेका व्यवसाय/प्रतिष्ठान सम्बन्धी विवरण

| व्यावसायिक क्षेत्र | कुल प्रतिष्ठान/ व्यावसाय | | सँलग्न जनशक्ती | | |
|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | महिला | पुरूष | जम्मा |
| **A** - कृषि, वन तथा मत्स्यपालन | २२ | ६.१ | २ | २२ | २४ |
| **C** - उत्पादनमूलक उद्योग | १७ | ४.७ | ८ | २८ | ३६ |
| **D** - विद्युत्, ग्यास र ऊर्जा आपूर्ति | ३ | ०.८ | ३ | १० | १३ |
| **G** - थोक तथा खुद्रा व्यापार; मोटरगाडी मर्मत | १८८ | ५२.२ | १४७ | १२२ | २६९ |
| **H** - यातायात तथा भण्डारण | ३ | ०.८ | २ | ८ | १० |
| **I** - होटल तथा खाजाघर सेवा | ३६ | १०.० | ३२ | २८ | ६० |
| **K** - वित्तीय तथा बीमा क्षेत्र | १ | ०.३ | १ | २ | ३ |
| **M** - व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक सेवा | ४ | १.१ | १ | ३ | ४ |
| **P** - शिक्षा | ४९ | १३.६ | ११३ | २७६ | ३८९ |
| **Q** - मानव स्वास्थ्य तथा सामाजिक सेवा | १९ | ५.३ | २४ | २४ | ४८ |
| **R** - कला, मनोरञ्जन तथा खेलकुद | १ | ०.३ | ० | १ | १ |
| **S** - अन्य सेवामूलक क्रियाकलापहरू | १७ | ४.७ | ७ | १२ | १९ |
| **कुल जम्मा** | **३६०** | **१००** | **३४०** | **५३६** | **८७६** |

*स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, रा.त.का. ।*

तालिका ७.१२ मा बाँफिकोट गाउँपालिकामा रहेका व्यवसाय तथा प्रतिष्ठानहरूको क्षेत्रगत विवरण र ती क्षेत्रमा संलग्न जनशक्तिको अवस्था प्रस्तुत गरिएको छ । तालिकाअनुसार गाउँपालिकामा कुल ३६० वटा व्यवसाय/प्रतिष्ठान रहेका छन्, जसमा सबैभन्दा बढी १८८ वटा अर्थात् ५२.२ प्रतिशत प्रतिष्ठान थोक तथा खुद्रा व्यापार तथा मोटरगाडी मर्मत क्षेत्रमा रहेका छन् । त्यसपछि शिक्षा क्षेत्रका ४९ वटा ( १३.६ प्रतिशत ), होटल तथा खाजाघर सेवाका ३६ वटा ( १०.० प्रतिशत ), कृषि, वन तथा मत्स्यपालन क्षेत्रका २२ वटा ( ६.१ प्रतिशत ), मानव स्वास्थ्य तथा सामाजिक सेवाका १९ वटा ( ५.३ प्रतिशत ) तथा उत्पादनमूलक उद्योग र अन्य सेवामूलक क्रियाकलापका १७-१७ वटा ( ४.७ प्रतिशत ) प्रतिष्ठान रहेका छन् । विद्युत्, ग्यास र ऊर्जा आपूर्ति तथा यातायात तथा भण्डारण क्षेत्रमा ३-३ वटा ( ०.८ प्रतिशत ) प्रतिष्ठान, वित्तीय तथा बीमा क्षेत्रमा १ वटा ( ०.३ प्रतिशत ), कला, मनोरञ्जन तथा खेलकुद क्षेत्रमा १ वटा ( ०.३ प्रतिशत ) तथा व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक सेवामा ४ वटा ( १.१ प्रतिशत ) प्रतिष्ठान रहेका छन् । यसले गाउँपालिकामा व्यापार तथा सेवामूलक क्षेत्रको उल्लेख्य प्रभुत्व रहेको देखाउँछ ।

जनशक्ति संलग्नताको दृष्टिले कुल ८७६ जना यस क्षेत्रमा आबद्ध रहेका छन्, जसमा महिला ३४० र पुरुष ५३६ रहेका छन् । सबैभन्दा बढी जनशक्ति शिक्षा क्षेत्रमा ३८९ जना संलग्न रहेको छ, जसमा महिला ११३ र पुरुष २७६ रहेका छन् । त्यसपछि थोक तथा खुद्रा व्यापार तथा मोटरगाडी मर्मत क्षेत्रमा २६९ जना, होटल तथा खाजाघर सेवामा ६० जना, मानव स्वास्थ्य तथा सामाजिक सेवामा ४८ जना, उत्पादनमूलक उद्योगमा ३६ जना तथा कृषि, वन तथा मत्स्यपालन क्षेत्रमा २४ जना संलग्न रहेका छन् । अन्य क्षेत्रहरूमा जनशक्तिको संलग्नता तुलनात्मक रूपमा न्यून देखिन्छ । समग्र रूपमा हेर्दा बाँफिकोट गाउँपालिकाको व्यवसायिक संरचना व्यापार, शिक्षा, होटल तथा सेवामूलक क्षेत्र केन्द्रित रहेको छ भने जनशक्तिमा पुरुषको सहभागिता महिलाभन्दा बढी रहेको पाइन्छ । यस आधारमा स्थानीय स्तरमा उत्पादनमूलक उद्योग, वित्तीय सेवा, प्राविधिक सेवा तथा कृषि व्यवसायको विस्तार गरी रोजगारी सिर्जना र महिलाको आर्थिक सहभागिता अभिवृद्धि गर्न विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

यस तालिकालाई थप स्पष्ट पार्नको लागि बाँफिकोट गाउँपालिकामा रहेका व्यावसाय प्रतिष्ठानहरूको अवस्था तालिका ८.११ मा मुख्य आर्थिक क्रियाकलापअनुसार विस्तृत रूपमा प्रस्तुत गरिएको छ

तालिका ७.१३ : मूख्य आर्थिक क्रियाकलाप अनुसार प्रतिष्ठान/व्यवसाय विवरण

| क्रियाकलाप | प्रतिष्ठान सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **खेतीपाती, पशुपालन तथा मत्स्यपालन** | २२ | ६.११ |
| **घरेलु तथा साना उद्योग:** (कुटानी-पिसानी, बेकरी, सिलाई, फर्निचर, गहना, काठ तथा धातुका सामग्री) | १७ | ४.७२ |
| **विद्युत् तथा ऊर्जा सेवा:** (विद्युत् उत्पादन तथा आपूर्ति सम्बन्धी काम) | ३ | ०.८३ |
| **यातायात साधन मर्मत:** (गाडी, मोटरसाइकल मर्मत र स्पेयर पार्ट्ससम्बन्धी काम) | २ | ०.५६ |
| **थोक व्यापार:** (कृषि उपज, कपडा तथा अन्य सामानको थोक बिक्री) | ८ | २.२२ |
| **किराना तथा खुद्रा व्यापार:** (डिपार्टमेन्टल स्टोर, कपडा, जुत्ता, भाँडा, स्टेशनरी, इलेक्ट्रोनिक्स, मेडिकल, हार्डवेयर आदि) | १७८ | ४९.४४ |
| **हुलाक तथा सञ्चार:** (हुलाक, पत्राचार तथा यस्तै सञ्चार सेवा) | ३ | ०.८३ |
| **होटल तथा रेष्टुरेन्ट सेवा:** (होटल, लज, खाजा घर, चिया पसल र पेय पदार्थ सेवा) | ३६ | १०.०० |
| **बैंक तथा वित्तीय सेवा:** (बैंक, सहकारी तथा वित्तीय कारोबार) | १ | ०.२८ |
| **व्यावसायिक तथा प्राविधिक सेवा:** (फोटो स्टुडियो, पशु सेवा (भेटेरिनरी) र अन्य प्राविधिक काम) | ४ | १.११ |
| **शैक्षिक सेवा:** (प्रारम्भिक विद्यालय, माध्यमिक विद्यालय, क्याम्पस तथा ट्यूसन कोचिङ सेन्टर समेत) | ४९ | १३.६१ |
| **स्वास्थ्य तथा सामाजिक सेवा:** (अस्पताल, क्लिनिक, दाँत उपचार र सामाजिक सेवाका कामहरू) | १९ | ५.२८ |
| **कला, मनोरञ्जन तथा क्लब:** (सामुदायिक क्लब, कला र मनोरञ्जनका क्रियाकलाप) | २ | ०.५६ |
| **अन्य व्यक्तिगत सेवाहरू:** (मोबाइल मर्मत, सैलुन, ब्यूटी पार्लर र उपकरण मर्मत) | १६ | ४.४४ |
| **कुल जम्मा** | **३६०** | **१००** |

*स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, रा.त.का. ।*

तालिका ७.१३ अनुसार कुल ३६० प्रतिष्ठानमध्ये सबैभन्दा ठूलो हिस्सा किराना तथा खुद्रा व्यापार क्षेत्रको रहेको छ, जसमा १७८ प्रतिष्ठान अर्थात् ४९.४४ प्रतिशत रहेका छन् । त्यसपछि शैक्षिक सेवा ४९ ( १३.६१ प्रतिशत ), होटल तथा रेष्टुरेन्ट सेवा ३६ ( १०.०० प्रतिशत ), खेतीपाती, पशुपालन तथा मत्स्यपालन २२ ( ६.११ प्रतिशत ), स्वास्थ्य तथा सामाजिक सेवा १९ ( ५.२८ प्रतिशत ) तथा घरेलु तथा साना उद्योग १७ ( ४.७२ प्रतिशत ) रहेका छन् । अन्य क्षेत्रहरू जस्तै थोक व्यापार, प्राविधिक सेवा, ऊर्जा, सञ्चार, बैंक तथा वित्तीय सेवा तथा व्यक्तिगत सेवाहरूमा प्रतिष्ठानको सङ्ख्या तुलनात्मक रूपमा न्यून रहेको देखिन्छ । समग्र रूपमा हेर्दा गाउँपालिकाको आर्थिक संरचना खुद्रा व्यापार, शिक्षा र सेवामूलक गतिविधिमा केन्द्रित रहेको स्पष्ट हुन्छ, जसले स्थानीय बजारमुखी तथा साना स्तरका व्यवसायहरूको प्रभुत्व रहेको संकेत गर्दछ ।

तालिका ७.१४ : प्रतिष्ठान/व्यवसायको दर्ता स्थिति अनुसारको विवरण

| क्षेत्र | दर्ता भएका | दर्ता नभएका | जम्मा | दर्ता भएकाको % | दर्ता नभएकाको % |
|---|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | २२ | ० | २२ | १००.० | ०.० |
| उत्पादनमूलक उद्योग | ११ | ६ | १७ | ६४.७ | ३५.३ |
| विद्युत्, ग्यास र ऊर्जा आपूर्ति | ३ | ० | ३ | १००.० | ०.० |
| थोक तथा खुद्रा व्यापार; मोटरगाडी मर्मत | १०७ | ८१ | १८८ | ५६.९ | ४३.१ |
| यातायात तथा भण्डारण | ३ | ० | ३ | १००.० | ०.० |
| होटल तथा खाजाघर सेवा | २० | १६ | ३६ | ५५.६ | ४४.४ |
| वित्तीय तथा बीमा क्षेत्र | १ | ० | १ | १००.० | ०.० |
| व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक सेवा | ४ | ० | ४ | १००.० | ०.० |

| क्षेत्र | दर्ता भएका | दर्ता नभएका | जम्मा | दर्ता भएकाको % | दर्ता नभएकाको % |
|---|---|---|---|---|---|
| शिक्षा | ४९ | ० | ४९ | १००.० | ०.० |
| मानव स्वास्थ्य तथा सामाजिक सेवा | १६ | ३ | १९ | ८४.२ | १५.८ |
| कला, मनोरञ्जन तथा खेलकुद | १ | ० | १ | १००.० | ०.० |
| अन्य सेवामूलक क्रियाकलापहरू | ९ | ८ | १७ | ५२.९ | ४७.१ |
| **कुल जम्मा** | **२४६** | **११४** | **३६०** | **६८.३** | **३१.७** |

*स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, रा.त.का. ।*

तालिका ७.१४ अनुसार गाउँपालिकामा रहेका कुल ३६० प्रतिष्ठानमध्ये २४६ वटा अर्थात् ६८.३ प्रतिशत प्रतिष्ठान दर्ता भएका छन् भने ११४ वटा अर्थात् ३१.७ प्रतिशत प्रतिष्ठान दर्ता नभएका छन् । यसले अधिकांश व्यवसाय औपचारिक रूपमा सञ्चालनमा रहेको देखाए पनि उल्लेख्य सङ्ख्या अझै दर्ताबाहिर रहेको स्पष्ट हुन्छ । दर्ता नभएका प्रतिष्ठानहरूले पनि रोजगारी दिने, सामान तथा सेवा उपलब्ध गराउने र स्थानीय बजार चलाउन सहयोग गरेर अर्थतन्त्रमा योगदान पुर्‍याउँछन् । तर यस्ता व्यवसाय सरकारी अभिलेखबाहिर रहने भएकाले तिनको वास्तविक आर्थिक योगदान पूर्ण रूपमा देखिँदैन, जसले राजस्व सङ्कलन घटाउँछ र सरकारी सेवा तथा सुविधामा पहुँच पनि सीमित बनाउँछ । साथै, यिनको गतिविधि आधिकारिक तथ्याङ्कमा समावेश नहुँदा देशको कुल अर्थतन्त्रको मापन पनि वास्तविक अवस्थाभन्दा कम देखिने सम्भावना रहन्छ ।

क्षेत्रगत रूपमा हेर्दा कृषि, वन तथा मत्स्यपालन, विद्युत्, ग्यास र ऊर्जा आपूर्ति, यातायात तथा भण्डारण, वित्तीय तथा बीमा क्षेत्र, व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक सेवा, शिक्षा तथा कला, मनोरञ्जन तथा खेलकुद क्षेत्रमा शतप्रतिशत प्रतिष्ठान दर्ता भएका छन् । मानव स्वास्थ्य तथा सामाजिक सेवामा ८४.२ प्रतिशत तथा उत्पादनमूलक उद्योगमा ६४.७ प्रतिशत प्रतिष्ठान दर्ता भएको देखिन्छ । त्यसैगरी थोक तथा खुद्रा व्यापार तथा मोटरगाडी मर्मत क्षेत्रमा ५६.९ प्रतिशत, होटल तथा खाजाघर सेवामा ५५.६ प्रतिशत र अन्य सेवामूलक क्रियाकलापहरूमा ५२.९ प्रतिशत प्रतिष्ठान मात्र दर्ता भएका छन् । विशेषतः व्यापार, होटल तथा अन्य सेवामूलक क्षेत्रमा दर्ता नभएका प्रतिष्ठानको हिस्सा तुलनात्मक रूपमा बढी रहेकाले यस्ता व्यवसायलाई औपचारिक दायरामा ल्याउन दर्ता प्रक्रिया सहजीकरण, अभिमुखीकरण तथा प्रोत्साहनमूलक कार्यक्रम आवश्यक देखिन्छ ।

**तालिका ७.१५ : प्रतिष्ठान/व्यवसायको स्वामित्व (वैधानिक स्थिति)**

| क्षेत्र | प्रतिव्ठान/ व्यावसायको स्वामित्व (बैद्यानिक स्थिती) | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यक्तिगत | साझेदारी | सहकारी | सरकारी | अन्य | जम्मा |
| कृषि, वन तथा मत्स्यपालन | ४ | ० | १ | ० | १७ | २२ |
| उत्पादनमूलक उद्योग | १७ | ० | ० | ० | ० | १७ |
| विद्युत्, ग्यास र ऊर्जा आपूर्ति | ० | ० | १ | ० | २ | ३ |
| थोक तथा खुद्रा व्यापार; मोटरगाडी मर्मत | १८५ | ३ | ० | ० | ० | १८८ |
| यातायात तथा भण्डारण | ० | ० | ० | ३ | ० | ३ |
| होटल तथा खाजाघर सेवा | ३५ | १ | ० | ० | ० | ३६ |
| वित्तीय तथा बीमा क्षेत्र | ० | ० | १ | ० | ० | १ |
| व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक सेवा | ३ | ० | ० | १ | ० | ४ |
| शिक्षा | ३ | १ | ० | ४४ | १ | ४९ |
| मानव स्वास्थ्य तथा सामाजिक सेवा | १० | ० | २ | ५ | २ | १९ |
| कला, मनोरञ्जन तथा खेलकुद | १ | ० | ० | ० | ० | १ |
| अन्य सेवामूलक क्रियाकलापहरू | १६ | ० | १ | ० | ० | १७ |
| **कुल जम्मा** | **२७४** | **५** | **६** | **५३** | **२२** | **३६०** |

*स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, रा.त.का. ।*

तालिका ७.१५ अनुसार गाउँपालिकामा रहेका कुल ३६० प्रतिष्ठान/व्यवसायमध्ये सबैभन्दा बढी २७४ वटा प्रतिष्ठान व्यक्तिगत स्वामित्वमा रहेका छन्। त्यसपछि ५३ वटा प्रतिष्ठान सरकारी, २२ वटा अन्य, ६ वटा सहकारी र ५ वटा साझेदारी स्वामित्वमा रहेका छन्। यसले गाउँपालिकाको व्यवसायिक संरचना मुख्यतः व्यक्तिगत स्वामित्वमा आधारित रहेको स्पष्ट गर्दछ।

क्षेत्रगत रूपमा हेर्दा थोक तथा खुद्रा व्यापार; मोटरगाडी मर्मत क्षेत्रका १८८ मध्ये १८५ वटा प्रतिष्ठान व्यक्तिगत स्वामित्वमा रहेका छन् भने होटल तथा खाजाघर सेवाका ३६ मध्ये ३५ वटा, उत्पादनमूलक उद्योगका सबै १७ वटा र अन्य सेवामूलक क्रियाकलापका १७ मध्ये १६ वटा प्रतिष्ठान पनि व्यक्तिगत स्वामित्वमै सञ्चालन भएका छन्। शिक्षा क्षेत्रमा भने ४९ मध्ये ४४ वटा प्रतिष्ठान सरकारी स्वामित्वमा रहेका छन्, जसले यस क्षेत्रमा सरकारी उपस्थिति प्रमुख रहेको देखाउँछ। त्यसैगरी यातायात तथा भण्डारणका सबै ३ वटा प्रतिष्ठान सरकारी स्वामित्वमा रहेका छन्।

सहकारी स्वामित्व कृषि, विद्युत् तथा ऊर्जा, वित्तीय तथा बीमा, मानव स्वास्थ्य तथा सामाजिक सेवा तथा अन्य सेवामूलक क्षेत्रमा सीमित रूपमा देखिन्छ। साझेदारी स्वामित्व पनि मुख्यतः थोक तथा खुद्रा व्यापार, होटल तथा खाजाघर सेवा तथा शिक्षा क्षेत्रमा थोरै सङ्ख्यामा रहेको छ। समग्र रूपमा हेर्दा गाउँपालिकाको आर्थिक गतिविधि साना तथा निजी प्रकृतिका व्यवसायमा आधारित रहेको, केही सामाजिक तथा सेवामूलक क्षेत्रमा सहकारी र सरकारी उपस्थिति रहेको, तथा ठूलो स्तरको संस्थागत वा संयुक्त स्वामित्वको विस्तार अझै सीमित रहेको देखिन्छ।

**तालिका ७.१६ : प्रतिष्ठान/व्यवसायको सञ्चालक/व्यवस्थापकको लैङ्गिक विवरण**

| क्षेत्र | सञ्चालन (व्यवस्थाप)को लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| कृषि, वन तथा मत्स्यपालन | २ | २० | २२ |
| उत्पादनमूलक उद्योग | ५ | १२ | १७ |
| विद्युत्, ग्यास र ऊर्जा आपूर्ति | ० | ३ | ३ |
| थोक तथा खुद्रा व्यापार; मोटरगाडी मर्मत | ११९ | ६९ | १८८ |
| यातायात तथा भण्डारण | ० | ३ | ३ |
| होटल तथा खाजाघर सेवा | २३ | १३ | ३६ |
| वित्तीय तथा बीमा क्षेत्र | ० | १ | १ |
| व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक सेवा | १ | ३ | ४ |
| शिक्षा | ६ | ४३ | ४९ |
| मानव स्वास्थ्य तथा सामाजिक सेवा | ११ | ८ | १९ |
| कला, मनोरञ्जन तथा खेलकुद | ० | १ | १ |
| अन्य सेवामूलक क्रियाकलापहरू | ६ | ११ | १७ |
| **कुल जम्मा** | **१७३** | **१८७** | **३६०** |

*स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, रा.त.का.।*

तालिका ७.१६ अनुसार गाउँपालिकामा रहेका कुल ३६० प्रतिष्ठान/व्यवसायमध्ये १७३ वटा महिला र १८७ वटा पुरुषद्वारा सञ्चालन वा व्यवस्थापन गरिएको देखिन्छ। यसले समग्र रूपमा पुरुष सञ्चालक/व्यवस्थापकको सङ्ख्या महिलाभन्दा केही बढी रहेको संकेत गर्दछ, यद्यपि महिलाको सहभागिता पनि उल्लेखनीय रूपमा रहेको पाइन्छ।

क्षेत्रगत रूपमा हेर्दा थोक तथा खुद्रा व्यापार; मोटरगाडी मर्मत क्षेत्रमा १८८ प्रतिष्ठानमध्ये ११९ वटा महिला र ६९ वटा पुरुषद्वारा सञ्चालन गरिएको छ, जसले यस क्षेत्रमा महिलाको उल्लेख्य उपस्थिति देखाउँछ। त्यसैगरी होटल तथा खाजाघर सेवामा ३६ मध्ये २३ वटा तथा मानव स्वास्थ्य तथा सामाजिक सेवामा १९ मध्ये ११ वटा प्रतिष्ठान महिला व्यवस्थापनमा रहेका छन्। अर्कोतर्फ कृषि, वन तथा मत्स्यपालन, उत्पादनमूलक उद्योग, शिक्षा, अन्य सेवामूलक क्रियाकलाप, व्यावसायिक तथा प्राविधिक सेवा, विद्युत् तथा ऊर्जा, यातायात

तथा भण्डारणजस्ता अधिकांश क्षेत्रमा पुरुष सञ्चालक/व्यवस्थापकको सङ्ख्या बढी रहेको देखिन्छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा व्यवसाय सञ्चालन तथा व्यवस्थापनमा महिला र पुरुष दुवैको सहभागिता रहे पनि क्षेत्रअनुसार लैङ्गिक भिन्नता स्पष्ट देखिएको पाइन्छ।

तालिका ७.१७ : कृषि वाहेक साना तथा घरेलु उद्यम/व्यवसाय सञ्चालन गर्ने घरपरिवारको अवस्था

| विवरण | परिवार सङ्ख्या | महिलाद्वारा सञ्चालित | महिलाद्वारा सञ्चालित % |
|---|---|---|---|
| कृषि बाहेक साना स्तरका उद्यम नभएका घरपरिवार | ४२८२ | - | - |
| साना स्तरका उद्यम भएका घरपरिवार | ३२५ | - | - |
| १. घरेलु उद्योग | ३४ | ९ | २.८ |
| २. व्यापार/व्यवसाय | १६७ | ८६ | २६.५ |
| ३. यातायात सेवा | ७ | ३ | ०.९ |
| ४. सेवा क्षेत्र | १०० | २९ | ८.९ |
| ५. अन्य | ९ | ५ | १.५ |
| घरेलु उद्यमको अवस्था नखुलेको | ८ | - | - |
| **जम्मा** | **४६०७** | **१३२** | - |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, रा.त.का.।*

तालिका ७.१७ अनुसार कुल ४,६०७ घरपरिवारमध्ये ४,२८२ घरपरिवारमा कृषि बाहेकका साना तथा घरेलु उद्यम/व्यवसाय सञ्चालन नभएको देखिन्छ भने ३२५ घरपरिवारमा यस्ता उद्यम/व्यवसाय सञ्चालन भएको पाइन्छ। यसले अधिकांश घरपरिवार अझै कृषि बाहेकका साना उद्यममा संलग्न नभएको, तर सीमित सङ्ख्यामा भए पनि वैकल्पिक आयआर्जनका गतिविधि सञ्चालन भइरहेको देखाएको छ।

साना स्तरका उद्यम भएका घरपरिवारमध्ये व्यापार/व्यवसाय सञ्चालन गर्ने घरपरिवारको सङ्ख्या सबैभन्दा बढी १६७ रहेको छ, जसमध्ये ८६ उद्यम महिलाद्वारा सञ्चालित रहेका छन्। त्यसपछि सेवा क्षेत्रका १०० घरपरिवारमध्ये २९, घरेलु उद्योगका ३४ मध्ये ९, यातायात सेवाका ७ मध्ये ३ र अन्य प्रकृतिका ९ मध्ये ५ उद्यम महिलाद्वारा सञ्चालित रहेका छन्। कुल रूपमा १३२ उद्यम महिलाद्वारा सञ्चालन गरिएको देखिएकाले कृषि बाहेकका साना उद्यममा महिलाको सहभागिता पनि उल्लेखनीय रहेको पाइन्छ। यसले स्थानीय स्तरमा व्यापार, सेवा र घरेलु उद्योगमार्फत वैकल्पिक जीविकोपार्जनको आधार विकसित हुँदै गएको संकेत गर्दछ।

## ७.४ कृषि, पशुपालन तथा कृषि उत्पादन प्रणाली

यस उपखण्डमा गाउँपालिकाको प्रमुख जीविकोपार्जनको आधारका रूपमा रहेको कृषि तथा पशुपालन क्षेत्रसम्बन्धी विवरण प्रस्तुत गरिएको छ। कृषिमा संलग्न कृषक परिवार, कृषि चलनमा रहेको जग्गाको स्वामित्व र क्षेत्रफल, अस्थायी तथा स्थायी बाली, बीउविजन, मल, विषादीको प्रयोग, पाल्तु पशुपन्छीको सङ्ख्या, कृषि ऋण, बिमा, अनुदान तथा उत्पादनको उपयोगसम्बन्धी विवरण यस अन्तर्गत समावेश गरिएको छ। कृषि तथा पशुपालन स्थानीय उत्पादन, आयआर्जन र खाद्य सुरक्षाका महत्वपूर्ण आधार भएकाले यस्ता तथ्याङ्क आवश्यक हुन्छन्। प्रस्तुत विवरणले कृषि प्रणाली, उत्पादनका साधनको उपयोग तथा कृषक परिवारको अवस्थाबारे समग्र जानकारी प्रदान गर्दछ।

तालिका ७.१८ : गाउँपालिकामा कृषिमा संलग्न रहेका कृषक परिवार र कृषि चलन सम्बन्धी विवरण

| विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| जम्मा कृषक परिवार सङ्ख्या | ३,९८४ | ८६.५ | गाउँपालिकाको कुल परिवारमा कृषक परिवारको प्रतिशत |
| कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | १,३६१.३ | ७.१ | गाउँपालिकाको कुल क्षेत्रफलमा कृषि चलन भएको जग्गाको प्रतिशत |
| जम्मा कित्ता सङ्ख्या | १०,३८६ | - | |

| विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| औषत कित्ता सङ्ख्या | २.६ | - | |
| सिंचाई सुविधा प्रयोग गर्ने कृषक परिवारको सङ्ख्या | १,१०६ | २७.८ | |
| सिंचित क्षेत्रफल (हेक्टर) | १४३.१ | १०.५ | |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.१८ अनुसार गाउँपालिकाका कुल परिवारमध्ये ३,९८४ परिवार अर्थात् ८६.५ प्रतिशत परिवार कृषिमा संलग्न रहेका कृषक परिवार हुन्। यसले गाउँपालिकाको मुख्य जीविकोपार्जन तथा आर्थिक आधार कृषि नै रहेको स्पष्ट गर्दछ। कृषक परिवारले चलन गरेको जग्गाको कुल क्षेत्रफल १,३६१.३ हेक्टर रहेको छ, जुन गाउँपालिकाको कुल क्षेत्रफलको ७.१ प्रतिशत हो। यसबाट कुल भौगोलिक क्षेत्रफलको सीमित अंश मात्र कृषि प्रयोजनमा प्रयोग भएको देखिन्छ। साथै कृषक परिवारसँग सम्बन्धित कुल कित्ता सङ्ख्या १०,३८६ रहेको र औसत कित्ता सङ्ख्या २.६ रहेको तथ्यले एक कृषक परिवारसँग सरदर २ भन्दा बढि कित्ता रहेको अवस्था देखाउदछ।

त्यसैगरी सिंचाई सुविधा प्रयोग गर्ने कृषक परिवारको सङ्ख्या १,१०६ रहेको छ, जुन कुल कृषक परिवारको २७.८ प्रतिशत हो। सिंचित क्षेत्रफल १४३.१ हेक्टर रहेको छ, जुन कृषि चलन भएको कुल जग्गाको १०.५ प्रतिशत मात्र हो। यसले अधिकांश कृषि भूमि अझै पनि वर्षामा आधारित रहेको र सिंचाई सुविधा सीमित रहेको देखाउँछ। त्यसैले कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिंचाई पूर्वाधार विस्तार, जग्गाको समुचित उपयोग, आधुनिक कृषि प्रविधिको प्रयोग तथा कृषि सेवा पहुँचमा सुधार आवश्यक देखिन्छ।

**तालिका ७.१९ : कृषि चलनमा प्रयोग गरिएको जग्गाको स्वामित्व अनुसार कृषक परिवार र कृषि चलन क्षेत्रफल**

| विवरण | कृषक परिवार | | चलन गरेको क्षेत्रफल | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | हेक्टर | प्रतिशत |
| जम्मा कृषक परिवार सङ्ख्या | ३९८४.१९ | १०० | - | - |
| कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल | - | - | १३६१.३४ | १०० |
| कृषि जमिनमा एकल स्वामित्वका कृषक परिवार | ३९०७.३४ | ९८.०७ | १३३५.२२ | ९८.१ |
| एकभन्दा बढी प्रकारको स्वामित्व भएका कृषक परिवार | ७६.८५ | १.९३ | २६.१२ | १.९ |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.१९ अनुसार गाउँपालिकामा कुल ३,९८४.१९ कृषक परिवारले १,३६१.३४ हेक्टर कृषि जग्गा चलन गरेको देखिन्छ। तीमध्ये ३,९०७.३४ कृषक परिवार अर्थात् ९८.०७ प्रतिशत कृषक परिवारले एकल स्वामित्वको जग्गामा खेतीपाती गरिरहेका छन्, र यिनीहरूले १,३३५.२२ हेक्टर अर्थात् ९८.१ प्रतिशत क्षेत्रफल उपयोग गरेका छन्। त्यसैगरी ७६.८५ कृषक परिवार अर्थात् १.९३ प्रतिशत कृषक परिवारमा एकभन्दा बढी प्रकारको स्वामित्व भएको जग्गा रहेको देखिन्छ, जसले २६.१२ हेक्टर अर्थात् १.९ प्रतिशत क्षेत्रफल ओगटेको छ। यसले गाउँपालिकामा अधिकांश कृषक परिवारको कृषि चलन मुख्यतः एकल स्वामित्वमा आधारित रहेको र मिश्रित वा बहु-स्वामित्वको हिस्सा निकै न्यून रहेको स्पष्ट पार्दछ।

**तालिका ७. २० : विभिन्न अस्थायी बालीको खेती गर्ने कृषक परिवार तथा बाली लागेको क्षेत्रफल**

| बालीको प्रकार | कृषक परिवार | | चलन गरेको क्षेत्रफल | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | हेक्टर | प्रतिशत |
| खाद्यान्न बाली | ३,९८४ | १०० | १,३५६.० | ९९.६ |
| कोसे/दाल बाली | २,५४८ | ६४.० | ६३.८ | ४.७ |
| कन्दमूल बाली | २,०२१ | ५०.७ | ८६.४ | ६.३ |
| तेल बाली | १,२०४ | ३०.२ | ४४.२ | ३.२ |
| तरकारी बाली | ६६७ | १६.७ | १४.६ | १.१ |

| बालीको प्रकार | कृषक परिवार | | चलन गरेको क्षेत्रफल | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | हेक्टर | प्रतिशत |
| अन्य अस्थायी बाली | १,२५२ | ३१.४ | ३१.६ | २.३ |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.२० अनुसार गाउँपालिकामा रहेका सबै ३,९८४ कृषक परिवारले खाद्यान्न बाली खेती गर्ने गरेको देखिन्छ। खाद्यान्न बालीको खेती क्षेत्रफल १,३५६.० हेक्टर रहेको छ, जुन कुल अस्थायी बाली लागेको क्षेत्रफलको ९९.६ प्रतिशत हो। यसले गाउँपालिकाको कृषि प्रणाली मुख्यतः खाद्यान्न उत्पादनमा केन्द्रित रहेको स्पष्ट गर्दछ।

त्यसैगरी २,५४८ कृषक परिवार ( ६४.० प्रतिशत ) ले कोसे/दाल बाली, २,०२१ परिवार ( ५०.७ प्रतिशत ) ले कन्दमूल बाली, १,२५२ परिवार ( ३१.४ प्रतिशत ) ले अन्य अस्थायी बाली, १,२०४ परिवार ( ३०.२ प्रतिशत ) ले तेल बाली तथा ६६७ परिवार ( १६.७ प्रतिशत ) ले तरकारी बाली खेती गर्ने गरेका छन्। क्षेत्रफलका आधारमा कन्दमूल बाली ८६.४ हेक्टर ( ६.३ प्रतिशत ), कोसे/दाल बाली ६३.८ हेक्टर ( ४.७ प्रतिशत ), तेल बाली ४४.२ हेक्टर ( ३.२ प्रतिशत ), अन्य अस्थायी बाली ३१.६ हेक्टर ( २.३ प्रतिशत ) र तरकारी बाली १४.६ हेक्टर ( १.१ प्रतिशत ) मा सीमित रहेको देखिन्छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा खाद्यान्न बालीको प्रभुत्व रहेको र नगदे तथा पोषणमुखी बालीको विस्तार अपेक्षाकृत न्यून रहेको पाइन्छ।

**तालिका ७. २१ : प्रमुख अस्थायी बाली सम्बन्धी विवरण**

| अस्थायी बाली | कृषक परिवार | | चलन गरेको क्षेत्रफल | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | हेक्टर | प्रतिशत |
| धान | १,१३० | २८.४ | १४२.१ | ३.६ |
| गहुँ | ३,९३८ | ९८.८ | ८२२.१ | २०.६ |
| मकै | ३,८६१ | ९६.९ | ७८०.९ | १९.६ |
| कोदो | ११४ | २.९ | ५.५ | ०.१ |
| जौ/उवा | ६९१ | १७.३ | ३३.९ | ०.९ |
| फापर | ४६ | १.२ | ०.४ | ०.० |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.२१ अनुसार बाँफिकोट गाउँपालिकामा प्रमुख अस्थायी बालीमध्ये गहुँ र मकैको खेती सबैभन्दा बढी व्यापक रूपमा गरिएको देखिन्छ। गहुँ खेतीमा ३,९३८ कृषक परिवार अर्थात् ९८.८ प्रतिशत संलग्न छन् भने यसको क्षेत्रफल ८२२.१ हेक्टर अर्थात् २०.६ प्रतिशत रहेको छ। त्यसैगरी मकै खेती ३,८६१ कृषक परिवार अर्थात् ९६.९ प्रतिशतले गरेका छन् र यसको क्षेत्रफल ७८०.९ हेक्टर अर्थात् १९.६ प्रतिशत रहेको छ। धान खेतीमा १,१३० कृषक परिवार संलग्न भए पनि यसको क्षेत्रफल १४२.१ हेक्टर मात्र रहेको छ। कोदो, जौ/उवा र फापर खेती तुलनात्मक रूपमा सीमित क्षेत्रफल र कम कृषक परिवारमा केन्द्रित देखिन्छ। समग्रमा, गाउँपालिकाको अस्थायी बाली प्रणाली गहुँ र मकैमा बढी निर्भर रहेको देखिन्छ।

**तालिका ७.२२ : स्थायी बाली लगाएका कृषक र क्षेत्रफल सम्बन्धी विवरण**

| विवरण | कृषक परिवार | | चलन गरेको क्षेत्रफल | | बोट सङ्ख्या |
|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | हेक्टर | प्रतिशत | |
| स्थायी बाली लगाएका जम्मा कृषक परिवार सङ्ख्या | २,३२७ | ५८.४ | ७.४ | ०.५ | - |
| बगैँचाको रूपमा लगाइएका फल लाग्ने उमेरका बोट | २०६ | ५.२ | ३.१ | ०.२ | ५,६७२ |
| बगैँचाको रूपमा लगाइएका फल नलाग्ने उमेरका बोट | २०६ | ५.२ | ४.३ | ०.३ | ५,४५६ |
| छरिएर रहेका फल लाग्ने उमेरका बोट सङ्ख्या | - | - | - | - | १३,५४२ |

| विवरण | कृषक परिवार | | चलन गरेको क्षेत्रफल | | बोट सङ्ख्या |
|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | हेक्टर | प्रतिशत | |
| छरिएर रहेका फल नलाग्ने उमेरका बोट सङ्ख्या | - | - | - | - | २४,६४६ |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.२२ अनुसार गाउँपालिकामा प्रमुख अस्थायी बालीमध्ये गहुँ र मकैको खेती सबैभन्दा बढी कृषक परिवारले गरेको देखिन्छ। गहुँ खेती गर्ने कृषक परिवार ३,९३८ अर्थात् ९८.८ प्रतिशत रहेका छन् भने मकै खेती गर्ने कृषक परिवार ३,८६१ अर्थात् ९६.९ प्रतिशत रहेका छन्। क्षेत्रफलका आधारमा पनि गहुँ ८२२.१ हेक्टर र मकै ७८०.९ हेक्टरमा खेती गरिएको छ, जसले यी दुई बाली गाउँपालिकाका मुख्य खाद्यान्न बाली भएको स्पष्ट पार्दछ। धान खेती गर्ने कृषक परिवार १,१३० अर्थात् २८.४ प्रतिशत रहेका छन् र यसको खेती क्षेत्रफल १४२.१ हेक्टर रहेको छ।

त्यसैगरी जौ/उवा खेती गर्ने कृषक परिवार ६९१ अर्थात् १७.३ प्रतिशत रहेका छन् भने यसको क्षेत्रफल ३३.९ हेक्टर रहेको छ। कोदो खेती गर्ने कृषक परिवार ११४ अर्थात् २.९ प्रतिशत र क्षेत्रफल ५.५ हेक्टर रहेको देखिन्छ। फापर खेती गर्ने कृषक परिवार ४६ अर्थात् १.२ प्रतिशत मात्र रहेका छन् र यसको क्षेत्रफल ०.४ हेक्टरमा सीमित छ। समग्र रूपमा हेर्दा गाउँपालिकाको अस्थायी बाली प्रणाली गहुँ र मकैमा केन्द्रित रहेको, धानको खेती केही सीमित रहेको र कोदो, जौ/उवा तथा फापरजस्ता परम्परागत बालीहरू न्यून क्षेत्रफलमा मात्र उत्पादन भइरहेको देखिन्छ।

तालिका ७.२३ : प्रमुख बालीहरूमा प्रयोग हुने बीउ/विजन सम्बन्धी विवरण

| बाली | कृषक परिवार | | प्रयोग गर्ने बीउ/विजनको किसिम | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानीय | | उन्नत | | वर्णशंकर (हाइब्रिड) | |
| | सङ्ख्या | प्रतिशत | कृषक परिवार | प्रतिशत | कृषक परिवार | प्रतिशत | कृषक परिवार | प्रतिशत |
| **धान** | १,१३० | २८.४ | ६३० | ५५.८ | ११० | ९.७ | ३९० | ३४.६ |
| **मकै** | ३,८६१ | ९६.९ | ३,६८२ | ९५.४ | १५० | ३.९ | २९ | ०.७ |
| **गहुँ** | ३,९३८ | ९८.८ | ३,६२३ | ९२.० | ३१५ | ८.० | ० | - |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.२३ अनुसार गाउँपालिकामा प्रमुख बालीहरूमा प्रयोग हुने बीउ/विजनको प्रकार फरक-फरक रहेको देखिन्छ। धान खेती गर्ने १,१३० कृषक परिवारमध्ये ६३० परिवार अर्थात् ५५.८ प्रतिशतले स्थानीय बीउ, ११० परिवार अर्थात् ९.७ प्रतिशतले उन्नत बीउ र ३९० परिवार अर्थात् ३४.६ प्रतिशतले वर्णशंकर ( हाइब्रिड ) बीउ प्रयोग गर्ने गरेका छन्। यसले धानमा स्थानीय बीउको प्रयोग अझै बढी रहे पनि हाइब्रिड बीउको प्रयोग पनि उल्लेखनीय रूपमा फैलिएको देखाउँछ।

त्यसैगरी मकै खेती गर्ने ३,८६१ कृषक परिवारमध्ये ३,६८२ परिवार अर्थात् ९५.४ प्रतिशतले स्थानीय बीउ प्रयोग गरेका छन् भने १५० परिवार अर्थात् ३.९ प्रतिशतले उन्नत र २९ परिवार अर्थात् ०.७ प्रतिशतले मात्र हाइब्रिड बीउ प्रयोग गरेका छन्। गहुँ खेती गर्ने ३,९३८ कृषक परिवारमध्ये ३,६२३ परिवार अर्थात् ९२.० प्रतिशतले स्थानीय बीउ र ३१५ परिवार अर्थात् ८.० प्रतिशतले उन्नत बीउ प्रयोग गरेको देखिन्छ भने हाइब्रिड बीउको प्रयोग भएको देखिँदैन। समग्र रूपमा हेर्दा गाउँपालिकामा मकै र गहुँमा स्थानीय बीउको प्रभुत्व रहेको छ भने धानमा केही हदसम्म उन्नत र हाइब्रिड बीउको प्रयोग बढ्दो अवस्थामा रहेको पाइन्छ। यसले कृषि उत्पादन प्रणाली अझै परम्परागत बीउमा आधारित रहेको, तर केही बालीमा सुधारिएको बीउतर्फ क्रमशः संक्रमण हुँदै गएको संकेत गर्दछ।

तालिका ७.२४ : प्रमुख बालीहरूमा प्रयोग हुने मलको किसिम

| बाली | कृषक परिवार | | प्रयोग गर्ने मलको किसिम | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | स्थानीय/ जैविक मल | | खनिज/ रासायनिक मल | | दुवै | |
| | | | कृषक परिवार | प्रतिशत | कृषक परिवार | प्रतिशत | कृषक परिवार | प्रतिशत |
| **धान** | १,१३० | २८.४ | ८७९ | ७७.८ | ४४ | ३.९ | २०६ | १८.२ |
| **मकै** | ३,८६१ | ९६.९ | ३,८४० | ९९.५ | ० | ०.० | २१ | ०.५ |
| **गहुँ** | ३,९३८ | ९८.८ | ३,८९४ | ९८.९ | ० | ०.० | ४४ | १.१ |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का. ।*

तालिका ७.२४ अनुसार गाउँपालिकामा प्रमुख बालीहरूमा स्थानीय/जैविक मलको प्रयोग अत्यधिक रहेको देखिन्छ । धान खेती गर्ने १,१३० कृषक परिवारमध्ये ८७९ परिवार अर्थात् ७७.८ प्रतिशतले स्थानीय/जैविक मल, ४४ परिवार अर्थात् ३.९ प्रतिशतले खनिज/रासायनिक मल र २०६ परिवार अर्थात् १८.२ प्रतिशतले दुवै प्रकारका मल प्रयोग गरेका छन् । यसले धानमा मुख्यतः जैविक मलको प्रयोग बढी भए पनि केही कृषकले रासायनिक तथा मिश्रित मल पनि प्रयोग गरिरहेको देखाउँछ ।

त्यसैगरी मकै खेती गर्ने ३,८६१ कृषक परिवारमध्ये ३,८४० परिवार अर्थात् ९९.५ प्रतिशतले स्थानीय/जैविक मल प्रयोग गरेका छन् भने २१ परिवार अर्थात् ०.५ प्रतिशतले मात्र दुवै प्रकारका मल प्रयोग गरेका छन् । गहुँ खेती गर्ने ३,९३८ कृषक परिवारमध्ये ३,८९४ परिवार अर्थात् ९८.९ प्रतिशतले स्थानीय/जैविक मल र ४४ परिवार अर्थात् १.१ प्रतिशतले दुवै प्रकारका मल प्रयोग गरेका छन् । मकै र गहुँमा खनिज/रासायनिक मल मात्र प्रयोग गर्ने कृषक परिवार नभएको देखिन्छ । समग्र रूपमा हेर्दा गाउँपालिकाको कृषि प्रणाली मुख्यतः स्थानीय वा जैविक मलमा आधारित रहेको र रासायनिक मलको प्रयोग अत्यन्त न्यून रहेको पाइन्छ ।

तालिका ७.२५ : प्रमुख बालीहरूमा कीटनाशक विषादीको प्रयोगको अवस्था

| बाली | खेती गर्ने कृषक परिवार | कीटनाशक विषादी प्रयोग गर्ने | |
|---|---|---|---|
| | | कृषक परिवार | प्रतिशत |
| **धान** | १,१३० | ८६ | ७.७ |
| **मकै** | ३,८६१ | १०८ | २.८ |
| **गहुँ** | ३,९३८ | ० | ०.० |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का. ।*

तालिका ७.२५ अनुसार गाउँपालिकामा प्रमुख बालीहरूमा कीटनाशक विषादीको प्रयोग अत्यन्त न्यून रहेको देखिन्छ । धान खेती गर्ने १,१३० कृषक परिवारमध्ये ८६ परिवार अर्थात् ७.७ प्रतिशतले, मकै खेती गर्ने ३,८६१ परिवारमध्ये १०८ परिवार अर्थात् २.८ प्रतिशतले कीटनाशक विषादी प्रयोग गरेको देखिन्छ । गहुँ खेती गर्ने ३,९३८ कृषक परिवारमध्ये भने कुनै पनि परिवारले कीटनाशक विषादी प्रयोग गरेको पाइँदैन ।

यस तथ्यले गाउँपालिकाको खेती प्रणालीमा कीटनाशक विषादीको प्रयोग सीमित रहेको र परम्परागत वा तुलनात्मक रूपमा कम रसायनमा आधारित कृषि अभ्यास प्रचलित रहेको संकेत गर्दछ । विशेषतः गहुँमा विषादी प्रयोग शून्य हुनु र धान तथा मकैमा पनि यसको प्रयोग निकै कम हुनुबाट यहाँको कृषि प्रणाली अपेक्षाकृत कम विषादीमुखी रहेको बुझिन्छ ।

तालिका ७.२६ : प्रमूख बालीहरूको उत्पादन परिमाण

| क्र.स. | उत्पादन हुने प्रमुख बाली | वार्षिक औषत उत्पादन परिमाण (क्विन्टल ) |
|---|---|---|
| १ | मकै | १२००० देखि १५००० |
| २ | गहु | २२००० देखि २८००० |
| ३ | धान | ८००० देखि १२००० |

| | | |
|---|---|---|
| ४ | कोदो | ८०० देखि १२०० |
| ५ | फापर | ५ देखि २० |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

तालिका ७.२६ अनुसार बाँफिकोट गाउँपालिकामा उत्पादन हुने प्रमुख बालीहरूमा गहुँ, मकै, धान, कोदो र फापर रहेका छन्। वार्षिक औसत उत्पादन परिमाणका आधारमा गहुँ सबैभन्दा बढी उत्पादन हुने बाली हो, जसको उत्पादन २२,००० देखि २८,००० क्विन्टलसम्म रहेको छ। त्यसपछि मकैको उत्पादन १२,००० देखि १५,००० क्विन्टल र धानको उत्पादन ८,००० देखि १२,००० क्विन्टल रहेको देखिन्छ। कोदोको उत्पादन ८०० देखि १,२०० क्विन्टलसम्म सीमित छ भने फापरको उत्पादन अत्यन्त न्यून, ५ देखि २० क्विन्टल मात्र रहेको छ। यसले गाउँपालिकाको कृषि उत्पादन प्रणाली मुख्यतः गहुँ, मकै र धानमा आधारित रहेको देखाउँछ।

**तालिका ७.२७ : कृषक परिवारले पालेका पाल्तु पशुपन्छीको सङ्ख्या**

| पशुपक्षीको प्रकार | कृषक परिवार | | पशुपंक्षीको सङ्ख्या |
|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | |
| गाई/गोरु | १,९७४ | ४९.५ | ४,२९३ |
| राँगा/भैंसी | १,९१२ | ४८.० | ४,२९७ |
| बाख्रा/च्याङ्ग्रा | २,९५४ | ७४.१ | १४,४५२ |
| भेंडा/भेंडी | ४९४ | १२.४ | १,२२० |
| सुँगुर/बङ्गुर | १२ | ०.३ | ३५ |
| अन्य पशु | ३५ | ०.९ | ३५ |
| कुखुरा | २,१५२ | ५४.० | २२,५०० |
| अन्य पक्षी | १२७ | ३.२ | २४३ |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.२७ अनुसार गाउँपालिकामा पाल्तु पशुपन्छी पाल्ने कृषक परिवारमध्ये बाख्रा/च्याङ्ग्रा पालन गर्ने परिवार सबैभन्दा बढी २,९५४ अर्थात् ७४.१ प्रतिशत रहेका छन्, र तिनको कुल सङ्ख्या १४,४५२ रहेको छ। त्यसपछि कुखुरा पालन गर्ने २,१५२ परिवार अर्थात् ५४.० प्रतिशत रहेका छन्, जसमा कुखुराको कुल सङ्ख्या २२,५०० रहेको देखिन्छ। गाई/गोरु पालन गर्ने १,९७४ परिवार ( ४९.५ प्रतिशत ) र राँगा/भैंसी पालन गर्ने १,९१२ परिवार ( ४८.० प्रतिशत ) रहेका छन्, जसमा गाई/गोरुको सङ्ख्या ४,२९३ र राँगा/भैंसीको सङ्ख्या ४,२९७ रहेको छ।

त्यसैगरी भेंडा/भेंडी पालन गर्ने ४९४ परिवार अर्थात् १२.४ प्रतिशत रहेका छन् र तिनको कुल सङ्ख्या १,२२० रहेको छ। सुँगुर/बङ्गुर पालन गर्ने परिवार १२ अर्थात् ०.३ प्रतिशत मात्र रहेका छन्, जसमा कुल सङ्ख्या ३५ रहेको छ। अन्य पशु पालन गर्ने ३५ परिवार ( ०.९ प्रतिशत ) तथा अन्य पक्षी पालन गर्ने १२७ परिवार ( ३.२ प्रतिशत ) रहेका छन्, जसमा अन्य पक्षीको सङ्ख्या २४३ रहेको छ। समग्र रूपमा हेर्दा गाउँपालिकामा बाख्रा/च्याङ्ग्रा, कुखुरा, गाई/गोरु र राँगा/भैंसी पालन प्रमुख रहेको देखिन्छ, जसले पशुपालन यहाँको कृषिमा आधारित जीविकोपार्जनको महत्वपूर्ण आधार भएको स्पष्ट पार्दछ।

**तालिका ७.२८ : बाली नाली तथा पशुपन्छीमा देखिएका प्रमुख रोगहरु**

| क्र.स. | रोगको नाम | प्रभावित बाली/पशु /पन्छीको नाम | कैफियत |
|---|---|---|---|
| १ | पहेलो सीन्दुरे रोग | गहु | |
| २ | ब्लाष्ट | धान | |
| ३ | पिङ्क रोग | सुन्तला | |
| ४ | सेतो ढुसी रोग | सुन्तला | |
| ५ | कोगे रोग | सिमि, घ्युफल | |
| ६ | पछ्यौटे डढुवा रोग | आलु, टमाटर | |

| | | | |
|---|---|---|---|
| ७ | थुनेलो रोग | गाई, भैसी, बाख्रा | |
| ८ | आन्तरिक परिजिवी | गाई, भैसी, बाख्रा,भेडा | वर्षायाममा बढि देखिने |
| ९ | ब्लोटिङ | गाई, भैसी, बाख्रा,भेडा | |
| १० | गर्भ तुहिने, साल नखस्ने | गाई, भैसी, बाख्रा,भेडा | |
| ११ | एसाइटिस | कुखुरा | |
| १२ | पार्भो इनफेक्सन | कुकुर | गर्मि मौसमा देखेने |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

**तालिका ७.२९ : कृषि ऋण, थप ऋणको आवश्यकता, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार सङ्ख्या**

| विवरण | कृषक परिवार सङ्ख्या | प्रतिशत |
|---|---:|---:|
| जम्मा कृषक परिवार | ३,९८४ | १०० |
| कृषि ऋण लिएका कृषक परिवार | २५० | ६.३ |
| कृषि ऋण / थप ऋणको आवश्यकता उल्लेख गर्ने कृषक परिवार | १,९७४ | ४९.६ |
| कृषि क्रियाकलापको लागि बिमा गरेका कृषक परिवार | ६७ | १.७ |
| कृषि कार्यको लागि सरकारी अनुदान प्राप्त गरेका कृषक परिवार | ३३ | ०.८ |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.२९ अनुसार गाउँपालिकामा कुल ३,९८४ कृषक परिवारमध्ये २५० परिवार अर्थात् ६.३ प्रतिशतले मात्र कृषि ऋण लिएको देखिन्छ। तर १,९७४ कृषक परिवार अर्थात् ४९.६ प्रतिशतले कृषि ऋण वा थप ऋणको आवश्यकता रहेको उल्लेख गरेका छन्। यसले कृषक परिवारमा कृषि लगानीका लागि वित्तीय आवश्यकताको स्तर उच्च रहे पनि औपचारिक ऋण पहुँच तुलनात्मक रूपमा न्यून रहेको संकेत गर्दछ।

त्यसैगरी कृषि क्रियाकलापका लागि बिमा गरेका कृषक परिवार ६७ अर्थात् १.७ प्रतिशत मात्र रहेका छन् भने कृषि कार्यका लागि सरकारी अनुदान प्राप्त गर्ने कृषक परिवार ३३ अर्थात् ०.८ प्रतिशत मात्र रहेका छन्। यसले कृषि क्षेत्रमा जोखिम व्यवस्थापनका साधन, जस्तै बिमा, र सरकारी सहयोगको पहुँच अत्यन्त सीमित रहेको देखाउँछ। समग्र रूपमा हेर्दा गाउँपालिकामा कृषि ऋण, बिमा तथा अनुदानको पहुँच न्यून रहेको हुँदा कृषक परिवारको उत्पादन विस्तार, जोखिम न्यूनीकरण तथा कृषि आधुनिकीकरणका लागि वित्तीय सेवा र सरकारी सहयोगको दायरा विस्तार गर्न आवश्यक देखिन्छ।

**तालिका ७.३० : कृषि चलनबाट भएको प्रमुख उत्पादनको प्रमुख प्रयोग अनुसार कृषक परिवार सङ्ख्या**

| विवरण | कृषक परिवार सङ्ख्या | प्रतिशत |
|---|---:|---:|
| परिवारको आम्दानीको मुख्य स्रोत कृषि भएका कृषक परिवार | ३,९२६ | ९८.५ |
| परिवारको आम्दानीको मुख्य स्रोत गैरकृषि भएका कृषक परिवार | ५८ | १.५ |
| उत्पादन सबै घरायसी उपभोग गर्ने | ३,६३९ | ९१.३ |
| मुख्य रूपमा घरायसी उपभोग र केही बिक्री | १९५ | ४.९ |
| मुख्य बिक्री र केही घरायसी उपभोग | १२ | ०.३ |
| सबै बिक्री गर्ने | १३९ | ३.५ |
| **जम्मा** | **३,९८५** | **१००** |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.३० अनुसार बाँफिकोट गाउँपालिकाका अधिकांश कृषक परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको देखिन्छ। कुल ३,९८५ कृषक परिवारमध्ये ३,९२६ परिवार अर्थात् ९८.५ प्रतिशतको आम्दानीको प्रमुख आधार कृषि हो भने ५८ परिवार अर्थात् १.५ प्रतिशतको मुख्य स्रोत गैरकृषि रहेको छ। उत्पादनको प्रयोग हेर्दा ३,६३९ कृषक परिवार अर्थात् ९१.३ प्रतिशतले उत्पादन सबै घरायसी उपभोगका लागि प्रयोग गर्ने गरेका छन्। मुख्य रूपमा घरायसी उपभोग गरी केही बिक्री गर्ने परिवार ४.९ प्रतिशत, मुख्य बिक्री गरी केही

उपभोग गर्ने ०.३ प्रतिशत र सबै बिक्री गर्ने ३.५ प्रतिशत मात्र रहेका छन्। यसले गाउँपालिकाको कृषि प्रणाली मुख्यतः जीविकोपार्जनमुखी रहेको र बजारमुखी कृषि अझै सीमित रहेको देखाउँछ।

## ७.५ खाद्य पर्याप्तता, गरिबी तथा आर्थिक जोखिम

यस उपखण्डमा घरपरिवारको खाद्य पर्याप्तता, गरिबीको अवस्था तथा आर्थिक जोखिमसँग सम्बन्धित विवरण प्रस्तुत गरिएको छ। आफ्नै कृषि उत्पादनबाट प्राप्त आम्दानीले वर्षभरी खान पुग्ने वा नपुग्ने कृषक परिवारको अवस्था तथा गरिबीको दर यस अन्तर्गत समावेश गरिएको छ। स्थानीय तहमा जीवनस्तर, आर्थिक अभाव, उत्पादन क्षमताको सीमितता तथा जोखिममा रहेका परिवारको अवस्था बुझ्न यस्ता विवरण आवश्यक पर्दछन्। प्रस्तुत तथ्याङ्कहरूले खाद्य सुरक्षाको अवस्था, आर्थिक कमजोरिको स्तर तथा गरिबी न्यूनीकरणका लागि आवश्यक हस्तक्षेप क्षेत्र पहिचान गर्न महत्वपूर्ण आधार प्रदान गर्दछन्।

**तालिका ७. ३१ : आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान पुग्ने/नपुग्ने कृषक परिवार सम्बन्धी विवरण**

| विवरण | कृषक परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि उत्पादनबाट भएको आम्दानीले वर्षभरि खान पुग्ने कृषक परिवार | ६२९ | १५.८ |
| कृषि उत्पादनबाट भएको आम्दानीले वर्षभरि खान नपुग्ने कृषक परिवार | ३,३५५ | ८४.२ |
| **खाद्य असुरक्षाको अवस्था (आफ्नै कृषि उत्दानले खान नपुग्ने अवधि):** | | |
| १ देखि ३ महिना खान नपुग्ने | १,१२६ | २८.३ |
| ४ देखि ६ महिना खान नपुग्ने | २,०८१ | ५२.२ |
| ७ देखि ९ महिना खान नपुग्ने | १०२ | २.६ |
| १० देखि १२ महिना खान नपुग्ने | ४६ | १.२ |
| **जम्मा कृषक परिवार** | **३,९८४** | **१००** |

*स्रोत : राष्ट्रिय कृषि गणना २०७८, रा.त.का.।*

तालिका ७.३१ अनुसार बाँफिकोट गाउँपालिकामा आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले वर्षभरि परिवारलाई खान पुग्ने कृषक परिवारको हिस्सा निकै कम देखिन्छ। कुल ३,९८४ कृषक परिवारमध्ये ६२९ परिवार अर्थात् १५.८ प्रतिशतलाई मात्र आफ्नै कृषि उत्पादनबाट वर्षभरि खान पुग्ने अवस्था छ भने ३,३५५ परिवार अर्थात् ८४.२ प्रतिशतलाई वर्षभरि खान नपुग्ने देखिन्छ।

खाद्य असुरक्षाको अवधि हेर्दा ४ देखि ६ महिना खान नपुग्ने कृषक परिवार सबैभन्दा बढी २,०८१ अर्थात् ५२.२ प्रतिशत रहेका छन्। त्यसपछि १ देखि ३ महिना खान नपुग्ने १,१२६ परिवार अर्थात् २८.३ प्रतिशत रहेका छन्। ७ देखि ९ महिना खान नपुग्ने २.६ प्रतिशत र १० देखि १२ महिना खान नपुग्ने १.२ प्रतिशत मात्र रहेका छन्। यसले गाउँपालिकाको कृषि प्रणाली जीविकोपार्जनमुखी भए पनि खाद्य आत्मनिर्भरता कमजोर रहेको देखाउँछ।

**तालिका ७.३२ : गाउँपालिकामा गरिबीको दर**

| विवरण | मान | कैफियत |
|---|---|---|
| गरिबहरूको सङ्ख्या (Poverty Head Count) | ४,०८२ | |
| गरिबीको दर (Poverty Rate) % | १९.४१ | |
| गरिबीको विषमता (Poverty Gap)% | ३.४६ | |
| गरिबीको गहनता (Poverty Severity)% | ०.९२ | |

*स्रोत : नेपालमा गरिबीको लघुक्षेत्र अनुमान २०८०, रा.त.का.।*

तालिका ७.३२ अनुसार बाँफिकोट गाउँपालिकामा गरिबहरूको सङ्ख्या ४,०८२ रहेको छ भने गरिबीको दर १९.४१ प्रतिशत रहेको देखिन्छ। यसले गाउँपालिकाको करिब पाँचमध्ये एक जना जनसंख्या गरिबीको रेखामुनि रहेको संकेत गर्दछ। गरिबीको विषमता ३.४६ रहेकोले गरिब जनसंख्या गरिबी रेखाबाट कति टाढा छन् भन्ने अवस्था मध्यम देखिन्छ। त्यस्तै, गरिबीको गहनता ०.९२ प्रतिशत रहेको

देखिन्छ, यसको अर्थ गाउँपालिकामा गरिबीको समस्या विद्यमान भए पनि अत्यन्त गहिरो गरिबीमा रहेका परिवारहरूको अनुपात तुलनात्मक रुपमा कम रहेको देखिन्छ। तथापि गरिबी न्यूनीकरण तथा आयआर्जनका लक्षित कार्यक्रमहरू सञ्चालन गरी गरिब समुदायको जीवनस्तर सुधार गर्न आवश्यक देखिन्छ।। समग्रमा, गाउँपालिकामा गरिबी न्यूनीकरणका लागि आयआर्जन, रोजगारी सिर्जना, कृषि उत्पादकत्व वृद्धि, सीप विकास तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने देखिन्छ।

## ७.६ सहकारी सम्बन्धी विवरण

सहकारी संस्था स्थानीय स्तरमा बचत परिचालन, ऋण प्रवाह, कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन, उद्यम विकास, रोजगारी सिर्जना तथा समुदायको आर्थिक सशक्तीकरणका महत्वपूर्ण माध्यम मानिन्छन्। बाँफिकोट गाउँपालिकामा विभिन्न प्रकृतिका कृषि, बचत तथा ऋण, उपभोक्ता, श्रमिक तथा बहुउद्देश्यीय सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन्। यी संस्थाहरूले स्थानीय उत्पादन तथा व्यवसाय प्रवर्द्धन, वित्तीय पहुँच विस्तार, सामूहिक लगानी तथा सदस्यहरूको आर्थिक तथा सामाजिक हित अभिवृद्धिमा योगदान पुर्‍याउँदै आएका छन्। गाउँपालिकामा सञ्चालनमा रहेका सहकारी संस्थाहरूको विवरण, तिनको प्रकृति, प्रत्यक्ष रोजगारी, सदस्य सङ्ख्या तथा ठेगानासम्बन्धी जानकारी तालिका ७.३३ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.३३ : बाँफिकोट गाउँपालिकामा रहेका सहकारीहरूको सूची**

| सि नं | सहकारी संस्थाको नाम | प्रकृति | प्रत्यक्ष रोजगारी (जना) | सदस्य सङ्ख्या | ठेगाना |
|---|---|---|---|---|---|
| १ | श्री स्यार्पुताल साना किसान सहकारी संस्था लिमिटेड | बहुउद्देश्यीय | ३ | ५७० | बाँफिकोट गाउँपालिका-४ |
| २ | स्यार्पुताल कृषि सहकारी संस्था लिमिटेड | कृषि सहकारी | २ | | बाँफिकोट गाउँपालिका - ३ |
| ३ | सानोभेरी कृषि सहकारी संस्था लिमिटेड | कृषि सहकारी | २ | | बाँफिकोट गाउँपालिका - ९ |
| ४ | आदर्श उपभोत्ता सहकारी संस्था | उपभोक्ता | २ | | बाँफिकोट गाउँपालिका वडानं ९ |
| ५ | कृषि व्यवसाय तथा आयआर्जन सहकारी संस्था | बचत तथा ऋण | २ | | बाँफिकोट गाउँपालिका - ४ |
| ६ | चेतनशिल कृषि सहकारी संस्था लिमिटेड | कृषि सहकारी | २ | | बाँफिकोट गाउँपालिका - २ |
| ७ | झुलाठाटी कृषि सहकारी संस्था लिमिटेड | कृषि सहकारी | २ | | बाँफिकोट गाउँपालिका - १० |
| ८ | झालेकोट पशुपालन सहकारी संस्था लिमिटेड | कृषि सहकारी | २ | | बाँफिकोट गाउँपालिका -३ |
| ९ | त्रिशुलगैरी उपभोत्ता सहकारी संस्था लिमिटेड | उपभोक्ता | २ | | बाँफिकोट गाउँपालिका - १० |
| १० | रुनेपानी कृषि सहकारी संस्था लिमिटेड | कृषि सहकारी | २ | | बाँफिकोट गाउँपालिका -२ |
| ११ | लक्ष्मी विकास वचत तथा ऋण सहकारी संस्था लिमिटेड | बचत तथा ऋण | २ | | बाँफिकोट गाउँपालिका -४ छिनखेत |
| १२ | पालाकोट बहुउदेश्य सहकारी संस्था लिमिटेड | बहुउद्देश्यीय | २ | ८७ | बाँफिकोट गाउँपालिका -१ |
| १३ | मेलगैरी कृषि सहकारी संस्था लिमिटेड | कृषि सहकारी | २ | २५९ | बाँफिकोट गाउँपालिका -२ |
| १४ | परिवर्तनशिल महिला बहुउदेश्य सहकारी संस्था लिमिटेड | बहुउद्देश्यीय | २ | २५० | बाँफिकोट गाउँपालिका -२ |
| १५ | विवेकशिल महिला बहुउदेश्य सहकारी संस्था लिमिटेड | बहुउद्देश्यीय | २ | ३१ | बाँफिकोट गाउँपालिका -२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | रक्त्तिम श्रमिक सहकारी संस्था लिमिटेड | अन्य सहकारी | २ | २०० | बाँफिकोट गाउँपालिका -२ |
| १७ | मग्मा दुलि साना किसान कृषि सहकारी संस्था लिमिटेड | कृषि सहकारी | २ | ३२ | बाँफिकोट गाउँपालिका -६ |
| १८ | झारमारे कृषि सहारी संस्था लिमिटेड | कृषि सहकारी | २ | | बाँफिकोट गाउँपालिका -६ र ७ |
| १९ | आईटिएल सहकारी संस्था लिमिटेड | अन्य सहकारी | २ | | बाँफिकोट गाउँपालिका -१० |
| २० | हरियाली श्रमिक सहकारी संस्था लिमिटेड | अन्य सहकारी | २ | १५ | बाँफिकोट गाउँपालिका -१० |
| २१ | गुप्तीदह श्रमिक सहकारी संस्था लिमिटेड | अन्य सहकारी | २ | | बाँफिकोट गाउँपालिका -१० |
| २२ | सुनैलोविहानी श्रमिक सहकारी संस्था लिमिटेड | अन्य सहकारी | २ | | बाँफिकोट गाउँपालिका -१० |
| २३ | ठाँटीज्युला श्रमिक सहकारी संस्था लिमिटेड | अन्य सहकारी | २ | | बाँफिकोट गाउँपालिका -१० |
| २४ | बाँफिकोट महिला बहुउदेश्य सहकारी संस्था लिमिटेड | बहुउद्देश्यीय | २ | | बाँफिकोट गाउँपालिका |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२ ।*

# खण्ड ८: भौतिक पूर्वाधार

## ८.१ भवन पूर्वाधार

भवन पूर्वाधार कुनै पनि स्थानीय तहको प्रशासनिक, शैक्षिक, स्वास्थ्य तथा अन्य सार्वजनिक सेवा प्रवाहको महत्वपूर्ण आधार हो। पर्याप्त तथा गुणस्तरीय भवन पूर्वाधारको उपलब्धताले सेवा प्रवाहलाई प्रभावकारी, व्यवस्थित र नागरिकमैत्री बनाउन सहयोग पुऱ्याउँछ। गाउँपालिकाभित्र रहेका सरकारी कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सेवा केन्द्रहरूको भौतिक अवस्था र भवन संरचनाले स्थानीय विकास तथा सेवा पहुँचको अवस्थालाई प्रतिबिम्बित गर्दछ। बाँफिकोट गाउँपालिकामा प्रशासनिक, शैक्षिक, स्वास्थ्य तथा कृषि–पशु सेवासँग सम्बन्धित विभिन्न सरकारी कार्यालय तथा संस्थाहरू सञ्चालनमा रहेका छन्, जसका भवनहरूको अवस्था तथा उपलब्धता सम्बन्धी विवरण तालिका ३४ मा प्रस्तुत गरिएको छ।

**तालिका ८.१ : सरकारी कार्यालयका भवन**

| क्र.स. | कार्यालयको नाम | भवनको किसिम | उपलब्ध कोठा सङ्ख्या |
|---|---|---|---|
| १ | कार्यपालिकाको कार्यालय | पक्कि | २२ वटा |
| २ | वडा कार्यालय (१० वटा ) | पक्कि ६ वटा कच्चि ४ वटा | १० वटा |
| ३ | विद्यालय | पक्कि/कच्चि | ४४ वटा |
| ४ | स्वास्थ्य संस्था | पक्कि/कच्चि | ११ वटा |
| ५ | कृषि सेवा केन्द्र | कच्चि | १ वटा |
| ६ | पशु सेवा केन्द्र | कच्चि | १ वटा |
| ७ | हुलाक कार्यालय | कच्चि | १ वटा |

*स्रोत : बाँफिकोट गाउँकार्यपालकाको कार्यालय, २०८२।*

**तालिका ८.२ : सुरक्षा निकाय सम्वन्धी विवरण**

| क्र.स. | इलाका प्रहरी कार्यालय/प्रहरी पोष्ट | वडा नं/ ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| १ | बाँफिकोट ईलाका प्रहरी कार्यालय,बाँफिकोट | वडा नं. ४ | |
| २ | छिनखेत अस्थायी प्रहरी कार्यालय | वडा नं. ४ | |
| ३ | मग्मा अस्थायी प्रहरी कार्यालय,मग्मा | वडा नं. ६ | |
| ४ | पिपल अस्थायी प्रहरी कार्यालय | वडा नं. २ | |

*स्रोत : बाँफिकोट गाउँकार्यपालकाको कार्यालय, २०८२।*

## ८.२ गाउँपालिकाको सडक पूर्वाधारको विद्यमान अवस्था

बाँफिकोट गाउँपालिकाको सडक सञ्जाल पछिल्लो समय विस्तार हुँदै गएको भए पनि यसको समग्र अवस्था अझै सुधारको क्रममा रहेको देखिन्छ। गाउँपालिकाको मुख्य यातायात आधारका रूपमा मध्यपहाडी राजमार्ग (NH03) रहेको छ, जसले यस क्षेत्रलाई राष्ट्रिय सडक सञ्जाल तथा अन्य प्रमुख केन्द्रहरूसँग जोड्ने महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यसका अतिरिक्त गाउँपालिकाका विभिन्न वडा, बस्ती, प्रशासनिक केन्द्र तथा स्यार्पु ताललगायतका पर्यटकीय स्थलहरूलाई जोड्ने ग्रामीण तथा फिडर सडकहरू पनि निर्माण भएका छन्।

यद्यपि, गाउँपालिकाभित्र साना–साना टुक्रे सडकहरू धेरै रहेका छन्, जसले बस्तीस्तरमा पहुँच विस्तार गरे पनि एकीकृत, दिगो र गुणस्तरीय सडक सञ्जाल निर्माणमा चुनौती सिर्जना गरेको छ। स्थानीय सडकहरूमध्ये धेरैजसो कच्ची, साँघुरा तथा ग्राभेल नगरिएका अवस्थाका रहेका कारण वर्षायाममा पहिरो, हिलो र सडक अवरुद्ध हुने समस्या देखिन्छ। बाह्रै महिना सुरक्षित र नियमित आवागमन सुनिश्चित गर्न सडकहरूको एकीकृत योजना, स्तरोन्नति, ग्राभेलिङ, कालोपत्रे, नाली निर्माण तथा टेवा पर्खालजस्ता पूर्वाधार विकासलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ।

तालिका ८.३ : गाउँपालिकामा सडकको अवस्था

| सडकको प्रकार | सडक सङ्ख्या | कुल दुरी (कि.मी.) | औसत चौडाई (मिटर) |
|---|---|---|---|
| कालोपत्रे | ३ | १६ | ७ |
| ग्राभेल | १ | ११ | ५ |
| कच्ची (धुलेमाटे र बन्दै गरेको ट्र्याक सहित) | २० | १०० | ४.८ |

*स्रोत : बाँफिकोट गाउँपालिका वस्तुगत विवरण २०७८, बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय।*

तालिका ८.४ : गाउँपालिकाका मूख्य सडक सञ्जाल विवरण

| क्र.स. | सडकको नाम | प्रकार | देखि | सम्म | छोएका वडा नं. | लम्वाई | चौडाई |
|---|---|---|---|---|---|---|---|
| १ | दुबेरी काब्राबोट सडक | कृषि सडक | दुबेरी | काब्राबोट | २ | ०.९३ | ४ |
| २ | कच्चा सडक | कच्ची | भेराखेत | पिपल | ९ | उ.न. | उ.न. |
| ३ | दह पिपल सडक | कृषि सडक | दह | पिपल | ५ | उ.न. | ५ |
| ४ | स्यानिदह सडक | कृषि सडक | दह | स्यानिदह | ३ | १ | ४ |
| ५ | झुला फेरा | कच्ची | झुला | फेरा | १० | उ.न. | ४ |
| ६ | झुला मयरी | कच्ची | झुला | मयरि | १० | उ.न. | ४ |
| ७ | गाराघाट ठाँटि | कच्ची | गाराघाट | ठाँटी | १० | उ.न. | ४ |
| ८ | रिलु मोचे सडक | कच्ची | ढारबाङ्ग | झुला | ६, ७, ८, ९ | १० | ५ |
| ९ | खलंगा राडि सडक | कच्ची | खलंगा | राडी | ४, ६, ७ | ०.०५ | ६ |
| १० | जिप्सिङ सडक | कच्ची | मौवाबारि | भम्पू | ६ | ५ | ६ |
| ११ | मग्मा सडक | कच्ची | किमान खोला | मग्मा | ६ | २ | ६ |
| १२ | मेल्दादा सडक | कच्ची | मग्मा | मेल्डादा | ६ | १ | ६ |
| १३ | स्याला सडक | कच्ची | सालघारि | स्याला | ६ | १.५ | ६ |
| १४ | तलिगाउ सडक | कच्ची | बलाहान्न | बदगाउ | ५, ६ | २ | ५ |
| १५ | नदुवा खदि सडक | कच्ची | नदुवा | खदि | ७ | ५० | ५ |
| १६ | रिम्ना-गाराघाट-सिस्ने सडक | कच्ची | छिप्राखोला | रेउतखोला | २, १ | ५ | ४ |
| १७ | पुमा सहिद स्मृति पार्क सडक | कृषि सडक | पुमा मुर | रुखबाङ घटालइ | २ | ५.५ | ४ |
| १८ | बदगाउँ सडक | कच्ची | बाँफिकोट | बदगाउँ | ५ | ५ | ४ |
| १९ | काडागाउँ सडक | कच्ची | बाँफिकोट | काडागाउँ | ५, २ | ५.५ | ४ |
| २० | स्यार्फु निर्माण सडक | कच्ची | बाँफिकोट | स्यार्फु | ५ | ५.६ | ४ |

* उ.न. = उपलब्ध नभएको।

*स्रोत : बाँफिकोट गाउँपालिका वस्तुगत विवरण २०७८, बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय।*

तालिका ८.५ : वडाकेन्द्र देखि गाउँपालिका केन्द्रसम्मको पहुँच

| वडा नं | स्थानीय तहको केन्द्रदेखि वडा कार्यालयसम्मको सडकको | | अमुमानित समय (एकतर्फी) |
|---|---|---|---|
| | दुरी | प्रकार | |
| १ | ९ कि मि | ग्रावेल | |
| २ | ७.५ कि मि | ग्रावेल | |
| ३ | १.५ कि मि | ग्रावेल | |
| ४ | १५० मिटर | पक्कि | |
| ५ | २.५ कि मि | ग्रावेल | |
| ६ | ८.५ कि मि | पक्कि | |
| ७ | ११.५ कि मि | पक्कि | |
| ८ | १२ कि मि | पक्कि+ ग्रावेल | |
| ९ | ६.५ कि मि | पक्कि+ग्रावेल | |

| | | |
|---|---|---|
| १० | ७ कि मि | पक्कि + ग्राभेल |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

तालिका ८.५ अनुसार बाँफिकोट गाउँपालिकाको केन्द्रदेखि विभिन्न वडा कार्यालयसम्मको सडक पहुँच तुलनात्मक रूपमा विस्तार भएको देखिन्छ। वडा नं. ४ गाउँपालिका केन्द्रमै नजिक रहेकोले यसको दूरी करिब १५० मिटर मात्र छ भने वडा नं. ८ सबैभन्दा टाढा १२ कि.मि. दूरीमा रहेको छ। वडा नं. ३, ५, ९ र १० केन्द्रबाट तुलनात्मक रूपमा नजिक रहेका छन् भने वडा नं. १, २, ६, ७ र ८ केही टाढा रहेका छन्।

सडकको प्रकार हेर्दा केही वडा कार्यालयहरू पक्की सडकमार्फत जोडिएका छन् भने केही वडा ग्राभेल तथा पक्की - ग्राभेल मिश्रित सडकबाट जोडिएका छन्। वडा नं. ६ र ७ पक्की सडकबाट, वडा नं. १, २, ३ र ५ ग्राभेल सडकबाट, तथा वडा नं. ८, ९ र १० पक्की–ग्राभेल मिश्रित सडकबाट गाउँपालिका केन्द्रसँग जोडिएका छन्। यसले वडा केन्द्रहरूमा सडक पहुँच पुगेको देखाए पनि सबै वडामा गुणस्तरीय, सुरक्षित र बाह्रै महिना सञ्चालनयोग्य सडक सुविधा सुनिश्चित गर्न थप स्तरोन्नति आवश्यक देखाँउदछ।

## ८.३ गाउँपालिकामा रहेका पुलहरूको विवरण

तालिका ८.६ : मूख्य पुलहरूको विवरण

| क्र.स. | पुलको नाम | वडा नं. | दाँया किनारा | बाँया किनारा | निर्मित साल | लम्वाई (मि.) | चौडाई (मि.) |
|---|---|---|---|---|---|---|---|
| १ | डर्ने पुल | ३ | डार्ने | ढोल्टाउरा | २०७२ | १० | २ |
| २ | बालुवाचौर पुल | ३ | बालुवाचौर | सल्लेचौर | २०६८ | १०० | २ |
| ३ | खुटेसल्ली पुल | ३ | दह | दह | २०६८ | १० | ४ |
| ४ | किमान पुल | ६, ९ | मग्मा | झुला | २०६६ | ३० | १ |
| ५ | मग्मा पुल | ६ | मग्मा | मग्मा | २०६५ | ५ | २ |
| ६ | तिउरिखोला पुल | ६ | मग्मा | मग्मा | २०७४ | १० | २ |
| ७ | दुलिखोला पुल | ६ | मग्मा | मग्मा | २०६० | ७ | २ |
| ८ | घत्तेखोला पुल | ६, ५ | उ.न. | उ.न. | २०७४ | ५ | २ |
| ९ | ठाँटी पुल | १० | बाँफिकोट १० | मुसिकोट ३ | उ.न. | १५० | १ |
| १० | कुनाखेत पानीभर्ना झोलुङ्गे पुल | २ | बाँफिकोट-२, कुनाखेत | सिस्ने गा.पा.-८, पानीभर्ना | २०५७ | ६८.६ | १ |
| ११ | पुमा दानिपिपल झोलुङ्गे पुल | २ | बाँफिकोट-२, पुमा | बाँफिकोट-१, दानिपिपल | १९९५ | ७०.१ | उ.न. |
| १२ | खोपुखेउ धपे झोलुङ्गे पुल | २ | खोपुखेउ | धपे | २०७३ | ६८.८ | १ |
| १३ | लेखबाङ्ग पुल | ५ | भार | तिमुरचौर | २०६५ | ९ | २ |
| १४ | बडागाउँ खोला | ५,६ | बडागाउँ | मग्मा | २०७५ | ३० | ३ |
| १५ | खरखोला | ५ | स्यार्फु | खरखोला | २०६७ | ३३ | ३ |

* उ.न. = उपलब्ध नभएको।

*स्रोत : बाँफिकोट गाउँपालिका वस्तुगत विवरण २०७८, बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय*

## खण्ड ९: स्थानीय शासन, राजनीतिक-प्रशासनिक तथा सेवा प्रभाव

स्थानीय शासन नागरिकको सबैभन्दा नजिकबाट सेवा प्रवाह गर्ने शासन प्रणाली हो, जसमा निर्वाचित जनप्रतिनिधि, प्रशासनिक संयन्त्र, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन तथा शान्ति सुरक्षा व्यवस्थापनबीच समन्वय आवश्यक हुन्छ। बाँफिकोट गाउँपालिकामा स्थानीय शासन प्रणाली जनप्रतिनिधि र कर्मचारी संयन्त्रमार्फत सञ्चालन हुँदै आएको छ। यस खण्डमा स्थानीय तह निर्वाचनसम्बन्धी विवरण, गाउँपालिकाको प्रशासनिक संरचना, सार्वजनिक सेवा प्रवाह, शान्ति सुरक्षा तथा न्यायिक व्यवस्थासम्बन्धी अवस्थालाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

### ९.१ स्थानीय तह निर्वाचन सम्बन्धी विवरण

स्थानीय तह निर्वाचन स्थानीय सरकार गठन तथा नागरिकको राजनीतिक सहभागिता सुनिश्चित गर्ने महत्वपूर्ण लोकतान्त्रिक प्रक्रिया हो। बाँफिकोट गाउँपालिकामा सम्पन्न २०७४ र २०७९ सालका स्थानीय तह निर्वाचनहरूले स्थानीय राजनीतिक प्रतिनिधित्व, मतदाताको सहभागिता तथा नेतृत्व संरचनामा आएको परिवर्तनलाई प्रतिबिम्बित गर्दछन्। यस उपखण्डमा स्थानीय तह निर्वाचन २०७४ र २०७९ का परिणामहरूको तुलनात्मक विवरण, निर्वाचनमा सहभागी उम्मेदवारहरूको उमेर समूहगत अवस्था, निर्वाचित जनप्रतिनिधिहरूको उमेर समूहगत वितरण तथा निर्वाचनसँग सम्बन्धित अन्य प्रमुख सूचकहरू प्रस्तुत गरिएको छ। यी विवरणहरूले गाउँपालिकाको स्थानीय राजनीतिक संरचना, नेतृत्वको प्रवृत्ति तथा जनप्रतिनिधित्वको अवस्थाबारे समग्र जानकारी प्रदान गर्दछन्।

तालिका ९.१ : गाउँपालिकाको स्थानीय तह निर्वाचन २०७४ र २०७९ को विवरण

| क्र.स. | विवरण | | निर्वाचन वर्ष | | परिवर्तान | |
|---|---|---|---|---|---|---|
| | | | २०७४ | २०७९ | सङ्ख्या | प्रतिशत |
| १०. | मतदान स्थल सख्या | | १० | १० | ० | ०.० |
| ११. | मतदान केन्द्र सङ्ख्या | | १४ | १८ | ४ | २८.६ |
| १२. | कुल मतदाता सङ्ख्या | | ९,७३५ | १३,७२७ | ३,९९२ | ४१.० |
| | | पुरुष मतदाता | ४,९८३ | ६,९४५ | १,९६२ | ३९.४ |
| | | महिला मतदाता | ४,७५२ | ६,७८२ | २,०३० | ४२.७ |
| १३. | खसेको कुल मत | | ७,२७४ | ९,५३७ | २,२६३ | ३१.१ |
| १४. | मतदान प्रतिशत (%) | | ७४.७ | ६९.५ | | -५.२ |
| १५. | कुल सदर मत | | ६,६५८ | उ.न. | - | - |
| १६. | सदर मत प्रतिशत (%) | | ९१.५ | उ.न. | - | - |
| १७. | बदर मत | | ६१६ | उ.न. | - | - |
| १८. | बदर मत प्रतिशत (%) | | ८.५ | उ.न. | - | - |
| १९. | कुल उम्मेदवार | | १५९ | १४६ | -१३ | -८.२ |
| | | पुरुष उम्मेदवार | ९७ | ८९ | -८ | -८.२ |
| | | महिला उम्मेदवार | ६२ | ५७ | -५ | -८.१ |
| २०. | कुल पद | | ५२ | ५२ | ० | ०.० |
| | | निर्वाचित पुरूष | ३० | ३१ | १ | ३.३ |
| | | निर्वाचित महिला | २२ | २१ | -१ | -४.५ |

* उ.न. = उपलब्ध नभएको। *स्रोत : निर्वाचन परिणाम प्रतिवेदनहरू २०७४ र २०७९, निर्वाचन आयोग नेपाल।*

तालिका ९.१ अनुसार बाँफिकोट गाउँपालिकामा स्थानीय तह निर्वाचन २०७४ र २०७९ बीच मतदान स्थलको सङ्ख्या १० नै कायम रहेको थियो भने मतदान केन्द्रको सङ्ख्या १४ बाट बढेर १८ पुगेको थियो। कुल मतदाता सङ्ख्या ९,७३५ बाट १३,७२७ पुगेको छ, जुन ४१.० प्रतिशतको वृद्धि हो। पुरुष मतदाता ३९.४ प्रतिशत र महिला मतदाता ४२.७ प्रतिशतले बढेका छन्। खसेको कुल मत पनि

७,२७४ बाट ९,५३७ पुगेको देखिन्छ । तर मतदान प्रतिशत ७४.७ प्रतिशतबाट घटेर ६९.५ प्रतिशतमा झरेको छ, जसले मतदाता सङ्ख्या बढे पनि सहभागिता अनुपात केही घटेको संकेत पनि गर्दछ ।

उम्मेदवारीतर्फ हेर्दा कुल उम्मेदवार सङ्ख्या १५९ बाट घटेर १४६ भएको छ, जुन ८.२ प्रतिशतको कमी हो । पुरुष र महिला उम्मेदवार दुवैमा कमी देखिएको छ । गाउँपालिकामा निर्वाचित हुने कुल पद ५२ नै कायम रहेको छ । निर्वाचित जनप्रतिनिधिमा पुरुष सङ्ख्या ३० बाट ३१ पुगेको छ भने महिला सङ्ख्या २२ बाट २१ मा घटेको छ । २०७९ सालको सदर तथा बदर मतसम्बन्धी विवरण उपलब्ध नभएकाले सो सूचकको तुलनात्मक विश्लेषण गर्न सकिएको छैन ।

तालिका ९.२ : स्थानीय तहमा निर्वाचनमा सहभागी उम्मेदवारहरूको  उमेर समूहगत विवरण

| **उमेर समूह** | **निर्वाचन २०७४** | | **निर्वाचन २०७९** | |
|---|---|---|---|---|
| | **उम्मेरदवार सङ्ख्या** | **प्रतिशत** | **उम्मेरदवार सङ्ख्या** | **प्रतिशत** |
| २०-३० वर्ष | १३ | ८.२ | १७ | ११.६ |
| ३०-४० वर्ष | ४७ | २९.६ | ४२ | २८.८ |
| ४०-५० वर्ष | ५१ | ३२.१ | ४२ | २८.८ |
| ५०-६० वर्ष | ३८ | २३.९ | ३५ | २४.० |
| ६०-७० वर्ष | १० | ६.३ | ८ | ५.५ |
| ७०-८० वर्ष | ० | ०.० | २ | १.४ |
| **कुल जम्मा** | **१५९** | **१००** | **१४६** | **१००** |

*स्रोत : निर्वाचन परिणाम प्रतिवेदनहरू २०७४ र २०७९, निर्वाचन आयोग नेपाल ।*

तालिका ९.२ अनुसार बाँफिकोट गाउँपालिकाको स्थानीय तह निर्वाचनमा सहभागी उम्मेदवारहरूको उमेर संरचना मुख्यतः ३० देखि ६० वर्ष उमेर समूहमा केन्द्रित रहेको देखिन्छ । २०७४ सालमा ४०–५० वर्ष उमेर समूहका उम्मेदवार सबैभन्दा बढी ३२.१ प्रतिशत थिए भने २०७९ सालमा ३०–४० र ४०–५० वर्ष उमेर समूहका उम्मेदवार समान २८.८ प्रतिशत रहेका छन् । २०–३० वर्ष उमेर समूहका उम्मेदवारको हिस्सा ८.२ प्रतिशतबाट बढेर ११.६ प्रतिशत पुगेको छ, जसले युवाको उम्मेदवारीमा केही वृद्धि भएको संकेत गर्दछ । ६० वर्षभन्दा माथिका उम्मेदवारको हिस्सा कम रहेको भए पनि २०७९ सालमा ७०–८० वर्ष उमेर समूहका २ जना उम्मेदवार देखिएका छन् । समग्रमा, उम्मेदवारीमा युवा सहभागिता क्रमशः बढ्दै गए पनि मध्यम उमेर समूहको सहभागिता अझै प्रमुख रहेको देखिन्छ ।

तालिका ९.३ : स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको उमेर समूहगत विवरण

| **उमेर समूह** | **निर्वाचन २०७४** | | **निर्वाचन २०७९** | |
|---|---|---|---|---|
| | **जनप्रतिनिधि सङ्ख्या** | **प्रतिशत** | **जनप्रतिनिधि सङ्ख्या** | **प्रतिशत** |
| २०-३० वर्ष | ४ | ७.७ | ६ | ११.५ |
| ३०-४० वर्ष | १९ | ३६.५ | १४ | २६.९ |
| ४०-५० वर्ष | १८ | ३४.६ | १४ | २६.९ |
| ५०-६० वर्ष | ९ | १७.३ | १६ | ३०.८ |
| ६०-७० वर्ष | २ | ३.८ | २ | ३.८ |
| **कुल जम्मा** | **५२** | **१००** | **५२** | १०० |

*स्रोत : निर्वाचन परिणाम प्रतिवेदनहरू २०७४ र २०७९, निर्वाचन आयोग नेपाल ।*

तालिका ९.३ अनुसार बाँफिकोट गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको उमेर संरचनामा २०७४ र २०७९ बीच केही परिवर्तन देखिएको छ । २०७४ सालमा ३०–४० वर्ष उमेर समूहका जनप्रतिनिधि सबैभन्दा बढी ३६.५ प्रतिशत थिए भने २०७९ सालमा ५०–६० वर्ष उमेर समूहको हिस्सा बढेर ३०.८ प्रतिशत पुगेको छ । २०–३० वर्ष उमेर समूहको प्रतिनिधित्व ७.७ प्रतिशतबाट बढेर ११.५ प्रतिशत पुगेकोले युवाको सहभागिता केही वृद्धि भएको देखिन्छ । ६०–७० वर्ष उमेर समूहको प्रतिनिधित्व दुवै निर्वाचनमा ३.८ प्रतिशत

कायम रहेको छ। समग्रमा, २०७९ को निर्वाचनमा युवा प्रतिनिधित्व केही बढे पनि मध्यम तथा परिपक्व उमेर समूहको प्रभाव अझै प्रमुख रहेको देखिन्छ।

**तालिका ९.४ : राजनीतिक दल अनुसार निर्वाचित जनप्रतिनिधिहरूको सङ्ख्या**

| उमेर समूह | निर्वाचन २०७४ | | निर्वाचन २०७९ | |
|---|---|---|---|---|
| | जनप्रतिनिधि सङ्ख्या | प्रतिशत | जनप्रतिनिधि सङ्ख्या | प्रतिशत |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५० | ९६.२ | ४३ | ८२.७ |
| नेपाली काँग्रेस | १ | १.९ | ८ | १५.४ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | १.९ | ० | ०.० |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ० | ०.० | १ | १.९ |
| **कुल जम्मा** | **५२** | **१००** | **५२** | १०० |

*स्रोत : निर्वाचन परिणाम प्रतिवेदनहरू २०७४ र २०७९, निर्वाचन आयोग नेपाल।*

तालिका ९.४ अनुसार बाँफिकोट गाउँपालिकामा २०७४ र २०७९ दुवै स्थानीय तह निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को प्रतिनिधित्व प्रमुख रहेको देखिन्छ। २०७४ मा माओवादी केन्द्रबाट ५० जना अर्थात् ९६.२ प्रतिशत जनप्रतिनिधि निर्वाचित भएकोमा २०७९ मा यो संख्या घटेर ४३ जना अर्थात् ८२.७ प्रतिशत पुगेको छ। अर्कोतर्फ नेपाली काँग्रेसको प्रतिनिधित्व १.९ प्रतिशतबाट बढेर १५.४ प्रतिशत पुगेको छ भने २०७९ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट १ जना जनप्रतिनिधि निर्वाचित भएका छन्। यसले २०७९ को निर्वाचनमा राजनीतिक प्रतिनिधित्व केही विविध भएको देखाए पनि गाउँपालिकामा माओवादी केन्द्रको प्रभाव अझै उच्च रहेको देखिन्छ।

**तालिका ९.५ : स्थानीय तह निर्वाचन २०७९ नतिजा सम्बन्धी विवरण**

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | जनक कुमार वाँठा मगर | नेपाली काँग्रेस | ४४५५ | निर्वाचित |
| २ | अध्यक्ष | | चन्द्र बहादुर के.सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४४२४ | |
| ३ | अध्यक्ष | | गणेश बहादुर के. सी. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २४३ | |
| ४ | अध्यक्ष | | खम्मु खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४१ | |
| ५ | अध्यक्ष | | तुले खत्री | राष्ट्रिय जनमोर्चा | १२ | |
| ६ | उपाध्यक्ष | | तारा बुढा के. सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४५६० | निर्वाचित |
| ७ | उपाध्यक्ष | | नन्दा कुमारी के सी नाथ | नेपाली काँग्रेस | ४१६० | |
| ८ | उपाध्यक्ष | | खिमा डाँगी खत्री | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ३४१ | |
| ९ | उपाध्यक्ष | | मिना कुमारी मल्ल | राष्ट्रिय प्रजातन्त्र पार्टी | ८४ | |
| १० | वडा अध्यक्ष | १ | धन बहादुर खड्का | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३१४ | निर्वाचित |
| ११ | वडा अध्यक्ष | १ | खर्कु मल्ल | नेपाली काँग्रेस | २६६ | |
| १२ | वडा अध्यक्ष | १ | आसु चन्द | राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | |
| १३ | महिला सदस्य | १ | कमला के.सी.(मल्ल) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३०० | निर्वाचित |
| १४ | महिला सदस्य | १ | आशा मल्ल चन्द | नेपाली काँग्रेस | २६५ | |
| १५ | महिला सदस्य | १ | नन्दी खत्री | स्वतन्त्र | ६ | |
| १६ | दलित महिला सदस्य | १ | मिना बिश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३१० | निर्वाचित |
| १७ | दलित महिला सदस्य | १ | निर्मला बि.क. | नेपाली काँग्रेस | २६० | |
| १८ | सदस्य | १ | कमारो कामी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३१७ | निर्वाचित |
| १९ | सदस्य | १ | वादी मल्ल | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३०८ | निर्वाचित |
| २० | सदस्य | १ | ओपेन्द्र चन्द | नेपाली काँग्रेस | २५६ | |

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| २१ | वडा अध्यक्ष | २ | प्रकाश खत्री | नेपाली काँग्रेस | ७२१ | निर्वाचित |
| २२ | वडा अध्यक्ष | २ | मन जीत नाथ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५४३ | |
| २३ | वडा अध्यक्ष | २ | लोकबहादुर विष्ट | राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | |
| २४ | महिला सदस्य | २ | देउमी पौडेल | नेपाली काँग्रेस | ७०९ | निर्वाचित |
| २५ | महिला सदस्य | २ | देउसरी के.सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५४८ | |
| २६ | दलित महिला सदस्य | २ | सुन्पा दमाई | नेपाली काँग्रेस | ७१८ | निर्वाचित |
| २७ | दलित महिला सदस्य | २ | शसिला कामी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५४३ | |
| २८ | सदस्य | २ | हाथि राम वस्नेत | नेपाली काँग्रेस | ७०१ | निर्वाचित |
| २९ | सदस्य | २ | रत्नविर पौडेल | नेपाली काँग्रेस | ६९६ | निर्वाचित |
| ३० | सदस्य | २ | याम बहादुर बुढा | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५४५ | |
| ३१ | सदस्य | २ | प्रताप पौडेल | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५३१ | |
| ३२ | वडा अध्यक्ष | ३ | तिल विर के.सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४३६ | निर्वाचित |
| ३३ | वडा अध्यक्ष | ३ | गण बहादुर बोहरा | नेपाली काँग्रेस | ३८२ | |
| ३४ | वडा अध्यक्ष | ३ | उपेन्द्र मल्ल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २५ | |
| ३५ | वडा अध्यक्ष | ३ | यज्ञ बहादुर मल्ल | राष्ट्रिय प्रजातन्त्र पार्टी | १२ | |
| ३६ | महिला सदस्य | ३ | संगिता केसी ओली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४२८ | निर्वाचित |
| ३७ | महिला सदस्य | ३ | सरिता के सी | नेपाली काँग्रेस | ३५८ | |
| ३८ | महिला सदस्य | ३ | सिता खत्री वोहरा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४३ | |
| ३९ | महिला सदस्य | ३ | लाल कुमारी मल्ल | राष्ट्रिय प्रजातन्त्र पार्टी | १८ | |
| ४० | दलित महिला सदस्य | ३ | जमुना कामी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४३७ | निर्वाचित |
| ४१ | दलित महिला सदस्य | ३ | टिमा कामी | नेपाली काँग्रेस | ३५७ | |
| ४२ | दलित महिला सदस्य | ३ | सोबी कामी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ५० | |
| ४३ | सदस्य | ३ | अर्जुन कुमर के सी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४३७ | निर्वाचित |
| ४४ | सदस्य | ३ | देवराज उपाध्याय | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४३० | निर्वाचित |
| ४५ | सदस्य | ३ | सुर्य प्रकाश मल्ल | नेपाली काँग्रेस | ३७८ | |
| ४६ | सदस्य | ३ | कुल बहदुर खत्रफ | नेपाली काँग्रेस | ३३६ | |
| ४७ | सदस्य | ३ | चमन के.सि. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ६७ | |
| ४८ | सदस्य | ३ | वुद्धीराम के सी | राष्ट्रिय प्रजातन्त्र पार्टी | १३ | |
| ४९ | सदस्य | ३ | हिरा चन्द्र मल्ल | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५१ | |
| ५० | वडा अध्यक्ष | ४ | शेर बहादुर ओली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४२० | निर्वाचित |
| ५१ | वडा अध्यक्ष | ४ | खम्वु मल्ल | नेपाली काँग्रेस | ३६० | |
| ५२ | वडा अध्यक्ष | ४ | तुलसी गिरी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४५ | |
| ५३ | वडा अध्यक्ष | ४ | भद वहादुर खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३४ | |
| ५४ | महिला सदस्य | ४ | रिता जैसि | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४०१ | निर्वाचित |
| ५५ | महिला सदस्य | ४ | बिमला बुढाथोकी | नेपाली काँग्रेस | ३९९ | |
| ५६ | महिला सदस्य | ४ | इन्दिरा के.सी. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४२ | |
| ५७ | दलित महिला सदस्य | ४ | कमला वि.क. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३९७ | निर्वाचित |
| ५८ | दलित महिला सदस्य | ४ | मिना दमाइ | नेपाली काँग्रेस | ३७२ | |
| ५९ | दलित महिला सदस्य | ४ | सेती वि. क. | राष्ट्रिय प्रजातन्त्र पार्टी | २३ | |
| ६० | सदस्य | ४ | विवेक शाही | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३९४ | निर्वाचित |
| ६१ | सदस्य | ४ | चन्द्र जंग मल्ल | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३८५ | निर्वाचित |

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| ६२ | सदस्य | ४ | डिल वहादुर चन्द | नेपाली काँग्रेस | ३४६ | |
| ६३ | सदस्य | ४ | विर बहादुर कामी | नेपाली काँग्रेस | ३४२ | |
| ६४ | सदस्य | ४ | हरि बहादुर कामी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ५२ | |
| ६५ | सदस्य | ४ | धिर्ज वहादुर पुन | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५० | |
| ६६ | सदस्य | ४ | उपेन्द्र चन्द | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४३ | |
| ६७ | सदस्य | ४ | रोल बहादुर खड्का | राष्ट्रिय जनमोर्चा | ५ | |
| ६८ | वडा अध्यक्ष | ५ | मनु शाही | नेपाली काँग्रेस | ४९७ | निर्वाचित |
| ६९ | वडा अध्यक्ष | ५ | दक्षे पुन | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४६३ | |
| ७० | महिला सदस्य | ५ | तिलाकुमारी पुन घर्ति | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४३८ | निर्वाचित |
| ७१ | महिला सदस्य | ५ | रती पुन | नेपाली काँग्रेस | ४३३ | |
| ७२ | महिला सदस्य | ५ | सरिता पौडयाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ८३ | |
| ७३ | दलित महिला सदस्य | ५ | काली कामी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४४८ | निर्वाचित |
| ७४ | दलित महिला सदस्य | ५ | पबिता सुनार(वि.क.) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४४५ | |
| ७५ | सदस्य | ५ | विरेन्द्र प्रसाद रिजाल | नेपाली काँग्रेस | ४६५ | निर्वाचित |
| ७६ | सदस्य | ५ | धिर्ज वहादुर पुरी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४६३ | निर्वाचित |
| ७७ | सदस्य | ५ | तप्त बहादुर के.सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४४८ | |
| ७८ | सदस्य | ५ | सरीता के सी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४१६ | |
| ७९ | वडा अध्यक्ष | ६ | मनोजकुमार अधिकारी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५०८ | निर्वाचित |
| ८० | वडा अध्यक्ष | ६ | देव बहादुर कुसारी | नेपाली काँग्रेस | ४४७ | |
| ८१ | वडा अध्यक्ष | ६ | खिम बहादुर खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | २ | |
| ८२ | महिला सदस्य | ६ | अमृता खड्का | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५२१ | निर्वाचित |
| ८३ | महिला सदस्य | ६ | धनसरी शाही | नेपाली काँग्रेस | ४३७ | |
| ८४ | दलित महिला सदस्य | ६ | ज्योतिका नेपाली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५१७ | निर्वाचित |
| ८५ | दलित महिला सदस्य | ६ | राधा वस्याल | नेपाली काँग्रेस | ४४४ | |
| ८६ | सदस्य | ६ | परविर सार्की | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५२७ | निर्वाचित |
| ८७ | सदस्य | ६ | नरे पुन | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५०७ | निर्वाचित |
| ८८ | सदस्य | ६ | खिमे खत्री | नेपाली काँग्रेस | ४४५ | |
| ८९ | सदस्य | ६ | नरेन्द्र कामी | नेपाली काँग्रेस | ४२७ | |
| ९० | वडा अध्यक्ष | ७ | नर बहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ७२७ | निर्वाचित |
| ९१ | वडा अध्यक्ष | ७ | सार्के खत्री | नेपाली काँग्रेस | ५५० | |
| ९२ | वडा अध्यक्ष | ७ | नविन खत्री | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ५० | |
| ९३ | वडा अध्यक्ष | ७ | हरिबहादुर खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | १६ | |
| ९४ | महिला सदस्य | ७ | झुमे खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ७३० | निर्वाचित |
| ९५ | महिला सदस्य | ७ | नमुना खत्री कुसारी | नेपाली काँग्रेस | ५३८ | |
| ९६ | महिला सदस्य | ७ | सिता कुमारी खत्री | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४८ | |
| ९७ | महिला सदस्य | ७ | शुदिक्षा खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | २३ | |
| ९८ | दलित महिला सदस्य | ७ | जमुना विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ७३२ | निर्वाचित |
| ९९ | दलित महिला सदस्य | ७ | कमला कामी | नेपाली काँग्रेस | ५६१ | |
| १०० | सदस्य | ७ | दरबे खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ७२८ | निर्वाचित |
| १०१ | सदस्य | ७ | लिले खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ७२८ | निर्वाचित |
| १०२ | सदस्य | ७ | मने खत्री | नेपाली काँग्रेस | ५५२ | |

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| १०३ | सदस्य | ७ | धनवीर खत्री | नेपाली काँग्रेस | ५५१ | |
| १०४ | सदस्य | ७ | धने कुसारी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ३८ | |
| १०५ | सदस्य | ७ | मनजीत कुसारी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ३५ | |
| १०६ | सदस्य | ७ | मन बहादुर खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | १८ | |
| १०७ | सदस्य | ७ | नन्दलाल खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | १७ | |
| १०८ | वडा अध्यक्ष | ८ | धनवहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४१२ | निर्वाचित |
| १०९ | वडा अध्यक्ष | ८ | रत्न बहादुर के.सी. | नेपाली काँग्रेस | २५२ | |
| ११० | वडा अध्यक्ष | ८ | दिल बहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १६ | |
| १११ | महिला सदस्य | ८ | मनकुमारी केसी खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४१८ | निर्वाचित |
| ११२ | महिला सदस्य | ८ | जिवनकला विष्ट बाँठा मगर | नेपाली काँग्रेस | २३४ | |
| ११३ | महिला सदस्य | ८ | पवित्रा कुसारी के.सी. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २४ | |
| ११४ | दलित महिला सदस्य | ८ | पविता सुनार | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४१५ | निर्वाचित |
| ११५ | दलित महिला सदस्य | ८ | सपुरी कामी | नेपाली काँग्रेस | २४० | |
| ११६ | सदस्य | ८ | तुलबहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४१० | निर्वाचित |
| ११७ | सदस्य | ८ | जगत बहादुर बाँठामगर | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४०७ | निर्वाचित |
| ११८ | सदस्य | ८ | कर्ण जैसी | नेपाली काँग्रेस | २३३ | |
| ११९ | सदस्य | ८ | देउदर जैसी | नेपाली काँग्रेस | २०९ | |
| १२० | सदस्य | ८ | निराजनकुमार के.सी. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २८ | |
| १२१ | सदस्य | ८ | जनक के.सी. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २० | |
| १२२ | वडा अध्यक्ष | ९ | जोग बहादुर चन्द | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३७९ | निर्वाचित |
| १२३ | वडा अध्यक्ष | ९ | पुर्णबहादुर खत्री | नेपाली काँग्रेस | ३७४ | |
| १२४ | वडा अध्यक्ष | ९ | दीपक गिरी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ५२ | |
| १२५ | महिला सदस्य | ९ | कल्पना खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३८० | निर्वाचित |
| १२६ | महिला सदस्य | ९ | कमला देवकोटा | नेपाली काँग्रेस | ३४६ | |
| १२७ | महिला सदस्य | ९ | कमला खत्री | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ५७ | |
| १२८ | दलित महिला सदस्य | ९ | कमला परियार | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३८७ | निर्वाचित |
| १२९ | दलित महिला सदस्य | ९ | मैमी दमाई | नेपाली काँग्रेस | ३५२ | |
| १३० | दलित महिला सदस्य | ९ | सर्केनी दमाई | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ५६ | |
| १३१ | सदस्य | ९ | देवराज जैसी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३८८ | निर्वाचित |
| १३२ | सदस्य | ९ | चन्द्र बहादुर जैसी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३८२ | निर्वाचित |
| १३३ | सदस्य | ९ | शसे खत्री | नेपाली काँग्रेस | ३४६ | |
| १३४ | सदस्य | ९ | हरि बहादुर विष्ट | नेपाली काँग्रेस | ३३४ | |
| १३५ | सदस्य | ९ | हर्के जैसी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ७५ | |
| १३६ | सदस्य | ९ | काले दमाई | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ७ | |
| १३७ | वडा अध्यक्ष | १० | हरि बहादुर चन्द | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४२७ | निर्वाचित |
| १३८ | वडा अध्यक्ष | १० | जनक चन्द | नेपाली काँग्रेस | ३६५ | |
| १३९ | महिला सदस्य | १० | अस्मीता खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४२२ | निर्वाचित |
| १४० | महिला सदस्य | १० | रामसरी बुढा मगर | नेपाली काँग्रेस | ३६९ | |
| १४१ | दलित महिला सदस्य | १० | सन्ध्या ओली बि.क | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४१७ | निर्वाचित |
| १४२ | दलित महिला सदस्य | १० | सबिता दमाई | नेपाली काँग्रेस | ३६५ | |
| १४३ | सदस्य | १० | देउमान ओली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४२५ | निर्वाचित |

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| १४४ | सदस्य | १० | भिम वहादुर नेपाली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३९३ | निर्वाचित |
| १४५ | सदस्य | १० | याम बहादुर गिरी | नेपाली काँग्रेस | ३८५ | |
| १४६ | सदस्य | १० | तुलविर खत्री | नेपाली काँग्रेस | ३५२ | |

*स्रोत : निर्वाचन परिणाम प्रतिवेदन २०७९, निर्वाचन आयोग नेपाल ।*

तालिका ९.६ : स्थानीय तह निर्वाचन २०७४ को नतिजा सम्बन्धी विवरण

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | धर्म बहादुर के.सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३५६४ | निर्वाचित |
| २ | अध्यक्ष | | जनक कुमार वाँठा मगर | नेपाली काँग्रेस | २८१३ | |
| ३ | अध्यक्ष | | तुले खत्री | राष्ट्रिय जनमोर्चा | १० | |
| ४ | अध्यक्ष | | नगेन्द्र प्रसाद रिजाल | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ९७ | |
| ५ | अध्यक्ष | | खम्मु खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | ७२ | |
| ६ | अध्यक्ष | | डम्वर बहादुर नाथ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | ११० | |
| ७ | उपाध्यक्ष | | मनकला पुन | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३५८९ | निर्वाचित |
| ८ | उपाध्यक्ष | | ब्युँझना पुन (देवकोटा) | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २१०२ | |
| ९ | उपाध्यक्ष | | खम्बु कुमारी शाही | राष्ट्रिय प्रजातन्त्र पार्टी | ७३ | |
| १० | उपाध्यक्ष | | गिता शर्मा दहाल | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | ११६ | |
| ११ | उपाध्यक्ष | | हिरा के.सी. | नेपाली काँग्रेस | ६६९ | |
| १२ | वडा अध्यक्ष | १ | कर्णबहादुर मल्ल | नेपाली काँग्रेस | १८६ | |
| १३ | वडा अध्यक्ष | १ | हर्कु मल्ल | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | २१८ | निर्वाचित |
| १४ | वडा अध्यक्ष | २ | नन्दराम के.सी. | नेपाली काँग्रेस | ३१२ | |
| १५ | वडा अध्यक्ष | २ | कर्ण बहादुर पौडेल | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | १०९ | |
| १६ | वडा अध्यक्ष | २ | डिल वहादुर नाथ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | ९७ | |
| १७ | वडा अध्यक्ष | २ | धन बहादुर खत्नी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३६६ | निर्वाचित |
| १८ | वडा अध्यक्ष | ३ | चन्द्र बहादुर के.सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३३० | निर्वाचित |
| १९ | वडा अध्यक्ष | 3 | हर्क सिं खत्नी | नेपाली काँग्रेस | २८१ | |
| २० | वडा अध्यक्ष | ४ | लिलाराम वि.क. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३२५ | निर्वाचित |
| २१ | वडा अध्यक्ष | ४ | विनोद कुमार शाह | राष्ट्रिय प्रजातन्त्र पार्टी | ६७ | |
| २२ | वडा अध्यक्ष | ४ | प्रेमलाल खड्का | नयां शक्ति पार्टी, नेपाल | १९ | |
| २३ | वडा अध्यक्ष | ४ | उपेन्द्र बहादुर मल्ल | नेपाली काँग्रेस | १४ | |
| २४ | वडा अध्यक्ष | ४ | नर बहादुर चन्द | स्वतन्त्र | | |
| २५ | वडा अध्यक्ष | ४ | हरिराम जैसी | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २२८ | |
| २६ | वडा अध्यक्ष | ५ | रतिभान के.सी. | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | ३१ | |
| २७ | वडा अध्यक्ष | ५ | भक्त वहादुर के.सी. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ३५४ | |
| २८ | वडा अध्यक्ष | ५ | कस्तुप प्रकाश दहाल | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४२३ | निर्वाचित |
| २९ | वडा अध्यक्ष | ६ | मनोजकुमार अधिकारी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४८५ | निर्वाचित |
| ३० | वडा अध्यक्ष | ६ | देव बहादुर कुसारी | नेपाली काँग्रेस | ३०३ | |
| ३१ | वडा अध्यक्ष | ६ | देवी सुनार | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | १ | |
| ३२ | वडा अध्यक्ष | ७ | नर बहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४०० | निर्वाचित |
| ३३ | वडा अध्यक्ष | ७ | प्रेम बहादुर खनाल | नेपाली काँग्रेस | ३२९ | |
| ३४ | वडा अध्यक्ष | ७ | प्रेम बहादुर खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | २१ | |
| ३५ | वडा अध्यक्ष | ७ | मनजीत कुसारी | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २ | |

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| ३६ | वडा अध्यक्ष | ८ | रत्न बहादुर के.सी. | स्वतन्त्र | ३ | |
| ३७ | वडा अध्यक्ष | ८ | फत्त बहादुर वाँठा | नेपाली काँग्रेस | २०९ | |
| ३८ | वडा अध्यक्ष | ८ | मन बहादुर के.सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३६६ | निर्वाचित |
| ३९ | वडा अध्यक्ष | ९ | कवि राम खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३२४ | निर्वाचित |
| ४० | वडा अध्यक्ष | ९ | धिरेन्द्र कुमार शाही | नेपाली काँग्रेस | १९८ | |
| ४१ | वडा अध्यक्ष | ९ | रमेश के.सी. | स्वतन्त्र | २ | |
| ४२ | वडा अध्यक्ष | ९ | प्रताप ओली | राष्ट्रिय प्रजातन्त्र पार्टी | | |
| ४३ | वडा अध्यक्ष | ९ | दीपक गिरी | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | | |
| ४४ | वडा अध्यक्ष | १० | रत्न वहादुर चन्द | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३ | |
| ४५ | वडा अध्यक्ष | १० | थलवविर खड्का | नेपाली काँग्रेस | २२२ | |
| ४६ | वडा अध्यक्ष | १० | अर्जुन चन्द | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३१८ | निर्वाचित |
| ४७ | महिला सदस्य | १ | तुली गिरी | नेपाली काँग्रेस | | निर्विरोध |
| ४८ | महिला सदस्य | २ | जन कुमारी खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३५५ | निर्वाचित |
| ४९ | महिला सदस्य | २ | सुमिता कामी | नेपाली काँग्रेस | ३१७ | |
| ५० | महिला सदस्य | २ | पर्बती वोहरा(पौडेल) | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | १२६ | |
| ५१ | महिला सदस्य | २ | ललिता नाथ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | ८९ | |
| ५२ | महिला सदस्य | 3 | सामना खत्नी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३३७ | निर्वाचित |
| ५३ | महिला सदस्य | 3 | छली के सी | नेपाली काँग्रेस | १६ | |
| ५४ | महिला सदस्य | ३ | गोपी वोहरा | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २२५ | |
| ५५ | महिला सदस्य | ४ | सिता खड्का | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३६१ | निर्वाचित |
| ५६ | महिला सदस्य | ४ | तुलसा कुमारी चन्द | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४५ | |
| ५७ | महिला सदस्य | ४ | मनकला गिरी | नेपाली काँग्रेस | २१३ | |
| ५८ | महिला सदस्य | ४ | सिता के.सि(दाहाल) | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २५ | |
| ५९ | महिला सदस्य | ५ | झरणा शाही | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४३४ | निर्वाचित |
| ६० | महिला सदस्य | ५ | मिना चन्द | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ३४३ | |
| ६१ | महिला सदस्य | ६ | नरमा पुन | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४८६ | निर्वाचित |
| ६२ | महिला सदस्य | ६ | टिका राना | नेपाली काँग्रेस | २९६ | |
| ६३ | महिला सदस्य | ७ | संगिता खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४०१ | निर्वाचित |
| ६४ | महिला सदस्य | ७ | सुशिला कुसारी | नेपाली काँग्रेस | ३२५ | |
| ६५ | महिला सदस्य | ७ | विमला खत्नी | राष्ट्रिय प्रजातन्त्र पार्टी | २४ | |
| ६६ | महिला सदस्य | ८ | रिता बाठामगर | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३८३ | निर्वाचित |
| ६७ | महिला सदस्य | ८ | हिमाली शर्मा गौतम | नेपाली काँग्रेस | १८३ | |
| ६८ | महिला सदस्य | ८ | विन सरी बाठामगर | स्वतन्त्र | ९ | |
| ६९ | महिला सदस्य | ९ | रमिता खनाल (दहाल) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३२४ | निर्वाचित |
| ७० | महिला सदस्य | ९ | झुपी पुन | नेपाली काँग्रेस | १८७ | |
| ७१ | महिला सदस्य | ९ | वासमती जैसी | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ० | |
| ७२ | महिला सदस्य | १० | तारा बुढा के. सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | २९७ | निर्वाचित |
| ७३ | महिला सदस्य | १० | रामसरी बुढा मगर | नेपाली काँग्रेस | २२२ | |
| ७४ | महिला सदस्य | १० | बल कुमारी शाही | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | |
| ७५ | दलित महिला सदस्य | १ | बुदी कामी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | २१५ | निर्वाचित |
| ७६ | दलित महिला सदस्य | १ | कंवली कामी | नेपाली काँग्रेस | १८६ | |

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| ७७ | दलित महिला सदस्य | २ | कल्पना दमाई | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ११५ | |
| ७८ | दलित महिला सदस्य | २ | कौशिला नेपाली | नेपाली काँग्रेस | २९९ | |
| ७९ | दलित महिला सदस्य | २ | डिल कुमारी दमाई | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | ८४ | |
| ८० | दलित महिला सदस्य | २ | ललि दमाई | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३६९ | निर्वाचित |
| ८१ | दलित महिला सदस्य | 3 | सुनिता वि.क. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३३६ | निर्वाचित |
| ८२ | दलित महिला सदस्य | ३ | धनसरी सार्की | नेपाली काँग्रेस | ० | |
| ८३ | दलित महिला सदस्य | 3 | सोवी कामी | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | १२ | |
| ८४ | दलित महिला सदस्य | ४ | नन्दकला दमाई | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३५५ | निर्वाचित |
| ८५ | दलित महिला सदस्य | ४ | बालकुमारी परियार | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २०५ | |
| ८६ | दलित महिला सदस्य | ४ | सेती वि. क. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५४ | |
| ८७ | दलित महिला सदस्य | ५ | मनिसा बि.क. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४४१ | निर्वाचित |
| ८८ | दलित महिला सदस्य | ५ | पविता वि.क. | नेपाली काँग्रेस | ३२८ | |
| ८९ | दलित महिला सदस्य | ५ | ललिता वि.क. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | १५ | |
| ९० | दलित महिला सदस्य | ६ | ज्योतिका नेपाली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४८८ | निर्वाचित |
| ९१ | दलित महिला सदस्य | ६ | देउमी नेपाली | नेपाली काँग्रेस | ३०९ | |
| ९२ | दलित महिला सदस्य | ७ | पविता कामी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३६७ | निर्विरोध |
| ९३ | दलित महिला सदस्य | ८ | पविता सुनार | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | २०६ | निर्वाचित |
| ९४ | दलित महिला सदस्य | ८ | सपुरी कामी | नेपाली काँग्रेस | | |
| ९५ | दलित महिला सदस्य | ९ | तिलसरी नेपाली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३२४ | निर्वाचित |
| ९६ | दलित महिला सदस्य | ९ | तलसा नेपाली | नेपाली काँग्रेस | १९० | |
| ९७ | दलित महिला सदस्य | ९ | सर्केनी दमाई | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | | |
| ९८ | दलित महिला सदस्य | १० | लिला नेपाली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३०१ | निर्वाचित |
| ९९ | दलित महिला सदस्य | १० | याम कला वि.क. | नेपाली काँग्रेस | २२७ | |
| १०० | सदस्य | १ | काले कामी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | २१० | निर्वाचित |
| १०१ | सदस्य | १ | बल बहादुर जैसी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | २१६ | निर्वाचित |
| १०२ | सदस्य | १ | कल्लण चन्द | नेपाली काँग्रेस | | |
| १०३ | सदस्य | 9 | टंक प्रसाद शर्मा | नेपाली काँग्रेस | १६८ | |
| १०४ | सदस्य | २ | संजीव वस्नेत | नेपाली काँग्रेस | २९८ | |
| १०५ | सदस्य | २ | लाल सिं खत्नी | नयां शक्ति पार्टी, नेपाल | २२३ | |
| १०६ | सदस्य | २ | कृष्ण पौडेल | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | १०१ | |
| १०७ | सदस्य | २ | लाल सिं पौडेल | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | ७४ | |
| १०८ | सदस्य | २ | कर्णबहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३७४ | निर्वाचित |
| १०९ | सदस्य | २ | ढोले खन्नी | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ८४ | |
| ११० | सदस्य | २ | प्रसुराम खत्री | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | ८४ | |
| १११ | सदस्य | २ | इन्दिरा वि.एम. नाथ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३६६ | निर्वाचित |
| ११२ | सदस्य | ३ | उद्र वहादुर पुरी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३४६ | निर्वाचित |
| ११३ | सदस्य | 3 | देवबहादुर बोहरा | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३३२ | निर्वाचित |
| ११४ | सदस्य | 3 | फत्तबहादुर मल्ल | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २३६ | |
| ११५ | सदस्य | 3 | प्रेमवहादुर वोहरा | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २३१ | |
| ११६ | सदस्य | 3 | हिरा चन्द्र मल्ल | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३९ | निर्वाचित |
| ११७ | सदस्य | 3 | वुद्धीराम के सी | राष्ट्रिय प्रजातन्त्र पार्टी | १४ | |

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| ११८ | सदस्य | ४ | हर्के पुन | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३२८ | |
| ११९ | सदस्य | ४ | भिम वहादुर खत्री | नेपाली काँग्रेस | २४३ | |
| १२० | सदस्य | ४ | लिल बहादुर जैसी | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २२५ | |
| १२१ | सदस्य | ४ | धिर्ज बहादुर पुन | राष्ट्रिय प्रजातन्त्र पार्टी | ७६ | |
| १२२ | सदस्य | ४ | सर्जन दाहाल | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | २१ | |
| १२३ | सदस्य | ४ | शेर बहादुर ओली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३७८ | निर्वाचित |
| १२४ | सदस्य | ४ | अनन्त जैसी | राष्ट्रिय प्रजातन्त्र पार्टी | ६३ | |
| १२५ | सदस्य | ५ | रोम बहादुर पुन | संघीय समाजवादी फोरम, नेपाल | ३२४ | |
| १२६ | सदस्य | ५ | दत्त बहादुर के.सी. | नेपाली काँग्रेस | ३५५ | |
| १२७ | सदस्य | ५ | टिका राम के.सी. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४२७ | निर्वाचित |
| १२८ | सदस्य | ५ | मोतीराम खत्नी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४३५ | निर्वाचित |
| १२९ | सदस्य | ५ | हरिभान दहाल | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | १४ | |
| १३० | सदस्य | ५ | हरिराम खत्नी | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | | |
| १३१ | सदस्य | ६ | खिमे खत्री | नेपाली काँग्रेस | २९७ | |
| १३२ | सदस्य | ६ | खड्क बहादुर शाही | नेपाली काँग्रेस | ३०९ | |
| १३३ | सदस्य | ६ | कुमार घर्ती | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४९२ | निर्वाचित |
| १३४ | सदस्य | ६ | परविर सार्की | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४८९ | निर्वाचित |
| १३५ | सदस्य | ७ | दरबे खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४०० | निर्वाचित |
| १३६ | सदस्य | ७ | कमाराखत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३९ | |
| १३७ | सदस्य | ७ | भीमे खत्री | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ५ | |
| १३८ | सदस्य | ७ | मनबहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ० | |
| १३९ | सदस्य | ७ | मन बहादुर खत्री | नेपाली काँग्रेस | २९७ | |
| १४० | सदस्य | ७ | धने कुसारी | नेपाली काँग्रेस | ३०९ | |
| १४१ | सदस्य | ७ | गोरख बहादुर कुसारी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३९७ | निर्वाचित |
| १४२ | सदस्य | ७ | मन बहादुर खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४४ | |
| १४३ | सदस्य | ८ | कर्ण जैसी | नेपाली काँग्रेस | १८३ | |
| १४४ | सदस्य | ८ | हर्क बहादुर खत्री | नेपाली काँग्रेस | १८५ | |
| १४५ | सदस्य | ८ | धनवहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३७१ | निर्वाचित |
| १४६ | सदस्य | ८ | भिम वहादुर वाँठा | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३८० | निर्वाचित |
| १४७ | सदस्य | ८ | परविर वाँठा | स्वतन्त्र | २१ | |
| १४८ | सदस्य | ९ | टोपवहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ० | |
| १४९ | सदस्य | ९ | रण बीर विष्ट | नेपाली काँग्रेस | १६९ | |
| १५० | सदस्य | ९ | देउकली ओली | नेपाली काँग्रेस | १९२ | |
| १५१ | सदस्य | ९ | भद्र बहादुर ओली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३२७ | निर्वाचित |
| १५२ | सदस्य | ९ | पल वहाखुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३२३ | निर्वाचित |
| १५३ | सदस्य | ९ | काले दमाई | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ० | |
| १५४ | सदस्य | १० | विर भान वली | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ० | |
| १५५ | सदस्य | १० | तिलक बहादुर खड्का | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३०७ | निर्वाचित |
| १५६ | सदस्य | १० | राम वहादुर जैसी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | २९५ | निर्वाचित |
| १५७ | सदस्य | १० | छत्र बहादुर चन्द | नेपाली काँग्रेस | २१५ | |
| १५८ | सदस्य | १० | कुमारी मल्ल | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | |

| क्र.स. | पद | वडा | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| १५९ | सदस्य | १० | तुलविर खत्री | नेपाली काँग्रेस | २२२ | |

*स्रोत : निर्वाचन परिणाम प्रतिवेदन २०७४, निर्वाचन आयोग नेपाल।*

## ९.२ सार्वजनिक सेवा प्रवाह, शान्ति सुरक्षा र न्याय

सार्वजनिक सेवा प्रवाह, शान्ति सुरक्षा र न्याय स्थानीय शासनका महत्वपूर्ण आधार हुन्। स्थानीय तहले नागरिकलाई प्रशासनिक सेवा, सिफारिस, दर्ता, सामाजिक सुरक्षा, योजना कार्यान्वयन तथा आधारभूत विकास सेवाहरू नजिकबाट उपलब्ध गराउने जिम्मेवारी वहन गर्दछ। त्यसैगरी शान्ति सुरक्षा कायम गर्न स्थानीय प्रशासन, सुरक्षा निकाय र समुदायबीच समन्वय आवश्यक हुन्छ भने न्यायिक समितिमार्फत स्थानीय विवाद समाधान र न्यायमा पहुँच विस्तार गर्ने व्यवस्था रहेको छ। यस उपखण्डमा बाँफिकोट गाउँपालिकामा सार्वजनिक सेवा प्रवाहको अवस्था, शान्ति सुरक्षा व्यवस्थापन तथा स्थानीय न्यायिक प्रणालीसम्बन्धी विवरण प्रस्तुत गरिएको छ।

तालिका ९.७ : गाउँपालिकाको विगत तीन (३) वार्षिक बजेट, खर्च र बेरूजुको अवस्था

| क्र.स. | विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | वार्षिक विनियोजित रकम | ५७,०५,८१,९२२ | ४९,९७,६९,५१३ | ५४,८३,१५,६७१ |
| २ | कुल बजेटमा स्थानीय तहको आफ्नै आन्तरिक आयको हिस्सा | २,९१,३०,९७९ (५.१%) | १,५२,२९,९५२ (३.०%) | १,५७,१४,५४९ (२.९%) |
| ३ | बार्षिक खर्च रु | ४९,२४,८९,०६० (८६.३%) | ४२,७५,८१,५१९ (८५.६%) | ४३,२२,३३,४७९ (७८.८%) |
| ४ | कुल खर्चमा बेरुजूको प्रतिशत | २४% | १८% | १६% |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

तालिका ९.७ अनुसार बाँफिकोट गाउँपालिकाको वार्षिक विनियोजित बजेट आर्थिक वर्ष २०७९/८० मा रु. ५७ करोड ५ लाख रहेकोमा २०८०/८१ मा घटेर रु. ४९ करोड ९७ लाख पुगेको र २०८१/८२ मा पुनः बढेर रु. ५४ करोड ८३ लाख पुगेको देखिन्छ। कुल बजेटमा गाउँपालिकाको आफ्नै आन्तरिक आयको हिस्सा भने क्रमशः ५.१ प्रतिशत, ३.० प्रतिशत र २.९ प्रतिशत रहेको छ, जसले स्थानीय आयको योगदान न्यून र घट्दो अवस्थामा रहेको संकेत गर्दछ।

खर्चको अवस्था हेर्दा आर्थिक वर्ष २०७९/८० मा ८६.३ प्रतिशत, २०८०/८१ मा ८५.६ प्रतिशत र २०८१/८२ मा ७८.८ प्रतिशत बजेट खर्च भएको देखिन्छ। पछिल्लो वर्ष खर्च प्रतिशत केही घटेको भए पनि बेरुजूको प्रतिशत भने २४ प्रतिशतबाट घटेर १८ प्रतिशत हुँदै १६ प्रतिशतमा झरेको छ। यसले वित्तीय अनुशासनमा क्रमिक सुधार भएको संकेत गरे पनि आन्तरिक आय वृद्धि, खर्च क्षमता सुधार तथा बेरुजू न्यूनीकरणलाई थप प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता देखाउँछ।

तालिका ९.८ : विगत पाँच (५) वर्षको व्यक्तिगत घटना दर्ताको अवस्था

| क्र.स. | ब्यक्तिगत घटनाको प्रकार | लिङ्ग | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | जन्म दर्ता | महिला | ३११ | २८५ | ४०६ | ४१६ | ३१४ |
| | | पुरुष | २७४ | ३४४ | ४७६ | ४४२ | ३९० |
| | | जम्मा | ५८५ | ६२९ | ८८३ | ८५८ | ७०४ |
| २ | विवाह दर्ता | जम्मा | १५ | ४०७ | २०६ | २४३ | २४१ |
| ३ | सम्वन्ध विच्छेद | जम्मा | ० | ४ | २२ | २७ | ३२ |
| ३ | मृत्यु दर्ता | महिला | उ.न. | ३५ | ५९ | ३३ | ५६ |
| | | पुरुष | उ.न. | ४० | ७९ | ८० | ६९ |
| | | जम्मा | ० | ७५ | १३८ | ११३ | १२५ |

| क्र.स. | ब्यक्तिगत घटनाको प्रकार | | लिङ्ग | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| | बसाँई-सराई | आएको | जम्मा | ० | ११७ | ४२ | ५७ | ४० |
| | | गएको | जम्मा | ० | २०१ | ४२ | २१८ | ११४ |
| ६ | धर्म पुत्र / धर्म पुत्रीको दर्ता | | जम्मा | ० | ० | ० | ० | ० |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

तालिका ९.८ अनुसार बाँफिकोट गाउँपालिकामा विगत पाँच वर्षको व्यक्तिगत घटना दर्तामा जन्म दर्ता सबैभन्दा बढी देखिन्छ। जन्म दर्ता आर्थिक वर्ष २०७७/७८ मा ५८५ रहेकोमा २०७९/८० मा बढेर ८८३ पुगेको थियो भने २०८१/८२ मा घटेर ७०४ पुगेको छ। विवाह दर्ता २०७८/७९ मा ४०७ रहेकोमा त्यसपछिका वर्षहरूमा तुलनात्मक रूपमा स्थिर देखिएको छ। सम्बन्ध विच्छेदका घटना भने क्रमशः बढ्दै गएको देखिन्छ, जुन २०७८/७९ मा ४ रहेकोमा २०८१/८२ मा ३२ पुगेको छ।

मृत्यु दर्ता २०७८/७९ मा ७५, २०७९/८० मा १३८, २०८०/८१ मा ११३ र २०८१/८२ मा १२५ रहेको छ। बसाइँसराइतर्फ हेर्दा बाहिर जानेको सङ्ख्या भित्र आउनेभन्दा बढी देखिन्छ, विशेष गरी २०८०/८१ मा २१८ जना गएको विवरण देखिन्छ। धर्म पुत्र/धर्म पुत्री दर्ता पाँचै वर्ष शून्य रहेको छ । समग्रमा, व्यक्तिगत घटना दर्ता प्रणालीमा जन्म, विवाह, मृत्यु र बसाइँसराइका विवरण नियमित रूपमा अभिलेख हुँदै आएको देखिए पनि सम्बन्ध विच्छेद र बाह्य बसाइँसराइको प्रवृत्तिमा वृद्धि भएको संकेत देखिन्छ।

तालिका ९.९ : मुद्दा/ विवाद दर्ता तथा फछ्र्यौट सम्वन्धी विवरण

| क्र.स. | मुद्दा/ विवाद सम्वन्धी विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | स्थानीय न्यायिक समितिमा दर्ता भएका मूद्दा / विवाद सङ्ख्या | २७ | १६ | १५ |
| २ | मेल मिलापद्वारा टुङ्ग्याइएका विवाद सङ्ख्या | २७ | १६ | १५ |
| ३ | फछ्र्यौट गरिएका मुद्दा/ विवाद सङ्ख्या | २७ | १६ | १५ |
| ४ | फछ्र्यौट हुन बाँकी मुद्दा/ विवाद सङ्ख्या | ० | ० | ० |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

तालिका ९.९ अनुसार बाँफिकोट गाउँपालिकाको स्थानीय न्यायिक समितिमा दर्ता भएका मुद्दा तथा विवादहरू पूर्ण रूपमा फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा २७, २०८०/८१ मा १६ र २०८१/८२ मा १५ वटा मुद्दा/विवाद दर्ता भएका थिए। दर्ता भएका सबै विवादहरू मेलमिलापद्वारा टुङ्ग्याइएका छन् भने तीनै आर्थिक वर्षमा फछ्र्यौट हुन बाँकी मुद्दा/विवाद शून्य रहेको छ । यसले गाउँपालिकामा मेलमिलापमा आधारित स्थानीय न्यायिक सेवा प्रभावकारी रूपमा सञ्चालन भइरहेको संकेत गर्दछ।

तालिका ९.१० : मुद्दा/ विवादको प्रकृति अनुसारको सङ्ख्या

| सि नं | मुद्दा/ विवादको प्रकृति | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | जग्गा /साँध सिमाना विवाद | ५ | ३ | २ |
| २ | लेन देन | ३ | ५ | ७ |
| ३ | जग्गा / खाता रोक्का | ४ | २ | १ |
| ४ | घरेलु हिंसा | ० | २ | १ |
| ५ | चरण घाँस दाउरा | ० | ० | ० |
| ६ | कुटपिट/ लुटपिट | ७ | १ | ० |
| ७ | आलि धुर कुलो नालापानी पानी घाटको वाँडफाँड | ० | ० | ० |
| ८ | गाली वेइज्जति | ७ | ० | २ |
| ९ | सार्वजनिक स्थल/सुविधामा बाधा | ० | २ | ० |
| १० | ध्वनी प्रदुषण फोहोर मैला | ० | ० | ० |

| सि नं | मुद्दा/ विवादको प्रकृति | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ११ | अन्य | १ | १ | २ |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

तालिका ९.१० अनुसार बाँफिकोट गाउँपालिकामा दर्ता भएका मुद्दा/विवादहरू मुख्यतः जग्गा/साँध सिमाना, लेनदेन, जग्गा/खाता रोक्का, कुटपिट/लुटपिट तथा गाली बेइज्जतीसँग सम्बन्धित रहेका छन्। आर्थिक वर्ष २०७९/८० मा कुटपिट/लुटपिट र गाली बेइज्जतीका विवाद बढी देखिएका थिए भने २०८१/८२ मा लेनदेनसम्बन्धी विवाद बढेर ७ पुगेको छ। घरेलु हिंसा, सार्वजनिक स्थल/सुविधामा बाधा तथा अन्य विवादहरू सीमित मात्रामा दर्ता भएका छन्। समग्रमा, गाउँपालिकामा स्थानीय न्यायिक समितिमा आउने विवादहरू बढी मात्रामा घरपरिवार, छिमेकी, सम्पत्ति तथा सामाजिक व्यवहारसँग सम्बन्धित रहेको देखिन्छ।

**तालिका ९.११ : गाउँ सभा, कार्यपालिका बैठक, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण सम्बन्धी विवरण**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | गाउँ सभाको वैठक वसेको पटक | २ | २ | २ |
| २ | कार्यपालिकाको वैठक वसेको पटक | १८ | २० | १९ |
| ३ | सार्वजनिक सुनुवाई कार्यक्रम भएको पटक | १ | १ | १ |
| ४ | सामाजिक परीक्षण गरिएको पटक | ५६ | ६० | ८७ |

*स्रोत : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय, २०८२।*

तालिका ९.११ अनुसार बाँफिकोट गाउँपालिकामा गाउँ सभा नियमित रूपमा प्रत्येक आर्थिक वर्षमा २ पटक बसेको देखिन्छ। कार्यपालिकाको बैठक आर्थिक वर्ष २०७९/८० मा १८ पटक, २०८०/८१ मा २० पटक र २०८१/८२ मा १९ पटक बसेको छ, जसले कार्यपालिका बैठक नियमित रूपमा सञ्चालन भएको संकेत गर्दछ। सार्वजनिक सुनुवाई कार्यक्रम तीनै आर्थिक वर्षमा १/१ पटक सञ्चालन भएको छ। सामाजिक परीक्षण भने २०७९/८० मा ५६ पटक, २०८०/८१ मा ६० पटक र २०८१/८२ मा ८७ पटक गरिएको देखिन्छ, जसले योजना तथा कार्यक्रम कार्यान्वयनमा पारदर्शिता र सामाजिक जवाफदेहिताको अभ्यास बढ्दै गएको देखाउँछ।

# अनसूचीहरू

# अनुसूची १ : राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त वडागत तथ्याङ्क तालिकाहरू

तालिका १ : वडा अनुसार घरपरिवार संख्या, जनसंख्या, औसत परिवार आकार र लैङ्गिक अनुपात

| वडा नं. | कुल घरपरिवार संख्या | जनसंख्या | | | औसत परिवार आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ३२१ | १,५३७ | ७३९ | ७९८ | ४.७९ | ९२.६१ |
| २ | ७९६ | ३,३०६ | १,५७४ | १,७३२ | ४.१५ | ९०.८८ |
| ३ | ४४४ | १,७८२ | ८३२ | ९५० | ४.०१ | ८७.५८ |
| ४ | ५७७ | २,२७४ | १,०८६ | १,१८८ | ३.९४ | ९१.४१ |
| ५ | ३५४ | १,८०३ | ८८९ | ९१४ | ५.०९ | ९७.२६ |
| ६ | ४६२ | २,२९८ | १,११५ | १,१८३ | ४.९७ | ९४.२५ |
| ७ | ५४१ | २,९४६ | १,४७८ | १,४६८ | ५.४५ | १००.६८ |
| ८ | ३१० | १,५८० | ७६४ | ८१६ | ५.१० | ९३.६३ |
| ९ | ४४४ | १,८९५ | ९०३ | ९९२ | ४.२७ | ९१.०३ |
| १० | ३५८ | १,६१२ | ७९४ | ८१८ | ४.५० | ९७.०७ |
| **कुल जम्मा** | **४,६०७** | **२१,०३३** | **१०,१७४** | **१०,८५९** | **४.५७** | **९३.६९** |

तालिका २ : उमेर समूह अनुसार वडागत जनसङ्ख्या

| वडा नं. | उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| **वडा नं . १** | **सबै उमेर** | **१,५३७** | **७३९** | **७९८** |
| | ००–०४ वर्ष | १८६ | ९३ | ९३ |
| | ०५–०९ वर्ष | २०८ | १०७ | १०१ |
| | १०–१४ वर्ष | १८६ | ९० | ९६ |
| | १५–१९ वर्ष | १९२ | ८४ | १०८ |
| | २०–२४ वर्ष | १४० | ६४ | ७६ |
| | २५–२९ वर्ष | १११ | ५२ | ५९ |
| | ३०–३४ वर्ष | ८७ | ४० | ४७ |
| | ३५–३९ वर्ष | ७८ | ४१ | ३७ |
| | ४०–४४ वर्ष | ७७ | ३२ | ४५ |
| | ४५–४९ वर्ष | ५६ | २९ | २७ |
| | ५०–५४ वर्ष | ५१ | २४ | २७ |
| | ५५–५९ वर्ष | ४८ | २० | २८ |
| | ६०–६४ वर्ष | ४५ | १९ | २६ |
| | ६५–६९ वर्ष | ३१ | २१ | १० |
| | ७०–७४ वर्ष | ३२ | १८ | १४ |
| | ७५–७९ वर्ष | ८ | ४ | ४ |
| | ८०–८४ वर्ष | १ | १ | ० |
| | ८५+ वर्ष | ० | ० | ० |
| **वडा नं . २** | **सबै उमेर** | **३,३०६** | **१,५७४** | **१,७३२** |
| | ००–०४ वर्ष | ३९० | १९४ | १९६ |
| | ०५–०९ वर्ष | ३९१ | १९६ | १९५ |
| | १०–१४ वर्ष | ३७१ | १८८ | १८३ |

| वडा नं. | उमेर समूह | जम्मा | पुरूष | महिला |
|---|---|---|---|---|
| | १५–१९ वर्ष | ४०७ | १९२ | २१५ |
| | २०–२४ वर्ष | ३२९ | १४९ | १८० |
| | २५–२९ वर्ष | २३१ | १०८ | १२३ |
| | ३०–३४ वर्ष | १९७ | ८९ | १०८ |
| | ३५–३९ वर्ष | १६३ | ७३ | ९० |
| | ४०–४४ वर्ष | १४० | ५५ | ८५ |
| | ४५–४९ वर्ष | १३२ | ६३ | ६९ |
| | ५०–५४ वर्ष | १४८ | ७० | ७८ |
| | ५५–५९ वर्ष | १३० | ६२ | ६८ |
| | ६०–६४ वर्ष | १०४ | ४९ | ५५ |
| | ६५–६९ वर्ष | ६९ | ३७ | ३२ |
| | ७०–७४ वर्ष | ५३ | २० | ३३ |
| | ७५–७९ वर्ष | ३० | १८ | १२ |
| | ८०–८४ वर्ष | १३ | ६ | ७ |
| | ८५+ वर्ष | ८ | ५ | ३ |
| **वडा नं . ३** | **सबै उमेर** | **१,७८२** | **८३२** | **९५०** |
| | ००–०४ वर्ष | १८६ | १०२ | ८४ |
| | ०५–०९ वर्ष | १८९ | ९५ | ९४ |
| | १०–१४ वर्ष | १८८ | ८६ | १०२ |
| | १५–१९ वर्ष | १९७ | ९६ | १०१ |
| | २०–२४ वर्ष | १७८ | ७७ | १०१ |
| | २५–२९ वर्ष | १४४ | ५७ | ८७ |
| | ३०–३४ वर्ष | १०३ | ५१ | ५२ |
| | ३५–३९ वर्ष | ९७ | ३४ | ६३ |
| | ४०–४४ वर्ष | १०५ | ५३ | ५२ |
| | ४५–४९ वर्ष | ८० | ३९ | ४१ |
| | ५०–५४ वर्ष | ७७ | ३५ | ४२ |
| | ५५–५९ वर्ष | ७४ | ३५ | ३९ |
| | ६०–६४ वर्ष | ६३ | ३० | ३३ |
| | ६५–६९ वर्ष | ३३ | १६ | १७ |
| | ७०–७४ वर्ष | ३८ | १२ | २६ |
| | ७५–७९ वर्ष | २१ | ८ | १३ |
| | ८०–८४ वर्ष | ६ | ३ | ३ |
| | ८५+ वर्ष | ३ | ३ | ० |
| **वडा नं . ४** | **सबै उमेर** | **२,२७४** | **१,०८६** | **१,१८८** |
| | ००–०४ वर्ष | २२६ | १३४ | ९२ |
| | ०५–०९ वर्ष | २५४ | १२४ | १३० |
| | १०–१४ वर्ष | २१४ | ९९ | ११५ |
| | १५–१९ वर्ष | २३४ | ९७ | १३७ |
| | २०–२४ वर्ष | २६० | ११६ | १४४ |
| | २५–२९ वर्ष | २२० | १०३ | ११७ |

| वडा नं. | उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| | ३०–३४ वर्ष | १४७ | ७३ | ७४ |
| | ३५–३९ वर्ष | ११५ | ५० | ६५ |
| | ४०–४४ वर्ष | १०७ | ४४ | ६३ |
| | ४५–४९ वर्ष | १०८ | ५४ | ५४ |
| | ५०–५४ वर्ष | १२२ | ५५ | ६७ |
| | ५५–५९ वर्ष | ८० | ४५ | ३५ |
| | ६०–६४ वर्ष | ६९ | ३३ | ३६ |
| | ६५–६९ वर्ष | ६१ | ३० | ३१ |
| | ७०–७४ वर्ष | ३० | १७ | १३ |
| | ७५–७९ वर्ष | १६ | ६ | १० |
| | ८०–८४ वर्ष | ७ | ३ | ४ |
| | ८५+ वर्ष | ४ | ३ | १ |
| **वडा नं . ५** | **सबै उमेर** | **१,८०३** | **८८९** | **९१४** |
| | ००–०४ वर्ष | १९७ | १११ | ८६ |
| | ०५–०९ वर्ष | १९३ | ९७ | ९६ |
| | १०–१४ वर्ष | २२६ | ११० | ११६ |
| | १५–१९ वर्ष | १८७ | ८६ | १०१ |
| | २०–२४ वर्ष | १८२ | ८९ | ९३ |
| | २५–२९ वर्ष | १५८ | ७६ | ८२ |
| | ३०–३४ वर्ष | १३१ | ६४ | ६७ |
| | ३५–३९ वर्ष | ८० | ४२ | ३८ |
| | ४०–४४ वर्ष | ७९ | ३७ | ४२ |
| | ४५–४९ वर्ष | ७७ | ३७ | ४० |
| | ५०–५४ वर्ष | ९२ | ४२ | ५० |
| | ५५–५९ वर्ष | ५३ | २८ | २५ |
| | ६०–६४ वर्ष | ५५ | २३ | ३२ |
| | ६५–६९ वर्ष | ४० | १७ | २३ |
| | ७०–७४ वर्ष | २७ | १९ | ८ |
| | ७५–७९ वर्ष | ११ | ३ | ८ |
| | ८०–८४ वर्ष | ८ | ५ | ३ |
| | ८५+ वर्ष | ७ | ३ | ४ |
| **वडा नं . ६** | **सबै उमेर** | **२,२९८** | **१,११५** | **१,१८३** |
| | ००–०४ वर्ष | २४५ | १२७ | ११८ |
| | ०५–०९ वर्ष | २५६ | १२८ | १२८ |
| | १०–१४ वर्ष | २७९ | १३६ | १४३ |
| | १५–१९ वर्ष | २६१ | १३४ | १२७ |
| | २०–२४ वर्ष | २८७ | ११६ | १७१ |
| | २५–२९ वर्ष | १८५ | १०६ | ७९ |
| | ३०–३४ वर्ष | १६८ | ६६ | १०२ |
| | ३५–३९ वर्ष | १२३ | ६३ | ६० |
| | ४०–४४ वर्ष | १०६ | ५१ | ५५ |

| वडा नं. | उमेर समूह | जम्मा | पुरूष | महिला |
|---|---|---|---|---|
| | ४५–४९ वर्ष | ७६ | ३३ | ४३ |
| | ५०–५४ वर्ष | ९९ | ४५ | ५४ |
| | ५५–५९ वर्ष | ७२ | ३७ | ३५ |
| | ६०–६४ वर्ष | ६३ | ३४ | २९ |
| | ६५–६९ वर्ष | ३९ | १८ | २१ |
| | ७०–७४ वर्ष | २० | ९ | ११ |
| | ७५–७९ वर्ष | १२ | ७ | ५ |
| | ८०–८४ वर्ष | ५ | ४ | १ |
| | ८५+ वर्ष | २ | १ | १ |
| **वडा नं . ७** | **सबै उमेर** | **२,९४६** | **१,४७८** | **१,४६८** |
| | ००–०४ वर्ष | ३३२ | १८६ | १४६ |
| | ०५–०९ वर्ष | ३७० | १७१ | १९९ |
| | १०–१४ वर्ष | ४४२ | २२५ | २१७ |
| | १५–१९ वर्ष | ३६४ | १८६ | १७८ |
| | २०–२४ वर्ष | ३०१ | १४९ | १५२ |
| | २५–२९ वर्ष | २०६ | १०४ | १०२ |
| | ३०–३४ वर्ष | १६० | ७१ | ८९ |
| | ३५–३९ वर्ष | १६४ | ७९ | ८५ |
| | ४०–४४ वर्ष | १३७ | ६३ | ७४ |
| | ४५–४९ वर्ष | १२० | ६० | ६० |
| | ५०–५४ वर्ष | ९७ | ५५ | ४२ |
| | ५५–५९ वर्ष | ७१ | ३३ | ३८ |
| | ६०–६४ वर्ष | ६९ | ३५ | ३४ |
| | ६५–६९ वर्ष | ३७ | १५ | २२ |
| | ७०–७४ वर्ष | ५४ | ३५ | १९ |
| | ७५–७९ वर्ष | १३ | ७ | ६ |
| | ८०–८४ वर्ष | ८ | ४ | ४ |
| | ८५+ वर्ष | १ | ० | १ |
| **वडा नं . ८** | **सबै उमेर** | **१,५८०** | **७६४** | **८१६** |
| | ००–०४ वर्ष | १६८ | ९२ | ७६ |
| | ०५–०९ वर्ष | १४८ | ८६ | ६२ |
| | १०–१४ वर्ष | २०० | ८८ | ११२ |
| | १५–१९ वर्ष | २१७ | १०६ | १११ |
| | २०–२४ वर्ष | १७० | ८४ | ८६ |
| | २५–२९ वर्ष | १२९ | ६३ | ६६ |
| | ३०–३४ वर्ष | १०५ | ४९ | ५६ |
| | ३५–३९ वर्ष | ७१ | २५ | ४६ |
| | ४०–४४ वर्ष | ७९ | ३७ | ४२ |
| | ४५–४९ वर्ष | ६२ | २७ | ३५ |
| | ५०–५४ वर्ष | ४८ | २६ | २२ |
| | ५५–५९ वर्ष | ४७ | २२ | २५ |

| वडा नं. | उमेर समूह | जम्मा | पुरूष | महिला |
|---|---|---|---|---|
| | ६०–६४ वर्ष | ३५ | १५ | २० |
| | ६५–६९ वर्ष | ३५ | १८ | १७ |
| | ७०–७४ वर्ष | ३३ | १० | २३ |
| | ७५–७९ वर्ष | १७ | १० | ७ |
| | ८०–८४ वर्ष | १४ | ५ | ९ |
| | ८५+ वर्ष | ३ | २ | १ |
| **वडा नं . ९** | **सबै उमेर** | **१,८९५** | **९०३** | **९९२** |
| | ००–०४ वर्ष | २२१ | १२४ | ९७ |
| | ०५–०९ वर्ष | १९९ | ८८ | १११ |
| | १०–१४ वर्ष | २३६ | १३५ | १०१ |
| | १५–१९ वर्ष | २२० | १०२ | ११८ |
| | २०–२४ वर्ष | २१४ | ९१ | १२३ |
| | २५–२९ वर्ष | १५८ | ६८ | ९० |
| | ३०–३४ वर्ष | १२१ | ५९ | ६२ |
| | ३५–३९ वर्ष | १०० | ४९ | ५१ |
| | ४०–४४ वर्ष | ६९ | २३ | ४६ |
| | ४५–४९ वर्ष | ८३ | ३६ | ४७ |
| | ५०–५४ वर्ष | ७२ | ३३ | ३९ |
| | ५५–५९ वर्ष | ६३ | ३० | ३३ |
| | ६०–६४ वर्ष | ५१ | २३ | २८ |
| | ६५–६९ वर्ष | ३३ | १३ | २० |
| | ७०–७४ वर्ष | ३५ | १८ | १७ |
| | ७५–७९ वर्ष | १६ | ९ | ७ |
| | ८०–८४ वर्ष | ३ | २ | १ |
| | ८५+ वर्ष | १ | ० | १ |
| **वडा नं . १०** | **सबै उमेर** | **१,६१२** | **७९४** | **८१८** |
| | ००–०४ वर्ष | १७८ | ९३ | ८५ |
| | ०५–०९ वर्ष | १६६ | ८५ | ८१ |
| | १०–१४ वर्ष | १८५ | ९५ | ९० |
| | १५–१९ वर्ष | १९८ | १०८ | ९० |
| | २०–२४ वर्ष | १६६ | ७४ | ९२ |
| | २५–२९ वर्ष | ११० | ५४ | ५६ |
| | ३०–३४ वर्ष | १०५ | ४३ | ६२ |
| | ३५–३९ वर्ष | ७८ | ४६ | ३२ |
| | ४०–४४ वर्ष | ७१ | २५ | ४६ |
| | ४५–४९ वर्ष | ६३ | ३० | ३३ |
| | ५०–५४ वर्ष | ६५ | २९ | ३६ |
| | ५५–५९ वर्ष | ६९ | ३१ | ३८ |
| | ६०–६४ वर्ष | ५६ | ३१ | २५ |
| | ६५–६९ वर्ष | ४५ | २४ | २१ |
| | ७०–७४ वर्ष | ३४ | १६ | १८ |

| वडा नं. | उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| | ७५–७९ वर्ष | १६ | ८ | ८ |
| | ८०–८४ वर्ष | ५ | १ | ४ |
| | ८५+ वर्ष | २ | १ | १ |

तालिका ३ : जनसंख्याको साक्षरताको अवस्था (५ वर्ष वा सोभन्दा माथिको)

| वडा नं. | ५ वर्ष र माथिको कुल जनसंख्या | साक्षर | | असाक्षर | | साक्षरता दर (%) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा |
| १ | १,३५१ | ५०७ | ४६३ | १३४ | २३४ | ७८.५ | ६५.७ | ७१.८ |
| २ | २,९१६ | १,१९२ | १,१३१ | १८५ | ४०४ | ८६.४ | ७३.६ | ७९.७ |
| ३ | १,५९६ | ६०८ | ५७३ | १२२ | २९३ | ८३.३ | ६६.२ | ७४.० |
| ४ | २,०४८ | ८०९ | ७६६ | १४३ | ३३० | ८५.० | ६९.९ | ७६.९ |
| ५ | १,६०६ | ६६० | ५६० | ११८ | २६७ | ८४.८ | ६७.६ | ७६.० |
| ६ | २,०५३ | ८१८ | ७४५ | १६७ | ३१९ | ७७.२ | ७०.० | ७६.१ |
| ७ | २,६१४ | ९९८ | ८६८ | २९० | ४४२ | ७७.४ | ६५.७ | ७१.४ |
| ८ | १,४१२ | ६५६ | ४८१ | १५२ | २५९ | ७७.४ | ६५.० | ७०.९ |
| ९ | १,६७४ | ५२० | ६०० | १२३ | २९५ | ८४.२ | ६७.० | ७५.० |
| १० | १,४३४ | ५७२ | ४८७ | १२३ | २४२ | ८१.६ | ६६.४ | ७३.८ |
| **कुल जम्मा** | **१८,७०४** | **७,३४०** | **६,६७४** | **१,५५७** | **३,०८५** | **८२.३** | **६८.२** | **७४.९** |

तालिका ४ : वडा अनुसार जनसंख्याको विद्यालय/कलेज उपस्थितिको अवस्था (५-२५ वर्ष उमेर समूहको)

| वडा नं. | लिङ्ग | ५-२५ वर्ष उमेर समूहको कुल जनसङ्खया | हाल अध्ययन गरिरहेका | पहिले अध्ययन गरेका (हाल नजाने) | कहिल्यै विद्यालय नगएका | नखुलेको |
|---|---|---|---|---|---|---|
| **१** | जम्मा | ६४४ | ४६७ | १४८ | १६ | १३ |
| | पुरूष | ३०५ | २२७ | ६८ | ५ | ५ |
| | महिला | ३३९ | २४० | ८० | ११ | ८ |
| **२** | जम्मा | १,२५० | ९४३ | २८८ | १७ | २ |
| | पुरूष | ६०७ | ४७४ | १२५ | ६ | २ |
| | महिला | ६४३ | ४६९ | १६३ | ११ | ० |
| **३** | जम्मा | ५८९ | ४६७ | ११४ | ८ | ० |
| | पुरूष | २७२ | २३० | ४० | २ | ० |
| | महिला | ३१७ | २३७ | ७४ | ६ | ० |
| **४** | जम्मा | ६७३ | ५४४ | १०१ | २८ | ० |
| | पुरूष | ३१३ | २५२ | ४७ | १४ | ० |
| | महिला | ३६० | २९२ | ५४ | १४ | ० |
| **५** | जम्मा | ६१४ | ४७९ | १२५ | ९ | १ |
| | पुरूष | २९७ | २३७ | ५६ | ४ | ० |
| | महिला | ३१७ | २४२ | ६९ | ५ | १ |
| **६** | जम्मा | ८५९ | ६९४ | १४८ | १४ | ३ |
| | पुरूष | ४१७ | ३५३ | ५८ | ४ | २ |
| | महिला | ४४२ | ३४१ | ९० | १० | १ |

| वडा नं. | लिङ्ग | ५-२५ वर्ष उमेर समूहको कुल जनसङ्खया | हाल अध्ययन गरिरहेका | पहिले अध्ययन गरेका (हाल नजाने) | कहिल्यै विद्यालय नगएका | नखुलेको |
|---|---|---|---|---|---|---|
| ७ | जम्मा | १,३०३ | ९९३ | २८१ | ९ | २० |
| | पुरूष | ६२६ | ४८० | १३८ | २ | ६ |
| | महिला | ६७७ | ५१३ | १४३ | ७ | १४ |
| ८ | जम्मा | ५८८ | ४८२ | ९२ | १३ | १ |
| | पुरूष | ३०६ | २५० | ४८ | ७ | १ |
| | महिला | २८२ | २३२ | ४४ | ६ | ० |
| ९ | जम्मा | ६९१ | ५३२ | १५० | ८ | १ |
| | पुरूष | ३३५ | २६८ | ६६ | ० | १ |
| | महिला | ३५६ | २६४ | ८४ | ८ | ० |
| १० | जम्मा | ५५८ | ३८१ | १३८ | २९ | १० |
| | पुरूष | २८५ | १९४ | ७२ | १४ | ५ |
| | महिला | २७३ | १८७ | ६६ | १५ | ५ |

तालिका ५ : १० वर्ष वा सोभन्दा माथिको जनसंख्या र आर्थिक सक्रियताको अवस्था (वडा अनुसार)

| वडा नं. | लिङ्ग | १० वर्ष र माथिको जनसङ्ख्या | आर्थिक रुपमा सक्रिय | | | आर्थिक रूपमा निष्कृय | नखुलेको |
|---|---|---|---|---|---|---|---|
| | | | अक्सर सक्रिय | | कहिलेकाँही सक्रिय | | |
| | | | रोजगार | बेरोजगार | | | |
| १ | जम्मा | १,१४३ | २३० | ४५ | ६८० | १८४ | ४ |
| | पुरूष | ५३९ | १५३ | २६ | २६८ | ९१ | १ |
| | महिला | ६०४ | ७७ | १९ | ४१२ | ९३ | ३ |
| २ | जम्मा | २,५२५ | ९६० | ९७ | १,१५४ | २९८ | १६ |
| | पुरूष | १,१८४ | ५१२ | ४६ | ४८० | १३९ | ७ |
| | महिला | १,३४१ | ४४८ | ५१ | ६७४ | १५९ | ९ |
| ३ | जम्मा | १,४०७ | ७२७ | ५ | ३६९ | ३०४ | २ |
| | पुरूष | ६३५ | ३६३ | ४ | १५१ | ११५ | २ |
| | महिला | ७७२ | ३६४ | १ | २१८ | १८९ | ० |
| ४ | जम्मा | १,७९४ | १,०४२ | ५६ | ४९२ | २०४ | ० |
| | पुरूष | ८२८ | ५१० | ३४ | २०४ | ८० | ० |
| | महिला | ९६६ | ५३२ | २२ | २८८ | १२४ | ० |
| ५ | जम्मा | १,४१३ | ५५८ | २ | ५६० | २५८ | ३५ |
| | पुरूष | ६८१ | ३७४ | १ | १८६ | १०५ | १५ |
| | महिला | ७३२ | १८४ | १ | ३७४ | १५३ | २० |
| ६ | जम्मा | १,७९७ | ९१७ | ४६ | ३३२ | ५०० | २ |
| | पुरूष | ८६० | ४६९ | १९ | १३५ | २३७ | ० |
| | महिला | ९३७ | ४४८ | २७ | १९७ | २६३ | २ |
| ७ | जम्मा | २,२४४ | १,१६२ | २७ | ७१४ | ३३८ | ३ |
| | पुरूष | १,१२१ | ६२२ | ८ | ३२७ | १६२ | २ |
| | महिला | १,१२३ | ५४० | १९ | ३८७ | १७६ | १ |
| ८ | जम्मा | १,२६४ | ३९४ | ८ | ४२९ | ४३० | ३ |
| | पुरूष | ५८६ | २३६ | २ | १६२ | १८४ | २ |

| वडा नं. | लिङ्ग | १० वर्ष र माथिको जनसङ्ख्या | आर्थिक रुपमा सक्रिय | | | आर्थिक रुपमा निष्कृय | नखुलेको |
|---|---|---|---|---|---|---|---|
| | | | अक्सर सक्रिय | | कहिलेकाँही सक्रिय | | |
| | | | रोजगार | बेरोजगार | | | |
| | महिला | ६७८ | १५८ | ६ | २६७ | २४६ | १ |
| **९** | जम्मा | १,४७५ | ९७३ | १० | ३५५ | १३७ | ० |
| | पुरूष | ६९१ | ४५९ | ० | १६२ | ७० | ० |
| | महिला | ७८४ | ५१४ | १० | १९३ | ६७ | ० |
| **१०** | जम्मा | १,२६८ | ७०४ | ३२ | २८९ | २३९ | ४ |
| | पुरूष | ६१६ | ३८७ | १६ | १०५ | १०६ | २ |
| | महिला | ६५२ | ३१७ | १६ | १८४ | १३३ | २ |

तालिका ६ : ५ वर्ष वा सोभन्दा मुनिका बालबालिकाको जन्मदर्ताको अवस्था (वडा अनुसार)

| वडा नं. | जन्म दर्ता अवस्था | ५ वर्ष र सो भन्दा मूनीको जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | कुल | बालक | बालिका |
| **१** | जम्मा | २३० | ११६ | ११४ |
| | जन्म दर्ता गरेका | २०४ | १०२ | १०२ |
| | जन्म दर्ता नगरेका | २६ | १४ | १२ |
| **२** | जम्मा | ४७५ | २३७ | २३८ |
| | जन्म दर्ता गरेका | ४५५ | २२९ | २२६ |
| | जन्म दर्ता नगरेका | २० | ८ | १२ |
| **३** | जम्मा | २२५ | १२५ | १०० |
| | जन्म दर्ता गरेका | २०९ | ११४ | ९५ |
| | जन्म दर्ता नगरेका | १६ | ११ | ५ |
| **४** | जम्मा | २८६ | १६५ | १२१ |
| | जन्म दर्ता गरेका | २३९ | १३८ | १०१ |
| | जन्म दर्ता नगरेका | ४७ | २७ | २० |
| **५** | जम्मा | २४३ | १३५ | १०८ |
| | जन्म दर्ता गरेका | २३४ | १३१ | १०३ |
| | जन्म दर्ता नगरेका | ९ | ४ | ५ |
| **६** | जम्मा | ३०९ | १६० | १४९ |
| | जन्म दर्ता गरेका | २७९ | १४३ | १३६ |
| | जन्म दर्ता नगरेका | ३० | १७ | १३ |
| **७** | जम्मा | ४१५ | २१७ | १९८ |
| | जन्म दर्ता गरेका | ३८३ | २०० | १८३ |
| | जन्म दर्ता नगरेका | ३२ | १७ | १५ |
| **८** | जम्मा | १९८ | ११० | ८८ |
| | जन्म दर्ता गरेका | १८५ | १०० | ८५ |
| | जन्म दर्ता नगरेका | १३ | १० | ३ |
| **९** | जम्मा | २६५ | १४७ | ११८ |
| | जन्म दर्ता गरेका | २५९ | १४६ | ११३ |
| | जन्म दर्ता नगरेका | ६ | १ | ५ |
| **१०** | जम्मा | २२१ | १११ | ११० |

| वडा नं. | जन्म दर्ता अवस्था | ५ वर्ष र सो भन्दा मूनीको जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | कुल | बालक | बालिका |
| | जन्म दर्ता गरेका | २०९ | १०७ | १०२ |
| | जन्म दर्ता नगरेका | १२ | ४ | ८ |

तालिका ७ : परिवारले प्रयोग गर्ने घर तथा आवासीय एकाइको स्वामित्वको प्रकार अनुसार घरपरिवार संख्या

| वडा नं. | कुल परिवार संख्या | प्रयोग गर्ने घरको स्वामित्व | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| १ | ३२१ | ३१२ | ३ | ० | ६ |
| २ | ७९६ | ७८४ | ६ | २ | ४ |
| ३ | ४४४ | ४४३ | ० | ० | १ |
| ४ | ५७७ | ५१२ | ६४ | ० | १ |
| ५ | ३५४ | ३४२ | ० | ० | १२ |
| ६ | ४६२ | ४६१ | १ | ० | ० |
| ७ | ५४१ | ५३३ | ८ | ० | ० |
| ८ | ३१० | ३१० | ० | ० | ० |
| ९ | ४४४ | ४४० | १ | २ | १ |
| १० | ३५८ | ३५६ | ० | १ | १ |
| **कुल जम्मा** | **४,६०७** | **४,४९३** | **८३** | **५** | **२६** |

तालिका ८ : परिवारले प्रयोग गर्ने घरको जगको बनावट

| वडा नं. | कुल परिवार संख्या | प्रयोग गर्ने घरको जग | | | |
|---|---|---|---|---|---|
| | | माटोले जोडिएको ईँटा/ढुङ्गा | सिमेन्टले जोडिएको ईँटा/ढुङ्गा | आर.सी.सी. (पिल्लरसहित) | काठको पिल्लर |
| १ | ३२१ | २८९ | ३२ | ० | ० |
| २ | ७९६ | ७८२ | ८ | ६ | ० |
| ३ | ४४४ | ४२६ | ८ | ७ | ३ |
| ४ | ५७७ | ५१३ | १२ | ४५ | ७ |
| ५ | ३५४ | ३४० | १२ | १ | १ |
| ६ | ४६२ | ४४८ | १२ | २ | ० |
| ७ | ५४१ | ५२८ | ६ | ७ | ० |
| ८ | ३१० | ३०५ | ५ | ० | ० |
| ९ | ४४४ | ४०५ | ३८ | १ | ० |
| १० | ३५८ | ३५६ | १ | १ | ० |
| **कुल जम्मा** | **४,६०७** | **४,३९२** | **१३४** | **७०** | **११** |

तालिका ९ : परिवारले प्रयोग गर्ने घरको घरको बाहिरी गारोको बनावट

| वडा नं. | कुल परिवार संख्या | प्रयोग गर्ने घरको जग | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | माटोले जोडिएको ईँटा/ढुङ्गा | सिमेन्टले जोडिएको ईँटा/ढुङ्गा | काठ/फलेक | बाँस | काँचो ईँटा | जस्ता पाता | प्रिफ्याब |
| १ | ३२१ | २८९ | ३२ | ० | ० | ० | ० | ० |
| २ | ७९६ | ७७५ | २१ | ० | ० | ० | ० | ० |
| ३ | ४४४ | ४२३ | १७ | २ | १ | ० | १ | ० |
| ४ | ५७७ | ४३४ | १३५ | ५ | ० | ० | ३ | ० |
| ५ | ३५४ | ३१३ | ४१ | ९ | ० | ० | ० | ० |
| ६ | ४६२ | ३८५ | ७६ | १ | ० | ० | ० | ० |
| ७ | ५४१ | ५२१ | २० | ० | ० | ० | ० | ० |
| ८ | ३१० | २७६ | ३४ | ० | ० | ० | ० | ० |
| ९ | ४४४ | ४०८ | ३६ | ० | ० | ० | ० | ० |
| १० | ३५८ | ३१२ | ४२ | ४ | ० | ० | ० | ० |
| **जम्मा** | **४,६०७** | **४,१३६** | **४५४** | **१२** | **१** | **०** | **४** | **०** |

तालिका १० : घरको बाहिरी गारोको बनावटमा प्रयोग भएको सामग्रीको विवरण (२०७८)

| वडा नं. | कुल परिवार संख्या | बाहिरी गारोको बनावट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | माटोले जोडिएको ईँटा/ढुङ्गा | सिमेन्टले जोडिएको ईँटा/ढुङ्गा | काठ/फलेक | बाँस | काँचो ईँटा | जस्तापाता | प्रिफ्याब पाता |
| १ | ३२१ | २८९ | ३२ | ० | ० | ० | ० | ० |
| २ | ७९६ | ७७५ | २१ | ० | ० | ० | ० | ० |
| ३ | ४४४ | ४२३ | १७ | २ | १ | ० | १ | ० |
| ४ | ५७७ | ४३४ | १३५ | ५ | ० | ० | ३ | ० |
| ५ | ३५४ | ३१३ | ४१ | ० | ० | ० | ० | ० |
| ६ | ४६२ | ३८५ | ७६ | १ | ० | ० | ० | ० |
| ७ | ५४१ | ५२१ | २० | ० | ० | ० | ० | ० |
| ८ | ३१० | २७६ | ३४ | ० | ० | ० | ० | ० |
| ९ | ४४४ | ४०८ | ३६ | ० | ० | ० | ० | ० |
| १० | ३५८ | ३१२ | ४२ | ४ | ० | ० | ० | ० |
| **जम्मा** | **४,६०७** | **४,१३६** | **४५४** | **१२** | **१** | **०** | **४** | **०** |

तालिका ११ : घरको छानामा प्रयोग भएको सामग्रीको विवरण (२०७८)

| वडा नं. | कुल परिवार संख्या | घरको छानाको बनावट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जस्तापाता | आर.सी.सी. (ढलान) | खर/पराल | टायल | ढुङ्गा/स्लेट | काठ/फलेक | माटो | अन्य |
| १ | ३२१ | २२० | ४ | ७३ | ० | २४ | ० | ० | ० |
| २ | ७९६ | ५६९ | १५ | ११० | १ | १०१ | ० | ० | ० |
| ३ | ४४४ | ३३४ | १४ | ७६ | ० | २० | ० | ० | ० |
| ४ | ५७७ | ४७४ | ५७ | २६ | ० | २० | ० | ० | ० |

| वडा नं. | कुल परिवार संख्या | घरको छानाको बनावट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जस्तापाता | आर.सी.सी. (ढलान) | खर/पराल | टायल | ढुङ्गा/स्लेट | काठ/फलेक | माटो | अन्य |
| ५ | ३५४ | २६६ | ९ | ५९ | १ | १९ | ० | ० | ० |
| ६ | ४६२ | ३२२ | १४ | ६७ | ४ | ५४ | १ | ० | ० |
| ७ | ५४१ | ३६९ | ७ | ४४ | ४ | ११६ | ० | ० | १ |
| ८ | ३१० | १३१ | १ | ६१ | ० | ११७ | ० | ० | ० |
| ९ | ४४४ | ४०५ | २ | २२ | ० | १५ | ० | ० | ० |
| १० | ३५८ | २७७ | २ | ५७ | ० | २२ | ० | ० | ० |
| **जम्मा** | **४,६०७** | **३,३६७** | **१२५** | **५९५** | **१०** | **५०८** | **१** | **०** | **१** |

तालिका १२ : घरको भुइँमा प्रयोग भएको सामग्रीको विवरण (२०७८)

| वडा नं. | कुल परिवार संख्या | घरको भूईमा प्रयोग भएको सामग्री | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | माटो | काठ/बाँस | ईँटा/ढुङ्गा | सिरामिक टायल | सिमेन्ट | अन्य |
| १ | ३२१ | ३१६ | १ | ० | १ | ३ | ० |
| २ | ७९६ | ७५७ | २५ | १ | ० | ११ | २ |
| ३ | ४४४ | ४०७ | ११ | ८ | ३ | १४ | १ |
| ४ | ५७७ | ५१६ | ५ | १ | ३ | ४७ | ५ |
| ५ | ३५४ | ३३२ | ३ | १ | ६ | १० | २ |
| ६ | ४६२ | ४०९ | १९ | ५ | ३ | २४ | २ |
| ७ | ५४१ | ५२२ | ४ | २ | ० | ११ | २ |
| ८ | ३१० | ३०८ | ० | ० | १ | १ | ० |
| ९ | ४४४ | ४२० | १७ | ४ | १ | २ | ० |
| १० | ३५८ | ३३३ | ११ | ४ | ० | ९ | १ |
| **जम्मा** | **४,६०७** | **४,३२०** | **९६** | **२६** | **१८** | **१३२** | **१५** |

तालिका १३ : खानेपानीको मुख्य स्रोतको विवरण (२०७८)

| वडा नं. | कुल परिवार संख्या | खानेपानीको मूख्य स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | धारा/पाइप (घर भित्र) | धारा/पाइप (घर बाहिर) | ट्युबवेल / हातेपम्प | ढाकिएको इनार/कुवा | नढाकिएको इनार/कुवा | ढुङ्गेधारा/मूल | नदी/खोला | अन्य |
| १ | ३२१ | २८ | २९१ | ० | ० | ० | १ | १ | ० |
| २ | ७९६ | १३५ | ६६० | ० | ० | ० | ० | ० | १ |
| ३ | ४४४ | ३१६ | १२५ | ० | ० | ० | २ | १ | ० |
| ४ | ५७७ | २४३ | २७२ | ० | ० | ० | ५६ | ६ | ० |
| ५ | ३५४ | २८ | ३२५ | ० | ० | ० | ० | ० | १ |
| ६ | ४६२ | १४४ | ३०७ | ० | ० | १ | ९ | ० | १ |
| ७ | ५४१ | २९१ | २२८ | ० | ० | ० | २१ | १ | ० |
| ८ | ३१० | ९८ | २१२ | ० | ० | ० | ० | ० | ० |
| ९ | ४४४ | ४२५ | १९ | ० | ० | ० | ० | ० | ० |

| वडा नं. | कुल परिवार संख्या | खानेपानीको मूख्य स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | धारा/पाइप (घर भित्र) | धारा/पाइप (घर बाहिर) | ट्युबवेल / हातेपम्प | ढाकिएको इनार/कुवा | नढाकिएको इनार/कुवा | ढुङ्गेधारा/ मूल | नदी/ खोला | अन्य |
| १० | ३५८ | ७७ | २८० | ० | ० | १ | ० | ० | ० |
| **जम्मा** | **४,६०७** | **१,७८५** | **२,७१९** | **०** | **०** | **२** | **८९** | **९** | **३** |

तालिका १४ : खाना पकाउन प्रयोग गर्ने इन्धनको विवरण (२०७८)

| वडा नं. | कुल परिवार संख्या | खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | काठ/दाउरा | एल.पी. ग्यास | बिजुली | गुइँठा/सन्ठी | बायो ग्यास | अन्य |
| १ | ३२१ | ३१७ | ३ | ० | ० | १ | ० |
| २ | ७९६ | ७७६ | १८ | ० | ० | २ | ० |
| ३ | ४४४ | ४३५ | ८ | १ | ० | ० | ० |
| ४ | ५७७ | ४७५ | १०० | ० | ० | १ | १ |
| ५ | ३५४ | ३५३ | ० | ० | १ | ० | ० |
| ६ | ४६२ | ४३९ | २१ | ० | ० | २ | ० |
| ७ | ५४१ | ५२१ | १९ | ० | ० | १ | ० |
| ८ | ३१० | ३०८ | ० | १ | ० | १ | ० |
| ९ | ४४४ | ४४१ | १ | १ | ० | १ | ० |
| १० | ३५८ | ३२४ | ३० | ३ | ० | ० | १ |
| **जम्मा** | **४,६०७** | **४,३८९** | **२००** | **६** | **१** | **९** | **२** |

तालिका १५ : बत्ती बाल्न प्रयोग गर्ने इन्धनको विवरण (२०७८)

| वडा नं. | कुल परिवार संख्या | बत्ती बाल्न प्रयोग गर्ने इन्धन | | | |
|---|---|---|---|---|---|
| | | बिजुली | सौर्य ऊर्जा | मट्टितेल | अन्य |
| १ | ३२१ | ३१४ | १ | १ | ५ |
| २ | ७९६ | ७८७ | ६ | १ | २ |
| ३ | ४४४ | ४३३ | १ | ६ | ४ |
| ४ | ५७७ | ५७२ | ५ | ० | ० |
| ५ | ३५४ | ३४८ | १ | ० | ५ |
| ६ | ४६२ | ४४८ | १३ | १ | ० |
| ७ | ५४१ | ४८० | ४५ | ६ | १० |
| ८ | ३१० | २७९ | २१ | २ | ८ |
| ९ | ४४४ | ४३३ | ३ | २ | ६ |
| १० | ३५८ | २४६ | ९९ | १ | १२ |
| **जम्मा** | **४,६०७** | **४,३४०** | **१९५** | **२०** | **५२** |

तालिका १६ : शौचालयको सुविधा/उपलब्धता सम्बन्धी विवरण (२०७८)

| वडा नं. | कुल परिवार संख्या | शौचालयको प्रकार | | | | शौचालय नभएका |
|---|---|---|---|---|---|---|
| | | फ्लस शौचालय (सार्वजनिक ढल) | फ्लस शौचालय (सेप्टिक ट्याङ्की) | साधारण खाल्डे शौचालय | सार्वजनिक शौचालय | |
| १ | ३२१ | ५ | ३०० | १२ | ० | ४ |
| २ | ७९६ | १९ | ७५९ | ८ | २ | ८ |
| ३ | ४४४ | २७ | १५५ | २५२ | ३ | ७ |
| ४ | ५७७ | ११ | ३५६ | २१० | ० | ० |
| ५ | ३५४ | ८ | १३९ | २०५ | १ | १ |
| ६ | ४६२ | १२ | ९४ | ३५० | ० | ६ |
| ७ | ५४१ | २१ | ३२९ | १८६ | ० | ५ |
| ८ | ३१० | ० | ० | ३०७ | २ | १ |
| ९ | ४४४ | १३ | ११९ | ३०६ | ० | ६ |
| १० | ३५८ | २५ | ६१ | २७० | १ | १ |
| **जम्मा** | **४,६०७** | **१४१** | **२,३१२** | **२,१०६** | **९** | **३९** |

तालिका १७ : परिवारमा उपलब्ध सूविधा सम्बन्धी विवरण

| घर परिवारमा उपलब्ध सूविधाहरू | वडा नं. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| कुनै पनि सुविधा नभएका | ४३ | ७५ | २७ | ३३ | २३ | १० | १३ | ५२ | २२ | २८ |
| कम्तिमा एउटा सुविधा भएका | २७८ | ७२१ | ४१७ | ५४४ | ३३१ | ४५२ | ५२८ | २५८ | ४२२ | ३३० |
| रेडियो | ६५ | २२५ | १४८ | २०३ | २०७ | २७८ | २७५ | १७२ | ३०२ | २५० |
| टेलिभिजन | २७ | ४७ | ११८ | १९५ | ११३ | ६० | १९ | ५ | ७४ | २४ |
| ल्यान्डलाइन टेलिफोन | २ | ११ | ९ | ११ | २ | ४ | २ | १ | १ | २ |
| साधारण मोबाइल फोन | २६४ | ६६१ | ३८१ | ४५४ | ३१७ | ४३४ | ५१५ | २०६ | ४१० | ३२२ |
| स्मार्ट मोबाइल फोन | २१ | २५७ | १६१ | ४४८ | ७६ | ३७७ | ३५७ | १७० | ९९ | २४७ |
| कम्प्युटर / ल्यापटप | ७ | १५ | ६ | २३ | २ | १७ | ४ | ० | ३ | १ |
| इन्टरनेट | २ | ० | २ | १३० | १ | ४७ | १४१ | ० | २ | ६ |
| कार / जीप / भ्यान | ० | ० | १ | ११ | ० | ४ | १ | ० | ० | ० |
| मोटरसाइकल / स्कुटर | ९ | १४ | १९ | ६८ | ६ | ९ | ८ | ७ | ९ | ० |
| साइकल | २ | १ | १ | ३ | १ | ३ | ० | ० | ३ | ० |
| विद्युतीय पङ्खा | २ | २ | ३ | ३७ | ० | १ | ० | ० | १ | ० |
| फ्रिज (Refrigerator) | १ | ५ | २ | ३४ | ० | २ | ० | ० | ० | ० |
| वाशिङ मेसिन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| एयर कन्डिसनर | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| **जम्मा घरपरिवार** | **३२१** | **७९६** | **४४४** | **५७७** | **३५४** | **४६२** | **५४१** | **३१०** | **४४४** | **३५८** |

# अनुसूची २ : स्थानीय तहका ऐन नीति नियम तथा कार्यप्रणाली

## गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस नियमावलीको नाम "गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः**

(क) "प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले गाउँ कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(ग) 'कार्यपालिका' भन्नाले बाँफिकोट गाउँ कार्यपालिका सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले बाँफिकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले बाँफिकोट गाउँपालिका सम्झनु पर्छ।

(च) "बिषयगत शाखा" भन्नाले बाँफिकोट गाउँ कार्यपालिका अन्तरगतको बिषयगत महा शाखा, शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ। यस शब्दले संविधान बमोजिम गाउँपालिकालाई तोकिएको कार्यसम्पादन गर्नका लागि गाउँ कार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशुविकासजस्ता बिषयक्षेत्रगत कार्यालय वा इकाईलाई समेत सम्झनु पर्छ।

(छ) "वडा सचिव" भन्नाले गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ।

(ज) "वडा समिति" भन्नाले बाँफिकोट गाउँपालिकाको वडा समिति सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्छ। सो शब्दले गाउँ कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ।

(ञ) 'सभा" भन्नाले बाँफिकोट गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

**३. कार्य सम्पादनः**

(१) गाउँ कार्यपालिकाको कार्य सम्पादन गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय एवं बिषयगत शाखाबाट हुनेछ।

(२) गाउँ कार्यपालिका अन्तर्गत रहने विषयगत महाशाखा वा शाखा वा कार्यालय वा उपशाखा वा इकाईको विवरण अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिमका बिषयगत शाखाहरु र तिनीहरुको कार्य विवरण गाउँ कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ।

**४. कार्य विभाजनः**

(१) गाउँ कार्यपालिकाको कार्यालय र बिषयगत शाखाबाट सम्पादन हुने कार्य अनुसूची-२ बमोजिम हुनेछ।

(२) गाउँ कार्यपालिकाले उपनियम (१) बमोजिमको विषयगत शाखाको काममा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

(३) वडा समितिबाट सम्पादन हुने कार्य अनुसूची- ३ बमोजिम हुनेछ।

(४) प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार अनुसूची- ४ बमोजिम हुनेछ।

(५) प्रमुखले बिषयगत क्षेत्रको कार्यको लागि कार्यपालिकाको कुनै सदस्यलाई निजले गर्ने कार्यको क्षेत्राधिकार समेत तोकी जिम्मेवारी दिन सक्नेछ।

(६) कार्यपालिकाले आफ्नो कार्यसम्पादनका लागि अनुसूची ५ बमोजिमको बिषयगत समिति गठन गरी कुनै सदस्यको संयोजकत्वमा त्यस्तो समितिको कार्यक्षेत्र तोकी जिम्मेवारी दिन सक्नेछ।

(७) यो नियमावलीमा अयन्त्र जेसुकै लेखिएको भएता पनि अनुसूची ५ मा ब्यबस्था भएको समितिका अतिरिक्त गाउँ कार्यपालिकाले विशिष्टिकृत उद्देश्य र कामका लगि यस नियमावलिमा ब्यवस्था गरिएको बिषयगत समितिको समन्वयमा रहने गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ बमोजिम शिक्षा, सहकारी र खेलकुदका छुट्टा छुट्टै समिति गठन गर्न सक्नेछ।

**५. जिम्मेवारी तथा उत्तरदायित्वः**

(१) गाउँ कार्यपालिकाबाट सम्पादन भएका कामका लागि प्रमुख तथा सदस्यहरु सामुहिक रुपमा गाउँ सभाप्रति उत्तरदायी हुनेछन्।

(२) गाउँ कार्यपालिकाका सदस्यहरु आफूलाई तोकिएकोकार्यका लागि व्यक्तिगत रुपमा कार्यपालिका तथा प्रमुखप्रति उत्तरदायी हुनेछन ।

(३) बिषयगत समितिबाट सम्पादन हुने कामका लागि समितिका संयोजक तथा सदस्यहरु सामुहिक रुपमा कार्यपालिकाप्रति उत्तरदायी हुनेछन।

(४) वडा अध्यक्ष आफूले गर्ने कामका लागि कार्यपालिका, प्रमुख तथा वडा समितिप्रति र वडा समितिबाट गरिने कामका लागि सामुहिक रुपमा कार्यपालिका र सभाप्रति उत्तरदायी हुनेछ।

(५) बिषयगत समितिमा संयोजक सहित ३ जनादेखि ५ जनासम्म रहने छ।

(क) बिषयगत शाखाका सदस्यहरु गाउँ सभाका सदस्यहरु मध्यबाट तोकिने छ।

(ख) बिषयगत समितिलाई महाशाखा र शाखा प्रमुखहरुले आवश्यक सहयोग गर्नुपर्नेछ।

(ग) बिषयगत समितिको काम अनुसूची ६ मा उल्लेख भए बमोजिम हुनेछ।

**६. अधिकार प्रत्यायोजनः**

(१) गाउँ कार्यपालिकाले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रमुख, उपप्रमुख, वडाअध्यक्ष, सदस्य तथा मातहतका समिति, उपसमिति वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रमुखले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृत वा अन्य बरिष्ठ अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) वडा समिति वा वडा अध्यक्षले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार वडा समितिका कुनै सदस्य वा वडा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**७. थपघट, हेरफेर वा संशोधनः**

(१) कार्यपालिकाले यस नियमावलीलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ।

(२) कार्यपालिकाले उपनियम (१) बमोजिम अनुसूचीमा थपघट वा हेरफेर वा संशोधन गरेको विषयको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

**८. बाधा अड्काउ फुकाऊः**

यो नियम कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस नियमावलीको भावनाको प्रतिकूल नहुने गरी कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

**९. यसै बमोजिम भए गरेको मानिनेः** यो नियमावली स्वीकृत हुनुपूर्व गाउँ कार्यपालिकाबाट सम्पादन भएका कार्यहरु यसै नियमावली अनुरुप भए गरेको मानिनेछ।

**अनुसूची - १**

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

गाउँकार्यपालिकामा रहने विषयगत शाखा (महाशाखा, शाखा, कार्यालय, उपशाखा, इकाई) को विवरण

**१. सामान्य प्रशासन महाशाखा**

(क) स्थानीय सेवा तथा जनशक्ति विकास शाखा

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन शाखा

(ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय शाखा

(घ) बैठक व्यवस्थापन शाखा

(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण शाखा

(च) आन्तरिक लेखापरीक्षणशाखा

(छ) न्याय, कानून तथा मानव अधिकार प्रबद्र्धन शाखा

(१) नगर प्रहरी ब्यवस्थापन उपशाखा

(२) न्याय, कानून तथा मानव अधिकार प्रबद्र्धन उपशाखा

(३) विधायन उपशाखा

(ज) सूचना तथा संचार उपशाखा

(झ) प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सचिवालय

(ञ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि तथा विभूषण इकाई

(ट) दर्ता चलानी इकाई

(ठ) सोधपुछ सहयोगी कक्ष

**२. राजश्व तथा आर्थिक प्रशासन महाशाखा**

(क) राजश्व नीति तथा प्रशासनशाखा

(ख) आर्थिक प्रशासनशाखा

**३. शहरी बिकास तथा योजना महाशाखा**

(क) भुमि ब्यवस्थापन तथा भवन नियमन शाखा

(१) भू-उपयोग तथा बस्ति बिकास उपशाखा

(२) जग्गा नापी उपशाखा

(३) भवन तथा भवन सहिता एवं निर्माण ईजाजत (डिजाईन समेत) उपशाखा

(ख) योजना अनुगमन तथा तथ्याङ्क शाखा

(१) योजना उपशाखा

(२) अनुगमन तथा मूल्याङ्कन उपशाखा

(३) तथ्याङ्क ब्यवस्थापन ईकाई

(ग) सडक तथा यातायात व्यवस्थाशाखा

(घ) जलविद्युत, उर्जा तथा सडक वत्ति शाखा

(ङ) सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रणशाखा

(च) खानेपानी व्यवस्थापन उपशाखा

(छ) सार्वजनिक निजी साझेदारी इकाई

**४. सामाजिक विकास महाशाखा**

(क) कृषि, पशुपन्छी तथा सहकारी कार्यालय

(ख) आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय

(ग) आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय

(घ) लैंगिक समानता तथा सामाजिक सुरक्षा शाखा

- लैंगिक समानता इकाई
- युवा तथा वालवालिका इकाई
- अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक इकाई
- समाजिक सुरक्षा कार्यक्रम तथा ब्यक्तिगत घट्ना दर्ता इकाई

(ङ) उद्योग तथा उद्यमशिलता विकास शाखा

(च) रोजगार प्रबद्र्धन तथा गरिबी न्यूनीकरण शाखा

(छ) खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई

(ज) संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबद्र्धन इकाई

(झ) गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन इकाई

**५. वन, वातावरण, फोहोरमैला तथा विपद्यवस्थापन शाखा**

(क) वन, वन्यजन्तु तथा भू-संरक्षण कार्यालय

(ख) वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण उपशाखा

(ग) फोहरमैला व्यवस्थापन उपशाखा

(घ) विपद्व्यवस्थापन (बारुणयन्त्र, एम्बुलेन्स तथा यन्त्र उपकरण परिचालन समेत) उपशाखा

## <u>अनुसूची - २</u>

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**विषयगत शाखाको कार्य विभाजन**

**१. सामान्य प्रशासन महाशाखा**

**(क) स्थानीय सेवा तथा जनशक्ति विकास शाखा**

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन
- संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य
- गाउँपालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबद्र्धन र नियमन
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा
- गाउँपालिकामा सार्वजनिक विदा सम्बन्धी ब्यवस्था
- स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु।

**(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन शाखा**

- गाउँपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषय
- सेवा तथा निर्माण व्यवसायको सञ्चालन तथा व्यवस्थापन
- गाउँपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेख
- गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख
- गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण।

**(ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय शाखा**

- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व
- जिल्ला समन्वय समितिसँगको समन्वय

- वडा तहसँगको सम्पर्क र समन्वय
- पत्राचार, सभा, समारोह, शिष्टाचार

**(घ) बैठक व्यवस्थापन शाखा**

- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन

**(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण शाखा**

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा अनुगमन
- बजार तथा हाट बजार व्यवस्थापन
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
- . स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
- . स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
- . उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
- खाद्य पदार्थको गुणस्तर नियन्त्रण,
- खानेपानीको गुणस्तर नियन्त्रण,
- स्थानीय व्यापार प्रवद्र्घन सहजीकरण र नियमन,
- स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्धन र अभिलेखाङ्कन ।

**(च) आन्तरिक लेखापरीक्षण शाखा**

- आन्तरिक तथा पूर्व लेखापरीक्षण
- लेखापरीक्षण विवरण (बेरुजुको लगत समेत) को अभिलेख व्यवस्थापन
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण
- लेखापालनसम्वन्धी क्षमता विकास कार्य

**(छ) न्याय, कानून तथा मानव अधिकार प्रवद्र्धन शाखा**

(१) नगर प्रहरी व्यवस्थापन उपशाखा

- संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- नगर प्रहरीमार्फत देहायका कार्य सम्पादन गर्ने,
- नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,
- सम्पत्तिको संरक्षण,
- गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,
- स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,
- नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना, कार्यक्रम कार्यान्वयन,
- नगर बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,
- स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,
- कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
- विपद्व्यवस्थापनमा सहयोग,
- अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,
- फूटपाथ व्यवस्थापन
- निर्माण नियमन
- गुणस्तर नियन्त्रण

- नगर प्रहरी सम्बन्धी अन्य कार्य।

(२) न्याय, कानून तथा मानव अधिकार प्रवद्र्धन उपशाखा

- न्याय, कानून, मानव अधिकार प्रवद्र्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन
- न्यायिक समितिको सचिवालय सम्वन्धी कार्य
- न्याय तथा कानूनी राज्यको परिपालना
- मानव अधिकारको संरक्षण तथा प्रवद्र्धन
- व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन

(३) विधायन उपशाखा

- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन र समन्वय
- नीति, कानुनको प्रमाणीक प्रतिको संरक्षण, प्रकाशन र अभिलेख
- विधायन सम्वन्धी अन्य कार्य।

**(ज) सूचना तथा सञ्चार उपशाखा**

- आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन
- एक सय वाटसम्मको एफ एम रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन
- आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन
- अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार
- सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन
- बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी सम्बन्धी कार्य
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन।

**(झ) प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सचिवालय**

- प्रमुख/उप-प्रमुख/प्रमुख प्रशासकीय अधिकृतको नाममा प्राप्त हुने निमन्त्रणा, पत्र जानकारी गराउने
- भेटघाट गर्न आउनेलाई समय मिलाई ब्यवस्था गर्ने
- दैनिक कामको लागि तालिका बनाउने
- आगन्तुकको स्वागत सत्कारमा आवश्यक ब्यवस्था मिलाउने
- प्रयोग गर्ने सवारी ठीक दुरुस्त भए नभएको हेरि दुरुस्त अबस्थामा राख्ख लगाउने
- सचिवालयको तर्फबाट गरिने पत्र ब्यवहारको रेकर्ड राख्ने
- कार्य कक्षको सुरक्षा, सरसफाई र ब्यवस्थापनमा विशेष ध्यान पुयाउने

**(ञ) उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि तथा विभूषण इकाई**

- स्थानीय चाडपर्व, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
- उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख

**(ट) दर्ता चलानी इकाई**

- गाउँपालिकामा प्राप्त हुने पत्रहरुको दर्ता गरि रेकर्ड राख्ने र सम्बन्धित शाखामा पठाउने
- गाउँपालिकाबाट बाहिर जाने चिठ्ठि पत्र, निर्णय आदेश सूचनाको चलानी गरि रेकर्ड राखि सम्बन्धित ब्यक्ति वा
- निकायलाई बुझाउने कार्यालयले तोकेको अन्य कार्य।

**(ठ) सोध पुछ तथा सहयोगी कक्ष**

- कार्यालय आउने सेवाग्राहीलाई पाउने सेवा वा सो संग सम्बन्धित बिषयमा माग्ने मौखिक सूचनाका आधारमा सूचना दिने, प्रष्ट पार्ने, सहजीकरण गर्ने।

- कामको अबस्था, प्रकृति बमोजिम कसैको मद्दत विना काम गर्न समस्या हुनेलाई त्यस्ताको काममा सघाउ पुऱ्याउन

**२. राजश्व तथा आर्थिक प्रशासन महाशाखा**

**(क) राजश्व नीति तथा प्रशासनशाखा**

- राजश्व सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन र नियमन) राजस्व चुहावट नियन्त्रण समेत,
- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर) मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन, नियमन र अन्य आय व्यवस्थापन
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड,
- आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर) नीति, कानून, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन (
- मालपोत संकलन तथा एकिकृत संपत्तिकर संकलन
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन
- ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, ¥याफ्टिङ्ग शुल्क
- सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन
- पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना
- प्रचलित कानुन बमोजिम दण्ड जरिवाना
- बाँकी बक्यौता रकमको लगत र असुल उपर
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक
- वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन
- राजश्व परामर्श समिति सम्बन्धी विषय
- स्थानीय राजस्व प्रवद्र्घनका लागि प्रोत्साहन,
- राजश्वको सम्भाव्यता अध्ययन
- राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान
- संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था

**(ख) आर्थिक प्रशासन शाखा**

- आर्थिक कार्यविधी (नीति, कानून, मापदण्ण) कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन
- बजेट सीमा निर्धारण, बजेट तर्जुमा, कार्यान्वयन र नियमन
- सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन
- लगानी र लाभांशको व्यबस्थापन
- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसंचालन कोष तथा अन्य सरकारी कोष तथा संपत्तिको एकीकृत विवरण
- समष्टिगत आर्थिक अवस्थाको विश्लेषण
- ऋण तथा अनुदानको व्यवस्थापन र नियमन

- लगानी प्रक्षेपण) सरकारी, सहकारी तथा निजी (र वित्तीय व्यवस्थापन
- कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन
- राजश्व तथा व्ययको अनुमान
- बेरुजू फछ्यौट
- आर्थिक प्रशासन र व्यबस्थापन सम्बन्धी अन्य विषय।

**३. शहरी विकास तथा योजना महाशाखा**

**(क) भूमि व्यवस्थापन तथा भवन नियमन शाखा**

**(१) भू-उपयोग तथा वस्ती विकास उपशाखा**

- शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन,
- गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय,
- योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यबस्थापन,
- आफ्नो क्षेत्रको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,
- व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था,
- स्थानीयस्तरमा सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्था

**(२) जग्गा नापी उपशाखा**

- भूमिको वर्गीकरण अनुसारको लगत
- भूमी लगतनिर्माण र संरक्षण
- सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता
- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र,
- तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत

**(३) भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) उपशाखा**

- भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन
- पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बद्र्धन र पुनःनिर्माण,
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा
- संरचना निर्माण र मर्मत संभार,

**(ख) योजना, अनुगमन तथा तथ्यांक शाखा**

**(१) योजना उपशाखा**

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन
- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

- बार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन
- उपभोक्ता समितिको विवरण, क्षमता विकास
- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण
- संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**(२) अनुगमन तथा मूल्यांकन उपशाखा**

- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन
- बिषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन

**(३) तथ्यांक व्यवस्थापन इकाई**

- तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण
- आधारभूत तथ्यांक संकलन र व्यबस्थापन जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्बाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख
- बेरोजगारको तथ्यांक संकलन
- स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन
- सम्पन्न भएका तथा चालू योजनाको विवरण
- बिषक्षेत्रगत सूचना, तथ्यांकको संकलन, अभिलेख
- प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख) प्रोफाईल (व्यबस्थापन
- नगरपालिकाको आवधिक तथा वार्षिक कार्यक्रम र बजेट स्वीकृति ।

**(ग) सडक तथा यातायात व्यवस्था शाखा**

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार
- यातायात सुरक्षा व्यवस्थापन र नियमन
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन
- ट्याक्सी अटो रिक्सा, रिक्सा, ठेला सेवा अनुमती, व्यबस्थापन र नियमन र अभिलेख
- ठूली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, योजना, मापदण्ड, कार्यान्वयन, नियमन
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवद्र्धन
- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसंग समन्वय
- यातायात क्षेत्रमा लगानी अभिबृद्धि
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच
- यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन
- निजी यातायात नियमन व्यवस्थापन र अभिलेखन

**(घ) जलविद्युत, उर्जा, सडक वत्ती शाखा**

- साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि/प्रबद्र्धन, विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- सडक वत्तीको व्यवस्था

**(ङ) सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण शाखा**

- सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण र नियमन
- सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
- स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन
- जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी स्थानीय योजना निर्माण
- तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन
- साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन।

**(च) खानेपानी व्यवस्थापन उपशाखा**

- स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन
- पानी मुहानको संरक्षण
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय।

**(छ) सार्वजनिक निजी साझेदारी इकाई**

- स्थानीय सार्वजनिक निजी साझेदारी सम्वन्धी स्थानीय नीति, योजना निर्माण
- स्थानीय सार्वजनिक निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयन
- सार्वजनिक सामुदायिक साझेदारी
- स्थानीय विकासमा निजी क्षेत्रको प्रवर्दन

**४. सामाजिक विकास महाशाखा**

**(क) कृषि, पशुपन्छी तथा सहकारी कार्यालय**

**<u>कृषि</u>**

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्धन
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवद्र्घन, विकास तथा बजारीकरण
- कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण
- शीत भण्डारणको व्यवस्थापन

- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन
- कृषि उपज संकलन केन्द्रको ब्यबस्थापन

**पशुपन्छी**

- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन, पशुप
- पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन
- पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन
- पशु आहारको गुणस्तर नियन्त्रण र नियमन
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

**सहकारी**

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन
- वचत तथा ऋण सहकारी संस्था परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि
- स्थानीय सहकारी क्षेत्रको प्रवद्र्धन, विकास र परिचालन।

**(ख) आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय**

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन
- विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार
- आधारभूत तह) कक्षा ८ (को परीक्षा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण

- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन।

**(ग) आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय**

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन
- राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण
- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबर्द्धन
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
- सरसफाई सचेतनाको अभिवृद्धि
- रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा
- औषधि पसल सञ्चालन र नियमन
- औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन
- औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन
- औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण
- औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डाण र वितरण
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन
- जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
- प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि
- आयुर्वेदिक, युनार्नी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन
- जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह।

**(घ) लैंगिक समानता तथा सामाजिक सुरक्षा शाखा**

**१. लैंगिक समानता इकाई**

- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास
- लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना
- लैंगिक उत्तरदायी बजेट

**२. युवा तथा बालबालिकाइकाई**

- बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- बालबालिकाको हकहीत संरक्षण
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल

- बालबालिकाको हकहीत संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,
- बालबालिका परिवार सहयोग
- बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन
- बाल न्याय
- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन
- असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन
- बाल हिंसा नियन्त्रण
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन
- आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन
- युवा जागरण, सशक्तिकरण र परिचालन
- युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास

**३. अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक इकाई**

- जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य
- जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
- अपांगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य।
- एकल महिला सम्वन्धी कार्य

**४. सामाजिक सुरक्षा कार्यक्रम तथा ब्यक्तिगत घटना दर्ता इकाई**

- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन
- आधुनिक प्रबिधिमार्फत व्यक्तिगत घटना दर्ता) जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री (, अभिलेख व्यवस्थापन तथा प्रतिवेदन

**(ङ) उद्योग तथा उद्यमशिलता विकास र खानी तथा खनिज पदार्थको संरक्षणशाखा**

**उद्योग**

- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवद्र्धन
- उद्यमशिलता प्रवगधन
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन
- सीप विकास सम्बन्धी कार्यको प्रबद्र्धन।

**खानी तथा खनिज**

- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
- ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरीढुङ्गा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण र उत्खनन्सम्बन्धी कार्य।
- ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी व्यवस्थापनर नियमन

- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन
- भौगर्भिक नक्सा प्रकाशन।

**(च) रोजगार प्रवद्र्धन तथा गरिबी न्यूनीकरणशाखा**

- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- गरिबी निवारणको स्थानीय रणनीति तर्जुमा
- गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकाय
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना
- स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन
- स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन
- रोजगारीका अवसरहरुको सिर्जना

**(छ) खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई**

- स्थानीयस्तरमा खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय
- खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास
- खेलकूदको विकास र प्रवद्र्धन
- खेलकूद प्रतियोगीता आयोजना र सहभागीता
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय।

**(ज) संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबद्र्धन इकाई**

- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रबद्र्धन र विकास
- परम्परागत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन
- स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापन
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवद्र्धन
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन
- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बद्र्धन
- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबद्र्धन र विकास।

**(झ) गैरसरकारी संस्थापरिचालन, समन्वय तथा नियमन इकाई**

- स्थानीयस्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था) गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था (को दर्ता,
- नवीकरण, परिचालन तथा नियमन
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य
- सामाजिक संघसंस्था सम्बन्धी अन्य विषय।

**५. वन, वातावरण, फोहरमैला तथा विपद्यवस्थापन शाखा**

**(क) वन, वन्यजन्तु तथा भू-संरक्षण कार्यालय**

- . वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वद्धन, उपयोग र नियमन
- वन उपभोक्ता समूहको व्यवस्थापन
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन नदी किनार, नदी उकास, दहत्तर, वहत्तर,
- नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन
- निजी तथा व्यवसायिक वनको प्रबद्र्धन र नियमन
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबद्र्धन, प्रशोधन, र बजार व्यवस्थापन
- वनबीऊ बगैंचा स्थापना, व्यवस्थापन र प्रवद्र्घन
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, बृक्षारोपण र प्रवद्र्धन
- वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन
- वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन
- स्थानीय प्राणी उद्यान) चिडियाखाना (को स्थापना र सञ्चालन
- स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन
- स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन
- वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान
- रैथाने प्रजातिको संरक्षण र प्रवर्धन
- मिचाहा प्रजातिको नियन्त्रण
- जैविक विविधताको अभिलेख
- सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम
- भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन
- जलवायू परिवर्तन अनुकुलन कार्य
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबद्र्धन, व्यवस्थापन

**(ख) वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण उपशाखा**

- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम
- तर्जुमा, कार्यान्वयन र नियमन
- हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन
- वायु तथा ध्वनीको प्रदूषण नियन्त्रण
- हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण
- वातावरणीय जोखिम न्यूनीकरण
- न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन
- वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन
- पहिरो नियन्त्रण
- जलवायू परिवर्तन अनुकुलन कार्यक्रम

**(ग) फोहरमैला व्यवस्थापन उपशाखा**

- फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन
- ल्याण्डफिल साईट व्यवस्थापन
- ढल निकास

- सरसफाई तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन
- सार्वजनिक शौचालय व्यवस्थापन

**(घ) बिपव्यवस्थापन उपशाखा (बारुणयन्त्र, एम्बुलेन्स तथा यन्त्र उपकरण परिचालन समेत)**

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीयस्तरका आयोजनाको कार्यान्वयन र नियमन
- विपपूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना
- विपपूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय
- विपदुजोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य
- विपदुकोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन
- विपपश्चात्स्थानीयस्तरको पुनस्थापना र पुनर्निर्माण
- विपदुसम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- बारुण यन्त्र तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन
- स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली

## अनुसूची-३

(नियम ४ को उपनियम (३) संग सम्वन्धित) वडा समितिबाट सम्पादन हुने कार्य

**(क) वडा स्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नेः**

- आफ्नो वडा भित्रको बस्तुगत विवरण) नदीनाला, जैविक विविधता, खनिज पदार्थ, जनसंख्याको बनोट, आर्थिक अवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि (तयार गर्ने, अद्यावधिक गर्दै लैजाने,
- निजी घर तथा घरपरिवारको लगत राख्ने,
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,
- खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्व चित्र तयार तथा अद्यावधिक गर्ने।

**(ख) वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्नेः**

- सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,
- वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

**(ग) वडाका विकास निर्माणका कार्यहरु गर्नेः**

- बालउद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने,
- बालबालिकाहरूलाई बि.सि.जि., पोलियो, भिटामिन "ए "को व्यवस्था गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने, गराउने,
- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,
- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवद्र्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,
- कृषि मलको माग सङ्कलन गर्ने,
- कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने,
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,
- वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,
- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवद्र्धन गर्ने,
- वडाभित्र खेलकुद पूर्बाधारको विकास गर्ने,
- अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,
- वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्ख सहयोग गर्ने,
- वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,
- बाटोघाटोको वाढी, पहिरो पन्छाउने,
- घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,
- वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,
- विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- प्रचलित कानूनको अधीनमा रही मालपोत, एकिकृत सम्पत्ति कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,
- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने,
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने,
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,
- वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।

**(घ) कानून बमोजिमका नियमन कार्य गर्नेः**

- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन
- घरनिर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प
- प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबद्र्धन गरी लगत राख्ने,
- हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।
- आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा महशूलको स्थानीय दररेट तोक्न न.पा. मा सिफारिश गर्ने ।
- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने ।
- समय समयमा नेपाल कानूनले तोकेबमोजिम अन्य काम गर्ने।

**(ङ) अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने**

- पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन
- संघीय कानून र मापदण्ड बमोजिम गाउँपालिकामा व्यक्तिगत घटना) जन्म, मृत्यु, विबाह, बसाइ सराइ, सम्बन्ध विच्छेद
- र धर्मपुत्र र धर्मपुत्री (को दर्ता,
- आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्वपूर्ण अभिलेखको व्यवस्थापन,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- स्थानीय स्तरको अभिलेख व्यबस्थापन ।
- नाता प्रमाणित गर्ने,
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,
- बहाल करको लेखाजोखा सिफारिस गर्ने,
- कोठा खोल्न रोहबरमा बस्ने,
- मोही लगत कट्टाको सिफारिस गर्ने,
- घरजग्गा करको लेखाजोखा सिफारिस गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,
- मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने,
- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
- निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने,
- घरपाताल प्रमाणित गर्ने,
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- पुर्जामा घरकायम गर्ने सिफारिस गर्ने,
- फरक/फरक नाम, धर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारीश गर्ने,
- नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,
- जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने,
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने,
- कित्ताकाट गर्न सिफारिस गर्ने,
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
- जीवितसँगको नाता प्रमाणित गर्ने,

- हकवाला वा हकदार प्रमाणित गर्ने,
- नामसारी गर्न सिफारिस गर्ने,
- जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
- मृतकसँगको नाता प्रमाणित तथा सर्जिन सिफारिस गर्ने,
- उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,
- जीवित रहेको सिफारिस गर्ने,
- पूर्व प्राथमिक विद्यालय खोल्न सिफारिस गर्ने
- जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने,
- विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,
- पालन पोषणको लागि सिफारिस गर्ने,
- वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस गर्ने,
- आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित
- विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने,
- धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,
- प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

## अनुसूची - ४

(नियम ४ को उपनियम (४) सँग सम्बन्धित)

**प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार**

**१. प्रमुखको काम, कर्तव्य र अधिकारः**

(१) प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँ सभा तथा गाउँकार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने।

(ख) गाउँ सभा तथा गाउँ कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने।

(ग) गाउँपालिकाको बार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गर्ने।

(घ) गाउँकार्यपालिकाको निर्णयमा नगर सभाको अधिवेशनको आव्हान र समापनको घोषणा गर्ने।

(ङ) गाउँपालिकाका उपप्रमुख वा सदस्यलाई गाउँपालिकाको कार्य विभाजन नियमावली अनुरुपको विषयगत कार्य जिम्मेवारी बाँडफाँड तथा हेरफेर गर्ने।

(च) गाउँसभा र गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने।

(छ) गाउँ कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने।

(ज) उपप्रमुख तथा सदस्यलाई गाउँपालिकाको कामका लागि स्वदेशभित्र काजमा खटाउने।

(झ) प्रमुख प्रशासकीय अधिकृतको सात दिनसम्मको विदा वा स्वदेशभित्रको काज स्वीकृत गर्ने।

(ञ) गाउँपालिकाको चल अचल सम्पत्ति हेरविचार तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्ख लगाउने।

(ट) प्रचलित नेपाल कानून बमोजिम आवश्यक सिफारिस गर्ने।

(ठ) नगर सभा वा गाउँकार्यपालिकाले तोकेका अन्य काम गर्ने।

(२) प्रमुखले आफ्नो अनुपस्थितिमा उपप्रमुखलाई कार्यवाहक प्रमुख तोक्नु पर्नेछ।

**२. उपप्रमुखको काम, कर्तव्य र अधिकारः**

(१) उपप्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) न्यायिक समितिको संयोजक भई कार्य गर्ने ।

(ख) गाउँपालिका प्रमुखको अनुपस्थितिमा कार्यबाहक प्रमुख भई कार्य गर्ने।

(ग) गाउँसभा, नगर कार्यपालिका तथा प्रमुखले तोकेका अन्य कार्य गर्ने ।

(२) उपप्रमुखले आफ्नो गाउँपालिका क्षेत्रबाहिर जानु पर्दा प्रमुखलाई जानकारी दिनु पर्नेछ ।

**३. वडा अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) वडा अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो वडा समितिको अध्यक्ष भई कार्य गर्ने ।

(ख) वडा समितिका सदस्यहरुलाई वडा समितिको कामको बाँडफाँड गरी सहजीकरण तथा परिचालन गर्ने ।

(ग) कार्यपालिकाको सदस्य भई कार्य गर्ने ।

(घ) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने।

(ङ) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने, तिनको अनुगमन गर्ने तथा आवधिक समीक्षा गर्ने गराउने।

(च) प्रचलित नेपाल कानून बमोजिम आवश्यक सिफारिस गर्ने ।

(छ) तोकिए बमोजिम वा गाउँपालिका प्रमुखले तोकेका अन्य कार्य गर्ने ।

(२) वडाध्यक्षले आफ्नो अनुपस्थितिमा सम्वन्धित वडा समितिको जेष्ठ सदस्यलाई कार्यवाहक तोकी सोको जानकारी प्रमुख र गाउँ कार्यपालिकाको कार्यलयलाई दिनुपर्नेछ। यसरी कार्यवाहक पाएको वडा सदस्यले कार्यवाहक भई काम गर्ने अवधिमा हुने गाउँ कार्यपालिकाको बैठकमा सहभागी हुन सक्नेछ ।

**४. सदस्यको काम, कर्तव्य र अधिकारः**

(१) कार्यपालिकाको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्यपालिकाको बैठकमा भाग लिने।

(ख) प्रमुखले तोकेको बिषयगत क्षेत्रको संयोजक वा अध्यक्ष भई तोकिएकोकार्य गर्ने ।

(ग) प्रमुखले तोकेका अन्य कार्य गर्ने।

(२) सदस्यले गाउँपालिका क्षेत्र बाहिर जाँदा प्रमुखलाई जानकारी दिई जानु पर्नेछ । ५ वडा सदस्यको काम, कर्तव्य र अधिकारः

(१) वडा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडा समितिको बैठकमा भाग लिने।

(ख) वडा अध्यक्षको अनुपस्थितिमा वडाअध्यक्षले तोके बमोजिम कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्ने

(ग) वडा अध्यक्षले तोकेका अन्य कार्य गर्ने।

(२) वडा सदस्यले गाउँपालिका क्षेत्र बाहिर जाँदा वडा अध्यक्षमार्फत कार्यपालिकालाई जानकारी दिनु पर्नेछ।

## अनुसूची - ५

विषयगत समितिहरुको विवरण

(नियम ४ को उपनियम (६) संग सम्वन्धित)

(क) सार्वजनिक सेवा, क्षमता विकास, तथा सुशासन समिति

(ख) आर्थिक विकास समिति

(ग) सामाजिक विकास समिति

(घ) पूर्वाधार विकास समिति

(ङ) वातावरण तथा विपद्व्यवस्थापन समिति

(च) बिधायन समिति

(छ) लेखा समिति

(च) संस्कृती तथा सम्पदा समिति

(ज) प्राकृतिक श्रोत विकास समिति

(झ) पर्यटन (विकास) समिति

(ञ) कृषि तथा पशु विकास समिति

(ट) सार्वजनिक सम्पत्ति उपयोग तथा संरक्षण समिति

(ठ) पेश्की बेरुजु तथा योजना फरफारक समिति

**अनुसूची - ६**

विषयगत समितिहरुको क्षेत्रगत कार्य

(नियम ५ को उपनियम (५) को ग संग सम्वन्धित

**(क) सार्वजनिक क्षमता विकास तथा सुशासन समितिः**

- स्थानीय सेवा
- बजार
- जनशक्ति
- गुणस्तर
- सरकारी तथा गैह्र सरकारी तहसंगको संपर्क समन्वय सेवा प्रवाह
- सूचना तथा संचार
- उपभोक्ता हित
- बीमा
- न्याय सम्पादन
- ऐन कानून, कार्यविधि निर्देशिका, विदा उत्सव, उर्दी उपाधी तथा बिभुषण सभा समारोह बैठक संस्थागत क्षमता र हित
- प्रबद्र्धन शान्ती सुरक्षा, नागरिक हक अधिकार, मानवअधिकार

**(ख) आर्थिक विकास समिति**

- उद्योग र उद्योग जन्य गतिविधि उद्योग बाणिज्य
- आर्थिक उपार्जनसंग सम्बन्धित नीतिगत योजना कार्यक्रम
- सहकारी क्षेत्र
- यातायात
- कर, दस्तुर, शुल्क, ठेक्का
- गरिवी न्यूनीकरण एवं श्रम तथा रोजगार
- बजेट श्रोत परिचालन

**(ग) सामाजिक विकास समिति**

- शिक्षा
- वाचनालय
- वा.वि.के.
- स्वास्थ्य

- पुस्तकालय
- सामाजिक सुरक्षा
- महिला, युवा, वालवालिका, जेष्ठ नागरिक
- अतिरिक्त कृयाकलाप
- खेलकुद
- गैह्र सरकारी संस्था

**(घ) पूर्वाधार विकास समिति**

- सडक, भवन, पुल, पार्क, उद्यान बगैचा, फुटपाथ, बसपार्क
- आवधिक योजना
- गुरुयोजना
- रङ्गशाला
- ढल नाला
- बस्ती विकास

**(ङ) वातावरण तथा विपब्यवस्थापन**

- फोहरमैला ब्यवस्थापन
- बारुण यन्त्र
- एम्बुलेन्स
- बिपद्ब्यवस्थापन योजना
- हरियाली, सिमसार, जयवायु परिवर्तन
- भूमी ब्यवस्थापन, नगरको सौन्दर्यताको संरक्षण तथा विकास

**(च) विद्यायन समिति**

- गाउँपालिकालाई आवश्यक पर्ने ऐन कानून, नियम, निर्देशिका, कार्यविधि तर्जुमा एवं अद्यावधिक गर्ने।
- कुनै कानूनी प्रश्न समावेश भएको नीति तथा कार्यक्रम सम्बन्धी

**(छ) लेखा समिति**

- गाउँपालिकाको आय र ब्यय अनुगमनका आधारमा प्राप्त आय र खर्चित रकमको विश्लेषण
- आन्तरिक लेखा परिक्षणमा सहयोग समन्वय र सुझाव
- अन्तिम लेखा परीक्षणमा सहयोग सुझाव समन्वय
- पारदर्शिता, मितब्ययीता, औचित्यता र जवाफदेहीताको थप अभिबृद्धिमा उपयुक्त सुझाव मार्गदर्शन

**(ज) संस्कृति तथा सम्पदा**

- जात्रा, पर्व मेला
- ऐतिहासिक, धार्मिक, पुरातात्विक मठ मन्दिर बस्तु
- विश्व सम्पदा
- रिति रिवाज लोक संस्कृति भेष भुषा
- संग्राहलय

**(ज) प्राकृतिक श्रोत (विकास) समिति**

- पानी
- खानी
- वन जंगल सामुदायिक बन
- ढुंगा वालुवा, गिट्टि माटो
- खोला, खोल्सा

**(झ) पर्यटन विकास समिति**

- पर्यटन पूर्वाधार
- होमस्टे
- कोसेली घर
- हाईकिङ्ग, प्याराग्लाईडिङ्ग लगायत अन्य
- पर्यटन पदमार्ग

**(ञ) कृषि तथा पशु विकास समिति**

- कृषि
- पशु बस्तु र कृषिवाली सुरक्षण
- पशुपालन
- बद्यशाला
- माछा/मौरी
- दुग्ध क्षेत्र
- सिंचाई
- कृषि उपज बेचविखन, भण्डारण

**(ट) सार्वजनिक संपत्ति उपयोग तथा संरक्षण विकास समिति**

- सार्वजनिक संपत्तिका रुपमा रहेका जग्गा जमीन भौतिक पूर्वाधार, वन र वनजन्य बस्तु, सरकारी संरचना

**(ठ) पेश्की, बेरुजु तथा योजना फरफारक समिति**

- गाउँपालिकाको योजनागत, कार्यक्रमगत पेश्की बेरुजु
- बाँकी बक्यौता भाडा भरौट
- योजना तथा कार्यक्रमको अनुगमन / निरिक्षण
- सम्पन्न योजना तथा कार्यक्रम फरफारकका लागि कार्यपालिकामा पेश।
- उल्लेखित समितिको कार्यक्षेत्र भित्र नतोकिएका बिषयको हकमा कार्यपालिकाले आवशयक निर्णय गरि सो सम्बन्धी
- कार्य कुनै समिति मार्फत गराउन सक्नेछ।

# अनुसूची ३ : आधिकारिक तथ्याङ्क प्रणालीको परिचय

## १. आधिकारिक तथ्याङ्क

आधिकारिक तथ्याङ्क भन्नाले कानुनले तोकेको सरकारी वा आधिकारिक सार्वजनिक निकायबाट वैज्ञानिक विधि, स्वीकृत मापदण्ड, स्पष्ट परिभाषा र पेशागत निष्पक्षताका आधारमा संकलन, प्रशोधन, विश्लेषण, प्रकाशन र प्रसार गरिने तथ्याङ्कलाई बुझिन्छ । यस्ता तथ्याङ्क सरकार, नागरिक, निजी क्षेत्र, विकास साझेदार, अनुसन्धानकर्ता र अन्य सरोकारवालाले नीति निर्माण, योजना तर्जुमा, स्रोत विनियोजन, सेवा प्रवाह, अनुगमन, मूल्याङ्कन र अनुसन्धानका लागि प्रयोग गरिन्छन् ।

आधिकारिक तथ्याङ्क सामान्य तथ्याङ्कभन्दा फरक हुन्छ। कुनै व्यक्ति, संस्था वा निकायले संकलन गरेको सबै तथ्याङ्क आधिकारिक हुँदैन । तथ्याङ्क आधिकारिक हुनका लागि त्यसको कानुनी आधार, उत्पादन गर्ने निकायको अधिकार, संकलन विधि, गुणस्तर, समयावधि, स्रोत, गोपनीयता र सार्वजनिक उपयोगिता स्पष्ट हुनुपर्छ। आधिकारिक तथ्याङ्कले देश, प्रदेश वा स्थानीय तहको सामाजिक, आर्थिक, जनसांख्यिक, वातावरणीय, प्रशासनिक र विकाससम्बन्धी अवस्थाको यथार्थ चित्र प्रस्तुत गर्छ । यसले अनुमानमा आधारित निर्णयलाई घटाएर प्रमाणमा आधारित निर्णय प्रणालीलाई बलियो बनाउँछ।

## २. आधिकारिक तथ्याङ्कका १० सिद्धान्तहरु (Fundamental Principles of Official Statistics, FPOS)

सन् १९८० को दशकको अन्त्यमा मध्य युरोपका देशहरूमा वैज्ञानिक र भरपर्दो तथ्याङ्क उत्पादन गर्न आधिकारिक तथ्याङ्कलाई डोऱ्याउने सिद्धान्तहरूको महसुस भयो । सन् १९९१ मा युरोपेली तथ्याङ्कविद्हरूको सम्मेलन (Conference of European Statistician, CES) ले आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्तहरू विकसित गयो जुन सन् १९९२ मा युरोपेली आर्थिक आयोग (Economic Commission of Europe, ECE) को मन्त्रीस्तरबाट अङ्गीकार गरियो। सन् १९९४ मा संयुक्त राष्ट्रसंघीय तथ्याङ्क आयोग (United Nations Statistical Commission) ले यी सिद्धान्तहरू अनुमोदन गऱ्यो। सन् २०१३ मा यी सिद्धान्तहरू प्रतिपादन भएको समयदेखिका घटनाक्रमलाई समेटी तथ्याङ्क आयोगले आफ्नो बयालिसौं सत्रमा आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्तहरूको संशोधित प्रस्तावना स्वीकृत गर्यो। सोही बैठकको सिफारिसमा आर्थिक तथा सामाजिक परिषद्ले तथ्याङ्कका आधारभूत सिद्धान्तसम्बन्धी मस्यौदा प्रस्ताव पेश गर्यो जुन संयुक्त राष्ट्रसंघको महासभाले २९ जनवरी २०१४ मा अनुमोदन गयो । यी सिद्धान्तहरूलाई संयुक्त राष्ट्रसंघको आधिकारिक तथ्याङ्कको आधारभूत सिद्धान्त (UNFPOS) भनिन्छ। देशमा वैज्ञानिक र भरपर्दो तथ्याङ्क उत्पादन गर्न यी सिद्धान्तहरू अझै पनि सान्दर्भिक छन्। यी सिद्धान्तहरूले आधिकारिक तथ्याङ्कका विविध पक्षहरूलाई समेटेका छन्। देशको तथ्याङ्क प्रणाली आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्तद्वारा निर्देशित हुन्छ जुन विश्वव्यापी तथ्याङ्क प्रणालीको आधारस्तम्भ हो। यहाँ आधिकारिक तथ्याङ्कका १० आधारभूत सिद्धान्तहरू संक्षिप्तरूपमा प्रस्तुत गरिएको छ।

**सिद्धान्त १: प्रासङ्गिकता, निष्पक्षता, र समान पहुँच (Relevance, Impartiality, and Equal Access)**

लोकतान्त्रिक समाजको सूचना प्रणालीमा आधिकारिक तथ्याङ्क एक अपरिहार्य तत्व हो जसले सरकार, अर्थतन्त्र र आमनागरिकहरूलाई आर्थिक, सामाजिक, जनसांङ्ख्यिक र वातावरणीय अवस्थाको बारेमा सूचना उपलब्ध गराउँछ। नागरिकको सूचनाको हकको सम्मान गर्दै आधिकारिक तथ्याङ्कीय निकायहरूले व्यावसायिक उपयोगिता भएका तथ्याङ्क सङ्कलन गरी निष्पक्ष रूपमा नागरिकहरूलाई उपलब्ध गराउनुपर्दछ।

**सिद्धान्त २: व्यावसायिक मापदण्ड, वैज्ञानिक सिद्धान्तहरू र व्यावसायिक नैतिकता (Professional Standards, Scientific Principles, and Professional Ethic)**

आधिकारिक तथ्याङ्कहरूमा विश्वसनीयता कायम राख्नका लागि तथ्याङ्क सङ्कलन, प्रशोधन, भण्डारण र प्रस्तुतिकरणका प्रक्रिया निर्धारण गर्दा आधिकारिक तथ्याङ्कीय निकायहरूले वैज्ञानिक सिद्धान्त, व्यावसायिक आचार र व्यावसायिक सोचबाट निर्णय लिनुपर्छ।

**सिद्धान्त ३: जवाफदेहिता र पारदर्शीता (Accountability and Transparency)**

तथ्याङ्कको सही अर्थ लगाउने काम सहज तुल्याउन तथ्याङ्क निकायहरूले तथ्याङ्कका स्रोत, विधि र प्रक्रियाको विवरण वैज्ञानिक मापदण्डअनुसार प्रस्तुत गर्नुपर्दछ।

**सिद्धान्त ४: दुरूपयोगको रोकथाम (Prevention of Misuse)**

तथ्याङ्कको गलत व्याख्या र दुरूपयोग भएमा त्यसको खण्डन गर्नसक्ने अधिकार तथ्याङ्क निकायहरूलाई छ ।

**सिद्धान्त ५: आधिकारिक तथ्याङ्कको स्रोत (Sources of Official Statistics)**

तथ्याङ्कीय प्रयोजनका लागि सर्वेक्षण, प्रशासनिक अभिलेखलगायत सबै प्रकारका तथ्याङ्कका स्रोतहरूबाट विवरणहरू लिन सकिन्छ । तथ्याङ्क निकायहरूले स्रोत चयन गर्दा गुणस्तर, समय, लागत र उत्तरदाताको बोझलाई विचार गरी उपयुक्त स्रोत चयन गर्नुपर्दछ ।

**सिद्धान्त ६: गोपनीयता (Confidentiality)**

तथ्याङ्क निकायहरूले तथ्याङ्क उत्पादनका लागि सङ्कलन गरिएका व्यक्तिगत विवरणहरू प्राकृतिक वा कानूनी व्यक्ति ज-जसको भए पनि एकदम गोप्य राख्नुपर्दछ । केवल तथ्याङ्कीय प्रयोजनका लागि मात्र यस्ता विवरणहरू प्रयोग गर्नुपर्दछ ।

**सिद्धान्त ७: कानून (Legislation)**

तथ्याङ्क प्रणाली सञ्चालन गर्ने ऐन, नियम र आदेश सबै सार्वजनिक गर्नुपर्दछ ।

**सिद्धान्त ८: राष्ट्रिय समन्वय (National Coordination)**

तथ्याङ्क प्रणालीमा स्थिरता र दक्षता हासिल गर्नका लागि देशभित्रका सबै तथ्याङ्क निकायहरूबिचको समन्वय आवश्यक हुन्छ ।

**सिद्धान्त ९: अन्तर्राष्ट्रिय मापदण्डको उपयोग (Use of International Standards)**

प्रत्येक देशका तथ्याङ्क निकायहरूले अन्तर्राष्ट्रिय अवधारणा, वर्गीकरण र विधि प्रयोग गरेमा सबै सरकारी तहहरूमा तथ्याङ्क प्रणालीमा सामञ्जस्यता र दक्षता अभिवृद्धि हुन्छ ।

**सिद्धान्त १०: अन्तर्राष्ट्रिय सहकार्य (International Cooperation)**

तथ्याङ्कीय क्षमता विकास, प्रविधि प्रयोग, विधि सुधार, गुणस्तर मापदण्ड र नयाँ तथ्याङ्कीय अभ्यासका लागि अन्तर्राष्ट्रिय सहकार्य महत्त्वपूर्ण हुन्छ । यस्तो सहकार्यले तथ्याङ्क प्रणालीलाई आधुनिक, तुलनायोग्य र विश्वसनीय बनाउन सहयोग गर्छ ।

## ३. आधिकारिक तथ्याङ्क प्रणाली

आधिकारिक तथ्याङ्क प्रणाली भन्नाले देश वा स्थानीय तहमा आधिकारिक तथ्याङ्क उत्पादन, व्यवस्थापन, समन्वय, प्रकाशन र उपयोग गर्ने सम्पूर्ण संरचना, प्रक्रिया र संस्थागत संयन्त्रलाई बुझिन्छ । यसमा तथ्याङ्क सम्बन्धी कानुन, नीति, संस्था, जनशक्ति, प्रविधि, स्रोत, मापदण्ड, सर्वेक्षण, गणना, प्रशासनिक अभिलेख, डाटाबेस, प्रकाशन प्रणाली र प्रयोगकर्ता सबै समावेश हुन्छन् ।

आधिकारिक तथ्याङ्क प्रणालीको मुख्य उद्देश्य विश्वसनीय, समयसापेक्ष, तुलनायोग्य र उपयोगी तथ्याङ्क उपलब्ध गराउनु हो । यस्तो प्रणाली बलियो भएमा सरकारका नीति, योजना र बजेट अनुमानमा होइन, प्रमाणमा आधारित हुन्छन् । यसले विकासका प्राथमिकता पहिचान गर्न, स्रोतको न्यायोचित बाँडफाँट गर्न, सेवा प्रवाह सुधार गर्न र उपलब्धिको मापन गर्न सहयोग गर्छ ।

आधिकारिक तथ्याङ्क प्रणालीमा मुख्यतः **चार प्रकारका पात्रहरू** हुन्छन् । **पहिलो, तथ्याङ्क प्रदायकहरू**, जसमा घरपरिवार, व्यक्ति, व्यवसाय, संस्था र समुदाय पर्छन् । **दोस्रो, तथ्याङ्क उत्पादकहरू**, जसमा राष्ट्रिय तथ्याङ्क कार्यालय, मन्त्रालय, विभाग, प्रदेश तथा स्थानीय तहका निकाय, अनुसन्धान संस्था र अन्य सार्वजनिक निकाय पर्छन् । **तेस्रो, तथ्याङ्क प्रयोगकर्ताहरू**, जसमा नीति निर्माता, योजनाकार, सरकारी निकाय, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, विद्यार्थी र अनुसन्धानकर्ता पर्छन् । **चौथो, अनुसन्धान तथा तालिम केन्द्रहरू**, जसले तथ्याङ्कीय ज्ञान, सीप, अनुसन्धान र क्षमता विकासमा सहयोग गर्छन् ।

यी चार पक्षबीचको सम्बन्ध बलियो भएमा तथ्याङ्क प्रणाली प्रभावकारी हुन्छ । तथ्याङ्क प्रदायकले सही र समयमै सूचना दिनुपर्छ । तथ्याङ्क उत्पादकले वैज्ञानिक विधि र गुणस्तर कायम गर्नुपर्छ । प्रयोगकर्ताले तथ्याङ्कको सही प्रयोग गर्नुपर्छ । अनुसन्धान तथा तालिम संस्थाले तथ्याङ्कीय क्षमता र अनुसन्धानलाई बलियो बनाउनुपर्छ । स्थानीय तहको सन्दर्भमा आधिकारिक तथ्याङ्क प्रणाली झन् महत्त्वपूर्ण हुन्छ । स्थानीय तहले आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम, बजेट, वडा/समुदाय स्तरीय

योजना, लक्षित वर्ग कार्यक्रम, सेवा प्रवाह र अनुगमनका लागि अद्यावधिक तथ्याङ्क प्रयोग गर्नुपर्छ। यसका लागि स्थानीय अभिलेख, वडा कार्यालयका विवरण, विषयगत शाखाका प्रतिवेदन, जनगणना, सर्वेक्षण र प्रशासनिक दर्ता प्रणालीलाई व्यवस्थित गर्न आवश्यक हुन्छ।

## ४. नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली

नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास क्रमशः जनगणना, सर्वेक्षण, प्रशासनिक अभिलेख, राष्ट्रिय लेखा, आर्थिक तथा सामाजिक तथ्याङ्क र क्षेत्रगत सूचना प्रणालीको विस्तारसँग जोडिएको छ। नेपालको तथ्याङ्क प्रणाली लामो समयसम्म केन्द्रीय तथ्याङ्क विभाग केन्द्रित थियो। पछिल्लो कानुनी तथा संस्थागत सुधारपछि केन्द्रीय तथ्याङ्क विभाग (CBS) राष्ट्रिय तथ्याङ्क कार्यालय (NSO)का रूपमा स्तरोन्नति भएको छ।

नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीको हालको प्रमुख कानुनी आधार तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८० हुन्। राष्ट्रिय तथ्याङ्क कार्यालय देशको केन्द्रीय तथ्याङ्कीय निकाय हो। यसले आधिकारिक तथ्याङ्क उत्पादन, प्रसार, गुणस्तर सुधार, मापदण्ड निर्धारण र तथ्याङ्कीय समन्वयमा भूमिका निर्वाह गर्छ।

नेपालको तथ्याङ्क प्रणाली पूर्ण रूपमा एउटै निकायमा सीमित छैन। राष्ट्रिय तथ्याङ्क कार्यालयका साथै नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय, विषयगत मन्त्रालय, विभाग, आयोग, प्रदेश सरकार, स्थानीय तह र अन्य सार्वजनिक निकायहरूले पनि आफ्नो क्षेत्रसँग सम्बन्धित तथ्याङ्क उत्पादन गर्छन्। शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, श्रम, मूल्य, राष्ट्रिय लेखा, राजस्व, सार्वजनिक खर्च, सामाजिक सुरक्षा, पूर्वाधार र स्थानीय सेवा प्रवाहसम्बन्धी तथ्याङ्क विभिन्न निकायबाट उत्पादन हुन्छन्। त्यसैले नेपालको तथ्याङ्क प्रणालीलाई समन्वित विकेन्द्रित प्रणालीका रूपमा बुझ्न सकिन्छ। राष्ट्रिय तथ्याङ्क प्रणालीमा राष्ट्रिय तथ्याङ्क कार्यालयको भूमिका केन्द्रीय र समन्वयकारी छ। यसले राष्ट्रिय जनगणना, कृषि गणना, आर्थिक गणना, घरपरिवार सर्वेक्षण, श्रमशक्ति सर्वेक्षण, मूल्य तथ्याङ्क, राष्ट्रिय लेखा र अन्य सामाजिक तथा आर्थिक तथ्याङ्क उत्पादन गर्दछ। साथै, तथ्याङ्कीय वर्गीकरण, परिभाषा, मापदण्ड, गुणस्तर र प्रसार प्रणालीमा पनि यसले नेतृत्वदायी भूमिका खेल्छ।

संघीय शासन प्रणाली लागू भएपछि नेपालको तथ्याङ्क प्रणालीमा प्रदेश र स्थानीय तहको भूमिका बढेको छ। स्थानीय तहलाई योजना निर्माण, स्रोत विनियोजन, सेवा प्रवाह, विपद् व्यवस्थापन, लक्षित वर्ग पहिचान, विकास नतिजा मापन र सार्वजनिक जवाफदेहिताका लागि स्थानीय स्तरका तथ्याङ्क आवश्यक हुन्छन्। त्यसैले संघ, प्रदेश र स्थानीय तहबीच तथ्याङ्कीय समन्वय, क्षमता विकास, डिजिटल अभिलेख प्रणाली र तथ्याङ्क प्रयोग संस्कृतिको विकास आवश्यक छ।

आधिकारिक तथ्याङ्क प्रणाली प्रमाणमा आधारित शासन र विकास व्यवस्थापनको आधार हो। विश्वसनीय तथ्याङ्कबिना नीति, योजना, बजेट, सेवा प्रवाह र अनुगमन प्रभावकारी हुन सक्दैन। नेपालमा राष्ट्रिय तथ्याङ्क कार्यालयले केन्द्रीय तथ्याङ्कीय निकायका रूपमा राष्ट्रिय तथ्याङ्क प्रणालीको नेतृत्व र समन्वय गर्ने भूमिका निर्वाह गर्दै आएको छ। संघीय संरचनामा स्थानीय तहले पनि आफ्ना अभिलेख र तथ्याङ्क प्रणालीलाई व्यवस्थित, अद्यावधिक र प्रयोगमुखी बनाउन आवश्यक छ। यसरी तयार गरिएको आधिकारिक तथ्याङ्क प्रणालीले स्थानीय विकास, सुशासन, पारदर्शिता र सार्वजनिक जवाफदेहितालाई बलियो बनाउँछ।

स्रोत आधार : संयुक्त राष्ट्रसंघका आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्तहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय नेपाल, तथ्याङ्क ऐन २०७९, तथ्याङ्क नियमावली २०८०, र A Ccompendium of National Statistical System of Nepal (CBS, 2017)।

## अनुसूची ४ : तथ्याङ्क ऐन २०७८ र नियमावली २०७९

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, भदौ २८ गते, २०७९ साल (अतिरिक्ताङ्क ३७

## भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७९ सालको ऐन नं. २०**

**तथ्याङ्क सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन**

प्रस्तावनाः तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समय सापेक्ष बनाई सङ्घ, प्रदेश र स्थानीय तहको नीति निर्माण, नीति कार्यान्वयन, स्रोत व्यवस्थापन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन तथ्याङ्क सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

### परिच्छेद-१ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "तथ्याङ्क ऐन, २०७९" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**आयोग**" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(ख) "**कम्प्युटर डाटाबेस**" भन्नाले कम्प्युटर वा कम्प्युटर नेटवर्क प्रणालीमा प्रयोग गर्ने उद्देश्यले अड्ड, अक्षर, छवि, ध्वनि वा श्रव्य दृश्यमा औपचारिक तवरले तयार गरिएको सङ्ख्यात्मक विवरण, तथ्याङ्क, सूचना, नक्सा वा अवधारणा सम्झनु पर्छ।

(ग) "**कार्यालय**" भन्नाले दफा २३ बमोजिमको राष्ट्रिय तथ्याङ्क कार्यालय सम्झनु पर्छ।

(घ) "**गणना**" भन्नाले कुनै पनि विषयको तथ्यपूर्ण जानकारी प्राप्त गर्न सम्बन्धित एकाइको पूर्ण रूपमा तथ्याङ्क सङ्कलन गर्ने विधि वा प्रक्रिया सम्झनु पर्छ।

(ङ) "**तथ्याङ्क**" भन्नाले आर्थिक, सामाजिक, भौतिक, वातावरणीय लगायतका विवरण, लगत वा सूचना सम्झनु पर्छ र सो शब्दले त्यस्ता विवरण, लगत वा सूचनाको व्यवस्थित सङ्कलन, प्रस्तुतीकरण वा विश्लेषण गरी तयार गरिएको सङ्ख्यात्मक प्रस्तुतिलाई समेत जनाउँछ।

(च) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "**परिषद्**" भन्नाले दफा १९ बमोजिमको राष्ट्रिय तथ्याङ्क परिषद् सम्झनु पर्छ।

(ज) "**प्रमुख तथ्याङ्ग अधिकारी**" भन्नाले दफा २५ बमोजिमको प्रमुख तथ्याङ्क अधिकारी सम्झनु पर्छ।

(झ) "**राष्ट्रिय तथ्याङ्क प्रणाली**" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय तथ्याङ्क प्रणाली सम्झनु पर्छ।

(ञ) "**विद्युतीय अभिलेख**" भन्नाले विद्युतीय स्वरूपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, छवि, ध्वनि वा श्रव्य दृश्य सम्झनु पर्छ।

(2) "**सरकारी निकाय**" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय सम्झनु पर्छ।

(ठ) "**सर्वेक्षण**" भन्नाले कुनै विषयको गतिविधि, प्रयोग र प्रवृत्ति सम्बन्धी तथ्यपूर्ण जानकारीको लागि नमूना छनोट गरी तथ्याङ्क सङ्कलन गरिने विधि वा प्रक्रिया सम्झनु पर्छ।

(ड) "**सार्वजनिक संस्था**" भन्नाले देहायका संस्था सम्झनु पर्छः-

(१) प्रचलित सङ्घीय कानून बमोजिम गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्,

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैड, समिति वा यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(३) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र वा अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(४) नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(५) उपखण्ड (१), (२), (३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदानप्राप्त संस्था,

(६) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था।

(ढ) "**सूचित आदेश**" भन्नाले कुनै खास तथ्याङ्क सम्बन्धी कार्यका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेश सम्झनु पर्छ।

(ण) "**संस्था**" भन्नाले सार्वजनिक, निजी, गैरसरकारी वा सहकारी संस्था सम्झनु पर्छ।

## परिच्छेद-२ राष्ट्रिय तथ्याङ्क प्रणाली, तथ्याङ्क सङ्कलन तथा प्रकाशन

### ३. राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्नेः

(१) यस ऐन तथा प्रचलित कानून बमोजिम कार्यालय, सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कको एकीकृत प्रणालीको रूपमा राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना गरिनेछ ।

(२) सरकारी निकायबाट प्रदान गरिने सेवा प्रवाहका लागि तयार गरिने फाराम तथा अभिलेखलाई अन्तरप्रणाली आबद्धता गरी त्यस्तो फाराम वा अभिलेखबाट प्राप्त तथ्याङ्कलाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा आवद्ध गर्न सकिनेछ।

(३) कार्यालयले राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र सो प्रणालीमा आबद्ध निकायबीच समन्वय कायम गर्नेछ।

(४) राष्ट्रिय तथ्याङ्क प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधि, प्रक्रिया र मापदण्ड तोकिए बमोजिम हुनेछ।

### ४. तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तर निर्धारण गर्नेः

(१) परिषद्ले तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तर निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तर निर्धारण गर्दा देहायका विषयलाई आधार मान्नु पर्नेछः-

(क) नेपाल कानून र प्रचलित अभ्यास,

(ख) संयुक्त राष्ट्र संघ वा सोको विशिष्टीकृत संस्थाले निर्धारण गरेको अवधारणा र परिभाषा,

(ग) तथ्याङ्कको क्षेत्रगत वर्गीकरण, र

(घ) तोकिए बमोजिमका अन्य आधार।

(३) उपदफा (१) र (२) बमोजिम निर्धारण गरिने तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तरमा देहायका विषय समावेश गर्नु पर्नेछः-

(क) प्रशासनिक अभिलेखबाट प्राप्त विवरणको स्तरीकृत अभिलेख ढाँचा,

(ख) तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र नतिजा प्रकाशनको विधि,

(ग) नमूना छनोट प्रक्रिया र विधि,

(घ) तथ्याङ्क वा सूचक आँकलन प्रक्रिया (मेटाडाटा),

(ङ) प्रदेश, जिल्ला तथा स्थानीय तहको भू-पहिचान सङ्केत नम्बर (जियो कोड), र

(च) तोकिए बमोजिमका अन्य विषय।

(४) यस ऐन बमोजिम तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, वितरण र भण्डारण गर्दा यस दफा बमोजिम निर्धारण भएको मानक र गुणस्तर बमोजिम गर्नु पर्नेछ।

**५. तथ्याङ्क सङ्कलन गर्नेः**

(१) नेपाल सरकारले कुनै विषयमा तथ्याङ्क सङ्कलन गर्न सूचित आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचित आदेश बमोजिम कार्यालयले कुनै व्यक्ति, घर परिवार, संस्था वा सरकारी निकायसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्नेछ।

(३) कार्यालयले कुनै व्यक्ति, घर परिवार, संस्था वा सरकारी निकायलाई तिनीहरूको भोगचलन वा नियन्त्रणमा रहेको वस्तुको तथ्याङ्क पेश गर्न लिखित सूचना दिन सक्नेछ।

(४) उपदफा (१), (२) वा (३) बमोजिमको आदेश वा सूचना बमोजिमको तथ्याङ्क उपलब्ध गराउनु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(५) यस दफा बमोजिम सूचित आदेश जारी भएपछि त्यस्तो तथ्याङ्क सङ्कलन गर्न प्रमुख तथ्याङ्क अधिकारीले आवश्यक सङ्ख्यामा अधिकृत तथा कर्मचारी खटाउन सक्नेछ।

(६) यस दफा बमोजिम गरिने तथ्याङ्क सङ्कलन सम्बन्धी विधि तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**६. तथ्याङ्क परीक्षण गर्ने अधिकारः**

(१) प्रमुख तथ्याङ्क अधिकारी वा निजले खटाएको अधिकृतले दफा ५ बमोजिम सङ्कलन भएको तथ्याङ्कको सत्यताको परीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा प्रमुख तथ्याङ्क अधिकारी वा सम्बन्धित अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) सङ्कलन भएको तथ्याङ्कको विश्वसनीयताको लागि त्यस्तो तथ्याङ्क सम्बन्धी विषयमा कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिब आधार भएमा निजसँग प्रत्र सोध्ने,

(ख) सङ्कलन भएको तथ्याङ्क अपूर्ण भएमा वा सोको विश्वसनीयताको लागि थप तथ्याङ्क आवश्यक पर्ने भएमा तथ्याङ्ग पुनः उपलब्ध गराउन सूचना दिने,

(ग) तथ्याङ्क उपलब्ध गराउनु पर्ने कर्तव्य भएको व्यक्ति, संस्था, घर परिवारको भोगचलन वा नियन्त्रणमा रहेको भवन, जग्गा वा कम्पाउण्डमा पूर्वसूचना दिई प्रवेश गर्ने।

**७. सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन गर्न सक्नेः**

(१) प्रचलित कानूनमा कुनै सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सङ्कलन सम्बन्धी कुनै कार्य गर्ने जिम्मेवारी तोकिएकोमा सो प्रयोजनको लागि त्यस्तो निकाय वा संस्थाले तथ्याङ्क सङ्कलनको कार्य गर्नेछ।

(२) उपदफा (१) बमोजिमका निकाय वा संस्थाले सङ्कलन गरेको तथ्याङ्क राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गरिनेछ।

**८. अनुमति सम्बन्धी व्यवस्थाः**

(१) राष्ट्रियस्तरको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न चाहने सरकारी निकाय वा कुनै संस्थाले कार्यालयबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको अवस्थामा यस दफा बमोजिमको अनुमति लिनु पर्ने छैनः

(क) दफा ७ को उपदफा (१) बमोजिमको सरकारी निकाय वा सार्वजनिक संस्थाले प्रचलित कानून बमोजिम तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न,

(ख) आन्तरिक प्रयोजनको लागि तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न,

(ग) प्राज्ञिक वा निजी अध्ययन अनुसन्धानको लागि प्रचलित कानून बमोजिम तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न, वा

(घ) पाठ्यक्रममा आधारित शोधकार्यको लागि तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न ।

(३) उपदफा (१) बमोजिम अनुमतिको लागि तथ्याङ्ग सङ्कलनको उद्देश्य, कार्यक्षेत्र, विधि र अनुमानित लागत सहित तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त हुन आएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा त्यस्तो तथ्याङ्क सङ्कलन गर्न मनासिब देखिएमा त्यस्तो सरकारी निकाय वा संस्थालाई कार्यालयले तोकिए बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(५) उपदफा (४) बमोजिम अनुमति दिँदा कार्यालयले तथ्याङ्क सङ्कलन गर्दा अपनाउनु पर्ने विधि, प्रणाली वा अन्य आवश्यक शर्तहरू तोक्न सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था र विषयमा तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्न कार्यालयले अनुमति दिने छैन: -

(क) मुलुकको राष्ट्रिय हित, शान्ति सुरक्षा वा कुटनीतिक सम्बन्धमा प्रतिकूल असर पर्ने देखिएको,

(ख) कार्यालयले आफै तथ्याङ्क सङ्कलन गर्ने वा गराउने कार्यक्रममा रहेको वा दफा ७ बमोजिमका सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सङ्कलन गर्ने जिम्मेवारी तोकिएको, वा

(ग) प्रचलित कानूनले निषेध गरेको ।

**९. तथ्याङ्क प्रमाणित गराउनु पर्नेः**

दफा ८ बमोजिम अनुमति प्राप्त गरी सङ्कलन गरिएको तथ्याङ्क प्रयोगमा ल्याउनु वा त्यस्तो तथ्याङ्कबाट प्राप्त नतिजा प्रकाशन गर्नु अघि कार्यालयबाट तोकिए बमोजिम प्रमाणित गराउनु पर्नेछ ।

**१०. गोपनीयता सम्बन्धी व्यवस्थाः**

(१) यस ऐनको अधीनमा रही जुनसुकै स्रोत वा माध्यमबाट प्राप्त व्यक्तिगत तथ्याङ्कको गोपनीयता कायम गर्ने प्रयोजनको लागि त्यस्तो तथ्याङ्क प्रयोग गर्दा वा गराउँदा कार्यालय, सरकारी निकाय वा संस्थाले देहाय बमोजिम गर्नु, गराउनु पर्नेछ :-

(क) त्यस्तो तथ्याङ्क तथा सोको कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख वा कुनै अंश सामुहिक तथ्याङ्गीय प्रयोजनको लागि मात्र प्रयोग गर्ने, र

(ख) त्यस्तो तथ्याङ्क उपलब्ध गराउने व्यक्ति वा निजद्वारा अधिकारप्राप्त प्रतिनिधिको लिखित स्वीकृति बेगर सम्बन्धित अधिकारप्राप्त अधिकारी बाहेक अरू कसैलाई देखाउने, प्रकाशन गर्ने वा अन्य कुनै निकायमा प्रमाणको रूपमा पेश गर्ने कार्य नगर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चल्ने मुद्दाको अनुसन्धान वा सुनुवाइको क्रममा अनुसन्धान अधिकारी वा अदालतले माग गरेमा त्यस्तो तथ्याङ्क, कम्प्युटर डाटाबेस वा विद्युतीय अभिलेख उपलब्ध गराउन सो उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

**११. तथ्याङ्क सम्बन्धी विवरण प्रकाशन गर्नेः**

दफा ५ वा ७ बमोजिम कार्यालय, सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्क प्रकाशन गर्नु पर्ने भएमा त्यस्तो तथ्याङ्क सङ्कलन गर्ने सम्बन्धित निकायले प्रकाशन गर्न सक्नेछ ।

**१२. तथ्याङ्क प्रशोधन, भण्डारण तथा वितरणः**

(१) तथ्याङ्क सङ्कलन गर्ने निकाय वा संस्थाले निश्चित समय सीमामा रही तथ्याङ्क प्रशोधन गर्नु पर्नेछ । तथ्याङ्ग प्रशोधन गर्दा गणना तथा सर्वेक्षणका परिभाषित विधि, प्रक्रिया र स्वचालित वा नवीनतम प्रणालीको अवलम्बन गर्नु पर्नेछ ।

(२) तथ्याङ्ग उत्पादनकर्ताले तथ्याङ्क भण्डारण गर्दा निश्चित मानक र समकालीन तरिका अवलम्बन गरी सहजै प्रसारण गर्न सकिने गरी र लामो समयसम्म नष्ट नहुने गरी भण्डारण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तथ्याङ्क भण्डारण गर्दा तथ्याङ्कीय उद्देश्य प्राप्त भएपछि व्यक्तिगत पहिचान खुल्ने विवरणहरू हटाई भण्डारण गर्नु पर्नेछ ।

(४) यस ऐन बमोजिम सङ्कलन भएको तथ्याङ्क प्रयोग र वितरण गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रचलित कानूनमा उल्लेख गरिएको बाहेक मद्रपण C गणना, सर्वेक्षण वा प्रशासनिक अभिलेखबाट प्राप्त तथ्याङ्क पूर्णरूपमा तथ्याङ्कीय कार्यमा मात्र प्रयोग गरिने

(ख) प्रयोगकर्ताले लिखितरूपमा माग गरेमा मात्र सुक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउन सकिने, स्पष्टीकरणः यस दफा र दफा १८ को उपदफा (१) को प्रयोजनको लागि "सुक्ष्म कोरा तथ्याङ्क" भन्नाले सूचनादाताको पहिचान नखुल्ने गरी तयार गरिएको सूचनादाताबाट प्राप्त विवरण सम्झनु पर्छ।

(ग) खण्ड (ख) बमोजिम सुक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा तोकिए बमोजिमको शर्त पालना गर्ने गरी उपलब्ध गराइने,

(घ) सबै प्रकारका तथ्याङ्क प्रयोगकर्तालाई पहुँचयोग्य हुनु पर्ने, र

(ङ) तथ्याङ्क प्रयोगकर्ताले तथ्याङ्कको स्रोत अनिवार्यरूपमा उल्लेख गर्नु पर्ने।

(५) उपदफा (४) को खण्ड (ख) र (ग) बमोजिम गणनाको सुक्ष्म कोरा तथ्याङ्ग उपलब्ध गराउँदा आंशिकरूपमा मात्र उपलब्ध गराउन सकिनेछ।

(६) कार्यालयले तथ्याङ्क प्रयोगकर्तालाई तोकिए बमोजिमको तथ्याङ्क उपलब्ध गराउँदा सोको लागतको आधारमा तोकिए बमोजिमको दस्तुर लिई उपलब्ध गराउनु पर्नेछ।

**१३. तथ्याङ्क सङ्कलक, उत्पादक र प्रयोगकर्ताको दायित्वः**

(१) यस ऐन बमोजिम तथ्याङ्क सङ्कलन गर्नु अघि तथ्याङ्क सङ्कलकले उत्तरदातालाई तथ्याङ्क सङ्कलनको उद्देश्य, प्रयोजन र गोपनीयता सम्बन्धी विषयमा जानकारी गराउनु पर्नेछ।

(२) तथ्याङ्क सङ्कलकले तथ्याङ्क सङ्कलनको उद्देश्य विपरीत वा आफूखुशी तथ्याङ्क उल्लेख गर्न वा उत्तरदाताले दिएको तथ्याङ्कलाई तोडमरोड गरी सङ्कलन गर्न हुँदैन।

(३) तथ्याङ्क सङ्कलकले तथ्याङ्क सङ्कलन गर्दा प्राप्त गरेको कुनै पनि व्यक्तिगत विवरण जुन उद्देश्यले तथ्याङ्क सङ्कलन गरिएको हो, सो बाहेक अन्यत्र प्रयोग गर्न वा कसैलाई उपलब्ध गराउन हुँदैन।

(४) तथ्याङ्ग उत्पादकले तथ्याङ्क उत्पादन वा प्रकाशन गर्दा र तथ्याङ्क प्रयोगकर्ताले तथ्याङ्क प्रयोग गर्दा सामाजिक तथा सांस्कृतिक सद्भाव र शान्ति सुव्यवस्थामा खलल नपर्ने गरी गर्नु पर्नेछ।

**१४. प्रतिनिधित्व नहुने खण्डीकृत तथ्याङ्कको उपयोग वा प्रकाशन गर्न नहुनेः**

(१) यस ऐन बमोजिम कुनै स्थान वा क्षेत्र विशेषमा गणना गरी सङ्कलन गरिएको तथ्याङ्कको आधारमा तथ्याङ्डीय प्रतिनिधित्व नभएको अन्य स्थान, क्षेत्र वा भौगोलिक वा प्रशासनिक एकाइको आर्थिक, सामाजिक, सांस्कृतिक वा अन्य यस्तै अवस्था देखाउने गरी खण्डीकृत तथ्याङ्कको उपयोग वा प्रकाशन गर्न पाइने छैन।

(२) यस ऐन बमोजिम एकभन्दा बढी स्थान वा क्षेत्र विशेषमा सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएकोमा समग्र तथ्याङ्कको आधारमा नतिजा तयार गर्न बाहेक सोको आधारमा कुनै खास स्थान वा क्षेत्रको मात्र आर्थिक, सामाजिक, सांस्कृतिक वा अन्य यस्तै अवस्था देखाउने गरी खण्डीकृत तथ्याङ्कको उपयोग वा प्रकाशन गर्न पाइने छैन।

## परिच्छेद-३

## प्रदेश सरकार र स्थानीय तहबाट हुने तथ्याङ्क सङ्कलन

**१५. प्रदेश सरकार र स्थानीय तहले तथ्याङ्क सङ्कलन गर्न सक्नेः**

(१) प्रदेश सरकार वा स्थानीय तहले प्रदेश वा स्थानीय कानून बमोजिम आफूलाई आवश्यक पर्ने तथ्याङ्ग सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, वितरण वा भण्डारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, वितरण वा भण्डारण गर्दा दफा ४ बमोजिमको तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तरको पालना गर्नु पर्नेछ पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, वितरण वा भण्डारण गर्दा देहायको मापदण्ड समेतको आधारमा गर्नु पर्नेछः-

(क) नेपाल सरकारले सङ्कलन गरेको वा राष्ट्रिय रूपमा सङ्कलन हुने तथ्याङ्कलाई नै प्रयोग गर्न सकिने भएमा त्यस्तो विषयमा तथ्याङ्क सङ्कलन नगर्ने,

(ख) तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, वितरण वा भण्डारण गर्दा सङ्घ, प्रदेश र स्थानीय तहबीच आपसी समन्वय र सहकार्यमा गर्नु पर्ने, र

(ग) सङ्कलित तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजा प्रकाशन वा वितरण गर्दा प्रयोगकर्तामैत्री हुने गरी गर्नु पर्ने।

(४) प्रदेश सरकार वा स्थानीय तहले तथ्याङ्क सङ्कलन गर्दा यस ऐन बमोजिम कार्यालयलाई भएको अधिकार र कर्तव्यको प्रयोग र पालना गर्नेछ।

(५) प्रदेश सरकार वा स्थानीय तहले तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, वितरण वा भण्डारण गर्दा दफा १०, १२, १३ र १४ को व्यवस्था समेतको पालना गर्नु पर्नेछ।

(६) प्रदेश सरकार वा स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्गलाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा आवद्ध गर्न सकिनेछ।

**१६. तथ्याङ्क प्रयोग गर्न सक्नेः**

प्रदेश सरकार वा स्थानीय तहले सङ्कलन गरेको कुनै विषयको तथ्याङ्क प्रयोग गर्न उपयुक्त वा आवश्यक देखेमा कार्यालयले त्यस्तो तथ्याङ्क प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद-४

## विद्युतीय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहुँच

**१७. विद्युतीय अभिलेखको प्रयोगः**

(१) कार्यालय, दफा ७ बमोजिमका सरकारी निकाय वा सार्वजनिक संस्था, प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्कलाई विद्युतीय अभिलेखमा राखे व्र व्यवस्था मिलाउनु पर्नेछ ।

(२) दफा ८ बमोजिम अनुमति लिई कुनै सरकारी निकाय वा संस्थाले सङ्कलन गरेको तथ्याङ्कलाई विद्युतीय अभिलेखमा राख सकिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम राखिएको अभिलेखलाई प्रचलित कानून बमोजिम राखिएको अभिलेखसँग तोकिए बमोजिम आवद्ध गराउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम आबद्ध गराइएको अभिलेखको प्रयोग र आधिकारिकता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. तथ्याङ्कमा पहुँचः**

(१) कार्यालय वा दफा ७ बमोजिमका सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको प्रशोधित, अर्धप्रशोधित वा सुक्ष्म कोरा तथ्याङ्कमा यस ऐनको प्रतिकूल नहुने गरी विद्युतीय वा अन्य माध्यमबाट पूरै वा आंशिक रूपमा पहुँच उपलब्ध गराउन सकिनेछ ।

(२) सेवा प्रवाह गर्ने निकाय वा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आवद्ध अन्य निकायमा रहेको रहेको व्यवस्थापन व्यवस सूचना प्रणालीमा कार्यालयको पहुँच रहनेछ।

(३) तथ्याङ्कमा पहुँच उपलब्ध गराउने विधि तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## राष्ट्रिय तथ्याङ्क परिषद

**१९. परिषद्को गठनः**

राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धान सम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको राष्ट्रिय तथ्याङ्क परिषद् रहनेछः-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (तथ्याङ्क विषय हेर्ने) - सदस्य

(ग) गभर्नर, नेपाल राष्ट्र बैङ्क - सदस्य

(घ) नीति अनुसन्धान प्रतिष्ठानको कार्यकारी अध्यक्ष - सदस्य

(ङ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
(च) सचिव, नेपाल सरकारको अर्थ मन्त्रालय - सदस्य
(छ) सचिव, नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य
(ज) सचिव, नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य
(झ) सचिव, नेपाल सरकारको गृह मन्त्रालय - सदस्य
(ञ) सचिव, नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य
(ट) सचिव, नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सदस्य
(ठ) सचिव, नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य
(ड) सचिव, नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य
(ढ) सचिव, नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य
(ण) सचिव, नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य
(त) सचिव, राष्ट्रिय प्राकृतिक - सदस्य
(थ) सदस्य-सचिव, राष्ट्रिय योजना आयोग - सदस्य
(द) प्रदेश सरकारले तोकेको योजना वा तथ्याङ्क सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय वा निकायका एक-एक प्रतिनिधि गरी सातजना - सदस्य
(ध) प्रमुख, तथ्याङ्ग केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय - सदस्य
(न) प्रमुख तथ्याङ्क अधिकारी - सदस्य-सचिव

**२०. परिषद्को बैठक र निर्णयः**

(१) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अघि परिषद्को सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको जानकारी परिषद्का सबै सदस्यलाई गराउनु पर्नेछ ।

(४) परिषदको बैठकको अध्यक्षता परिषदको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित वरिष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) परिषद्को बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) कार्यालयले परिषद्को सचिवालयको रूपमा कार्य गर्नेछ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१. परिषद्को काम, कर्तव्य र अधिकारः**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तथ्याङ्क सम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना, नीति तथा रणनीति तर्जुमा गर्ने,
(ख) कार्यालयको वार्षिक कार्ययोजना स्वीकृत गर्ने,
(ग) सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्क व्यवस्थापनमा समन्वय र सहजीकरण गर्ने,
(घ) तथ्याङ्क उत्पादकहरूबीच समन्वय कायम गर्ने र आवश्यकता अनुसार निर्देशन दिने, र
(ङ) तथ्याङ्क सङ्कलन, भण्डारण, प्रशोधन तथा सोको नतिजा प्रकाशन सम्बन्धी विगतका काम कारबाहीको समीक्षा गरी आवश्यकता अनुसार सम्बन्धित निकायलाई निर्देशन दिने।

**२२.अन्तरनिकाय तथ्याङ्क कार्य समूह गठन गर्न सक्नेः**

(१) परिषद्ले विषयगत तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कमा पहुँच तथा तथ्याङ्क व्यवस्थापनमा समन्वय र एकरूपता कायम गर्न आवश्यकता अनुसार अन्तरनिकाय तथ्याङ्ग कार्य समूहहरू गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिने अन्तरनिकाय तथ्याङ्क कार्य समूहको काम, कर्तव्य र अधिकार त्यस्तो कार्य समूह गठन गर्दाका बखत परिषद्ले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-६

## राष्ट्रिय तथ्याङ्क कार्यालय र प्रमुख तथ्याङ्क अधिकारी

**२३.कार्यालयको स्थापना :**

(१) तथ्याङ्क सम्बन्धी काम गर्न केन्द्रीय निकायका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी एक राष्ट्रिय तथ्याङ्क कार्यालय रहनेछ।

(२) कार्यालयको मातहतमा रहने गरी नेपाल सरकारले तोकेको सङ्ख्या र स्थानमा तथ्याङ्क कार्यालय रहने छन्।

**२४. कार्यालयको काम, कर्तव्य र अधिकारः**

कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तथ्याङ्क सम्बन्धी नीति, योजना तथा रणनीतिको मस्यौदा तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ख) राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्द्धन तथा सोको लागि अन्तरनिकाय समन्वय गर्ने,

(ग) कार्यालयले सङ्कलन गर्नु पर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्ग सम्बन्धी कार्यसञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ङ) तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,

(च) तथ्याङ्क सम्बन्धी अभिलेखको सुरक्षा गर्ने,

(छ) तथ्याङ्क सम्बन्धी विवरण प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(ज) केन्द्रीय तथ्याङ्क (डाटा) बैङ्कको रूपमा कार्य गर्ने,

(झ) प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आवद्ध गर्ने,

(ञ) प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,

(ट) प्रचलित कानून बमोजिम तथ्याङ्क तथ्याङ्गस सङ्कलन सम्बन्धी काम गर्ने निकायको तथ्याङ्क सम्बन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

(ठ) यस ऐन बमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने, अध्ययन, अनुसन्धान तथा

(ड) तथ्याङ्क सम्बन्धी अध्य प्रशिक्षण सम्बन्धी काम गर्ने, र

(ढ) नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्ग सम्बन्धी विवरण वा सूचना उपलव्ध गराउने।

**२५. प्रमुख तथ्याङ्क अधिकारीः**

कार्यालयको प्रशासकीय प्रमुखको रूपमा काम गर्न सङ्घीय निजामती सेवाको राजपत्राङ्गित विशिष्ट श्रेणीको एक प्रमुख तथ्याङ्क अधिकारी रहनेछ।

## परिच्छेद-७

## कसुर र सजाय

**२६. कसुर र सजायः**

(१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम तथ्याङ्क सङ्कलन गर्ने कार्यमा अवरोध खडा गरेमा,

(ख) दफा ५ को उपदफा (४) वा दफा ६ को उपदफा (२) बमोजिम कुनै व्यक्तिगत तथा एकाइगत तथ्याङ्क सम्बन्धी जानकारी दिनु पर्ने कर्तव्य भएको कुनै व्यक्ति वा संस्थाले जानी-जानी त्यस्तो जानकारी नदिएमा वा दिन इन्कार गरेमा वा जानी-जानी कुनै तथ्याङ्क सम्बन्धी झुट्टा जानकारी दिएमा,

(ग) दफा ८ को उपदफा (१) बमोजिम अनुमतिपत्र नलिई तथ्याङ्क सङ्कलन गरे वा गराएमा,

(घ) दफा ९ बमोजिम कार्यालयबाट प्रमाणित नगराई तथ्याङ्कको प्रयोग वा सोको नतिजा प्रकाशन गरेमा,

(ङ) आफ्नो जिम्मामा रहेको तथ्याङ्क, कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख लापरबाही गरी वा जानी-जानी नष्ट गरे वा गराएमा वा अन्य किसिमबाट हानि नोक्सानी पुऱ्याएमा वा हानि नोक्सानी पुऱ्याउने प्रयत्न गरेमा,

(च) उपलब्ध तथ्याङ्ग, कम्प्युटर डाटाबेस वा विद्युतीय अभिलेख दफा १० विपरीत प्रयोग गरे वा गराएमा,

(छ) तथ्याङ्क सङ्कलक, उत्पादक र प्रयोगकर्ताले दफा १३ को उपदफा (२), (३) वा (४) बमोजिमको दायित्व पूरा नगरेमा,

(ज) दफा १४ विपरीत तथ्याङ्कको उपयोग वा प्रकाशन गरेमा,

(झ) यस ऐनको अधीनमा रही कसैलाई कुनै आदेश वा सूचना जारी भएकोमा कसैले त्यस्तो सूचना वा आदेश पालना नगर्नु भनी वा अधिकारप्राप्त अधिकारीबाट माग गरिएको कुनै तथ्याङ्क वा सूचना नदिनु वा उपलब्ध नगराउनु भनी प्रचार प्रसार गरे वा गराएमा वा त्यस्तो तथ्याङ्ग वा सूचना नदिन दबाब दिएमा, वा

(ञ) यस ऐन विपरीत अन्य कुनै कार्य गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसुर गरेमा दश हजार रुपैयाँसम्म जरिवाना,

(ख) खण्ड (ख), (ज) वा (झ) बमोजिमको कसुर गरेमा प्रत्येक कसुरका लागि बीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय,

(ग) खण्ड (ग), (घ), (ङ), (च) वा (छ) बमोजिमको कसुर गरेमा चालीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय, र

(घ) खण्ड (ञ) बमोजिमको कसुर गरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय।

(३) कुनै संस्थाले यस ऐन अन्तर्गतको कसुर गरेकोमा त्यस्तो कसुर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान भएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई र पहिचान हुन नसकेकोमा कसुर गरेको बखत त्यस्तो संस्थाको प्रमुख भई काम गर्ने व्यक्तिलाई सजाय हुनेछ।

(४) यस ऐन बमोजिम सजाय हुने कसुरको उद्योग गर्ने, दुरुत्साहन गर्ने वा त्यस्तो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसुर मानिने रहेछ भने त्यस्तो कसुरमा सो कानून बमोजिम छुट्टै मुद्दा चलाई सजाय गर्न बाधा पुगेको मानिने छैन।

**२७. मुद्दा हेर्ने अधिकारी र कार्यविधिः**

(१) दफा २६ बमोजिमको कसुर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

**२८. नेपाल सरकार वादी हुनेः**

यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

**२९. पुनरावेदनः**

दफा २७ बमोजिम प्रमुख जिल्ला अधिकारीबाट भएको निर्णय वा आदेशमा चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले तीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**परिच्छेद-८**

**विविध**

**३०. काममा लगाउन सकिनेः**

(१) कार्यालयले यस ऐन बमोजिम गणना, सर्वेक्षण वा तथ्याङ्क सम्बन्धी अन्य कार्यको लागि सङ्घ, प्रदेश वा स्थानीय तहका कर्मचारी माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी माग भई आएमा सम्बन्धित निकायले कर्मचारी खटाउन सक्नेछ।

(३) कार्यालयले कुनै गणना, सर्वेक्षण वा तथ्याङ्क सम्बन्धी अन्य कार्य तथा लगत प्रशोधनका लागि व्यक्ति वा संस्थासँग करार गरी सेवा लिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम खटाइएको कर्मचारीलाई दिइने सुविधा तथा उपदफा (३) बमोजिम सेवा करारमा लिने प्रक्रिया, सेवा करारमा लिइएका व्यक्तिको सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**३१. समय तथा लागतप्रभावी किसिमबाट गर्नु पर्नेः**

(१) कार्यालय वा दफा ७ बमोजिमका सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण गर्दा वा गराउँदा समय तथा लागतप्रभावी किसिमबाट राउँदा समय तथा गर्नु पर्नेछ।

(२) एकीकृत सूचना प्रणाली र विद्युतीय उपकरणको प्रयोग गरी उपलब्ध भएसम्म प्रशासनिक अभिलेख, नवीनतम स्रोत तथा अन्य प्रकाशित स्रोतबाट प्राप्त तथ्याङ्कको उपयोगलाई प्राथमिकता दिनु पर्नेछ।

**३२. अधिकार प्रत्यायोजनः**

प्रमुख तथ्याङ्क अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३३. प्रतिवेदन प्रकाशनः**

कार्यालयले तथ्याङ्क सम्बन्धी कार्यको वार्षिक कार्य विवरण सहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र प्रकाशन गरी विद्युतीय माध्यमबाट समेत सार्वजनिक गर्नु पर्नेछ।

**३४. प्रचलित कानून बमोजिम हुनेः**

यस ऐनमा उल्लिखित कुराको हकमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३५. नियम बनाउने अधिकारः**

यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**३६. निर्देशिका वा कार्यविधि बनाउन सक्नेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही नेपाल सरकारले देहायका विषयमा निर्देशिका बनाई लागू लागू गर्न गर्न सक्नेछः सक्नेछः-

(क) राष्ट्रियस्तरका गणना तथा सर्वेक्षण सञ्चालन सम्बन्धी,

(ख) तथ्याङ्क प्राप्ति र तथ्याङ्कीय विधि उपयोग सम्बन्धी,

(ग) राष्ट्रिय तथ्याङ्क प्रणाली कार्यान्वयन सम्बन्धी, र

(घ) सर्वेक्षण अनुमति सम्बन्धी।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण सम्बन्धी काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट प्रभावकारी, व्यवस्थित र मितव्ययी तवरले सञ्चालन गर्न कार्यालयले देहायका विषयमा कार्यविधि बनाई लागू गर्न सक्नेछः-

(क) प्रशासनिक अभिलेख व्यवस्थापन सम्बन्धी,

(ख) तथ्याङ्क सार्वजनिक, सम्प्रेषण तथा वितरण गर्ने सम्बन्धी, र

(ग) तथ्याङ्क सङ्कलन, नमूना छनोट, विश्लेषण तथा सम्परीक्षण सम्बन्धी।

**३७. ऐन कार्यान्वयन मापनः**

यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

**३८. खारेजी र बचाउः**

(१) तथ्याङ्क ऐन, २०१५ खारेज गरिएको छ।

(२) तथ्याङ्क ऐन, २०१५ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मिति: २०७९।०५।२८

आज्ञाले,
उदयराज सापकोटा
नेपाल सरकारको सचिव।

## तथ्याङ्क नियमावली २०८०


जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, वैशाख ३ गते, २०८० साल (संख्या १

भाग ३

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

तथ्याङ्क नियमावली, २०८०

तथ्याङ्क ऐन, २०७९ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरूको नाम "तथ्याङ्क नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "आधिकारिक तथ्याङ्क भन्नाले कार्यालय, राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध सरकारी निकाय वा सार्वजनिक संस्थाले उत्पादन गरेका तथ्याङ्क सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले तथ्याङ्क ऐन, २०७९ सम्झनु पर्छ।

(ग) "तथ्याङ्क उत्पादनकर्ता" भन्नाले नियम ६ बमोजिमका तथ्याङ्कका मुख्य उत्पादनकर्ता र अन्य उत्पादनकर्ता सम्झनु पर्छ।

(घ) "तथ्याङ्कीय क्रियाकलाप" भन्नाले तथ्याङ्क सङ्कलन, प्रशोधन, वितरण, पहुँच तथा प्रयोगसम्बन्धी सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ र सो शब्दले प्रशासनिक अभिलेखबाट उत्पादन हुने तथ्याङ्क व्यवस्थापनका क्रियाकलापलाई समेत जनाउँछ।

(ङ) "राष्ट्रिय मानक र गुणस्तर" भन्नाले नियम ८ को उपनियम (३) बमोजिम निर्धारण भएको तथ्याङ्कको राष्ट्रिय मानक र गुणस्तर सम्झनु पर्छ।

## परिच्छेद-२
## राष्ट्रिय तथ्याङ्क प्रणाली तथा तथ्याङ्क उत्पादनकर्ता

**३. राष्ट्रिय तथ्याङ्क प्रणालीमा आवद्ध गर्नेः**

कार्यालयले देहायका आधार पूरा गर्ने सरकारी निकाय वा सार्वजनिक संस्थालाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा आवद्ध गर्नेछः-

(क) प्रचलित कानून बमोजिम नियमित रूपमा तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्ने,

(ख) राष्ट्रिय मानक र गुणस्तर बमोजिम तथ्याङ्क उत्पादन गर्ने,

(ग) तथ्याङ्कीय नतिजा प्रकाशन गर्ने।

**४. राष्ट्रिय तथ्याङ्क प्रणाली समन्वय समितिः**

(१) राष्ट्रिय तथ्याङ्क प्रणालीको सञ्चालन तथा व्यवस्थापनमा समन्वय गर्न देहाय बमोजिम एक राष्ट्रिय तथ्याङ्क प्रणाली समन्वय समिति रहनेछः-

(क) प्रमुख तथ्याङ्क अधिकारी -संयोजक

(ख) प्रदेश सरकारको योजना वा तथ्याङ्कसम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय वा निकायको सचिव -सदस्य

(ग) गाउँपालिका राष्ट्रिय महासङ्घ र नेपाल नगरपालिका संघ पदाधिकारी मध्येबाट एक एक जना प्रतिनिधि गरी दुई जना -सदस्य

(घ) नियम ६ को उपनियम (२) बमोजिमका तथ्याङ्क उत्पादनकर्तामध्ये संयोजकले तोकेको दुईवटा निकाय वा संस्थाका प्रतिनिधि दुई जना -सदस्य

( ङ) कार्यालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले सङ्घ, प्रदेश, स्थानीय तह र नियम ६ को उपनियम (२) बमोजिमका तथ्याङ्कका उत्पादनकर्तासँग समन्वय गरी देहाय बमोजिमका कार्य गर्नेछः-

(क) तथ्याङ्क उत्पादनकर्तालाई राष्ट्रिय मानक र गुणस्तर पालना गर्न लगाउने,

(ख) राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध भएको तथ्याङ्कलाई नियमित रूपमा अद्यावधिक गर्न लगाउने,

(ग) सरकारी निकायबाट प्रदान गरिने सेवा प्रवाह फाराम तथा अभिलेखबाट प्राप्त तथ्याङ्कलाई व्यवस्थित गर्ने,

(घ) निर्धारित तथ्याङ्क प्रणालीको स्थापना तथा सञ्चालनका लागि परिषद्समक्ष सिफारिस गर्ने।

*स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "निर्धारित तथ्याङ्क प्रणाली" भन्नाले नीति, योजना तथा निर्णय प्रक्रियाका लागि आवश्यक तथ्याङ्कको पहिचान गर्ने र तिनको उत्पादन सुनिश्चित हुने गरी उपयुक्त उत्पादनकर्ता निर्धारण गर्ने प्रणाली सम्झनु पर्छ ।*

(३) उपनियम (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**५. राष्ट्रिय तथ्याङ्क प्रणाली विकास योजनाः**

(१) परिषद्‌ले राष्ट्रिय तथ्याङ्क प्रणालीको समग्र विकास, व्यवस्थापन र सञ्चालनका लागि आवधिक रूपमा राष्ट्रिय तथ्याङ्क प्रणाली विकास योजना तर्जुमा गर्नेछ।

(२) उपनियम (१) बमोजिमको योजना नेपाल सरकारबाट स्वीकृत भए पछि लागू हुनेछ।

(३) उपनियम (२) बमोजिमको स्वीकृत योजनामा आधारित भएर तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्क सम्बन्धी वार्षिक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको राष्ट्रिय तथ्याङ्क प्रणाली विकास योजनाको सम्बन्धमा कार्यालयले मध्यावधि र अवधि समाप्त भएपछि समीक्षा प्रतिवेदन तयार गरी परिषद् समक्ष पेस गर्नु पर्नेछ।

**६.तथ्याङ्कका उत्पादनकर्ताः**

(१) आधिकारिक तथ्याङ्कको मुख्य उत्पादनकर्ताको रूपमा कार्यालय रहनेछ।

(२) नियम ३ बमोजिम राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध सरकारी निकाय वा सार्वजनिक संस्था आधिकारिक तथ्याङ्कका अन्य उत्पादनकर्ता हुनेछन्।

(३) उपनियम (२) बमोजिमका तथ्याङ्क उत्तपादनकर्ताको विवरण कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरी वार्षिक रूपमा कार्यालयको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

**७. तथ्याङ्क उत्पादनकर्ताले पालना गर्नु पर्ने शर्तः**

(१) तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्कीय क्रियाकलापमा ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित शर्तको अतिरिक्त देहायका ने अतिरिक्त शर्त पालना गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, भण्डारण र वितरण गर्दा राष्ट्रिय मानक र गुणस्तर पालना गर्नु पर्ने,

(ख) तथ्याङ्कीय कार्यमा दक्ष तथा व्यावसायिक जनशक्तिलाई संलग्न गराउनु पर्ने,

(ग) तथ्याङ्क सङ्कलन सम्बन्धी कार्यमा योग्यता पुगेका व्यक्तिलाई मात्र संलग्न गराउनु पर्ने,

(घ) तथ्याङ्क सङ्कलनको क्रममा उत्तरदाताको अनुमति अनुमति नलिई कुनै पनि अर्को व्यक्तिलाई उपस्थित वा संलग्न गर्न नहुने,

(ङ) तथ्याङ्कीय कार्य सञ्चालन गर्दा सम्बन्धित सरोकारवालाबिच समन्वय कायम गर्नु पर्ने।

(२) तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्कीय क्रियाकलाप गर्दा राखे प्रशासनिक अभिलेख र फाराम तथ्याङ्क उत्पादन उपयोगी ढाँचामा राख्नु पर्नेछ।

(२) उपनियम (१) वा (२) बमोजिमका शर्तको पालना भए नभएको अनुगमन कार्यालयले गर्नेछ।

**८. राष्ट्रिय मानक तथा गुणस्तर निर्धारणः**

(१) तथ्याङ्क उत्पादनकर्ताले ऐनको दफा ४ को उपदफा (२) र (३) मा उल्लिखित विषयलाई आधार मानी आफूले उत्पादन गर्ने तथ्याङ्कसम्बन्धी राष्ट्रिय मानक र गुणस्तर निर्धारण गर्ने प्रयोजनका लागि आवश्यक मस्यौदा तयार तयार गरी कार्यालय समक्ष पेस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मस्यौदा प्राप्त भए पछि कार्यालयले जाँचबुझ गरी उपयुक्त देखिएमा परिषद् समक्ष पेस गर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त मस्यौदाको आधारमा परिषदले ऐनको दफा ४ बमोजिम सम्बन्धित तथ्याङ्क सङ्कलनको राष्ट्रिय मानक तथा गुणस्तर निर्धारण गर्नेछ।

(४) उपनियम (३) बमोजिम परिषद्बाट निर्धारण भएको राष्ट्रिय मानक तथा गुणस्तरको पालना गर्नु सम्बन्धित तथ्याङ्क उत्पादनकर्ताको कर्तव्य हुनेछ ।

**९. गुणस्तर निर्धारण ढाँचाः**

(१) तथ्याङ्क उत्पादनकर्ताले कायम गर्नु पर्ने तथ्याङ्कीय गुणस्तरका सम्बन्धमा परिषद्‌ले तथ्याङ्कको सान्दर्भिकता, शुद्धता, विश्वसनीयता, समयबद्धता, पारदर्शिता, स्पष्टता र तुलनात्मकताको आधारमा एक गुणस्तर निर्धारण ढाँचा तयार गरी लागू गर्नेछ।

(२) उपनियम (१) बमोजिमको गुणस्तर निर्धारण ढाँचाको पालना गर्नु सबै तथ्याङ्क उत्पादनकर्ताको कर्तव्य हुनेछ।

**१०. सम्पर्क व्यक्ति तोक्नुपर्नेः**

(१) नियम ६ को उपनियम (२) बमोजिमका तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्कसम्बन्धी जानकारी दिनका लागि एक अधिकृतस्तरको कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

(२) नियम ६ को उपनियम (२) बमोजिमका तथ्याङ्क उत्पादनकर्ताले उपनियम (१) बमोजिम तोकिएको सम्पर्क व्यक्तिको विवरण कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त विवरण समेतको आधारमा कार्यालयले आधिकारिक तथ्याङ्कसम्बन्धी जानकारी दिने सम्पर्क व्यक्तिको विवरण अद्यावधिक गरी आफ्नो वेबसाइट वा अन्य विद्युतीय माध्यमबाट प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-३
## तथ्याङ्क सङ्कलन तथा वितरण

**११. तथ्याङ्क सङ्कलनका लागि सूचित आदेश जारी गर्ने:**

ऐनको दफा ५ को उपदफा (१) बमोजिम राष्ट्रियस्तरको गणना गर्ने प्रयोजनका लागि नेपाल सरकारले सूचित आदेश जारी गर्दा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलनको उद्देश्य र विषय,
(ख) तथ्याङ्क सङ्कलन गरिने भौगोलिक तथा प्रशासनिक क्षेत्र,
(ग) तथ्याङ्क सङ्कलनका विधि र प्रक्रिया,
(घ) सूचनादाताको विवरण,
(ङ) तथ्याङ्क सङ्कलन गर्ने समयावधि,
(च) सन्दर्भ अवधि (रिफरेन्स पिरियड),
(छ) सङ्कलन हुने सूचनाको प्रकृति,
(ज) सूचनादाताबाट सूचना सङ्कलन गर्ने भाषा,
(झ) सूचनादाताको दायित्व,
(ञ) सोधिने प्रश्नावलीको विवरण, र
(ट) अन्य सान्दर्भिक विषय।

**१२. तथ्याङ्क सङ्कलनसम्बन्धी विधि र प्रक्रिया:**

(१) तथ्याङ्क सङ्कलनका लागि ऐन तथा यस नियमावली बमोजिम राष्ट्रिय मानक र गुणस्तरमा उल्लेख भए बमोजिमको विधि र प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(२) तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्क सङ्कलन गर्दा गणना, सर्वेक्षण, प्रशासनिक अभिलेख, अध्ययन वा अनुसन्धान विधि अपनाई तथ्याङ्क सङ्कलन गर्नेछ।

(३) कार्यालयले राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध सरकारी निकाय वा सार्वजनिक संस्थाको प्रशासनिक अभिलेख तथा सूचना व्यवस्थापन प्रणालीमा भएको विवरणलाई प्रशोधन गरी तथ्याङ्कको रूपमा प्रयोग गर्न सक्नेछ।

**१३. तथ्याङ्कीय रजिस्टर तयार गर्ने:**

(१) कार्यालयले तथ्याङ्कीय प्रयोजनका लागि जनसङ्ख्या रजिस्टर, व्यावसायिक रजिस्टर लगायत अन्य सान्दर्भिक क्षेत्रको तथ्याङ्कीय रजिस्टर तयार गर्न सक्नेछ।

*स्पष्टीकरणः यस नियमको प्रयोजनका लागि "तथ्याङ्कीय रजिस्टर" भन्नाले जनसङ्ख्या तथा व्यवसाय समेतको आधारभूत विवरण तथा सूचनाको अभिलेख सम्झनु पर्छ।*

(२) उपनियम (१) बमोजिमको रजिस्टर तयार गर्नका लागि कार्यालयले सम्बन्धित व्यक्ति, निकाय, संस्था वा व्यवसायीसँग आवश्यक विवरण माग गर्न सक्नेछ।

**१४. विवरण उपलब्ध गराउने:**

ऐन तथा यस नियमावली बमोजिम तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनका लागि कार्यालयले निर्धारण गरेको समयसीमाभित्र सही, पूर्ण र अद्यावधिक विवरण उपलब्ध गराउनु सम्बन्धित व्यक्ति, निकाय वा संस्थाको कर्तव्य हुनेछ।

**१५. समिति गठन गर्न सक्नेः**

(१) कार्यालयले गर्ने गणना तथा
सर्वेक्षणको सञ्चालन, निर्देशन र नियन्त्रणका लागि कार्यालयले प्रमुख तथ्याङ्क अधिकारीको संयोजकत्वमा निर्देशक समिति गठन गर्न सक्नेछ ।

(२) कार्यालयले गर्ने गणना तथा सर्वेक्षणको सन्दर्भमा अन्तरनिकाय समन्वय तथा व्यवस्थापन गर्न कार्यालयले आवश्यकता अनुसार प्राविधिक समिति तथा अन्य विषयगत समिति गठन गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमका समितिको बैठक सम्बन्धी कार्यविधि सम्बन्धित समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१६. सूक्ष्म कोरा तथ्याङ्क वितरण सम्बन्धी व्यवस्थाः**

(१) ऐनको दफा १२ को उपदफा (४) को खण्ड (ख) र (ग) बमोजिम तथ्याङ्क उत्पादनकर्ताले सूक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा देहायका शर्त पालना गर्ने गरी उपलब्ध गराउनु पर्नेछः-

(क) सूक्ष्म कोरा तथ्याङ्क तथ्याङ्कीय प्रयोजन वा अनुसन्धानका लागि मात्र प्रयोग गर्नुपर्ने,

(ख) कुनै निश्चित व्यक्ति वा संस्थाको पहिचान, अध्ययन, जाँच वा छानबिनको लागि त्यस्तो तथ्याङ्क प्रयोग गर्न नहुने,

(ग) सूक्ष्म कोरा तथ्याङ्क माग गर्ने संस्था वा व्यक्तिले जुन प्रयोजनका लागि तथ्याङ्क माग गरेको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने,

(घ) आफूले प्राप्त गरेको सूक्ष्म कोरा तथ्याङ्क अरू संस्था वा व्यक्तिलाई प्रयोग गर्न दिनु नहुने,

(ङ) सूक्ष्म कोरा तथ्याङ्क प्राप्तकर्ताले उत्तरदाताको पुनपहिचानको प्रयास गर्न नहुने र संयोगवश पहिचान भएको खण्डमा सो व्यक्ति वा तथ्याङ्कीय एकाइको विवरण खुलाउन, सार्वजनिक गर्न वा अन्य कुनै उद्देश्यको लागि प्रयोग गर्न गराउन नहुने,

(च) सूक्ष्म कोरा तथ्याङ्क प्रयोग गरी तयार पारिएका कुनै पुस्तक, लेख, कार्यपत्र, शोधपत्र, प्रतिवेदन वा अन्य प्रकाशनमा डाटासेटमा उल्लेख भएअनुसारको स्रोत उल्लेख हुनुपर्ने,

(छ) उपलब्ध गराइएको तथ्याङ्क प्रयोग गरी तयार पारिएका सबै प्रकाशन सम्बन्धित तथ्याङ्क उत्पादनकर्तालाई उपलब्ध गराउनुपर्ने,

(ज) उपलव्ध गराइएको तथ्याङ्कको आधारमा प्रयोगकर्ताले गर्ने विश्लेषण वा सोको व्याख्या वा अनुमानको जिम्मेवारी सम्बन्धित तथ्याङ्क उत्पादनकर्ताले बहन नगर्ने,

(झ) नमुना आकार (स्याम्पल साइज) ले प्रतिनिधित्व नगर्ने गरी सूक्ष्म कोरा तथ्याङ्कको विश्लेषण गर्न नहुने,

(ञ) तथ्याङ्क उत्पादनकर्ताले सूक्ष्म कोरा तथ्याङ्क प्रयोग गरी प्रकाशन गरिसकेका सूचक वा तथ्याङ्कभन्दा फरक हुने गरी सोही सूचक वा तथ्याङ्क प्रकाशन गर्न नहुने।

(२) तथ्याङ्क उत्पादनकर्ताले गणना तथा सर्वेक्षणको अन्तिम नतिजा सार्वजनिक भएपछि मात्र यो नियमबमोजिम सूक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउन सक्नेछ।

(३) यस नियमबमोजिम सूक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराएको विवरण सम्बन्धित तथ्याङ्क उत्पादनकर्ताले अभिलेख पर्नेछ।

(४) ऐनको दफा १२ को उपदफा (६) तथा यस नियमको प्रयोजनको लागि अनुसूची-२ मा उल्लिखित सूक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा कार्यालयले सोही अनुसूची बमोजिमको दस्तुर लिई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-४

## तथ्याङ्क सङ्कलनको अनुमति तथा प्रमाणीकरण

**१७. तथ्याङ्क सङ्कलनको अनुमति लिनुपर्नेः**

(१) ऐनको दफा ८ बमोजिम राष्ट्रियस्तरको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन गर्न चाहने सरकारी निकाय वा संस्थाले देहाय बमोजिमका कागजात संलग्न राखी अनुसूची-३ बमोजिमको निवेदन कार्यालयमा पेस गर्नु पर्नेछः-

(क) सम्बन्धित निकाय वा संस्थाको निर्णयको प्रतिलिपि,

(ख) तथ्याङ्क सङ्कलनको उद्देश्य, कार्यक्षेत्र, विधि र अनुमानित लागत सहितको अवधारणापत्र

(ग) अनुसूची-४ बमोजिमको तथ्याङ्क सङ्कलन अनुमति फाराम,

(घ) तथ्याङ्क सङ्कलनका लागि तयार गरिएको प्रश्नावली,

(ङ) सरकारी निकाय र सार्वजनिक संस्था बाहेकका अन्य संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र,

(च) तथ्याङ्क सङ्कलनका लागि वित्तीय स्रोत उपलब्ध रहेको विवरण।

(२) उपनियम (१) बमोजिम परेको निवेदन तथा संलग्न कागजातका सम्बन्धमा नियम १८ को उपनियम (१) बमोजिमको सिफारिस समितिले जाँचबुझ गरी तथ्याङ्क सङ्कलन अनुमति दिन उपयुक्त देखिएमा वा नदेखिएमा आफ्नो सिफारिस सहितको प्रतिवेदन प्रमुख तथ्याङ्क अधिकारीसमक्ष पेस गर्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनको आधारमा तथ्याङ्क सङ्कलन अनुमति दिन उपयुक्त देखिएमा प्रमुख तथ्याङ्क अधिकारीले त्यस्तो अनुमति दिने निर्णय गरी अनुसूची-५ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ र तथ्याङ्क सङ्कलन अनुमति दिन उपयुक्त नदेखिएमा नदेखिएमा देखिएमा कारण खुलाई निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(४) यस नियम बमोजिम तथ्याङ्क सङ्कलन अनुमति प्रदान गर्ने वा नगर्ने सम्बन्धी निर्णय निवेदन पेस भएको मितिले तीस दिनभित्र गरिसक्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम तथ्याङ्क सङ्कलन अनुमतिपत्र प्राप्त भएको तीस दिनभित्र सम्बन्धित सरकारी निकाय वा संस्थाले तथ्याङ्क सङ्कलनको लागि फिल्डकार्य सुरू हुने मिति र क्षेत्र सहितको जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको अवधिभित्र कार्यालयलाई जानकारी प्राप्त हुन नआएमा वा उपनियम (१) को खण्ड (ग) बमोजिमको तथ्याङ्क सङ्कलन अनुमति फाराममा उल्लिखित कार्यतालिका बमोजिम कार्यसम्पादन नगरेमा कार्यालयले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ । तर त्यसरी अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित निकाय वा संस्थालाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

**१८. सिफारिस समितिः**

(१) नियम १७ बमोजिम कार्यालयमा तथ्याङ्क सङ्कलन अनुमतिका लागि पेस भएको निवेदन तथा नियम २३ बमोजिम तथ्याङ्क प्रमाणीकरणका लागि पेस भएको प्रतिवेदनको प्राविधिक उपयुक्तता जाँच गरी सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) कार्यालयको सम्बन्धित महाशाखा प्रमुख | :- | अध्यक्ष |
| (ख) कार्यालयमा माग भएको तथ्याङ्कसम्बन्धी विषय हेर्ने शाखाको प्रमुख | :- | सदस्य |
| (ग) कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख | :- | सदस्य |
| (घ) कार्यालयको कानून अधिकृत | :- | सदस्य |
| (ङ) कार्यालयको तथ्याङ्क अनुमति सम्बन्धी काम गर्ने सम्बन्धित शाखा प्रमुख | :- | सदस्य -सचिव |

(२) उपनियम (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१९. अनुगमन गर्न सक्नेः**

(१) कार्यालयले आफूले अनुमति प्रदान गरेको तथ्याङ्क सङकलन सम्बन्धी कार्यको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशन पालना निर्देशन पालना गर्नु सम्बन्धित निकाय वा संस्थाको कर्तव्य हुनेछ।

**२०. विदेशी संस्थाले अनुमति लिनुपर्नेः**

नेपालस्थित विदेशी संस्थाले राष्ट्रिय प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन गर्नु अघि नियम १७ बमोजिम अनुमति लिनु पर्नेछ ।

**२१. तथ्याङ्क सङ्कलन अनुमति नम्बरः**

नियम १७ को उपनियम (३) बमोजिम तथ्याङ्क सङ्कलन अनुमति प्रदान गर्दा कार्यालयले एकरूपता कायम हुने गरी सरकारी निकाय वा संस्थालाई तथ्याङ्क सङ्कलन अनुमति नम्बर दिनु पर्नेछ।

**२२. अभिलेखीकरण गर्नु पर्नेः**

(१) ऐनको दफा ८ को उपदफा (२) को खण्ड (क) बमोजिम सरकारी निकाय वा सार्वजनिक संस्थाले प्रचलित कानूनबमोजिम तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्नु अघि राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गराउनु पर्नेछ र त्यस्तो तथ्याङ्क सङ्कलन सम्बन्धी विवरण कार्यालयमा अभिलेखीकरण गराउनु पर्नेछ ।

(२) उपनियम (१) को प्रयोजनका लागि कार्यालयले तथ्याङ्कको अभिलेख राखी सम्बन्धित सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सङ्कलन दर्ता नम्बर उपलब्ध गराउनु पर्नेछ।

**२३. तथ्याङ्क प्रमाणित गराउनु पर्नेः**

(१) नियम १७ बमोजिम तथ्याङ्क सङ्कलन अनुमति प्राप्त सरकारी निकाय वा संस्थाले तथ्याङ्कको नतिजा प्रयोगमा ल्याउनु वा प्रकाशन गर्नुअघि कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तथ्याङ्क प्रमाणित गराउनको लागि सम्बन्धित सरकारी निकाय वा संस्थाले सोको प्रतिवेदन तथा सारांशसहित सूक्ष्म कोरा तथ्याङ्क संलग्न गरी कार्यालयमा अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर नियम १८ को उपनियम (१) बमोजिमको सिफारिस समितिले देहायका विषय जाँचबुझ गरी तथ्याङ्क प्रमाणीकरण गर्न योग्य देखिएमा प्रमुख तथ्याङ्क अधिकारी समक्ष सिफारिस गर्नु पर्नेछः-

(क) राष्ट्रिय मानक तथा गुणस्तरको पालना गरे, नगरेको,

(ख) अनुमतिपत्रमा उल्लिखित विधि बमोजिम तथ्याङ्क सङ्कलन भए, नभएको,

(ग) नियम १७ को उपनियम (१) को खण्ड (ग) बमोजिम पेस भएको तथ्याङ्क सङ्कलन अनुमति फाराममा उल्लिखित कार्ययोजना अनुसार तथ्याङ्कीय क्रियाकलाप सम्पन्न भए, नभएको, र

(घ) तथ्याङ्कीय नतिजा गुणस्तरीय भए, नभएको।

(४) उपनियम (३) बमोजिमको सिफारिसका आधारमा प्रमुख तथ्याङ्क अधिकारीले तथ्याङ्क प्रमाणित गरी अनुसूची-७ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्रमाणित भएका तथ्याङ्कको व्यवस्थित अभिलेख कार्यालयले राख्नु पर्नेछ।

## परिच्छेद-५
## विविध

**२४. आधिकारिक तथ्याङ्क मानिनेः**

(१) राष्ट्रिय मानक र गुणस्तर कायम भएका देहायका तथ्याङ्कलाई आधिकारिक तथ्याङ्क मानिनेछः-

(क) कार्यालयले गरेका गणना वा सर्वेक्षणबाट प्राप्त तथ्याङ्क,

(ख) ऐनको दफा ३ को उपदफा (२) बमोजिम अन्तरप्रणाली आबद्धता कायम गरी प्राप्त भएको तथ्याङ्क,

(ग) ऐनको दफा ७ बमोजिम कुनै सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्क वा त्यस्तो निकायको प्रशासनिक अभिलेख तथा अन्य स्रोतबाट उत्पादित तथ्याङ्क.

(घ) ऐनको दफा ९ बमोजिम कार्यालयले प्रमाणित गरेको तथ्याङ्क,

(ङ) परिषद्ले निर्धारण गरेको मापदण्डको अधीनमा रही कार्यालयले तोकेका अन्य तथ्याङ्क।

(२) सरकारी निकाय वा कुनै संस्थाले नीति, योजना तथा कार्यक्रम निर्माण गर्दा वा तथ्याङ्कीय क्रियाकलाप गर्दा आधिकारिक तथ्याङ्कको प्रयोग गर्नु पर्नेछ।

(३) तथ्याङ्क प्रयोगकर्ताले आधिकारिक तथ्याङ्कको प्रयोग गर्दा त्यसको स्रोत खुलाउनु पर्नेछ।

**२५. तथ्याङ्कको विद्युतीय अभिलेख व्यवस्थापनः**

(१) ऐनको दफा १७ को उपदफा (३) बमोजिम कार्यालयले सरकारी निकाय, सार्वजनिक संस्था, प्रदेश र स्थानीय तहले सङ्कलन गरी विद्युतीय अभिलेखमा राखेको तथ्याङ्कलाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्न एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल स्थापना गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको पोर्टलमा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध भएका सबै सरकारी निकाय, सार्वजनिक संस्था, प्रदेश र स्थानीय तहले आफूले सङ्कलन गरेको तथ्याङ्क प्रविष्टि गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको पोर्टलमा नियम २३ बमोजिम प्रमाणित गरिएका तथ्याङ्कलाई समेत आबद्ध गर्नु पर्नेछ।

**२६. अभिलेखको प्रयोग र आधिकारिकताः**

ऐनको दफा १७ को उपदफा (४) बमोजिम आबद्ध गरिएको अभिलेखको प्रयोग र आधिकारिकता देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय मानक तथा गुणस्तर पालना भई उत्पादन भएका तथा तथ्याङ्क सङ्कलनका स्थापित विधि, प्रक्रिया, मापदण्डबमोजिम अवधारणा, परिभाषा, वर्गीकरण गरिएका स्तरीकृत तथ्याङ्कलाई मात्र आधिकारिकता प्रदान गरी प्रयोग गरिने,

(ख) विद्युतीय अभिलेखमा रहेको तथ्याङ्कको अन्तिम उत्तरदायित्व सम्बन्धित तथ्याङ्क उत्पादनकर्ताको हुने,

(ग) विद्युतीय अभिलेखमा रहेको तथ्याङ्कलाई अख्तियारीप्राप्त व्यक्तिबाहेक अरू कसैले सम्पादन गर्न वा सच्याउन नसक्ने गरी व्यवस्थित गर्नु पर्ने,

(घ) प्रचलित कानूनबमोजिम गोपनीयता कायम गर्नुपर्ने विषयका तथ्याङ्क सार्वजनिक नगरिने ।

**२७. तथ्याङ्कमा पहुँच उपलब्ध गराउने विधि तथा प्रक्रियाः**

(१) तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्क प्रकाशन र प्रसार गर्दा सबैको पहुँच हुने गरी गर्नु पर्नेछ ।

(२) तथ्याङ्क उत्पादनकर्ताले आफूले उत्पादन गरेका प्रशोधित, अर्धप्रशोधित र सूक्ष्म कोरा तथ्याङ्कमा पहुँच उपलब्ध गराउने विधि सार्वजनिक गर्नु पर्नेछ ।

(३) तथ्याङ्ग उत्पादनकर्ताले गणना, सर्वेक्षण वा अन्य विधिबाट उत्पादित तथ्याङ्कको प्रतिवेदन प्रकाशन गरी वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) प्रत्येक तथ्याङ्क उत्पादनकर्ताले चालु आर्थिक वर्षमा सार्वजनिक गर्ने तथ्याङ्कीय उत्पादनको समयतालिका सहितको अग्रिम प्रकाशन कार्यतालिका प्रत्येक वर्षको साउन मसान्तभित्र तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम तथ्याङ्कीय उत्पादन सार्वजनिक गर्दा सोसँग सम्बन्धित मेटाडेटासमेत सार्वजनिक गर्नु पर्नेछ ।

*स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि "मेटाडेटा" भन्नाले उत्पादित तथ्याङ्कको उत्पादनकर्ता, अवधारणा, परिभाषा, वर्गीकरण, स्रोत र सन्दर्भ समयको साथै तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणको विधि तथा प्रक्रिया प्रक्रिया समेतको समेतक विस्तृत विवरण सम्झनु पर्छ ।*

(६) यस नियम बमोजिम तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्कको नतिजा प्रकाशन गर्दा प्रारम्भिक, संशोधित वा अन्तिम कुन नतिजा हो सो स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

**२८. व्यवस्थापन सूचना प्रणालीमा पहुँच विधि र प्रक्रियाः**

(१) ऐनको दफा १८ को उपदफा (२) बमोजिम राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध अन्य निकायको व्यवस्थापन सूचना प्रणालीमा सम्बन्धित निकायसँग समन्वय गरी कार्यालयको पहुँच कायम गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यवस्थापन सूचना प्रणालीको पहुँचबाट प्राप्त भएको तथ्याङ्कलाई कार्यालयले प्रशोधन, विश्लेषण र प्रकाशन गर्न सक्नेछ र यसरी प्रशोधन, विश्लेषण र प्रकाशन गरेको जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कार्यालयले व्यवस्थापन सूचना प्रणालीमा पहुँच कायम गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) व्यवस्थापन सूचना प्रणाली सञ्चालन गर्ने निकायसँग आवश्यकताको पहिचान तथा तथ्याङ्क वा सूचना आदानप्रदानको विधिबारे समझदारी कायम गर्ने,

(ख) तथ्याङ्क साझेदारी र प्रयोगको लागि प्लेटफर्मको सुरक्षा जोखिम विश्लेषण, नेटवर्क जडान, तथ्याङ्क प्रमाणीकरण, व्यक्तिगत गोपनीयता कायम, सञ्चालनको लागि अधिकारप्राप्त व्यक्ति, आदानप्रदान व्यवस्था (गेटवे) तथा पोर्टलको बिकास आदिको व्यवस्थापन गर्ने,

(ग) व्यवस्थापन सूचना प्रणालीमा पहुँच दिने निकायले उपलब्ध गराउने तथ्याङ्क वा विवरण एकिन गरी सोको डाटा कोड (डाटा डिक्सनरी) कार्यालयलाई उपलब्ध गराउने,

(घ व्यवस्थापन सूचना प्रणालीमा पहुँच दिने निकायले कार्यालयसँगको समझदारीमा विद्यमान एप्लिकेसनबाट डाटा ट्रान्सफर गर्न र कार्यालयले सो प्रणालीबाट सूचना वा विवरण प्राप्त गर्न एप्लिकेसन प्रोग्रामिङ इन्टरफेसमार्फत सेवा विकास गर्ने ।

(४) व्यवस्थापन सूचना प्रणालीमा पहुँच दिने निकायले सो प्रणालीमा रहेका विवरणलाई अद्यावधिक वा परिमार्जन गर्दा कार्यालयसँग समन्वय गरी गर्नु पर्नेछ ।

(५) व्यवस्थापन सूचना प्रणालीमा पहुँच दिने निकायले कार्यालयको सहमति विना त्यस्तो एप्लिकेसन बन्द गर्न हुँदैन ।

**२९. सहजीकरण समितिः**

(१) नियम २८ बमोजिम अन्य निकायको व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको पहुँच कायम गर्नका लागि आवश्यक सहजीकरण गर्न देहाय बमोजिमको एक सहजीकरण समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) प्रमुख तथ्याङ्क अधिकारी | - | संयोजक |
| (ख) सम्बन्धित व्यवस्थापन सूचना प्रणाली सञ्चालन गर्ने निकायका प्रमुख | - | सदस्य |
| (ग) कार्यालयको सम्बन्धित महाशाखा प्रमुख | - | सदस्य |
| (घ) कार्यालयको व्यवस्थापन सूचना प्रणाली सम्बन्धी विषय हेर्ने शाखा प्रमुख | - | सदस्य-सचिव |

(२) उपनियम (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**३०. सहयोग गर्न सक्नेः**

(१) सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सम्बन्धी कार्यमा सहयोगको लागि कार्यालयलाई अनुरोध गरेमा कार्यालयले आवश्यक सहयोग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तथ्याङ्क सङ्कलन सम्बन्धी कार्य गर्दा लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्नेछ।

**३१.अनुसूची हेरफेरः**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूची हेरफेर गर्न सक्नेछ ।

**३२.खारेजी र बचाउः**

(१) तथ्याङ्क नियमहरू, २०४१ खारेज गरिएको छ।

(२) तथ्याङ्क नियमहरू, २०४१ बमोजिम भए गरेका कामकारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले,**
**लीला देवी गडतौला (निरौला)**
**नेपाल सरकारको सचिव ।**

# अनुसूची ५ : नेपालका राष्ट्रिय गणनाहरूमा प्रयोग हुने शब्दावली

## १. जनगणनामा प्रयोग गरिएका पदावली तथा परिभाषा

**घरः**

घर भन्नाले सामान्यतया चारैतिर गारो/टाटी लगाई ढोका/झ्याल भएको छानो हालेर बसोबास वा अन्य प्रयोगका लागि बनाइएको एक वा एक भन्दा बढी कोठा वा तला भएको संरचना हो ।एउटै संरचना अन्तर्गत बनेको जग, गारो तथा छाना भएमा र एउटै मूलढोका र सिँढी भएमा त्यसलाई एउटा घर मान्नुपर्दछ। गणनाको प्रयोजनका लागि यी सबै किसिमका संरचनाः झुप्रो, घर, भवन, महल, अपार्टमेन्ट बिल्डिङ लाई घर भन्ने बुझ्नुपर्दछ।

**ब्यक्तिः**

जनगणनामा व्यक्ति भन्नाले गणनाको समयमा देशको सीमाना तथा क्षेत्रभित्र अक्सर बसोबास गर्ने सबै उमेरका स्वदेशी वा विदेशी वा परिवारमा अनुपस्थित स्वदेश वा विदेशमा बसेका मानिस सम्झनुपर्दछ।

**अक्सर वसोवासः**

अक्सर बसोबास भन्नाले व्यक्ति धेरैजसो वा प्रायः बस्ने ठाउँलाई बुझाउँदछ। नेपालको जनगणनामा व्यक्तिहरूको गणना अक्सर (प्रायः) बसोबास गर्ने ठाउँबाट गरिन्छ ।परिवारका सदस्यहरूको रुपमा गणना गर्न उक्त व्यक्ति अक्सर त्यही परिवारमा बसोबास गरेकै हुनुपर्दछ। व्यक्तिको अक्सर बसोबास निजको आफ्नै स्थायी घर भएको ठाउँ वा अस्थायी रुपमा बसोबास गरेको ठाउँ पनि हुनसक्दछ ।कुनै व्यक्ति दुई वा सोभन्दा बढी ठाउँमा बसोबास गर्ने गरेका रहेछन् भने निज सबैभन्दा वढी समय जहाँ बस्छन् त्यही ठाउँबाट गणना गरिन्छ ।जनगणनामा कुनै पनि व्यक्ति नछुटून् र कुनै पनि व्यक्ति नदोहोरिऊन् भन्ने उद्वेश्यले व्यक्तिहरूको गणना कहाँबाट गर्ने गराउने भन्ने कुरा ब्यक्तिको अक्सर बसोबासको आधारमा गरिएको हो ।परिवारबाट देशभित्र अन्यत्र अक्सर बसोबास गरेका परिवारका सदस्यको विस्तृत विवरण उनीहरू जहाँ बसेका छन् त्यहींबाट संकलन गरिएको थियो भने अक्सर वसोवास विदेशमा भएका ब्यक्तिहरुको अनुपस्थित विदेश गएकाको छुट्टै महलमा विवरण टिपिएको थियो।

**परिवारः**

जनगणना प्रयोजनका लागि एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानखाने गरी बसेका व्यक्ति वा व्यक्तिहरूको समूहलाई परिवार भनिन्छ ।राष्ट्रिय जनगणनामा परिवारलाई तथ्याङ्क संकलनको एकाईको रुपमा लिइएको ।परिवारमा एक व्यक्ति मात्र वा धेरै व्यक्तिहरू, नाता पर्ने वा नाता नपर्ने हुन सक्दछन् ।परिवार र यसका सदस्य छुट्टयाउन आम्दानी/खर्च र भान्साको अवधारणा प्रमुख रहेको छ ।कानूनी तवरले वा अंशबण्डा भई भिन्न नभएको तर छुट्टै बसी वा अलग भान्सामा खानखाने गरी बसेका व्यक्ति वा व्यक्तिहरूको समूहलाई जनगणनाको प्रयोजनका लागि छुट्टै परिवार मानिन्छ ।एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एउटै भान्सामा खाने व्यक्तिहरू अलग अलग घरमा सुत्ने गरेको भएतापनि एउटै परिवार मानिन्छ। कुनै कारणवश बेग्लै भान्सामा (जस्तैः होटल, कार्यालयको क्यान्टिन आदि) खाने गरेको भएता पनि एकै स्थानमा बसोबास गर्दछन् भने एउटै परिवार मानिएको छ ।घरायसी कामको लागि वा औषधोपचार, व्यापार, तीर्थयात्रा वा अन्य काममा केही दिनको लागि मात्र अन्यत्र गएका अक्सर यसै परिवारमा बस्ने सदस्य भए गणनाको समयमा अनुपस्थित भएता पनि यसै परिवारबाट बिस्तृत विवरण संकलन गरिएको थियो।

**परिवार मूलीः**

जनगणनामा परिवारमूली भन्नाले परिवारमा अक्सर बसोबास गर्ने, कम्तिमा १० वर्ष उमेर पुगेका व्यक्ति,परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने अर्थात घरको कामकाजमा चाँजोपाँजो मिलाउने मुख्य व्यक्तिलाई बुझाउँदछ।परिवारमा अक्सर बसोबास गर्ने व्यक्ति मात्र जनगणना प्रयोजनको लागि परिवारमूली हुन्छन्।

**परिवारमा अनुपस्थित (विदेश):**

गणना गर्न लागेको परिवारमा अक्सर बसोबास नगर्ने, परिवारबाट छुट्टीभिन्न नभएका र फर्की आउँदा सो परिवारको सदस्य हुनसक्ने विदेशमा अक्सर बसोबास गर्ने कुनै सदस्यलाई परिवारमा अनुपस्थित विदेश गएका भनेर परिभाषित गरिएको छ। यस्ता अनुपस्थित सदस्यहरू विगतमा त्यस परिवारको सदस्यका रुपमा अक्सर बसोबास गरेका हुन्छन् ।विदेशमा जन्मेर वा विदेशमा विवाह गरेर परिवारमा थप भएका सदस्यहरू गणनाको दिनसम्म पनि विदेशमै अक्सर बसोबास गरिरहेका भए त्यस्ता ब्यक्तिहरुलाई परिवारमा अनुपस्थित (विदेशमा गएका) अन्तर्गत गणना गरिएको थिएन।

**<u>अपाङ्गता:</u>**

अपाङ्गता भन्नाले शरीरको एक वा एक भन्दा बढी अङ्गहरुले सामान्यरुपमा कामकाज गर्न नसकेर सरलतापूर्वक जीवन यापन गर्न अफ्ठ्यारो अवस्था हो।अपाङ्गता प्रत्यक्ष देखिने शारीरिक वा इन्द्रिय सम्बन्धी बिचलन मात्र नभई प्रत्यक्ष नदेखिने पनि हुन्छन् । जस्तै: बौद्धिक अपाङ्गता, सुस्तश्रवण, न्युन दृष्टियुक्त, अटिजम्, मनोसामाजिक ।

**<u>साक्षरता दर:</u>**

कुनै एक भाषामा पढ्न, लेख्न र सामान्य हरहिसाब (जोड, घटाउ) गर्नजानेको व्यक्तिलाई पढ्न र लेख्न दुवै जानेको मानिएको छ । ५ वर्ष वा सो भन्दा माथिको ब्यक्तिले कुनै पनि भाषामा पढ्न र लेख्न सक्ने ब्यक्तिलाई साक्षर मानिएको हुन्छ । कुनै उमेर समूहको साक्षर जनसंख्यालाई सोही उमेर समूहको कुल जनसंख्याले भाग गरी १०० ले गुणन गरी आउने मानलाई साक्षरता दर भनिन्छ ।

**<u>आर्थिक क्रियाकलापः</u>**

राष्ट्रिय जनगणना २०७८ प्रयोजनको लागि आम्दानी हुने वा नहुने सबै किसिमका वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू (आफ्नो उपभोगको लागि वा बिक्रीको लागि) र आफ्नो परिवार बाहेक अरुको लागि तलब, ज्याला वा पारिश्रमिक लिई गरिएका आम्दानी हुने सेवाका क्रियाकलापहरू आर्थिक कार्य मानिएको छ भने आफ्नो परिवारको लागि आफैंबाट गरिएका सेवाका क्रियाकलापहरू जस्तैः आफ्नो परिवारको लागि खाना बनाउने, घरधन्दा गर्ने, बालबच्चा, बृद्ध तथा अशक्तको स्याहार सुसार गर्ने आदि क्रियाकलापहरू आर्थिक काममा समावेश गरिएको छैन।यसरी आर्थिक कार्य अन्तर्गत आम्दानी हुने वा नहुने वा दुवै हुन सक्दछन् ।

**<u>आर्थिक रुपले सक्रिय जनसंख्या:</u>**

दश वर्ष वा सो भन्दा माथिको उमेर समूहको जनसंख्या मध्ये गणना भएको दिन भन्दा ठिक १२ महिना अगाडि आर्थिक काम (छोटो वा लामो समय) गरेको वा आर्थिक काम नगरेको भए आर्थिक कामको खोजी गरेको ब्यक्तिलाई आर्थिकरुपले सक्रिय जनसंख्या भनिन्छ । कुनै पनि आर्थिक काम नगरेका र आर्थिक कामको खोजि पनि नगरेको जनसंख्यालाई आर्थिकरुपले निष्क्रीय जनसंख्या भनिन्छ ।

**<u>अक्सर आर्थिक रुपले सक्रिय जनसंख्या:</u>**

१० वर्ष वा सो भन्दा माथिको उमेर समूहको आर्थिक रुपले सक्रिय जनसंख्या मध्ये गणनाको दिन भन्दा ठिक अगाडिको १२ महिनामा आर्थिक काम गरेको वा आर्थिक काम खोजेको अवधिको जोड ६ महिना वा सो भन्दा बढी भएको जनसंख्यालाई अक्सर आर्थिक रुपले सक्रिय जनसंख्या भनिन्छ ।

**<u>अक्सर रोजगार जनसंख्या:</u>**

१० वर्ष वा सो भन्दा माथिको उमेर समूहको अक्सर आर्थिक रुपले सक्रिय जनसंख्यामध्ये गणनाको दिन भन्दा ठिक अगाडीको १२ महिनामा आर्थिक काम गरेको अवधि ६ महिना वा सो भन्दा बढी भएको जनसंख्यालाई अक्सर आर्थिक रुपले रोजगार जनसंख्या भनिन्छ ।

**<u>आर्थिक सक्रियता दर:</u>**

आर्थिकरुपमा सक्रिय कूल जनसंख्यालाई सोही उमेर समूहको जम्मा जनसंख्याले भागगरी १०० ले गुणन गर्दा आउने मानलाई आर्थिक सक्रियता दर भनिन्छ ।

**<u>जनघनत्वः</u>**

प्रति एकाई (प्रति वर्ग कि मि) क्षेत्रफलमा वसोवास गर्ने जनसंख्यालाई जनघनत्व भनिन्छ। कुनै स्थानको कुल जनसंख्यालाई त्यस ठाउँको कुल क्षेत्रफलले भाग गरेर जनघनत्व निकालिन्छ ।

**<u>लैङ्गिक अनुपात:</u>**

प्रतिसय जना महिलामा पुरुषको संख्यालाई लैङ्गिक अनुपात भनिन्छ।कुनै स्थान विशेषको पूरुषको संख्यालाई महिलाको संख्याले भाग गरी १०० ले गुणन गर्दा लैङ्गिक अनुपात प्राप्त हुन्छ ।

**<u>कुल आश्रित अनुपात:</u>**

१५ वर्ष भन्दा मुनि (०-१४ वर्ष) र ६० वर्ष भन्दा माथिको उमेर समूहको जनसंख्याको योगफललाई १५ देखि ५९ वर्ष उमेर समूहको कुल जनसंख्याले भाग गर्दा कुल आश्रित अनुपात आउँछ । यसलाई १०० ले गुणन गरेर प्रतिशतमा ब्यक्त गरिन्छ ।

## २. राष्ट्रिय कृषि गणनामा प्रयोग गरिने पदावली तथा परिभाषा

**कृषि कार्यः**

कृषि कार्य भन्नाले निम्नलिखित कार्यहरूलाई बुझाउँदछः

- अन्न, दलहन, तेलहन, तरकारी, फलफूल, नगदेबाली र अन्य कृषि बाली उत्पादन;
- गाई/भैँसी, भेडा/बाख्रा, सुँगुर/बङ्गुर आदि पशुपालन;
- अर्थोपार्जन वा मासु, अण्डा उत्पादनको दृष्टिले गरिने पन्छीपालन, तथा
- कृषि वन लगाउने, माछापालन, मौरीपालन, च्याउखेती, पुष्पखेती, नर्सरीखेती, रेशमपालन जस्ता अन्य खेती सम्बन्धी कार्यहरू

**कृषिचलनः**

एउटै व्यक्ति वा परिवार वा निकायले रेखदेख (व्यवस्थापन) गरेको कृषि उत्पादनको एक आर्थिक एकाईलाई कृषि चलन भनिन्छ । कृषिचलनभित्र आफ्नो हकको वा अर्काको हकको भए पनि जुनसुकै शर्तमा लिई आंशिक वा पूर्ण रूपमा कृषि उत्पादनको उद्देश्यले पालिएका पशुपन्छीहरू वा जुनसुकै आकारको भए पनि कृषिका लागि उपयोग गरिएको सम्पूर्ण जग्गा पर्दछ। सजिलो अर्थमा भन्नुपर्दा एक व्यक्तिको जिम्मा र रेखदेखमा रहेको सम्पूर्ण कृषिकार्यलाई कृषिचलन मानिएको छ ।

कृषि चलनको न्युनतम सिमा राष्ट्रिय कृषिगणना २०७८ मा जग्गाको क्षेत्रफल वा पशुपन्छीको सङ्ख्या निम्नानुसार भएमा मात्र कृषि चलन मानिएको छ:

- **हिमाल र पहाडका जिल्लामा** कम्तीमा ४ आना (०.०१२७२ हेक्टर) **र तराइका जिल्लामा कम्तीमा** ८ धुर (०.०१३५५ हेक्टर) क्षेत्रफलमा बाली लागेको जग्गा भएमा, वा
- जुनसुकै उमेरका कम्तीमा १ वटा गाई वा भैँसी पालेको भएमा, वा
- कम्तीमा ५ वटा भेडा-बाख्रा वा सुँगुर-बङ्गुर जस्ता पाल्तु चौपाया पालेको भएमा, वा
- चल्ला र माउ गरी कम्तीमा २० वटासम्म पन्छी (कुखुरा, हाँस) पालेको भएमा ।

**संस्थागत कृषि चलनः**

नेपाल सरकार, अर्धसरकारी निकाय, विद्यालय, कलेज, सहकारी संस्था, व्यावसायिक समूह, घराना वा तोकिएको मापदण्ड पूरा गरेका कृषक परिवारले व्यक्तिगत हैसियतमा नभई संस्थागत हैसियतमा सञ्चालन गरेको कृषि कार्यलाई संस्थागत कृषि चलन भनिन्छ। संस्थाको नाम, स्वामित्व, व्यवस्थापन वा जिम्मेवारीमा सञ्चालन भएको कृषि कार्य यसअन्तर्गत गणना गरिन्छ ।

**कित्ताः**

कृषिगणनामा वरिपरि अरूको साँध भएर बीचमा रहेको जमिनको भागलाई कित्ता भनिन्छ । कित्ता साधारणतया खोला, नदी, जंगल, राजमार्ग जस्ता प्राकृतिक वा मानव निर्मित साधनले छुट्याएको हुन्छ । कृषिगणनामा प्रयोग गरिएको कित्ता र साधारण बोलीचालीको भाषामा (वा नापीमा) प्रयोग गरिएको कित्ता एकै नहुन पनि सक्दछन् वा फरक हुन पनि सक्दछन् ।

**स्थायी बालीः**

एक पटक उत्पादन लिएपछि पुनः रोप्नु नपर्ने र धेरै वर्षसम्म उत्पादन दिइरहने आँप, कटहर, लिचि, सुन्तला, केरा जस्ता बाली स्थायी बालीअन्तर्गत पर्दछन् ।

**अस्थायी बालीः**

अस्थायी वाली भन्नाले एक वर्षको अवधिभित्र उत्पादन गरी बाली भित्र्याउने र अर्को बालीका लागि पुनः खनजोत गरी लगाउनुपर्ने किसिमका बालीहरू पर्दछन् । तर, लगाएको बाली भित्र्याउन एक वर्षभन्दा बढी समय लाग्ने भए तापनि यदि बोट समेत नष्ट गरिन्छ भने अस्थायी बाली अन्तर्गत नै पर्दछन्, जस्तै: उखु ।एक वर्षपछि अर्को बाली लगाइने र खनजोत गर्दा बोट डाँठसमेत नष्ट हुने बालीहरू पनि अस्थायी बाली अन्तर्गत पर्दछन् । जस्तै- खाद्यान्न बाली, कोसे/दाल बाली, कन्दमूल बाली, तेल बाली, नगदे बाली, मसला बाली, तरकारी बाली, र भुइँघाँस बाली ।

**खेतः**
खेतको श्रेणीमा साधारणतया धान रोप्न सकिने जग्गा पर्दछ। कुनै जग्गामा धान रोपिने गरिएको छैन तर त्यसमा धान खेती हुन सक्छ भने पनि त्यसलाई खेतमा राख्नुपर्दछ। खेत श्रेणीमा नपरेका जग्गा पाखोमा पर्दछन्। पाखो जग्गा लगभग वर्षभरि नै सुख्खा रहन्छ र साधारणतया यस्तो जग्गा धान खेतीको लागि उपयुक्त हुँदैन। पाखो जग्गालाई धान रोप्नयोग्य बनाइएको छ भने त्यसलाई खेत मान्नु पर्दछ।

**सिंचित जग्गाः**
सन्दर्भ समयमा कुनै एक बालीमा मात्र सिँचाइ भएको भए पनि यसलाई सिँचाई भएको जग्गा अन्तर्गत राखिएको छ। जग्गाको उत्पादकत्व बढाउने उद्देश्यले थप श्रम वा साधन लगाई जग्गामा कुलो, नहर आदिबाट (वर्षा बाहेक) पानी पुऱ्याउने कार्यलाई सिँचाइ भनिन्छ।

## ३. राष्ट्रिय आर्थिक गणनामा प्रयोग गरिने पदावली तथा परिभाषा

**राष्ट्रिय आर्थिक गणना :**
देशको कुनै निश्चित भौगोलिक वा प्रशासनिक क्षेत्रभित्र सञ्चालनमा रहेका आर्थिक एकाइहरूमा पुगी निर्धारित समयावधिभित्र तिनीहरूको विवरण सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने समग्र प्रक्रियालाई राष्ट्रिय आर्थिक गणना भनिन्छ। यसमा व्यवसाय, उद्योग, कलकारखाना, संघ–संस्था, सेवा प्रदायक संस्था र अन्य आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानहरूको विवरण समेटिन्छ।

**गणनाको एकाइ :**
आर्थिक गणनामा गणनाको एकाइ प्रतिष्ठान हो। प्रत्येक प्रतिष्ठान/व्यवसायको विवरण छुट्टाछुट्टै सङ्कलन गरिन्छ। व्यक्तिको पेशा मात्रलाई प्रतिष्ठानका रूपमा गणना गरिँदैन। जस्तै, कुनै व्यक्ति शिक्षक, डाक्टर, चालक वा मजदुर हुनु आफैंमा प्रतिष्ठान होइन। तर त्यही व्यक्तिले निश्चित स्थानमा विद्यालय, क्लिनिक, यातायात सेवा, पसल वा अन्य व्यवसाय सञ्चालन गरेको छ भने त्यसलाई प्रतिष्ठानका रूपमा गणना गरिन्छ।

**आर्थिक एकाइ :**
वस्तु उत्पादन गर्ने, सेवा प्रदान गर्ने, व्यापार गर्ने वा अन्य आर्थिक कारोबार गर्ने प्रतिष्ठान, व्यवसाय, संस्था वा कार्यालयलाई आर्थिक एकाइ भनिन्छ।

**प्रतिष्ठान :**
एउटै स्वामित्व वा नियन्त्रणमा निश्चित स्थानबाट एउटै वा मुख्य रूपमा कुनै एउटा आर्थिक क्रियाकलाप सञ्चालन गर्ने आर्थिक एकाइलाई प्रतिष्ठान भनिन्छ। यसले वस्तु उत्पादन, सेवा प्रदान, व्यापार वा अन्य आर्थिक कार्य गर्न सक्छ। सामान्यतया प्रतिष्ठानको आफ्नै निश्चित स्थान, नाम, सञ्चालन व्यवस्था र कार्यक्षेत्र हुन्छ। उदाहरणका लागि, कुनै पसल, होटल, विद्यालय, क्लिनिक, उद्योग, बैंक शाखा वा सेवा कार्यालय प्रतिष्ठान हुन सक्छ।

**व्यवसाय :**
वस्तु उत्पादन, खरिद–बिक्री, सेवा प्रदान वा आम्दानी आर्जन गर्ने उद्देश्यले सञ्चालन गरिने आर्थिक क्रियाकलापलाई व्यवसाय भनिन्छ। व्यवसाय व्यक्तिगत, साझेदारी, कम्पनी, सहकारी वा संस्थागत रूपमा सञ्चालन हुन सक्छ। उदाहरणका लागि, किराना व्यापार, कपडा बिक्री, होटल सेवा, यातायात सेवा, फर्निचर उत्पादन, स्वास्थ्य सेवा वा परामर्श सेवा व्यवसाय हुन्।

**इन्टरप्राइज :**
वस्तु वा सेवा उत्पादन गर्ने क्षमता भएको संस्थागत आर्थिक एकाइलाई इन्टरप्राइज भनिन्छ। यसले वित्तीय तथा लगानीसम्बन्धी निर्णय आफैं गर्न सक्छ र उत्पादनका लागि स्रोत साधन विनियोजन गर्ने अधिकार तथा जिम्मेवारी राख्छ। एउटा इन्टरप्राइज एक वा एकभन्दा बढी आर्थिक क्रियाकलापमा संलग्न हुन सक्छ। आर्थिक गणनामा विभिन्न स्थानमा रहेका इन्टरप्राइजका मुख्य कार्यालय, शाखा र उपशाखालाई छुट्टाछुट्टै प्रतिष्ठानका रूपमा गणना गर्न सकिन्छ।

**प्रतिष्ठानको प्राङ्गण :**

प्रतिष्ठानले आफ्नो आर्थिक क्रियाकलाप सञ्चालन गर्न प्रयोग गरेको स्थानलाई प्रतिष्ठानको प्राङ्गण भनिन्छ। व्यवसाय भवनको एउटा कोठा, एउटा तला, छुट्टै भवन, कम्पाउन्ड वा निश्चित कार्यस्थलबाट सञ्चालन भएको हुन सक्छ। यदि व्यवसाय एउटा कोठामा मात्र सञ्चालन भएको छ भने त्यही कोठाको सीमा नै प्रतिष्ठानको प्राङ्गण मानिन्छ।

**गणना क्षेत्र :**
गणना कार्य व्यवस्थित रूपमा सञ्चालन गर्न निर्धारण गरिएको निश्चित भौगोलिक क्षेत्रलाई गणना क्षेत्र भनिन्छ।

**गणना उपक्षेत्र :**
गणना क्षेत्रभित्र थप सानो भागमा विभाजन गरिएको गणनात्मक क्षेत्रलाई गणना उपक्षेत्र भनिन्छ।

**आर्थिक क्रियाकलाप :**
वस्तु उत्पादन, वस्तु खरिद–बिक्री, सेवा प्रदान वा आम्दानी सिर्जना गर्ने अन्य व्यवसायिक कार्यलाई आर्थिक क्रियाकलाप भनिन्छ।

**प्रमुख आर्थिक क्रियाकलाप :**
एउटै प्रतिष्ठान/व्यवसायले एकभन्दा बढी आर्थिक क्रियाकलाप गरेको भए तीमध्ये मुख्य रूपमा गरिएको वस्तु उत्पादन वा सेवा प्रदान गर्ने कार्यलाई प्रमुख आर्थिक क्रियाकलाप भनिन्छ। यसलाई वार्षिक उत्पादन, कारोबारको परिमाण, आम्दानीको हिस्सा र व्यवसायीले प्राथमिकता दिएको कार्यका आधारमा छुट्याइन्छ।

**वस्तु उत्पादन :**
कच्चा पदार्थ, श्रम, प्रविधि, मेसिन वा अन्य साधन प्रयोग गरी भौतिक वस्तु तयार गर्ने आर्थिक क्रियाकलापलाई वस्तु उत्पादन भनिन्छ। जस्तै, फर्निचर बनाउने, खाद्य वस्तु उत्पादन गर्ने, कपडा सिलाउने वा धातुका सामग्री बनाउने कार्य।

**सेवा प्रदान :**
वस्तु उत्पादन नगरी व्यक्ति, संस्था वा समुदायलाई सुविधा, सीप, परामर्श, यातायात, शिक्षा, स्वास्थ्य, वित्तीय, मर्मत, होटल, सूचना प्रविधि वा अन्य सेवा उपलब्ध गराउने कार्यलाई सेवा प्रदान भनिन्छ।

**NSIC कोड :**
नेपालस्तरीय औद्योगिक वर्गीकरणअनुसार प्रतिष्ठान/व्यवसायको आर्थिक क्रियाकलाप वर्गीकरण गर्न प्रयोग गरिने कोडलाई NSIC कोड भनिन्छ। आर्थिक गणनामा प्रमुख आर्थिक क्रियाकलाप पहिचान गर्न सामान्यतया ४ अङ्कको NSIC कोड प्रयोग गरिन्छ।

**सन्दर्भ वर्ष :**
तथ्याङ्क सङ्कलन गर्दा आय–व्यय, खर्च, बिक्री, उत्पादन तथा वार्षिक कारोबारसम्बन्धी विवरण लिन तोकिएको आर्थिक वर्षलाई सन्दर्भ वर्ष भनिन्छ।

**सन्दर्भ दिन :**
प्रतिष्ठान/व्यवसायको अवस्था, संलग्न व्यक्ति, स्थान, स्वामित्व वा अन्य तत्कालीन विवरण लिन तोकिएको खास दिनलाई सन्दर्भ दिन भनिन्छ।

**सन्दर्भ अवधि :**
कुनै प्रतिष्ठान/व्यवसाय निर्धारित सन्दर्भ वर्षपछि सञ्चालनमा आएको अवस्थामा सञ्चालन मितिदेखि गणनाको अघिल्लो दिनसम्मको अवधिलाई सन्दर्भ अवधि भनिन्छ।

**गोपनीयता :**
गणनाबाट प्राप्त व्यक्ति वा प्रतिष्ठानगत विवरणलाई तथ्याङ्कीय प्रयोजनबाहेक अन्य प्रमाण, कर वा प्रशासनिक कारबाहीका लागि प्रयोग नगर्ने व्यवस्थालाई गोपनीयता भनिन्छ।

**उत्तरदाता :**

प्रतिष्ठान/व्यवसायको आधिकारिक विवरण उपलब्ध गराउने धनी, सञ्चालक, व्यवस्थापक वा सम्बन्धित जिम्मेवार व्यक्तिलाई उत्तरदाता भनिन्छ।

**वैधानिक स्थिति :**

प्रतिष्ठान/व्यवसायको कानुनी स्वामित्व वा संस्थागत स्वरूपलाई वैधानिक स्थिति भनिन्छ। यसमा व्यक्तिगत, साझेदारी, प्राइभेट लिमिटेड, पब्लिक लिमिटेड, सहकारी, सरकारी निकाय, गैरसरकारी संस्था, उपभोक्ता समिति वा अन्य स्वरूप पर्न सक्छन्।

**प्रतिष्ठान/व्यवसाय धनी :**

प्रतिष्ठान/व्यवसायमा स्वामित्व वा प्रमुख लगानी रहेको व्यक्ति वा संस्थालाई प्रतिष्ठान/व्यवसाय धनी भनिन्छ। धनी एकभन्दा बढी भए सबैभन्दा बढी लगानी गर्ने व्यक्तिको विवरण मुख्य धनीका रूपमा लिइन्छ।

**व्यवस्थापक :**

प्रतिष्ठान/व्यवसायको दैनिक सञ्चालन, व्यवस्थापन, निर्णय कार्यान्वयन र कर्मचारी परिचालनको जिम्मेवारी लिने व्यक्तिलाई व्यवस्थापक भनिन्छ।

**प्रतिष्ठानको संस्थागत क्षेत्र :**

स्वामित्व, कार्यप्रकृति र आर्थिक भूमिकाका आधारमा प्रतिष्ठान/व्यवसायलाई वर्गीकरण गरिने क्षेत्रलाई संस्थागत क्षेत्र भनिन्छ। आर्थिक गणनामा सरकारी क्षेत्र, वित्तीय क्षेत्र, गैरवित्तीय क्षेत्र, नाफा नकमाई घरपरिवारलाई सेवा गर्ने क्षेत्र र घरपरिवार क्षेत्रलाई संस्थागत क्षेत्रका रूपमा वर्गीकरण गरिन्छ।

**प्रतिष्ठानको सांगठनिक अवस्था :**

प्रतिष्ठान/व्यवसाय एकल एकाइ, मुख्य कार्यालय, शाखा वा उपशाखामध्ये कुन स्वरूपमा सञ्चालन भएको छ भन्ने अवस्थालाई सांगठनिक अवस्था भनिन्छ।

**संलग्न व्यक्ति :**

प्रतिष्ठान/व्यवसायमा बेतलबी वा तलबी रूपमा काम गर्ने सबै व्यक्तिलाई संलग्न व्यक्ति भनिन्छ। यसमा बेतलबी कार्यरत व्यवसायी, सक्रिय साझेदार, बेतलबी परिवारका सदस्य, नियमित कर्मचारी तथा अस्थायी कर्मचारी समावेश हुन्छन्।

**कुल रोजगारी :**

प्रतिष्ठान/व्यवसायमा तलब, ज्याला वा पारिश्रमिक लिई काम गर्ने नियमित तथा अस्थायी कर्मचारी र कामदारहरूको जम्मा सङ्ख्यालाई कुल रोजगारी भनिन्छ। यसमा बेतलबी कार्यरत व्यक्ति समावेश गरिँदैन।

**ज्यालादारी कर्मचारी तथा कामदार :**

दैनिक, साप्ताहिक वा कामका आधारमा ज्याला दिई काममा लगाइएका कर्मचारी वा कामदारलाई ज्यालादारी कर्मचारी तथा कामदार भनिन्छ।

**व्यक्ति दिन :**

कुनै काममा संलग्न व्यक्तिहरूको संख्या र उनीहरूले काम गरेको दिनको गुणनबाट प्राप्त मापनलाई व्यक्ति दिन भनिन्छ। उदाहरणका लागि ५ जना कामदारले ४ दिन काम गरेमा २० व्यक्ति दिन हुन्छ।

**संस्थागत करार कामदार :**

प्रतिष्ठानले अर्को संस्था वा सेवा प्रदायकमार्फत करारमा लिएका कामदारलाई संस्थागत करार कामदार भनिन्छ। यस्ता कामदार प्रतिष्ठानका प्रत्यक्ष कर्मचारी नभई करार सेवा प्रदायक संस्थामार्फत काम गर्छन्।

**मौसमी व्यवसाय :**

वर्षभरि नियमित रूपमा सञ्चालन नभई विशेष मौसम, समय वा सिजनमा मात्र सञ्चालन हुने प्रतिष्ठान/व्यवसायलाई मौसमी व्यवसाय भनिन्छ।

**प्रतिष्ठान/व्यवसाय भवन स्वामित्व :**
व्यवसाय सञ्चालन गरिएको भवन आफ्नै, भाडा, लिज, अन्य वा लागू नहुनेमध्ये कुन अवस्थामा छ भन्ने विवरणलाई भवन स्वामित्व भनिन्छ।

**प्रतिष्ठान/व्यवसाय जमिन स्वामित्व :**
भवनले ओगटेको बाहेक व्यवसायसँग सम्बन्धित जमिन आफ्नै, भाडा, लिज, अन्य वा लागू नहुनेमध्ये कुन अवस्थामा छ भन्ने विवरणलाई जमिन स्वामित्व भनिन्छ।

**लेखा/स्रेस्ता :**
प्रतिष्ठान/व्यवसायले आय–व्यय, कारोबार, खरिद, बिक्री, भुक्तानी, प्राप्ति तथा अन्य वित्तीय अभिलेख राख्ने कार्यलाई लेखा/स्रेस्ता भनिन्छ।

**वार्षिक तलब खर्च :**
सन्दर्भ आर्थिक वर्षमा तलबी कर्मचारी तथा कामदारलाई तलब, सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, जीवन बीमा, भत्ता वा अन्य सुविधा बापत गरिएको कुल खर्चलाई वार्षिक तलब खर्च भनिन्छ।

**खरिद गरिएकै हालतमा बिक्री भएका वस्तु :**
कुनै रूपान्तरण, प्रशोधन वा उत्पादन नगरी जसरी खरिद गरिएको हो सोही अवस्थामा बिक्री गरिएको वस्तुलाई खरिद गरिएकै हालतमा बिक्री भएका वस्तु भनिन्छ।

**वार्षिक व्यवसाय सञ्चालन खर्च :**
तलब बाहेक सेवा प्रदान, कच्चा पदार्थ, भवन भाडा, मेसिनरी तथा औजार भाडा, पानी, बिजुली, इन्धन, मर्मत तथा अन्य मध्यवर्ती उपभोगमा भएको वार्षिक खर्चलाई वार्षिक व्यवसाय सञ्चालन खर्च भनिन्छ। खरिद गरिएकै हालतमा बिक्री गरिने वस्तुको खरिद रकम यसमा समावेश गरिँदैन।

**मध्यवर्ती उपभोग खर्च :**
वस्तु उत्पादन वा सेवा प्रदान गर्न प्रयोग भई सन्दर्भ अवधिभित्र उपभोग भएका कच्चा पदार्थ, सेवा, ऊर्जा, भाडा, मर्मत तथा अन्य उत्पादन इनपुटमा भएको खर्चलाई मध्यवर्ती उपभोग खर्च भनिन्छ।

**वार्षिक उत्पादन :**
सन्दर्भ आर्थिक वर्षमा प्रतिष्ठान/व्यवसायले उत्पादन गरेका सबै वस्तु तथा प्रदान गरेका सेवाको कुल मूल्यलाई वार्षिक उत्पादन भनिन्छ। खरिद गरिएकै हालतमा बिक्री भएका वस्तुको बिक्री रकम वार्षिक उत्पादनमा समावेश गरिँदैन।